
स्वर्ण महोत्सव स्मारिका
२०७९




CENTRAL CAMPUS OF TECHNOLOGY
Knowledge is light
50
2030-2079
GOLDEN JUBILEE CELEBRATION

INSTITUTE OF SCIENCE AND TECHNOLOGY
CENTRAL CAMPUS OF TECHNOLOGY
KATHMANDU NEPAL

त्रिभुवन विश्वविद्यालय

केन्द्रीय प्रविधि क्याम्पस

xfQL ; f/ , w/fg



स्वर्ण महोत्सव स्मारिका

२०७९

CENTRAL CAMPUS OF TECHNOLOGY
Knowledge is light
50
2030-2079
GOLDEN JUBILEE CELEBRATION

INSTITUTE OF SCIENCE AND TECHNOLOGY
CENTRAL CAMPUS OF TECHNOLOGY
KATHMANDU NEPAL

त्रिभुवन विश्वविद्यालय

केन्द्रीय प्रविधि क्याम्पस

हात्तीसार, धरान

स्वर्ण महोत्सव स्मारिका - २०७९

संरक्षक

सहप्रा.डा.दिलकुमार लिम्बु

क्याम्पस प्रमुख

स्मारिका प्रकाशन समिति

संयोजक

उपप्रा. प्रभातकुमार श्रेष्ठ

सदस्य

सहप्र. गोविन्दमान श्रेष्ठ

उपप्रा. मनोज खनाल

पुस्तकालय अधिकृत ओमनाथ खतिवडा

श्री महेश कोइराला

सम्पादक समूह

प्रा.बसन्त कुमार राई

सहप्रा.डा.रमेश घिमिरे

सहप्रा.डा.सागरमणि सुवेदी

प्रकाशक

केन्द्रीय प्रविधि क्याम्पस,

हात्तीसार, धरान

विशेष धन्यवाद

प्रा.डा. धनबहादुर कार्की (अध्यक्ष, क्याम्पस सञ्चालक समिति)

सहप्रा. बबिता अधिकारी (सहायक क्याम्पस प्रमुख)

श्री नवीनकुमार श्रेष्ठ (शाखा अधिकृत)

कभर फोटो : राज श्रेष्ठ

कम्प्युटर टाइप :महेश कोइराला

ले आउट : एश्वर्या तामाङ

मुद्रक : अपुश्री इन्टरप्राईजेज अफसेट प्रेस धरान-८

प्रकाशन मिति : २०७९ चैत्र १५
प्रथम प्रकाशन : ५०० प्रति

सम्पादकीय

विज्ञानविषयक शैक्षिक धरोहरका रूपमा 'केन्द्रीय प्रविधि क्याम्पस' सुपरिचित र सुप्रतिष्ठित छ । यस संस्थाले स्थापनावर्ष २०३० सालदेखि स्वर्ण महोत्सव वर्ष २०७९ सम्मका अनेक आरोह-अवरोहहरूमा युगीन रूपान्तरणका साथ आफूलाई अद्यावधिक गर्दै आएको तथ्य सबैसामु छर्लङ्ग नै छ। व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानको डीन कार्यालयसहित केन्द्रीय क्याम्पसका रूपमा धरानको जनपथबाट प्रारम्भ भएका यस गर्विलो शैक्षिक संस्थाले विज्ञान अध्ययन संस्थानअन्तर्गत धरान क्याम्पस हुँदै केन्द्रीय प्रविधि क्याम्पसका रूपमा आइपुग्दा धेरै प्रकारका शैक्षिक आयामहरूलाई समेत आत्मसात् गरिसकेको छ एवम् राष्ट्रिय तथा सामाजिक विश्वास, स्नेह र आशाको केन्द्र बन्ने सौभाग्य पाएको छ ।

आज बहुआयामिक शैक्षिक संस्था बनेको छ यो क्याम्पस । यहाँ खाद्यप्रविधि, पोषण तथा आहार विज्ञान, जीवविज्ञान, भौतिक विज्ञान, बी.आईटी.,सी.एस.आईटी. लगायतका विषयहरूका स्नातक स्तरीय तथा खाद्यप्रविधि र सूक्ष्म जीवविज्ञान विषयका स्नातकोत्तर साथै खाद्यप्रविधिमा विद्यावारिधि स्तरीय दक्ष जनशक्तिका उत्पादनमा यस क्याम्पसले आफूलाई संलग्न गराएको छ । वास्तवमा यहाँका जनशक्तिले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगत्का सम्बद्ध आवश्यकताको परिपूर्ति गर्दै तत् तत् क्षेत्रमा देखाएका कौशल र लोकप्रियतालाई हेर्दा साँच्चै गौरवको अनुभूति हुन्छ ।

हो, चुनौती हुन्छन् जीवन्त संस्थामा । यहाँ पनि छन् । पछिल्ला चरणमा यस संस्थाले स्वायत्त स्वरूप पनि लिइसकेको छ । यस क्याम्पसले स्वायत्ततातबाट थुप्रै अवसर र चुनौतीलाई एकैचोटि आत्मसात् गर्नुपरेको छ । यस्ता विषयमा बहस हुन्छ, हुनुपर्छ र भइरहेको पनि छ । तर हामी ढुक्क छौं कि यस संस्थाका साथ सामाजिक स्नेह छ, विश्वविद्यालयीय दायित्व छ र राज्यप्रशासनको चासो छ । युग विज्ञान तथा प्रविधिको हो । त्यसैले यस संस्थाले सम्बद्ध विषयहरूमा योग्य, ऊर्जाशील र प्रभावकारी जनशक्ति उत्पादनको अभिभारा सशक्त रूपमा वहन गरिरहनुपर्दछ, चुनौती स्वतः तिरोहित भएर जान्छन् ।

यस गौरवमय शैक्षिक संस्थाले अर्धशताब्दीको परिपक्व उमेर पाएका अवसरमा स्वर्णमहोत्सव मनाउने र ऐतिहासिक गरिमालाई अभिलेखीकृत गर्न "स्वर्ण महोत्सव स्मारिका' को प्रकाशन गर्ने निर्णयबमोजिम यस स्मारिकाले प्रकाशित हुने मौका पाएको हो । यस 'स्वर्ण महोत्सव स्मारिका'मा बौद्धिक, प्राज्ञिक, सामाजिक तथा प्रशासनिक व्यक्तित्वहरूका लेख समाविष्ट छन् । यी लेखहरूले केन्द्रीय प्रविधि क्याम्पसको स्थापनाकालदेखि आजसम्मका इतिहासलाई आ-आफ्ना कोणबाट पर्गेलेको देखिन्छ । यस स्मारिकामा ऐतिहासिक विवरण छ, गतिविधिका

केस्राकेस्राहरू छन्, जनअपेक्षा अभिव्यक्त छ, राजकीय रुचि प्रतिबिम्बित छ, संस्थाले भोगेका सङ्घर्षका सूक्ष्म गाथा छन् एवम् भविष्यको मार्गदर्शनका रूपरेखा छन् । धन्य हुनुहुन्छ ले खप्रदाताहरू, साधुवादका पात्र हुनुहुन्छ विश्लेषकहरू साथै कृतज्ञताका सद्भाजन हुनुहुन्छ बौद्धिक प्राज्ञिक मूर्द्धन्य व्यक्तित्वहरू; यहाँहरूले यस स्मारिकालाई सघनता, उपयोगिता र महत्ता प्रदान गर्नुभएको छ ।

विचार सम्पादन हाम्रा सीमामा हुने कुरै भएन । त्यसैले लेखकका विचारहरू यथावत् छन् । भाषामा रहेका गिर्खा मेट्ने प्रयास गरिएको छ तर भाषिक त्रुटिहरूले अटेरी गरेका हुन सक्छन्, यसप्रति हामी क्षमाप्रार्थी छौँ । जे जति कमजोरी छन्, हिँड्दै जाँदा लागेको ठेस भनी पाठकहरूले सम्झिनुहुनेछ ।

सम्पादक समूह

प्रकाशकीय

व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानको रूपमा वि.सं. २०३० साल श्रावण १ गते स्थापना भएको केन्द्रीय प्रविधि क्याम्पस वि.सं. २०७९ सालमा स्थापनाको ५० औँ वर्षमा प्रवेश गरेको छ । स्थापना कालमा प्रमाण पत्र तहका खाद्यप्रविधि र प्रयोगशालाप्रविधि विषयबाट अध्यायन प्रारम्भ भएको यो शैक्षिक संस्था आज पचासौँ वर्षमा प्रवेश गरिरहँदा विज्ञान तथा प्रविधि अध्ययन संस्थानअन्तर्गत विभिन्न विषयका स्नातक, स्नातकोत्तर तथा विद्यावारिधिका गरी दर्जनभन्दा बढी शैक्षिक कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । यस अवधिमा यस शैक्षिक संस्थाले हजारौँ दक्ष जनशक्तिको उत्पादन गरी देश र समाजलाई महत्त्वपूर्ण योगदान पुऱ्याएको छ ।

स्थापनाको ५० औँ वर्षमा प्रवेश गरेको यस सुखद उपलक्ष्यमा विभिन्न कार्यक्रमहरूको आयोजना गरी स्वर्ण जयन्ती समारोह भव्यतापूर्वक सम्पन्न गर्ने क्याम्पसको लक्ष्यअनुरूपका विभिन्न कार्यहरूमध्ये स्मारिका प्रकाशन पनि एक हो । स्मारिका प्रकाशन आफैँमा एउटा चुनौतीपूर्ण कार्य हो । यसका लागि क्याम्पस स्थापनाको पृष्ठभूमि, त्यसका लागि आवश्यक जग्गा अधिग्रहण, भौतिक संरचनाको निर्माण, क्याम्पसमा सञ्चालित भएका विभिन्न शैक्षिक कार्यक्रमहरूका लागि आवश्यक भौतिक तथा मानवीय जनशक्तिको व्यवस्थापन, शैक्षिक कार्यक्रमहरूबाट उत्पादित जनशक्तिहरूको खपत तथा तिनीहरूको समाजमा भूमिका, हालका दिनसम्म क्याम्पसले प्राप्त गरेका उपलब्धि तथा क्याम्पसले भोगिरहेका चुनौतीहरू आदि क्याम्पस स्थापना हुँदादेखि हालसम्मको सुस्पष्ट इतिहास स्मारिकामा समेटिनु आवश्यक थियो । यसका लागि क्याम्पस प्रमुख डा. दिलकुमार लिम्बूले निर्वाह गरेको भूमिका स्मरणीय छ ।

क्याम्पस प्रमुख डा. दिलकुमार लिम्बू विगत तीन वर्षअगाडिबाट नै स्वर्ण महोत्सवलाई लक्ष्य गरी स्मारिका प्रकाशन गर्ने उद्देश्यले क्याम्पस स्थापना कालमा योगदान पुऱ्याउनुहुने अग्रजहरू प्रा. डा. सुरेशराज शर्मा, प्रा.डा. भद्रमान तुलाधर, प्रा. जगत बहादुर के.सी., सहप्रशासक गोविन्दमान श्रेष्ठलगायत अग्रजहरूसँग समन्वय गरी निरन्तर यस कार्यमा लागिर हनुभयो । उपप्रा. प्रभातकुमार श्रेष्ठका संयोजकत्वमा पाँचसदस्यीय स्मरिका प्रकाशन समिति निर्माण गरी उहाँले क्याम्पसको इतिहास समेटिएका लेखहरू सङ्कलन गर्न घच्घच्याइरहनुभयो । अन्ततः क्याम्पससँग प्रत्यक्ष वा परोक्ष रूपमा जोडिनुभएका उन्नाइस जना लेखकहरूबाट प्राप्त लेखहरू समेटिएर यो स्मरिका प्रकाशनमा आएको छ । यस स्मारिकामा प्रकाशित लेखहरूमा यस संस्थाका स्थापनाको उद्देश्य, स्थापनाकालीन दिनहरूमा यस संस्थाले भोगेका चुनौतीहरू, विज्ञान र प्रविधिको क्षेत्रमा यस संस्थाले पुऱ्याएको योगदान, समयको

मागअनुसार यस संस्थामा थप भएका शैक्षिक कार्यक्रमहरूको विवरण, वि.सं. २०७९ जेष्ठ ३ मा यो संस्था स्वायत्ततामा गएपछि यस संस्थाले प्राप्त गरेको प्रतिफल तथा चुनौतीहरू, आगामी दिनहरूमा यस संस्थाले चाल्नुपर्ने सुधारका उपायहरू आदि विभिन्न विषयवस्तु समेटिएका लेखहरू यस स्मारिकामा समेटिएका छन् ।

स्मारिका प्रकाशनका लागि लेख उपलब्ध गराई सहयोग गर्नुहुने सबै विद्वान् लेखकहरूप्रति धन्यवाद अर्पण गर्दछौँ । लेखकहरूद्वारा धेरै मेहनत गरी तयार पारिएका प्रस्तुत लेखहरूका विचार र प्रस्तुतिमा साधारण भाषागत सम्पादनबाहेक प्रकाशन समितिका तर्फबाट कुनै हस्तक्षेप नगरिएको व्यहोरा अनुरोध गर्दछौँ ।

स्वर्ण महोत्सव स्मारिकाका लागि शुभकामना दिनुहुने त्रिभुवन विश्वविद्यालयका उपकुलपतिज्यू, शिक्षाध्यक्षज्यू, रजिष्ट्रारज्यू, विज्ञान तथा प्रविधि अध्ययन संस्थानका डीनज्यू, धरान उपमहानगरपालिकाका मेयरज्यू लगायत आदरणीय महानुभावहरूलाई धन्यवाद ज्ञापन गर्दछौँ । यस पुनित कार्यलाई व्यवस्थित गर्न प्रत्यक्ष, अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनुहुने यस क्याम्पसका प्राध्यापक, कर्मचारी, विद्यार्थी लगायत सम्पूर्ण महानुभावहरूमा धन्यवाद टक्र् याउँदछौँ । स्मारिकामा देखिएका त्रुटिहरूलाई आगामी दिनमा सुधार गरिने प्रतिबद्धता जाहेर गर्दछौँ ।

स्मारिका प्रकाशन समिति

पत्र संख्या च. नं.

त्रिभुवन विश्वविद्यालय

उपकुलपतिको कार्यालय

कीर्तिपुर, काठमाडौं, नेपाल

त्रिभुवन विश्वविद्यालय उपकुलपतिको कार्यालय कीर्तिपुर



शुभकामना

त्रिभुवन विश्वविद्यालय केन्द्रीय प्रविधि क्याम्पस, धरानको गौरवमय ५०औं वर्षको स्वर्ण जयन्तीको उपलक्ष्यमा क्याम्पसले **स्वर्ण जयन्ती विशेष स्मारिका** प्रकाशन गर्न लागेको जानकारी पाउँदा मलाई अत्यन्त खुशी लागेको छ ।

राष्ट्र विकासको आधारको रुपमा रहेको प्राविधिक शिक्षा क्षेत्रमा यस क्याम्पसको योगदान उच्च रहेको कुरा सर्वविदितै छ । स्वर्ण जयन्ती मनाउँदै गर्दाको यो समय भनेको हाम्रो अविष्मरणीय यात्राको संसमरण गर्ने, समिक्षा गर्ने, उपलब्धिहरुको पहिचान गर्ने तथा भावी कार्यक्रमहरुको तर्जुमा गर्दै जानु पनि हो । यसै क्रममा क्याम्पसको परिचय, ऐतिहासिक पृष्ठभूमी र विभिन्न गतिविधि समावेश गरी स्वर्ण जयन्ती विशेष स्मारिका प्रकाशन गर्नु आफैमा प्रशंसनीय कार्य हो जसको लाभ सम्बन्धित सबै पक्षले भरपूर रुपमा लिने विश्वास लिएको छु ।

अन्त्यमा, विभिन्न रचनात्मक क्रियाकलापहरुले युक्त यस प्रकाशनको सम्पादकीय टोलीलाई स्मारिकाको सफल प्रकाशनको लागि धन्यवाद तथा बधाई ज्ञापन गर्दै क्याम्पसको उत्तरोत्तर प्रगतिको लागि हार्दिक **शुभकामना** व्यक्त गर्दै स्वर्ण जयन्ती उत्सवको पूर्ण सफलताको कामना पनि गर्दछु ।

प्रा.डा. धर्मकान्त वास्कोटा
उपकुलपति

फागुन २०७९

फोन: ४३३०४३३/४३३०४३४, फ्याक्स: ९७७-१-४३३१९६४, E-mail: vcoffice@tribhuvan-university.edu.np, पोष्ट बक्स नं. ८२१२



त्रिभुवन विश्वविद्यालय
शिक्षाध्यक्षको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल



मितिः २०७९/११/१०

पत्र संख्या :

शुभकामना

त्रिभुवन विश्वविद्यालय, केन्द्रीय प्रविधि क्याम्पस धरानले आफ्नो स्थापनाको ५० औं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा स्वर्ण जयन्ती विशेष स्मारिका प्रकाशन गर्न लागेकोमा अत्यन्तै खुसी लागेको छ ।

त्रिभुवन विश्वविद्यालय, केन्द्रीय प्रविधि क्याम्पसबाट स्वर्ण जयन्ती समारोह विभिन्न कार्यक्रम सहित मनाउनु सबैलाई खुसीको क्षण हो । स्वर्ण जयन्तीको अवसरमा स्मारिका प्रकाशनबाट उक्त क्याम्पसको स्थापनाकालदेखि हालसम्मका शैक्षिक, आर्थिक, भौतिक, व्यवस्थापकीय पक्ष लगायतका उल्लेख्य एवं स्मरणीय विषय-वस्तु समेटिन सम्भव भई एउटा अमेट्य अभिलेख तयार हुन्छ । क्याम्पसको परिचय, ऐतिहासिक पृष्ठभूमी सहित प्रकाशन गर्न लागिएको उक्त स्मारिकामा अनुसन्धानात्मक, ज्ञानवर्धक एवं जानकारीमूलक लेख रचनाको समावेशले शिक्षक, कर्मचारी, विद्यार्थी एवं अभिभावकको प्रतिभा विस्तारमा टेवा पुग्नुका साथै क्याम्पसको शैक्षिक क्रियाकलापको वातावरणमा थप सकारात्मकता आउने विश्वास लागेको छ । क्याम्पसले मनाउन लागेको स्वर्ण महोत्सवको सन्दर्भमा क्याम्पस परिवारलाई हार्दिक बधाई दिदै आगामी वर्षहरुमा क्याम्पसको थप प्रगति र उन्नतीको कामना सहित प्रकाशोन्मुख स्मारिकामा क्याम्पसका गतिविधि लगायत क्याम्पसको क्रियाकलापसँग सम्बन्धित तथ्याङ्क, लेखरचना एवं अनुसन्धान तथा जानकारीमूलक सामग्रीहरू बढीभन्दा बढी समेटिन सकून् र ती सामग्रीहरूले सम्बन्धित विषय क्षेत्रका पाठकको मन जित्न सफल भई समय सापेक्ष निरन्तरता समेत प्राप्त गरोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

प्रा.डा. शिवलाल भुसाल
शिक्षाध्यक्ष

फोन नं.: ४३३०३३६, फ्याक्स: ९७७-१-४३३१९६४, E-mail: rectoroffice@tu.edu.np, पो.ब.नं.: ८२१२

त्रिभुवन विश्वविद्यालय

रजिष्ट्रारको कार्यालय

कीर्तिपुर, काठमाडौं, नेपाल

रजिष्ट्रारको कार्यालय
त्रिभुवन विश्वविद्यालय

पत्र संख्या :

मिति : २०७९/१२/०६

शुभकामना

त्रिभुवन विश्वविद्यालय अन्तर्गत २०३० साल श्रावण १ गते व्यवहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानको रुपमा स्थापित हालको केन्द्रीय प्रविधि क्याम्पस धरानले ४९ वसन्त पूरा गरी ५० औं वर्षमा प्रवेश गरेको छ। प्रमाणपत्र तहका खाद्यप्रविधि र प्रयोगशाला प्रविधिका दुई विषयबाट अध्ययन अध्यापन सुरु भएको यस क्याम्पसले २०५७ सालदेखि खाद्यप्रविधि केन्द्रीय विभाग अन्तर्गत स्नातकोत्तर तहको शैक्षिक कार्यक्रम सञ्चालनमा ल्याएको थियो। विश्वविद्यालयको नीति अनुरूप २०६९ साल जेष्ठ ३ गते यस क्याम्पसले स्वायत्तता प्राप्त गरेको छ। हाल २१ विघा १४ कट्ठा जग्गामा फैलिएको यस क्याम्पसले स्नातक र स्नातकोत्तर तहमा खाद्यप्रविधि (वि.टेक), वि.एस्सी. वायोलोजी, फिजिकल, पोषण तथा आहार विज्ञान, जियोलोजी, वि.आई.टी., सि.एस.आई.टी. तथा स्नातकोत्तर तहमा एम.टेक. र एम.एस्सी. माइक्रोवायोलजीका शैक्षिक कार्यक्रमहरूमा अध्ययन अध्यापन भई रहेको यस क्याम्पसले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा खाद्यप्रविधि लगायतका विषयहरूमा आवश्यक जनशक्ति उत्पादनमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ। शिक्षा दिवसको अवसरमा २०७६ सालमा त्रिभुवन विश्वविद्यालयको उत्कृष्ट क्याम्पसको रूपमा पुरस्कृत र हाल QAA प्राप्तिको अन्तिम चरणमा रहेको यस क्याम्पसले आगामी दिनमा चुस्त दुरुस्त प्रशासनिक संयन्त्रको व्यवस्थापन गरी प्राज्ञिक उन्नयन गर्ने विश्वास लिएको छु।

स्थापनाको ४९ वर्ष पूरा गरी ५० वर्षमा प्रवेश गरेको शु-अवसरमा विभिन्न कार्यक्रम गरी हर्सोल्लासका साथ स्वर्ण जयन्ती समारोह मनाउने क्रममा यस क्याम्पसले क्याम्पस परिचय, ऐतिहासिक पृष्ठभूमि तथा विभिन्न गतिविधि समावेश गरी स्वर्ण जयन्ती विशेष स्मारिका प्रकाशन गर्न लागेकोमा यस स्मारिकामा समावेश भएका लेख रचनाहरू तथा विभिन्न विवरणहरू सम्बन्धित शिक्षक, कर्मचारी, विद्यार्थी, अनुसन्धानकर्ता तथा सरोकारवाला सबैको लागि बहुउपयोगी हुने र विश्वविद्यालयलाई समेत मार्गदर्शन गर्न सहयोगी हुने विश्वास लिएको छु।

.....
प्रा.डा.पेशल दाहाल
रजिष्ट्रार

फोन नं.: ४३३०४३६, ४३३०५३३, फ्याक्स: ९७७-१-४३३०३१५, पो.ब.नं.: ८२१२, E-mail: registraroffice@tribhuvan-university.edu.np

त्रिभुवन विश्वविद्यालय

विज्ञान तथा प्रविधि अध्ययन संस्थान

डीनको कार्यालय

कीर्तिपुर, काठमाडौं, नेपाल

पत्र सङ्ख्या
च.नं.

विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर २०४५

मिति २०७९।११।११

शुभकामना

प्रथमतः पूर्वी नेपालको विज्ञान तथा प्रविधिको क्षेत्रमा अध्ययन, अध्यापन, अनुसन्धानका कार्यहरू गर्दै आएको केन्द्रीय प्रविधि क्याम्पस, हात्तीसार, धरानले ५०औँ वसन्त पार गरी स्वर्ण जयन्ती मनाउन लागेको खबर सुन्न पाउँदा अत्यन्त खुसी लागेको छ । यस क्याम्पसले ५० वर्ष अगाडि खाद्यप्रविधि (Food Technology) र प्रयोगशाला प्रविधि (Lab Technology) मा प्रविणता प्रमाणपत्र तह पठनपाठनबाट शैक्षिक कार्यक्रम सुरु गरी विज्ञान तथा प्रविधिको क्षेत्रमा आफूलाई मियोको रुपमा अग्रणी भई स्थापित गरेकाले बधाई पनि दिन चाहन्छु ।

नेपालको विज्ञान तथा प्रविधिको शैक्षिक इतिहासमा गौरवपूर्ण योगदान रहेको यस क्याम्पसको परिचय, ऐतिहासिक पृष्ठभूमि तथा यसका विभिन्न गतिविधि समेटेर स्वर्ण जयन्ती स्मारिका प्रकाशनले यस क्याम्पसको प्राज्ञिक इतिहास, उपलब्धि र सेवा लगायत विभिन्न गतिविधिहरूको अभिलेखीकरणमा सहयोग पुऱ्याउने आशा राखेको छु । खाद्यप्रविधि विषय अध्यापन हुने त्रि.वि.को यस अध्ययन संस्थान अन्तर्गतको एक मात्र आङ्गिक क्याम्पसले विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गतका विविध विषयहरुको अध्यापन गराउँदै आएको छ । हाल १२ ओटा शैक्षिक कार्यक्रमहरू सञ्चालनमा रहेको र २०७६ सालमा त्रि.वि.को उत्कृष्ट क्याम्पसको रूपमा पुरस्कृत भएको यस प्राज्ञिक स्वायत्तता प्राप्त क्याम्पसको उन्नति प्रगतिमा प्रत्यक्ष तथा परोक्ष रूपमा संलग्न हुनुहुने सबैलाई धन्यवादज्ञापन गर्दछु ।

विज्ञान तथा प्रविधिको क्षेत्रमा अध्ययन तथा अनुसन्धानका क्षेत्रमा यस क्याम्पसले आगामी दिनमा पनि गहकिलो, उपयोगी र समय सान्दर्भिक कार्यहरू गर्दै जानेछ भन्ने आशा गर्दै शुभकामना व्यक्त गर्दछु ।

प्रा.डा. विनिल अर्याल
डीन

"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"

धरान उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
DHARAN SUB-METROPOLITAN CITY
OFFICE OF THE MUNICIPAL EXECUTIVE

सुनसरी, १ नं. प्रदेश, नेपाल
Sunsari, Province No. 1, Nepal

पत्र संख्या :- ..... महाशाखा / शाखा / उपशाखा
चलानी नं. :-

शुभकामना

प्राविधिक शिक्षाको माध्यमबाट जीवन र जगतलाई गुणस्तरीय र सहज बनाउने आयाममा यस केन्द्रिय प्रविधि क्याम्पस,हात्तीसारले गरेको योगदान अतुलनिय रहेको छ । अहिलेको युग सुहाउदो प्रविधी मैत्री शिक्षा पद्धतीको आवश्यकतालाई पारीपुर्ती गर्दै यस क्याम्पसले बिभिन्न आरोह - अबरोह पार गर्दै आजको दिनमा स्वर्ण महोत्सव मनाउन गइरहेको खबरले अत्यन्त खुशी भएको छु । यस अवसरमा क्याम्पसले आफ्नो विगतमा गरेको सफलता,गतिविधी तथा शैक्षिक कृयाकलापहरु समेटेर प्रकाशन गर्न लागेको स्मारिकाको सफलताको शुभकामना व्यक्त गर्दै आगामी दिनहरुमा अझ प्रगतीको मार्गमा प्रेरित रहन पनि आग्रह गर्न चाहन्छु।

.....
हर्कराज राई
नगर प्रमुख
हर्कराज राई
नगर प्रमुख

कार्यालय: ०२५-५७०६३६, ५७०८९३, ५७०४०७, प्रमुख: ५७०१०९, उप-प्रमुख: ५७५४९०, प्र.प्र.अ.: ५७०२७९, प्रशासन: ५७१९९१, आर्थिक प्रशासन: ५७१५११,
सुचना, राजस्व: ५७१५०१, भण्डार/खरिद: ५७१५०३, वारुण यन्त्र: ५७०१९९
E-mail: info@dharan.gov.np, Website: http:/www.dharan.gov.np

विषय सूची

क्र.सं.	शीर्षक	लेखक	पेज नं.
१.	व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानको सुरुवातका वर्षहरू	डा. भद्रमान तुलाधर	१-६
२.	देश विकासमा खाद्य वैज्ञानिक तथा खाद्य प्रविधिको भूमिका	प्रा.जगत बहादुर के.सी.	७-१४
३.	नेपालमा खाद्य प्रविधि शिक्षाको विकासक्रम र मेरो अनुभव	प्रा.डा.दिलीप सुब्बा	१५-२७
४.	केन्द्रीय प्रविधि क्याम्पस हात्तीसारको ऐतिहासिक पृष्ठभूमि : एक सिंहावलोकन	सहप्रशासक गोविन्दमान श्रेष्ठ (भूमिकस)	२८-३३
५.	नेपालको विज्ञान तथा प्रविधिका विकासमा केन्द्रीय प्रविधि क्याम्पसको देन	प्रा.डा.मदन कोइराला	३४-३६
६.	केन्द्रीय प्रविधि क्याम्पसको विकासक्रम, योगदान र सुझाव	डा.गङ्गाप्रसाद खरेल	३७-४२
७.	पोषण तथा आहार विज्ञान शिक्षाको क्षेत्रमा केन्द्रीय प्रविधि क्याम्पसले खेलेको भूमिका	प्रा.डा.सुरेन्द्रबहादुर कटवाल उपप्रा. डम्बरबहादुर खड्का	४३-४६
८.	केन्द्रीय प्रविधि क्याम्पस धरानमा स्वायत्तताको प्रतिफल र चुनौतीहरू	प्रा.डा. धनबहादुर कार्की सहप्रा.बबिता अधिकारी	४७-५६
९.	स्मृतिमा त्रि.वि.केन्द्रीय प्रविधि क्याम्पस	प्रा. गीता भट्टराइ	५७-७८
१०	केन्द्रीय प्रविधि क्याम्पसका लागि स्वाध्ययन प्रतिवेदन तयारी : मेरो सानो अनुभव	प्रा. बसन्तकुमार राइ	७९-९०
११.	केन्द्रीय प्रविधि क्याम्पस, धरानको भावी लक्ष्य	डा. दिलकुमार लिम्बु	९१-९४
१२.	Central Campus of Technology at the Eye of Dharane' People	Surya Prakash Pandhak	९५-९६
१३.	पर्यटकीय, धार्मिक र शैक्षिक केन्द्रका रूपमा धरान र सोको सेरोफेरोमा	सञ्जय कोइराला	९७-१०५

	केन्द्रीय प्रविधि क्याम्पस, हात्तीसार		
१४.	सूक्ष्म जीवविज्ञान विषयको सुरुवात र यसको भूमिका	उपप्रा.हेमन्त खनाल	१०६-१११
१५.	समुदायप्रति प्रविधि क्याम्पसको दायित्व	भवानी बराल	११२-११४
१६.	क्याम्पसका शिक्षक, कर्मचारी, जग्गादाता, शैक्षिक सामग्रीदाताको अद्यावधिक नामावली	नवीनकुमार श्रेष्ठ	११५-१४३
१७.	केन्द्रीय प्रविधि क्याम्पसका खाद्य, पोषण, विज्ञान-प्रविधिसम्बन्धी अधिगोष्ठी तथा प्रदर्शनीहरू	ओमनाथ खतिवडा	१४४-१५५
१८.	क्याम्पसले चर्चेको जग्गा : अधिग्रहण, स्वामित्व र विस्तार	महेश कोइराला	१५६-१६२
१९.	राजनीतिक परिवर्तन र केन्द्रीय प्रविधि क्याम्पसमा स्वविय	सौरभ सञ्जेल	१६३-१७४

व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानको सुरुवातका वर्षहरू

डा. भद्रमान तुलाधर

व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानको स्थापना

राष्ट्रिय शिक्षा नीति १९७१ बमोजिम त्रिभुवन विश्वविद्यालयले २०२९ सालमा कृषि विज्ञान अध्ययन संस्थान, वन विज्ञान अध्ययन संस्थान, इन्जिनियीरङ्ग अध्ययन संस्थान, चिकित्सा विज्ञान अध्ययन संस्थान जस्ता विभिन्न अध्ययन संस्थानहरूका साथ व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानको पनि स्थापना गऱ्यो । विज्ञान सङ्कायमा पीएच्.डी. गर्नुहुने प्रथम नेपाली एवम् त्रिभुवन विश्वविद्यालयको प्रथम रजिष्ट्रार तथा आनन्दकुटी विद्यापीठ साइन्स कलेजको २०२२ आषाढ १ गते देखिका सुरुवाती प्रिन्सिपल डा. पराशर नारायण सुवाल व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानको डीनमा नियुक्त हुनुभएको थियो । व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थान स्थापनाको कार्ययोजना बनाउनका निमित्त त्रिभुवन विश्वविद्यालयलको त्रिपुरेश्वरमा रहेको परिसरमा डा. परासर नारायण सुवालजीले एउटा कोठालाई अफिस बनाउनुभएको थियो । अहिले त्यो स्थानमा वर्ल्ड ट्रेड सेन्टर बनेको छ । उहाँले उपकुलपति सूर्यबहादुर शाक्यजीसँग अनुरोध गरी सुरेशराज शर्मालाई सहायक डीन नियुक्त गर्नुभएको रहेछ । सुरेशराज शर्माले पनि आनन्दकुटी विद्यापीठ साइन्स कलेजमा क्लास लिने गर्नुभएको थियो । उहाँहरू दुवै जना त्रिपुरेश्वरको अफिसमा बसेर व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानले स्थापना कालमा गर्नुपर्ने कामका बारेमा छलफल गर्नुहुँदो रहेछ ।

म आनन्दकुटी विद्यापीठ साइन्स कलेजबाट फर्किने वेला घर जानुअघि त्रिपुरेश्वरको अफिसमा पसेर जान थालें । म पनि छलफलमा सहभागी हुन थालें । त्यो अध्ययन संस्थान धरानमा राख्ने कुरा भयो । सुरुमा प्रवीणता प्रमाणपत्र तहको ल्याब्रोटरी टेक्नोलजी मात्र सुरु गर्ने विचार भए पनि फुड टेक्ननोलजीसहित धरानमा कार्यक्रमहरू सञ्चालन गर्ने भन्ने कुरा भयो । त्यसका पाठ्यक्रमहरूको तयारी गर्न थाल्यौं ।

धरानमा अन्तर्वार्ता

आनन्दकुटी विद्यापीठ साइन्स कलेज बन्द भएपछि म त्रिभुवन विश्वविधालयमा सर्नुपर्ने भयो । यसका लागि एउटा अन्तर्वार्ता दिनका लागि धरान आउनुस् भनेर डा. परासर नारायण सुवालले भन्नुभयो । जेठको पहिलो हप्ता व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानका लागि घर खोज्न र त्यहाँ काम गर्ने चाहना भएका

शिक्षकहरूको अन्तर्वार्ता लिन डा. परासर नारायण सुवाल र सुरेशराज शर्मा धरान जानुभयो ।

अन्तर्वार्ता दिन बसबाट एक रात जनकपुर बसेर जेठ ७ गते धरान बिहान पुगेको थिएँ । अन्तर्वार्ता हुने ठाउँ भारतीय सेनाबाट अवकाश प्राप्त नेपालीहरूको पेन्सन क्याम्पको अफिस रहेछ । अन्तर्वार्ता लिन डा. परासर नारायण सुवाल र सुरेशराज शर्मा बस्नुभएको थियो । मेरो अन्तर्वार्ता एउटा औपचारिकता मात्र थियो । गणितमा स्थानीय सीताराम मास्केले पनि अन्तर्वार्ता दिन आउनुभएको थियो । आनन्दकुटी विद्यापीठको चौथो ब्याचको र साइन्स कलेजमा रसायन विषय पढाउने अनुपमराज तुलाधर पनि अन्तर्वार्ता दिन आउनुभएको थियो । त्यसपछि फेरि डा. परासर नारायण सुवाल र सुरेशराज शर्मा बसेका ठाउँमा गएर मेरो विवाह आषाढको १० गते तय भएकाले आषाढको २० अघि धरान हाजिर हुन आउने सम्भावना नभएको जानकारी गराएँ । उहाँहरूले भन्नुभयो - "हामीहरू केही दिनमा काठमाडौं फर्केपछि केही उपाय गरौंला ।"

काठमाडौंमा फर्केको केही दिनपछि मेरा समस्याको हल गर्न डीन डा. परासर नारायण सुवालजीले मलाई सादा कागजमा २०३०-२-२९ मा निम्न व्यहोराको पत्र दिनुभयो - "तपाईंले आनन्दकुटी विद्यापीठ साइन्स कलेजका विज्ञानका सामानहरू प्याकिङ इत्यादि गरेर त्यसको फिहरिस्त समेत तयार गरी धरान लैजाने तथा हरिहर भवन स्थित शिक्षा सामाग्री उपशाखाबाट प्राप्त हुने विज्ञानका सामानहरू र ग्यास जेनेरेटरहरू समेत ल्याउने व्यवस्था गर्नुहोला । यो सब काम गर्नका लागि आजकै मितिदेखि धरान केन्द्रीय क्याम्पसमा काम सुरु नगरुन्जेललाई ज्यालादारी रूपमा काम गर्न सूचित गर्दछु । साथै तपाईंलाई सामानहरू ल्याउनका लागि आवश्यक मद्दत प्रयोग गर्नुहोला ।" त्यसको पाँच दिनपछि २०३० आषाढ १ मा पहिला जस्तै सादा कागजमा यस्तो व्यहोरा भएको पत्र दिनुभयो - "तपाईंले २०३० साल आषाढ ७ गतेदेखि यस अध्ययन संस्थानको त्रिपुरेश्वर कार्यालयमा हाजिर भई यस कार्यालयमा परेका विद्यार्थीहरूको आवेदन पत्र हेरी तिनीहरूको ३ घण्टाको अङ्ग्रेजी, नेपाली, गणित र रुचिबारेको प्रवेश परीक्षा आषाढ १८ गतेका दिन गरी आषाढ १९ गते परीक्षाफल प्रकाशित गरी यथाशीघ्र केन्द्रीय शिक्षण संस्थामा हाजिर हुन आउनुहोला ।" व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानको सबभन्दा पहिलो प्रवेश परीक्षा आषाढ १८ गते थापाथली क्याम्पसमा सञ्चालन भएको थियो । सोको नतिजा आषाढ १९ गते दिउँसो प्रकाशित गरेको थिएँ । आषाढ २० र २१ दुई दिन आनन्दकुटी साइन्स कलेज बन्द गरी त्रि.वि.ले त्यसको सम्पत्ति राष्ट्रियकरण गरेकोमध्ये धरानमा काम लाग्ने उपकरणहरू,

त्रिपुरेश्वर अफिसको सोफा सेट आदि एउटा ट्रकमा लोड गरेर धरानमा लैजान फिजिक्समा छनोट भएका शिक्षक ललित बस्नेतका जिम्मामा पठाउने व्यवस्था गरेँ । त्यसताका गाडी जनकपुर हुँदै भारतको बाटो भएर जोगबनीबाट बिराटनगर हुँदै धरान पुग्नुपर्ने हुन्थ्यो । आषाढ २२ गते हुने प्रवेश परीक्षाका लागि उपस्थित हुने काज मिलायौँ ।

विवाहका बीचमा शैक्षिक काम

व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानले मलाई २०३० आषाढ ७ गतेदेखि काम गर्न अस्थायी नियुक्ति गरेको भए पनि म जेष्ठ २९ गतेदेखि आनन्दकुटी विद्यापीठ साइन्स कलेजका सामानहरूको फेहरिस्त तयार गर्ने तथा हरिहर भवनस्थित शिक्षा सामग्री उपशाखाबाट प्राप्त हुने विज्ञानका सामानहरू र ग्यास जेनेरेटर धरान लैजाने व्यवस्था गर्नमा लागिसकेको थिएँ । विवाहका कारण २०३० आषाढ ७ गतेदेखि नै त्रिपुरेश्वर अफिसमा हाजिर भएर काठमाडौंको प्रवेश परीक्षा सञ्चालन गर्ने काज मिलाएर बसेको थिएँ । त्यसका लागि चाहिने प्रश्नपत्र र कापी तयार पार्‍यौँ । प्रवेश परीक्षा थापाथली स्थित त्रि.वि. टेक्निकल क्याम्पसमा आषाढ १८ गते बिहान सञ्चालन भएको थियो । प्रवेश परीक्षाको बिहान म एक छिन पुगेर परीक्षा सुरु भएपछि अध्ययन संस्थानका उपप्रशासक केशवप्रसाद पराजुलीलाई 'परीक्षा सकिएपछि कापी लिएर जानुहोला, अङ्ग्रेजी र नेपालीका कापी जाँचेर मेरा घरमा १८ गते साँझ नै कापी लिएर आउनुस्' भनेर केशवजीका जिम्मा लगाएर घर फर्कें । केशवजीले अङ्ग्रेजीमा मास्टर्स गर्नुभएको रहेछ । व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानको सबभन्दा पहिलो प्रवेश परीक्षा र अध्ययन गर्न धरानमा जानुपर्ने भएकाले धेरै परीक्षार्थीहरू थिएनन् । आषाढ १८ गते नयाँ दुलही विमला माइती गएपछि कापीहरू जाँचेर प्रवेश परीक्षाको नतिजाको आषाढ १९ गते दिउँसो सूचना तयार गरेर त्रिपुरेश्वर अफिसमा पुऱ्याइदिएँ । सूचनाको एक प्रति धरान लिएर जान मैले पनि राखेँ ।

धरान जाने तयारी

आषाढ १६ र १७ गते दुई दिन आनन्दकुटी विद्यापीठमा धरानमा लिएर जाने उपकरण र अन्य सामानहरू मिलाउन गएँ । एउटा ट्रक रिजर्भ गरेर आषाढ १९ गते बिहानै आनन्दकुटी विद्यापीठमा त्रि.वि.ले राष्ट्रियकरण गरेको सम्पत्तिमध्ये धरानमा काम लाग्ने उपकरणहरू मिलाएर राखी सामानहरू लोड गरेर त्रिपुरेश्वर अफिसमा भएको सोफा सेट र हरिहर भवनस्थित शिक्षा सामग्री उपशाखाबाट ल्याएका विज्ञानका सामानहरू तथा दुई सेट ग्यास जेनेरेटरहरू र अन्य केही सामान सँगै मेरा घरबाट तयार

गरेर ल्याइराखेको हाम्रो बिछ्यौनाको एक गुन्टा पनि ट्रकमा लोड गरेर धरानमा लैजान फिजिक्समा छनोट भएका ललित बस्नेतज्यूलाई धरान रवाना गरेँ ।

त्यसताका गाडी जनकपुर हुँदै भारतको बाटो भएर जोगवनीबाट विराटनगर हुँदै धरान पुग्नुपर्थ्यो । आषाढ २२ गते हुने प्रवेश परीक्षाका लागि उपस्थित हुन हामी धरान जान तयार भयौँ । २०३० साल आषाढ २० गते बिहे गरेको दश दिन पछि विमला र म धरान जान एउटा सुटकेसमा केही लुगाफाटा मात्र लिएर शाही नेपाल वायुसेवा निगमको हवाइजहाजबाट दिउँसोको उडानमा विराटनगर प्रस्थान गर्‍यौँ । तीन हप्ताअघि हामीहरू सबैको अन्तर्वार्ता सकिएपछि डा. परासर नारायण सुवाल र सुरेशराज शर्मा सरहरूले जनपथमा दाजुभाइ यज्ञप्रसाद र गजेन्द्रप्रसाद आचार्यहरूको घर भाडामा लिनुभएको रहेछ । डा. परासर नारायण सुवालजी यज्ञप्रसादको घरमा माथिल्लो तलामा बस्नुभएको थियो । सुरेशराज शर्माजी त्यहीँ अलि उत्तरमा एउटा घर भाडामा लिएर सपरिवार श्रीमती उर्मिला र तीन छोरीहरू कोपिला, ऋजा, कञ्चनसहित बस्नुभएको रहेछ । नयाँ दुलही विमला र म त्यहाँ चिया खाने बेलामा पुगेका रहेछौँ । डीनको अफिस कोठामा डा. परासर नारायण सुवाल, सुरेशराज शर्मा र दुई तीन जना चिया खाएर बस्नुभएको थियो । हामीलाई देखेपछि त्यहाँको माहोल रमाइलो भयो । मैले काठमाडौंको प्रवेश परीक्षा र सोको नतिजाबारे जानकारी गराएँ । भोलि आषाढ २२ गते हुने प्रवेश परीक्षाका लागि चाहिने प्रश्नपत्र लिथो मेसिन चलाउन नसकेकाले तयार गर्न के गर्ने होला भनेर अलमल भएको बखत मेरा उपस्थितिले उहाँहरूलाई हाइसन्चो महसुस भयो ।

डा. परासर नारायण सुवालजीले 'भद्रमानजीले आनन्दकुटी विद्यापीठ साइन्स कलेजमा यस्तो मेसिन चलाउने र चाहिने मर्मत गरेको देखेको छु, उहाँले गरिहाल्नुहुन्छ अब' भनेर मलाई जिम्मा लगाउनुभयो । लिथो मेसिन खोलेर मर्मत गर्दा गर्दै अँध्यारो हुन थाल्यो । बिजुली बत्ती रहेनछ । मैनबत्ती बालेर मेसिन ठिक गरेर प्रश्नपत्र छाप्न थालेँ । सुरेशराज सरले 'तपाईंहरूको सामान आइपुगेको छैन, त्यसकारण बेलुका हामीकहाँ नै खाना खान आउनुहोस्' भन्नुभयो । सुरेशराज सरकहाँ गएर खाना खायौँ । सुत्नलाई उहाँहरूसँग एउटा तन्ना मागेर त्यो रात अफिसको सोफामा बितायौं । यसरी सुरु भयो हाम्रो विवाहित जीवनी र बाह्र वर्षको धरान बसाइ । व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानको प्रवीणता प्रमाणपत्र तहको ल्याब्रोटरी टेक्नोलजी र फुड टेक्ननोलजीको लागि धरानको पहिलो प्रवेश परीक्षा २०३० साल आषाढ २२ गते बिहान सम्पन्न भयो ।

हाम्रो अफिस समय अलि भिन्न खालको थियो । बिहान सात बजेदेखि एघार बजेसम्म र दिउँसो एक बजेदेखि पाँच बजेसम्मलाई अफिस समय निर्धारण गरिएको थियो । बीचको समय खानाको लागि थियो । अध्ययन संस्थानले छाताचोकका नजिकमा मुख्य सडकको अलि भित्र लक्ष्मी सडकमा भोला श्रेष्ठका बुबा धनबहादुर श्रेष्ठको बन्दै गरेको घर र झुमा धिमालको दुईतले घर भाडामा लिएको थियो । यी दुई दायाँबायाँका घरहरूभित्र दक्षिणतर्फ ठुलो चौर थियो । धर्मवीर मामाका सहयोगमा यज्ञप्रसादको घरका चौरमा एउटा टहरा एवम् त्यसमा राख्न टेबल र बेन्चहरू तथा एउटा ब्ल्याक बोर्ड राखेर कक्षा कोठा तयार गरेँ । घरभित्रको ठूलो कोठामा केही टेबल राखेँ र आनन्दकुटी विद्यापीठ साइन्स कलेजबाट ल्याएका उपकरणहरू मिलाएर प्रयोगशाला तयार पारेँ । पढाइ सेमेस्टर प्रणालीअनुसार सञ्चालन गर्नुपर्ने थियो । हामी दुई जना अनुपमराज र ममात्र सेमेस्टर प्रणालीमा अध्ययन गरेका थियौँ । सोहीअनुसार प्रथम सेमेस्टरको क्लास रुटिन पनि बन्यो । रुटिनमा सैद्धान्तिक र प्राक्टिकल साथै ट्यूटोरियल कक्षाहरूको पनि व्यवस्था थियो ।

यसरी पहिलोपटक नेपालमा व्यावहारिक विज्ञान तथा प्रविधि अध्यापनको सुरुवात भएको थियो । सुरुका दिनहरूमा कक्षा लिने सरहरूमा केमेष्ट्रीमा - पुरनप्रसाद श्रेष्ठ, जगतबहादुर केसी., अनुपमराज तुलाधर र सुरेशराज शर्मा, फिजिक्समा - ललितबहादुर बस्नेत, वायोलोजीमा - बद्रीनाथ श्रेष्ठ; अङ्ग्रेजीमा - गोविन्दमान श्रेष्ठ, नेपालीमा - खेम कोइराला बन्धु, नेपाल परिचयमा - जगन्नाथ श्रेष्ठ हुनुहुन्थ्यो भने गणितमा म आफैँ थिएँ । केही समयपछि अङ्ग्रेजीमा राजकिशोर सहाय र नेपालीमा माधवप्रसाद पोखरेल आउनुभयो । सुरुका केही समयसम्म विद्यार्थीहरूले मलाई विदेशीको रूपमा लिएका थिए । म जहिले पनि टाईकोट लगाएर अफिस जाने र विद्यार्थीहरूका बीच अङ्ग्रेजी मात्र बोल्ने गर्थेँ । फेरि रुसमा छ वर्ष बसेर फर्केकाले अझ पनि रातोपिरो नै थिएँ ।

डा. परासर नारायण सुवाल पछि नियुक्त भएका दोस्रो डीन डा. अमिरबहादुर श्रेष्ठ धरानमा बसेर काम नगर्ने भएपछि २०३४ सालमा व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानको डीन कार्यालयको काम काठमाडौंबाटै सञ्चालन गर्नुको साथै अध्ययन संस्थानका महत्त्वपूर्ण खण्डहरू अनुसन्धान तथा उपकरण, सज्जाकरण र अभिलेखीकरणको काम त्यहींबाट नै गर्ने भन्दै "व्यावहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्र (RECAST)" खडा गरेर धरान हात्तीसार क्याम्पसलाई शिक्षण क्याम्पसमा सिमित गरे । व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानको स्थापना कालमा तय गरेका चारवटा कार्यक्रमहरू Teaching(शिक्षण), Research(अनुसन्धान),

Instrumentation (उपकरण सज्जाकरण) र Documentation (अभिलेखिकरण) मध्ये पछिल्ला दुई कार्यक्रमहरू ओझेलमा परेका छन् ।

हाल आएर विज्ञान सङ्काय 'विज्ञान तथा प्रविधि अध्ययन संस्थान' भयो र धरान हात्तीसार क्याम्पस 'केन्द्रीय प्रविधि क्याम्पस' भएको छ ।

*

(प्रा.डा. भद्रमान तुलाधर व्यावहारिक विज्ञान तथा प्रविधि संस्थान अन्तर्गत केन्द्रीय क्याम्पसका संस्थापक शिक्षक तथा पूर्व का.मु. क्याम्पस प्रमुख हुनुहुन्छ । उहाँ काठमाडौं विश्वविद्यालयको संस्थापक सदस्य एवम् गणित विषयको प्रोफेसर हुनुहुन्छ । उहाँ सोभियत सङ्घबाट गणित विषयमा मास्टर्स एवम् पीएच्.डी उपाधि प्राप्त गर्ने पहिलो नेपाली हुनुहुन्छ)

देश विकासमा खाद्य वैज्ञानिक तथा खाद्य प्रविधिको भूमिका

प्रा.जगत बहादुर के.सी.

प्रत्येक प्राणीलाई बाँच्नका निम्ति आ-आफ्नै प्रकारको आहार/खानाको आवश्यकता पर्दछ । ती प्राणीहरू प्रायशः प्राकृतिक खानेकुरा कुनै पूर्व तयारी बिना वा भनौं काँचै जस्ताको तस्तै खाने गर्दछन् । बाख्रा, खरायो, हरिण, गाई, भैंसी आदि जनावरले घाँस, अन्न खान्छन् । मांसाहारी बाघ, चितुवाले जीवित जनावर, चराचुरुङ्गी खान्छन् । माछाले झार, लेउ र माछै पनि खान्छन्; बिना पूर्व तयारी जस्ताको तस्तै ।

मानिस जनावरमध्येको विकसित प्राणी भएकाले दिमागको विकास सँगसँगै खानेकुराको पनि डुली हिँड्ने दुइगे युगका अवस्थामा काँचै खाना खाने प्रवृत्तिबाट परिष्कृत, खाना पकाएर खाने र विविध परिकार खाने हुँदाहुँदै औद्योगिक उत्पादनद्वारा विविध परिकारका तुरुन्त खान सक्ने/खान हुने Ready to Eat Industrial Food Products मा आइपुगेको छ । अझै कुनै दिन भविष्यमा ठूलो खानाको आकारबाट ससाना ट्याबलेट गोजीमा बोकी महिनौं त्यही खाएर बाँच्न सक्ने प्रविधिको विकासतिर लागिरहेको देख्दा अचम्म मान्नुपर्ने छैन होला ।

नेपाल एक कृषिप्रधान देश हो । आजसम्म पनि देशको ६६ प्रतिशत जनसङ्ख्या कृषिमा आधारित छ, जसले ७६ प्रतिशत मात्र अन्न उत्पादन गर्दछ । ७२.८५ महिला परम्परागत कृषि आर्जनमा लागेका छन् भनिन्छ ।

नेपालमा Sub Tropical Climate भएको र हिमाल, पहाड, तराई भू-बनावट रहेकोले हावापानीको उपादेयताअनुसार सबै प्रकारका अन्न, फलफूल, सागसब्जी र जडीबुटी नेपालमा पाइन्छ ।

- हिमालको आफ्नो विशेषता छ । यहाँ बहुमूलय जनावरहरू हिमचितुवा, हिमभालु, कस्तूरी, मुजुर, कालिज र मृगका साथै चरिचरनका कारण चौरीगाई, भेडाच्याङ्ग्रा, बाख्रापालन हुन्छ र दुर्लभ्य बहुमूल्य जडीबुटीहरू यार्सागुम्बा, जटामसी, पाँचऔंले इत्यादि पाइन्छन् ।
- पहाडी क्षेत्रमा विविध फलफूलहरू, काफल, ऐंसेलु, ओखर, नास्पाति, सुन्तला, अङ्गुर, कागती, बिमिरो, निबुवा, केरा, चरीअमिलो, मेल, चुथ्रो, भुईंकटहर, रुखकटहर, आरुबखडा, अलैंची आदि फलफूलहरू प्राप्त हुन्छन् । हालसाल विदेशमा पाइने एभोकाडो, ड्रागन फ्रुट आदिको खेती हुन सुरु भएको छ । रूद्राक्ष,

भद्राक्ष जस्ता बहुमूल्य वस्तुको पनि खेती लगाउन थालिएको छ । अनाजमा मकै, कोदो, धान, जौ, गहुँ, जुनेलो, भटमास, तोरी, उखु पनि पहाडमा पाइन्छ ।

- तराईलाई अन्नको भण्डार मानिन्छ । धान, मकै, गहुँ मुख्यबालीका साथै आँप, केरा, भुईंकटहर, उखु पनि मुख्य बालीकै रूपमा प्रशस्त लगाइँदै आएको छ । अलैंची, चिया, कफीको खेती पनि पहाड मधेशमा प्रशस्तै खेती हुन थालेको छ र औधोगीकरणबाट नेपालीको आयस्रोत बढाउन मद्दत पुऱ्याइको छ । दुःख लाग्ने कुरा के छ भने नेपाली चिया भारतद्वारा आफ्नो ट्रेडमार्कमा बेचिने गरिन्छ ।

नेपालको १८ देखि २१ प्रतिशत मात्र जमिन कृषियोग्य ठानिन्छ । तर झण्डै ८० प्रतिशत जनसङ्ख्या गाउँमा रहेको छ, जसको मूल आयस्रोत एवम् जीविका कृषिमा आधारित छ । कृषिभित्र खेतीपाती र जन्तुजनावर पनि समेटिन्छन् । वर्तमान अवस्थामा कृषिमा नयाँ युवाहरूको चाख घटेको र विदेश जाने क्रम बढेकाले जग्गा जमिन बाँझै रहने गरेको दुःखद अवस्थामा अनाज, फलफूल, तरकारी उब्जाउन छाडेकाले परनिर्भरता बढ्दै गई भारतबाट आयात गर्नुपर्ने बाध्यता बढेको छ । मैले माथि खाद्य वैज्ञानिक र खाद्य प्रविधिको आवश्यकता किन भन्ने विषयमा स्पष्ट पार्न हाम्रा जमिनले दिन सक्ने कृषिजन्य कच्चा पदार्थ उत्पादनको पृष्ठभूमि तयार गरेको हुँ । बाह्रै महिना कुनै न कुनै यति धेरै प्रकारका फलफूल, सागसब्जी, अनाजहरू हुने देशका लागि ती कृषिजन्य कच्चा पदार्थहरूलाई मूल्य जोड औद्योगिक खाद्य वस्तुहरू (Value added industrial Food Products) उत्पादन गर्न प्राविधिक जनशक्ति त पक्कै चाहिने नै भयो । त्यसैले देशमा खाद्य प्राविधिक र खाद्य प्रविधिको महत्त्व र आवश्यकता छ भन्ने पुष्टि गर्न अरू धेरै व्याख्या गरिरहनुपर्दैन ।

नेपालमा खाद्य उद्योगको सुरुको अवस्था

सर्वप्रथम हाम्रो मुलुकमा मौलिक प्रविधि ढिकी, जाँतो-घट्ट, तेल पेल्ने कोल, उखु पेल्ने कोलबाट खाद्य प्रशोधन (Food Processing) को सुरुवात भएको देखिन्छ । कुनै वैज्ञानिक आधारको सट्टा अनुभवबाट उपर्युक्त प्रकारका Traditional Technology अपनाइएको देखिन्छ ।

आधुनिक उद्योगको सुरुवात काठमाडौंमा कृष्ण पाउरोटीको वि.सं. १९१६ (सन् १९६०) सालमा र वि.सं. २०२० (सन् १९६४) मा नेबिको बिस्कुट उद्योगको स्थापनाबाट भएको देखिन्छ । वर्तमान अवस्थामा आइपुग्दा हजारौँ सानाठुला पाउरोटी उद्योगहरू, थुप्रै बिस्कुट उद्योग, चाउचाउ, चक्लेट, फलफूलको जुस, बियर, वाइन, मिनरल वाटर, कोकाकोला, पेप्सिकोला, दुग्धजन्य उद्योगहरू, मासु प्रशोधन उद्योगहरू ठाउँठाउँमा

प्रशस्तै खुलेका छन । हाल आएर सिमेन्ट उद्योगहरूको स्थापनाबाट आत्मनिर्भर भए तापनि नेपालमा उद्योगहरू भनेका खाद्य उद्योगहरू मात्रै भन्दा हुने अवस्था थियो र छ । कृषिजन्य उद्योगहरूमा ४०% भन्दा बढी कच्चा पदार्थ खेर जान्छ भनिन्छ जसको रक्षा गर्नु जरुरी छ । कृषिजन्य कच्चा पदार्थ र ती कच्चा पदार्थलाई औद्योगिक उत्पादन गर्ने भनेको खाद्य उद्योगहरू नै हुन् भने ती उद्योगहरूको निम्ति चाहिने प्राविधिक जनशक्ति भनेकै खाद्य तथा दुग्ध प्राविधिकहरू हुन् ।

जब खाद्य उद्योगहरूको कुरा आउँछ त्यसका निम्ति खाद्य प्राविधिज्ञको आवश्यकता पर्दछ । त्यसैले खाद्य प्रविधिको अध्यापन कार्य नेपालमै पहिलो र एकमात्र केन्द्रीय प्रविधि क्याम्पस धरानमा वि.सं.२०३६ सालदेखि B.Tech. Food Technology / M.Tech. Food Technology को (वि.सं. २०५८ साल म क्याम्पस प्रमुख रहेकै वेलादेखि) थालनी भयो । सुरुका दिनमा कठिनाइ भए पनि आज देशभर खाद्य प्रविधि शिक्षा दिने कलेजहरू उल्लेख्य रूपमा सञ्चालनमा आएका छन् । त्यसैले नेपाललाई औद्योगिकीकरणतर्फ उन्मुख गर्ने र आकर्षण गर्ने काममा खाद्य प्राविधिकहरूको अहम् भूमिका रहेको छ भन्न हिचकिचाउनुपर्ने अवस्था छैन ।

स्वच्छ खाना स्वस्थ रहना
what you eat is your health
your food is your life
Quality of food decides your quality of life

उपरोक्त भनाइहरूबाट खाद्य प्रविधि र खाद्य प्राविधिज्ञको महत्त्व बुझ्न सकिन्छ । स्वस्थ खाना के हो, कसरी बन्छ स्वस्थ खाना, के के हुन् पौष्टिक खाना इत्यादि विषयमा जानकारी राख्ने खाद्य वैज्ञानिक तथा खाद्य प्राविधिकको महत्त्व संसारभरि नै छ भने नेपालमात्र अछुतो रहन सक्तैन ।

हरेक राष्ट्रको भौगोलिक अवस्था, प्राकृतिक बनावट र वातावरण अन्य राष्ट्रसँगको भौगोलिक सामीप्य, उब्जा, व्यापार निकासीको अवस्था आदिले आआफ्नो महत्त्व दर्साएको हुन्छ र व्यावहारिक रूपमा त्यसले देशको आर्थिक उन्नति एवम् जीवन पद्धतिमा ठूलो भूमिका खेल्ने गर्दछ । अरबियन राष्ट्रहरू पेट्रोलियम पदार्थको बाहुल्यबाट उत्पन्न धन आर्जनबाट दुबई जस्ता मरुभूमिमा विशिष्ट सुविधा सम्पन्न सहर बनाई संसारका धनाढ्यहरूसँग पैसा असुल्ने सुखद सहर बनाउन सफल भएका छन् ।

अर्कातिर हामी छौँ प्राकृतिक भू-बनावट हिमाल, पहाड र तराईको सुन्दरतालाई संसारका धनीमानीहरूलाई बस्ने, खाने र डुल्ने सुविधाको जोहो गरी पर्यटन प्रवर्धन गर्न नसक्दा त्यसको सही उपयोग गर्न सकिरहेका छैनौँ । कृषि उत्पादन बढाउन कृषिलाई

आधुनिक कृषि पेशाका रूपमा बदल्न नसक्दा हाम्रा युवाहरू विदेशमा पलायन हुन बाध्य छन् । कृषि प्रधान देशलाई औद्योगिक जनशक्ति उत्पादन गर्ने परिप्रेक्ष्यमा खाद्य प्रविधि शिक्षा वि.सं. २०३० देखि प्रमाणपत्र तहको दुईबर्से कोर्ष धरानमा सञ्चालन छ वर्षसम्म रह्यो । वि.सं. २०३६ सालमा B.Sc. Food Technology तीनबर्से कोर्स सुरु गरियो । पछि Food Engineering Part थप्नु पर्ने महसुस गरी Four years B.Tech. Food Technology को पढाइ हालसम्म सुचारु रूपबाट सञ्चालनमा आएको छ । हालसम्म त्रिभुवन विश्वविद्यालयको केन्द्रीय प्रविधि क्याम्पस सहित त्रि.वि. बाट सम्बन्धन प्राप्त दशवटा र पूर्वाञ्चल विश्वविद्यालयअन्तर्गत एकमात्र CAFODAT College मा B.Tech. Food Technology को अध्यापन कार्य सञ्चालित छ । वार्षिक B.Tech. Graduates झन्डै ३०० जना उत्पादन भइरहेका छन् । M.Tech. Food Technology भने धरान केन्द्रीय प्रविधि क्याम्पसमा वि.सं. २०५८ सालदेखि सञ्चालित छ । हाल केन्द्रीय प्रविधि क्याम्पस धरानमा M.Tech. Food Technology मा २९ जनाको सिट कायम गरिएको छ भने त्यस क्याम्पस अध्ययन गरेका विद्यार्थीहरूले हालसम्म विद्यावारिधि गर्नेहरूको सङ्ख्या झन्डै दश जना पुगेको छ ।

पीएच्.डी. प्रविधि क्याम्पस धरानलाई Food Tech. Education का निम्ति Mother Institute को रूपमा र नेपाल सरकार खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागलाई Father Institute का रूपमा हेर्ने गरिन्छ ।

देश सेवामा खाद्य प्रविधि र दुग्ध प्रविधिको विकास सम्बन्धी उद्योगहरूमा र सरकारको नीतिमा भर पर्ने हुन्छ । कृषकहरूलाई आधुनिक कृषि प्रविधिको ज्ञान र सिपको विकासका निम्ति सरकारले योजना बनाउनु जरुरी छ ।

वि.सं. २०१८ सालमा कृषि तथा वन मन्त्रालय अन्तर्गत खाद्य विभागका रूपमा स्थापित यो संस्था सदैव कृषि मन्त्रालयमा कृषि विशेषज्ञहरूका डोमिनेसनमा विविध समयमा संरचनामा हेरफेर हुँदै हाल आएर सङ्घीय संरचनाको रूपमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय अर्न्तगत एउटा विभागका रूपमा रहेको छ ।

यो विभाग जति क्रियाशील रहन्छ, खाद्य प्रविधि र प्राविधिज्ञको आवश्यकता, उपदेयता र सक्रियता त्यति नै बढ्ने हुन्छ । कृषिप्रधान देशलाई औद्योगिकीकरण गरी देशको अर्थतन्त्र मजबुत बनाउन खाद्य प्राविधिज्ञको अहम् भूमिका रहेको छ । संसारका मानिसले रुचाउने गुणस्तरयुक्त, स्वच्छ, स्वादिष्ट, पोषणयुक्त खाद्य वस्तु उत्पादन गर्ने उद्योगहरू स्थापना र विकासका साथै हाम्रा नेपाली जाति, जतजातिहरूले खाने गरेको Traditional Foods (जाँड, रक्सी, छाङ, तितौरा, मस्यौरा, गुन्द्रुक, सिन्की किनेमा ड्राइ

Foods, भक्का, सुकुटी, विविध प्रकारका धुले अचार, गलुवा अचार, फापर, कोदो, गहुँ, जौको सातु, रोटी, चिउरा, मिठाईहरू, पुष्टकारी, गुँदपाक, तिलको लड्डु, दुग्धबाट बनेका परिकारहरू, कुराउनी, खीर, ढकने इत्यादि) लाई औद्योगिक वस्तुका रूपमा साथै नेपाली स्वादका रूपमा गुणस्तरयुक्त उत्पादन, प्रशोधन गरी बजारीकरण गर्ने काम खाद्य प्रविधिज्ञको हो । अब त्यसतर्फ उन्मुख हुन जरुरी छ । अहिलेसम्म यो काम हुन सकेको छैन ।

हाल नेपालमा भएका खाद्य उद्योगहरू विशिष्ट विशेषज्ञता हासिल गरेका खाद्य प्रविधिज्ञहरूबाट सञ्चालित छन् । यसमा हामीले गर्व गर्नै पर्ने हुन्छ, जुन प्रथमतः केन्द्रीय प्रविधि क्याम्पसबाट उत्पादित जनशक्तिबाट सुरु गरिएको थियो ।हाल नेपाल सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत रहेको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको मुख्य कार्यालय बबरमहलमा रहेको छ । यसका छ शाखाहरू मात्र मोरङको विराटनगरमा, धनुषाको जनकपुरमा, मकवानपुरको हेटौँडामा, भैरहवाको रूपन्देहीमा, नेपालगञ्जको बाँकेमा र कैलालीको धनगढीमा रहेका छन् । यसका शाखा छ वटा मात्र भए पनि खाद्य आयात, निर्यात, गुण प्रमाणीकरण जाच्ने प्राविधिज्ञ सीमाक्षेत्रमा बाह्र ठाउँमा रहेका छन् । त्यसरी नै डिभिजन कार्यालयहरू चौबीसवटा रहेका छन् ।

उपर्युक्त कार्यालयहरूको दरबन्दीअनुसार प्रथम श्रेणीदेखि प्राविधिक सहायकसम्म खाद्य प्राविधिज्ञहरूले देश सेवामा सहयोग पुऱ्याइरहेका छन् । जम्मा तीन जना खाद्य प्रविधिज्ञहरू नेपाल सरकारको सचिवको पदसम्म पुगी देश सेवामा संलग्न रहेको उदाहरण देख्न सकिन्छ ।

खाद्य स्वच्छतादेखि लिएर गुणस्तरयुक्त प्रशोधन, गुणस्तर मापन तथा नियमन प्याकेजिङ, ट्रान्सपोर्टेसनदेखि लिएर राष्ट्रिय अर्न्तराष्ट्रिय गुणस्तर मापन, खाद्य व्यापार प्रवर्धनमा विश्व व्यापार सङ्गठन (World Trade Organization) पशु तथा बोटविरुवाजन्य स्वच्छता सम्बन्धी (Sanitary and Phytosanitary) सम्झौताअनुसार व्यापार सहजीकरणमा समेत खाद्य प्रविधिज्ञको अहम् भूमिका रहेको छ ।

आजको संसार प्रविधिको विकाससँगै साँगुरिएको भान हुन्छ । कुनै पनि देशमा उत्पादित वा प्रशोधित खाद्य वस्तुको व्यापार कुनै पनि देशमा हुन सक्दछ । मानिसहरूको खाने बानी (Food Habit) र खाने स्वाद (Food Taste) फरकफरक हुन थालेको छ वा भनूँ, अर्न्तराष्ट्रियकरण भएको छ । साधारण मकै भटमास वा चिउरा, चाम्रे भात, दही चिउरा आदि खाजा खाने नेपालीहरूमा पाउरोटी, बिस्कुट, चाउचाउ, पिज्जा, मोमो आदि सजिलो गरी खाने बानी परिसकेको छ । तसर्थः अर्न्तराष्ट्रिय परिप्रेक्ष्यलाई नपछ्याई नहुने

अवस्था आएको छ । त्यसका निम्ति Codex Alimentations Commission, World Organization for Animal Health, International Plant Protection Convention आदि संस्थाहरूले बनाएको मापदण्डलाई गाइड लाइनको रूपमा पछ्याउनुपर्ने हुँदा त्यो सम्बन्धी ज्ञान भएका दक्ष प्राविधिकको रूपमा पनि खाद्य प्रविधिज्ञहरूले काम गर्नुपर्ने हुन्छ ।

खाद्य स्वच्छताको अभ्यासका निम्ति असल कृषि अभ्यास (Good Agriculture Practices) अर्को खाद्य प्राविधिकका निम्ति ठूलो जिम्मेवारी हुन आउँछ । खाद्य उत्पादन प्रशोधन, खाद्य गुणस्तर नियमन, पोषणयुक्त खाद्य प्रयोगका साथै उपभोक्तालाई सजग बनाउने जिम्मेवारी पनि खाद्य प्राविधिकको हुन आउँछ । त्यसैले Food is Quality of Life भनिएको हो । मानिसको स्वास्थ्य गुणस्तरयुक्त खाद्य पदार्थमा आधारित हुन्छ ।

नेपालजस्तो कृषिप्रधान देश र सुहाउँदो हावापानीलाई मध्यनजर गरी हरेक गाउँको माटोको परीक्षण गरी कृषकहरूलाई त्यो सुहाउँदो खेती गर्न लगाई सहुलियत दिने व्यवस्था गर्नु (जस्तै अदुवा, बेसार, लसुन, प्याज, आँप, जुनार, सुन्तला, भुईंकटहर, स्कुस, फर्सी, काँका) **'आफ्नो गाउँ आफैँ बनाऊँ'** भन्ने नारालाई साकार पार्न गाउँमै सम्पूर्ण किसानलाई सहभागी गराई सहकारीका माध्यमबाट गाउँमै तत्तत् खाद्य वस्तुका हुन सक्ने परिकारहरू खाद्य प्राविधिकको सहयोग लिई औद्योगिकीकरण गर्न सके कृषकहरूको जीवनस्तर उकास्न सजिलो हुने थियो होला । तर देश बनाउँछु भन्ने नेताहरूको यतातर्फ ध्यान खोइ ? यसै सोचको अभावमा हाम्रा युवाहरू विदेशतर्फ पलायन भइरहेका छन् । राजनीति गर्ने नेताहरू र उनीहरूका कार्यकर्ताहरू मात्र देशमा रहने हुँदा उत्पादनमूलक कार्यहरू गर्ने मानिसहरूको अभाव आजभोलि खट्किरहेको छ ।

हाम्रो देशमा उत्पादन गरेका खाद्य वैज्ञानिकहरूले अर्न्तराष्ट्रिय क्षेत्रमा समेत ठूलो योगदान पुऱ्याएका छन् । यो हाम्रा लागि गर्व गर्ने विषय बनेको छ । यसको उदाहरणका निम्ति हिकमतबहादुर थापालाई लिन सकिन्छ । उनी एन.आर.एन. को कोषाध्यक्ष मात्र भएनन् । नेपाली भाषा, साहित्यको प्रचारप्रसार (अर्न्तराष्ट्रियकरण) का साथै आफ्नो गाउँ, ठाउँको उन्नतिका निम्ति थुप्रै सामाजिक काम पनि गरिरहेका छन् । अष्ट्रेलियाका मानबहादुर के.सी., प्रा.डा. अशोक श्रेष्ठ, क्यानडाका चिन्तामणि उप्रेती, डा. मेघराज भण्डारी, नारायण घिमिरे तथा अन्य थुप्रै खाद्य वैज्ञानिकहरूले त्यस क्षेत्रमा नेपाली हुनुको नाम चम्काएका छन् । यो पनि हाम्रा लागि गौरवको विषय हुन जान्छ । त्यसरी नै नेपालमा रहेका धेरै कलेजहरूमा प्राध्यापक, सहप्राध्यापक, उपप्रा. भई नयाँ विद्यार्थी उत्पादन गर्नमा पनि खाद्य विशेषज्ञहरूको अहम् भूमिका रहेको छ । राजनीतिमा लागेका

भू.पू. मन्त्री रकम चेमजोङ, परराष्ट्रविद् अरूण सुवेदी र अन्य थुप्रै व्यक्तिहरूले पनि आआफ्ना क्षेत्रमा देशसेवा गरेका उदाहरणहरू अरू थुप्रै भेटिन्छन् । संसारका नेपालजस्तै ससाना देशहरू सिङ्गापुर, इजरायल, नर्थ कोरिया, साउथ कोरिया आदिले आधुनिक प्रविधिको विकासबाट त्यस देशका जनताको जीवनस्तर उकास्ने काममा ठूलो फड्को मारेका छन् । इजरायलले त मरुभूमिलाई हरियालीमा बदलेको छ । दृढ इच्छाशक्ति भएका देशभक्त जानकार नेताहरूको सफल नेतृत्वको, मेहनत र दूरदृष्टिको परिणाम मान्न सकिन्छ यसलाई ।

नेपालमा औद्योगिक विकासको सुरुवात सन् १९३६ मा औद्योगिक विकास परिषद् स्थापना भएपश्चात् सुरु भएको देखिन्छ । सन् १९९२ मा सरकारले उदारीकरणको नीति लागू गर्ने परिप्रेक्ष्यमा निजीकरणका नाममा कौडीका भरमा बिक्री गरेर भरखरै स्थापना भएर सञ्चालनमा आएका उद्योगहरू बन्दजस्तै हुन पुगे भने माओवादीद्वारा सञ्चालित दशबर्से जनयुद्ध, हडताल, नाकाबन्दीका कारण भए गरेका उद्योगहरू पनि धराशायी हुन पुगे, जसका कारण भएका खाद्य उद्योगहरू फस्टाउन सकेनन् भने नयाँ उद्योगहरू खोल्ने कुरा त झन् टाडै रह्यो । यद्यपि यस्तो कष्टकर अवस्थामा पनि खाद्य प्राविधिकहरूद्वारा दिइने सेवा कायम नै रहेको देखिन्छ ।

अबका खाद्य वैज्ञानिकहरूले नेपालका Traditional Foods को अनुसन्धान गरी औद्योगिकीकरणतर्फ ध्यान दिई गुणस्तरयुक्त उत्पादन गरी बजारीकरणतर्फ उन्मुख हुन जरुरी छ । नेपालमा Tourism Industry को विकाससँगै नेपाली परिकारका खाद्यवस्तुहरू खपत हुने ठूलो बजार बन्न सक्तछ । यस परिप्रेक्ष्यमा नेकपाकी नेत्री सांसद् उषाकिरण राईले (कुनै समयकी पीएच्.डी. प्रविधि क्याम्पसकै विद्यार्थी) केही समयअघि दिएको नेपाली रक्सी उत्पादनलाई दुरुत्साहित गर्नुको बदला Trade Mark को रूपमा औद्योगिकीकरण गर्नु उचित हुन्छ भन्ने सल्लाहलाई कदर गरिनुपर्दछ ।

सुरुका दिनहरूमा मेरै अध्यक्षतामा राष्ट्रिय खाद्य उद्योग तथा खाद्य प्रविधि (National Seminar on Food Industry and Food Technology) को सेमिनार तथा औद्योगिक प्रदर्शनको आयोजना गरी खाद्य प्रविधि शिक्षाको प्रचारप्रसार तथा विकासका साथै उत्पादित जनशक्तिलाई उद्योगहरूमा खपत हुने वातावरण बनाइएको र उक्त औद्योगिक मेलामा तत्कालीन राजा वीरेन्द्रको भ्रमणबाट प्रचारित हुँदा उत्पादित जनशक्ति खपत हुनमा ठूलो मद्दत पुगेको अनुभव रहेको छ ।

उक्त सेमिनारका प्रस्तावबाट खाद्य प्राविधिज्ञहरूको सङ्गठनका माध्यमबाट विषयगत अनुसन्धान र सङ्गठित विकासको आशा गरी खाद्य वैज्ञानिक तथ प्राविधिक

सङ्घ (Nepal Food Scientist & Technologist Association ; NEFOSTA) को सर्वप्रथम मेरै अध्यक्षतामा गठन गरियो र क्षेत्रीय कमिटी समेतको विकास गरी NEFOSTA Journal हालसम्म प्रकाशित हुँदै आएको छ । उचित वातावरणको अभावले त्यस संस्थाद्वारा हुनुपर्ने जति कन्ट्रिब्युसन हुन सकेको देखिँदैन ।

खाद्य तथा दुग्ध प्रविधिज्ञहरूले समयानुकुल देश विकासतर्फ ध्यान दिई आफ्नो महत्त्व, आफ्नो ज्ञान र क्षमताबाट आफैँ प्रदर्शित गर्नु उचित हुने सल्लाह दिन सकिन्छ । अर्को कुरा हरेक ठूलाठूला नगरपालिका र प्रत्येक जिल्ला जिल्लामा खाद्य प्रयोशालाको स्थापना हुन जरुरी छ ।

खाद्य प्राविधिज्ञले आफ्नो ज्ञान र सिपको सदुपयोग व्यावहारिक रूपमा आफैँ संलग्न भई स-साना Specialized Food Industries खोल्नु आवश्यक छ । विविध जडीबुटीहरूको प्रयोग गरी Medicinal Foods उत्पादन गर्ने कार्यतर्फ पनि ध्यान दिनु उचित हुनेछ ।

*

(प्रा.जगत बहादुर के.सी. केन्द्रीय प्रविधि क्याम्पसका संस्थापक शिक्षक, पूर्व सहायक डीन तथा पूर्वाञ्चल विश्वविद्यालयका पूर्व उपकुलपति समेत हुनुहुन्छ)

नेपालमा खाद्य प्रविधि शिक्षाको विकासक्रम र मेरो अनुभव

- प्रा.डा.दिलीप सुब्बा

भूमिका

केन्द्रीय प्रविधि क्याम्पसले स्थापनाको पचासौं वर्षमा प्रवेश गरेको अवसरमा स्मारिका प्रकाशन गर्न लागेको समाचार सुनेर खुसी लाग्यो । म यसका लागि क्याम्पस व्यवस्थापनको सराहना गर्न चाहन्छु । स्मारिकाको लागि क्याम्पस प्रमुख डा. दिल कुमार लिम्बुले मलाई नेपालमा भएको खाद्य प्रविधि शैक्षिक कार्यक्रमको विकासक्रम बारे लेख उपलब्ध गरिदिन अनुरोध गर्नु भयो ।

विकासक्रम तथा संस्थागत दृष्टिकोणबाट नेपालमा खाद्य प्रविधि शिक्षाको प्रमुख थलो धरानस्थित केन्द्रीय प्रविधि क्याम्पस हो । केन्द्रीय प्रविधि क्याम्पसको खाद्य प्रविधि शैक्षिक कार्यक्रमसित मेरो धेरै लामो समयको र बहुआयामिक सम्बन्ध रहेको छ । मेरो केन्द्रीय प्रविधि क्याम्पससित २०३० सालदेखि २०७४ सालसम्म विद्यार्थी, शिक्षक, कोर्स निर्माता, शैक्षिक प्रशासक इत्यादि नाता रहेको थियो । अतः मैले केन्द्रीय प्रविधि क्याम्पसलाई केन्द्रमा राखेर आफ्ना अनुभव, स्मरण र विचारलाई जोड्दै खाद्य प्रविधि शिक्षाको विकासक्रम बारे एउटा लेख तयार पार्ने सोच बनाएँ ।

खाद्य प्रविधि शिक्षाको परिचय र महत्व

खाद्य प्रविधि महत्वपूर्ण विधा भएकोले सर्वप्रथम यस बारे केही कुरा बुझ्न उपयोगी हुन्छ । खाद्य प्रविधि विज्ञान र इञ्जिनियरिङ्गमा आधारित खाद्यवस्तुको संरक्षण, प्रशोधन, प्याकेजिंग, भण्डारण र वितरण गर्ने कार्यसँग सम्बन्धित विधा हो । खाद्यवस्तुहरूको भौतिक, रासायनिक, जैविक र इञ्जिनियरिङ्ग गुणहरूको अध्ययन गरी खाद्यवस्तुलाई नाश गर्ने जैविक र अजैविक तत्व, कारण र प्रक्रियाहरूको पहिचान गरी त्यसलाई नाश र नोक्शानी हुनबाट बचाउने र प्रशोधन विधिद्वारा उपयोगी खाद्यको रूपमा परिणत गर्ने ज्ञान र सिप खाद्य प्रविधि शिक्षाबाट प्राप्त हुन्छ ।

सबै खाद्यवस्तु नाशवान भएको, यसमा पाइने पौष्टिक तत्वहरू क्रमिक ढंगले नष्ट हुँदै जाने र यसको प्राकृतिक स्वरूप, रङ्ग, स्वाद विनाश हुँदै जाने हुँदा खाद्यवस्तुलाई यस्तो नाश हुने प्रक्रियाबाट संरक्षित गर्न आवश्यक हुन्छ । प्राकृतिक प्रकोप र मानव सिर्जित सङ्कटको समयमा संरक्षित खाद्यवस्तुले भोक र कुपोषणबाट मानव जातिको रक्षा गर्दछ । अर्थात् यसले खाद्य सुरक्षालाई सुनिश्चित गर्दछ । खाद्य प्रविधि शिक्षाले दिने सबैभन्दा महत्वपूर्ण शिक्षा खाद्यवस्तुलाई विभिन्न नाशकारी प्रक्रियाबाट

सुरक्षित राख्नु हो । खाद्य प्रविधि शिक्षाले खाद्यवस्तुको संरक्षण गर्ने विभिन्न विधिका सिद्धान्त र प्रयोगहरूको बारेमा ज्ञान प्रदान गर्दछ । औद्योगिक स्तरमा कच्चा पदार्थलाई विभिन्न तयारी खाद्यवस्तु र उप-उत्पादनहरूमा तयार गर्ने प्रशोधन विधि र मसीन बारे ज्ञान र सिप प्रदान गर्नु खाद्य प्रविधि शिक्षाको दोस्रो महत्वपूर्ण उद्देश्य हो । खाद्य संरक्षण, व्यवसाय सञ्चालन र आधुनिक जीवनलाई सहज बनाउनु खाद्य प्रशोधनका फायदाहरू हुन् । यस्तो प्रशोधित संरक्षित खाद्यवस्तु असामान्य भौगोलिक तथा वातावरणीय अवस्थामा पनि उपयोगी हुन्छ ।

आज सकेसम्म प्राकृतिक रूप र गुण कायम रहेको खाद्यवस्तु, प्रशोधित खाद्यवस्तु भए स्वास्थ्यलाई हानी गर्ने रासायनिक तत्वहरू नभएको तर पौष्टिक तत्व अधिकतम मात्रामा कायम रहेको, शुद्ध र स्वस्थकर तथा खाद्य स्वच्छता पूर्णरूपले सुनिचित भएका खाद्यवस्तुको उपभोक्ताबाट माग भएको तथा यसका लागि कडा कानुनी व्यवस्था भएको कारणले खाद्य प्रविधिमाथि जिम्मेवारी बढ्न गएको छ र यसै अनुरूप खाद्य प्रविधि शिक्षालाई ढालिएको छ । अन्य उद्देश्य अनुसार पनि खाद्य संरक्षण र प्रशोधनका विधिमा विभिन्न विकास भएका छन् । आधुनिक खाद्य प्रविधि शिक्षाको विशेषता र महत्व पनि यही नै हो ।

नेपालमा खाद्य प्रविधि शिक्षाको विकासक्रम

हाम्रो देशको सन्दर्भमा नेपाल कृषि प्रधान मुलुक भएको, कृषि उपजको बाली उप्रान्त हानी-नोक्शानी उच्च रहेको, कुपोषणको ठुलो समस्या रहेको, अर्थतन्त्र मजबुत नभएको, प्राकृतिक आपत्-विपत् भोगिरहनुपर्ने अवस्था भएको, बेलाबखत राजनीतिक कारणले खाद्यसंकट हुने देश भएकोले खाद्य प्रविधिको शिक्षा हाम्रा देशका लागि आवश्यक र महत्वपूर्ण छ । यस शीर्षक अन्तर्गत मैले नेपालमा खाद्य प्रविधि शिक्षाको सुरुवात र क्रमिक विकास बारे वर्णन गरेको छु । कतिपय तथ्य लेख्न छुटेका होलान् जुन यस स्मारिकाका अन्य लेखमा समेटिएका हुन सक्छन् ।

प्रमाणपत्र तह खाद्य प्रविधि कार्यक्रम र आफ्नो विद्यार्थी जीवनको सम्झना

नेपालमा खाद्य प्रविधि शिक्षाको सुरुवात २०३० सालमामा भएको हो । नेपालमा नयाँ शिक्षा योजना भर्खर सुरु भएको थियो र प्राविधिक शिक्षालाई बढावा दिने नीति अनुरूप धरानको जनपथ टोलमा व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानको स्थापना भई प्रमाणपत्र तह खाद्य प्रविधि कार्यक्रमको सुरुवात भयो । प्रमाणपत्र तह खाद्य प्रविधि सेमेस्टर प्रणालीमा आधारित दुई बर्से कोर्स थियो । यसमा विज्ञान, गणित, खाद्य विज्ञान तथा खाद्य संरक्षण र प्रशोधनका सिद्धान्त र प्रयोगका आधारभूत ज्ञान दिइन्थ्यो ।

Cereal technology, fruit and vegetable technology, dairy technology का विषयहरूको पनि पढाइ भयो । हाम्रा शिक्षकहरू हुनुहुन्थ्यो पुरनप्रसाद श्रेष्ठ ,जगत्बहादुर के सी , भद्रमान तुलाधर, बद्रीनाथ श्रेष्ठ, रामकृष्ण प्रसाई, ललितबहादुर बस्नेत, दा देवभक्त शाक्य , दिलिप कुलकर्णी र किथ मिचेल । उहाँहरू नै खाद्य प्रविधिका प्रथम शिक्षक हुनुहुन्छ ।

म पहिलो ब्याचको छात्र थिएँ । हामी २० जना विद्यार्थी थियौँ । घर धरान भएको र धरानमा अध्ययन संस्थानको स्थापना भएको हुँदा मलाई त्यहाँ खाद्य प्रविधिको पढाई हुँदैछ भन्ने खबर पाउन सजिलो भयो । भर्ना त भएँ तर यसमा के पढाई हुन्छ , यो पढेपछि कुन पेशा व्यवसाय गर्ने हो क्यै थाहा थिएन । मैले के मात्र सोचेँ भने हाम्रो देश कृषिप्रधान भएकोले कृषि उद्यमसँग सम्बन्धित कुनै काम, जागिर निश्चय नै पाइएला । यो विषय पढ्नुको अर्को आकर्षण थियो, हामी विद्यार्थीले पाउने मासिक २०० रुपियाँ निर्वाह खर्च । मैले मिहिनेत गरेर पढेँ । कुनै समय खेर फालिनँ । म त्यस ब्याचको प्रथम विद्यार्थी भएँ र विशिष्ट श्रेणीमा त्यो कोर्स उत्तीर्ण गरेँ । सोचे अनुरूप हामीजस्ता यो कोर्स पढेकाहरूको खाद्य उद्योग र खाद्य प्रयोगशालाहरूलाई खाँचो थियो । हामीले नेपाल सरकारका खाद्य प्रयोगशालामा प्रयोगशाला सहायक, खाद्य जाँचकी तथा खाद्य उद्योगहरूमा उत्पादन र गुणस्तर नियन्त्रणका काम पायौँ । त्यसबेला नेपाल सरकार, कृषि मन्त्रालयमा सुब्बा तहको पद पाइन्थ्यो । यो प्रमाणपत्र तह खाद्य प्रविधि २०३५ सालमा बन्द भयो ।

बी. टेक्. (फुड) कार्यक्रम र आफ्नो अध्यापन जीवनको यात्रा

बी. टेक्. (फुड) कार्यक्रम २०३६ सालमा शुरु भएको हो । विज्ञान अध्ययन संस्थानको एउटा विज्ञान क्याम्पसको रूपमा स्थापित धरान हात्तीसारको आफ्नै जग्गामा यसको सुरुवात भयो । यो चार वर्षे कोर्स थियो । यसमा खाद्य विज्ञान र इञ्जिनियरिङ्गका विषयहरूको साथै खाद्य संरक्षण, प्रशोधन, प्याकेजिङ र भण्डारण तथा खाद्य गुणस्तर र पोषण विषयहरूमा विस्तृत रूपमा अध्यापन गराइन्छ । खाद्य प्रविधि शिक्षाको इतिहासमा यो अर्को कोशे ढुंगा थियो । खाद्य प्रविधिको उच्च अध्ययन यसरी सुरु भयो । बी. टेक्. (फुड) सुरु भएकोले प्रमाणपत्र तह खाद्य प्रविधि पढेका विद्यार्थीहरूले खाद्य प्रविधिमा स्नातक तहको शिक्षा लिन सक्ने भए भने आइ एस्सी पढेका विद्यार्थीहरूलाई समेत स्नातक तहको खाद्य प्रविधि पढ्ने अवसर प्राप्त भयो । भौगोलिक दृष्टिकोणबाट विशेष गरी पूर्वी नेपालका विद्यार्थीहरूका लागि यो धेरै फाइदाजनक साबित भयो । आधारभूत रूपमा बी. टेक्. (फुड) कोर्सको ढाँचा भारतको मैसुरस्थित भारत सरकारको केन्द्रीय खाद्य प्रौद्योगिक

अनुसन्धान संस्थान (के. खा. प्रौ. अ. स.) को एम एस्सी (खाद्य प्रविधि) सँग मिल्दोजुल्दो छ । यहाँको बी. टेक्. (फुड) कोर्सको निर्माण पनि के. खा. प्रौ. अ. स. मा अध्ययन गरी फर्केका केन्द्रीय खाद्य अनुसन्धानशाला (हालको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग) मा काम गरिरहनु भएका खाद्य प्राविधिज्ञहरूको सहयोगबाट भएको हो ।

बी. टेक्. (फुड) सुरु गर्दा क्याम्पससित खाद्य प्रविधिका मूल विषयहरू पढाउने शिक्षकहरूको अभाव थियो । विज्ञान र गणितका विषयहरू ललितबहादुर बस्नेत, तोयानाथ प्रसाईं, प्रदिप प्रधान, भद्रमान तुलाधर, तीर्थानन्द वैद्य, नारायण राई, तिलकमान श्रेष्ठले पढाई राख्नु भएको थियो । खाद्य प्रविधिका मूल विषयहरू पढाउने शिक्षकहरू जगतबहादुर के सी, आनन्द प्रकाश सिंह प्रधान, डा. देवभक्त शाक्य र भिष्मानन्द वैद्य हुनुहुन्थ्यो । कार्यक्रमलाई सबल बनाउन र शिक्षकको अभाव भएको कारणले क्याम्पसले कोलकाता निबासी भारतीय प्राध्यापक डा. एन. एल. लाहिरीलाई करारमा नियुक्ति गरेको थियो ।

शिक्षकको दिगो व्यवस्थाको योजना मुताबिक विज्ञान अध्ययन संस्थानले मलाई सन् १९७६ मा भारतमा पढ्न पठाएको थियो । मैले भारत महाराष्ट्र राज्यको मराठवडा कृषि विद्यापीठमा बी. टेक्. फुड पढेँ । विज्ञान अध्ययन संस्थानले मासिक ४०० भा. रु. निर्वाह खर्च पठाउँथ्यो । त्यस विश्वविद्यालयबाट अध्ययन सकेर मैले २०३७ साल भदौमा क्याम्पसमा सहायक प्राध्यापकको पदबाट आफ्नो अध्यापन सेवा सुरु गरेँ । लगभग तेही समयमा Microbiology का शिक्षक सुमनकुमार लाल दास पनि शिक्षणमा आबद्ध हुनु भयो । त्यसै गरि IIT खडगपुर् पढेका कोलकाता कै निबासी सुविमल मित्रा पनि करारमा नियुक्त हुनु भएको थियो । सुरुका वर्षहरूमा मैले food chemistry, food processing / dairy technology बिषयहरू पढाएँ । निर्मलप्रसाद श्रेष्ठ र बद्रीनाथ श्रेष्ठ क्याम्पस प्रमुख हुँदा म अतिरिक्त क्रियाकलाप समितिको प्रमुख थिएँ ।

समयक्रममा उप-प्राध्यापक हुँदा Quality Control Instruction Committee को अध्यक्ष र अलिक समयपछि Food Technology Instruction Committee को अध्यक्षको जिम्मेवारी बहन गरेँ । पछिल्लो समयमा मैले विशेष गरी Meat technology बिषयको अध्यापन गरेँ ।

बी. टेक्. (फुड) उत्तीर्ण स्नातकहरूले देशमा आवश्यक जनशक्तिको मागलाई पूरा गर्न थाल्यो । यसअघि सरकारी र अर्ध सरकारी संस्थान सेवाका लागि विदेशबाट पढेर आउनु पर्थ्यो तथा खाद्य उद्योगहरूमा अधिकांश भारतबाट झिकाइएका प्राविधिकले काम गर्थे । बी. टेक्. (फुड) शैक्षिक कार्यक्रमले यसमा ठुलो योगदान गऱ्यो । बी. टेक्. (

फुड) उपाधिले सरकारी सेवामा राज पत्राङ्कित तेस्रो श्रेणीको मान्यता पायो । बी. टेक्. (फुड) उत्तीर्ण स्नातकले बी. टेक्. (फुड) का बिद्यार्थीलाई पढाउन मान्यता दिइएकाले धेरै बी. टेक्. (फुड) स्नातकहरू त्रि. वि. मा शिक्षक नियुक्त भए । बी. टेक्. (फुड) मा वार्षिक २० जना विद्यार्थी भर्ना हुन्थे । माग हेरी जनशक्ति उत्पादन थोरै थियो भने यो कार्यक्रम लोकप्रिय हुँदै गएकोले निजी क्षेत्रबाट यो कार्यक्रम सञ्चालनको लागि माग पनि भैरहेको थियो ।

अन्ततः २०६३ सालबाट त्रि. वि. बाट सम्बन्धन लिएर निजी कलेजहरूले बी. टेक्. (फुड) सञ्चालन गर्न थाले । यस क्रममा त्रि. वि. को सम्बन्धनमा २०६३ साल देखि Lalitpur Valley College (ललितपुर), २०६४ मा National College of Food Science and Technology (काठमाडौँ) र Padmashree International College (काठमाडौँ), २०६५ मा Golden Gate International College (काठमाडौँ), २०६७ मा Sunsari Technical College (धरान), २०७० मा Dharan Multiple College (धरान) र Pokhara Bigyan Tatha Prabidhi Campus (पोखरा) तथा २०७१ मा ल्र्षनिष्चष ऋर्याभिनभ (इटहरी), Birat Multiple College (बिराटनगर) र Nagarik College (गैँडाकोट) मा बी. टेक्. (फुड) कार्यक्रम सुरु भयो । यसरी देशका विभिन्न स्थानहरूमा कलेज खुल्नाले खाद्य प्रविधि शैक्षिक कार्यक्रमको प्रचार-प्रसारमा सहयोग पुग्यो भने धेरै विद्यार्थीहरूले यो विषय पढ्ने अवसर पाए । अहिले १० वटा निजी कलेजहरूमा यसको पढाई हुन्छ । अझै यसको माग बढिरहेको छ ।

त्रि. वि. बाहेक पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गतको College of Applied Food and Dairy Technology (CAFODAT), काठमाडौँमा B.Tech Food Dairy Technology कार्यक्रम २०६३ सालदेखि सञ्चालनमा रहेको छ, जुन कोर्स त्रि, वि. को भन्दा केही भिन्न छ ।

बी. टेक. (फुड) सञ्चालनको शिक्षण प्रणाली, पाठ्यक्रम, अध्यापन गरिने विषय र सिलेबस, शिक्षण विधि, परीक्षा प्रणाली सबै सुरुदेखि आज पर्यन्त उही छ । ४१ वर्षसम्म कुनै परिवर्तन नहुनु राम्रो सङ्केत होइन । यसलाई समय सापेक्ष हुने गरी परिवर्तन गर्नु जरुरी छ । यसबारे जिम्मेवार निकायले अविलम्ब काम गर्नु जरुरी भैसकेको छ । त्रि. वि. अन्तर्गत खाद्य प्रविधि शैक्षिक कार्यक्रमको यो ढंगले विकास हुँदै गर्दा सिप विकासमूलक व्यावसायिक-प्राविधिक शिक्षाको पनि विकास हुँदै थियो । यस उद्देश्यले विभिन्न मितिहरूमा कलेजहरू स्थापना भए र व्यावसायिक तालिम तथा प्राविधिक शिक्षा परिषद्का कार्यक्रमहरू सञ्चालन भए । त्यसमा धरानमा २०५५ मा स्थापित Bharabi

Polytechnique Institute को एक बर्षे Food Technical Assistant (TSLC) कोर्स तथा धरानमा २०५७ मा स्थापित National Academy of Applied Science and Technology (NAAST) र काठमाडौँ मा २०६२ मा स्थापित College of Applied Food and Dairy Technology (CAFODAT) को खाद्य प्रविधिमा तीन बर्षे डिप्लोमा पर्दछन् । Bharabi Polytechnique Institute को Food Technical Assistant कार्यक्रम बाहेक का डिप्लोमा कार्यक्रम अझै सञ्चालनमा रहेका छन् ।

खाद्य प्रविधि केन्द्रीय विभागको स्थापना र एम्. टेक्. (फुड) कार्यक्रम सञ्चालनको अनुभव

एम्. टेक्. (फुड) कार्यक्रम हामी खाद्य प्रविधिका शिक्षकहरूको आन्दोलनको प्रतिफल हो । २०३० सालमा धरानमा व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानको स्थापना भै खाद्य प्रविधिको पढाई हुँदा त्यसको गुरुयोजना र परिकल्पना अनुसार यो संस्था विभिन्न व्यावहारिक विज्ञान र प्रविधिका विषयहरूको उच्च अध्ययन र अनुसन्धानको केन्द्र बन्नु पर्ने थियो । दुर्भाग्यवस २०३५ सालमा यो अध्ययन संस्थान काठमाडौँ सरेर गयो र रिकाष्ट (Research Centre for Applied Science and Technology) मा परिणत भयो । त्यसैले हामीले धेरै अगाडिदेखि नै अध्ययन संस्थानको माग त्रि. वि. समक्ष राखेका थियौं । बी. टेक. सुरु भएको पनि २१ वर्ष पुगेको थियो ।

२०५७ सालमा हामीले आन्दोलन गर्ने निश्चय गर्यौं र मेरो नेतृत्वमा हामी खाद्य प्रविधिका शिक्षकहरू काठमाडौं गयौं र डिन कार्यालयमा धर्ना दियौं । पुषको जाडोमा कति दिन हो बिर्सें तर निकै दिन धर्ना बस्ने र माग राख्ने, डिनसँग संवाद गर्ने क्रम चलिरह्यो । अन्तमा डिन प्रा. डा. कृष्ण मानन्धरको सुझाबमा उपकुलपति प्रा. डा. कमलकृष्ण जोशीले हामीलाई आफ्नो अफिस बोलाउनु भयो र हाम्रो कुरा सुन्नु भयो । उहाँले अध्ययन संस्थान स्थापना गर्न धेरै पूर्वाधार तयार गर्नु पर्ने हुँदा तत्काल सम्भव नदेखिएको बरु तत्काल खाद्य प्रविधिमा स्नातकोत्तर कार्यक्रम सुरु गर्नुहोस् भनेर सल्लाह दिनु भयो, सम्झाउनु भयो । जितिहाल्ने स्थिति नदेखेपछि हामीले पनि आन्दोलन जारी राख्न उचित ठानेनौं र एम. टेक. कार्यक्रम सुरु गर्नमा चित्त बुझायौं ।

फलस्वरूप २०५८ सालमा खाद्य प्रविधि केन्द्रिय विभागको स्थापना भै एम. टेक. (खाद्य प्रविधि) को पठन-पाठन सुरु भयो । केन्द्रीय विभाग त्रि. वि. शैक्षिक संरचनाको महत्वपूर्ण अङ्ग हो । यसबाट स्नातकोत्तर र विद्यावारिधि कार्यक्रमको सञ्चालन हुनेबाहेक यो विषय समितिको सचिवालय पनि हो । विषय समितिको प्रमुख काम कर्तव्य

हो, नयाँ पाठ्यक्रमको निर्माण गर्नु , पाठ्यक्रम तथा कोर्सको पुनर्मार्जन गर्नु , शैक्षिक कार्यक्रमको सुधारका लागि विश्वविद्यालयलाई सल्लाह दिनु र विदेशी विश्वविद्यालयबाट प्राप्त शैक्षिक उपाधिको समकक्षताको लागि राय दिनु । यो उपलब्धि खाद्य प्रविधि शिक्षाको इतिहासमा अर्को कोशे ढुङ्गा थियो । यी सबै उपलब्धिको श्रेय त्यस बेला क्याम्पसमा कार्यरत खाद्य प्रविधिका हामी वरिस्ठ शिक्षकहरूलाई जान्छ भने हामीहरूले यस उपलब्धिको निमित्त तत्कालीन डिन स्व. प्रा. डा. कृष्ण मानन्धर एवं उपकुलपतिहरू प्रा. डा. कमलकृष्ण जोशी र नवीन प्रकाश जंग शाह लाई धन्यबाद दिनु पर्ने हुन्छ ।

त्रि. वि.बाट स्वीकृति पाएपछि हामीले M Tech in Food Technology कोर्स एवं शैक्षिक उपाधिको पाठ्यक्रम तयार गर्यौं र विषयहरूको चयन गर्यौं साथै कोर्सहरू लेखी तयार पार्यौं । यस कोर्सको प्रमुख उद्देश्य विभिन्न महत्त्वपूर्ण खाद्यवस्तुको प्रविधिको गहिरो र विस्तृत ज्ञान दिनु, आधुनिक मसिनहरूको सञ्चालन बारे ज्ञान दिनु, खाद्य उद्योग व्यवस्थापन बारे विस्तृत ज्ञान दिनु, नेपाली मौलिक र परम्परागत खाद्यवस्तुहरूको अध्ययन गर्नु तथा खाद्य प्रविधि सम्बन्धि अनुसन्धान गर्नु रहेको थियो । म खाद्य प्रविधि केन्द्रीय विभागको प्रमुखमा नियुक्त भएको थिएँ । मेरा सामु धेरै चुनौतीहरू थिए । आफ्नो अफिस थिएन, कर्मचारी थिएनन्, पढाउने शिक्षक थिएनन्, कक्षा कोठा र प्रयोगशाला थिएन । सबैभन्दा महत्वपूर्ण कुरा त विभाग चलाउने खर्च थिएन । केन्द्रीय विभाग र म मात्र थिएँ । यस अवस्थालाई बिस्तारै मिलाउदै लगेँ ।

अफिसका लागि क्याम्पसको प्रयोगशाला भवनको पूर्व-दक्षिण कुनामा स्टोर रुमको रूपमा प्रयोग भएको दुई साना कोठालाई खाली गराएर त्यहीँ अफिस बनाएँ । अझसम्म पनि खाद्य प्रविधि केन्द्रीय विभागको कार्यालय कक्ष त्यहीँ छ । यो देख्दा दःुख लाग्छ । सहायक डिन तथा क्याम्पस प्रमुख जगतबहादुर केसीज्युले एक जना सहायक प्रशासक पदको कर्मचारी दिनु भयो । क्याम्पसबाट मिलाएको प्रयोगशालालाई कक्षाकोठाको रूपमा समेत प्रयोग गरियो । क्याम्पसका शिक्षकहरूलाई अतिरिक्त पारिश्रमिक दिने गरी कोर्स र कक्षा लिने व्यवस्था मिलाएँ । म स्वयम् Meat technology, Nepalese indigenous meat, fish products/packaging technology विषयहरू पढाउथे ।

विषय शिक्षक नभएका विषयहरू पढाउने शिक्षक खोज्न कोलकाता गएँ र त्यहाँबाट जाधवपुर विश्वविद्यालयका प्राध्यापकहरूलाई करारमा धरान बोलाएँ । पहिलो दुई ब्याच विद्यार्थीहरूलाई त केही विषय पढ्नका लागि कोलकाता जाधवपुर विश्वविद्यालय पठाउने व्यवस्था केन्द्रीय विभागले गऱ्यो । त्यस्तै व्यवस्था काठमाडौँ पठाउन पनि भयो । एक जना शिक्षक जाधवपुर विश्वविद्यालय पढेका प्रशान्त

विश्वासलाई कोलकत्ताबाट ल्याएर केही वर्ष धरानमा नै राख्ने र अध्यापनमा संलग्न गराउने प्रबन्ध मिलाइयो ।

कोर्स चयन गर्ने क्रममा भएको एउटा चाखलाग्दो तर महत्वपूर्ण प्रसङ्गबारे लेख्न चाहन्छु । हाम्रो विषय समितिले एम. टेक. मा एउटा विषयको रूपमा Nepalese indigenous food लाई राख्ने निर्णय गऱ्यो । यसले हाम्रो अर्थात् नेपालमा पढाई हुने स्नातकोत्तर खाद्य प्रविधिको मौलिकता दर्साउँथ्यो र यस विषयलाई महत्व दिनु पर्छ भन्नेमा हाम्रो जोड थियो । म विभागीय प्रमुख भएकोले प्रश्नपत्र तयारीको जिम्मेवारी थियो । डिन कार्यालय परीक्षा शाखामा प्रश्नपत्र टाईप गराउने क्रममा सो विषयका प्रश्नपत्रमा नेपाली खाद्यवस्तु र परिकारका नामहरू पढेर टाईपिङ्का महिला कर्मचारी जोडले हाँसेकी थिइन् । मलाई उनलाई विषयवस्तु बारे बुझाउन निकै समय लागेको थियो । मेरो भनाइको अर्थ यो हो कि उनीजस्तै तेतीबेला कति मानिसहरू सायद शैक्षिक क्षेत्रका मानिसहरू पनि यो विषयलाई उटपटांग र असुहाउँदिलो सोच्थे होलान् । आजका दिनमा यो विषयको विकासमा खाद्य प्रविधिका शोधार्थी विद्यार्थीदेखि अनुसन्धानकर्ता, राजनीतिकर्मी र स्थानीय निकायहरूले गहिरो चासो देखाएका छन् ।

त्रि. वि. ले बजेट दिएको थिएन । विद्यार्थीबाट शुल्क उठाएर कार्यक्रम चलाउनु पर्ने अवस्था थियो । विद्यार्थीबाट न्यून शुल्क लिएर कार्यक्रम चलाई राख्नु पर्यो तेही शुल्क रकमबाट थोर-थोरै तलब दिएर एक जना अफिस कर्मचारी र एक जना ल्याब कर्मचारी नियुक्त गरेको थिएँ । पछि त्रि. वि. ले केही दिग्दर्शनशाला (pilot plant) हरूको निर्माणको लागि भनेर रकम उपलब्ध गरिदिएको थियो । त्यो पैसाले मैले Meat pilot plant, dairy pilot plant / food engineering pilot plant को निर्माण गराएँ । मैले यी Pilot plant हरूको डिजाइन गरेको थिएँ ।

धेरै दुःखका साथ एम. टेक. सुरु गरिएको थियो तर एम. टेक. को सुरुवात सँगै खाद्य प्रविधि शिक्षाले ठुलो फड्को मारेको थियो । अब खाद्य प्रविधिमा स्नातकोत्तर र विद्यावारिधिको अध्ययन गर्न विदेश जानु पर्ने बाध्यता हट्यो । सबैलाई चाहेर पनि विदेश गएर पढ्ने मौका नहुन पनि सक्थ्यो । यसको सर्वप्रथम फाइदा क्याम्पसका शिक्षक-शिक्षिकाहरूलाई भयो । अहिले क्याम्पस र केन्द्रीय विभागमा कार्यरत सबै शिक्षकशिक्षिकाले (प्रा. पशुपति मिश्रबाहेक) यहीँ खाद्य प्रविधि केन्द्रीय विभागमा एम. टेक. पढ्नु भएको हो । यसै गरी दुई जना शिक्षक (हाल सेवा निवृत्त) हरूले केन्द्रीय विभागबाट Ph. D गर्नु भएको र हाल दुई जना शिक्षकहरू विभाग अन्तर्गत नै Ph. D अध्ययनरत हुनुहुन्छ । यसरी क्याम्पसमा शिक्षक बन्न तथा प्राज्ञिक उन्नयनका निम्ति एम. टेक. (फुड) ले महत्वपूर्ण

भूमिका खेलेको छ । एम. टेक. गर्नाले शिक्षक हुने योग्यता पुग्दछ भने Ph.D. वृत्ति विकास(बढुवा) को लागि सहयोगी हुने हुन्छ ।

आज यो लेख तयार गरिरहँदा म खाद्य प्रविधि केन्द्रीय विभागको स्थापना, एम. टेक. को पाठ्यक्रम निर्माण, कोर्स लेखनका साथै न्यून पारिश्रमिकमा कक्षा लिई दिनुहुने खाद्य प्रविधि शिक्षाको विकासमा कटिबद्ध केन्द्रीय प्रविधि क्याम्पसका मेरा पुराना शिक्षक मित्रहरू विशेष गरी प्रा. डा. सुरेन्द्र बहादुर कटवाल, प्रा. डा. गङ्गा खरेल, प्रा. डा. धन बहादुर कार्की प्रा. पशुपति मिश्रलाई सप्रेम सम्झन चाहन्छु तथा उहाँहरूलाई हृदयबाट नै धन्यवाद दिन चाहन्छु ।

मैले २०६३ सालसम्म खाद्य प्रविधि केन्द्रीय विभागको प्रमुख भएर काम गरेँ । २०५८ सालमा सुरु भएको एम. टेक. कार्यक्रमले आज २० वर्षमा प्रवेश गरेको भए पनि केन्द्रीय विभागका लागि भौतिक सुविधा (ल्याब, उपकरण) को सन्तोषजनक व्यवस्था हुन नसकिरहेको देखेर दुःख लाग्छ । पर्याप्त शैक्षिक सामग्री तथा आधुनिक, विशिष्टीकृत प्रशोधन एवं विश्लेषणका उपकरणको सुविधा हुन सकेमा एम. टेक. तह सुहाउदो विशिष्ट ज्ञान र उच्च गुणस्तरको अनुसन्धान सम्भव हुन्छ । यो सुविधा विद्यावारिधिको अनुसन्धान गर्ने विद्यार्थीहरूले पनि उपयोग गर्न पाउँछन् ।

२०७२ सालदेखि एम. टेक. सेमेस्टर प्रणालीबाट सञ्चालनमा आएको छ, जुन स्वागतयोग्य छ । म यसको पाठ्यक्रम निर्माण र कोर्स लेखनको कार्यमा सहभागी भएको छु । मैले Meat Technology को सिलेबस तयार पारेको हुँ । सेमेष्टर प्रणालीको पाठ्यक्रम निर्माणमा तदारुकता देखाउनु हुने तत्कालीन विभागीय प्रमुख गीता भट्टराईप्रति म साधुवाद प्रकट गर्दछु ।

मलाई एम. टेक. को माया लाग्छ । त्यो आफ्नो सन्तानजस्तो लाग्छ । त्यसैले हालका केन्द्रीय विभाग प्रमुख प्रा. वसन्तकुमार राईले अनुरोध गर्दा सम्भव भएसम्म म धरान गएर एम. टेक.का विद्यार्थीहरूलाई Meat technology को कोर्स पढाउँछु । जानेका दुई - चार कुरा सिकाउँन पाउँदा खुसी लाग्छ । विद्यार्थीहरू र केन्द्रीय विभागका शिक्षकशिक्षिहरूसित प्रयोगात्मक कोर्समा आधारित भ्रमणमा जाँदा रमाइलो लाग्छ ।

क्याम्पस र केन्द्रीय विभागबाहिर रहँदाका समयका एम. टेक. सित सम्बन्धित एक-दुईटा प्रसङ्ग लेख्न चाहन्छु । म २०६३ सालमा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) को सचिव पदमा नियुक्त भएँ । यो अचानक भएको घटना थियो । एक दिन अचानक त्यस प्रतिष्ठानका नव नियुक्त उपकुलपति प्रा. डा. होमनाथ भट्टराईबाट मलाई प्रतिष्ठानको सचिवमा प्रधानमन्त्री तथा कुलपति (स्व गिरिजाप्रसाद कोइराला) बाट नियुक्ति भएको खबर

आयो । नियुक्ति अस्विकार गर्नु उचित लागेन र २०६३ देखि २०६७ सम्म म त्यस प्रतिष्ठानको सचिव पदमा रहेर काम गरेँ । त्यहाँ मलाई थाहा भयो कि प्रतिष्ठानले त्रि. वि. का विज्ञान तथा प्रविधि विषयका हरेक केन्द्रीय विभागमा अध्ययन गर्ने दुई उत्तम विद्यार्थीलाई थेसिस कार्य गर्न नगद अनुदान दिने गरेको रहेछ । म कहाँ जब फाइल आयो मैले सम्बन्धित कर्मचारीलाई अबदेखि धरान खाद्य प्रविधि केन्द्रीय विभागमा पनि अनुदान पठाउन भनेँ । त्यस वर्षदेखि एम. टेक. (फुड) का विद्यार्थीहरूले पनि नास्टबाट अनुसन्धान अनुदान पाउँन थाले ।

अर्को प्रसङ्ग म चीन जाँदाको हो । म सन् २००८ मा Belt and Road University Alliance for Food Science and Education को सम्मेलनमा सहभागी हुन चीनको उसासि (Wuxi) गएको थिएँ । JIangnan University ले यसको आयोजना गरेको थियो र म उसैको निमन्त्रणामा गएको थिएँ । यो अहिले खाद्य प्रविधिको विश्व कै उत्कृष्ट विश्वविद्यालय भएको छ । यस विश्वविद्यालयमा धेरै नेपाली विद्यार्थीले पढेका छन् । त्यहाँ मेरो भेट Queensland University, अस्ट्रेलियाका प्राध्यापक डा. भेष भण्डारीसित भयो । हामी असल मित्र पनि हौँ । हामीबिच JIangnan University सित नेपालको खाद्य प्रविधि शिक्षालाई कसरी जोड्न सकिन्छ भन्ने बारे कुराकानी भयो र हाम्रो सल्लाह बमोजिम भेष सरले त्यहाँको प्रोफेसरसित एम. टेक. का एक जना उत्तम विद्यार्थीलाई त्यस वि. वि. मा अनुसन्धान कार्य (dissertation) गर्ने अवसर र सुविधा मिलाई दिने बारे कुरा गर्नु भयो । त्यसैअनुसार एक जना विद्यार्थीले अवसर पाई सक्नु भएको छ । मलाई आशा छ JIangnan University ले यो अवसर भविष्यमा पनि उपलब्ध गराउने छ ।

सहायक डीन तथा क्याम्पस प्रमुख हुँदाको अनुभव

म २०५९ सालमा केन्द्रीय प्रविधि क्याम्पसको सहायक डिन तथा क्याम्पस प्रमुख भए । यथार्थमा मैले केन्द्रीय प्रविधि क्याम्पसको सहायक डिन तथा क्याम्पस प्रमुखका साथसाथै खाद्य प्रविधि केन्द्रिय विभाग प्रमुख भएर काम गरेँ ।

विज्ञान अध्ययन संस्थान अन्तर्गतको एउटा विज्ञान क्याम्पसको हैसियत भएको यो क्याम्पस २०४५ सालमा केन्द्रीय प्रविधि क्याम्पसमा रूपान्तरण भएको हो । केन्द्रीय प्रविधि क्याम्पस भएपछि यसको प्रमुखको रूपमा सहायक डिन रहने व्यवस्था भयो । स्मरण रहोस्, खाद्य प्रविधि नै त्रिभुवन विश्वविद्यालयको एक मात्र प्रविधि कार्यक्रम हो र यही खाद्य प्रविधि कार्यक्रमको कारण यस क्याम्पसको नाम केन्द्रीय प्रविधि क्याम्पस रहेको हो ।

२०५५ सालमा क्याम्पसले विकेन्द्रीकरण प्रणाली अपनाएको थियो । विकेन्द्रीकरणमा जानु सँगै क्याम्पसको आर्थिक कठिनाई सुरु भएको थियो । त्रि. वि. ले न्यून बजेट रकम दिन थाल्यो । मलाई क्याम्पस चलाउन समस्या भयो । म सहायक डिन हुँदा बी. टेक. (फुड), आइ. एस्सी. र बी. एस्सी. (Microbiology) कार्यक्रमहरू सञ्चालनमा थिए । मैले पदबाट राजिनामा दिएको थिएँ तर उपकुलपति प्रा. डा. गोविन्द शर्माले स्वीकृत गर्नु भएन । पछि थोरै राहत रकम पठाई दिनु भयो । त्यही बेला हो खर्च धान्न बी. टेक. को भर्ना कोटामा फेर-बदल गरिएको । यसअनुसार पहिलाको २० नियमित सिटमा फेर-बदल गरी १६ जना नियमित तर्फ, ४ जना रु १ लाखमा दरले डोनेसन र ४ जना रु ३ लाखका दरले सार्क कोटा निर्धारण गरी लागु गरियो । क्याम्पस त्यस्तो असहज आर्थिक स्थितिबाट गुज्रन परे पनि शिक्षक, कर्मचारी, विद्यार्थी सबैको सहयोगको कारण पढाई राम्रोसँग भयो, एकदिन पनि हड्ताल भएन र परीक्षाको रिसल्टहरू पनि राम्रो आयो । यसका लागि म सबैलाई धन्यवाद दिन चाहन्छु ।

क्याम्पस व्यवस्थापन समिति अध्यक्षको अनुभव र क्याम्पसको भावी मार्गचित्र बारे केही विचार

२०६९ सालमा क्याम्पसलाई स्वायत्तता प्रदान गरियो । विश्वविद्यालयले उपलब्ध गर्ने सामान्य, नियमित बजेट रकमबाट विश्वविद्यालय तहको प्राविधिक शिक्षा स्तरीय हुन नसक्ने, क्याम्पसको शैक्षिक कार्यक्रमहरूको स्तरोन्नति हुनु पर्छ भन्ने मान्यता र भावनाको साथ मैले क्याम्पस प्रशासनको स्वायत्ततामा जाने प्रस्तावलाई पूर्ण समर्थन गरेँ । आशा गरेअनुरूप क्याम्पसले धेरै भौतिक विकासका काम गरेको छ साथै शिक्षाको गुणस्तर वृद्धि गर्ने तर्फ पहल कदमी गरिरहेको छ ।

केन्द्रीय प्रविधि क्याम्पस स्वायत्त क्याम्पस भएकोले यसको सञ्चालन क्याम्पस व्यवस्थापन समितिबाट हुन्छ । म २०७३ सालमा केही महिना त्यस समितिको अध्यक्ष थिएँ र केही बैठकहरूको अध्यक्षता गर्ने मौका पाएको थिएँ । त्यसताका मैले दातृ संस्थाबाट प्राप्त हुने गरेको सहयोग रकमबाट आधुनिक, विशिष्टीकृत विश्लेषण-उपकरणहरूको खरिद गर्न क्याम्पस प्रमुख लगायत कार्य समितिलाई आग्रह गरेको थिएँ । त्यसो भएमा क्याम्पसको पठन-पाठनको स्तर वृद्धि हुने, गुणस्तरीय अनुसन्धान कार्य गर्न सकिने, यसले गर्दा क्याम्पसको नाम र ख्याती विश्वमा स्थापित हुन सक्ने भन्ने मेरो मान्यता र आशा थियो । मलाई थाहा छैन क्याम्पसले यस बारे कति मनन गऱ्यो वा गरेन ।

सेवा निवृत्त भएको कारणले मैले क्याम्पसलाई धेरै नेतृत्व दिन सकिन यद्यपि पुनः नियुक्तिको लागि नियमको बाधा थिएन । अध्यक्षमा मेरो निरन्तरता भएको भए

खाद्य विज्ञान तथा प्रविधिसित समीप केहि व्यावहारिक बिज्ञान (applied science) र प्रविधिका विषय जस्तै Sugar technology, dairy technology, brewery technology का डिग्री प्रोग्रामहरू सञ्चालन गर्दै निकट भविष्यमा नै यसलाई व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थान बनाउने गरी क्याम्पसको मार्गचित्र तयार गर्ने इच्छा थियो । फलस्वरूप २०३० सालमा व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थान स्थापना हुँदाको योजना र परिकल्पना पूरा हुने थियो र यसले देशमा विशिष्ट प्राज्ञिक स्थान र पहिचान हासिल गर्न सक्ने थियो । यो विचार मैले विगतमा पनि वरिष्ठ शिक्षक मित्रहरूसित सेयर गरेको थिएँ । क्याम्पस व्यवस्थापनलाई अझै पनि यसतर्फ सोच्न मेरो सल्लाह छ । वास्तवमा बी. एस्सी. Nutrition and Dietetics कार्यक्रमले यही योजनालाई सबलीकृत गरेको हो । २०६१ सालमा त्रि. वि. ले सोध्दा मैले म यो कार्यक्रम चलाउँन इच्छुक छु , तयार छु भनें । सहायक डिन र खाद्य प्रविधि विषय समिति अध्यक्षसमेत भएको हुँदा मलाई पाठ्यक्रम तयार गर्न र प्रशासनिक काम गर्न सजिलो थियो । कोर्स लेख्ने काम भई रहेको बेला म चार वर्षका लागि नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको सचिव भएर जानु पर्यो । मपछि यसको जिम्मेवारी डा. गङ्गा खरेलले लिनु भयो । समय लागे पनि २०६७ सालमा बी. एस्सी. Nutrition and Dietetics कार्यक्रम सुरु भयो । मलाई क्याम्पसको यो उपलब्धिमा खुसी लागेको छ ।

अन्त्यमा

अहिले एउटा अङ्गिक क्याम्पस र दशवटा सम्बन्धन प्राप्त गरी जम्मा एघारवटा खाद्य प्रविधिको क्याम्पस छन् । यी सबै क्याम्पसमा हुने खाद्य प्रविधिको शैक्षिक कार्यक्रमलाई हेर्ने गरी खाद्य प्रविधि विषयका एक जना वरिष्ठ तहको पदाधिकारी जस्तै :- पहिलाको जस्तो सहायक डिन र कार्यालयको व्यवस्था हुन आवश्यक छ । यसो भएमा खाद्य प्रविधिको शैक्षिक कार्यक्रमलाई सुगठित र बढी प्रभावकारी ढङ्गले सञ्चालन गरेर लान सकिन्छ । केन्द्रीय प्रविधि क्याम्पसका प्रमुखलाई क्याम्पसकै शैक्षिक कार्यक्रमहरूको भार ठुलो छ । अझ सारा खाद्य प्रविधिको भारी उनीमाथि लाद्न उचित हुन्न । यो विषयमा त्रि. वि. ले कदम चाल्न ढिलो भैसकेको छ ।

म त्रि. वि. बाट सेवा निवृत्त भए पनि र केन्द्रीय प्रविधि क्याम्पसको सेवामा नरहे पनि खाद्य प्रविधि शिक्षासित मेरो सम्बन्ध टुटेको छैन । म अझै पनि काठमाडौँमा खाद्य प्रविधिको अध्यापन, अनुसन्धान तथा परीक्षाका काममा संलग्न छु । विद्यार्थीहरूलाई

पढाउन, अनुसन्धानमा मार्ग निर्देश गर्न मलाई मन पर्छ । मेरो जीवनकाल यसै क्षेत्रमा व्यतित भैरहेको छ ।

*

(प्रा.डा. दिलिप सुब्बा केन्द्रीय प्रविधि क्याम्पस धरानका पूर्व सहायक डीन तथा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानका पूर्व सदस्य सचिव हुनुहुन्छ)

केन्द्रीय प्रविधि क्याम्पस हात्तीसारको ऐतिहासिक पृष्ठभूमि : एक सिंहावलोकन

सहप्रशासक गोविन्दमान श्रेष्ठ (भूमिकस)

नेपाल अधिराज्यमा वि.सं. २०३० सालमा नयाँ शिक्षा योजना पद्धति लागू भएपश्चात् त्रिभुवन विश्वविद्यालयअन्तर्गत सबै निजी र सामुदायिक कलेजहरूलाई एकै छतामुनि ल्याई दशवटा अध्ययन संस्थानअन्तर्गत विभाजन गरियो । यसरी स्थापित दश अध्ययन संस्थानमध्ये एक थियो व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थान । यसको डीन कार्यालय र केन्द्रीय क्याम्पस धरानको जनपथस्थित श्री गजेन्द्रप्रसाद आचार्य र श्री यज्ञप्रसाद आचार्यका दुईवटा भवनमा वि.सं. २०३० साल श्रावण १ गतेदेखि सञ्चालन सुरु भयो । Institute of Applied Science and Technology का प्रथम डीन प्रा.डा. परासरनारायण सुवाल हुनुहुन्थ्यो र सहायक डीनमा प्रा.डा. सुरेशराज शर्मा हुनुहन्थ्यो । डीन प्रा.डा. परासरनारायण सुवाल त्रिभुवन विश्वविद्यालयको प्रथम रजिष्ट्रार पनि हुनुहुन्थ्यो, जसको नेतृत्वमा कीर्तिपुरको जग्गा छनौट गरी त्रिभुवन विश्वविद्यालयको केन्द्रीय कार्यालय र विभिन्न क्याम्पस सञ्चालन गर्न अधिग्रहण गरी त्रि.वि. अन्तर्गत ल्याउने काममा सफलता मिलेको थियो । डा. सुवालले औद्योगिक रसायनशास्त्र (Industrial chemistry) मा भारतबाट विद्यावारिधि उपाधि लिनुभएको थियो ।

यसै गरी सहायक डीन प्रा.डा. सुरेशराज शर्मा Orgaic Chemistry मा स्नातकोत्तर गरी वेलायतबाट सोही विषयमा विद्यावारिधिको उपाधि लिनुभएको हो । उहाँले व्यावाहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थान त्रि.वि.को व्यवाहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्र Research Centre for Applied Science and Technology (RICAT) मा रूपान्तरण भएपछि त्रि.वि. सेवा छाडेर काठमाण्डौं विश्वविद्यालय धुलिखेलको स्थापना गरी त्यसको संस्थापक उपकुलपति भई धेरै वर्षसम्म सञ्चालन गर्नुभयो । उहाँकै भगीरथ प्रयासस्वरूप काठमाण्डौं विश्वविद्यालय संसारमा नेपालको गर्बिलो स्थान राख्न सफल भयो । के.यु.को व्यवस्थापन सङ्काय तथा प्राविधिक सङ्कायहरूमा दीक्षित विद्यार्थीहरूको युरोप, अमेरिका, अष्ट्रेलिया जस्तो विकसित मुलुकमा पनि माग भइरहेको छ ।

व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानको मूल उद्देश्य देशमा रहेका चिया कारखाना, अन्य पेय पदार्थका उद्योगहरू तथा अल्कोहल र वियर उद्योगहरू जस्ता विभिन्न खाद्य उद्योगहरूका लागि मध्यम स्तरको प्राविधिक जनशक्ति उत्पादन गर्नु थियो । यस लक्ष्यको प्राप्तिका लागि प्रमाणपत्र तहको खाद्य प्रविधि पाठ्यक्रम सञ्चालन २०३०

भाद्रदेखि सुरु भयो । यसको पाठ्यक्रम सेमेष्टरमा आधारित चार सेमेष्टरको थियो । प्रत्येक सेमेष्टर छ महिनाको राखिएकोमा परीक्षामा आन्तरिक मूल्याङ्कन प्रणाली र हरेक सेमेष्टर परीक्षाको अन्तिम Comprehensive परीक्षाको व्यवस्था थियो ।

खाद्य प्रविधिको पाठ्यक्रम जस्ता व्यावहारिक विज्ञान तथा प्राविधिक अध्ययन संस्थानअन्तर्गत प्रयोगशाला प्रविधि Laboratory Technology को चार सेमेष्टरको पाठ्यक्रमसँगै सञ्चालनमा ल्याइएको प्रयोगशाला प्रविधि अध्यापनको मुख्य लक्ष्य विभिन्न उद्योग स्थापनामा गरिने प्रयोगशालामा विश्लेषणको काम गर्ने, अस्पतालमा रगत विश्लेषण गर्ने र फोटोग्राफीका स्टुडियोमा फोटो डेभलप गर्ने मध्यमस्तरीय प्राविधिक जनशक्तिको उत्पादन गर्नु थियो ।

उक्त अध्ययन संस्थानको विस्तार कार्यक्रमअन्तर्गत जुट टेक्नोलोजी, सिमेन्ट टेक्नोलोजी, टर्पेन्टाइन इन्डस्ट्री, फाउन्ड्री आदि प्राविधिक विषयमा पनि मध्यमस्तरीय जनशक्ति उत्पादन गर्न बृहत् कार्यक्रमको रूपरेखा तयार गरिएको थियो ।

खाद्य प्रविधि तथा प्रयोगशाला प्रविधिको प्रवीणता प्रमाणपत्र तहको अध्यापनबाहेक यस अध्ययन संस्थानका अन्य उद्देश्य थिए -

1. Instrumentation
2. Documentation
3. Training tyf
4. Research and Development

सर्वप्रथम काठमाण्डौबाट ०३० अषाढमा धरान आएका डीन प्रा.डा. सुवालले पिण्डेश्वर विद्यापीठको खाली जमिनमा उक्त संस्था खोल्ने प्रयास गर्नुभएको थियो तर त्यो सम्भव नभएपछि वि.सं. २०३२ सालमा विजयपुर हात्तीसारको करिव बीस बिगाह जग्गा छनौट गरी अधिग्रहणको प्रक्रिया अघि बढाइएको थियो । उक्त जग्गा अधिग्रहणमा कोशी अञ्चलाधीशको कार्यालयको अगुवाइमा जग्गा, घर, फलफुलको बोट आदिको मुहाबजा निर्धारण गर्न स्थानीय वडा नं. १४ का तत्कालीन वडाध्यक्ष स्व. पदमनरसिंह श्रेष्ठ, स्थानीय समाजसेवी श्री कृष्णबहादुर श्रेष्ठ, तत्कालीन जिल्ला पञ्चायत सुनसरीका सुब्बा श्री गुरूप्रसाद श्रेष्ठको सक्रिय सहयोग प्राप्त भएको थियो ।

वि.सं. २०३० अषाढ ७ मा सर्वप्रथम विभिन्न विषयका सहायक तथा उपप्रा. नियुक्त गरी ०३० श्रावणदेखि भर्ना पक्रिया सुरु गर्ने गरी कार्य थालनी गरियो ।

स्थापनाकालमा नियुक्त भएका शिक्षक, कर्मचारीहरूको सूची तथा डीन कार्यालय र केन्द्रीय क्याम्पसको फ्याकल्टी सदस्यहरू निम्नलिखित रहेका थिए ।

१. प्रा.डा. परासरनारायण सुवाल - डीन
२. प्रा.डा. सुरेशराज शर्मा - सहायक डीन
३. प्रा.डा. पुरणप्रसाद श्रेष्ठ - रसायन शास्त्र-उपप्रा. तथा क्याम्पस प्रमुख
४. प्रा.डा. भद्रमान तुलाधर - गणित
५. सहप्रा. अनुपमराज तुलाधर - केमिकल टेक्नोलोजी
६. प्रा. बद्रीमान श्रेष्ठ - प्राणीशास्त्र
७. प्रा.डा. जगतबहादुर के.सी. - रसायनशास्त्र
८. प्रा.डा. ललितबहादुर बस्नेत - भौतिकशास्त्र
९. सहप्रा. जगन्नाथ श्रेष्ठ - नेपाल परिचय
१०. प्रा.डा. खेम कोइराला बन्धु - नेपाली
११. सहप्रा. गोविन्दमान श्रेष्ठ - अङ्ग्रेजी

प्रशासन, लेखा तथा पुस्तकालयतर्फ

१. स्व. शङ्करलाल श्रेष्ठ - सहायक प्रशासक
२. श्री शङ्करमान श्रेष्ठ - आन्तरिक लेखापरीक्षक
३. श्री बालकृष्ण कार्की - पुस्तकालय प्रमुख
४. श्री खगेन्द्र खड्का - स्टोरकिप्पर
५. श्री पुष्पराज शाक्य - सहायक स्टोरकिप्पर
६. श्री पासाङ्ग तामाङ्ग - ल्याव व्याई
७. सुश्री सीता शर्मा - टा. कम क्लर्क
८. सुश्री जमुना त्रिखत्री - टा. कम क्लर्क
९. सुश्री रेनुका राई - टा. कम क्लर्क
१०. श्री पहलमान राई - हेड चौकीदार
११. श्री रुद्रबहादुर भण्डारी (क्षेत्री) - चौकीदार

खाद्य प्रविधि तथा प्रयोगशाला प्रविधिमा अध्ययन गर्ने विद्यार्थीका लागि प्रतिमहिना रु. १०० छात्रवृत्ति प्रदान गरिएकाले उक्त विषय अध्ययन गर्न झापा, इलाम, ताप्लेजुङ, पाँचथर, तेह्रथुम, सङ्खुवासभा, उदयपुर, भोजपुर, खोटाङ्ग आदि पूर्वाञ्चल जिल्लाबाट गरिब तर प्रतिभाशाली विद्यार्थीहरू ओइरिए र प्रवेश परीक्षा उत्तीर्ण गरी अध्ययनमा सामेल भए । तर यो कार्यक्रम नीतिगत रूपमै Self Termination भएको हुनाले तहगत परीक्षा उत्तीर्ण भएपछि आफ्नो आफ्नो सम्बन्धित उद्योग, कलकारखाना तथा अनुसन्धान केन्द्रमा जानै पर्ने बाध्यता थियो । यसपछि वि.सं. २०३३ मा नयाँ शिक्षा

पद्धतिको Comprehensive परीक्षाको विरोधमा विद्यार्थी आन्दोलन सुरु भएपछि त्रि.वि.ले डीन कार्यालय कीर्तिपुरमा स्थानान्तरण गऱ्यो र त्यहींबाट केन्द्रीय क्याम्पस हात्तीसारमा काठका टहराहरू दश थान निर्माण गरी क्याम्पस तथा कार्यालय सञ्चालनमा आउन थाल्यो ।

२०३४ मा क्याम्पस परिसरमा अरनिको निर्माण सेवाबाट रु. ३६,००,०००।- को लागतमा निर्माण भएको ल्यावोरोटोरी भवन १, गेष्ट हाउस भवन १ र ६ वटा बी टाइप क्वाटर र १२ वटा सी टाइप क्वाटर प्रयोगमा आएपछि प्रयोगात्मक कक्षा र विभिन्न ल्याब सोही भवनमा सञ्चालन भयो तथा गेष्ट हाउस भवन कार्यालय प्रयोजनमा उपयोग भयो । उक्त भवनहरूको निर्माणमा प्रा.डा. भद्रमान तुलाधरले निरन्तर अनुगमन तथा मार्गदर्शन गरी छोटो समयमै निर्माण कार्य सम्पन्न गराउन सफल हुनु भयो ।

आन्दोलनका कारण खाद्य प्रविधि तथा प्रयोगशाला प्रविधिको तेस्रो ब्याच वि.सं. २०३३/०३४ लाई वार्षिक परीक्षामा परिवर्तन गरियो । यसरी २०३५ को विद्यार्थी आन्दोलनपश्चात् डीन कार्यालय विघटन गरी व्यवहारिक विज्ञान तथा प्राविधिक अनुसन्धान केन्द्रमा परिणत गरियो तथा केन्द्रीय क्याम्पस हात्तीसारलाई विज्ञान अध्ययन संस्थानअन्तर्गत धरान क्याम्पस नामकरण गरी प्रवीणता प्रमाणपत्र तह विज्ञान Profieciency Certificate Level दुईबर्से कार्यक्रम २०३६ सालदेखि सुरु गरियो । खाद्य प्रविधि तर्फ २०३७ देखि ४ वर्षीय स्नातक बी.टेक. खाद्य प्रविधिको पाठ्यक्रम प्रा.डा. भूपेन्द्रलाल लाहिडी, प्रा.डा. देवभक्त शाक्य, सहप्रा. आनन्दप्रकाश प्रधान, उपप्रा. भीष्मनन्द वैद्य तथा विद्या परिषद्का अन्य विज्ञ सदस्यहरूले CFTRI Mysore को मोडलमा तयार गरी खाद्य प्रविधि प्रमाणपत्र तह उत्तीर्ण गरेकाले अध्ययन गर्न पाउने गरी अध्यापन सुरु गरियो तर प्रयोगशाला प्रविधिको भर्ना स्नातक तह अध्ययन गर्ने व्यवस्था नगरिएकोले त्रि.वि.ले खाद्य तथा प्रयोगशाला प्रविधिमा प्रमाणपत्र तह उत्तीर्ण गरेकालाई व्यवस्थापन तथा मानविकी सङ्कायमा उच्च अध्ययन गर्न स्वीकृति दियो ।

वि.सं. २०३६ को जनमत सङ्ग्रहपछि नयाँ शिक्षा पद्धतिका प्रायजसो व्यवस्थाहरू परिमार्जित हुँदै वार्षिक परीक्षाका प्रणालीमा प्राविधिक विषयहरू सञ्चालन हुन थाले । वि.सं. २०३९ मा विज्ञान अध्ययन संस्थानलाई विज्ञान तथा प्रविधि अध्ययन संस्थानमा रूपान्तरित गरियो र धरान क्याम्पसबाट केन्द्रीय प्रविधि क्याम्पस नामकरण गरी डीन कार्यालयअन्तर्गत तीनवटा सहायक डीनको व्यवस्था गरी सहायक डीनबाट क्याम्पस प्रशासन व्यवस्था गरियो ।

यस क्याम्पसले दुईपटक तत्कालीन राजा वीरेन्द्रको सवारी चलाउने अवसर प्राप्त गरेको थियो । पहिलोपटक २०३६ सालमा क्याम्पस प्रमुख श्री पुरणप्रसाद श्रेष्ठका आतिथ्यमा र अर्कोपटक २०४२ सालमा सहायक डीन श्री जगत्बहादुर के.सी.का आतिथ्यमा दुबैपटक राजा वीरेन्द्रबाट क्याम्पसका विभिन्न प्रयोगशालाहरू अभिरुचिपूर्वक निरीक्षण गर्दै प्राविधिक शिक्षाको स्तरोन्नतिका लागि सहयोग गर्ने वचन दिइएको थियो ।

यस क्याम्पसमा खाद्य प्रविधिको पाठ्यक्रमलाई सो सँग सम्बन्धित उद्योगहरू र संस्थानहरूलाई लाभदायक हुने गरी परिमार्जन गर्न विभिन्न खाद्य उद्योग, डिस्टिलरी आदिका उद्योग प्रतिनिधि र खाद्य प्रविधिका शिक्षक, विद्यार्थीका बीच अन्तर्सम्बन्ध कायम गर्न तीनपटकसम्म खाद्य प्रविधिका राष्ट्रिय सेमिनारको आयोजना गरियो । प्रथमपटक २०४२ सालमा राजाको सवारी अगाडि, दोस्रोपटक २०४५ सालमा र तेस्रोपटक २०५० सालमा सहायक डीन प्रा. बद्रीनाथ श्रेष्ठका नेतृत्वमा क्याम्पसको एसेम्ब्ली हलमा दुई दिनसम्म सञ्चालन गरिएको थियो । उक्त सेमिनारहरूको Proceedings बाट त्यसका उपलब्धिहरूको जानकारी गर्न सकिन्छ ।

२०४६/२०४७ को परिवर्तनपछि क्याम्पसमा नेतृत्व परिवर्तन भयो तथा शिक्षण तथा प्रशासनमा खुकुलोपन आयो । क्याम्पसको शैक्षिक कार्यक्रम बी.एस्सी. माइक्रोवायोलोजीको माग हुन थालेपछि खाद्य प्रविधिका शिक्षक तथा विद्यार्थीहरूबाट विरोधका स्वरहरू आउन थाले । खाद्य प्रविधि जस्तै बी.एस्सी. माइक्रोवायोलोजी पूर्वाञ्चलमै नभएकाले तथा यो विषय रोजगारमूलक भएको हुँदा ल्याउन उपयुक्त हुने अन्य शिक्षक र कर्मचारीबाट समर्थन प्राप्त भयो । यसको विरोध गर्दै खाद्य प्रविधिका विद्यार्थीहरूबाट २०५२ मा सहायक डीन, सहायक क्याम्पस प्रमुख तथा कार्यालयका कर्मचारीहरूलाई तीन दिन तालाबन्दी गरियो । पछि इलाका प्रशासनका समन्वयमा तालाबन्दी खुला गरियो । यसअघि २०३५ सालमा विद्यार्थीको सुविधा बढाउने र शैक्षिक भ्रमण भत्ता बढाउने माग गरी क्याम्पस प्रमुख पुरनप्रसाद श्रेष्ठ तथा शिक्षकहरू र कार्यालयका कर्मचारीहरू समेतलाई पाँच दिनसम्म तालाबन्दी भएको थियो ।

वि.सं. २०५२ मा सहायक डीन सहप्राध्यापक तिलकमान श्रेष्ठका कार्यकालमा बी.एस्सी. माइक्रोवायोलोजी स्वीकृत भई पठन पाठन सुरु भयो । उक्त बी.एस्सी. माइक्रोवायोलोजीको ल्याबहरू स्थापना गर्न तथा कार्यक्रम सञ्चालन गर्न प्राध्यापक पुष्पमान श्रेष्ठको सराहनीय योगदान रहयो । यसै गरी २०५६ सालमा सहायक डीन जगत्बहादुर के.सी.को कार्यकालमा एम.टेक. खाद्य प्रविधि (दुईबर्से) कार्यक्रम सञ्चालन गर्न सहायक डीन प्रा. जगत बहादुर के.सी.का विशेष प्रयासमा २०५७ देखि सञ्चालनमा

आयो । उक्त कार्यक्रमका प्रथम विभागीय प्रमुख प्रा.डा. दिलीप सुब्बा हुनुहुन्थ्यो । पछि त्रि.वि.बाट खाद्य प्रविधि केन्द्रीय विभाग गठन भएपश्चात् सोको प्रमुख पनि प्रा.डा. दिलीप सुब्बा हुनुभयो ।

नेपाल सरकारको राष्ट्रिय योजना आयोगबाट बी.एस्सी. न्युट्रिशन सञ्चालन गर्न बजेट स्वीकृत भएपछि सो कार्यक्रम केन्द्रीय प्रविधि क्याम्पसमा ल्याउन तथा बी.एस्सी. न्युट्रिशन चारबर्से पाठ्यक्रम निर्माण गर्न तत्कालीन सहायक क्याम्पस प्रमुख सहप्रा. ऋषिराज गौतमले विशेष भूमिका खेली अन्ततः पाठ्यक्रम स्वीकृत भएपश्चात् २०७० सालदेखि सञ्चालन भयो । यसै गरी २०७० सालदेखि एम.एस्सी. माइक्रोबायोलोजी दुईबर्से पाठ्यक्रम पनि सुरु भएको छ । यसै गरी बी.एस्सी. भौतिकशास्त्र (भूगर्भ विज्ञान) को कार्यक्रम मिति २०७० मा स्वीकृत भई सञ्चालनमा आएको छ ।

यस प्रकार २०३० सालमा स्थापना भएको यो केन्द्रीय क्याम्पस सुरुमा धरान क्याम्पस हुँदै विभिन्न आरोहअवरोह पार गर्दै नेपालको प्रविधितर्फको मिनी विश्वविद्यालय बन्न सफल भएको छ । साथै प्रदेश नं. १ को प्रविधितर्फको उच्च शिक्षाको केन्द्र धरानलाई बनाउने धरानवासीको सदिच्छालाई यस क्याम्पसले निरन्तर प्रगति र उन्नति गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछौं ।

*

(गोविन्दमान श्रेष्ठ केन्द्रीय प्रविधि क्याम्पसका सेवा निवृत्त सहप्रशासक हुनुहुन्छ)

नेपालको विज्ञान तथा प्रविधिका विकासमा केन्द्रीय प्रविधि क्याम्पसको देन

प्रा.डा.मदन कोइराला

संस्थागत साइनाको निकटताको अनुपम उदाहरणस्वरूप २००५ को अक्टोबरमा अफ्रिकी राष्ट्र सेनेगलको राजधानी डकारमा विश्वव्यापी विकास सञ्जालको अन्तर्राष्ट्रिय गोष्ठीमा सहभागी हुने मौका पाएको थिएँ । संसारभरका ७५ देशका प्रतिनिधिको सहभागितामा संयुक्त राष्ट्र सङ्घीय नियोगलगायत विकास साझेदारहरूसँगको त्यस भेलामा सेनेगललगायत जम्मा पाँच जना राष्ट्रका प्रमुखहरूको सहभागिता रहेको थियो । राष्ट्रप्रमुखहरूले पाउने आकर्षणको केन्द्र त छँदै थियो, उल्लेखनीय भनेको पाँच जनामध्ये तीन जना संयुक्त राज्य अमेरिकास्थित सम्मानित हार्वर्ड विश्वविद्यालयका पूर्व विद्यार्थी थिए । तीनैजना राष्ट्र प्रमुखले आफुहरू राष्ट्रपति हुनुभन्दा गर्व हार्वर्ड जस्तो सम्मानित विश्वविद्यालयको पूर्व विद्यार्थी हुनुमा गरेकाले आफू प्रशिक्षित शिक्षण संस्थाप्रतिको अपनत्व सिक्ने मौका पाएको थिएँ ।

आफ्नो जन्मथलोमा स्थापित र सञ्चालित त्रिभुवन विश्वविद्यालय अन्तर्गतको केन्द्रीय प्रविधि क्याम्पसमा वि.सं. २०४० देखि २०५० सम्म करिब एक दशकका अवधिमा कार्यरत रहँदाको मेरो अनुभव पनि जन्मथलोमा अवस्थित संस्था र त्यहाँ काम गर्दाखेरिको अनुभव सोहीअनुसार गर्व गर्न लायक रह्यो ।

नेपालको औद्योगिकीकरणमा अहम् स्थान राख्ने पूर्वाञ्चललाई केन्द्र मानेर विज्ञान तथा प्रविधि क्षेत्रका सक्षम जनशक्ति उत्पादनमार्फत देश विकासमा योगदान पुऱ्याउने २०३० कै दशकको यस प्रयत्नलाई कोशेढुङ्गा नै मान्न सकिन्छ । व्यवहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थान नामाकरण गरी त्रिभुवन विश्वविद्यालयको संरचनाभित्र छुट्टै अध्ययन संस्थान गठन हुनु नेपालको विज्ञान तथा प्रविधि विकासमा एउटा उल्लेखनीय अध्याय हो । स्थापना कालदेखि पूर्ण स्वचालित सञ्चालनसम्म खट्नुहुने व्यक्तित्वहरू नेपालको विज्ञान तथा प्रविधि क्षेत्रका अग्रणी पुस्ताहरू हुनुहुन्छ, जसमध्ये स्व.परासरनारायण सुवाल, डा. सुरेशराज शर्मा, डा. भद्रमान तुलाधर, तिलकमान श्रेष्ठ, स्व. आनन्दप्रकाश सिंह प्रधान, डा. देवभक्त शाक्य, तोयनाथ प्रसाईं, राजकिशोर सहाय, डा. माधवप्रसाद पोखरेल, कृष्णप्रसाद न्यौपाने, रामकृष्ण प्रसाईं, पुरणप्रसाद श्रेष्ठ, जगतबहादुर के.सी. आदि छुटाउनै नहुने व्यक्तित्वहरू हुनुहुन्छ । त्यसका अलावा अन्य कतिपय प्राध्यापक, कर्मचारी एवम् विद्यार्थीहरूका पसिनाले यस क्याम्पसको जग

सिँचिएको छ । कतिपय कर्मचारी मित्रहरू त स्थापना कालमा प्रवेश गरेर यहीँबाट सेवानिवृत्त हुनुभएको छ ।

सुरुवाती वर्षहरूमा अमेरिकी, बेलायती तथा जापानी विशेषज्ञहरूको स्वयंसेवक सेवा पनि यस क्याम्पसले प्राप्त गरेको थियो । मित्रराष्ट्र भारतका विषयविज्ञका रूपमा स्थापना कालदेखि हालसम्म खाद्यप्रविधि, जीवविज्ञान, भौतिकशास्त्र, रसायनशास्त्र जस्ता विषयहरूमा सेवा दिइरहनुभएको छ । डा. आशिष मुखर्जी जस्ता सम्मानित र त्यागी सन्त मनीषीको सेवा यस क्याम्पसले दशकौँदेखि प्राप्त गरिरहेको छ ।

२०४० को दशकसम्म विज्ञान तथा प्रविधि क्षेत्रका प्रतिस्पर्धी विद्यार्थीहरूको छनोट यही क्याम्पस रहेको कुरा वर्तमान वा हालका दिनमा मुलुकभित्र र बाहिर प्राविधिक, प्रशासनिक तथा राजनैतिक नेतृत्वमा केन्द्रीय प्रविधि क्याम्पसमा अध्ययन गरेका विद्यार्थीको उल्लेखनीय सङ्ख्या रहनुले प्रमाणित गर्दछ ।

खास गरी खाद्यप्रविधि एवम् गुणस्तरमा नेपालभित्रका क्षेत्रलगायत विज्ञान प्रविधिका कतिपय विशिष्टीकृत क्षेत्रको नेतृत्व यही क्याम्पसले लिइआएको छ । नेपाल सरकारको सचिव, त्रिभुवन विश्वविद्यालयअन्तर्गत अध्ययन संस्थानको डीनमा यहीँकै विद्यार्थी पुग्न सक्नु क्याम्पसका लागि गर्वको कुरा हुन आउँछ । खास गरी खाद्यप्रविधिको पेशागत संस्थाका नेतृत्वमा यहीँको उपजको नेतृत्वमा करिब करिब दशकदेखि निरन्तरता कायम छ । त्रि.वि. भित्रका ६२ आङ्गिक क्याम्पसमध्ये प्राज्ञिक विशिष्टताका आधारमा लगातार दुई वर्ष सर्वोत्कृष्ट भई राष्ट्रप्रमुखबाट पुरस्कृत हुन पाउनुमा यहाँका विद्यार्थी, कर्मचारी, शिक्षक, प्राध्यापकलगायत सम्पूर्ण परिवारको साझा प्रयत्न सराहनीय छ ।

स्थापना कालदेखिका शिक्षक प्राध्यापकहरूको मेहनत, विद्यार्थीहरूको पठनपाठनप्रतिको लगाव, कक्षा कोठाका अलावा प्रयोगशाला, शैक्षिक भ्रमण अवलोकन, इन्प्लान्ट ट्रेनिङको बनिबनाउ संरचनाले एक प्रकारको खँदिलो जग बस्न गएकाले कार्यक्षेत्रमा यहाँका उपजको व्यवस्थापकीय नेतृत्व सबल देखिएको छ ।

केन्द्रीय प्रविधि क्याम्पसका उपज जनशक्तिले अमेरिकी विश्वविद्यालयहरूमा भौतिक शास्त्र, रसायन शास्त्र, खाद्यप्रविधि जस्ता विषयहरूमा आफ्नै पहिचान बनाउन सफल भएका छन् । दक्षिण कोरिया, क्यानाडा र अष्ट्रेलियाका विश्वविद्यालयहरूमा त्यो पहिचानवाला जनशक्ति देखिने रूपमा छन् । पछिल्लो समयमा बेलायत, स्वीटजरल्याण्ड तथा संयुक्त राष्ट्र सङ्घीय नियोगहरूमा आफ्नो प्रवेश र पहुँच बढाउँदै गरेको देखिन थालेको छ ।

भौगोलिक बनोट, प्राकृतिक सुन्दरतामा तुलनात्मक लाभ बोकेको धराननगरी पर्यटन, स्वच्छता, खेलकुद, धार्मिक सहिष्णुता, आपसी सद्भाव लगायतका विषयमा छुट्टै विशिष्टता बोकेको एवम् शिक्षित जनशक्ति, पूर्वीय दर्शन, संस्कृत, विज्ञान तथा प्रविधि, इन्जिनियरिङ, चिकित्सा विज्ञान विषयक उच्च शिक्षाका केन्द्रहरू भएको आफैँमा एउटा ज्ञानपुञ्ज शहर हो ।

नेपालको सन्दर्भमा प्रविधि केन्द्रित पहिलो उच्च शिक्षा केन्द्रमा हाल खाद्यप्रविधिमा स्नातक, स्नातकोत्तर हुँदै विद्यावारिधिसम्मको अध्ययन अनुसन्धानको अवसर लगायत विज्ञान तथा प्रविधिका विषयहरू भैतिकशास्त्र, रसायन शास्त्र, जीव विज्ञान, सूक्ष्म जीव विज्ञान, भूगर्भ शास्त्र, पोषण विज्ञान हुँदै समयको मागमुताबिकका सूचना प्रविधि पनि एउटै केन्द्र त्यो पनि आवासीय परिवेशमा पढ्न पाउनु भनेको त धरानवासीका लागि गर्वको कुरो हो नै, समाज, संस्कृतिनिर्माणका आधारभूत जगनिर्माण गर्ने यस प्रकारको जीवन्त र व्यवहारिक शिक्षा प्रदान गर्ने संस्थाले मुलुकको दिगोपना र अग्रगमनका लागि सकारात्मक र उल्लेखनीय योगदान दिन्छ ।

पारिस्थितिकीय प्रणालीको छुट्टै विशेषता बोकेको प्रदेश १, २ का लेखांकन रामसारमा सूचीकृत कोशी टप्पु राष्ट्रिय निकुञ्ज हुँदै चुरे, भावर, तराई मधेशका विशेषता,गुराँसको तीनजुरे मिल्के वन, जलजलेको घाँसे मैदान तथा चरीचरण क्षेत्र, चिया, अलैँची खेतीलगायत पर्वताराहोणसँग सम्बन्धित विषयहरू, पग्लिँदा हिमनदी र जलवायु परिवर्तनका असर, कोशी जलाधार, जलकपुर र सोँसलगायतका जलचर, जान्न बाँकी रहेका भूगर्भका विषय छन् । तीलगायत गुन्द्रुक, सिन्की, सिप्लीकान, किनिमा, कोदोको छयाङ, तीनपाने, ऐँसेलु, चुत्रो, काफलबाट बनाएको हिँवाको वाइन छन् । उपलव्ध घाँस, दाउराका प्रकार लागायत ज्ञानका खुल्न बाँकी रहेका आयामहरू छन्, तीलगायत उघार्न बाँकी ज्ञानका थप खजानाहरू छन्, केन्द्रीय प्रविधि क्याम्पसले आफ्नो दक्षता, क्षमता उचित ढङ्गले प्रयोग गर्नेछ, हार्दिक शुभकामना !

*

(**नोटः** वि.सं २०४० देखि २०४९ सम्म केन्द्रीय प्रविधि क्याम्पसमा कार्यरत प्रा. कोइराला विज्ञान तथा प्रविधि अध्यान संस्थानका पूर्व सहायक डीन हुनुहुन्छ)

केन्द्रीय प्रविधि क्याम्पसको विकासक्रम, योगदान र सुझाव

डा.गङ्गाप्रसाद खरेल
प्राध्यापक (खाद्य प्रविधि)

विषय प्रवेश

नेपालमा औपचारिक उच्चशिक्षाको सुरुआत त्रिचन्द्र कलेजबाट सन् १९१८ देखि भए तापनि व्यवस्थित रूपमा उच्चशिक्षाको प्रारम्भ सन् १९५९ मा त्रिभुवन विश्वविद्यालय (त्रि.वि.) स्थापना भएपछि भएको थियो । तत्पश्चात् साठीको दशकमा विभिन्न मानविकी र विज्ञान विषयमा स्नातक र स्नातकोत्तर विषयको अध्ययन अध्यापन सुरु भयो । यसै अवधिमा कीर्तिपुरमा रसायन, भौतिक, प्राणी र वनस्पतिशास्त्र विषयमा स्नातकोत्तरसम्मको पढाइ थालियो । देशमा प्राविधिक शिक्षाविना देश विकास गर्न सम्भव हुँदैन भन्ने यथार्थलाई हृदयङ्गम गरी सत्तरीको दशकदेखि चिकित्सा, इन्जिनियरिङ्ग, कृषि तथा वन विषयको अध्ययन संस्थानको स्थापना भयो । देशका अन्य स्थानमा पनि स्नातक र स्नातकोत्तरसम्मको अध्यापन हुन थाल्यो । सन् १९७१ मा जीवनपयोगी व्यावहारिक शिक्षालाई जोड दिने अभिप्रायले नेपालमा प्राथमिकदेखि उच्चशिक्षासम्म नयाँ शिक्षा योजना लागू भयो । ढिलै भए पनि शिक्षामा यसरी एकपछि अर्का आयामहरू थपिँदै गए ।

धरान क्याम्पसको स्थापना र विकासको पहिलो चरण

विज्ञान तथा प्रविधि विषयको उच्चशिक्षामा अध्ययन, अध्यापन, अनुसन्धान र तालिम गराएर मध्यम र उच्चस्तरको जनशक्ति तयार पार्दै लैजाने हेतुले सन् १९७२ सालमा धरानमा व्यावहारिक विज्ञान तथा प्रविधि संस्थानको स्थापना भयो । यस संस्थानको प्रमुखका रूपमा प्रा.डा.परासर नारायण सुवाललाई डीनमा नियुक्ति गरियो । अर्को वर्षदेखि धरान बजारमा निजी घर भाडामा लिएर खाद्य र प्रयोगशाला प्रविधिमा प्रमाण पत्र (प्रमाणपत्र तह) तहका आइ.टेक.फूड र आइ.टेक.ल्याब कार्यक्रम थालनी भयो । जनशक्ति, प्रयोगशाला, उपकरण, रसायन, पाठ्यक्रम, पाठ्यपुस्तक केही पनि नभएको शून्य अवस्थाबाट न्यूनतम आवश्यकता पूरा गरेर कार्यक्रम सञ्चालन गर्नु निकै चुनौतीपूर्ण थियो । तर सबैको इच्छाशक्तिले त्यो सम्भव भयो ।

त्यस कार्यमा प्रा.डा.सुरेशराज शर्मा, डा.देवभक्त शाक्य, प्रा.डा.भद्रमान तुलाधर, प्रा.जगत्बहादुर केसी र प्रा.डा.पुरनप्रसाद श्रेष्ठको अथकनीय प्रयास थियो । शैक्षिक कार्यक्रम प्रारम्भ र सुचारु गर्ने कार्यमा श्री आनन्दप्रकाश प्रधान, श्री जगन्नाथ श्रेष्ठ, श्री तिलकमान श्रेष्ठ, श्री भीष्मानन्द वैद्य, स्व.श्री बद्रीनाथ श्रेष्ठ, डा.रामकृष्ण प्रसाई, श्री

ललितबहादुर बस्नेत, श्रीमती मीरा मास्के, श्री वासुदेव मास्के, श्री सीपी शर्मा, प्रा.डा.प्रदीपराज प्रधान, स्व.श्री आर.के.शाह, श्री तोयानाथ प्रसाईं, स्व.श्री तीर्थानन्द वैद्य, श्रीमती बद्रीलक्ष्मी वैद्य आदि सर/म्याडमहरूको लगाव, कला र मेहनत सराहनीय थियो । यति सम्म कि पुस्तकको अभाव भएका विषयमा लिथो गरेर नोट बाँड्नुहुन्थ्यो । त्यति वेला नै प्रमाणपत्र तहका प्रयोगात्मक कक्षामा फ्लेम फोटोमिटर, टिएलसी, जीएलसी जस्ता आधुनिक उपकरण प्रयोग गर्नेदेखि एस्प्रिन बनाउने, जडीबुटीबाट औषधि निकालेर शुद्ध पार्ने जस्ता अभ्यास गरिन्थ्यो । यो कुरा आज विश्वास नलाग्न सक्छ परन्तु यो लेखक स्वयम् र उस वेलाका सर/म्याडमहरू साक्षी प्रमाणका रूपमा हुनुहुन्छ ।

सन् १९७३ मा धरानको वार्ड नं १४ हात्तीसारमा करीब २० बिगाहा जग्गा अधिकरण गरेर रेखाङ्कन गरियो र अर्को वर्षदेखि भौतिक संरचना निर्माण गर्न थालियो । स्थायी संरचना बनाउन समय लाग्ने भएकाले हात्तीसारको आफ्नै जग्गामा काठका टहराहरू बनाएर कार्यालय, कक्षा कोठा, प्रयोगशाला स्थापना गरियो । सन् १९७७ सम्ममा आफ्नै पक्की संरचनामा बनेपछि ती सबै काम नयाँ भवनबाट गर्न थालियो । त्यससँगै शिक्षक आवास पनि बनेको हुनाले बाहिरबाट आएका प्राध्यापकलाई धरानको बसाइ सहज भयो । त्यसताका क्याम्पसमा सञ्चालित खाद्य र प्रयोगशाला प्रविधिको प्रवीणता प्रमाणपत्र तहको शैक्षिक कार्यक्रममा विद्यार्थीको निकै आकर्षण थियो ।

सन् १९७७ को अन्त्यतिर भर्खरै अङ्कुरण हुन थालेको त्यस संस्थाले एउटा बज्रपात सहनुपऱ्यो । त्रि.वि. ले त्यसलाई फुटाएर अनुसन्धानलाई चाहिँ हालको व्यावहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्र (रिकाष्ट) कीर्तिपुरमा लग्यो । अब बाँकी प्रवीणता प्रमाणपत्र तहका दुईवटा कार्यक्रम धरान क्याम्पसका नाममा विज्ञान तथा प्रविधि सङ्कायअन्तर्गत रहे । तत्पश्चात् ती दुई कार्यक्रमलाई पनि खारिज गरेर त्यसको सट्टा साधारण विज्ञानतर्फ प्रमाणपत्र तह (आई एस्सी) सुरु गरियो । यसरी स्थापना हुँदाको उद्देश्य भताभुङ्ग भयो ।

क्याम्पस विकासको दोस्रो चरण

प्राध्यापक, कर्मचारी, स्थानीय अग्रज समाजसेवी समेतको सक्रियतामा प्रमाणपत्र तहतहको आई.टेक. फूडलाई स्तरोन्नति गरेर पुनः सञ्चालन गर्ने अथक प्रयासस्वरूप सन् १९७९ देखि खाद्य प्रविधिमा स्नातक (बी.टेक.फूड टेक्नोलोजी) को पढाइ सुरु भयो । खाद्य प्रविधि स्नातक तह मजबुत बनाउन क्याम्पस प्रमुखहरू प्रा.डा. पुरन श्रेष्ठ, श्री निर्मल प्रधान र प्रा.जगत्बहादुर केसीले निकै ठूलो योगदान गर्नु भएको थियो ।

सन् १९८७ मा तत्कालीन राजा वीरेन्द्रको पूर्वाञ्चल भ्रमणका अवसरमा धरान क्याम्पसको अवलोकन भ्रमणको गराउन विचार गरी सोहीअनुसार तारतम्य मिलाइयो । तात्कालीन शक्तिशाली राजाको भ्रमण एउटा साधारण क्याम्पसमा गराउनु चानचुने कुरा थिएन । त्यसका लागि क्याम्पस प्रमुख प्रा.जगत्बहादुर केसीको अगुवाइ र क्याम्पस परिवारको दह्रो साथले अन्ततः त्यो भ्रमण सफल भयो । राजा वीरेन्द्र यो अवलोकन भ्रमणबाट निकै प्रभावित हुनुभएको कुरा पछि अस्थायी भ्रमणमुकाम धनकुटाबाट राजधानी फर्केपछि क्याम्पसको प्रशासनिक स्तरोन्नति हुने व्यवस्था गरेबाट प्रष्ट हुन्छ । त्यसपछि क्याम्पस प्रमुखका रूपमा सहायक डीन रहने गरी क्याम्पसको नाम केन्द्रीय प्रविधि क्याम्पस (के.प्र.क्या.) रहन गयो । यद्यपि देशमा भइरहेको राजनैतिक अस्थिरताले यो स्तरोन्नतिले पनि क्याम्पसको शैक्षिक विकासमा ठोस योगदान दिन सकेन । आई.एस्सी. र बी.टेक खाद्य प्रविधिको अध्यापनमै सीमित रहेर क्याम्पसले दशकभन्दा बढी समय गुजार्नुपऱ्यो । सन् २००१ मा आएर के.प्र.क्या.मा खाद्य प्रविधि केन्द्रीय विभागको स्थापना भयो । यस व्यवस्थाले नेपालमा पनि खाद्य प्रविधि विषयको स्नातकोत्तर र विद्यावारिधिसम्मको उपाधि पाउन विदेश गइरहनु नपर्ने भयो ।

क्याम्पस विकासको तेस्रो चरण

देशको केन्द्रीकृत शासकीय स्वरूप परिवर्तनसँगै त्रि.वि.ले उच्चशिक्षामा विकेन्द्रीकरण गर्दै लैजाने नीति अवलम्बन गऱ्यो । यसले गर्दा थप विश्वविद्यालय खोल्न बाटो खुल्यो । क्याम्पस र विश्वविद्यालयलाई सबल, सक्षम, प्रतिस्पर्धी र स्तरीय बनाउँदै लैजाने हेतुले सन् १९९४ मा बेग्लै विश्वविद्यालय अनुदान आयोग गठन भयो । के.प्र.क्या. पनि त्यो व्यवस्थाबाट फाइदा लिन तत्पर भयो । यसै अन्तर्गत सन् १९९९ मा क्याम्पस विकेन्द्रीकरणमा गयो । यसले क्याम्पसलाई चाहेका विषयमा शैक्षिक कार्यक्रम थप्न सजिलो भयो । त्यसै अन्तर्गत सन् २०१२ सम्ममा साधारण विज्ञान विषयमा स्नातक र स्नातकोत्तर तहको पढाइ सुरु भयो । त्यस अवधिमा न्युट्रिशन एण्ड डाइटेटिक्स्, माइक्रोबायोलोजी, भौतिक, वनस्पति, प्राणीशास्त्र विषयमा अध्यापन सुरु भयो ।

सन् २०१२ मा के.प्र.क्या.ले त्रि.वि.बाट स्वायत्त (अटोनोमी) क्याम्पसको हैसियत प्राप्त गरेपछि विश्वविद्यालय अनुदान आयोगको सर्त पूरा गर्दै क्याम्पसले भौतिक संरचना र शैक्षिक कार्यक्रमहरू विस्तार गऱ्यो । स्नातक तहमा बीआइटी, बी.एस्सी. सीएसआईटी, भूगर्भशास्त्र, रसायनशास्त्रमा त्रि.वि.ले आंशिक आर्थिक भार बेहोर्ने सर्तमा सुरु गरिए । यी सबै कार्यक्रमले क्याम्पसको शैक्षिक धरातल फराकिलो भयो ।

देश विकासमा क्याम्पसको योगदान

क्याम्पस स्थापना भएको सुरुवातका करिब पाँच वर्षका अवधिमा आई.टेक.(फूड) र आइ.टेक.(ल्याब) गरी जम्मा १६६ जना मध्यमस्तरका जनशक्ति उत्पादन भएका थिए । तिनीहरूको सरकारी, अर्धसरकारी र गैरसरकारी निकायमा अत्यन्तै सन्तोषजनक कार्य सम्पादन हुँदाहुँदै त्यस दुःखले आर्जेको कार्यक्रम अचानक अन्त्य भयो । देशमा तिनीहरूको खाद्य, औषधि, खनिज र कृषि उपज प्रशोधन वा प्रयोगशालाहरूमा अझै आवश्यकता थियो । तत्पश्चात् थालिएको साधारण विज्ञानमा प्रमाणपत्र तह तहको कार्यक्रमपछि त्रि.वि.बाट विस्थापित नहुँदासम्म करीब २५ वर्ष चल्यो । यस अवधिमा करीब तीन हजार विद्यार्थीले आईएस्सी उत्तीर्ण गरे । त्यहाँको आईएस्सी कार्यक्रय निकै अब्बल थियो । त्यसैले उनीहरू धेरैले इन्जिनियरिङ, चिकित्साशास्त्र एवम् अन्य प्राविधिक विषयमा उच्च अध्ययन गर्ने अवसर पाउन सफल भए । आज तिनै व्यक्तिहरू देशका विभिन्न निकायका उच्च ओहोदामा पुग्न सफल भएका छन् ।

त्यसै गरी खाद्य प्रविधि स्नातक (बी.टेक. फूड) तहका जनशक्तिले देश विदेशमा पुऱ्याएको योगदानलाई सराहनीय मान्न सकिन्छ । के.प्र.क्या. बाट मात्र उत्पादित छ सयभन्दा बढ्ता जनशक्तिले आज देशको आवश्यकता मात्र हैन, विश्व बजारमा समेत रोजगार पाउन सफल भएका छन् । केही विद्यार्थीहरू क्यानाडा, अमेरिका, अफ्रिका, अष्ट्रेलिया आदि देश/महादेशका उद्योग, सरकारी निकाय र विश्वविद्यालयमा कार्यरत छन् । सन् २०६२ बाट उत्पादित एम.टेक. खाद्य प्रविधि उत्तीर्ण विद्यार्थी खास गरी शिक्षण र अनुसन्धानमा सेवारत छन् । यिनै जनशक्तिले त्रि.वि. र पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धनप्राप्त निजी स्तरमा सञ्चालित कलेजहरूको जनशक्तिको माग धानेको छ । खाद्य प्रविधिका स्नातक र स्नातकोत्तर जनशक्तिले देशको खाद्यवस्तु गुणस्तर नियन्त्रणमा प्रमुख भूमिका खेलेको छ । सन् २०१० देखि उत्पादन सुरु भएको न्युट्रिशन् एण्ड डाइटेटिक्स्का स्नातक जनशक्तिले देशको पोषण क्षेत्रमा जनशक्तिको अभाव पूरा गर्दै आएका छन् । तिनीहरू हाल देशका अस्पताल, खाद्य र पोषण चेतनासँग सम्बन्धित संस्थाहरूमा कार्यरत छन् । विदेशका प्रतिष्ठित शैक्षिक संस्थाबाट विद्यावारिधि गर्ने विद्यार्थीको सङ्ख्या बढ्दो क्रममा रहेको छ । यो पक्कै पनि खुशीको खबर हो ।

क्याम्पसको भावी यात्राका लागि सुझाव

केन्द्रीय प्रविधि क्याम्पसको भावी विकासका लागि निम्नलिखित (व्यक्तिगत) सुझावहरू राख्न चाहन्छु :

(१) कुनै पनि शैक्षिक कार्यक्रमको मेरुदण्ड भनेको दक्ष जनशक्ति नै हो । हाल सञ्चालित सबै कार्यक्रमहरूमा दक्ष जनशक्तिको अभाव देखिन्छ । जनशक्ति क्रमशः

पूरा गर्दै लैजाने योजनाको पनि खाँचो छ । त्यसैले क्याम्पसले भएका प्राध्यापकलाई आर्थिक स्रोतको व्यवस्था गरेर देश वा विदेशमा उच्च अध्ययन वा तालिमका लागि सहज मौका जुटाउनुपर्ने देखिन्छ । अर्कोतिर मौजुदा प्राध्यापकको सङ्ख्या वृद्धि गरेर हालको सङ्ख्या करिब डब्बल बनाउन आवश्यक छ ।

(२) विश्वविद्यालय अनुदान आयोगले जति धेरै नयाँ कार्यक्रम खोल्यो, उति नै धेरै बजेट दिने सामान्य नीति अघि सारेको छ । त्यसैबाट लालयित भएर के.प्र. क्या.ले पनि तगातार नयाँ कार्यक्रमहरू प्रारम्भ गरेको देखिन्छ । यसरी दीर्घकालीन योजना र तयारी बिना अन्धाधुन्ध धेरै अमिल्दा प्रकृतिका कार्यक्रमहरू सुरु गर्दा तत्काल फाइदा त होला किन्तु तिनीहरूको दिगो विकास गर्न मुस्किल हुन्छ । भावी शैक्षिक कार्यक्रमहरू थप्दा आफ्ना उद्देश्यसँग मेल खाने र कार्यक्रमबीच पारस्परिक सहयोग हुने खालमा कार्यक्रम थप्नु उत्तम हुन्छ । त्यसमा देशको सर्वोपरि आवश्यकतालाई समेत ध्यानमा राख्नुपर्छ । केवल तत्कालीन लाभलाई विचार गरेर कार्यक्रम थप्नाले एकातिर त्यो नै पछि बोझ बन्न सक्छ भने अर्कातिर त्यसले कालान्तरमा शैक्षिक बेरोजगारी सृजना गर्छ । तसर्थ देशमा अन्यन्त्र नभएका तर खाद्य प्रविधिसँग तादात्म्य राख्ने शैक्षिक कार्यक्रम जस्तै एम.एस्सी. न्युट्रिशन, न्युट्रिशनल प्लानिङ, फूड साइन्स् वा क्वालिटी कन्ट्रोललाई भावी प्राथमिकतामा राख्नु उचित देखिन्छ ।

(३) खाद्य प्रविधि केन्द्रीय विभागलाई मजबुद बनाउँदै लैजानु पर्छ । हाल त्यहाँ अत्यन्तै न्यून अवस्थामा रहेको जनशक्तिलाई वृद्धि गर्नु पर्छ । मौजुदा प्रयोगशाला र उपकरण थप्नुका साथै सञ्चालन खर्चमा यथेष्ट बजेटको व्यवस्थागर्नु पर्छ । अनुसन्धान तथा विद्यावारिधिगर्ने विद्यार्थी वा प्राध्यापकको सङ्ख्या बढाउनु पर्छ । हालका लागि छिमेकी देशबाट सेवा निवृत्त दक्ष जनशक्ति करारमा लिएर, स्वयम् सेवक प्राध्यपक वा पाहुना प्राध्यापकको व्यवस्था गरेर अल्पकालीन जनशक्ति अभाव हल गर्न सकिन्छ । पछि बिस्तारै आफ्नै जनशक्तिले विस्थापित गर्दै लैजान सकिन्छ । जबसम्म पोष्ट-ग्राजुएट कार्यक्रमहरू सबल हुँदैनन्, तबसम्म त्यहाँको सम्बन्धित स्नातक कार्यक्रमको गुणस्तर बढाउन सकिन्न ।

(४) अनुसन्धान कार्यलाई विशेष जोड दिनुपर्छ । यसका लागि फ्याकल्टी रिसर्च र पोष्ट-डक्टरल कार्यक्रम सुरु गर्नुपर्छ । सबै प्राध्यापकलाई अनुसन्धानमा आबद्ध गर्ने नीति अवलम्बन गर्नुपर्छ ।

(५) आफ्नो क्याम्पस आफैँ बनाउँछौं भन्ने आँट र अठोटका साथ अघि बढ्न क्याम्पस व्यवस्थापन समिति गठन गरेर अघि बढेको वर्तमान परिस्थितिमा भावी आयव्यय र दिगो विकासलाई समेत ध्यानमा राखेर आर्थिक रूपमा सबल हुने किसिमका योजना अघि सार्नुपर्ने देखिन्छ । विकेन्द्रीकरणको उद्देश्य नै परनिर्भरताबाट स्वनिर्भरतातर्फ लैजानु हो, क्याम्पसले पनि त्यही कबोल गरेको छ । तसर्थ आर्थिक रूपमा स्वनिर्भर हुने किसिमका क्रियाकलाप गर्न अत्यावश्यक छ ।

निष्कर्ष

आरोह-अवरोह पार गर्दै अघि बढेको के.प्र.क्या. आज देशको खाद्य प्रविधि र पोषण विज्ञानमा अग्रणी संस्थाका रूपमा स्थापित भएको छ । देशको अन्य शैक्षिक संस्थासँग तुलना गर्दा बेहत्तर होला, अपितु विश्व परिवेशमा गर्व गर्न लायक संस्था चाहिँ हुन सकेको छैन । तथापि यसै क्याम्पसबाट उत्पादित जनशक्तिले खाद्य प्रविधि क्षेत्रमा देश विदेशमा समेत सफलताका साथ कार्य सम्पादन गर्नु खुसी एवम् गर्वको कुरा हो । यस क्याम्पसबाट उत्तीर्ण जनशक्तिका बलमा करिब दर्जनभन्दा बढी सम्बन्धन प्राप्त कलेज सञ्चालित छन् । गत दशकयता क्याम्पसले अन्य विधामा पनि जनशक्ति उत्पादन गर्ने काम प्रारम्भ गर्दै आएको छ । तथापि यसभन्दा उत्तम आफ्नो उद्देश्यबाट विचलित नहुने गरी समान प्रकृतिका कार्यक्रमलाई प्राथमिता दिएर अघि बढ्नु राम्रो हुन्छ । तसर्थ भावी शैक्षिक कार्यक्रम थप्दा एकअर्का बीच सहयोग हुने प्रकृतिका हुनुपर्छ ता कि भविष्यमा एउटा बेग्लै संस्थानका रूपमा विकास गर्न र मान्यता पाउने सजिलो होस् । क्याम्पसले विकेन्द्रीकरणको नीति अवलम्बन गरेर अघि बढेको हुनाले आर्थिक स्वनिर्भर हुने सोचका साथ अघि बढ्नुपर्ने देखिन्छ । त्यसका लागि भावी योजना र कार्यदिशा स्पष्ट हुन जरुरी छ । शैक्षिक कुशलता र आर्थिक स्वनिर्भरता नै क्याम्पसको गुणस्तर मापक हो भन्ने कुरा कदापि बिर्सनुहुँदैन ।

सन्दर्भ सामग्री

१. https://cctdharan.edu.np, २. https://www.ugcnepal.edu.np/

*

(प्रा.डा. गङ्गाप्रसाद खरेल केन्द्रीय प्रविधि क्याम्पसका पूर्व सहायक डीन हुनुहुन्छ)

पोषण तथा आहार विज्ञान शिक्षाको क्षेत्रमा केन्द्रीय प्रविधि क्याम्पसले खेलेको भूमिका

प्रा.डा.सुरेन्द्रबहादुर कटवाल
उपप्रा. डम्बरबहादुर खड्का

हालको केन्द्रीय प्रविधि क्याम्पस नेपालमा नयाँ शिक्षा प्रणालीको सुरुवातसँगै वि.सं. २०३० सालमा व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानको रूपमा धरानमा स्थापना भई सञ्चालनमा आएको थियो । सुरुमा खाद्य प्रविधि र प्रयोगशाला प्रविधिमा प्रमाणपत्र तहको अध्ययन अध्यापनको सुरु भएको थियो जुन शैक्षिक कार्यक्रम वि.सं. २०३५ सालसम्म सञ्चालन भई बन्द भयो र विज्ञानमा प्रमाण पत्र तह सुरु भयो । वि.सं. २०३६ सालदेखि खाद्य प्रविधिमा स्नातक तह (B.Tech, Food) को शैक्षिक कार्यक्रम सुरु भई निरन्तर चलिरहेको छ । विभिन्न समयमा नाम परिवर्तन हुँदै वि.सं. २०४६ सालबाट यस क्याम्पसको नाम केन्द्रीय प्रविधि क्याम्पस रहन गएको हो ।

केन्द्रीय प्रविधि क्याम्पसले उत्पादन गरेका खाद्य प्राविधिज्ञहरू देशका विभिन्न खाद्य उद्योगहरू, उद्योगसँग सम्बन्धित विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूमा प्रभावकारी भूमिका खेलेका छन् भने उल्लेख्य रूपमा विदेशमा पनि अध्ययन तथा कार्यरत छन् ।

जनताको स्वास्थ्यस्थिति पोषण तथा आहारको अवस्थाले निर्धारण गर्दछ । विभिन्न अध्ययनहरूले देखाएअनुसार हाल हाम्रो देश नेपालमा जनताको पोषण अवस्थाको साथै सन्तुलित भोजन तथा असल खानपानको अवस्था निकै नाजुक रहेको स्थिति छ । हालै प्रकाशित नेपाल डेमोग्राफिक हेल्थ सर्वेको तथ्याङ्कअनुरूप नेपालको पोषण अवस्थामा केही सुधार भए पनि, अझै पनि पाँच वर्षमुनिका बालबालिकामध्ये २५ प्रतिशतमा दीर्घ कुपोषण (उमेरअनुसारको उचाईमा कमी) भएको, ८ प्रतिशतमा दीर्घ कुपोषण (उचाईअनुसारको तौलमा कमी) र १९ प्रतिशतमा कम तौल (उमेरअनुसारको तौलमा कमी) रहेको उल्लेख गरिएको छ । त्यस्तै ४३ प्रतिशत पाँच वर्षमुनिका बालबालिका, ३३ प्रतिशत महिला र ३१ प्रतिशत गर्भवती महिला आइरनको कमीले हुने रक्तअल्पताबाट ग्रसित छन् ।

जनताको शिक्षा, स्वास्थ्य पोषण र आहारको समुचित व्यवस्थामा ध्यान दिनु सरकारको प्रमुख दायित्व हो । त्यसैले उक्त कार्यका लागि प्रत्यक्ष वा अप्रत्यक्ष सम्बन्धित विभिन्न सङ्घसंस्था तथा निकायहरू, जस्तै - अस्पताल, शैक्षिक संस्था, खाद्य प्रविधि तथा

गुण नियन्त्रणको पोषण, शाखा पोषण र आहारको क्षेत्रमा कार्यरत सम्बन्धित सरकारी तथा गैर सरकारी सङ्घसंस्थाहरू, नगरपालिका, सामुदायिक जनस्वास्थ्य आदिमा पोषण र आहारसम्बन्धी उच्च स्तरका जनशक्तिको आवश्यकता पर्ने, सोका लागि विदेशबाट केही जनशक्ति तालिम र अध्ययनका साथ आएका तर नेपालमा उक्त जनशक्ति उत्पादन नभइरहेको र उत्पादन गर्ने शैक्षिक संस्था नै नभएकाले देशलाई आवश्यक पर्ने पोषण तथा आहारको ज्ञान र स्किल भएका उच्च स्तरका जनशक्ति देशमै उत्पादन गर्नु आवश्यक भएको महसुस गरी राष्ट्रिय योजना आयोगले उक्त विषयलाई प्राथमिकतामा राखी केन्द्रीय प्रविधि क्याम्पस धरान उपयुक्त शैक्षिक संस्था हुन्छ भन्ने ठानेर निर्देश गरेअनुसार तत्कालीन खाद्य प्रविधि विषय समितिको पहलमा B.Sc. Nutrition and Dietetics (स्नातक तहको पोषण तथा आहार विज्ञान) को Syllabus/Curriculum तयार गरी त्रि.वि.बाट स्वीकृत गराई केन्द्रीय प्रविधि क्याम्पस धरानमा पोषण र आहार विषयमा स्नातक तहको अध्ययन अध्यापन कार्य वि.सं. २०६७ सालदेखि सुरु गरियो ।

केन्द्रीय प्रविधि क्याम्पस धरानले उक्त चारवर्से स्नातक कार्यक्रम सुरुवातमा वार्षिक प्रणालीअनुसार चौबीस जनाको कोटा प्रारम्भ गरेकामा २०७३ सालदेखि कोटा वृद्धि गरी तीस जना पुऱ्याएको र उक्त शैक्षिक कार्यक्रमलाई २०७५ सालदेखि भने सेमेष्टर प्रणालीअन्तर्गत (८ सेमेष्टर) बनाएको देखिन्छ ।

पोषण तथा आहार विज्ञान कार्यक्रम स्थापना गर्नुको उद्देश्यमा "पोषण तथा आहारका क्षेत्रमा विशिष्ट ज्ञानको प्रयोगद्वारा जनस्वास्थ्यको रक्षा गर्ने मूल उद्देश्य रहेको थियो । उक्त विषयमा जनताको स्वास्थ्य पोषण र आहार व्यवस्थापनको स्किल प्राप्त ग्र्याजुएट जनशक्ति उत्पादन गर्ने थियो जुन स्किल प्राप्त ग्र्याजुएटले सामुदायिक जनस्वास्थ्यका क्षेत्रमा र अन्य खाद्य तथा पोषणसम्बन्धी विभिन्न सङ्घ संस्था एवम् उद्योगहरूमा काम गर्न सक्नेछन्" भन्ने रहेका थिए ।

पोषण तथा आहार स्नातक तहको अध्ययन गर्दा विज्ञान प्रवीणता प्रमाण पत्र (I.Sc.) , +2 विज्ञान, खाद्य प्रविधि र प्रयोगशाला प्रविधि प्रमाण पत्र तह, खाद्य प्रविधिमा डिप्लोमा वा समकक्षता विषयमा कम्तीमा दोस्रो श्रेणीमा उत्तीर्ण विद्यार्थीहरू अध्ययन गर्न योग्य हुनेछन् र प्रवेश परीक्षा उत्तीर्ण गर्नेमध्ये मेरिट लिस्टमा पर्नेले तोकिएको कोटामा भर्ना हुन पाउँछन् । पोषण तथा आहार स्नातक तह पूरा गर्न चार वर्ष तथा आठ सेमेस्टर लाग्दछ, जसमा १२७ क्रेडिट आवर (सैद्धान्तिक र प्रयोगात्मक) बराबरका विविध विषयहरूको अध्ययन गराइन्छ । उक्त विषयको पाठ्यक्रममा अध्ययन गराइने विषयहरूलाई ३ श्रेणीमा राखिएका छन् ।

1. Basic Courses :
   General Chemistry, Instrumental Techniques of Analysis (ITA), Biophysics, Math, Basic & Food Microbiology, Medical Microbiology, Basic Computer Applications.

2. Allied Courses :
   Principle of Food Science & Processing, Food Chemistry, Human Physiology, Hygiene & Sanitation, Nutritional Biochemistry, Pharmacology, Food Toxicology, Catering & Food Service Management, Quality Control & Management, Applied Statistics in Health & Nutrition's, Research Methodology.
3. Core Courses:
   Health & Nutrition Aspects of Food, Human Nutrition, Clinical Nutrition, Dietetics, Food & Nutrition Security , Public Health Nutrition, Basic & Nutritional Epidemiology, Nutritional Education and Behavior Change Communication, Nutrition for Athlete & Sport Person, Community Based Posting (2 months), Hospital Based posting (3 months), and Dissertation (6 months)

उपर्युक्त पाठ्यक्रम पूरा गरेपछि विद्यार्थीहरू पोषण र आहारविद्का रूपमा विभिन्न सम्बन्धित क्षेत्रमा कार्य गर्न सक्षम हुनेछन् । केन्द्रीय प्रविधि क्याम्पस धरानले वि.सं. २०६७ सालदेखि हालसम्म पोषण र आहार स्नातक तहमा ३१८ जना विद्यार्थीहरूले भर्ना लिएकामा १६४ जना विद्यार्थीहरूले ग्र्याजुएट गरिसकेका छन् भने अरू अध्ययनरत छन् । केन्द्रीय प्रविधि क्याम्पस धरानमा पोषण र आहार कार्यक्रम अध्ययन गरी स्नातक तह पूरा गरेका ग्र्याजुएटहरू विभिन्न क्षेत्रमा कार्यरत छन् :

(क) अस्पताल (सरकारी तथा निजी)
(ख) खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
(ग) सामुदायिक जनस्वास्थ्य सेवा
(घ) नगरपालिकाहरू
(ङ) पोषण आहारसँग सम्बन्धित उद्योगहरू र सरकारी गैर सरकारी संस्थाहरू

पोषण तथा आहार विज्ञानमा स्नातक गरेका ग्र्याजुएटहरूमध्ये कतिपयले सम्बन्धित विषयमा स्नातकोत्तर गरिसकेका छन् भने कतिपय चाहिँ अस्ट्रेलिया, अमेरिका तथा युरोपियन मुलुकहरूलगायत विभिन्न विदेशी भूमिका शैक्षिक केन्द्रहरूमा स्नातकोत्तर वा विद्यावारिधि तहमा अध्ययनरत तथा कार्यरत छन् ।

मानिसहरूको पोषण र आहारसम्बन्धी चेतनाको अभिवृद्धि हुँदै गएको र स्वास्थ्यसँग बढी संवेदनशील भएकाले मुलुकलाई सम्बन्धित निकायहरूमा उक्त ग्र्याजुएटहरूको बढी आवश्यकता पर्दछ । साथै देशको पोषण अवस्थालाई अझ सुदृढ गरी देशलाई समृद्धिका बाटातिर लाग्नलाई पनि दक्ष पोषणविद् तथा आहारविद्को ठूलो भूमिका रहन्छ । देशलाई आवश्यक पर्ने त्यस्ता दक्ष पोषणविद् तथा आहारविद् उत्पादन गरी देशको पोषण क्षेत्रको उन्नति र समृद्धिमा केन्द्रीय प्रविधि क्याम्पस धरानले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ र उक्त कार्यलाई भविष्यमा पनि निरन्तरता प्रदान गरिरहने नै छ ।

*

(प्रा.डा. सुरेन्द्र बहादुर कटवाल केन्द्रीय प्रविधि क्याम्पस धरानका पूर्व सहायक क्याम्पस प्रमुख तथा पूर्व सञ्चालक समितिका अध्यक्ष हुनुहुन्छ एवम् उपप्रा. डम्बर बहादुर खड्का केन्द्रीय प्रविधि क्याम्पस धरानको खाद्य प्रविधि विषयका सेवारत उपप्रध्यापक हुनुहुन्छ)

केन्द्रीय प्रविधि क्याम्पस धरानमा स्वायत्तताको प्रतिफल र चुनौतीहरू

प्रा.डा. धनबहादुर कार्की
सहप्रा.बबिता अधिकारी

त्रि.वि.मा स्वायत्तता : सङ्क्षिप्त परिचय

त्रिभुवन विश्वविद्यालय ऐन २०४९ को दफा ५ (ज), दफा १० (च) दफा ३०(३) र दफा ३४ ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्वविद्यालय सभाले २०६२ सालमा स्वायत्ततासम्बन्धी नियम बनाएको हो । स्वायत्ततासम्बन्धी नियम २०६२ को प्रस्तावनामा भनिएको छ - "विश्वविद्यालयका आङ्गिक एवम् सम्बन्धनप्राप्त क्याम्पसहरूलाई स्वायत्त बनाई गुणस्तरीय एवम् अनुसन्धानमुखी शिक्षा प्रदान गराउने कार्यलाई प्रभावकारी बनाउन, उच्च शिक्षाका कार्यक्रमहरूमा प्रवेश पाउन शैक्षिक रूपले सक्षम विद्यार्थीहरूका लागि अधिकतम भर्नाको अवसर प्रदान गर्न नयाँ नयाँ प्रविधिहरूको विकास र प्रयोगबाट अध्ययन संस्थान एवम् सङ्कायअन्तर्गतका क्याम्पसहरूमा प्रदान गरिने ज्ञान र विज्ञानका क्षेत्रलाई अझ बढी व्यापक र व्यवहारिक बनाउन जीवनपर्यन्त शिक्षा (Life Long Education) को मूलभूत उद्देश्यका परिधिभित्र रही जीवन उपयोगी विषयहरूमा तालिम, पुनर्ताजगी कार्यक्रम आदि सञ्चालन गर्न गराउन सहभागितामूलक तथा लागत र प्रतिफलको सिद्धान्त व्यवहारमा लागू गरी आर्थिक रूपमा दिगो बनाउन तथा एकमुष्ट अनुदान (Block Grant) प्रदान गर्ने हालको प्रणालीलाई अझ बढी सुदृढ बनाउन र क्याम्पस व्यवस्थापनसम्बन्धी निर्णय प्रक्रियामा सरोकारवालाहरूको अत्यधिक प्रतिनिधित्व गराई क्याम्पसलाई आर्थिक, शैक्षिक र प्रशासनिक कार्यमा स्वावलम्बी बनाउन वाञ्छनीय भएकाले स्वायत्ततासम्बन्धी नियम बनाइएको छ ।"

स्वायत्ततासम्बन्धी नियम २०६२ (संशोधन सहित)मा उल्लेखित मूलभूत विषयलाई सङ्क्षेपमा यहाँ चर्चा गरिएको छ ।

(क) सञ्चालक समितिको गठन

स्वायत्ततासम्बन्धी नियम २०६२ (संशोधन सहित)को परिच्छेद २, नियम ३ र ४ मा सञ्चालक समितिको गठन तथा काम, कर्तव्य र अधिकारका बारेमा उल्लेख गरिएको छ । त्यहाँ उल्लेख भएअनुसार स्वायत्तता प्राप्त गर्ने क्याम्पसमा कम्तीमा २१ देखि ३५ सदस्यीय सञ्चालक समिति गठन हुनेछ । उक्त समितिको बैठकले सिफारिस गरेको सेवारत वा सेवानिवृत्त प्राध्यापक वा सहप्राध्यापकलाई त्रि.वि. कार्यकारी परिषद्ले अध्यक्षमा नियुक्त गर्नेछ । बाँकी सदस्यहरूमा विभागीय प्रमुखमध्येबाट ३, सञ्चालक समितिबाट नियुक्त शिक्षाप्रेमी/बुद्धिजीवीबाट २, समाजसेवी/चन्दादातामध्येबाट २,

अभिभावकबाट २, सेवारत शिक्षकमध्येबाट २, सम्बन्धित वडाध्यक्ष १, उपकुलपतिबाट मनोनीत शिक्षक १, जिल्ला शिक्षा अधिकारी १, विश्वविद्यालयको प्रतिनिधि १, प्राध्यापक सङ्घ एकाई सभापति १, कर्मचारी सङ्घ एकाई सभापति १, स्वविय़ू सभापति १, लेखा प्रमुख १, प्रशासन प्रमुख १ र क्याम्पस प्रमुख सदस्य सचिव १ गरी कम्तीमा २१ सदस्यीय समिति रहनेछ ।

(ख) कार्यकारी समिति

स्वायत्तता सम्बन्धी नियम २०६२ (संशोधन सहित)को परिच्छेद ३, नियम ५ मा कार्यकारी समितिको गठन तथा काम, कर्तव्य र अधिकारका बारेमा उल्लेख गरिएको छ । त्यसमा अङ्कित प्रावधानअनुसार क्याम्पसको दैनिक कार्य सञ्चालन गर्न कार्यकारी निकायको रूपमा काम गर्न क्याम्पस प्रमुखको अध्यक्षतामा कार्यकारी समिति रहने गर्दछ, जसमा सञ्चालक समितिबाट मनोनीत विभागीय प्रमुखमध्येबाट १, शिक्षकमध्येबाट १, उपकुलपतिबाट मनोनीत शिक्षक १, लेखा वा प्रशासन प्रमुख कर्मचारीबाट १, क्याम्पस प्रमुखबाट मनोनीत सहायक क्याम्पस प्रमुखमध्येबाट १ र सदस्य सचिव १ गरी जम्मा ६ सदस्यीय कार्यकारी समिति रहने गर्दछ । कार्यकारी समिति सञ्चालक समितिप्रति उत्तरदायी रहने गर्दछ । कार्यकारी समितिले गरेको हरेक निर्णय त्यसपछि बस्ने सञ्चालक समितिको बैठकबाट अनुमोदन गराउनुपर्दछ । उक्त निर्णय सञ्चालक समितिले अनुमोदन नगरेमा बदर हुनेछ । यसरी कार्यकारी समितिका हरेक निर्णयलाई सञ्चालक समितिको पूर्ण बैठकबाट अनुमोदन गराउने प्रावधानले सञ्चालक समितिलाई जिम्मेवार र अधिकार सम्पन्न बनाएको छ ।

(ग) प्राज्ञिक समिति

स्वायत्तता सम्बन्धी नियम २०६२ (संशोधन सहितको) परिच्छेद ६, नियम १० मा प्राज्ञिक समितिको गठन तथा काम, कर्तव्य र अधिकारको बारेमा उल्लेख गरिएको छ । क्याम्पसमा सञ्चालन हुने विषयहरूको शिक्षण, प्रशिक्षण, अनुसन्धान, पाठ्यक्रम निर्माण, परीक्षा सञ्चालन तथा प्राज्ञिक स्वायत्तता अर्न्तगत क्याम्पस आफैले सञ्चालन गरेका कार्यक्रमहरूको नतिजा प्रकाशन आदि कार्यमा प्राज्ञिक नीति निर्माण तथा परामर्श प्रदान गर्न एक प्राज्ञिक समिति रहनेछ ।

(घ) एकमुष्ट अनुदानको व्यवस्था

स्वायत्तता सम्बन्धी नियम २०६२ (संशोधन सहितको) परिच्छेद १०, नियम २२ मा एकमुष्ठ अनुदान, बजेट र बजेट रकमान्तर सम्बन्धी व्यवस्थाको बारेमा उल्लेख गरिएको छ । नियमअनुसार विश्वविद्यालयले स्वायत्तता प्राप्त क्याम्पसलाई एकमुष्ठ

अनुदान दिनेछ । त्यस्तो अनुदानमा विश्वविद्यालयको स्वीकृत दरबन्दीमा कार्यरत शिक्षक कर्मचारी तथा सेवा निवृत भएपनि दरबन्दी अनुसार एकमुष्ठ रकम उपलब्ध गराउने छ । क्याम्पसले आन्तरिक रूपमा सिर्जना गरेका दरबन्दीको भने रकम उपलब्ध गराउने छैन ।

(ङ) स्वायत्तता प्रदान गर्न सकिने व्यवस्था

स्वायत्ततासम्बन्धी नियम २०६२ (संशोधन सहित)को परिच्छेद २०, नियम ५५ मा स्वायत्तता प्रदान गर्न सकिने व्यवस्थाका बारेमा उल्लेख गरिएको छ, जसअनुसार त्रि.वि. का आङ्गिक क्याम्पसहरू वा विशिष्ट कार्यक्रमहरू सञ्चालन गर्न छुट्टै गठन भएको स्कूल र संस्थाहरूमध्ये कसैले यस नियमअनुसार सञ्चालन गर्न चाहेमा क्याम्पसलाई अग्रगामी दिशातर्फ अग्रसर बनाउन आवश्यक देखिएका सबै कुराहरू सहितको कम्तीमा ५ वर्षको योजना तयार गरी शिक्षक कर्मचारी र विद्यार्थीहरूसँग छलफल गरी त्रि.वि. कार्यकारी परिषद्मा पेस गर्नेछ र कार्यकारी परिषद्ले उक्त क्याम्पसलाई यस नियमअन्तर्गत सञ्चालन गर्न स्वीकृति दिन सक्नेछ ।

(च) स्वायत्तता खारेज गर्न सकिने व्यवस्था

नियमको परिच्छेद २० नियम ५७ मा स्वायत्तता सफल हुन नसकेमा गरिने कारबाही वा खारेजीका बारेमा यसरी उल्लेख गरिएको छ - "लगातार तीन वर्षसम्म क्याम्पस घाटामा गएमा, तीन वर्षसम्म लेखा परीक्षण नगराएमा, शैक्षिक गुणस्तर कायम गर्न नसकेमा, व्यवस्थापनमा धाँधली, घोटाला भएको प्रमाणित भएमा र त्यस्तो धोटाला रोक्न सञ्चालक समिति असमर्थ भएमा, परीक्षा नियमित र मर्यादित ढङ्गले सञ्चालन गर्न नसकेमा, लामो समयसम्म क्याम्पस बन्द भएको भन्ने अनुगमन प्रतिवेदन देखिएमा सोको जाँचबुझ गर्न कार्यकारी परिषद्ले एक टोली क्याम्पसमा स्थलगत अध्ययनका लागि पठाउनेछ । सो टोलीको प्रतिवेदनका आधारमा स्वायत्तताप्राप्त क्याम्पसलाई सचेत गराउने, निश्चित अवधि दिई कमीकमजोरी हटाउन मौका दिने, सञ्चालन गर्न अधिकार दिइएका कार्यक्रम वा परीक्षा सञ्चालनमा रोक लगाउने, सञ्चालक समिति भङ्ग गर्ने वा प्रदान गरिएको स्वायत्तता फिर्ता लिई सामान्य क्याम्पससरह सञ्चालन गर्ने ।"

केन्द्रीय प्रविधि क्याम्पसको सङ्क्षिप्त परिचय

व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानका रूपमा वि.सं. २०३० साल श्रावण १ गते हालको केन्द्रीय प्रविधि क्याम्पसको स्थापना भएको हो । जम्मा २१ बिघा १४ कठ्ठा जग्गामा यो संरचित छ । स्थापना कालमा व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानका रूपमा यस क्याम्पसमा प्रमाणपत्र तहका खाद्य प्रविधि र प्रयोगशाला प्रविधि विषयको अध्ययन अध्यापनबाट यस क्याम्पसको स्थापना भएको हो । हाल

स्नातक र स्नातकोत्तर तह गरी जम्मा बाह्रओटा शैक्षिक कार्यक्रमहरू यहाँ सञ्चालित छन् । यस शैक्षिक संस्थामा उनन्चास जना कर्मचारी तथा छयहत्तर जना प्राध्यापकहरूको स्थायी दरबन्दी रहेको छ । स्थापना कालदेखि हालसम्म यस क्याम्पसमा अध्ययन अध्यापन भएका विभिन्न शैक्षिक कार्यक्रमहरूलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

क्र.सं.	सञ्चालन मिति	शैक्षिक कार्यक्रम	तह
१	२०३०	खाद्य प्रविधि(आइ.टेक)	प्रमाणपत्र तह
२	२०३०	प्रयोगशाला प्रविधि	प्रमाणपत्र तह
३	२०३५	आई.एस्सी फिजिकल/बायोलोजी	प्रमाणपत्र तह
४	२०३६	खाद्य प्रविधि (बी.टेक्.)	स्नातक तह
५	२०५२	बी.एस्सी बायोलोजी	स्नातक तह
६	२०५७	एम.टेक्. (खाद्य प्रविधि, खाद्य प्रविधि केन्द्रीय विभाग मातहत)	स्नातकोत्तर तह
७	२०६७	बी.एस्सी पोषण तथा आहार विज्ञान	स्नातक तह
८	२०७०	एम्.एस्सी माइक्रोबायोलोजी	स्नातकोत्तर तह
९	२०७०	बी.एस्सी फिजिकल	स्नातक तह
१०	२०७१	बी.एस्सी जियोलोजी	स्नातक तह
११	२०७७	बी.आई.टी	स्नातक तह
१२	२०७८	सी.एस्.आई.टी.	स्नातक तह

केन्द्रीय प्रविधि क्याम्पसमा स्वयत्तताको प्रतिफल

त्रि.वि. स्वायत्तातासम्बन्धी नियमको परिच्छेद २० नियम ५५ बमोजिम केन्द्रीय प्रविधि क्याम्पसले वि.सं. २०६९ जेष्ठ ३ गते स्वायत्तताप्राप्त गरेको हो ।

केन्द्रीय प्रविधि क्याम्पसले स्वयत्तता प्राप्त गर्दै गर्दा यस क्याम्पसको आर्थिक अवस्था एकदमै नाजुक रहेको थियो । केन्द्रीय कार्यालयबाट कार्यरत शिक्षक कर्मचारीको टाउको गनेर नियमित तलब र छिटफुट अतिरिक्त रकमबाहेक अन्य आर्थिक दायित्व वहन गरेको अवस्था थिएन । क्याम्पसका कतिपय भवनहरू अत्यन्त जीर्ण भई पानी चुहिने अवस्थामा थिए । उक्त भवनहरू मर्मत गर्न वा भत्काएर नयाँ भवन बनाउन क्याम्पससँग पर्याप्त बजेट नहुँदा जोखिमपूर्ण अवस्थामा विद्यार्थीहरू पठनपाठन गर्न बाध्य

थिए । प्रयोगात्मक कक्षा सञ्चालन गर्न इक्युपमेन्ट, केमिकल्स, ग्लासवेयर्सहरू पर्याप्त नहुँदा विद्यार्थीहरूलाई स्तरीय शिक्षा प्रदान गर्न कठिनाइ थियो । पुस्तकालयमा पर्याप्त पुस्तकको अभाव थियो । बदलिँदो समयसापेक्ष कम्प्युटर र इन्टरनेट आदिको क्याम्पसले व्यवस्था गर्न सकेको थिएन । क्याम्पसको मुख्य प्रशासनिक भवन तथा छात्रवास र आवासगृहहरूलाई घेराबारा गरी सुरक्षित गर्न सकिएको थिएन । क्याम्पसको मुख्य प्रवेशद्वारमा व्यवस्थित गेटसम्म पनि क्याम्पसले निर्माण गर्न सकेको थिएन । क्याम्पसको खेलकुद मैदान व्यवस्थित गर्न सकिएको थिएन । सुख्खा सिजनमा क्याम्पसले चरम खानेपानीको सङ्कट भोगिरहेको थियो । शिक्षक कर्मचारीहरूका लागि तालिम, अतिरिक्त सुविधा तथा वृत्तिविकासका कार्यक्रमहरू सञ्चालन गर्न कठिनाइ थियो ।

वि.सं. २०६९ जेष्ठ ३ गते स्वायत्तताप्राप्त गरेसँगसँगै क्याम्पसले शैक्षिक, भौतिक तथा प्रशासनिक विकासमा चौतर्फी विकासको गति लिएको पाइन्छ । स्वयत्तताको प्रावधानअनुसार क्याम्पसले एकमुष्ट अनुदानका अतिरिक्त पटक पटक गरेर विभिन्न शीर्षकहरूमा अनुमानित १५ करोड रूपैयाँ त्रि.वि. उच्च शिक्षा सुधार परियोजनामार्फत् प्राप्त गरेको देखिन्छ । त्यसै गरी स्वयत्तताको नियमअनुसार नै वि.सं. २०७३ सालसम्म विश्वविद्यालय अनुदान आयोगमार्फत् सिधै तथा २०७५ सालसम्म त्रि.वि. केन्द्रीय कार्यालयमार्फत् क्याम्पसमा कायम रहेको दरबन्दीअनुसार एकमुष्ट रूपमा तलबभत्ता प्राप्त भएको पाइन्छ ।

स्वायत्ताताप्राप्त भएसँगै क्याम्पसको भौतिक, शैक्षिक तथा प्रशासनिक क्षेत्रमा भएका विकासहरूलाई क्रमै सँग निम्नअनुसार चर्चा गर्न सकिन्छ :

(क) तीनतले पोषण तथा आहार विज्ञान भवनको निर्माण

यसमा प्रयोगशाला तथा कक्षाकोठाहरू गरेर सानाठुला गरी जम्मा बत्तीसओटा कोठाहरू रहेका छन् । यस भवनमा स्नातक पोषण तथा आहार विज्ञानका अलाबा एम्.टेक्. फुड टेक्नोलोजी तथा एम्.एस्सी. माइक्रोबायोलोजीका सैद्धान्तिक तथा प्रयोगात्मक कक्षाहरू सञ्चालन हुँदै आएका छन् ।

(ख) तीनतले प्रयोगशालीय तथा शैक्षिक भवनको निर्माण

यसमा प्रयोगशाला तथा कक्षाकोठाहरू गरेर सानाठुला गरी जम्मा अठारओटा कोठाहरू रहेका छन् । यस भवनमा बी.टेक्. तथा बी.एस्सीका कक्षाहरू सञ्चालन हुँदै आएका छन् ।

(ग) दुईतले चमेनागृहको निर्माण

(घ) चार परिवार क्षमताको कर्मचारी आवासगृहको निर्माण

(ङ) त्रिचालीस जना विद्यार्थी क्षमताको महिला छात्रवासको निर्माण
(च) पैँसट्ठी जना विद्यार्थी क्षमताको पुरुष छात्रवासको निर्माण
(छ) क्याम्पसको गेट निर्माण तथा क्याम्पसको जग्गा घेराबारा
(ज) एलिफेन्ट पार्कको निर्माण
(झ) बास्केटबल कोर्ट तथा टेबल टेनिस कोर्टको निर्माण
(ञ) फुटबल मैदानको स्तरोन्नति तथा स्टेज निर्माण
(ट) क्याम्पसको आन्तरिक सडक निर्माण
(ठ) खानेपानीको व्यवस्थापन

खानेपानीको व्यवस्थापनका लागि १४ कठ्ठा ३ धुर जग्गासहित आफ्नै निजी खानेपानीको मुहान खरिद गरी उक्त जग्गाको घेराबारा र वृक्षारोपण समेत गरिएको छ ।

यसै गरी शैक्षिक तथा अन्य अतिरिक्त विकासअन्तर्गत पुस्तकालयको स्तरोन्नति गरिएको छ । पुस्तकालयमा ई-लाइब्रेरीको व्यवस्था गरिएको छ । मोल्युकुलर प्रयोगशालाको स्थापना गरिएको छ । आइसक्रिम प्लान्ट, एचपीएलसी तथा पिसिआर मसिन जस्ता इक्युपमेन्टसहरूको व्यवस्था गरिएको छ । शैक्षिक कार्यक्रमहरू थप भएसँगै विभिन्न प्रयोगशालाहरूको स्तरोन्नति तथा नयाँ प्रयोगशालाहरू थप भएका छन् । प्राज्ञिक स्वायत्तताअन्तर्गत क्याम्पसमा पोषण तथा आहार विज्ञान कार्यक्रमअन्तर्गत स्नातक तह सञ्चालित छ ।

वि.सं. २०७६ सालमा त्रि.वि.कै उत्कृष्ट क्याम्पसका रूपमा क्याम्पस पुरस्कृत हुन सफल भयो । हाल क्याम्पस **QAA** प्राप्तिका अन्तिम चरणमा रहेको छ । क्याम्पसका यी सबै उपलब्धिहरू प्रत्यक्षपरोक्ष रूपमा स्वायत्ततासँग देनका रूपमा रहेका छन् । समग्रमा हेर्दा स्वायत्ताताको प्राप्तिपश्चात् क्याम्पसको भौतिक, शैक्षिक तथा प्रशासनिक विकासमा कायापलट नै भएको देख्न सकिन्छ । यी सबै उपलब्धिलाई स्वयत्ततासँग प्रतिफलका रूपमा लिन सकिन्छ ।

केन्द्रीय प्रविधि क्याम्पसमा स्वायत्ततासँग चुनौती

स्वायत्ताता आफैँमा पूर्णता होइन, यो त एउटा प्रयोग मात्र हो । त्रि.वि.को केन्द्रीकृत संरचनालाई चुस्त दुरुस्त बनाउँदै एवम् मातहतका निकायहरूलाई आर्थिक, प्राज्ञिक, प्रशासनिक रूपमा अधिकारसम्पन्न बनाउँदै तोकिएको शैक्षिक उद्देश्य हासिल गर्नका लागि निर्माण गरिएको एउटा अवधारणा वा अभ्यास मात्र हो । जुनसुकै अवधारणा सफल हुनका लागि कार्यन्वयन पक्ष सबैभन्दा प्रभावकारी हुन जरुरी हुन्छ । जब

कार्यन्वयन पक्ष सापेक्ष वा कुनै एक पक्षको अनुकूलताअनुसार अभ्यास गरिन्छ, स्वभाविक रूपमा त्यसको लक्ष्यित उद्देश्यमाथि प्रश्न चिन्ह खडा हुन पुग्दछ ।

जुन लक्ष्य र उद्देश्यका साथ त्रि.वि.मा स्वायत्तताको अवधारणा अगाडि बढाइयो, प्रारम्भिक चरणमा त्यसको कार्यन्वयनमा त्रि.वि. केन्द्रीय कार्यालयबाट पूर्ण तदारुकता देखाइयो । स्वायत्तातासम्बन्धी नियमावलीलाई अक्षरशः पालना गरियो । स्वायत्तताप्राप्त क्याम्पसका लागि अनुदान आयोगबाट विनियोजित बजेटलाई विना रोकटोक सम्बन्धित क्याम्पसमा आउन दिइयो । फलस्वरूप स्वायत्तताप्राप्त क्याम्पसहरूले विकासको जग बसाउन सके । यसैबीच अनुदान आयोगबाट स्वायत्तता प्राप्त क्याम्पसका लागि छुट्याइएको बजेट सिधै सम्बन्धित क्याम्पसमा विनियोजन गरिँदा केन्द्रीय कार्यालय सँगको उक्त क्याम्पसहरूको सम्बन्ध कमजोर भएको भन्ने बहानामा वि.सं. २०७३ सालबाट त्रि.वि. केन्द्रीय कार्यालयबाट स्वयत्ततताप्राप्त क्याम्पसका लागि विनियोजन गरिएको बजेट सिधै नपठाएर केन्द्रीय कार्यालयमार्फत् पठाउनुपर्ने अडान राखिएपछि स्वायत्तताप्राप्त क्याम्पसका चुनौतीका दिनहरू प्रारम्भ भएको देख्न सकिन्छ । विश्वविद्यालय अनुदान आयोगबाट वि.सं. २०७३ सालबाट स्वायत्तताप्राप्त क्याम्पसको लागि विनियोजित बजेट केन्द्रीय कार्यालयमार्फत् पठाउन थालिएपछि वि.सं. २०७३ र २०७४ सालसम्म केन्द्रीय कार्यालयले सम्पूर्ण बजेट केन्द्रीय प्रविधि क्याम्पसका लागि पठाइएको तथा वि.सं. २०७५ सालबाट भने नियमावलीमा उल्लेख गरिएको दरबन्दीअनुसारको एकमुष्ट बजेट नपठाएर तत्काल कार्यरत शिक्षक कर्मचारीको सङ्ख्याअनुसार टाउको गनेर रकम पठाउन थालियो । यसरी दरबन्दीअनुसारको रकम नपठाएर कार्यरत शिक्षक कर्मचारीहरूको तलब मात्र केन्द्रीय कार्यालयबाट पठाइँदा ठुलो सङ्ख्यामा रिक्त रहेको शिक्षक कर्मचारीको तलबभत्ताको व्यवस्था क्याम्पस आफैँले गर्नुपर्ने अवस्था सिर्जना भयो । त्यसबाहेक केमिकल्स, इक्युपमेन्टस्, ग्लासवेयर्स तथा दैनिक सञ्चालन खर्च क्याम्पसले आन्तरिक स्रोतबाट नै बेहोर्नुपर्ने भयो ।

हाल केन्द्रीय प्रविधि क्याम्पसमा सेवानिवृत्त हुने शिक्षक कर्मचारीहरूको सङ्ख्या बढिरहेको छ । हरेक साल चारपाँच जना शिक्षक कर्मचारीहरू क्याम्पसबाट सेवानिवृत्त हुने गरेको पाइन्छ । यसरी सेवानिवृत्त हुने शिक्षक कर्मचारीहरूको सङ्ख्या बढिरहँदा आन्तरिक स्रोतबाट सेवासुविधा उपलब्ध गराउने शिक्षक कर्मचारीका भरमा मात्र क्याम्पसको शैक्षिक तथा प्रशासनिक कार्यहरू सञ्चालन गर्न समस्या भएर क्याम्पसको आर्थिक अवस्था विकराल हुँदै गएको छ । त्रि.वि. केन्द्रीय कार्यालयबाट दरबन्दीअनुसार शिक्षक कर्मचारीहरू आपूर्ति नहुने तथा आन्तरिक स्रोतबाट नै उक्त स्थानहरूको कार्य

सम्पादन गरिरहनुपरेका खण्डमा आर्थिक समस्याको कारणले नै क्याम्पसको अवस्था धराशायी हुने सहज अनुमान गर्न सकिन्छ। हाल वि.सं. २०७९ मा यस क्याम्पसको स्वर्ण महोत्सव मनाइरहँदा क्याम्पसमा रहेको शिक्षक कर्मचारीहरूको दरबन्दी तथा कार्यरत रहेका शिक्षक कर्मचारीहरूको विवरण तलको तालिकाअनुसार हेर्न सकिन्छ :

केन्द्रीय प्रविधि क्याम्पसका शिक्षकहरुको र्तमान अबस्थाः

क्र. सं	विषयहरु	दरबन्दी	बार्यरतशिक्षकहरु बिदा					जम्मा कार्यरत शिक्षक	साप्ताहिक कक्षाभार	आवश्यक शिक्षक
			स्थायी	करार	आंशिक	काज	Ph.D. बिदा			
१.	Food	34	10	0	2	1+1+1	2	5+0+2	260	11
२.	B. Sc .in N/D	11	0	4	1			1+4+1	171	7
३.	CSIT	0	0	0	1			0+0+1	111C	8
४.	BIT	0	0	0	1			0+0+1	105C	7
५.	Botany	3	3+1	0	1	1	1	2+0+1	138	6
६.	Zoology	4	2	1	1	1	1	0+1+1	138	6
६.	Microbiology	3	4	0	3	1	2	1+0+3	168+48C	7+4
७.	Geology	0	0	2	1			0+2+1	132	6
८.	Chemistry	8	6	1	0	1	1	4+1+0	178 + 4C	7
९.	Physics	5	2	3+2	2		1	1+{(3)+2}+2	195 P+ 7 C	8
१०.	Math	2	1	1	2			1+1+2	103 P + 32 C	4+2
११.	Statistics	1	1	0	1			1+0+1	127 + 38C	5+3
१२.	English	3	1	0	0			1		
१३.	Nepali	2						0		
	Total	76	31	14	17	7	8	47		91

केन्द्रीय प्रविधि क्याम्पसको कर्मचारीको वर्तमान अवस्था

क्र. सं	पद	दरबन्दी	कार्यरतकर्मचारीहरु					जम्मा कार्यरत कर्मचारी	निम्नतमआवश्यक कर्मचारी
			स्थायी	करार	ज्यालादारी	काज	बिदा		
१	आर्थिकलेखानियन्त्रक	-	१					१	१
२	शाखाअधिकृत	२	२			१		१	५

३	पुस्तकालयअधिकृत	१	१					१	१
४	मुख्यकार्यालयसहायक	५	४	१				५	७
	मुख्यलेखासहायक	१	१	१				२	२
५	मुख्यकार्यालयसहायक (स्टोर)			१				१	१
६	मुख्यप्राविधिकसहायक		१	३				४	५
७	कम्प्युटरअपरेटर		१	१				२	२
८	कार्यालयसहायक	५	१			१		०	७
९	ल्याबब्वाई	८	४	५				९	१२
१०	ईलेक्ट्रीसियन	१	१					१	१
११	सिनियरपियन (प्लम्बर)		१					१	१
१२	कार्यालयसहयोगी	२६	१०	२	१३	१		१८	३०
	जम्मा	४९	२८	१३		२		४५	७५

क्याम्पस सञ्चालनका लागि भौतिक संरचना निर्माण हुनु, शैक्षिक कार्यक्रमहरू थप गरिनु, प्रयोगशाला तथा पुस्तकालयको स्तरोन्नति गरिनु मात्र ठुलो कुरा होइन । विद्यार्थीहरूलाई समयसापेक्ष स्तरीय शिक्षा प्रदान गर्दै कुनै प्रकारको आर्थिक तथा प्रशासनिक झन्झट विना नै नियमित रूपमा संस्था सञ्चालन गरिनु ठुलो कुरा हो । आज यस क्याम्पसमा आङ्गिक क्याम्पसका रूपमा ३० औ, ४० औ वर्ष अगाडिबाट प्रारम्भ गरिएका खाद्य प्रविधि (बी.टेक्.) तथा साधारण विज्ञान (बी.एस्सी) जस्ता शैक्षिक कार्यक्रमहरूमा क्याम्पसले चाहेर पनि निजी शैक्षिक संस्थाजस्तो शुल्क वृद्धि गर्न सक्दैन । तर उक्त कार्यक्रमहरू सञ्चालनका लागि आवश्यक शिक्षक, कर्मचारी, इक्युपमेन्टस्, केमिकल्स, ग्लासवेयर्स जस्ता नियमित वस्तुको व्यवस्था गर्न अत्यन्तै कठिन अवस्था देखिएको छ ।

उपसंहार

वि.सं. २०६२ सालमा स्वायत्ततासम्बन्धी नियम निर्माणपछि केही क्याम्पसहरूमा यो लागू गर्न प्रयास गरिँदा क्याम्पसको भविष्यमाथि आशङ्का गर्दै विरोधका स्वरहरू उठेका थिए । आशङ्काको स्वर थियो - "यो त्रि.वि.को निजीकरणको अभ्यास हो कुनै दिन स्वायत्तताप्राप्त क्याम्पसहरू टाट पल्टिएर पूर्ववत् आङ्गिक क्याम्पसका रूपमा फिर्ता

हुनेछन् या सम्पूर्ण डोनेसन कार्यक्रमहरू मात्र सञ्चालन गरेर आत्मनिर्भर बनेर उक्त क्याम्पसको केन्द्रीय कार्यालयसँगको सम्बन्ध समाप्तप्रायः हुनेछ ।" यो आशङ्का हाल केन्द्रीय प्रविधि क्याम्पसको वर्तमान आर्थिक अवस्थाले पुष्ट्याइँ गर्दै गएको देख्न सकिन्छ ।

हाल केन्द्रीय प्रविधि क्याम्पसले भोगिरहेका सम्मस्याको तत्काल निराकरण खोज्ने हो भने स्वायत्तता प्रदान गरिँदाको त्रि.वि. केन्द्रीय कार्यालय र केन्द्रीय प्रविधि क्याम्पसका बीचको सम्झौतालाई वि.सं. २०७५ सालभन्दा अगाडि झैं अक्षरशः पालना गरिनुपर्दछ, अन्यथा प्रदेश नं १ को विज्ञान र प्रविधिका ज्ञानको केन्द्रका रूपमा इतिहास बोकेको यो क्याम्पस आर्थिक सङ्कटका कारणले नै धराशायी बन्ने निश्चतप्रायः छ । सम्बन्धित निकायहरूको वेलैमा ध्यान पुगोस् ।

*

(प्रा.डा. धन बहादुर कार्की केन्द्रीय प्रविधि क्याम्पस धरानका पूर्व क्याम्पस प्रमुख तथा वर्तमान सञ्चालक समितिका अध्यक्ष हुनुहुन्छ एवम् सहप्रा.बबिता अधिकारी केन्द्रीय प्रविधि क्याम्पस धरानका वर्तमान सहायक क्याम्पस प्रमुख हुनुहुन्छ)

स्मृतिमा त्रि.वि.केन्द्रीय प्रविधि क्याम्पस

प्रा. गीता भट्टराई

उच्च शिक्षाको खोजीमा सहरतिर

मेरो जन्म वि.सं. २०१५ साल पौष महिनामा नेपालको शुदूर पूर्व तेह्रथुम जिल्लाको खेलपुर भन्ने गाउँमा भएको हो । मेरो बुबा गिरीराज गौतम र आमा दयादेवी गौतम हुनुहुन्छ । मेरो पढाईको सुरुवात गाउकै एक प्राथमिक विद्यालयबाट भयो । पाँच कक्षा सम्मको अध्ययन त्यहा पुरा गरेपछी गाउँको स्कुलमा त्यसभन्दा अगाडि पढ्ने सुविधा नभएकोले बुबाआमाले हामी चार जना छोराछोरीलाई पाँचथर जिल्लाको सदरमुकाम फिदिममा राखेर हाइस्कूल सम्म पढाउनु भयो । मैले २०३१ सालमा फिदिमको श्री फिदिम व्यवसायिक माध्यमिक विद्यालयबाट SLC परीक्षा दिएँ ।

२०३२ साल जेठ वा असारमा मेरो एस एल सी को रिजल्ट प्रकाशित भएको रेडियोबाट थाहा भयो । सञ्चार र यातायातको असुविद्याले गर्दा त्यसको तीनचार दिनपछि हामी बसेको पाँचथर जिल्लाको फिदिम बजारमा गोरखापत्र आयो । दोस्रो श्रेणीमा पास भएको कुरा पत्ता लाग्यो । त्यही साँझ बुबाले अब तँ धरान जानुपर्दछ, कलेज पढ्न भनेर भन्नुभयो । कुन कलेज, के विषय पढ्ने केही थाहा थिएन । फिदिमबाट हिँडेको तीन दिनपछि धरान आइपुगियो । प्रवेश परीक्षा पास गरी २०३२ साल भाद्र ४ गते देखि कक्षा सुरु भयो र मैले व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थान अर्न्तगत खाद्य प्रविधि विषयमा प्रमाणपत्र तहमा अध्ययन गर्न सुरु गरेँ । तर त्यति वेला मलाई के थाहा कि यो संस्थामा मेरो जीवनको अधिकांश हिस्सा बित्नेछ भनेर ।

पाँचदशक अघिको केन्द्रीय प्रविधि क्याम्पस

केही विषयको पढाइ त्यस वेला हात्तीसारको डाँडामा हुन्थ्यो भने केही विषयको तल जनपथको भाडाका घरमा हुन्थ्यो । हात्तीसारमा काठबाट बनेका र टिनको छाना लगाएका टहरामा पढाइ हुन्थ्यो । अफिस, लाइब्रेरी र स्टोर पनि त्यस्तै टहरामा थिए । हावा नचलेका वेला त ठीकै थियो, तर हावापानी आउँदा टिन बजेर पढाएको केही नबुझिने हुनाले कक्षा स्थगित गर्नुपर्थ्यो । त्यो कोर्स दुईबर्से थियो र त्यसमा जम्मा चार सेमेस्टर थिए । त्यस समयमा हामी विद्यार्थी थोरै थियौँ । हामीलाई पढाउने सरहरूको कमी थिएन । हरेक विद्यार्थी र सरहरूका बीचमा राम्रो परिचय र चिनजान थियो ।त्यस समयमा कलेजमा विद्यार्थीहरूको सङ्गठन खोल्न पाइँदैनथ्यो । क्याम्पसमा राजनीतिको गन्ध पनि थिएन । क्याम्पसमा अतिरिक्त क्रियाकलापहरू भइरहन्थे । म अरू त होइन, साहित्यगोष्ठी, वादविवाद र हाजिरीजवाफजस्ता कार्यक्रममा भाग लिन्थेँ र विजयी पनि

बन्थें । मेरा लागि अतिरिक्त क्रियाकलापका ती कार्यक्रमहरू अति नै लाभदायक भए र जनसमूहमा गएर बोल्न तथा आफ्ना तर्कहरूराख्न आत्मबल प्राप्त गरें । ती क्रियाकलापले मलाई पछि गएर मेरो प्राध्यापन पेशामा पनि सहायता गऱ्यो ।

त्यस समयमा हामीलाई प्राध्यापन गर्ने सरहरूमा जगत्बहादुर के.सी, देवभक्त शाक्य, भद्रमान तुलाधर, तिलकमान श्रेष्ठ, कृष्णकुमार न्यौपाने, भिष्मानन्द वैद्य, आनन्दमानसिंह प्रधान, मिरा मास्के, चैतन्य शर्मा, ललितबहादुर बस्नेत, प्रदीपराज राजभण्डारी, तीर्थानन्दवैद्य, बद्रीलक्ष्मीवैद्य, मोहम्मद समसुल हक, रामकृष्ण प्रसाईं, केशव भट्टराई, जगन्नाथ श्रेष्ठ, पुरण श्रेष्ठ इत्यादि हुनुहुन्थ्यो । अहिले यीमध्ये कतिपय सरहरूले परमपद प्राप्त गरिसक्नुभयो । उहाँहरूलाई श्रद्धासुमन र वैकुण्ठवास प्राप्त होओस् भनी कामना गर्दछु ।

त्यस समयमा अहिलेको जस्तो शिक्षक र विद्यार्थीहरू राजनीतिक कित्तामा बाँडिएका थिएनन् । सरहरू दशबजे क्याम्पस आइपुग्नुहुन्थ्यो । पूरा समय क्याम्पसमा नै बिताउनु हुन्थ्यो । अहिलेको जस्तो हेल्मेट शिक्षक कोही पनि हुँदैनथ्यो । जुनसुकै पनि सरहरू विद्यार्थीले खोजेका समयमा सजिलै उपलब्ध हुन सक्नुहुन्थ्यो ।

हामीले अध्ययन गर्दा दुईजना विदेशी शिक्षकहरू हुनुहुन्थ्यो । ती दुईजनामा एक जनाको नाम किथ र अर्को जनाको डेभिड थियो । उहाँहरूको पूरा नाम अहिले मलाई याद भएन । ती दुई जनामा किथ सरका विभिन्न किसिमका रमाइला किस्साहरू हामी विद्यार्थीबीच भैरहन्थे । उहाँ सामान बोक्ने ढाकरलाई छाँटकाँट गरेर बेल्टहरू राखेर हामीले बोक्ने खकने ब्यागजस्तो बनाई आफ्ना सरसामानहरू बोक्नुहुन्थ्यो । उहाँले एउटा बिरालो पाल्नुभएको थियोर कहिलेकाँही त्यो ढाकरमा बिरालो राखेर बजारतिर हिँड्नुहुन्थ्यो । सरको पढाउने कला असाध्यै राम्रो थियो । उहाँले बोल्ने गरेको इङ्ग्लिस हामी सबै नबुझ्ने भएको हुँदा हामीलाई पढाउने कुरा अङ्ग्रेजीमा ब्ल्याक बोर्डमा लेखिदिनु हुन्थ्यो । त्यस समयमा हामी विद्यार्थी र शिक्षकका बीचमा अभिभावक र छोराछोरीको जस्तो सम्बन्ध हुन्थ्यो । सरहरू र विद्यार्थी भएर हामी वनभोज जान्थ्यौं । भाँडा, कराही, थाल इत्यादि सबै आँफैं खोजेर लान्थ्यौंर वनभोजमा खानेकुराहरू आँफैं पकाउँथ्यौं, आँफै भाँडा सफा गर्थ्यौं । क्याम्पसले विद्यार्थीलाई शैक्षिक भ्रमणमा लाने गर्थ्यो । हामीलाई प्रा.डा. माधव पोखरेल र तिलकमान श्रेष्ठ सरले नेपालको भैरहवा, बुटबल र पाल्पालगायतका विभिन्न ठाउँमा लानुभएको थियो । मैले यी ठाउँलगायत काठमाडौं, वीरगञ्ज, जनकपुर, हेटौंडा, नारायणगढ जीवनमा नै पहिलो चोटि देखें ।

आई टेक् पढदा ताकाका ती दिनहरू असाध्यै रमाइला थिए । केटाकेटी अवस्थाका ती दिनहरूमा ठूलो उत्तरदायित्व केही थिएन । साथीहरू मिलेर सिनेमा हेर्न जान्थ्यौं र धेरै दिनसम्म त्यै सिनेमाकै बारेमा चर्चा परिचर्चा गर्थ्यौं । सिनेमा हेर्न जाँदा हलमा कुनै सरलाई देख्यौं भने हामी सबैको सातो जान्थ्यो । सिनेमा सधैं हेर्न पाइँदैनथ्यो । कन्सेसनमा महिनामा एकचोटि, त्यो पनि शनिवारमात्र हेर्न पाइन्थ्यो ।

०३२ देखि ०३४ सालको त्यस समयमा सबै सर र विद्यार्थीहरू हिँडेर नै क्याम्पस आउनेजाने चलन थियो । हात्तीसारबाट धरानको पुरानो बजार झर्ने छोटो बाटाबाट हामी क्याम्पस आउनेजाने गर्थ्यौं । त्यास समयमा त्यस्तो एकान्त ठाउँ भएपनि कुनै किसिमको अप्रिय घटना भने घटेन । हामीसँग त्यस समयमा अध्ययन गर्ने मित्रहरूमा प्रदीप भण्डारी, अशोक राई, केशव भट्टराई, उत्तम भट्टराई, गेहनाथ गौतम, रमेश भट्टराई, केदार पौड्याल, गणेश दवाडी, जीवनप्रभा निरौला इत्यादि थिए । उनीहरू समाजका विभिन्न क्षेत्रमा सक्षम भए निस्किए । ०३२ देखि ०३५ मा मेरो आई टेक्को अध्ययन पूरा भयो ।

उच्च शिक्षाको भोक र स्नातक तह अध्ययन

वि.सं. २०३९ साल चैत्रमा बी टेक् (खाद्य प्रविधि) अध्ययनका लागि क्याम्पस भर्ना भएँ । अब पहिलाको जस्तो काठका टहरा नभएर विशाल भवनमा हाम्रो पढाइ सुरु भयो । खाद्य प्रविधि स्नातक तह खोल्न र ती विशाल भवनहरू, शिक्षक आवासगृह, छात्रावास इत्यादि निर्माण गर्न परासर, नारायण सुवाल, भद्रमान तुलाधर, जगत्बहादुर के.सी., देवभक्त शाक्य आदि तत्कालीन सरहरूले महत्त्वपूर्ण भूमिका खेल्नुभएको थियो । त्यसै समयमा हाम्रा दिवङ्गत राजा वीरेन्द्र सरकारको पनि क्याम्पसमा सवारी भएको थियो । सरकारले खाद्य प्रविधिका बारेमा ठूलो चासो राखिबक्सनुका साथै यस कलेजलाई केन्द्रीय प्रविधि क्याम्पस बनाउन निर्देशन दिइबक्सेको थियो । बी टेक् अध्ययन गर्दा हाम्रा ब्याजमा छात्रा म एकजना मात्र थिएँ । त्यसैले सुरुमा अलिक असहज हुने हो कि जस्तो लाग्दथ्यो । तर पछि त सबै साथीहरू साह्रै मिलनसार र सहयोगी पाएँ । त्यति वेलाका मसँग साह्रै मिल्ने र मलाई सहयोग गर्ने साथीमा आर.सी. लिम्बू, तारा निरौला, टङ्कमणि काफ्ले, सी.एम. उप्रेती, पुष्प आचार्य आदि हुनुहुन्थ्यो ।

२०४० साल माघमा मेरो विवाह भयो । बी टेक् प्रथम वर्षमा अध्ययन गर्दै थिएँ । म र मेरो श्रीमान्को सुरुको परिचय आर.सी.जीले गराउनुभएको थियो । पछि हाम्रो विवाहमा मेरा माथि नाम उल्लेख भएका साथीहरूले ठूलो सहयोग गर्नुभयो ।

विवाहपछि मेरो दायित्व बढेर गयो । घर किसान परिवारको थियो,त्यो पनि झापाको गौरादहमा । खेतीपानी नै घरको व्यवसाय भएकाले घरमा गाईभैंसी, बाख्रापाठा, गोरु इत्यादि थिए । समय समयमा घर जानुपर्दथ्यो । अब मेरा पढाइमा केही बाधा आउन थाल्यो । तर मेरा साथीहरूले थ्योरी कक्षामा पढाइ भएको कुरा सबै बुझाइदिन्थे । एक दिन म प्राक्टिकल कक्षामा आधा घण्टा ढिलो पुगेँछु । त्यो विषय एउटी भारतीय महिलाले पढाउनु हुन्थ्यो । उहाँले मलाई 'तँ अब वुमन (आइमाई) भइसकिस् र तँ अब कलेजको रुटिनमा चल्न सक्दिनस्, तैँले अब पढ्नुपर्दैन' भनेर अङ्ग्रेजीमा गाली गर्नुभयो । उहाँको गाली जेनतेन उहाँकै अगाडि बसेर सुनेँ । तर मेरो गला अवरुद्ध भयो । आँखा आँसुले डब्डबाए । म त्यहाँ बसिरहन सकिनँ । कुँदेर ट्वाइलेटमा गएँ र भक्कानिदै रोएँ । किन मलाई त्यो मेडमले एउटी महिला भएर पनि त्यसो भन्नुभयो जस्तो लाग्यो । एउटी महिलाले मलाई प्रोत्साहन दिनुको सट्टा किन दुरुत्साहन गर्नुभयो ? यी सारा कुरा मैले साथीहरूलाई भनेँ । मेरा साथीहरूले मलाई सम्झाउनुभयो र मेडमसँग कुरा पनि मेरो अनुपस्थितिमा गर्नुभएछ । त्यो म्याडमप्रति मेरो जुन श्रद्धा थियो, त्यो घटेर गयो ।

आई टेक्का तुलनामा बी टेक्को कोर्स धेरै स्तरीय थियो । खाद्य प्रविधिका धेरै विषयवस्तु पढ्नुपर्दथ्यो । कतिपय विषयमा सरहरूको कमी थियो । फुड टेक्नोलोजीका शिक्षकहरू भारतको मैसुर, कलकत्ता, दिल्ली जस्ता ठाउँबाट ल्याउनुपर्दथ्यो । जेनतेन गर्दै पढाइलाई अघि बढाउँदै लगेँ । बी टेक् तेस्रो वर्षमा पढ्दै गर्दा छोरी जन्मिइन् । पढाइमा झन् व्यवधान आउन लाग्यो । तर पढाइलाई निरन्तरता दिएँ । अब म छोरीलाई दुध खुवाउनका लागि दिनमा तीनपटकसम्म कोठा र क्याम्पसमा ओहोरदोहोर गर्न लागेँ । म बी टेक् अध्ययन गर्दा क्याम्पस चिफ प्राध्यापक जगत्बहादुर के.सी. हुनुहुन्थ्यो । सर धेरै नै सहयोगी र सक्रिय हुनुहुन्थ्यो । उहाँका कुराहरू मोटिभेसनल टाइपका हुन्थे । सरले मेहनतपूर्वक वेट पाइलट प्लान्ट, ड्राई पाइलट प्लान्ट, बोइलर हाउसका लागि रकम जुटाउनु भयो र निर्माण गर्नुभयो । राम्रो र व्यवस्थित छात्रावास बनाउन नसकेपनि छात्रहरूका लागि साधारण छात्रवास बनाउनु भयो जसमा आजपर्यन्त विद्यार्थीहरू बसिरहनु भएको छ । खुशीको कुरा हाल क्याम्पसमा छात्रहरूका लागि ४३ जना र छात्रहरूका लागि ६५ जना विद्यार्थी क्षमताका २ ओटा नयाँ व्यवस्थित छात्रावास निर्माण भइसकेका छन् ।

मैले २०४० देखि २०४४ सम्म बी. टेक्. अध्ययन गरेँ । यो अवधिमा क्याम्पसमा राजनीति घुसिसकेको थियो । विद्यार्थीहरू ने.वि. सङ्घ र अनेरास्वविय्मा बाँडिएका थिए । स्वविय्को चुनावमा विद्यार्थीहरू आफ्नो सङ्गठनलाई जिताउन धेरै मेहनत गर्थे ।

त्यतिखेर देशमा पञ्चायती व्यवस्था थियो र पञ्चायती व्यवस्थालाई समर्थन गर्ने विद्यार्थीहरूलाई मण्डले भनिन्थ्यो । पञ्चायत समर्थन गर्ने विद्यार्थी सङ्गठनलाई राष्ट्रवादी स्वतन्त्र विद्यार्थी मण्डल भनिन्थ्यो । शिक्षकहरू पनि प्रगतिशिल प्राध्यापक सङ्गठन र प्रजातन्त्रवादी प्राध्यापक सङ्घमा बाँडिएका थिए । राजनैतिक आस्थाको आधारमा शिक्षक र विद्यार्थी विभाजि हुनुपर्ने अवस्था थियो । कुन सङ्गठनमा धेरै सदस्य जम्मा गर्न सकिन्छ भनेर होडबाजी नै चल्थ्यो । हात्तीसार क्याम्पसमा भने प्रायः अखिलको नै जित हुन्थ्यो । प्रगतिशील र प्रजातन्त्रवादी मध्ये जुन विचारवाला व्यक्ति क्याम्पस नेतृत्वमा हुन्थ्यो, विद्यार्थीहरू पनि त्यही विचारधाराका होउन् भन्ने आशा राख्दथे ।

हामीलाई बी टेक्मा पढाउनुहुने सरहरूमा जगत्बहादुर के.सी, तिलकमान श्रेष्ठ, ललितबहादुर बस्नेत, मीरा मास्के, नारायण राई, तोयानाथ प्रसाई, टी.एन. मण्डल, सुमन कुमार लालदास, पुनितचन्द्र श्रीवास्तव, कृष्णकुमार न्यौपाने, केशव नेपाली, डा. आशिष मुखर्जी, देवाशिषवसु हुनुहन्थ्यो । फिजिक्स र खाद्य प्रविधिका शिक्षकहरू नेपालमा नपाइएर भारतबाट पनि ल्याइन्थ्यो । उताबाट ल्याइएकामा डा. आशिष मुखर्जी, सलिल वसु, पुलक डे, हरेन्द्र सिन्हा, निवेदिता मल्लिक आदि (कतिपयको नाम अहिले मैले भुलें) हुनुहुन्थ्यो । हामीले वार्षिक प्रणालीअनुसार पढेपनि हरेक वर्षमा एसिस्मेन्ट परीक्षा हुन्थ्यो र एसिस्मेन्ट पास गरेपछि मात्र फाइनल परीक्षा दिन पाइन्थ्यो । यसरी नै मैले बी टेक्को पढाइ पूरा गरें । बी टेक्को कोर्समा दशदिने औधोगिक भ्रमणको कुरा उल्लेख छ । हामीलाई औधोगिक भ्रमणमा लग्ने सरहरूमा प्रा.डा. सुरेन्द्रबहादुर कटवाल र प्रा.डा. गङ्गा खरेल हुनुहुन्थ्यो । औधोगिक भ्रमणमा जाँदा सबै साथीहरू होटलको दुईवटा कोठामा कोचाकोच गरेर बस्नु भएछ र मलाई एउटा सिङ्गल कोठा दिनुभएको कुरा कहिल्यै बिर्सन्न ।

कामको खोजीमा भौतारिँदा

२०४६/२०४७ सालतिरको कुरा हो । मैले बी टेक् पूरा गरिसकेकी थिएँ । अब के काम गरौं भनेर सोच्दै थिएँ । हात्तीसार क्याम्पसमा फुड टेक्नोलोजीका केही विषय पढाउने शिक्षकहरू चाहिएको छ भन्ने कुरा थाहा पाएँ । डराउँदै डराउँदै क्याम्पस गएँ । त्यो समयको सहायक डीन प्रा. जगतबहादुर के.सी. हुनुहुन्थ्यो । जगत सरसँग त्यहाँ पढाउने इच्छा राखें । जगत् सरले मेरो प्रस्ताव स्वीकार गर्नुभयो र २०४७ साल वैशाख २ गतेदेखि आंशिक शिक्षकका रूपमा नियुक्ति दिनुभयो । मलाई असाध्यै खुसी लाग्यो । न त मेरो केही सोर्सफोर्स थियो, न मेरो कुनै राजनैतिक कित्ता नै थियो । थिए त मलाई जगत सरको अगाडि उभिएर जागिर माग्ने आँट, बी.टेक्. उतीर्ण गरेर बी टेक्लाई नै

पढाउन सक्छु भन्ने हिम्मत अनि मेरो आर्थिक आवश्यकताहरू । यिनै कुरा बलवान् भए होलान् । अनि हुनसक्छ, जगतबहादुर सरका मनमा पलाएको एउटी नारीले शिक्षण पेसा प्रति रुचि गर्दा अवसर दिऊँ, एउटी चेलीले आफ्नो क्षमता देखाउन पाओस् साथै गरेर खाओस् भन्ने भावना । नियुक्ति पत्र बोकेर घर फिर्दा फेरि चुनौतीहरू सामु आए कि अब मेरो पाँच महिनाको छोरा र असी वर्ष लाग्नुभएकी सासू आमालाई कसरी सम्हालुँला ?

२०४७ साल बैशाख २ गतेदेखि प्राध्यापन गर्ने गरी नियुक्ति पाएर क्लास लिन सुरु गरेँ । शिक्षण पेसा प्रारम्भ गरेको हप्ता दिन बित्दै गर्दा २०४७ साल बैशाख ९ गते क्याम्पसमा एउटा अप्रिय घटना भयो । क्याम्पस गएर थ्योरी कक्षा लिएर प्राक्टिकल कक्षाको तयारी गर्न भनेर ल्याबमा गएँ । ल्याब ब्वाइ लक्ष्मी भाइले भन्नुभयो, "क्लास हुँदैन होला, म्याडम ! सबै जना क्याम्पसको गेटमा जम्मा भएका छन् । कालो मोसो इत्यादि के के भन्दैछन् ।" म के हुन आँटेछ भनेर हतारहतार क्याम्पसका गेटमा गएँ । जगत सरलाई एक हुल विद्यार्थीहरूले कालोमोसो दलेर र जुत्ताको माला लगाएर एसेम्ली हलमा लगिरहेका रहेछन् । फेरि एक छिनपछि सुनियो कि जगत् सरलाई क्याम्पस प्रमुखबाट राजिनामा दिन लगाइयो । कतिपय विद्यार्थीहरूमा आक्रोश देखिन्थ्यो, कतिपयमा कौतूहल अनि कतिपयमा निरीहता । म आफुलाई किङ्कर्तव्यविमूढको अवस्थामा रहेको सम्झन्छु । अहिले म आफूलाई त्यो क्षण सम्झँदा पश्चात्ताप लाग्छ म किन त्यस्ती भएँ ? यस्तो कार्य पक्कै राम्रो थिएन । मैले किन त्यसको प्रतिरोध गर्न सकिनँ ? विद्यार्थी आखिर विद्यार्थी हुन् हाम्रा छोराछोरी जस्ता । उनीहरूमा परिपक्वता भइसकेको हुँदैन । व्यवहारिक कुशलतामा पनि उनीहरू कमजोर हुन सक्दछन । मैले उनीहरूले मानुन् वा नमानुन्, एकपटक त उनीहरूलाई यस्तो कार्य नगर्न दबाब दिनुपर्थ्यो । म एउटी शिक्षित र जिम्मेवार महिला हुँ भने मैले गलतलाई गलत र ठीकलाई ठीक भन्न सक्नुपर्थ्यो । तबमात्र मेरो जिम्मेवारी काम लागेको ठहर्थ्यो । पुस्तकका अक्षर पढेर त्यसैमा मैले आफ्नो विद्वता देखेँ भने त्यस्तो विद्वत्ताको के अर्थ रहन्थ्यो र ? मैलै उक्त घटनामा दुर्व्यवहारको सामना गरिरहनुभएका मेरा आदरणीय सरलाई बचाउन प्रतिरोधमा उत्रन सकिनँ । मलाई अहिलेसम्म त्यो कुरा खट्किरहन्छ ।

यस्तै वातावरणमा आफ्नो शिक्षण पेसालाई अघि बढाउँदै लगेँ । नयाँ सहायक डीनमा बद्रीनाथ श्रेष्ठ आउनुभयो । उहाँको पहिचान प्रजातन्त्रवादी प्राध्यापकमा थियो । उहाँ पनि एउटा कुशल प्रशासक, विद्यार्थी र साथीभाइ मैत्री हुनुहुन्थ्यो । जुनसुकै काम गर्दा पारदर्शी भएर सबैको कुरा सुन्ने र सबैलाई सहायता गर्ने स्वभावको हुनुहुन्थ्यो ।

जब बी टेक्को एक वर्षको मलाई सुम्पिएको क्लास पढाएर सकियो,तब क्लास नभएपछि पैसा पनि आउन छोड्यो । मैले फेरि बद्री सरलाई करकर गर्न लागेँ । सरले माथिबाट स्वीकृति नलिई हुँदैन भन्नु भयो र त्रि.वि केन्द्रबाट स्वीकृति लिएर मलाई एकवर्से करारको नियुक्ति दिनुभयो । अब मन केही ढुक्क भयो । मेरो कमजोर राजनीतिक पृष्ठभूमि र सोर्सफोर्स विनाको अवस्थाका बाबजुद पनि मेरो क्षमताको कदर गर्दै मलाई करार नियुक्ति दिलाउन सरले जुन पहल गर्नुभयो त्यसमा म मेरो भाग्यभन्दा पनि बद्री सरले गर्नुभएको सहायतालाई ठूलो मान्दछु । उहाँले मप्रति लगाउनु भएको गुन म जीवनपर्यन्त बिर्सन सक्दिन । बद्रीनाथ श्रेष्ठ सर अब हामीमाझ रहनु भएन । उहाँप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु ।

त्यस समयमा अर्थात् २०४७/०४८ सालमा हरेक ठाउँमा राजनीति घुस्न सुरु भइसकेको थियो । हरेक शिक्षकले आफ्नो राजनीतिक झुकाव देखाउनु पर्दथ्यो । त्यस समयमा प्रगतिशील र प्रजातन्त्रवादी गरेर दुई प्रकारका प्राध्यापक सङ्गठन थिए । ती दुईमध्ये कुनै एकमा आफ्नो झुकाव नदेखाए त्यो व्यक्ति घरको न घाटको हुन्थ्यो । मैले आफ्नो समर्थन र झुकाव प्रजातन्त्रवादी प्राध्यापक सङ्घलाई दिएकी थिएँ । तर म प्रजातन्त्रवादी भए पनि मैले खरो रूपमा राजनीतिलाई कहिल्यै लिन सकिनँ । वास्तवमा भन्ने हो भने मलाई युनिभर्सिटीमा यतिविधि राजनीतिक स्वतन्त्रता नभए हुने भन्ने अहिलेसम्म पनि लाग्दछ । त्यस समयमा सहायक डीनले एकदुई महिनाको फरकमा शिक्षक मिटिङ राख्नुहुन्थ्यो । प्रायःजसो मिटिङमा प्रगतिशील र प्रजातन्त्रवादी प्राध्यापकका बीच वादविवाद र चर्काचर्की नै पर्दथ्यो । कुरा कुनै ठूलो हुँदैनथ्यो र मलाई चाँहि जसले बोलेपनि कुरा ठीकै जस्तो लाग्दथ्यो । मेरो आफ्नो विचार केही राख्दिनथेँ । त्यसकारण मलाई साथीभाइले खासै महत्त्व दिँदैनथे । तर तोयनाथ प्रसाईं सर भने मलाई सान्त्वना र ढाडस दिनुहुन्थ्यो । उहाँ प्रजातन्त्रवादी नै हुनुहुन्थ्यो ।

फरक नेतृत्व फरक तरिका

केन्द्रीय प्रविधि क्याम्पसको नेतृत्व फरक फरक विद्वान् गुरुहरूले गर्नुभयो । व्यक्ति अनुसार उहाँहरूको तरिका पनि फरक फरक रह्यो । बद्रीनाथ सरले सहायक डीनको अवधि पुरा नगरी एक वर्ष समयावधि बाँकी हुँदै छोड्नुभयो र राष्ट्रिय खेलकुद परिषद्मा सदस्य सचिवको काम सम्हाल्न काठमाडौं बस्न थाल्नुभयो । २०४९/५० को समयमा बद्री सर गएपछि भीष्मानन्द वैद्य सर सहायक डीन भएर आउनुभयो । उहाँ दुई वर्षजति सहायक डीन भएर बस्नुभयो । त्यही समयमा त्रि.वि. सेवा आयोगबाट उपप्रा.को लागि विज्ञापन खुलेको थियो । त्यसमा न्यूनतम योग्यता खाद्य प्रविधिमा स्नातकोत्तर हुनुपर्ने

थियो । हामी चार पाँच जनाले आवेदन फर्म भर्‍यौं र एउटा हामी बीचकै मित्रलाई हामी चार जनाले मिलेर प्लेन टिकट काटेर त्रि.वि. सेवा आयोग, कीर्तिपुर काठमाडौंमा फर्म दर्ताका लागि पठायौं । तर ती मित्रले म मात्र खाद्य प्रविधिमा स्नातकोत्तर हुँ, यी अरू चाहिँ स्नातक मात्रै हुन् भनेर आफ्नो मात्र फारम दर्ता गराई हाम्रा फारामचाहिँ फिर्ता लिएर आए । त्यो साथीले गरेको त्यो हर्कत के थियो बेइमान वा इमान ? तर पछि उनको फारम पनि कसैले रद्ध गरिदिएछ । उनकै योग्यता चाहिँ विवादास्पद रहेछ ।

भीष्मानन्द वैद्य सरकै पालामा बी टेक् तेस्रो वर्षका विद्यार्थीले एउटा विषयको प्रश्न कोर्सभन्दा बाहिरबाट आयो भनेर परीक्षा नै दिएनन् र पुनः परीक्षा गराउनु परेको थियो । त्यस्तो गतिविधि तीन चार सालसम्म कुनै कुनै विषयमा हुने गर्दथ्यो । एकपटक चाहिँ विद्यार्थीले नै त्यस्तै बखेडा झिकेर परीक्षा दिएनन् तर परीक्षा नियन्त्रण कार्यालयले विज्ञहरूका सल्लाहमा पुनःपरीक्षा नलिने निश्चय गर्‍यो । त्यसपछि विद्यार्थीहरूले फेरि यस्तो गतिविधि गरेनन् । वैद्य सर एक प्राज्ञिक व्यक्ति हुनुहुन्छ । उहाँ यस्ता राजनीतिका तिगडमसँग परिचित हुनुहुन्नथ्यो । काम गराइ बहुतै सरल थियो । उहाँ पनि डेढ वर्ष जति सहायक डीनका रूपमा काम गरेरफेरि काठमाडौं नै फिर्ता जानुभयो ।

अब तिलकमान श्रेष्ठ सहायक डीनको लागि नियुक्ति हुनुभयो । तिलकमान सर अति सरल मानिस हुनुहुन्थ्यो । शिक्षक विद्यार्थी सबैसँग राम्रो थियो । उहाँकै पालामा त्रि.वि. सेवा आयोगले पाँचजना उपप्रा.का लागि विज्ञापन प्रकाशित गर्‍यो । तीनचार महिनापछाडि परीक्षा लियो । परीक्षा दिने म, पशुपति मिश्र, पुष्प आचार्य, अशोक श्रेष्ठ, श्याम मिश्र आदि हामी पाँच-छ जना थियौं । सबैजना पास भयौं । त्रि.वि. सेवा आयोग पास भएपछि धेरै ठूलो राहत महसुस भयो ।

क्याम्पसमा प्राध्यापक सङ्घको चुनाव हुन्थ्यो । आफ्नो आफ्नो सङ्गठनलाई जिताउन ठूलो रस्साकस्सी हुन्थ्यो । कसका सदस्य धेरै छन्, बहुत महत्त्वपूर्ण हुन्थ्यो । प्राध्यापक सङ्घको मिटिङमा वादविवाद निकै चर्कन्थ्यो तर परिणाम चाहिँ केही हुँदैनथ्यो ।

समय व्यतीत हुँदै जाँदा निजी कलेज र स्कुलहरू खुल्ने क्रम बढ्यो । अनि कलेजमा पनि हेल्मेट शिक्षकहरूको सङ्ख्या बढ्दै गयो । सरहरू बाहिरतिर व्यस्त हुन थाल्नुभयो । यसले गर्दा सरकारी कलेजको गुणस्तर केही खस्केको जस्तो हुन थाल्यो । यसमा शिक्षकहरूको भनाइ के हुन्थ्यो भने आफ्नो र परिवारको खर्च टार्न सक्ने तलब भयो भने यो हेल्मेट टिचर भएर काम गर्ने कसैको रहर हुँदैन । हेल्मेट टिचर हुनु कुनै पनि शिक्षकको रहर नभएर बाध्यता भएको छ ।

तिलकमान सर एक इमानदार व्यक्ति हुनुहुन्थ्यो । राजनीतिक दृष्टिकोणले उहाँ प्रगतिशील प्राध्यापक सङ्गठनतिर आबद्ध भए पनि कलेजमा उहाँ निष्पक्ष व्यवहार गर्नुहुन्थ्यो । तिलक सरले पनि सहायक डीनको चारवर्षे पदावधि पूरा गर्नुभएन । त्यस्तै एक डेढ वर्ष बाँकी रहँदै त्रि.वि., रसायन शास्त्र,केन्द्रीय विभाग काठमाडौं सर्नुभयो । पुनः जगत्बहादुर के.सी. सहायक डीन भएर आउनुभयो । यो कुरा हो २०५५/५६ सालतिरको । जगत् सर सहायक डीन भएपछि एउटा मिटिङमा क्याम्पसलाई व्यवस्थापन समिति अर्न्तगत सञ्चालन गर्दा कसो होला भनेर कुरा राख्नुभयो र हामी सबै शिक्षकले यसको विरोध गर्‍यौं । प्राइभेटाइजेसनको प्रक्रियाको थालनीको सङ्केत जस्तो लाग्यो । जगत् सरकै पालामा उहाँले डेनिडा फेलोसिप अर्न्तगत हामी चार जना साथीहरू - म, बसन्त राई, श्यामकुमार मिश्र र पुष्प आचार्य डेरी टेक्नोलोजीमा चारमहिने तालिमका लागि डेनमार्क जाने अवसर जुराउनु भएको थियो ।

जगत के.सी. सर कलेजमा गोष्ठी र सेमिनारको आयोजना गर्नुहुन्थ्यो । जगत् सरले पनि सहायक डीनको चारवर्षे अवधि पूरा नगरी करिब एक वर्ष अवधि बाँकी रहँदै सहायक डीन पद छोड्नुभयो ।

खाद्य प्रविधिमा स्नातकोत्तर अध्ययन सुरु

अब त्यसपछि प्राध्यापक डाक्टर दिलीप सुब्बा सर सहायक डीनको पदमा पदस्थापन हुनुभयो । दिलीप सर पनि प्राज्ञिक र सरल व्यवहारको हुनुहुन्छ । उहाँ शिक्षण र अनुसन्धानमा धेरै सिद्धहस्त हुनुहुन्छ । दिलीप सरका पालामा एउटा बहुतै महत्त्वपूर्ण काम भयो । यो कुरा २०५८ सालतिरको हो । त्यस समयसम्म नेपालमा खाद्य प्रविधि स्नातकोत्तर तहको पढाइ नै हुँदैनथ्यो । एम् टेक्- फुड खोल्ने कुरा भइरहन्थ्यो तर सञ्चालन भएको थिएन । खाद्य प्रविधिमा स्नातकोत्तर सञ्चालन हुनु अति नै आवश्यक भएको थियो । तर एम् टेक् सञ्चालन गर्ने खर्च त्रि.वि. बाट प्राप्त नहुने भएकाले विद्यार्थी शुल्कबाट सबै चलाउनुपर्ने भयो । दिलीप सरले यो कुरा हामी सबै शिक्षकका बैठकमा राख्नुभयो । एम् टेक् सञ्चालनाार्थ कति शुल्क लिने भन्ने छलफल हुँदा प्रतिविद्यार्थी रु. एक लाखसम्म लिने कुरा भयो । अझै पनि त्यस पैसाले नपुग्ने देखिएकाले एम् टेक् अध्ययन गर्न चाहनेमध्ये पुष्पप्रसाद आचार्य सर र मैले सल्लाह गरेर दुईजनाले नै थप चालीस चालीस हजार दिने कुरा भयो । एम् टेक्को कक्षा सञ्चालन भयो । एम् टेक्मा प्राध्यापन गर्ने सरहरूमा प्रा.डा. दिलीप सुब्बा, प्रा.डा. सुरेन्द्र कटवाल, प्रा.डा. गङ्गा खरेल, प्रा.डा. धनबहादुर कार्की हुनुहुन्थ्यो । फुड इन्जिनियरिङको लागि जादवपुर विश्वविद्यालय, कलकत्ताबाट प्रसान्त विश्वास, काठमाडौं निष्ट कलेजबाट प्रा.डा. माधव

बराल, पूर्वाञ्चल इन्जिनियरिङ क्याम्पसबाट गोविन्द न्यौपाने, विराटनगर डिग्री कलेजबाट माधव कोइराला, इत्यादि हुनुहुन्थ्यो । दिलीप सरले ठूलो मेहनत गरेर एम् टेक् सञ्चालन गर्नुभयो । इन्डियाको कर्नालबाट डेरी टेक्नोलोजी पढाउने शिक्षक ल्याइयो ।सुरुका वर्षहरूमा सरहरूले बहुतै कम पारिश्रमिक लिएर पढाउनुभयो । यो एक किसिमकोसेवा नै थियो । त्यति वेलाका सरहरूका त्यागले गर्दा नै खाद्य प्रविधि स्नातककोत्तर तह अहिलेसम्म चलिरहेको छ । त्रिभुवन विश्वविद्यालय अर्न्तगतको खाद्य प्रविधि केन्द्रीयविभाग पनि धरानमा नै रह्यो । खाद्य प्रविधि केन्द्रीय विभागको पहिलो विभागीय प्रमुख पनि प्रा. डा. दिलीप सर रहनुभयो । त्यसबाहेक दिलीप सरले बी.एस्सी. न्यूट्रिसन एण्ड डाइटेटिक्सको कोर्सलाई सब्जेक्ट कमिटीको पूर्ण बैठकबाट पारित गराउनुभयो । दिलीप सर करिब तीन वर्षजति त्यहाँ पदासीन हुनुभयो । त्यसपछि उहाँ Nepal Academy of Science & Technology (NAST) मा सदस्य सचिवका रूपमा जानुभयो । यसरी पन्ध्र वर्षका अवधिमा पाँच जना सरहरू सहायक डीनका रूपमा नियुक्त हुनुभयो । मोफसलमा रहेको र केन्द्रदेखि ओझेलमा परेको यो संस्था केन्द्रीय प्रविधि क्याम्पस नेपाल जस्तो कृषिमा आधारित देशका लागि अपरिहार्य हो । यस संस्थाले धरान बजारको गरिमामात्र बढाएको छैन, धेरै परिवारको गुजारा चलाएको छ । धेरै शिक्षकहरूको व्यक्तित्व विकास गर्ने अवसर दिएको छ । टाढा टाढा गाउँ गाउँ र दूरदराजबाट आएका विद्यार्थीहरू यहाँबाट दीक्षित भई नेपाल र नेपालबाहिर रहेर आ-आफ्नो करियर बनाएका छन् । प्रा. डा. दिलीप सुब्बा सर NAST मा सरेपछि प्रा.डा. गङ्गा खरेल सर खाद्य प्रविधि केन्द्रीय विभागको विभागीय प्रमुखमा आउनुभयो । गङ्गा सर अत्यन्त मेहनती प्राज्ञिक व्यक्ति हुनुहुन्थ्यो । प्रा.डा. दिलीप सुब्बा सर सहायक डीनबाट गएपछि सहायक क्याम्पस चिफ ऋषिराज गौतम सरले तत्कालको सहायक डीन भएर क्याम्पसका शैक्षिक र प्रशासनिक काम गर्नुभयो । दिलीप सुब्बा सर NAST गएपछि प्रा.डा गङ्गा खरेल सर सहायक डीन हुनुभयो र पशुपति मिश्र सहायक क्याम्पस प्रमुख हुनुभयो ।

प्राध्यापकमाथि दुर्व्यवहारको दुखद क्षण

गङ्गा सर सहायक डीन हुदाँ एउटा अप्रिय घटना भयो । तत्कालीन वाई.सी.एल र अखिल क्रान्तिकारीका विद्यार्थीहरू मिलेर गङ्गा सरमाथि अनावश्यक बखेडा झिकेर साङ्घातिक हमला गरे । उनीहरू माथि जनयुद्धकालीन धङ्धडी र शान्ति प्रकियामा आउँदै गरेको माओवादी पार्टीको आँट भरोसा हुँदो हो । गङ्गा सरमाथि हातपात गर्दै अनावश्यक लाञ्छना लगाइयो र तुरुन्त राजीनामा गर्न बाध्य पारियो । यसका विरुद्धमा हामी सबै विभागका विभागीय प्रमुखले आ-आफ्ना पदबाट राजीनामा दियौं र दोषीमाथि

कार्बाही नहुन्जेल हामीले आफ्नो राजीनामा फिर्ता नगर्ने अठोट गर्‍यौं । कक्षा नलिने भएर बस्यौं । क्याम्पसका सबै शैक्षिक कार्यक्रम बन्द भए । गङ्गा सर एउटा प्राज्ञिक र शिष्ट व्यक्ति हुनुहुन्थ्यो । विनाकारण उहाँमाथिको हमला हामीलाई सहय भएन । त्यस समयमा हामी प्राय जसो शिक्षकहरू गङ्गा सरमाथि भएको अन्यायका विरुद्धमा थियौं । केही सरहरू चाहिँ बाहिर बाहिर मात्र सरको पक्ष लिए जस्तो गर्ने तर भित्र भित्र चाहिँ गङ्गा खरेल सरको खोइरो खन्ने रहेछन् । यस अवस्थामा म आफूलाई पनि दोष दिन्छु । आफ्नो एक होनहार विद्वान् साथीमा त्यस्तो अन्याय हुँदा दोषीलाई दण्डसजायँ नहुन्जेल उहाँलाई भएको हमलाको छानबिन नहुन्जेल कलेज सञ्चालन नभए के हुन्थ्यो र? विश्वविद्यालय जस्तो गरिमामय स्थानमा एउटा विद्वान् मित्रमाथि विनाकारण त्यत्रो हमला हुँदा म मूकदर्शक बनेर बसेँ र म नियमित रूपमा कक्षा लिन लागें । तत्कालीन सहायक क्याम्पस प्रमुख पशुपति मिश्रले नागरिक समाजको बैठक राखी क्याम्पस खुलाउने हुनुभयो । कक्षाहरू पनि नियमित रूपमा सञ्चालन हुन लागे । एउटा प्राज्ञमाथि भएको दुर्व्यवहार राजनीतिक आड र साथीभाइको असहयोगका कारण त्यत्तिकै सेलाएर गयो । अरू साथीले जे गरे पनि मैले अडान लिनुपर्थ्यो । त्यो कार्य सरासर गलत थियो, निन्दनीय थियो । दोषीमाथि केही न केही कार्बाही गराएर मात्र आफ्नो अडान छोड्नुपर्थ्यो । यो कुरा मलाई खड्किरहन्छ ।

गङ्गा सर सुरक्षाका कारण धरान बस्न मान्नु भएन । Biotechnology Central Department मा सरुवा मिलाएर काठमाडौं जानुभयो । क्याम्पसले एउटा प्राज्ञिक र नैतिकवान् मित्रलाई अन्यत्र बिदा दिनुपर्‍यो । उहाँमा भएको अथाह ज्ञानलाई हामीले प्रयोग गर्न सकेनौं । लामो समय प्राध्यापन सेवामा रही खारिएका एक विद्वान् मित्रलाई किन त्यस्तो गरियो ?त्यसपछि पशुपति मिश्र सर सहायक डीन बन्नु भयो ।

केन्द्रीय प्रविधि क्याम्पसमा स्वायत्तता

पशुपति सर सहायक डीन भएपछि क्याम्पसलाई स्वायत्ततामा लाने भन्ने कुराको चर्चा सुरु भयो । कलेज स्वायत्त हुनु भनेको कलेजले आफैँ कमाउने र कलेज सञ्चालन खर्च पनि स्वयम्ले बेहोर्ने भन्ने हो । यो एक प्रकारको निजीकरण जस्तै हो । त्यस वेला यो खाद्य प्रविधिको एक मात्र कलेज थियो । खाद्य प्रविधि कार्यक्रम केही खर्चिलो पनि हो । सरकारले नै यसलाई सञ्चालन गर्नुपर्छ भन्ने मलगायत धेरै शिक्षकहरूको धारणा थियो । दूरदराजका र विपन्न वर्गकाले पनि यहाँ साधारण खर्चमा पढ्न पाउनुपर्छ भन्ने हाम्रो धारणा थियो तर केही साथीहरूको विचार चाहिँ कलेजलाई स्वायत्ततामा लानुपर्छ, पैसा थुप्रै आउँछ र यसले क्याम्पसको विकास गर्न सकिन्छ भन्ने थियो ।

केन्द्रीय प्रविधि क्याम्पसलाई धेरै विरोधका बाबजुद पनि स्वयत्ततामा लगियो । सम्भवतः विरोधको सामना गर्नुपर्छ भनेर हुन सक्छ या फरक विचार राख्नेलाई निषेध गर्नुपर्छ भनेर हो पशुपति सरले स्वयत्ततामा क्याम्पससलाई लाने या नलाने भन्ने बहसमा म लगायत फरक विचार राख्नेहरूलाई सहभागी गराउनु भएन । विद्यार्थी, कर्मचारी, प्राध्यापकहरूको विरोधका बाबजुद पन्ध्रबीस जनाको समूह स्वयत्तता सम्बन्धी अन्तिम सम्झौता गर्न विश्वविद्यालयकै खर्चमा काठमाडौं गयो । व्यक्तिगत रूपमा भन्नु पर्दा म भन्दा धेरै कनिष्ठ शिक्षक साथीहरूलाई विभिन्न नाममा सहभागी गराइयो तर मेरो नाम कहीँ कतै आएन । आफूले वर्षौं काम गरेको संस्थामा त्यसरी विभेदमा पर्दा चाहिँ दुःख लाग्ने नै रहेछ ।

त्रिभुवन विश्वविद्यालय र विश्वविद्यालय अनुदान आयोगसँग क्याम्पसको के के सम्झौता भएको थियो, त्यो त थाहा भएन । केही करोड रकम पनि प्राप्त भयो होला किनकि यसले विभिन्न भवनहरू बनेको देखियो । निर्माण, खरिद र मर्मतका केही कामहरू देखिए । अहिले त्यो पैसा सायद् खर्च भइसकेको होला । सुनिन्छ, क्याम्पसको आर्थिक अवस्था नाजुक हुँदै गएको छ । हाल त्रि.वि.ले कलेज सञ्चालनार्थ सम्झौता अनुसारको बजेट पठाउँदैन । क्याम्पसका शिक्षक र कर्मचारीहरूलाई दिइने तलब भत्ता पनि टाउको गनेर दिने गर्दछ । यहाँ कार्यरत शिक्षक र कर्मचारीहरू अवकाश हुँदै जादा उहाँहरूले पाउने तलब भत्ता पनि त्रि.वि.ले कटाउँदै लगेको छ । अब कलेजले कर्मचारी र शिक्षकको तलब भत्ता बापत पाउने रकम पनि पाउन छोड्यो, कलेज सञ्चालन गर्ने अरू खर्चको त आशा नै नगरौं । स्थापना हुँदा यस क्याम्पसलाई केन्द्रीय प्रविधि कलेजका रूपमा विस्तार गर्दै लाने जुन योजना थियो, त्यसमा तुषारापात भएको छ । खाद्य प्रविधिको विकासलाई प्राथमिकतामा राखेर नै यस क्याम्पसमा सहायक डीन पदको व्यवस्था गरिएको थियो, हाल स्वायत्ततापछि त्यो समेत खोसिएको छ । पैसा कमाउनकै लागि खाद्य प्रविधिसँग असम्बन्धित अरू विषयहरू थपिँदै गएको देखिन्छ । प्रयोगशाला, कक्षाकोठा, शिक्षक इत्यादिको व्यवस्था नगरीकन खाद्य प्रविधितर्फ चौबीस जना विद्यार्थी कोटा भएकोमा अब बढाएर ४८ जना बनाइएको छ । जुन उद्देश्य अनुरूप यो क्याम्पस स्थापना गरियो, त्यस मर्मलाई बुझेर सञ्चालन गरिएको छैन । यो खाद्य प्रविधि क्षेत्रकै लागि दुःखको विषय हो । यस क्याम्पसको उद्देश्यका मर्मलाई बुझेर यहाँको सञ्चालक समिति, शिक्षक, कर्मचारीहरू, विद्यार्थी भाइ बहिनीहरू र स्थानीय नेतृत्वको यसतर्फ ध्यान जाओस् ।

स्वायत्ततामा गइसकेपछि क्याम्पसमा पढाउने शिक्षक, त्रि.वि. प्रतिनिधि, शिक्षा मन्त्रालयका प्रतिनिधि, धरान नगरपालिका, स्व.वि.यु र प्राध्यापक सङ्घका प्रतिनिधि, कर्मचारी सङ्घका प्रतिनिधि, चन्दादाता र अभिभावक रहेको सञ्चालक समिति बन्यो । सञ्चालक समितिको पहिलो अध्यक्षमा प्रा.डा. सुरेन्द्र बहादुर कटवाल हुनुहुथ्यो । त्यसै सञ्चालक समितिबाट पाँचदेखि सात जनासम्मको कार्यकारी समिति बन्यो र कार्यकारी समितिले दैनन्दिनका कार्यक्रमहरू सम्हाल्न थाल्यो ।

पैसा आयो नयाँ घर बने, पुराना घरलाई पुनःनिर्माण गरियो । अर्थात् धेरै कुराहरू बने, जुन पैसाविना बन्दैनथे तर प्राज्ञिक गतिविधिको स्तर बढ्न सकेको देखिएन । न त शिक्षकको पढाउने तरिकामा परिवर्तन भयो, न त विद्यार्थीहरूको पढ्ने तरिका नै । एउटा राम्रो कुरा के भयो भने कलेजबाट जर्नल प्रकाशित हुन लाग्यो । हामीले बी. टेक्. एम्.टेक्.मा गराएका थेसिसहरू प्रकाशित गर्न पाएपछि त्यसले प्राज्ञिक उन्नयनमा धेरै सघाउ पुऱ्याउने भयो र पुऱ्याएकै छ । अर्को काम हरेक हप्तामा विज्ञहरूबाट विभिन्न विधामा सेमिनार प्रस्तुत गर्न लागियो तर यो पनि कोरोना महामारीका कारण २०७६ सालदेखि बन्द भयो । यो सेमिनार सञ्चालनको जिम्मा मैले लिएकी थिएँ ।

बी.टेक्. खाद्य प्रविधिको प्रवेश परीक्षा देशैभरिका विद्यार्थीहरूका लागि केन्द्रीय प्रविधि क्याम्पस, धरानले नै लिने गर्थ्यो । त्यसबाट कलेजलाई केही आम्दानी पनि हुन्थ्यो तर स्वायत्ततामा गइसकेपछि प्रवेश परीक्षा डीन अफिसले नै सञ्चालन गर्न थालेको देखिन्छ ।

साठीको दशकमा खाद्य प्रविधिका स्नातक तहका कलेजहरू अरू पनि थुप्रै खोलिए । अब खाद्य प्रविधि कलेजको सङ्ख्या एघार पुग्यो तर यी कलेजहरूको पूर्वाधार कस्तो थियो भन्ने कुरा कत्तिको अनुगमन गरेर सम्बन्धन दिइयो, थाहा भएन । कतिपयको पूर्वाधार राम्रो थियो भने कतिपयको साह्रै कमजोर थियो ।

२०७१ साल असारतिरको कुरा हो, पशुपति मिश्र सरको सहायक डीनको अवधि पूरा भयो । प्रा. डा. धनबहादुर कार्की सर क्याम्पस प्रमुख हुनुभयो । क्याम्पस प्रमुख भएपछि केन्द्रीय विभागको विभागीय प्रमुखबाट धनबहादुर सरले राजिनामा दिनुभयो ।

केन्द्रीय प्रविधि क्याम्पसमा विषयअनुसारका विभाग र विभागीय प्रमुखहरूको व्यवस्था गरिएको छ । खाद्य प्रविधितिर चाहिँ खाद्य प्रविधि विभाग र खाद्य गुणस्तर विभाग राखिएको छ । प्रा.डा. दिलीप सुब्बा सरले मलाई खाद्य प्रविधि विभागको विभागीय प्रमुखको जिम्मेवारी दिनुभएको थियो । मैले दुई कार्यकाल विभागीय प्रमुखको काम गरेँ । त्यस समयका सहायक डीन प्रा.डा. दिलीप सुब्बा सर र प्रा.डा. गङ्गा खरेल

सर हुनुहुन्थ्यो । यी दुई जना सरहरूसँग काम गर्न धेरै सहज भयो । दुवै जना सरहरू अत्यन्तै सकरात्मक सोच भएका हुनुहुन्थ्यो । उहाँहरूको शिष्टता र शानलीतालाई म सधैँ सम्मान गर्छु ।

केन्द्रीय प्रविधि क्याम्यसमा काम गर्दाका केही घटना मेरा लागि बहुतै पीडादायक छन् । दिलीप सरले NAST मा नियुक्ति पाएपछि क्याम्पस छोडेर काठमाडौं जानुभयो । अब क्याम्पसका लागि सहायक डीन, खाद्य प्रविधि केन्द्रीय विभागको विभागीय प्रमुख दुवैको पद खाली भयो । केन्द्रीय प्रविधि क्याम्पसतिर त सहायक क्याम्पस चिफले व्यवस्थापन मिलाउनुभयो तर खाद्य प्रविधि केन्द्रीय विभागमा चाहिँ हेर्ने कोही भएन । त्यहाँका तत्कालीन सहायक क्याम्पस प्रमुखले नै केन्द्रीय विभागलाई आफ्नो अन्डरमा राखेर सञ्चालन गर्ने जमर्को गर्नुभयो । उहाँको कामगराइ चित्त बुझेन । खाद्य प्रविधिका प्राध्यापकहरू सबै मिलेर डीन अफिसमा लिखित रूपमा तुरुन्त अर्को क्वालिफाइड टिचरलाई खाद्य प्रविधि केन्द्रीय विभागको विभागीय प्रमुख नियुक्ति गर्न निवेदन हाल्यौँ । खाद्य प्रविधि केन्द्रीय विभाग स्वायत्त र प्राज्ञिक संस्था हो । त्यति वेलाका सहायक क्याम्पस प्रमुखसँग मेरो अति नै राम्रो सम्बन्ध थियो तर यस्तो घटनाले उहाँ मदेखि बहुतै रुष्ट हुनुभयो । तर मैले उहाँ सहायक क्याम्पस प्रमुख सरलाई कुनै व्यक्तिगत कारणले विरोध गरेको होइन । एउटा प्राज्ञिक संस्थाको गरिमालाई कायम राख्न खोजेकी हुँ । आज पनि मैले उहाँको कार्यलाई समर्थन नगरेकामा दुःख लागेको छैन तर पनि मेरो सहोदर दाजु जस्तो मित्रलाई समर्थन गर्न नसकेकामा दुःख लागेको छ । म जे गर्छु, प्रष्ट रूपमा गर्छु । मुखमा एउटा कुरा र मनमा अर्को कुरा राख्न असमर्थ छु । यो प्राज्ञिक संस्था सदियौँसम्म रहने छ । हामीले यसको संरक्षण गर्यौँ भने हाम्रा भावी सन्तानले यसै गर्नेछन् । मैले जहिले पनि विधि र नीतिलाई आत्मसात् गरेँ । आफ्नो स्वार्थका लागि विधि विधानको उल्लङ्घन गरिनँ । आफूलाई जति नै फाइदा हुने भए पनि म नीतिविरुद्ध जान सकिनँ र जान सक्दिनँ पनि ।

विभागीय प्रमुखको जिम्मेवारी

२०७१ सालतिरको कुरा हो, पशुपति सरको सहायक डीनको पदावधि सकियो र अब त्यस ठाउँमा प्रा.डा. धनब. कार्की सरले क्याम्पस प्रमुखको जिम्मेवारी सम्हाल्नुभयो । खाद्य प्रविधि केन्द्रीय विभागको विभागीय प्रमुखको स्थान खाली भयो । एकदिन क्याम्पस प्रमुख धनबहादुर सरले मलाई त्रि.वि. केन्द्रीय कार्यालयबाट खाद्य प्रविधि केन्द्रीय विभागको विभागीय प्रमुखका लागि तपाईंलाई फोन आउँछ होला, अब तपाईंले केन्द्रीय विभागको प्रमुख हुनुपर्नेछ भन्नुभयो । त्यस्तै कुरा डा. गणेश थापा सरले पनि भन्नुभयो ।

नभन्दै तत्कालीन डीन म्याडम चिरिकशोभा ताम्रकारले पनि फोन गरेर तपाईं खाद्य प्रविधि केन्द्रीय विभागको विभागीय प्रमुखमा बस्नुपर्छ भन्नुभयो । मलाई अचम्म लाग्यो, त्यति वेलासम्म मैले विश्वविद्यालयको कुनै पनि पद पाउँला भन्ने सोचेकी थिइनँ । न त मैले यो पोष्ट मलाई दिलाइपाऊँ भनेर मागेकी नै थिएँ । कुनै राजनीतिक पृष्ठभूमि नभए पनि साथै आफ्ना पछाडि कुनै ताकत र बल नभए पनि मलाई त्यो पद प्राप्त भयो ।

केन्द्रीय विभागको विभागीय प्रमुखको काम धेरै प्राज्ञिक र महत्त्वपूर्ण छ भन्ने मलाई राम्रो थाहा थिएन तर यो त महत्त्वपूर्ण पद रहेछ । चिरिकशोभा म्याडमको कुरालाई मैले हुन्छ भने तर मनमा कता कता डर पनि लाग्यो । यति कुरा भएको एक महिनापछि विभागमा मेरो नियुक्ति पत्र आएछ । क्याम्पस प्रमुख धनबहादुर सरले मेरो पत्र आएको जानकारी दिनुभयो र म २०७१ साल भाद्र ५ गतेदेखि खाद्य प्रविधि केन्द्रीय विभागको विभागीय प्रमुखमा नियुक्त भएर काम गर्न थालेँ ।

प्रा.डा. दिलीप सर, प्रा.डा. सुरेन्द्रबहादुर कटवाल सर, प्रा.डा. धनबहादुर कार्की सर मेरा अग्रज हुनुहुन्थ्यो । धनबहादुर कार्की सरले मलाई धेरै कुरामा सहयोग गर्नुभएको छ । म उहाँको विद्यार्थी हुने र उहाँसगै क्याम्पस पढाउने अवसर पाएँ । यसभन्दा ठूलो सौभाग्य मेरा लागि के हुन सक्छ र ? उहाँको ज्ञान यति थियो कि उहाँको कक्षा लिएपछि कुनै पुस्तक पढ्नुपर्ने नै हुँदैनथ्यो । जे काम गर्दा पनि म सरहरूको सल्लाहबाट गर्थें । पहिला भएको विषय समितिलाई भङ्ग गरिएको थियो । सरहरूकै सल्लाहमा नयाँ खाद्य प्रविधि विषय समितिको निर्माण गर्‍यौं । अध्यक्ष लगायत पाँच जनाको विषय स्थायी समिति बनाइयो । विषय स्थायी समितिमा मेरो नाम किन राखिनस् भनेर एक जना सरले मलाई धेरै गाली गर्नुभयो । उहाँले घरमा समेत फोन गरेर मलाई धम्की दिनुभयो र तर्साउनुभयो । उक्त समितिमा राखिएका सदस्यहरू उहाँभन्दा सिनियरहरू नै हुनुहुन्थ्यो । आज पनि त्यो क्षण सम्झँदा दुख लाग्छ । खाद्य प्रविधि केन्द्रीय विभागको अध्यक्ष भएपछि मेरो पहिलो काम एम्.टेक्.को वार्षिक प्रणाली अनुसार चलेको कोर्सलाई सेमेस्टर प्रणालीमा चलाउन नयाँ पाठ्यक्रम बनाउनुपर्ने थियो । धेरै मेहनत गरेर सेमेष्टर प्रणालीको पाठ्यक्रम निर्माण गरी सञ्चालनमा ल्याइयो । यस काममा विभाग आबद्ध सबै सहकर्मीहरूले मलाई सहयोग गर्नुभयो । विशेष गरी कवीन्द्र भट्टराई सरले अहोरात्र खटेर गर्नुभएको सहायोगका लागि कृतज्ञ छु ।

खाद्य प्रविधि केन्द्रीय विभागको जिम्मेवारी सम्हाल्दाका तितामिठा धेरै अनुभवहरू स्मरणीय छन् । आन्तरिक स्रोतबाट सञ्चालित विभागको आफ्नै भौतिक संरचनाहरू तथा एउटा पनि शिक्षक कर्मचारीको दरबन्दी थिएन । सबै आन्तरिक स्रोतबाट

व्यवस्थापन गर्नुपरेको थियो । त्यसका लागि केन्द्रीय कार्यालय समक्ष दरबन्दीका लागि पहल गरियो । उपप्रा.को तीनवटा रिक्त दरबन्दी स्वीकृत भएर आए र दरबन्दी अनुसारका शिक्षकहरू नियुक्त गरियो । कक्षाकोठा तथा प्रयोगशालाहरू पनि केन्द्रीय प्रविधि क्याम्पसद्वारा उपलब्ध गराइएका कोठाहरूमा सञ्चालित छन् । एकपटक एम्.टेक्का लागि प्रयोग भइराखेका प्रयोगात्मक कक्षाहरू जबरजस्ती खाली गराएर अरू नै विषयका कक्षाहरू चलाउँदा विभागको आफ्नै भौतिक स्रोत साधन नहुनुको पीडा र साथीहरूबाट खेप्नुपरेको दुःखको त्यो क्षण पीडादायी लाग्छ ।

प्राध्यापक बन्दाको त्यो क्षण

यही समयमा त्रि.वि. सेवा आयोगबाट प्रोफेसरको रिक्त दरबन्दीमा विज्ञापन भएको थियो र मैले पनि आवेदन दिएकी थिएँ तर अर्न्तवार्तामा मेरो नाम निस्केन । आफ्नो उमेर घर्कन आँटेको थियो । त्यस दिन म सुरेन्द्र बहादुर कटवाल सँग फोनमा कुरा गर्दै खुब रोएको अहिले जस्तै लाग्छ । सुरेन्द्र सरले मलाई धेरै सम्झाउनु भएको थियो । अब अर्को पटक तपाईंको हुन्छ भनेर ढाडस दिनुभएको थियो उहाँले । तर त्रि.वि. सेवा आयोगले तीनचार वर्षका अन्तरालमा मात्र विज्ञापन खोल्थ्यो । त्यस अवधिमा मेरो अवकाश भइसक्ने अवस्था थियो । मेरा प्रायःजसो साथीहरू प्रोफेसर भइसकेका थिए । म चाहिँ त्यति पनि गर्न सकिनँ भन्ने पिर लाग्थ्यो । कृषक परिवारको पृष्ठभूमिबाट आएकी म एक महिला थिएँ । मेरो पारिवारिक जिम्मेवारी ठुलो थियो । छोराछोरी सानै थिए । वृद्ध उमेरकी सासूआमा हुनुहुन्थ्यो । घरमा पाहुनापासा भइरहन्थे । घरको चुलोचौको, सरसफाइ इत्यादि सबै एउटी महिलाका जिम्मेवारीमा थियो । चाडबाड, तिथिश्राद्ध, पूजाआजा र समाजका अरू परम्परा मनाउनु पर्ने जिम्मेवारी पनि महिलाकै हुने चलनले हुन सक्छ, मैले पुस्तकहरू, अनुसन्धानात्मक कृतिहरू, लेखहरू, आफूले गराएका थेसिसहरू पनि थोरैमात्र प्रकाशित गरेकी थिएँ । जति गर्न पर्थ्यो त्यो हुन सकेन । मैले बी.टेक्.मा सयभन्दा बढ्ता र एम्. टेक्.मा र आठ दशवटा थेसिस गराएकी भए पनि सबैलाई जर्नलमा प्रकाशित गरेकी थिइनँ । ती सबै कुरामा मेरो नै कमजोरी थियो होला । यी सब कारणहरू मेरा प्राज्ञिक उन्नयनमा तगारो हुन सक्छन् । यी सबैलाई मैले स्वीकार्नुपर्छ । एउटी बुहारी भएर नब्बे वर्षकी सासूआमालाई सेवा गर्दा उहाँका आँखामा देखिएको म प्रतिको भरोसा मेरा निम्ति जीवनको सबभन्दा ठुलो मूल्याङ्कन थियो । मेरा छोराछोरीले मसँग जुनसुकै समस्याको हल छ भन्ने देख्दछन् र मेरो काख खोज्दै आउँछन् भने यो नै मेरा लागि सबैभन्दा ठूलो क्षमता हो ।

तर सौभाग्यवश मैले अवकाश पाउन डेढ वर्षजति बाँकी थियो होला । त्रि.वि. सेवा आयोगले प्रोफेसरका लागि विज्ञापन गऱ्यो, आवेदन दिएँ र अर्न्तवार्ता पनि दिएँ । त्यही दिन साँझ सात बजे नतिजा आयो । म सफल भएँ, सारा धर्ती हाँसेझैँ लाग्यो । मैले माया मारिसकेको प्रोफेसर पदमा मेरो पदोन्नति भयो । मेरा साथीभाइ आफन्त सबैको मप्रतिको आशीर्वादलाई सहर्ष नमन गर्दैँ । मेरा स्वर्गवासी पिताजी र चौरासी वर्षकी आमाले हिँडने वेलामा दिएको आशीर्वाद खेर गएन ।

डीन अफिसको त्यो पत्र

खाद्य प्रविधि केन्द्रीय विभागको विभागीय प्रमुख हुँदाकै कुरा हो, केन्द्रीय प्रविधि क्याम्पसमा डीन अफिसबाट पत्र आएछ । पत्रमा नेपालमा भएका खाद्य प्रविधि कलेजमा विद्यार्थी भर्नाका लागि निर्धारण गरिएको चौबीस जनाको कोटा भएकोमा अब तीस जना लिन सक्ने पत्र बनाइदिनका लागि लेखिएको रहेछ । क्याम्पसको कार्यकारी समितिले पनि विद्यार्थी सङ्ख्या बढाउन मिल्ने भनी राय पठाएछ । वास्तवमा त्यो काम खाद्य प्रविधि केन्द्रीय विभाग अन्तर्गतको विषय समितिको थियो । एक मिनेटको दूरीमा रहेको केन्द्रीय विभाग र विषय समितिको अध्यक्षलाई यसबारे केही खबर नै नगरी एउटा त्रि.वि.बाट सम्बन्धन प्राप्त र स्वायत्ततामा गइसकेको कलेजले स्वीकृत दिन मिल्दैन थियो । विधानमा कहीं पनि यो कुरा उल्लेख छैन तर क्याम्पसको कार्यकारिणी समितिले यो काम गरेको भन्ने कताकता गाइँगुइँ मैले सुनेँ । मैले डीन अफिसमा फोन गरेँ, कुरा हो रहेछ । त्रि.वि. फ्याकल्टी बोर्डको मिटिङबाट पास पनि भइसकेछ । यो काम किन गलत तरिकाले गरियो ? यसबारे मैले त्रि.वि.का भी.सी., रेक्टर र रजिस्ट्रारज्यूहरूलाई सोधेँ । उहाँहरूले यो सरासर गलत हो भन्नुभयो । एउटा निवेदनमा सबै कुराहरू खुलाएर लेखि पठाउनुहोस् भन्नुभयो । मैले पनि सबै कुराहरू खुलाएर लेखी पठाएँ । मेरो पत्रका आधारमा फ्याकल्टी बोर्डले पारित गरिसकेको निर्णय भए पनि त्यो कुरालाई अगाडि बढ्नबाट रोक लगाएछ । सम्भवतः विद्यार्थीको कोटा बढाउँदा हुने आर्थिक लाभसँग प्रत्यक्ष अप्रत्यक्ष रूपमा जोडिएका व्यक्तिहरू नै उक्त कार्यका योजनाकार थिए र उक्त गलत कार्य रोक्न सफल हुँदा मलाई खुसी लाग्यो ।

नाम्जे टुर

स्नातकोत्तर तहमा परम्परागत खाद्य प्रविधिको स्थलगत अध्ययनका लागि नाम्जे भन्ने पर्यटकीय स्थानमा सालिन्दा गइन्थ्यो । एम्.टेक्. दोस्रो वर्षका विद्यार्थी लगायत खाद्य प्रविधितर्फका अरू सरहरू र क्याम्पस प्रमुख सबै मिलेर उक्त प्रयोगात्मक कक्षा

सञ्चालनार्थ हरेक साल गएको रमाइलो पनि बिर्सन सकिँदैन । यस कार्यक्रमले विषयगत ज्ञानका अलाबा शिक्षक र विद्यार्थीका बीचको सम्बन्ध अझ प्रगाढ हुन्छ ।

सरस्वती पूजा

क्याम्पसमा सरस्वती मन्दिर बनाइएको थियो र तत्कालीन क्याम्पस प्रमुख जगत बहादुर के. सी. सर, तोयानाथ प्रसाईं, श्रीपति चक्रपाणिका सक्रियतामा त्यस मन्दिरमा सरस्वती पूजाका दिन हामी भव्य रूपमा पूजा गर्थ्यौं । राती विद्यार्थी भाइबहिनीसँग मिलेर भजनकीर्तन गर्थ्यौं । सरस्वती सेलाउने भनेर कहिले सप्तकोशी त कहिले त्यहींको एकलधारे जान्थ्यौं । सम्पूर्ण भाइबहिनीहरू बडो अनुशासित भएर पूजाका सम्पूर्ण कार्य गर्नुभएको र पूजाको लागि चक्रपाणि सर, सञ्जू मेम खटेको कुरा कहिल्यै बिर्सन सकिँदैन सायद् ।

कोरोना महामारीले निम्त्याएको प्रविधिमैत्री पठनपाठन

२०७६ मा सुरु भएको कोरोना महामारीका कारण सम्पूर्ण कलेज स्कुल बन्द भए । तीन महिनापछि क्याम्पस खुल्यो । त्रि.वि.बाट अब अनलाइन प्रविधिबाट पढाउनु पर्छ भन्ने निर्देशन आयो । आफूलाई यस प्रविधिबारे ज्ञान थिएन, अब कसरी गर्ने होला भन्ने समस्या आयो । केन्द्रीय विभागमा कार्यरत सर बन्टी मास्के हुनुहुन्थ्यो । उहाँलाई फोन गरेर समस्या बताएपछि उहाँले बडो धैर्यका साथ म सहायता गर्छु भन्नुभयो । त्यसपछि बन्टी सरले विभागको अनलाइन कक्षा सञ्चालनका लागि यति सहयोग गर्नु भयो कि म उहाँप्रति सदैव कृतज्ञ छु । त्रि.वि. को हरेक दिन जस्तो अनलाइन मिटिङ हुन्थ्यो र धेरै कुराहरू हामीलाई निर्देशन हुन्थे । ती कुराहरू सबै बन्टी सरलाई बताउँथें । पछिपछि त अनलाइन मिटिङमा बन्टी सर पनि बस्न थाल्नुभयो । अहोरात्र खटेर अनलाइन कक्षा निर्माण गर्नुभयो । एम्.टेक्. कक्षाहरू अनलाइन प्रविधिबाट चलाउन थाल्यौं । मिटिङ सञ्चालन, थेसिसको शीर्षक छान्ने र थेसिसको सुपरभाइजर छान्ने काम अनलाइनबाट नै गर्‍यौं । कक्षा परीक्षा र प्रिबोर्ड परीक्षा पनि गर्‍यौं । कति काममा त काठमाडौं भएका केन्द्रीय विभागभन्दा अगाडि पनि गर्‍यौं । शिक्षकहरूलाई अनलाइन शिक्षण कसरी गर्ने भन्ने ट्रेनिङ दियौं । यी सम्पूर्ण कार्यकममा बन्टी मास्के सरले सहायता नगरेको भए मेरो कार्यसम्पादन कमजोर हुने थियो । यति धेरै सहयोगी भावना भएको साथी पाउनु मेरा लागि भाग्य नै हो । बन्टी सरप्रति म धेरै धेरै आभार व्यक्त गर्दछु ।

खाद्य प्रविधि केन्द्रीय विभागमा विद्यावारिधि

खाद्य प्रविधि केन्द्रीय विभागमा स्नातकोत्तर (एम.टेक्.)को पढाइ मात्र नभएर यहाँ विद्यावारिधि समेत हुने गरेको छ । प्रा.डा. सुरेन्द्रबहादुर कटवाल र प्रा.डा. धनबहादुर

कार्की सरहरूले यही विभागको प्रयोगशालामा काम गरेर म विभागीय प्रमुख हुनुभन्दा अगाडि नै विभागबाट विद्यावारिधि पूरा गरिसक्नु भएको थियो । २०७५ सालमा त्रि.वि. विज्ञान तथा प्रविधि अध्ययन संस्थानको डीन अफिसबाट खाद्य प्रविधि केन्द्रीय विभाग अन्तर्गत विद्यावारिधिका लागि विद्यार्थी छनौट गर्ने सूचना आयो । मैले खाद्य प्रविधिमा पढाउने सरहरूलाई सूचित गरेँ । तीन जना सरले विद्यावारिधिमा रजिस्ट्रेसन गर्नुभयो । उहाँहरू बन्टी मास्के, डम्बरबहादुर खड्का र देवराज आचार्य हुनुहुन्थ्यो । विद्यावारिधि गर्ने सरहरूका लागि छुट्टै प्रयोगशाला बनायौँ । हाल उपप्रा. बन्टी मास्के र उपप्रा. डम्बर बहादुर खड्का विभागकै प्रयोगशालमा विद्यावारिधिको काम गर्दै हुनुहुन्छ भने उपप्रा.देवराज आचार्य चाइनामा विद्यावारिधि अध्ययनरत हुनुहुन्छ । उहाँहरूको मेहनेत देखेर लाग्छ, सुविधासम्पन्न ठाउँले मात्र केही गर्दैन मेहनत चाहिँ ठुलो हो । उहाँहरूले विद्यावारिधि छिटै प्राप्त गरेको हेर्न मन छ ।

विद्या परिषद्का बैठकमा सहभागी हुँदाको क्षण

खाद्य प्रविधि विषय समितिको अध्यक्षमा नियुक्ति भएको केही दिनमा नै विद्या परिषद्को पूर्ण बैठकमा उपस्थित हुन विषय समितिको अध्यक्षका हैसियतले म जानुपर्ने भयो । कीर्तिपुरको त्रि.वि. परिसरमा रहेको स्मृति भवनका सभा कक्षमा बैठक बस्यो । बैठकमा त्रि.वि. का भी.सी, रेक्टर, रजिस्ट्रार, डीनलगायत विज्ञान तथा प्रविधि संस्थान अर्न्तगतका विद्वान्हरू सबै हुनुहुन्थ्यो । सबैको परिचय भयो । विद्या परिषद्ले वर्षभरि गरेका कार्यक्रमहरूको प्रतिवेदन सभाबाट छलफल र अनुमोदन गर्नुपर्ने रहेछ । कार्यक्रम सम्पन्न भयो । त्रि.वि. का उच्चपदस्थ महानुभावहरूसँगका सङ्गतिले मलाई हौसला मिल्यो । यसरी उच्च पदस्थहरूसँग म पनि बस्न सक्ने भएँछु, मेरो पनि केही महत्त्व रहेछ भन्ने लाग्यो । म नेपालको दुर्गम क्षेत्रमा जन्मिएकी महिला थिएँ । कतिपय मेरा साथीहरूले म यस स्थानसम्म पुग्न नै सक्दिन भन्ने दृष्टिकोणले हेर्नुहुन्थ्यो र व्यवहार पनि त्यस्तै गर्नुहुन्थ्यो । त्यो कुरा मेरो मनमा खड्किरहन्थ्यो । तर बैठकमा सहभागी भएपछि म पनि यो स्थानमा पुग्ने रहेँछु भन्ने एक किसिमको खुसी र सन्तुष्टि पनि लाग्यो ।

केन्द्रीय प्रविधि क्याम्पसलाई मेरो सुझाव

केन्द्रीय प्रविधि क्याम्पस खाद्य प्रविधि विषयको पठनपाठन र अनुसन्धानका लागि बनाइएकामा हाल आएर यसले दिशा परिवर्तन गर्न लागेको देख्दा दुःख लाग्छ । यहाँ फिजिक्स, केमेस्ट्री ,माइक्रोबायोलोजी, जियोलोजी र न्युट्रिसन जस्ता विषयहरूको स्नातक तहको प्रोग्राम त चलेकै थिए तर अब कम्प्युटर विज्ञानसँग सम्बन्धित BIT, B.Sc CSIT जस्ता विषयहरू थपेर यो प्रविधि क्याम्पसलाई बहुमुखी क्याम्पस बनाइएको छ ।

खाद्य प्रविधि विषयलाई केन्द्रित गरेर कार्यक्रमहरू थप गर्नुपर्नेमा खाद्य प्रविधि विषयलाई ओझेलमा पार्दै लगिए जस्तो लाग्छ । यस क्याम्पसका परिसरमा नै छ खाद्य प्रविधि केन्द्रीय विभाग र त्यसअर्न्तगत खाद्य प्रविधि विषयकै स्नातकोत्तर र विद्यावारिधि तहसम्मको अध्ययन हुन्छ । यो नेपालमा त्रि.वि. बाट सञ्चालित एकमात्र कलेज हो । तर यी कार्यक्रमहरू सञ्चालन गर्न बहुतै आर्थिक कठिनाइ भोग्नुपरेको छ । क्याम्पसको नेतृत्व र सञ्चालक समितिले यस तर्फ चासो दिन जरुरी छ । कृषिसँग सम्बन्धित यस विषयमा विकास र अनुसन्धानका असङ्ख्य सम्भाव्यताहरू छन् । यसतर्फ क्याम्पस नेतृत्वको चासो जाओस् जस्तो लाग्छ ।

क्याम्पस प्रमुख बन्ने मेरो चाहनामा तुषारापात

केन्द्रीय प्रविधि एउटा स्वायत्ततामा गएको कलेज भएकाले क्याम्पस प्रमुख बनाउँदा सञ्चालक समितिले अनुमोदन गरेका व्यक्तिहरूमध्येबाट एक जनालाई कार्यकारी परिषद्ले नियुक्ति गर्छ । वरीयताका क्रममा आफूलाई पनि क्याम्पस प्रमुखको पदमा रहेर काम गर्न सक्छु भन्ने आत्मविश्वासका साथ मैले पनि इच्छा राखेँ तर मेरा साथीहरूले बीचमा बार ठड्याइदिए र म त्यो पदमा पुग्न सकिनँ । त्यसको राजनैतिक, लैङ्गिक वा वैचारिक के कारण थियो, त्यो अझै थाहा छैन ।

केन्द्रीय प्रविधि क्याम्पसमा बिर्सन नसकिने व्यक्तित्वहरू

क्याम्पसका सम्बन्धमा स्मरण गर्दा डा. आशिष मुखर्जी सरलाई बिर्सन सकिँदैन । उहाँ कलकत्ता घर भई क्यानडाबाट रसायन शास्त्रमा विद्यावारिधि गरेका व्यक्ति भएर पनि अनुशासन र समयको पाबन्दीलाई आदर गर्ने व्यक्ति हुनुहुन्छ । उहाँको जीवनशैली एउटा सन्तको जस्तै छ । कलेज व्यवस्थापनले उहाँलाई स्थायी वासको व्यवस्था मिलाइदिएर सराहनीय काम गरेको छ ।

केन्द्रीय प्रविधि क्याम्पसका मैले भुल्न नहुने मान्यवर व्यक्तित्वहरूमा प्रा. जगत्बहादुर के.सी., प्रा. तिलकमान श्रेष्ठ, प्रा. बद्रीनाथ श्रेष्ठ, प्रा. भीष्मानन्द वैद्य, प्रा.डा. दिलीप सुब्बा, प्रा.डा. गङ्गा खरेल, प्रा.डा. धन ब. कार्की, प्रा.डा. सुरेन्द्र कटवाल, प्रा.पशुपति मिश्र, प्रा. ऋषिराज गौतम हुनुहुन्छ । उहाँहरूकै मार्ग निर्देशनमा काम गर्दै म यहाँसम्म आइपुगेँ । वहाहरू प्रति म सदैव अनुगृहीत छु । त्यस्तै ववीता अधिकारी, बन्टी मास्के, देवराज आचार्य, डम्बर बहादुर खड्का, अर्जुन घिमिरे, नविन गौतम, सोभित यादव, महालक्ष्मी प्रधानाङ्ग, लगायत सम्पूर्ण सर मेडमहरू जसले मलाई पलपलमा सहयोग गर्नु भयो वहाहरू प्रति म धेरै धेरै कृतज्ञ छु । म वहाँहरूको सार्थक जीवनको कामना गर्दछु ।

केन्द्रीय प्रविधि क्याम्पसका बारेमा संस्मरण लेख्दा प्रा. वसन्तकुमार राई सरलाई छुटाएँ भने मेरो यो स्मरण अधुरै रहनेछ । वसन्त सरको शिर त जत्रो हुनुपर्थ्यो, त्यत्रै नै छ, तर शिरभित्र खाद्य प्रविधिको ब्रम्हाण्ड अटाएको छ । यति धेरै अध्ययन गर्ने र खाद्य प्रविधिको जुनसुकै क्षेत्रको ज्ञान सञ्चित गर्ने उहाँको अध्ययनशीलतालाई मैले स्यालुट गर्नै पर्छ । म यस कुरामा धेरै खुसी छु कि मैले उहाँजस्तो व्यक्तित्वलाई खाद्य प्रविधि केन्द्रीय विभागको जिम्मा लगाएर अवकाश लिन पाएँ ।

डा. दिलकुमार लिम्बू हाल यस क्याम्पसको क्याम्पस प्रमुख हुनुहुन्छ । दिल सर र म एकागाउँले पनि हौं । पहाडको त्यो दुर्गम स्थानमा एक जनजाति परिवारमा जन्म लिनुभएका उहाँ ठूलो मेहनत र प्रयासका साथ यहाँ आइपुग्नुभएको छ । उहाँको यस क्याम्पसमा क्याम्पस प्रमुखको कार्यकाल सफल हुन सकोस्, मेरो शुभकामना !

यस क्याम्पसमा भएका मेरा साथीहरूमा इन्दुमती पौड्याल, ललिता श्रेष्ठ, सञ्जु पराजुली, बबिता अधिकारी र लाइब्रेरीमा बस्ने मेरी भान्जी सरस्वती बस्नेतहरूले मेरो क्याम्पसको लामो कार्यकालमा मिठास र सुगन्ध भरिदिनुभएको छ ,जो मेरो जीवनपर्यन्त अविस्मरणीय रहने छ ।

केन्द्रीय प्रविधि क्याम्पसको अर्को विशेषता भनेको यहाँका शिक्षक र कर्मचारीहरूको दयालु मन र सहयोगी हातहरू हुन् । कोही विरामी वा आकस्मिक समस्यामा परेमा सबै साथीहरू मिलेर सहयोग गर्नुहुन्छ ।

त्यस्तै हात्तीसार कलेजको अर्को विशेषता यहाँ अध्ययन गरेका शिक्षक र विद्यार्थीहरूको आत्मीयता हो । जतिसुकै पुरानो होस्, संसारको जुनसुकै ठाउँमा होस्, यस्तो आत्मीयता कहीं पनि देख्न पाइँदैन ।

हात्तीसार क्याम्पस विद्यार्थीहरूका रुमानी घटनाका लागि पनि उर्वरस्थान मान्दा अत्युक्ति नहोला । यहाँ प्रस्फुटित भएका प्रेमकथाहरू फलेर र फुलेर सुन्दर बगैंचा निर्माण गरेका छन्, जीवन सफल बनाएका छन् । उनीहरूलाई सहर्ष आशीर्वाद छ ।

खाद्य प्रविधि केन्द्रीय विभागका विभागीय प्रमुख हुँदा मलाई विभागको प्रशासन शाखामा सहयोग गर्ने शाखा अधिकृत कृष्णकुमार श्रेष्ठलाई म आफ्नै दाजुसरहको मान्यता दिन्छु । विभागीय प्रमुखको जिम्मेवारी लिएर म त्यहाँ गएपछि उहाँले मलाई ठुलो सहयोग गर्नुभयो । उहाँको अनिवार्य अवकाश पछि महेश कोइराला भाइले मलाई भ्याई नभ्याई जसरी पनि विभागको प्रशासनिक काममा सहयोग गर्नुभयो, त्यो सहयोग म कहिल्यै बिर्सन सक्दिनँ । अनि जति गाली गरे पनि हाँसिरहने कहिल्यै नरिसाउने मेरो कान्छो भाइजत्तिकै मलाई माया र हेरचाह गर्ने इन्द्रबहादुर राईलाई म कसरी बिर्सन सक्थें

र ? कुबेर वस्तीले मलाई आमासरहको मान्यता दिए ।उनलाई त झन् कसरी माया मार्न सक्छु ?

अन्त्यमा

मानव जीवन यसो हेर्दा जन्मदेखि मृत्युसम्मको यात्रा रहेछ । यस यात्राको लामो हिस्सा मैले यही केन्द्रीय प्रविधि क्याम्पस र खाद्य प्रविधि केन्द्रीय विभागका आँगनमा बिताएँ । मेरा जीवनमा कति उकाली ओराली आए होलान्, आँसु र हाँसोको यससङ्गममा त्यहाँका कति मित्रहरूले मेरो आँसु पुछ्दिए,कतिले मेरो हाँसोमा साथ दिए । म सत्र वर्षदेखि चौसट्ठी वर्षसम्म यिनै घर, बिल्डिङ, चौतारा, चौर, जङ्गलका समीपमा रहें । यिनीहरू साक्षी छन् मेरा हरेक क्रियाकलापका । यहाँका सम्पूर्ण साथीहरूका दयालु मनहरूले मलाई सुम्सुमाइरहे यस अवधिमा । मेरो हेरचाह गरिरहे । मैले यस स्मृति लेखनमा समेट्न छुटाएका कैयौँ नामहरू हुन सक्छन् । यसमा नाम उल्लेख भएका र नभएका सबैप्रति मेरो कोटी कोटी नमन छ । यो केन्द्रीय प्रविधि कलेज मेरा लागि कर्म दिने माइतीघर भएको छ । यहाँको माटो मलाई भगवान्को चरणधूलि झैँ प्यारो लाग्छ ।

*

(प्रा.गीता भट्टराई खाद्य प्रविधि केन्द्रीय विभागका पूर्व विभागीय प्रमुख हुनुहुन्छ)

केन्द्रीय प्रविधि क्याम्पसका लागि स्वाध्ययन प्रतिवेदन तयारी : मेरो सानो अनुभव

प्रा. बसन्तकुमार राई

१. भूमिका

गुणस्तर सुनिश्चितता तथा प्रमाणीकरण प्रणाली (Quality Assurance and Accreditation System, QAAS) आजका दिनमा उच्च शिक्षण संस्था (Higher Education Institutions, HEIs) हरूलाई शैक्षिक प्रगति र प्राज्ञिक उन्नयनका लागि अपरिहार्य रहेका सन्दर्भमा विश्वविद्यालय अनुदान आयोग (University Grants Commission, UGC) ले सन् २००७ देखि नेपालका सबै उच्च शिक्षण संस्थाहरूमा गुणस्तर सुनिश्चितता तथा प्रमाणीकरण (Quality Assurance and Accreditation, QAA) क्रमशः लागू गर्दै जाने योजना बनाएको सर्वविदितै छ । यसको जिकिर यो दर्पणको अन्य लेखहरूमा पनि राम्रोसित गरिएको छ ।

गुणस्तर सुनिश्चितता तथा प्रमाणीकरण प्रणालीका बारेमा र यस प्रणालीमा समाहित हुन चाहने उच्च शिक्षण संस्थाहरूले केही न्यूनतम आधार र प्रक्रियाहरू पुरा गर्नु पर्दछ, जसको विस्तृत विवरण विश्वविद्यालय अनुदान आयोग, गुणस्तर सुनिश्चितता तथा प्रमाणीकरण विभाग (QAA Division, QAAD) को आधिकारिक दस्ताबेज (https://ugcnepal.edu.np/ugc_header_images/QAA_Guidelines.pdf) मा उपलब्ध छ ।

कुनै पनि उच्च शिक्षण संस्थाहरूले गुणस्तर सुनिश्चितता तथा प्रमाणीकरणमा भाग लिनका लागि निम्न चारवटा चरणहरू पार गर्नुपर्दछ :

(क) गुणस्तर सुनिश्चितता तथा प्रमाणीकरण विभागलाई मनसाय पत्र (Letter of Intent, LoI) बुझाउने ।

योग्य ठहरिएका उच्च शिक्षण संस्थाहरूलाई गुणस्तर सुनिश्चितता तथा प्रमाणीकरण विभागले स्वाध्ययन प्रस्ताव (Self–Study Report, SSR) तयारीको लागि पत्राचार ।

(ख) स्वाध्ययन प्रस्ताव(SSR) तयार गरी QAAD लाई बुझाउने ।

(ग) गुणस्तर सुनिश्चितता तथा प्रमाणीकरण समिति (QAAC) बाट गठित समकक्ष-समीक्षा टोली (Peer–Review Team, PRT) ले भनिएको क्याम्पसमा स्थलगत समीक्षा प्रतिवेदन तयार गरी छलफलको लागि QAAC मा बुझाउने ।

(घ) समीक्षा प्रतिवेदन सदर भए QAAC ले गुणस्तर सुनिश्चितता तथा प्रमाणीकरणको लागि UGC लाई निर्णयार्थ सिफारिस गर्ने ।

यस लेखमा SSR तयारी गर्दाको मेरो अनुभवलाई राख्न खोजेको छु । यो लेख लेख्दाको बखतसम्म समकक्ष-समीक्षा (Peer Review) भइनसकेकोले SSR सदर भए-नभएको भन्दा पनि समीक्षापूर्व जे जसरी लेखियो त्यसको वृतान्त हो यो लेख ।

२. सुरुवात

सन् २०१७ तिर गुणस्तर सुनिश्चितता तथा प्रमाणीकरण विभागबाट स्वाध्ययन प्रस्ताव (Self–Study Report, SSR) तयार गर्न योग्य भएको पत्र प्राप्त गरेपछि केन्द्रीय प्रविधि क्याम्पसले सर्वप्रथम तात्कालिक क्याम्पस प्रमुख प्रा. डा. धनबहादुर कार्कीका संयोजकत्वमा स्वाध्ययन टोली (Self–Assessment Team, SAT) गठन गऱ्यो । तत्पश्चात् स्वाध्ययन टोलीले प्राध्यापन, शैक्षिक प्रशासन र अनुसन्धानलाई अझ गुणस्तरीय बनाउन र अल्पकालीन तथा दीर्घकालीन रणनीतिहरू तयार पार्न अन्तर-विश्लेषण (Gap Analysis) का कामहरू सुरु गऱ्यो । अन्तर-विश्लेषणका लागि घनीभूत अन्तर-विभागीय बैठक र छलफलहरू चलाइयो ।

त्रि.वि. ऐन र नियमावली, त्रि.वि. स्वायत्ततानियम र गुणस्तर सुनिश्चितता तथा प्रमाणीकरण प्रणालीका आधारभूत आवश्यकताहरूलाई समन्वय गरी विभिन्न समिति र उपसमितिहरूको गठनका लागि क्याम्पस कार्यकारी समितिलाई सिफारिस गऱ्यो । यसै बीच सन् २०२० मा केन्द्रीय प्रविधि क्याम्पसका क्याम्पस प्रमुखमा डा. दिलकुमार लिम्बू नियुक्त हुनुभएकाले स्वाध्ययन टोलीको पुनर्गठन भयो । यसै बीच मलाई स्वाध्ययन टोलीको सदस्यका नाताले स्वाध्ययन कार्यलाई द्रुत गति दिनका लागि सह-संयोजन गर्ने अभिभारा दिइयो । सोहीअनुसार केही समिति र टोलीहरूको पुनर्गठन समेत गरी स्वाध्ययन प्रतिवेदनको कार्यलाई अघि बढाइयो ।

३. अन्तर-विश्लेषण (Gap Analysis)

गुणस्तर सुनिश्चितता तथा प्रमाणीकरण विभागले तोकेको आधिकारिक ढाँचाअनुसार स्वाध्ययन प्रतिवेदन तयारी गर्दा मूलतः निम्न दुई शीर्षकहरू अन्तर्गत तथ्याङ्कहरू आवश्यक पर्ने रहेछ :

(क) संस्थागत विवरण (Institutional Profile)
यसमा उनन्तीस प्रश्नहरूको उत्तर दिनुपर्ने हुन्छ ।

(ख) मानक अनुसारकोइनपुट (Benchmark–wise Input)
यसमा सात मापदण्डहरू अन्तर्गत रही एक सय बीस प्रश्नहरूको उत्तर दिनुपर्ने हुन्छ ।

यो अन्तर-विश्लेषणका क्रममा हाम्रो परम्परागत शिक्षण प्रणालीमा रहेका अनेकौँ कमजोरीहरूलाई केलाउने मौका मिल्यो र सोहीअनुसारको सुधारका प्रस्तावहरू क्याम्पस कार्यकारी समितिमा लगियो । मैले देखेका सबैभन्दा प्रमुख समस्याहरू (जसलाई अहिले सुधार गरिएको छ) निम्नानुसार थिए :

(क) दस्ताबेजीकरण (Documentation) र अभिलेखीकरण (Archiving), जुन नभए हाम्रो प्रतिवेदन नै तयार हुन सक्दैन थियो ।

(ख) पञ्चवर्षीय रणनीति (5–Year Strategic Plan) नबनाइएको ।

(ग) क्याम्पसको गुरु योजना (Master Plan) भूकम्प या अन्य कारणले नष्ट भएको/फेला नपरेको ।

(घ) शिक्षा व्यवस्थापन सूचना प्रणाली (Education Management Information System, EMIS) व्यवस्थित नभएको ।

(ङ) सङ्काय सदस्य मूल्याङ्कन (Faculty Appraisal) नीति र कार्यविधि नभएको ।

(च) सङ्काय सदस्यहरूको वृत्तिविकास (Professional Development) का लागि ठोस नीतिको अभाव ।

(छ) सङ्काय सदस्य र विद्यार्थीहरूले गर्दै आएका अनुसन्धानहरूको दस्ताबेजीकरण र अनुसन्धान अनुदान (Research Grants) सम्बन्धी कार्यविधिकोको कमी ।

(ज) क्याम्पसको आन्तरिक प्रयोजनका लागि नीति, कार्यक्रम र कार्यविधि (Campus Policies, Procedures and Guidelines) दस्ताबेजीकरण नभएको ।

(झ) क्याम्पसको आन्तरिक गुणस्तर सुनिश्चितता समिति (Internal Quality Assurance Committee, IQAC), शिक्षा व्यवस्थापन सूचना प्रणाली समिति (EMIS Committee), आन्तरिक प्राज्ञिक/शैक्षिक लेखापरीक्षण टोली (Internal Academic Audit Team, IAAT) लगायतका विभिन्न समिति र टोलीहरूको गठन भइनसकेको ।

माथि उल्लेखित बुँदाहरूको हल नभएसम्म स्वाध्ययन प्रतिवेदन अगाडि बढ्नै नसक्ने महसुस भएकाले सर्वप्रथम यिनै बुँदाहरूलाई प्राथमिकता दिई कामको बाँड-फाँड गरी समानान्तर रूपमा काम अगाडि बढाइयो । अगाडि बढ्ने क्रममा स्वाध्ययन टोलीले अनुभव गरेको कार्यको जटिलता र समय-सीमाको चापका केही उदाहरणहरू निम्न अनुच्छेदमा दिइएका छन् :

(क) पञ्चवर्षीय रणनीति (5–Year Strategic Plan) बनाउँदा क्याम्पस कार्यकारी समिति र सरोकारवालाहरूको बैठक कम्तीमा छ पटक बस्यो । रणनीति तयार

गरी क्याम्पस कार्यकारी समितिबाट अनुमोदन हुँदै क्याम्पस सञ्चालक समितिबाट पारित हुन लगभग सात महिना लाग्यो ।

(ख) क्याम्पसको नयाँ गुरुयोजना बनेर क्याम्पस सञ्चालक समितिबाट पारित हुन करिब दुई वर्ष लाग्यो ।

(ग) शिक्षा व्यवस्थापन सूचना प्रणालीलाई प्रभावकारी बनाउन, अद्यावधिक गर्न र दस्ताबेजीकरण गरी पारित गर्न करिब डेढ वर्ष लाग्यो । यस प्रणालीअन्तर्गत विद्यार्थी/शिक्षकहरूको हाजिरी, शिक्षण रेकर्ड (Teaching Log Record) र छात्र गुणस्तर वृत (Student Quality Circle, SQC) को पृष्ठपोषण (Feedback) सङ्कलन गर्न CCT Teacher भन्ने मोबाइल/कम्प्युटर अनुप्रयोगको विकास गर्न करिब आठ महिना लाग्यो ।

(घ) सङ्काय सदस्य मूल्याङ्कन (Faculty Appraisal) कार्यविधि तयार गरी क्याम्पस कार्यकारी समितिबाट पारित गर्न एक महिना लाग्यो ।

(ङ) अनुसन्धान अनुदान (Research Grants) सम्बन्धी कार्यविधि तयार गरी पारित गर्न एक महिना लाग्यो ।

(च) क्याम्पसको नीति, कार्यक्रम र कार्यविधि तयार गरी पारित गर्न छ महिना लाग्यो ।

मेरो यो सानो अनुभवमा स्वाध्ययन प्रतिवेदन तयार गर्नभन्दा पनि प्रतिवेदनले खोजेका जम्मा १२० (+ २९) प्रश्नहरूको उत्तरहरूको पूर्वाधार तयार गर्न धेरै समय लाग्ने रहेछ । पूर्वाधार नभएका या पूर्वाधार सृजना गर्नुपर्ने उच्च शिक्षण संस्थाहरूमा त कम से कम दुईतीन वर्ष नै लाग्ने रहेछ । स्वाध्ययन प्रतिवेदनको अन्तिम खेस्रा तयारी हुँदासम्म क्याम्पसका सबै सरोकारवाला (समिति/टोली, विभाग/शाखा, विद्यार्थी सङ्ग-सङ्गठन, शिक्षक, नगरपालिका,) हरूसित अनवरत छलफल जारी राखियो । कामको प्रकृति र दायराका हिसाबले क्याम्पसका सबै समिति, विभाग र टोलीहरू परस्पर सम्बन्धित भएको हुनाले सबैको सल्लाह र सुझावहरूलाई खेस्रा प्रतिवेदनमा समावेश गरियो ।

यति लेखिरहँदा क्याम्पसमा भएका समिति, विभाग/शाखा र टोलीहरूको सूची राख्नु मैले सान्दर्भिक ठानेको छु, जो यस प्रकार छ :

(क) क्याम्पस सञ्चालक समिति (Campus Management Committee, CMC)

(ख) क्याम्पस कार्यकारी समिति (Campus Executive Committee, CEC)

(ग) आन्तरिक गुणस्तर सुनिश्चितता समिति (Internal Quality Assurance Committee, IQAC)

(घ) स्वाध्ययन टोली (Self–assessment Team, SAT)

(ङ) प्राज्ञिक समिति (Academic Committee, AC)
(च) अनुसन्धान समिति (Research Committee, RC)
(छ) अनुसन्धान व्यवस्थापन इकाइ (Research Management Cell, RMC)
(ज) विद्यार्थी कल्याण तथा अतिरिक्त क्रियाकलाप समिति (Student Welfare and Extracurricular Activity Committee, SWEAC)
(झ) विद्यार्थी परामर्श तथा रोजगार समिति (Student Counseling and Job Placement Committee, SCJPC)
(ञ) सार्वजनिक तथा शिक्षा व्यवस्थापन सूचना प्रणाली समिति (Public Information and Education Management Information System Committee, EMISC)
(ट) पुस्तकालय व्यवस्थापन समिति (Library Management Committee, LiMC)
(ठ) प्रयोगशाला व्यवस्थापन समिति (Laboratory Management Committee, LaMC)
(ड) भौतिक निर्माण, मर्मत तथा खरिद समिति (Physical Construction, Repair and Purchase Committee, PCRPC)
(ढ) परीक्षा तथा आन्तरिक मूल्याङ्कन समिति (Examination and Internal Evaluation Committee, EIEC)

४. स्वाध्ययन प्रतिवेदन लेखनका चुनौतीहरू

माथि उल्लिखित समिति/टोलीहरूभन्दा बाहेक क्याम्पसमा विद्यमान बाह्रवटा शैक्षिक विभागहरू र आवश्यकताअनुसार क्याम्पस कार्यकारी समितिद्वारा गठन गरिएका विभिन्न उपसमितिहरूलाई पनि समावेश गरी स्वाध्ययन प्रतिवेदन तयार गरियो । क्याम्पसको शैक्षिक र भौतिक विकास निरन्तर चलिरहने प्रक्रिया भएकाले EMIS प्रतिवेदन र स्वाध्ययन प्रतिवेदन अद्यावधिक गर्न जहिले पनि हम्मे हम्मे पऱ्यो । विद्यार्थीहरूले भर्ना हुने, छाड्ने र पढाइ सक्ने एवम् शिक्षक र कर्मचारीहरू नियुक्त हुने, सरुवा हुने, बढुवा हुने र अवकाश पाउने साथै तालिम र उच्च अध्ययन (विद्यावारिधि) गर्न जाने-आउने जस्ता क्रियाकलापको क्रम निरन्तर चलिरहने भएकाले तथ्याङ्क चलायमान हुने रहेछ ।

प्रतिवेदनका लागि चाहिने अधिकांश अभिलेख (Records and Archives) हरू परम्परागत प्रणालीबाट राखिएको हुनाले सूचनाको पहुँच (Information Access)

चाहेजस्तो गरी छिटो र प्रभावकारी नहुने रहेछ । यो अन्तर-विश्लेषणले हामीलाई अबदेखि यथासम्भव डिजिटल प्रविधिको प्रयोग गर्नुपर्ने पाठ पनि सिकायो । तोकिएको ढाँचाअनुसार भाँती पुऱ्याएर स्वाध्ययन प्रतिवेदन लेख्नु सजिलो भने पक्कै नहुने रहेनछ । यो कुनै प्राज्ञिक शोधप्रबन्ध (Thesis/Dissertation) लेखनभन्दा कम नहुने रहेछ । बरु प्राज्ञिक शोधप्रबन्धमा सन्दर्भ सामाग्रीको स्रोत खुलाए पुग्छ, स्वाध्ययन प्रतिवेदनमा खोजिएका सबै १२० (+२९) प्रश्नका उत्तरहरूको प्रमाणीकरण (Verification–Validation) का लागि सहायक दस्ताबेज वा प्रमाण पनि संलग्न गर्नुपर्ने रहेछ । सङ्कलित तथ्याङ्कहरूको विश्लेषण पनि त्रिकोणात्मक विश्लेषण (Triangulation) हुनुपर्ने भएकाले डिजिटल प्रविधिको प्रयोगबिना दिइएको समय-सीमामा काम सम्पन्न गर्न लगभग असम्भव नै देखियो । परम्परागत शैलीमा दस्ताबेजहरूको छाया-प्रति (Photocopy) सङ्कलन गरेर मात्र नपुग्ने रहेछ र ठेलीका ठेली पाना पल्टाएर सम्भव नहुने रहेछ भन्ने अर्को पाठ पनि सिकियो ।

५.स्वाध्ययन प्रतिवेदन लेखन

५.१ प्रारम्भिक चरण

प्रारम्भिक चरणमा केही महिना परम्परागत शैलीमा लेख्ने प्रयास भयो तर मेलो पटक्कै र सरेन । सहायक कागजातहरू (Supporting Documents) को चाङ देखेर विरक्तै भइयो । कताबाट सुरु गरेर कता बिट मार्ने थाहा पत्तै लागेन । एउटा पाना कारणवश यताउति भयो कि खोज्दै दिन जान्थ्यो । अब कसरी अगाडि बढ्ने, टोलीलाई सास्ती पऱ्यो । उता थप सहायक दस्ताबेज जोरजाम गर्ने, आवश्यक कार्यदल/ समिति/ उपसमितिहरू बनाउने, आन्तरिक निर्देशिका/कार्यविधिहरू बनाउने जस्ता कामहरू समानान्तर रूपमा चलिरहेकै थिए ।

५.२ नयाँ योजना

यसै बीच वि. सं. २०७७ साल वैशाख १४ गतेदेखि २०७८ साल असोज महिनासम्म गरी लगभग १७ महिना कोरोना महामारीका कारणले देशव्यापी रूपमा लक-डाउन र निषेधाज्ञाहरू भए, जसका कारण काम अगाडि बढाउन धेरै कठिनाइहरूको सामना गर्नु पऱ्यो । स्वाध्ययन प्रतिवेदनको खेस्रा तयार भए तापनि गुणस्तर सुनिश्चितता तथा प्रमाणीकरण विभाग (काठमाडौं) मा भौतिक रूपमा उपस्थित भई पुऱ्याउने स्थिति थिएन । लक-डाउन कहिले खुल्ने त्यो पनि निश्चित थिएन । यो अन्यौल र अनिश्चितताका अन्तरालले हामीलाई अर्को जुक्ति लगाउने अवसर पनि दियो । हामीले हामीसित भएका सहायक दस्ताबेजहरू सबै स्क्यानिङ्ग (Scanning) गरेर डिजिटाइज

(Digitize) गर्ने सोच बनायौँ । यसो गर्दा काम दोहोरिने र समय धेरै लाग्ने भए तापनि, लक-डाउनका बावजुद स्वाध्ययन प्रतिवेदनलाई कम से कम इ-मेल (Email) मार्फत समयमै सम्बन्धित विभागमा पठाउन त सकिन्छ भनेर हामी सबै दङ्ग पर्‍यौँ । योजना राम्रो थियो तर यसलाई साकार पार्न भने सजिलो देखिएन । कम्प्युटर र सफ्टवेयर (Software) को राम्रो ज्ञान हुन नितान्त जरुरी थियो ।

५.३ सहायक सामग्रीहरूको सङ्कलन


स्वाध्ययन प्रतिवेदनका लागि सङ्कलित सहायक दस्ताबेजहरूलाई विद्युतीय संस्करण (Electronic Version) का लागि स्क्यानिङको (Scanning) कार्य सुरु भयो र साथै यसलाई कसरी अभिलेखीकरण (Archiving) गर्दा सजिलो हुन्छ भन्नेबारे मन्थन पनि निरन्तर चलिरह्यो । बिजुलीको भर नभएको हुनाले कार्यालयमा भएका स्क्यानर यन्त्रका साथसाथै मोबाइलको स्क्यानर (Clear Scanner/Cam Scanner) अनुप्रयोगलाई भरपुर प्रयोग गरियो । सबै दस्ताबेजहरूलाई सान्दर्भिक नाम दिएर परिशिष्ट प्रयोजनका लागि पोर्टेबल कागजात फाइल (Portable Document File, PDF) का रूपमा राखियो । कागजातहरूलाई डिजिटाइज गरेर राख्दा यसबाट हुने कैयौँ फाइदाहरूका बारेमा थाहा पाइयो । उदाहरणका लागि लालपुर्जा, गुरुयोजना र हस्तलिखित बैठकका माइन्युटजस्ता महत्त्वपूर्ण कागजातहरू सुरक्षित राख्न सकिने रहेछ । यसो गर्दा किरा र धमिरा लाग्ने सम्भावना पनि हुँदैन ।

स्वाध्ययन प्रतिवेदनको ढाँचाबमोजिम दश खण्ड (Volume) का लागि कम्प्युटरमा दश फोल्डरहरू बनाइयो, जसभित्र सान्दर्भिक परिशिष्ट दस्ताबेजहरू (Files) राखियो (चित्र सं. १) । यी सबै फोल्डरहरूलाई फेरि परिशिष्ट (ANNEX) नामक फोल्डर भित्र राखियो । कागजात/दस्ताबेजहरू सबै PDF भएकाले यसलाई सम्पादन गर्न (पानाहरू थप्न/झिक्न/घुमाउन/सिधा पार्न इत्यादि) एडोबिएक्रोबैट (Adobe AcrobatDC) नामक कम्प्युटर सफ्टवेयरको प्रयोग गरियो ।

५.४ प्रतिवेदन लेखन र हाइपरलिङ्क राख्ने कार्य


क्याम्पसको विवरण सम्बन्धी उनन्तीस र आठवटा मापदण्डअनुसारको १२० प्रश्नहरूको एक-एक गरी उत्तर/प्रतिक्रिया तयार गर्न थालियो । उत्तरलाई पुष्टि गर्ने फोल्डरभित्र राखिएका सहायक कागजात/प्रमाण/अभिलेख/दस्ताबेजका परिशिष्टरहरूलाई बियाँलो गरी हाइपरलिङ्क (Hyperlink) गरियो । यसो गर्दा आफूलगायत समीक्षकहरूलाई पनि प्रतिवेदन समीक्षा गर्न या जाँच्न धेरै सजिलो हुने देखियो । कागजातको जतिसुकै ठूलो गुन्टो भए पनि विद्युतीय संस्करण भएकाले भारी

बोक्नुनपर्ने र भण्डारण गरिएको गुगल ड्राइभ (Google Drive) या वान ड्राइभ (One Drive) मार्फत सजिलै पठाउन वा डाउनलोड गर्न मिल्ने भयो । कम्प्युटर माउसको केही क्लिकमै सन्दर्भ र सहायक सामाग्रीहरू पुगे नपुगेको थाहा पाउन सकिने भयो । म यसलाई लकडाउनले परोक्ष रूपमा प्रदान गरेको एउटा उपलब्धि नै मान्दछु ।




चित्र नं. १ विद्युतीय संस्करणमा फोल्डर र फाइलहरूको व्यवस्थापन

हाइपरलिङ्क बनाउन भने सजिलो पक्कै थिएन । यसका लागि सबैभन्दा पछिल्लो संस्करणको मिइक्रोसफ्ट अफिस Office 365 को प्रयोग गरियो । काम छरितोसँग गर्न अठार इन्च या त्यसभन्दा माथिको कम्प्युटर मनिटर लिई दुईखण्डे स्क्रिन (Double Split Screen) बनाई प्रयोग गरियो (चित्र नं० २) । प्रतिवेदनका अन्त्यमा हाइपरलिङ्क गरिएका परिशिष्टहरूको सूची पनि राखियो (चित्र नं० ३) ।



चित्र नं. २ दुईखण्डे स्क्रिनको प्रयोग



चित्र नं. ३ हाइपरलिङ्क गरिएका परिशिष्टहरूको सूची

५.५ तथ्याङ्क विश्लेषण र सारांश

सङ्कलन गरिएका अभिलेख/कागजातहरूबाट तथ्याङ्क/विवरण निकालेर सोधिएका प्रत्येक प्रश्नको उत्तर सहायक कागजातहरूसँग हाइपरलिङ्क राख्दै लेख्नु आफैंमा झन्झटिलो प्रक्रिया भए तापनि धेरै किसिमका कागजातहरूलाई व्यवस्थापन गर्नुपर्दा यो सबैभन्दा प्रभावकारी तरिका हो भन्नुमा अतिशयोक्ति नहोला । स्वाध्ययन प्रतिवेदन

लेखनको सबैभन्दा पेचिलो अंश रहृयो तथ्याङ्क विश्लेषण । यो एउटा तटस्थ भएर यसअघि हल गरिएका मापदण्डअनुसारको १२० (+२९) प्रश्नहरूको मातहत रही गरिने त्रिकोणात्मक विश्लेषण भएकाले धेरै सतर्कता अपनाउनुपर्ने रहेछ । प्रत्येक मापदण्ड र प्रश्नको परस्पर नाता र सन्दर्भ केलाउनु पर्नेरहेछ । यथाशक्य एउटै उत्तरका लागि विभिन्न खण्ड (Volume) हरूबाट एकभन्दा बढी सान्दर्भिक सहायक कागजात देखाउनुपर्ने रहेछ । अन्त्यमा लेखिने सारांश पनि कम पेचिलो हुँदो रहेनछ । सम्पूर्ण प्रतिवेदनको दर्पण भएकाले पनि सारांश लेख्नु त स्वाभाविक रूपमा सजिलो हुँदैन ।

५.६ स्वाध्ययन प्रतिवेदन र सहायक सामाग्रीहरूको अकार-प्रकार

विद्युतीय संस्करण (Electronic Version) को स्वाध्ययन प्रतिवेदन जम्मा ९७ पाना र सहायक कागजात ५,१८० पाना गरी जसमा ५,२२७ पानाको बन्यो । दश खण्ड रहेको सहायक सामाग्रीमा जम्मा १९० परिशिष्टहरू राखिए । समग्र प्रतिवेदन (सहायक सामाग्री लगायत) १.८८ जी. बी. (1.88 GB) आकारको भयो । यति धेरै डिजिटल आकारको सामाग्री इ-मेलबाट पठाउन नसकिने भएकाले यसलाई भण्डारण गर्ने तीन उपायहरू अपनाइए - (१) गुगल ड्राइभ या वान ड्राइभमा राख्ने, (२) पेन ड्राइभ (Pen Drive) मा राख्ने, र (३) सी डी./डी. भी. डी. (CD/DVD) मा राख्ने ।

५.७ प्रारम्भिक समीक्षा

यसरी तयार पारिएको स्वाध्ययन प्रतिवेदनको पहिलो खेस्रा (विद्युतीय संस्करण) २०७७ को असार महिनातिर गुणस्तर सुनिश्चितता तथा प्रमाणीकरण विभाग (QAAD) मा पठाइयो । विभागका नवीना चौंलागाईंज्यूबाट समीक्षा भएर आएको प्रतिक्रिया र पृष्ठपोषणअनुसार फेरि दोस्रो खेस्रा (विद्युतीय संस्करण) संशोधन गरी २०७७ साल पौष १६ गते पुनः समीक्षाको लागि QAAD पठाइयो । श्री गोपाल आचार्यज्यूबाट दोस्रो पटक समीक्षा भई आएको खेस्रा प्रतिवेदन उपरको प्रतिक्रिया र पृष्ठोपोषणअनुसार फेरि तेस्रो संशोधित खेस्रा (विद्युतीय संस्करण) QAAD पठाइयो । यसरी स्वाध्ययन प्रतिवेदन तीनपटकसम्म संशोधन गरेपछि मात्र स्थलगत समकक्ष-समीक्षा (Peer Review) को लागि पारित भयो । कोरोना महामारीको कारण समकक्ष-समीक्षा टोली (Peer Review Team, PRT) स्थलगत निरीक्षणको लागि आउने कार्यक्रम अनिश्चित जस्तो देखिए तापनि अन्ततो गत्वा समकक्ष-समीक्षापूर्व हुनुपर्ने तयारी-भ्रमण २०७८ को फागुन १० मा जुऱ्यो । भ्रमण टोलीलाई हाम्रो आफ्नो तयारीबारे प्रस्तुतीकरण दिनुका साथै स्थलगत भ्रमण पनि गराउनुपर्ने रहेछ, सो पूर्ण तयारीका साथ गऱ्यौं । हाम्रो प्रगति र मेहनतबाट निरीक्षण टोली निकै प्रभावित भएकोमा हामी पनि दङ्गै पऱ्यौं । निरीक्षण टोलीले

सरोकारवाला (शिक्षक, कर्मचारी, क्याम्पस सञ्चालक समितिका सदस्य र विद्यार्थीका अभिभावक)हरूसित पनि छुट्टा-छुट्टै अन्तरक्रिया गऱ्यो । यसरी दुई दिनको दौडधुपपछि निरीक्षण टोलीले आफ्नो अध्ययन प्रतिवेदन तयारी गऱ्यो । अब क्याम्पसले थप के के सुधारहरू गर्नुपर्ने हो, त्यसबारे स्वाध्ययन टोलीसित अन्तिम छलफल गरी प्रतिवेदनमा हस्ताक्षर भयो । परिमार्जनसहितको स्वाध्ययन प्रतिवेदन चाँडै बुझाई सम्भवतः 'अन्तिम समकक्ष-समीक्षा' टोली भ्रमणका लागि तयारी रहने वाचाका साथ पूर्व निरीक्षण टोलीसित बिदा भयौँ । काम सजिलो रहेनछ तर आशा गरौँ, यो अन्तिम समकक्ष-समीक्षाका लागि स्थलगत निरीक्षण कार्यक्रम चाँडै टुङ्गो लाग्नेछ र केन्द्रीय प्रविधि क्याम्पसलाई एच्त ले गुणस्तर सुनिश्चितताको लागि QAAD मा सिफारिस गर्नेछ ।

६. भावी चुनौतीहरू

विश्व विद्यालय अनुदान आयोगले सन् २००७ देखि नेपालका सबै उच्च शिक्षण संस्थाहरूमा गुणस्तर सुनिश्चितता तथा प्रमाणीकरण क्रमशः लागू गर्दै जाने योजना बनाएको चर्चा यो लेखको सुरुमै गरिएको छ । हामी सबैलाई थाहा छ, गुणस्तरको लागत पनि हुन्छ र यो सित्तैंमा प्राप्त गर्न सकिँदैन । उच्च शिक्षामा गुणस्तर सुनिश्चित गर्न या कायम गर्नका लागि भौतिक पूर्वाधार र मानव संसाधनमा लगानी आवश्यक पर्दछ । सञ्चालन खर्चको व्यवस्था हुनु पर्दछ । सङ्काय सदस्य र कर्मचारीहरूको उन्नयन र वृत्तिविकासका लागि अवसरहरू उपलब्ध हुनुपर्दछ । तोकिएको दरबन्दी सङ्ख्याअनुसार शिक्षकहरूको व्यवस्था हुनुपर्दछ । यदि नीति निर्माण तहमा रहेका निकायहरूबाट यस्ता न्यूनतम आवश्यकताहरूलाई समेत नजरन्दाज गरी हलो अड्काएर गोरु चुट्ने काममात्र भइरह्यो भने भोलिका दिनमा नेपालको उच्च शिक्षाको गुणस्तर कहाँ पुग्ने हो, घाम जत्तिकै छर्लङ्ग छ । त्यसैले भोलिका चुनौतीहरूलाई सामना गर्न हामी सबैले आजै देखि जुट्नु जरुरी छ ।

७. उपसंहार

कुनै पनि शिक्षण संस्थाको प्रगतिको आधार भनेको शिक्षण पद्धति र शैक्षिक गतिविधिहरूको गुणस्तर नै हो । यस प्रगतिलाई दिगो रूपमा सुनिश्चितत गर्न एकल प्रयासले मात्र सम्भव छैन, यसका लागि सम्पूर्ण सरोकारवालाहरूले एकता र सद्भावका साथ निरन्तर लागिरहनुपर्दछ । अर्को अर्थमा भन्ने हो भने शिक्षण संस्थाले यस्तो किसिमको अचुक प्रणाली अवलम्बन गर्नु पऱ्यो, जसले शैक्षिक गुणस्तर दिगो रूपमा सुनिश्चित गर्न सकोस् । विश्वभर मान्यताप्राप्त र आधिकारिक यस्तै प्रणालीको नाम हो गुणस्तर सुनिश्चितता प्रणाली (Quality Assurance System) । कुनै पनि शिक्षण

संस्था यो प्रणाली अन्तर्गत रहेको आधिकारिक दस्ताबेज भनेको प्रमाणीकरण (Accreditation) हो । तसर्थ यस प्रणालीलाई गुणस्तर सुनिश्चितता तथा प्रमाणीकरण (Quality Assurance and Accreditation, QAA) भन्ने गर्दछौं । माथि उल्लेख गरिएअनुसार यो प्रमाणीकरणका लागि स्वाध्ययन प्रस्ताव तयार गरी QAAD को सिफारिसमा QAAC ले सदर गरी विश्वविद्यालय अनुदान आयोगले पारित गर्नुपर्दछ । यो स्वाध्ययन प्रस्ताव तयार पार्नको लागि मलाई स्वाध्ययन टोलीको सह-संयोजकको भूमिका निर्वाह गर्ने जिम्मेवारी दिनुहुने के. प्र. क्याम्पसका क्याम्पस प्रमुख तथा क्याम्पस कार्यकारी समितिका अध्यक्ष डा. दिलकुमार हाङ्स्रोङ लिम्बूज्यूलाई यो लेखमार्फत हार्दिक धन्यवाद टक्याउन चाहन्छु । यस कामले मलाई क्याम्पसको हरेक गतिविधिलाई नियाल्ने र विश्लेषण गर्नसक्ने क्षमताको विकास गरायो, काम सिकायो । केन्द्रीय प्रविधि क्याम्पस मेरो हरेक वृत्तिविकास र प्राज्ञिक उन्नयनको थलो हो । यसैले मलाई बढाएको हो, हुर्काएको हो । म यस क्याम्पसप्रति सदैव आभारी रहने छु । यो स्वाध्ययन प्रतिवेदन तयार गर्ने अवसरलाई मेरो प्यारो क्याम्पसप्रति कृतज्ञता जाहेर गर्ने राम्रो अवसरका रूपमा मैले लिएको कुरा यस लेखमार्फत यहाँहरूसमक्ष राख्न चाहन्छु ।

*

(प्रा. बसन्त कुमार राई खाद्य प्रविधि केन्द्रीय विभागका विभागीय प्रमुख हुनुहुन्छ)

केन्द्रीय प्रविधि क्याम्पस, धरानको भावी लक्ष्य

डा. दिलकुमार लिम्बु

परिचय

आजको युग विज्ञान र प्रविधिको युग हो । अहिलेको भौतिक उपलब्धि र विकास विज्ञान तथा प्रविधिको अन्वेषणबाट सम्भव भएको हो । त्यसकारण विज्ञान तथा प्रविधि शिक्षा देश विकासका लागि अत्यन्त आवश्यक शिक्षा हो । विज्ञान र प्रविधि शिक्षामा ज्ञान र सिपको सम्मिश्रण हुन्छ । विश्वका विकासोन्मुख देशहरूले विज्ञान तथा प्रविधि शिक्षामा ठूलो लगानी गरी रहेका छन् । देश विकासका लागि दक्ष जनशक्तिको खाँचो पर्दछ । यो जनशक्तिको मागलाई विज्ञान तथा प्रविधि शिक्षाले मात्र पूरा गर्न सक्दछ । विश्वका केही देशहरूले विकास बजेटको तपसिल बमोजिमको बजेट विनियोजन गरेका छ ।

त्यसकारण देश विकासमा विज्ञान तथा प्रविधि विश्वविद्यालयको ठूलो हात छ । त्यस्तो विश्वविद्यालय हाम्रा देशका लागि अत्याावश्यक छ । साइन्स एण्ड टेक्नोलोजी विश्वविद्यालय अरू देशमा स्थापना भएका केही उदाहरणहरू यहाँ प्रस्तुत गरिएको छ ।

University of Science and Technology Meghalaya India,
Norwegian University of Science and Technology,
Joardan university of Science and Technology,
Hong Kong university of Science and Technology

विश्वका केही मुख्य Science and Technology university हरू हुन् । जुनसुकै विश्व विद्यालयको आफ्नै Mision, Vision, Goal / Objectives हुन्छन् । यस केन्द्रीय प्रविधि क्याम्पसलाई डिम विश्वविद्यालयमा परिणत गर्न एउटा mission, vision, goal र Objectives सहित अगाडि बढाईरहेका छौं । केन्द्रीय प्रविधि क्याम्पस स्थापना कालमा जुन mission, vision / goal भएता पनि आजको समय र परिस्थिति अनुसार हामीले तय गरेको mission, vision, goal / Objectives अलि फरक छ । किन कि स्थापनकालबाट अहिलेसम्म आइपुग्दा धेरै आरोह अवरोह र परिवर्तनहरू देश र क्याम्पसले झेली सकेको छ । देश र समाजमा अलि फरक किसिमको जनशक्तिको खाँचो टडकारो देखिएको छ । त्यो जनशक्तिलाई पूरा गर्न पनि Science and Technology University को आवश्यकता देखिएको छ । अहिलेसम्म विश्वविद्यालय अनुदान आयोगले निर्धारण गरेको विश्वविद्यालय र डिम विश्वविद्यालयको मापदण्ड तपसिल बमोजिम नै होला तर विश्वविद्यालय अनुदान आयोगको तथ्याङ्क अनुसार जे जति अहिलेसम्म नेपालमा डिम विश्वविद्यालयहरू स्थापना भएका छन् ती सबै स्वास्थ्य क्षेत्रमा

शैक्षिक उपाधिका लागि मात्र स्थापना भएका छन । हाम्रो क्याम्पस केन्द्रीय प्रविधि क्याम्पस धरानको लक्ष्य स्वायत्तता प्राप्त पछि गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (QAA) प्राप्त गरी डिम विश्वविद्यालयमा जानु हो । अहिले केन्द्रीय प्रविधि क्याम्पस त्रिभुवन विश्वविद्यालय अन्तर्गत स्वायत्तता प्राप्त क्याम्पसको रूपमा परिचित छ । अब हाम्रो क्याम्पसको लक्ष्य भनेको स्वास्थ्य क्षेत्र बिनाको विज्ञान तथा प्रविधिको डिम विश्वविद्यालय बनाउनु हो ।

नेपालमा विश्वविद्यालयको सुरूआत भारतको पटना विश्वविद्यालयबाट भएको थियो । इ. सं. १९१८ मा त्रिचन्द्र कलेजको स्थापना भएको थियो । त्यस समयमा पटना विश्वविद्यालयको पाठ्यक्रम, परीक्षा प्रणाली र शिक्षक व्यवस्थापन गर्दथ्यो (भट्टराई, २०१४)। त्रिचन्द्र कलेजको स्थापना भएको झण्डै ४० बर्षपछि नेपालमा त्रिभुवन विश्वविद्यालयको स्थापना भएको थियो । त्रिभुवन विश्वविद्यालयको स्थापना भएको २७ वर्षपछि संस्कृत विश्वविद्यालयको स्थापना भएको थियो र त्यसको ५ वर्षपछि काठमाडौँ विश्वविद्यालयको स्थापना भएको थियो । इ. सं. १९८३ तिर नेपालमा बहु विश्वविद्यालयको अवधारणा विकास भएको थियो । त्यसपश्चात नेपालमा विभिन्न उद्देश्यले विभिन्न विश्वविद्यालयहरू स्थापना भएका छन ।

नेपालमा वर्तमान अवस्था (बी. स. २०७९) सम्ममा तपसिलका १४ विश्वविद्यालयहरू स्थापना भएका छन् ।

१. त्रिभुवन विश्वविद्यालयबाट (TU), कीर्तिपुर, काठमाडौं
२. नेपाल संस्कृत विश्वविद्यालय बेलझुण्डी, दाङ
३. पुर्वाञ्चल विश्वविद्यालय (PU), बिराटनगर, मोरङ
४. पश्चिमाञ्चल विश्वविद्यालय, घोराही, दाङ
५. मध्य पश्चिमाञ्चल विश्वविद्यालय, वीरेन्द्रनगर, सुर्खेत
५. सुदुर पश्चिम विश्वविद्यालय, महेन्द्रनगर सुर्खेत
६. काठमाडौं विश्वविद्यालय (KU) धुलिखेल, काभ्रेपलाञ्चोक
७. पोखरा विश्वविद्यालय, पोखरा, कास्की
८. लुम्बिनी बौद्ध विश्वविद्यालय, कपिलवस्तु, लुम्बिनी
९. गण्डकी विश्वविद्यालय, पोखरा, कास्की
१०. कृषि तथा बन विज्ञान विश्वविद्यालय, रामपुर, चितवन
११. मनमोहन टेक्निकल विश्वविद्यालय, बुढिगङ्गा, मोरङ
१२. नेपाल खुला विश्वविद्यालय, काठमाडौं

१३. जनक महर्षि विश्वविद्यालय, जनकपुर, धनुषा
१४. मधेश कृषि विश्वविद्यालय, राजविराज, सप्तरी
(Source : UGC, Nepal)

केन्द्रीय प्रविधि क्याम्पसका भावी उदेश्यहरू -

१) विद्यार्थीहरूको सङ्ख्या बढाउने,
२) डिम विश्वविद्यालय बनाउने,
३) अझ गुणस्तर शिक्षा दिने,
४) प्राविधिक शिक्षामा जोड दिने,
५) क्याम्पसको बाँझो जग्गा र स्थानको अधिकतम प्रयोग गर्ने,

नेपालमा विद्यार्थी सङ्ख्या दिनानुदिन बढ्दै जानु, विभिन्न विषयको माग हुनुको कारण विश्वविद्यालय अनुदान आयोग अनुसार नेपालमा विश्वविद्यालय र डिम विश्वविद्यालय थपिँदै गइरहेको छ।

हाम्रो देशमा आवश्यक जनशक्ति उत्पादन र आपूर्ति पूरा गर्नलाई डिम विश्वविद्यालयहरूको अवधारणा विकास भयो, सोही बमोजिम तपसिलका डिम विश्वविद्यालयहरू स्थापना भएका छन्।

१. वि. पि. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान (BPKIHS) धरान, सुनसरी
२. राष्ट्रिय स्वास्थ्य विज्ञान प्रतिष्ठान (NAMS) वीर अस्पताल, काठमाडौं
३. पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान (PAHS) पाटन, ललितपुर
४. कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान (KAHS), जुम्ला, कर्णाली
५. पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान (PokAHS) पोखरा, कास्की
६. राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान (RAHS), घोराही, दांङ
(Source: UGC, Nepal)

अहिलेको परिदृश्य हेर्दा जति पनि डिम विश्वविद्यालय स्थापना भएका छन् सबै स्वास्थ्य शिक्षासँग मात्र सम्बन्धित उच्च शैक्षिक निकायहरू छन्। हाम्रो उद्देश्य विज्ञान तथा प्रविधि संस्थाबाट हाम्रो क्याम्पसलाई पहिलो डिम विश्वविद्यालय बनाउनु हो।


डिम विश्वविद्यालय भनेको के हो ?

डिम विश्वविद्यालय भनेको विश्वविद्यालय उन्मुख उच्च शैक्षिक संस्था हो। डिम विश्वविद्यालय आर्थिक, प्रशासनिक र शैक्षिक रूपमा पुर्ण स्वायत्तता प्राप्त विश्वविद्यालय हो। यस मा शैक्षिक कार्यक्रम (अफिलियशन) दिने अधिकार हुन्न। तर स्वायत्त उच्च शैक्षिक संस्था हो। यस को सञ्चालन को लागि विश्वविद्यालय अनुदान आयोग ले मात्र

संञ्चालन अनुमति दिन सक्छ। नेपाल मा स्वास्थ्य क्षेत्र बाहेक अरू क्षेत्रमा डिम विश्वविद्यालय संञ्चालन मा आएको छैन।

विज्ञान तथा प्रविधिमा बजेट विनियोजन

नेपाल सरकारबाट हरेक वर्ष बजेट विनियोजन हुने गरेको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको नाममा एकमुष्ट बजेट विनियोजन भए पनि त्यस मन्त्रालयले विज्ञान तथा प्रविधिलाई बजेट विनियोजन गर्दछ । नेपाल सरकारले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई टोटल बजेटको मुस्किलले १० - ११% सम्म छुट्टयाइएको छ ।



अरू देशहरूको तुलनामा यो थोरै बजेट हो । देश विकासमा विज्ञान तथा प्रविधिको अहम् भूमिका हुन्छ । विज्ञान तथा प्रविधि शिक्षा देश विकासको मेरुदण्ड नै हो । त्यसकारण पनि विज्ञान तथा प्रविधिको अनुसन्धान र विकासमा ठुलो धनराशि खर्च गर्नु पर्दछ । नेपाल सरकारले २००९ सम्म कूल बजेटको नगन्य मात्रा ०.०१% मात्र अनुसन्धान र विकास (R & D) मा खर्च गर्दथ्यो । अहिले कूल बजेटको ०.४५% अनुसन्धान र विकासमा छुट्टयाइएको छ। (Adhikari, 2020)

सन्दर्भ सामग्रीहरू

– UGC Nepal httpsM/www.ugcnepal.edu.np
– Adhikari (2020). Science And Technology Not A Priority In Nepal Ús Budget.
– Giri (2020). Necessity of New Universities in Nepal in the 2020.

*

(डा.दिलकुमार लिम्बु केन्द्रीय प्रविधि क्याम्पसका क्याम्पस प्रमुख हुनुहुन्छ)

Central Campus of Technology at the Eye of Dharane' People

Surya Prakash Pandhak

Central Campus of Technology(CCT) was established in 1972(AD) in Dharan.It was established by the name of Institute of Applied Science and Technolgy(IAS Tech) as a constituent campus of Tribhuvan University, Kirtipur, Kathmandu.It was Promoted with the status of Central Campus of Technology in 1987 (AD). Commonly people use to name it 'Hatisar Campus .' The Words Hatisar Campus hang in every man's tongue.It is situated in Dharan Sub-Metropolitan City Ward No. 14 Hatisar.Hatisar has historical value that it was used for husbandry for elephants of the kingdom.So it is popular by the name of Hatisar Campus in this province.It has planted different vegetations ,fruits,coffee ,lemon,orange etc as well as different herbs in its own land extending 19 bighas and 10 kathas.It is located in the lap of Bijayapur hill with great infrastructures .Bijayapur is a famous historical religious , as well as cultural place .It was the capital city of different dynasties for a long span of time.

It became autonomous Campus with autonomy status in 2012 (AD). It has been running several graduate and post graduate programmes in several subjects.In post graduate level there are two subjects: M.Sc. Microbiology and M.Tech (Food),as well as PHD programme (food Technology) Btech(Food), B.Sc.. Physics ,B.Sc. Nutrition and Dietetics , B.Sc. (Computer Science & Information Technology),B.Sc. Zoology , B.Sc. Botany , B.Sc. Geology , B.Sc. Chemistry and BIT are being held in this Campus.It is sound with highly qualified teaching staff and well infrastructures. Around 1000 students are studying in this campus."Central Campus of Technology will strive to transition … Deemed University of Food Science and Technology making it one of the finest research station for post harvest Technology of the SAARC Region."

It stands as the distinguished educational institution , that provides high quality education which helps students learn their full potentials , so that they are able to design a successful academic carrier.There is magnetic attraction of students at this Campus, for there are many valuable subjects registered Food Technology and Nutrition and Dietetics are not available elsewhere as TU constituent academic programmes .They are very important subjects which educate people about food , nutrition and health.If people are conscious about food and nutrition ,fifty percent of health problems can be prevented .Not only students come from different geographical variations such as hills ,Terai ,valley and

Himalaya region but also from different communities namely Kshetri,Brahmin,Limbu,Rai,Gurung,Tamang,

Chaudhari,Rajbansi,Dhimal,Tharu,etc.The students from different ethnicity study together being the members of the same family at Central Campus of Technology , Hatisar .It prompts the notion of social harmony of the nation.

CCT stands for multiple possibilities for the development of Dharan. It opens the job opportunity for different food industries in Dharan and Nation . It provides highly skilled manpower as well as the experts of the relative field to open new industries for example–a kind of beer made of millet, 'Tinpaneraksi' a kind of wine made of millet, Sukuti' a kind of dry meat etc. These products can be exported to European countries where they have great demand .Several new food of local materials can be produced, by CCT provides/produces skilled manpower and expert of it.

Dharan Sub-Metropolitan Municipality can encourage Dharane's people , institutions, companies and so on to establish different food industries coordinating with Central Campus of Technology ,Hattisar, Dharan. It can set up different food quality control units and run different programmes about it, so that Dharane's people will get fresh and quality assurance food in the market. Similarly different advice units about nutrition and food can be set up so that people will be conscious about food and nutrition.

CCT has a vital role for the development of Dharan. Dharane's people view it as one of the greatest properties of Dharan on the one hand and on the other hand it is an ornament and dignity of Dharan. Along with academic activities, commercial activities, tourism as well as health activities are promoted which support to the development of Dharan City. Central Campus of Technology, Hattisar , Dharan ,is a multidimensional big academic institute at the eye of Dharane's people. It has been taken as an eyeball, that is loved very much by the Dharane's people.

Surya Prakash Pandhak
Member
Campus Managing Committee
Central Campus of Technology
Hattisar,Dharan-14,Sunsari,Province No . 1

पर्यटकीय, धार्मिक र शैक्षिक केन्द्रका रूपमा धरान र सोको सेरोफेरोमा केन्द्रीय प्रविधि क्याम्पस, हात्तीसार

सञ्जय कोइराला

आरम्भ

पूर्वी नेपालको प्रदेश १ अन्तर्गत पर्ने 'धरान', नेपालकै सुन्दर र अग्रणी नगरमध्येमा गनिन्छ । शिक्षा, स्वास्थ्य सेवा, खेलकुद, पर्यटन, यातायात, फेसन आदि विविध क्षेत्रमा धरान नेपालका धेरै नगरहरूभन्दा धेरै अगाडि रहेको छ । यसका साथै ऐतिहासिक, पुरातात्त्विक र धार्मिक दृष्टिकोणले पनि धरान देशकै एक महत्त्वपूर्ण केन्द्रका रूपमा परिचित छ । प्रस्तुत लेखमा धरानका तिनै केही विशेषताहरू जसले धरानलाई देशकै महत्त्वपूर्ण धार्मिक, पर्यटकीय र शैक्षिक केन्द्रका रूपमा परिचित गराएका छन् - तिनको सङ्क्षिप्त चर्चा गरिएको छ ।

धरानको ऐतिहासिकता

प्रामाणिक रूपमा धरान क्षेत्रको इतिहास मध्यकालसम्म जोडिएको देखिए पनि यस क्षेत्रमा प्राप्त प्राग्-ऐतिहासिक कालदेखिका सामग्री, पौराणिक ग्रन्थहरूमा गरिएको उल्लेख आदिलाई आधारमान्दा धरान क्षेत्रमा मानव विचरण वा बसोबास हजारौं वर्ष अगाडिदेखि नै हुँदै आएको सङ्केत पाइन्छ । धरानको विजयपुर क्षेत्रमा बारी खन्ने क्रममा ५००० वर्षसम्म पुराना हुन सक्ने नवपाषाणकालीन प्रस्तर हतियार (हाते बञ्चरो) फेला परेको थियो (प्राप्तकर्ता स्वयम्प्रकाश शर्मा) । विजयपुर क्षेत्रमा नै अन्वेषणका क्रममा पुरातत्वविद् जनकलाल शर्माले उत्तर-गुप्तकालीन (८-११औं शताब्दी) माटाका सामग्री फेला पारेको उल्लेख माधवप्रसाद पोखरेल (२०६०) ले गरेका छन् ।

धरान क्षेत्रको सर्वप्राचीन बस्ती विजयपुर मध्यकालमा लामो समयसम्म एउटा स्वतन्त्र राज्यको राजधानी सहरको रूपमा रहेको थियो । १५औं शताब्दीको आरम्भदेखि १८औं शताब्दीको उत्तरार्धसम्म सुरुमा मोरङ र पछि विजयपुर नामको स्वतन्त्र राज्यको रूपमा अस्तित्वमा रहेको यस राज्यमा पहिला कोचवंशी र पछि सेनवंशीहरूले शासन चलाएका थिए । यी कोचवंशीलाई केही विद्वान्ले कामरूप क्षेत्रबाट आएका किराती मानेका छन् (Chemjong, 1967, p. 88) । वि.सं. १६६६ मा कोच वंशका सातौं पुस्ताका राजा विजयनारायणलाई मकवानपुरका सेनवंशी राजा मुकुन्द सेनका कान्छा

छोरा लोहाङ सेनले पराजित गरेपछि विजयपुरमा सेन वंशको शासन आरम्भ भएको थियो । राजा सेन वंशी र देवान स्थानीय किराती हुने समझदारी अनुसार वि.सं. १६६६ मा आरम्भ भएको विजयपुरको सेन शासनकाल वि.सं. १८३१ मा गोर्खाली सेनाले अधिनस्थ नगरुञ्जेलसम्म कायम रह्यो । आरम्भमा कोच वंशी र पछिल्लो समयमा सेन वंशी शासकले दरबार क्षेत्रको रूपमा विस्तार गरेको विजयपुर सहर हाल धरान उपमहानगरपालिकाको १४ नं. वडाको रूपमा रहेको छ र यहाँ हालसम्म पनि तत्कालमा निर्माण गरिएका मठ-मन्दिर, दरबार, किल्ला, पोखरी आदिका भग्नावशेष देख्न सकिन्छ ।

धार्मिक केन्द्रका रूपमा धरान

पूर्वी नेपालको सुनसरी जिल्ला सम्भवतः काठमाडौं उपत्यकापछि सबैभन्दा धेरै धार्मिक सम्पदा रहेको जिल्ला हो र यसमा पनि धरान क्षेत्रमा सर्वाधिक सङ्ख्यामा विभिन्न धर्म सम्प्रदाय (हिन्दू, बौद्ध, जैन, इस्लाम, इसाई, किरात)सँग सम्बन्धित मठ-मन्दिर र धार्मिक केन्द्रहरू रहेका छन् । धरानको विजयपुरमा मात्र ५० भन्दा बढी सङ्ख्यामा सेनकालदेखिका मठ-मन्दिर, मूर्ति आदि रहेका छन् । ती मध्ये पौराणिक ग्रन्थहरूमा समेत उल्लेख गरिएका दन्तकाली (कालीका), पिण्डेश्वर, विष्णुपादुका आदिको ख्याती देश-विदेशमा समेत फैलिएको छ भने सेनकालमा नै स्थापना भएका मानिने गादी गणेश, साक्षी विनायक, बालम्बा (पार्वती), भीमसेन आदि पनि रहेका छन् (आचार्य, २०३०) ।

सेनकालमा नै स्थापना भइसकेको मानिने दन्तकाली (कालीका), पिण्डेश्वर, साक्षी विनायक, भीमसेन, अष्टभूजा लगायतका मन्दिरहरूमा हालसम्म पनि सग्लो रूपमा रहेका अभिलेख, गजुरलेख, घण्टलेख, ताम्रपत्र आदिले पनि ती मठ-मन्दिर सयौं वर्ष अगाडिदेखि नै अस्तित्वमा रहेको सङ्केत गर्दछन् । जस्तो, दन्तकाली मन्दिरको उत्तरपट्टीको भित्तामा रहेको वि.सं. १८३६ को रणबहादुर शाहको पालाको.अभिलेखमा स्थानीय व्यापारीहरूको सहयोगमा सुब्बा योगनारायण र सुब्बा मान सिंहको नेतृत्वमा कालीकाको देवल पुनः निर्माण गरिएको उल्लेख पाइन्छ । दन्तकाली वा कालीकासँग सम्बन्धित लिखतहरू (पुजारी नियुक्ति वा थमौती गरिदिएको, गुठी राखिदिएको सम्बन्धी) वि.सं. १८३१ देखिका पाइएका छन् । वि.सं १९०४ सम्मका यस्ता लिखतहरूमा दन्तकालीलाई कालीका नै भनिएको छ (बराल, २०६३, पृ. ५०-५६) । यद्यपि इतिहासकार इमानसिंह चेम्जोङ (२०३१, पृ. १०१) का विचारमा विजयपुरका अन्तिम सेन वंशी राजा कामदत्त सेनले कालीका मन्दिरको जिर्णोद्धार गरी गुठी थमौती तथा थप गरिदिएपछि यसलाई दन्तकाली

भन्न थालिएको हो । विजयपुरमा नै रहेका पिण्डेश्वर, साक्षी विनायक, अष्टभूजा, भीमसेन लगायतका मन्दिरका गजुरमा कुँदिएका अभिलेखले पनि यी मन्दिरहरू आरम्भिक शाहकाल वा त्यसभन्दा अगाडि नै स्थापना भइसकेको सङ्केत गर्दछन् । जस्तो, मध्य विजयपुरमा रहेको भीमसेन मन्दिरमा वि.सं. १८८० मिति अङ्कित घण्ट र वि.सं. १८८४ मिति अङ्कित गजुर लेख (राजेन्द्रविक्रम शाहका पालाको) रहेको छ । पिण्डेश्वर मन्दिरको गजुरमा वि.सं. १८७९ (राजेन्द्रविक्रम शाहको पालाको) को अभिलेख रहेको छ भने मन्दिर परिसरमा रहेका पित्तलका प्राचीन घण्टहरूमध्ये एकमा वि.सं. १८८५ (राजेन्द्रविक्रम शाह र भीमसेन थापाको नाम अङ्कित) छ भने अर्कोमा वि.सं १९०९ (जङगबहादुरको नाम अङ्कित) को अभिलेख रहेको छ । मन्दिर परिसरमा नै रहेको अष्टभूजा देवीको गजुरमा वि.सं. १८४९ माघ सूदी १५ रोज १ (रणबहादुर शाहको समय) को अभिलेख रहेको छ (कोइराला, २०७३, पृ. १०१-१०५) । सेनकालमा नै स्थापना भएको मानिने साक्षी विनायक मन्दिरको गजुरमा शाके सम्वत् १७०७ (वि.सं. १८४२) अङ्कित अभिलेख रहेको छ (राजवंशी, २०२०, पृ. १२-२३) ।

धरानको वडा नं. १४ विजयपुरमा मात्रै माथि उल्लिखितसँगै अन्य लगभग ५० मन्दिर-मूति रहेका छन् । यीसँगै धरानका अन्य वडा र वरपरका क्षेत्रमा पनि पौराणिक कालदेखिको इतिहास भएका र विभिन्न धर्म-सम्प्रदायसँग सम्बन्धित अरू पनि अनेकौं धार्मिक केन्द्रहरू रहेका छन् । यिनको ख्याति छिमेकी देश भारतमा समेत फैलिएको छ । त्यससँगै प्रचलित कुनै पनि देव-देवीको स्वरूप वा नाम नभएको तर यस क्षेत्रकै लोकप्रिय बुढासुब्बा मन्दिर (धरान १४), कृष्ण प्रणामी मन्दिर (धरान १३),सिहंदेवी मन्दिर (धरान२), हनुमान मन्दिर (धरान २), सत्यसाई मन्दिर (धरान १), ब्रह्मकुमारी राजयोग सेवा केन्द्र (धरान १), इस्कोन मन्दिर (धरान १६), बौद्ध धर्मसँग सम्बन्धित धरान ८, १२, १३, र १४ मा रहेका बिहार, गुम्बा तथा चैत्यहरू, किरात धर्मसँग सम्बन्धित किरात यूमा माङहिम (धरान १८), इस्लाम धर्मसँग सम्बन्धित जामे मस्जिद (धरान ३) लगभग सबै वडामा रहेका इसाई प्रार्थना गृह (चर्च) हरू आदि पनि धरानमा रहेका अन्य केही प्रसिद्ध धार्मिक केन्द्रहरू हुन् ।

यसरी यति सानो क्षेत्रफलभित्र यति धेरै सङ्ख्यामा र यति धेरै धर्म र सम्प्रदायसँग सम्बन्धित धार्मिक केन्द्रहरू रहेका र तिनको दर्शन, पूजाआजा वा अवलोकनका निम्ति वर्षेनी देश र विदेशबाट समेत लाखौं भक्तजनहरू आउने हुँदा धरानलाई मुलुककै एक प्रमुख धार्मिक केन्द्रका रूपमा लिन सकिन्छ ।

पर्यटकीय केन्द्रका रूपमा धरान

पर्यटकीय हिसाबले पनि धरान यस क्षेत्रकै प्रमुख केन्द्र बन्न सक्छ । धरान आफैंमा र धरानलाई प्रस्थानबिन्दु बनाएर अनेकौं किसिमका पर्यटन विकासको सम्भावना यहाँ रहेको छ । पौराणिक ग्रन्थहरूमा समेत उल्लिखित दन्तकाली, पिण्डेश्वर, विष्णुपादुका, बराहक्षेत्र, रामधुनीजस्ता अनेकौं धार्मिक केन्द्र धरान र वरपर रहेका छन् । ती केन्द्रहरूको दर्शन, पूजापाठका निम्ति सयौं वर्ष अगाडिदेखि नै टाढा-टाढादेखिका भक्तजनहरू आउने-जाने गरेको सङ्केत ती केन्द्रहरूमा विभिन्न क्षेत्रबाट आएका भक्तजनले सयौं वर्ष अगाडिदेखि स्थापना गरेका मठ-मन्दिर, अभिलेख, भौतिक संरचना आदिले गरेका छन् । जस्तै, ईश्वीको पाँचौं शताब्दीका बंगालका शासक बुधगुप्तको समयको भारत दामोदरपुरमा प्राप्त अभिलेखमा पूर्णियाका राजकर्मचारी ऋभूपालले बराहक्षेत्रका श्वेतबराह र कोकामूख स्वामीलाई जग्गा गुठी राखिदिएको उल्लेख छ भने ईश्वीको छैठौं शताब्दीको अर्को अभिलेखमा भारत अयोध्याका तीर्थयात्री अमृतदेवले आफ्नी आमाको पूण्यको कामना गर्दै श्वेतबराहको नित्यपूजा, होम र मन्दिर मर्मत सम्भारको निम्ति जग्गा गुठी राखिदिएको प्रसङ्ग उल्लेख छ । (Sircar, 1975, pp. 336-339) .

बराहक्षेत्रजस्तै तीर्थयात्रा पर्यटनका निम्ति प्राचीनकालदेखि नै प्रसिद्ध रहेका अन्य धार्मिक केन्द्रहरूमा विष्णुपादुका, औलिया मठ (चतरा), रामधुनी, दन्तकाली, पिण्डेश्वर आदिलाई लिन सकिन्छ । ती केन्द्रहरूमा तत्कालीन राजा, महाराजा तथा टाढाटाढाबाट आएका अन्य भक्तजन आदिले दर्शन, पूजा-पाठ गरेको, गजुर, घण्ट, अभिलेख, मन्दिर, मूर्ती, धर्मशाला आदि भौतिक संरचना स्थापना गराएका अनेक प्रमाण पाइएबाट यसको पुष्टि हुन्छ । प्राचीनकालदेखिका यी धार्मिक केन्द्रहरूको प्रशिध्दि हालसम्म पनि उत्तिकै रूपमा कायम रहेको छ र आज पनि नियमित रूपमा वार्षिक हजारौंको सङ्ख्यामा देशी-विदेशी तीर्थयात्रीहरू यी केन्द्रको भ्रमणका निम्ति आउने गर्छन् । धार्मिक वा तीर्थयात्रा पर्यटन (Religious or Pilgrimage Tourism) जस्तै धरान सांस्कृतिक पर्यटन (Cultural Tourism), स्वास्थ्योपचार पर्यटन (Medical Treatment Tourism), शैक्षिक पर्यटन (Educational Tourism) आदिका निम्ति पनि परिचित क्षेत्र हो । भौगोलिक रूपमा पहाड र तराईको संगमस्थलको रूपमा रहेको र कुल १९२.६१ वर्गकिलोमिटर क्षेत्रफल ओगटेको धरानमा नेपालका लगभग सबै भूगोलमा रहने ६४ भन्दा बढी जातजातिको बसोबास रहेको छ । आ-आफ्नै मौलिक परम्परा, धर्म, संस्कृति

(भाषा, भेषभूषा), चाडपर्व रहेका ती जातजातिहरू र तिनीहरूका धार्मिक/ सांस्कृतिक गतिविधिको अध्ययन-अवलोकनका निम्ति अर्थात् सांस्कृतिक वा जनजातीय (Cultural and Ethnological) पर्यटनका निम्ति पनि धरान उपयुक्त केन्द्रका रूपमा रहेको छ ।

धरानमा रहेको वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान एशियाको एक प्रतिष्ठित र नेपालकै सबैभन्दा ठूलो र सुविधायुक्त उपचार केन्द्रका रूपमा प्रसिद्ध छ । यस केन्द्रमा उपचारका निम्ति दैनिक सयौँको सङ्ख्यामा नेपालका विभिन्न स्थान तथा छिमेकी मुलुक भारतका विभिन्न क्षेत्रहरूबाट समेत मानिसहरू आउने गर्दछन् । यो र योसँगै निजीस्तरमा खोलिएका अन्य सुविधा सम्पन्न उपचार केन्द्रहरूको कारण पनि धरान स्वास्थ्योपचार पर्यटन (Medical Treatment Tourism) का निमित्त प्रसिद्ध बन्दै गइरहेको छ ।

गल्फ, क्रिकेट, फुटबल जस्ता खेलका निम्ति आवश्यक पूर्वाधार प्रशस्त रहेको धरानमा ती संग संबन्धित खेलकुद प्रतियोगिताको आयोजना पनि नियमित रूपमा हुने गरेको छ । यसरी आयोजना गरिने खेलकुदमा भाग लिन राष्ट्रिय/अन्तराष्ट्रिय स्तरका सङ्घ/संस्थाका पदाधिकारी तथा खेलाडीसमेत आउने हुनाले खेलकुद पर्यटनको सम्भावना पनि धरानमा रहेको छ ।

यससँगै नेपालकै एक प्रमुख पर्यटकीय स्थल भेडेटारको प्रस्थान बिन्दुका रूपमा पनि धरान रहेको छ । धरानलाई आधार बनाएर अर्थात् धरानबाटै आउन-जान सकिने स्थानमा रहेका पर्यावरणीय र प्राकृतिक पर्यटन -Environmental or Nature Tourism का निम्ति प्रसिद्ध कोसी टप्पु वन्यजन्तु आरक्ष, बर्जु, रासताल, तालतलैया, वेतना जस्ता प्रसिद्ध ताल, नमस्ते, शीवजट्टा आदि झरना र सीमसार क्षेत्र, वनभोज तथा मनोरञ्जन स्थल र सूक्ष्म चिडिया घर (Mini Zoo) का रूपमा विकसित गरिएका अनेक सामुदायिक वनक्षेत्रहरू, साहसिक पर्यटन (Adventure Tourism) का निम्ति सप्तकोसी, अरूण, तमोर आदि नदीमा गरिने जलयात्रा (Rafting, Boating), भेडेटार तथा चिन्डेडाँडाबाट धरानसम्म गरिने Paragliding, धरानबाट भेडेटार, नाम्जे, राजारानी, मुढे, तीनजुरे, मिल्के, जलजले, गुफापोखरी, बसन्तपुर, मकालु आधार शिविर आदि गन्तव्यसम्म गरिने साइकल यात्रा र पदयात्रा (Trekking), भेडेटारको Zipline आदिले पनि धरानलाई यस क्षेत्रको प्रमुख पर्यटकीय केन्द्रका रूपमा स्थापित गरेको छ ।

शैक्षिक केन्द्रका रूपमा धरान

विविध विषयमा K.G. देखि P.G. सम्म (शिशु कक्षादेखि स्नातकोत्तर तहसम्म) नै अध्ययन-अध्यापन गराइने साधारण तथा प्राविधिक शिक्षा प्रदान गर्ने अनेकौँ विद्यालय-महाविद्यालयहरू रहेकाले धरानलाई देशकै एक प्रमुख शैक्षिक केन्द्रको मान्यता प्राप्त छ । देश अन्धकार युगमा नै रहेको समय अर्थात् राणा कालमा नै धरानमा पब्लिक हाइस्कुल (स्था. २००३ साल) र शारदा बालिका विद्यालय (स्था. २००५ साल) स्थापना भइसकेका थिए । त्यसपछिका वर्षहरूमा पनि क्रमशः भगवती मिडिल स्कुल (स्था. २००८), पब्लिक मिडिल स्कुल (स्था. २००९ साल), शिक्षा निकेतन माध्यमिक विद्यालय (स्था. २०१३ साल), शिक्षा सदन माध्यमिक विद्यालय (स्था. २०१२ साल) गर्दै अनेकौँ शैक्षिक केन्द्रहरू खुलेका थिए ।

विद्यालय तहका यी अनेकौँ शैक्षिक केन्द्रहरूले धरानलाई यस क्षेत्रकै प्रमुख शैक्षिक केन्द्रका रूपमा स्थापित गरेपछि विविध विषयसँग सम्बन्धित महाविद्यालयहरू पनि धरानमा स्थापित हुन थाले । यसै क्रममा वि.सं. २००८ मंसिर २७ मा संस्कृत विषयको पिण्डेश्वर विद्यापीठ (संस्कृत महाविद्यालय), धरान १४, वि.सं. २०१२ माघ ४ गते महेन्द्र कलेज, धरान १०, वि.सं. २०३० मा व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानको केन्द्रीय क्याम्पस, धरान १४, वि.सं २०३४ मा इन्जिनियरिङ विषय अध्यापन गराउने गरी पूर्वाञ्चल क्याम्पस, धरान ८ र वि.सं. २०५० सालमा चिकित्सा विज्ञानसँग सम्बन्धित अधिकांश विधाको अध्ययन तथा अनुसन्धान केन्द्रका रूपमा देशकै ठूलो शैक्षिक संस्था वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान १८ को स्थापना हुँदै गए ।

यी सँगै धरानमा नै निजी वा सामुदायिक तहबाट सञ्चालित तल्लोदेखि माथिल्लो तहसम्म विविध विषय (मानविकी तथा सामाजिक शास्त्र, व्यवस्थापन, कानुन, शिक्षा, विज्ञान तथा प्रविधि) अध्यापन गराइने अन्य कतिपय शैक्षिक केन्द्र र प्राविधिक शिक्षालयहरू पनि रहेका छन् । ती केन्द्रहरूमा स्थानीयका साथै वरपरका क्षेत्रबाट समेत सयौँको सङ्ख्यामा विद्यार्थीहरू अध्ययनका निम्ति आउने गर्दछन् । विशेष गरी देशकै प्रमुख र गुणस्तरीय शैक्षिक प्रतिष्ठानका रूपमा परिचित वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा अध्ययनका लागि देशैभरिबाट मात्र नभई सार्क मुलुकबाट समेत विद्यार्थी आउने गर्दछन् । धरानमा नै रहेको कृषि इन्जिनियरिङ ९ब्चनय(भ्लनष्लभभचष्लन० लगायतका इन्जिनियरिङ विषयमा स्नातकोत्तर तहसम्म पढाई हुने पूर्वाञ्चल इन्जिनियरिङ क्याम्पस, खाद्य प्रविधि तथा पोषण विज्ञान जस्ता नौला विषय अध्यापन गराइने केन्द्रीय प्रविधि

क्याम्पस, देशकै पुरानो मध्येको नेपाल संस्कृत विश्वविद्यालयको प्रसिद्ध आंगिक क्याम्पस पिण्डेश्वर विद्यापीठ र पूर्वी नेपालमा उच्च शिक्षाको विकासमा सर्वाधिक योगदान पुऱ्याएको र मानविकी, व्यवस्थापन, कानुन र शिक्षा संकायका अनेक विषयमा उच्च तहसम्म नै अध्यापन गराइने त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पस महेन्द्र बहुमुखी क्याम्पस आदिमा पनि देशका विभिन्न भू-भागबाट वर्षेनी सयौँको सङ्ख्यामा अध्ययनका निम्ति विद्यार्थीहरू आउने गर्दछन् । यसले देशकै प्रमुख शैक्षिक केन्द्रका रूपमा पनि धरान रहेको प्रमाणित गर्दछ ।

केन्द्रीय प्रविधि क्याम्पस, हात्तीसार र धरान

मुलुककै प्रमुख शैक्षिक केन्द्रका रूपमा स्थापित हुन सफल धरानलाई यस अवस्थमा ल्याइपुऱ्याउन केन्द्रीय प्रविधि क्याम्पस, हात्तीसार (स्थापनकालीन नाम व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थान) को पनि ठूलो योगदान रहेको छ । वि.सं. २०२८ मा देशमा नयाँ शिक्षा योजना लागु गरिएपछि देशका सबै विकास क्षेत्रमा प्राविधिक विषयमा उच्च तहसम्मको शिक्षा दिने सरकारी योजना अनुरूप पूर्वाञ्चल क्षेत्रको प्रमुख शैक्षिक केन्द्र धरानमा व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थान स्थापना गरिएको थियो । तत्कालमा उच्च तहसम्मको शिक्षा प्रदान गर्ने गरी स्थापना गरिएका अन्य अध्ययन संस्थानहरूमा चिकित्साशास्त्र अध्ययन संस्थान, महाराजगञ्ज (काठमाडौं), इन्जिनियरिङ अध्ययन संस्थान, पुल्चोक (ललितपुर), कृषि विज्ञान अध्ययन संस्थान, रामपुर (चितवन) र वनविज्ञान अध्ययन संस्थान, हेटौंडा (मकवानपुर) आदि थिए ।

पहाड र तराईको सङ्गमस्थल, पठनपाठनका निम्ति अनुकूल वातावरण, शैक्षिक केन्द्रका रूपमा समेत स्थापित भइसकेको र दक्षिणतर्फ प्रशस्त मात्रामा उद्योगहरू खुल्दै गरेका अनि उत्तरतर्फका पहाडी भूभागमा प्रशस्त मात्रामा तरकारी, फलफूल उत्पादन हुने भएकाले तीसँग सम्बन्धित अध्ययन, अनुसन्धान र परीक्षणका निम्ति योग्य जनशक्ति उत्पादन गर्न उपयुक्त स्थान धरान नै देखिएकाले सम्भवतः धरानमा यो अध्ययन संस्थान खोलिएको थियो । स्थापनाकालको केही समयसम्म धरान (हालको वडा नं. १६) मा रहेको यो अध्ययन संस्थान वि.सं. २०३१ मा वडा नं. १४, विजयपुरको ऐतिहासिक महत्त्वको हात्तीसार क्षेत्रमा आफ्नै जग्गा र भवनमा स्थानान्तरित भयो । त्यसपछि भने यो क्याम्पस 'केन्द्रीय प्रविधि क्याम्पस, हात्तीसार' वा 'हात्तीसार क्याम्पस' को रूपमा चिनिन थाल्यो । Lab Technology / Food Technology गरी दुई विषयबाट पढाई आरम्भ गरेको कलेजमा पहिलो सत्रमा दुई विषयमा ५०/५० सिट सङ्ख्या तोकिएको थियो ।

धरान (विजयपुर) मा विज्ञान तथा प्रविधि विषयसँग सम्बन्धित केन्द्रीय क्याम्पस खुलेपछि पूर्वाञ्चलको शैक्षिक विकासले अझै गति लियो । विज्ञान र प्रविधि विषयको आधुनिक उपकरण सहितको प्रयोगशाला, विषयविज्ञ (दक्ष) स्वदेशी तथा विदेशी शिक्षक, पठनपाठनका निम्ति अत्यन्त शान्त अनि उपयुक्त वातावरण, टाढाटाढाबाट आउने शिक्षक तथा विद्यार्थीलाई क्यान्टिन अनि क्वाटर र छात्रावासको सुविधा आदि कारणले गर्दा चाँडै नै यो लोकप्रिय शैक्षिक गन्तव्य स्थलका रूपमा प्रसिद्ध भयो । देशका कुनाकाप्चादेखिका उत्कृष्ट अनि जेहेन्दार विद्यार्थीहरू अध्ययनका निम्ति धरान आउन थाले । खाद्य प्रविधि (Food Technology), पोषण विज्ञान (Nutrition Science), सूक्ष्म जीव विज्ञान (Micro-Biology) जस्ता नेपालमै नौला र महत्त्वूर्ण अनि बिकाउ विषय भएकाले यी विषयमा अध्ययन गर्ने हात्तीसार क्याम्पसका विद्यार्थीको एक किसिमको Job Guaranty नै थियो । त्यसमाथि सुनसरी र मोरङ नेपालकै सर्वाधिक उद्योग भएको क्षेत्र भएकाले पनि यहाँका गुणस्तरीय उत्पादन (विद्यार्थी) पढाई पूरा गरी नसक्दै कुनै न कुनै उद्योगमा खपत भइहाल्थे । यो अवस्था हालसम्म पनि लगभग कायमै छ । यसले पनि प्रत्यक्षमा हात्तीसार क्याम्पसको र परोक्षमा समग्र धरानकै प्रसिद्धि र महत्त्व निरन्तर बढ्दै गयो ।

यससँगै हात्तीसार क्याम्पसले समयसमयमा शैक्षिक अनि विज्ञान प्रदर्शनी गर्ने, इच्छुक विद्यालय र विद्यार्थीलाई जीव विज्ञान सङ्ग्राहलयको रूपमा रहेको आफ्नो प्रयोगशाला भवनमा व्याख्यान सहित अध्ययन/अवलोकनको व्यवस्था मिलाइदिने जस्ता परोपकारी कार्य पनि गर्दै आइरहेको छ । देशका विभिन्न भागबाट शैक्षिक भ्रमणमा आउने सयौँ विद्यार्थीहरूलाई हात्तीसार क्याम्पसले यो सुविधा अहिले पनि प्रदान गर्दै आइरहेको छ ।

मध्यकालीन सेन राज्य विजयपुरको राजधानी क्षेत्रभित्र (तत्कालीन दरबारको पश्चिमी खण्ड) पर्ने हाल क्याम्पस रहेको यसै क्षेत्रमा प्राकृतिक रूप्से पोखरी रहेको थियो र पोखरीसँगै दरबारका हात्ती बाँध्ने हात्तीसार रहेको हुनाले तत्कालदेखि नै यो क्षेत्रलाई 'हात्तीसार' भनिन्थ्यो । लगभग ओझेलमा परिसकेको यो क्षेत्र र यसको नामलाई पुनर्जीवित र प्रसारित गर्नमा पनि यो क्याम्पसले सहयोग पुऱ्याएको छ ।

सन्दर्भसामग्री

Chemjong, I. S. (1967). *History and Culture of Kirat People* (Part-II, 3rd ed.). Kathmandu: Puspa Ratna Sagar.

Sircar, D. C. (1975). *Select Inscriptions Bearing on Indian History and Civilization*, (Vol-1, 2nd ed.). Calcutta: University of Calcutta.

आचार्य, लक्ष्मी (२०३०), *देशको माटो - देशको ढुङ्गा* (भाग २), धरानः धरान नगरपालिका ।

कोइराला, सञ्जय (२०७३), विजयपुरका इतिहास संवद्ध लिखत, *दृष्टिकोण अंक*- ६,महेन्द्र बहुमुखी क्याम्पस ।

चेम्जोङ, इमानसिंह (२०३१), *किरातकालीन विजयपुरको संक्षिप्त इतिहास*, दार्जिलिङः नेपाल साहित्य परिषद् ।

पोखरेल, माधवप्रसाद (२०६०, असोज २१), धरान : गुप्त सम्राटदेखि मेडिकल कलेजसम्म, *कान्तिपुर राष्ट्रिय दैनिक*, पृ. ३ ।

राजवंशी, शंकरमान (सं.) (२०२०), *पुरातत्त्वपत्र सङ्ग्रह* (तेस्रो भाग), काठमाडौंः पुरातत्त्व विभाग ।

बराल, सनतकुमार (२०६३), *धरानस्थित दन्तकालीको सांस्कृतिक अध्ययन* (अप्रकाशित लघुअनुसन्धान प्रतिवेदन), भक्तपुरः विश्वविद्यालय अनुदान आयोग ।

*

(उपप्रा.सञ्जय कोइराला महेन्द्र बहुमुखी क्याम्पस धरानमा संस्कृति विषय प्रध्यापनरत हुनुहुन्छ)

सूक्ष्म जीवविज्ञान विषयको सुरुवात र यसको भूमिका

उपप्रा.हेमन्त खनाल

विषय प्रवेश

सूक्ष्म जीव विज्ञान (माइक्रोबायोलोजी) भाइरस, व्याक्टेरिया, दुसी तथा अन्य आँखाले देख्न नसकिने जीवहरूको अध्ययन गर्ने विज्ञान हो भने माइक्रो बायोलोजिष्टहरूले विभिन्न सूक्ष्म जीवहरूको अध्ययन गर्नुका साथै तिनीहरूको वातावरण तथा जीवहरूको अन्तर्क्रियाको अध्ययन गर्दछन् । माइक्रोबायोलोजी विषयको काम र प्रयोगको दायरा ठुलो छ, जसअन्तर्गत शिक्षण, अनुसन्धान तथा स्वास्थ्यका प्रयोगशालाहरू पर्दछन् ।

नेपालमा सूक्ष्म जीव विज्ञानको अध्यापन वि.सं. २०३६ मा त्रिचन्द्र क्याम्पसमा स्नातक तहबाट सुरु गरिएको हो र त्यसको एघार वर्षपछि वि.सं. २०४७ साल कार्तिक २८ गतेबाट त्रिभुवन विश्वविद्यालय अन्तर्गत माइक्रोबायोलोजी केन्द्रीय विभागको स्थापना गरी स्नातकोत्तर (MSc Microbiology) कार्यक्रम शुभारम्भ भएको हो । स्नातकोत्तर कार्यक्रमको प्रथम विभागीय प्रमुखका रूपमा प्रा.डा. शित्तलराज बस्न्यातलाई नियुक्त गरिएको थियो । स्नातकोत्तर कार्यक्रमको अध्यापन सूक्ष्म जीव विज्ञान विषयको विकासमा कोसेढुङ्गा साबित भएको थियो । स्थापनाका समयमा वार्षिक प्रणाली अध्यापन सुरु गरियो र उक्त समयका पाठ्यक्रममा समावेश भएका विषयहरू जेनेरल, क्लिनिकल, फर्मास्युटिकल, फुड, एग्रिकल्चर, वातावरणीय माइक्रोबायोलोजीका साथै माइक्रोवियल बायोकेमेस्ट्री बायो स्टाटिक्स विषयहरू थिए । स्नातकोत्तर कार्यक्रम सुरु भएको नौ वर्षपछि २०५६/०५७ सालमा त्रि.वि.ले दुईबर्से बी.एस्सीलाई तीनबर्से कार्यक्रममा परिवर्तन गरेपछि विद्यार्थीहरूको आग्रह तथा अन्तर्राष्ट्रिय विश्वविद्यालयहरूको परिवर्तित पाठ्यक्रम अनुसरण गर्दै पाठ्यक्रम परिमार्जन गरियो ।

केन्द्रीय प्रविधि क्याम्पसमा सूक्ष्मजीव विज्ञान

सूक्ष्म जीवविज्ञानको अध्ययन अध्यापन काठमाडौं उपत्यकामा मात्र रहेको अवस्थामा यस विषयको आवश्यकता महसुस गरी वि.सं. २०५३ सालमा केन्द्रीय कार्यलयबाट स्वीकृति लिई तत्कालीन क्याम्पस प्रमुख सह.प्रा.तिलकमान श्रेष्ठले केन्द्रीय प्रविधि क्याम्पसमा यस विषयको अध्यापन सुरु गराउनुभएको हो । त्यस समयमा यस क्याम्पसमा बी.टेक (खाद्य प्रविधि) र विज्ञानको प्रवीणता प्रमाणपत्र तहको मात्र अध्ययन अध्यापन हुने गर्दथ्यो । स्नातक तहमा यस कार्यक्रमको सुरुवात गर्दा क्याम्पसमा रहेका शिक्षक, कर्मचारी, विद्यार्थीहरू दुई भागमा विभाजित भई आन्दोलनमा होमिएका थिए । सूक्ष्म जीवविज्ञान कार्यक्रम सुरु गर्नुहुँदैन भन्नेहरूमा धेरैजसो खाद्य प्रविधि विषयका

विद्यार्थीहरू थिए र उनीहरूको माग भनेको पहिलेदेखि नै सञ्चालनमा रहेको खाद्य प्रविधि विषयलाई पुस्तकालय, प्रयोगशाला र अनुभवी प्राध्यापकहरूले सुसज्जित गरेर मात्र माइक्रोबायोलोजी कार्यक्रम आरम्भ गर्नुपर्छ भन्ने थियो । उनीहरूको आन्दोलनको स्वरूप बदलिँदै गएर क्याम्पस प्रमुखको पुत्ला दहन गर्ने, कार्यकक्षमा थुन्ने लगायतका थिए । अर्कातर्फ उक्त कार्यक्रम सुरुवात हुनुपर्छ भन्ने शिक्षक कर्मचारीको समूहतर्फ भने शिक्षकहरूको प्राज्ञिक उन्नयन हुने फुड माइक्रोबायोलोजी विषयमा अनुसन्धानको दायरा बढाउन सकिने, शिक्षक कर्मचारीको आम्दानीको स्रोत थप हुने जस्ता विषयहरू थिए । पछि धरान नगरपालिकाका तत्कालीन मेयर श्री मनोजकुमार मेन्याङ्वोको समन्वय र पहलमा वार्ता गरी नगरपालिकाले समेत आर्थिक सहयोग दिने र दुई जना शिक्षकको तलब भुक्तानी नगरपालिकाले गर्ने भन्ने सहमति भएपछि सम्पूर्ण आन्दोलनका कार्यक्रमहरू स्थगित भएका थिए र बी.एस्सी माइक्रोबायोलोजीको अध्ययन अध्यापन सहज तरिकाले सुरु भएको थियो ।

शिक्षकहरूको योगदान

वि.सं. २०५३ सालमा स्नातक सूक्ष्म जीवविज्ञान कार्यक्रम सुरु भएपछि शिक्षकहरूको व्यवस्थापन गर्ने विषय ठुलो चुनौती थियो । B.Tech (Food) मा प्राध्यापनरत सहप्रा. श्री सुमनकुमार लाल दास (हाल अवकाशप्राप्त) ले सुरुवाती चरणमा अध्यापन गराउनुभयो । माइक्रोबायोलोजीको पठनपाठन तथा प्रयोगशाला व्यवस्थापन गर्ने कार्यमा उहाँले दिएको योगदानको हालसम्म पनि चर्चा हुने गरेको छ । वि.सं. २०५४ सालमा माइक्रोबायोलोजी केन्द्रीय विभागबाट स्नातकोत्तर पूरा गरेका श्री ज्ञानेन्द्र घिमिरेज्यूको नियुक्तिपश्चात् अध्यापन कार्यमा धेरै सहयोग पुगेको थियो । छ वर्षको अध्यापनपछि घिमिरेको वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा नियुक्ति भई २०५९ सालमा केन्द्रीय प्रविधि क्याम्पसको सेवाबाट राजिनामा दिनुभयो । यस समयको बीचमा श्री पुष्पमान प्रधान (हाल आयुर्वेद क्याम्पस कीर्तिपुर) ले समेत छोटो समय अध्यापन गर्नुभयो भने श्री किरणबाबु तिवारी (हाल अमेरिका)ले वि.सं. २०५९ पौष १ गतेदेखि आंशिक प्राध्यापक तथा २०६१ जेष्ठ १६ देखि करार सेवामा नियुक्ति भई कार्य गर्नुभयो र वि.सं. २०६२ सालमा राजिनामा दिनुभयो । त्रि.वि.ले दुई जना प्राध्यापकको दरबन्दी २०५७ सालबाट उपलब्ध गराएकाले शिक्षक व्यवस्थापनमा धेरै सहज भयो तथा प्रा.पशुपति मिश्र क्याम्पस चिफ रहेका वेलामा थप तीन जना शिक्षकको दरबन्दी थप भएपछि पठनपाठन धेरै सहज हुन गयो । वि.सं. २०६१ फाल्गुण २३ देखि श्री राजेन्द्र सुवेदी (हाल अमेरिका) र श्री केशव राई (हाल BPKIHS) कोर्स करारमा नियुक्त भई

२०६४ श्रावण १ बाट त्रि.वि.को शिक्षण सहायक (करार) नियुक्त हुनुभयो । श्री केशव राईले २०६५ मंसिर ८ मा र श्री राजेन्द्र सुवेदीले २०६७ आषाढमा राजिनामा दिनुभयो । त्यस समयमा शिक्षकको व्यवस्थापन गर्न क्याम्पस प्रशासनलाई सकस परिरहेको अवस्थामा श्री सुमन राई (हाल उपप्रा. अमृत साइन्स क्याम्पस) र श्री हेमन्त खनाल (हाल उपप्रा.के.प्र.क्या, धरान) को २०६४ चैत्र १६ मा करार नियुक्ति गराएपश्चात् पठनपाठन सहज भयो यद्यपि साप्ताहिक १०२ पिरियड दुई जनाले मात्र अध्यापन गराउनुपर्ने भएकोले कार्यभार अधिक नै थियो । शैक्षिक सत्र २०६८/०६९ देखि सम्पूर्ण स्नातक तहका कार्यक्रमहरूलाई त्रि.वि.ले चारबर्से कोर्समा नयाँ कार्यक्रममार्फत् सञ्चालन गर्ने निर्णय गरेको हुँदा शिक्षकको अपुग अवस्थालाई मध्यनजर गर्दै थप आंशिक शिक्षकहरू क्रमशः गणेश खड्का, प्रिन्स सुब्बा, कल्याण राई, प्रणिता श्रेष्ठ, आश्मा चक्रवर्ती नियुक्ति गरियो तर उल्लेखित शिक्षकहरूले केही समय अध्यापनपश्चात् राजिनामा गरे । त्यसपछि नियुक्त हुने शिक्षण सहायक कामना बान्तावा (हाल उपप्रा.म.मो.आ.व.क्या.विराटनगर), धिरेन लिम्बू र अर्जुन घिमिरे २०७५ माघ २० मा नियुक्त भई हालसम्म सेवामा छन् । विगतदेखि अहिलेसम्म केन्द्रीय प्रविधि क्याम्पसमा सबै शिक्षकहरूको अध्यापन र अनुसन्धानको योगदान विशेष महत्त्वको छ र हालसम्म केन्द्रीय प्रविधि क्याम्पसमा माइक्रोबायोलोजी विभागका शिक्षक तथा विद्यार्थीहरूले स्वदेश तथा विदेशबाट प्रकाशित जर्नलहरूमा सयौँ उत्कृष्ट लेखहरू प्रकाशन गरेका छन् ।

क्याम्पसको माइक्रोबायोलोजी प्रयोगशालाको विकास

वि.सं. २०५३ सालमा स्थापनाको समयमा यस विभागअन्तर्गत सामान्य माइक्रोबायोलोजीका मात्र कक्षाहरू सञ्चालन गर्न सकिने अवस्था थियो, जसमा ब्याक्टोरिया, ढुसीहरूको मात्र पहिचान गर्न सकिन्थ्यो किनकि प्रयोगशालामा सामान्य प्रकारका माइक्रोस्कोपहरू, एकवटा इन्क्युवेटर, अटोक्लेभ, हट एयस ओभन तथा अत्यावश्यक साधारण ग्लासवेयर्सहरू मात्र थिए । वि.सं. २०५६ सालमा विकेन्द्रीकरणको मुद्दाले गर्दा प्रयोगशालाको विकास भनेर प्रा. जगत्बहादुर के.सी. का क्याम्पस प्रमुख कालमा लगभग एक करोड रुपियाँबराबरका प्रयोगशाला उपकरणहरू प्रदान गर्ने भनेर दिएका सामानहरू माइक्रोबायोलोजी विभागसम्म आउन सकेनन् । विभिन्न शैक्षिक सत्रहरूमा केही सामानहरू थप गरेर पुग अपुग प्रयोगात्मक कक्षाहरू सामान्य तरिकाले सफलतापूर्वक सम्पन्न गरियो । वि.सं. २०६५ सालमा पच्चीसओटा कोटाबाट पचासओटा कोटामा विद्यार्थी भर्ना गर्ने निर्णय भएपश्चात् स्नातकोत्तर कार्यक्रम सञ्चालन गर्न सकिने गरी विद्यार्थीको चाप देखिएको हुँदा तत्कालीन क्याम्पस प्रमुख प्रा. पशुपति

मिश्रद्वारा तीसओटा कोटामा भर्ना लिने गरी २०६८ सालदेखि एम.एस्सी. माइक्रोबायोलोजी कार्यक्रम सुरुवात गर्ने निर्णय भयो । सुरुवाती चरणको एम.एस्सी. माइक्रोबायोलोजी कार्यक्रम वार्षिक प्रणालीमा सञ्चालन भएको र उक्त कार्यक्रममा विद्यार्थीहरूले मेडिकल र इन्भारोमेन्टल माइक्रोबायोलोजी विषयमा विशेषज्ञता हासिल गर्ने गरी सन्चालान गर्न थालियो । एम.एस्सी कार्यक्रम सुरुवात भएपश्चात् सोका लागि थप प्रयोगशाला स्थापना गर्न आवश्यक भएको हुँदा केही प्रयोगशाला थप गरियो तथा आधुनिक माइक्रोबायोलोजी ल्याब बनाउन कन्भेन्सनल पिसिआर मसिन, इलाइजा रिडर र वासर कुलिङ सेन्ट्रिफ्युज, स्पेक्टो फोटोमिटर, जेल इलेक्ट्रोफोरेसिस तथा जेल डकुमेन्टेसन आदि उपकरणहरू प्रयोगशालामा थप गरियो । वि.सं. २०६९ जेष्ठ ३ गते केन्द्रीय प्रविधि क्याम्पसले त्रि.वि.बाट स्वायत्तता प्रप्त गरेपश्चात् माइक्रोबायोलोजी कार्यक्रम सञ्चालनमा थप सहजता भयो । अन्य कार्यक्रमहरूमा जस्तै माइक्रोबायोलोजी कार्यक्रमका लागि पनि आवश्यक धेरै केमिकल्स, इक्युपमेन्टसहरू थप गरियो । वि.सं २०७६ सालमा विश्वविद्यालय आनुदान आयोगबाट देशै भरका विज्ञान विषय अध्यापन गरिने क्याम्पसहरूलाई प्रयोगशाला सुधार कार्यक्रमअन्तर्गत अनुदान दिने क्रममा केन्दीय प्रविधि क्याम्पसलाई पनि रु १ करोड ५६ लाख प्राप्त भएकोमा सोही बजेटमार्फत खर्च गरी रियल टाइम पिसिआर र अत्याधुनिक माइक्रोस्कोप खरिद गरियो । हाल केन्द्रीय प्रविधि क्याम्पसमा अध्ययन गर्ने माइक्रोबायोलोजी विषयका विद्यार्थीहरूलाई मोल्युकुलर प्रकृतिका अनुसन्धानहरू गराउन सकिन्छ । साथै विद्यावारिधि गर्ने विद्यार्थीहरूका लागि समेत सहज भएको छ ।

माइक्रोबायोलोजी विषय अध्यापनको योगदान

माइक्रोबायोलोजी विषय अध्ययन, अध्यापन र अनुसन्धानको दायरा अत्यन्त बृहत् छ । केन्द्रीय प्रविधि क्याम्पसले यस विषयमा अध्यापन सुरु गरेको २६ वर्ष पार गरिसकेको छ । यस शैक्षिक कार्यक्रमअन्तर्गत सुरुवाती समयमा दक्ष तथा अनुभवी प्रध्यापकहरूको कमी, आधुनिक प्रयोगशालाको अभावका बाबजुद पनि देश विदेशलाई आवश्यक पर्ने जनशक्ति उत्पादन गरी शीर्ष पदहरूमा दक्षता प्रदर्शन गर्न योग्य विद्यार्थीहरू उत्पादन गरिरहेको छ । सुरुका आठ वर्षसम्म एक शैक्षिक वर्षमा जम्मा पच्चीस जना विद्यार्थी भर्ना लिँदा एक्काइस जना निःशुल्क र बाँकी चार जना डोनेसन स्वरूप रु ३५,०००/- (हाल रु ६०,०००)मा भर्ना लिइन्थ्यो । हाल केन्द्रीय प्रविधि क्याम्पसद्वारा उत्पादित माइक्रोबायोलोजीका जनशक्तिहरू देश विदेशमा प्रतिष्ठित पदहरूमा कार्यरत छन् । प्रथम ब्याचमा भर्ना भएका विद्यार्थीहरू मध्ये एडिसनल प्रोफेसर डा.नारायणराज भट्टराई हाल

वी.पी.कोइराला इन्स्टिच्युट अफ हेल्थ साइन्स, धरानमा माइक्रोबायोलोजी विभागको विभागीय प्रमुख हुनुहुन्छ । साथै उक्त ब्याचका डा.दर्शन सापकोटा वाशिङ्टन युनिर्भसिटी अमेरिकाका पोष्ट डक्टरन फेलोका विशिष्ट अनुसन्धानकर्ताका रूपमा कार्यरत हुनहुन्छ । त्यस्तै डा. भूपालप्रसाद भेटवाल अमेरिकाको मेरियन विश्वविद्यालयको उपप्रा.का रूपमा कार्यरत रही पोष्ट डक्टरल फेलोका रूपमा अनुसन्धान गरिरहनुभएको छ । त्यसपछिका अन्य ब्याचका विद्यार्थीहरू पनि वातावरण, खाद्य, विज्ञान प्रविधि तथा सरकारी, गैर सरकारी तथा विदेशी परियोजनाहरूमा सफलतापूर्वक आफ्नो कार्य सम्पादन गरिरहनुभएको छ । त्रिभुवन विश्वविद्यालयको स्थायी प्राध्यापन सेवामा भने उपप्रा.सुमन राई, उपप्रा.हेमन्त खनाल, र उपप्रा. कामना बान्तावा स्थायी नियुक्ति लिई प्राध्यापनरत हुनुहुन्छ । हालसम्म यस क्याम्पसबाट स्नातक र स्तातकोत्तर तहबाट ७५० जति जनशक्ति उत्पादन भएकामा प्रायः सबै जनशक्ति विभिन्न रोजगारमा रही योगदान गरिरहनुभएको पाइन्छ ।

माइक्रोबायोलोजी विषयको भूमिका

सूक्ष्म जीवबिज्ञानका विज्ञ जनशक्तिहरूले खाद्य उद्योगमा चीज, अचार, अल्कोहल, रोटी र अन्य खाद्य उत्पादन गर्न सूक्ष्मजीवहरू प्रयोग गर्छन् । रोग निम्त्याउने सूक्ष्मजीवहरू, खाद्य वस्तुहरूको प्याकेजिङ, खाद्य विषाक्तता (Toxins), खाद्य सम्बन्धी कानून र नियमहरू आदि बारे विस्तृत अध्ययन गरेर गुणस्तर सुधार गर्ने काम गर्छन् साथै फूड बायोटेक्नोलोजी वा सम्बन्धित क्षेत्रमा रोजगारी लिएर पनि आफ्नो दक्षता प्रदर्शन गर्न सक्छन् । बियर तथा पेय पदार्थका उत्पादन उद्योगमा सूक्ष्मजीवविज्ञानीहरू उच्च श्रेणीका जनशक्ति हुन्, जसले प्राविधिक र प्रबन्धकीय सिपहरूका साथ उपकरण र सञ्चालन, निरीक्षण, नियन्त्रण र व्यवस्थापन गर्छन् । यी विशेषज्ञहरू माइक्रोबायोलोजी, बायोकेमिस्ट्री र यस्तै अन्य विषयहरूमा निपुण हुनुपर्छ । त्यसको उदाहरण स्वरूप केन्द्रीय प्रविधि क्याम्पस धरानका २०५६ ब्याचका विद्यार्थी श्री नरायण बस्नेत हाल गोर्खा ब्रुवरी प्रा.लि. मा उच्च पदमा रही काम गरिरहनुभएको छ । वातावरणीय सूक्ष्मजीवहरूलाई बायोरेमेडिएशनमा प्रयोग गर्न, सूक्ष्मजीवविज्ञानीहरू सक्षम छन् । माइक्रोबायोलोजिस्ट र बायोटेक्नोलोजिस्टहरूले सूक्ष्मजीवहरूको रासायनिक, भौतिक, फार्मास्यूटिक्स, कृषि र आनुवंशिक गुणहरूको विस्तृत अध्ययन गर्छन् र मनुष्यको फाइदाको लागि भविष्यमा उपयोगी उत्पादनहरू सिर्जना गर्छन् ।

मेडिकल केमिस्ट्रका रूपमा माइक्रोबायोलोजीको क्षेत्र औषधिको लागि नयाँ ढाँचाहरूको विकासमा मात्र सीमित हुँदैन र नयाँ विधिहरूको सिर्जना पनि समावेश

गर्दछ, जसद्वारा औषधिहरू बनाइन्छ । नयाँ औषधिहरू सिर्जना गर्न जीवित र निर्जीव पदार्थहरू बीचको सम्बन्ध खोज्नु र अध्ययन गर्नु यी विशेषज्ञहरूको प्रमुख कार्य हो । ब्याक्टेरिया र अन्य सूक्ष्म जीवहरू विभिन्न एन्टिबायोटिकहरू उत्पादन गर्न र भिटामिन, हर्मोन, इन्जाइमहरू साथै अन्य लाभदायक र मूल्यवान् पदार्थहरू बनाउन माइक्रोबायोलोजिस्टहरूले सूक्ष्मजीवहरूका जीनहरूलाई परिवर्तन गर्ने काम गर्छन् । यस क्याम्पसका २०५९ ब्याचका विद्यार्थी श्री शम्भु नेपाल हाल Sanofi Aventis भन्ने विश्व-विख्यात कम्पनीको नेपाल मेनेजरका रूपमा कार्यारत हुनुहुन्छ । शिक्षक, विद्यार्थी तथा कर्मचारीहरूले हालसम्म प्रदान गरेको योगदान, लगनशीलता तथा उत्साहलाई अवलोकन गर्दा भविष्यमा अझ धेरै प्रगति गर्ने सम्भावना महसुस गर्न सकिन्छ ।

*

(उपप्रा.हेमन्त खनाल केन्द्रीय प्रविधि क्याम्पस धरानका पूर्व सहायक क्याम्पस प्रमुख हुनुहुन्छ)

समुदायप्रति प्रविधि क्याम्पसको दायित्व

भवानी बराल

क्याम्पस प्रमुख डा. दिलकुमार लिम्बूले मलाई दिएको विषय **'केन्द्रीय प्रविधि क्याम्पसबाट सर्वसाधारणले आश गरेका'** भन्ने थियो । यो वाक्य आफैँमा अमूर्त र अप्ठ्यारो त छँदै थियो । यस्तो शीर्षकमा मैले के लेखुँला भन्ने पनि थियो । यस्तो विषय आएपछि लामो समयसम्म मैले मौनतापूर्वक टार्दै आएको थिएँ । तर लगातार र तारान्तार खबर आएपछि केही न केही त लेख्नै पर्ने भयो । पत्रकारिताका भाकामा यो शीर्षकको कुनै शैली, भावभङ्गिमा मिलेको छैन । पत्रकारितामा शीर्षक र आमुखको ठूलो महत्त्व हुन्छ । फिचर (रूपक) लेखनमा होस् वा समाचार लेखनमा होस्, त्यहाँ शीर्षक र आमुखले सिङ्गो लेख र समाचारलाई बोकेको हुन्छ । अर्थात् यी दुई चिजहरू नै विषयका धमनी हुन । खैर, यी विषयहरू थाँती राख्दै केन्द्रीय प्रविधि क्याम्पसको समुदायप्रतिको दायित्व विषयमा लेख्नुपर्ने भन्ने लागेको छ । हुनत यस्ता विषय क्याम्पस आफैँले कार्यक्रमिक योजनासहित ल्याउनुपर्ने हो । जनसमुदायप्रति उत्तरदायित्वहीन शिक्षा पद्धति नै हुन्न । यसरी क्याम्पसले समुदायले यो गर्दिए हुन्थ्यो, ऊ गर्दिए हुन्थ्यो भन्नु आफैँमा बिडम्बनापूर्ण हरफ हुन जान्छ ।

शिक्षाको विभाजन

शिक्षाको मोटो विभाजन विशेष र साधारण शिक्षाबाट जानिन्छ । विज्ञान र प्रविधि अध्ययन अध्यापन हुने विशेष शिक्षा हो । साधारण शिक्षा भनेको मानविकी तथा सामाजिकी, वाणिज्य, शिक्षाशास्त्र सङ्कायअन्तर्गत राजनैतिक, आर्थिक, सामाजिक, भूगोल, इतिहास, भाषा, उद्योग, वाणिज्य, कानून, संस्कृतिलगायतका विषयहरू पर्छन् । विशेष शिक्षा प्रयोगशालामा प्रमाणित गरेर सार्वजनिक गरिन्छ । साधारण शिक्षाको परीक्षण कतिपय सन्दर्भमा सिधै समुदायमा गरिन्छ । तर दुवै शिक्षाको उत्तिकै महत्त्वपूर्ण हुन्छ । त्रिभुवन विश्वविद्यालयको आङ्गिक क्याम्पसहरूमा विज्ञान सङ्कायतर्फ चिकित्साशास्त्र, इन्जिनियरिङ, विज्ञान तथा प्रविधि, कृषि तथा पशु र वन विज्ञान अध्ययन अध्यापन कार्यक्रम छन् । यहाँ विज्ञान सङ्कायअन्तर्गतको त्रिभुवन विश्वविद्यालयको आङ्गिक कलेज धरान क्याम्पस हात्तीसारको विषयमा लेख्न बसिएको हो, जहाँ विज्ञान प्रविधिको अध्ययन अनुसन्धान हुन्छ ।

गैरसरोकारको विषय

म चल्तीका भाकामा विज्ञान सङ्कायअन्तर्गतका विषयको विद्यार्थी होइन । मानविकी सङ्काय न्तर्गतको विद्यार्थीलाई विज्ञान सङ्कायअन्तर्गतका विषयमा लेख्न लगाउनु वा लेख्न बस्नु आफैँमा अनौठो हुन्छ । तर पत्रकारिताको विद्यार्थी भएकाले पनि यो सङ्कायको अध्ययनका विषयलाई रिपोर्टमा राख्नुपर्छ नै । यति नै कारणले मात्र सम्भवतः यो आलेख तयार हुन्छ । अन्यथा यो मेरो लेखनका लागि गैरसरोकारको विषय हो ।

नयाँ शिक्षा र प्रविधि कलेज

मेरो सम्झना भएअनुसार नयाँ शिक्षा लागू भएपछि (वि.सं. २०२८ पछि) नेपालको शैक्षिक प्रणालीमा फेरबदल आयो । पुरानो शिक्षाअन्तर्गत पनि केही यस्ता व्यवस्थाहरू थिए तर अपुग थियो । बहूद्देश्यीय स्कूलका नाममा यस्ता अनेकन विषयहरूमा प्राथमिक पढाइ हुने गर्दथ्यो । तर विशिष्ट र छुट्टै ढङ्गले पढाउने सम्भवतः व्यवस्था थिएन । त्यसैअनुरूप विज्ञान सङ्कायअन्तर्गत चिकित्सा, इन्जिनियरिङ, वन तथा कृषि र विज्ञान तथा प्रविधि त्रि.वि.का छुट्टै आङ्गिक क्याम्पसका रूपमा पठनपाठन सुरु गरियो । यसै सिलसिलामा सम्भवतः मलाई थाहा भएसम्म धरानमा व्यवहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थान स्थापना भयो, जसलाई आजको हात्तीसार क्याम्पसको नामले चिनिन्छ । सुरुवाती समयमा खाद्य प्रविधि पढाइ हुने यस कलेजमा पोषण विज्ञानसम्मको अध्ययन अध्यापन हुने यो एकमात्र त्रि.वि.को अङ्गिक कलेज हो ।

प्राविधिक शिक्षाको अन्तर्य

प्राविधिक शिक्षा भनेको मानव जीवनलाई आवश्यक पर्ने भौतिक सुविधाहरू परिपूर्ति गर्ने विज्ञानका साथै प्रविधिबाट उत्पादन र उत्पादकत्व वृद्धि गरेर भौतिक सुविधा तथा सामाजिक आवश्यकताहरू परिपूर्ति गर्ने शिक्षा हो ।

प्राविधिक शिक्षा पढ्नका लागि नभई सिक्न र जीवन पढ्नका लागि पढिने शिक्षा हो । यो प्रयोगात्मक शिक्षा हो, जुन आफ्नै हातले केही गर्नुपर्छ । प्राविधिक शिक्षा पढेर होइन, सिकेर पढनु पर्ने हुन्छ । यो तालिम होइन, जो देशका लागि प्राविधिक स्रोत र साधनहरूको अधिकतम उपयोग गर्दै आधारभूत तथा दक्ष जनशक्ति उत्पादन गर्नु यसको मुख्य उद्देश्य हो ।

प्राविधिक शिक्षा पढ्न जान्नेभन्दा आफ्नै हातले काम गरेर सिक्ने शिक्षा भएकाले यसप्रति बुझाइमा स्पष्टता ल्याउन जरुरी छ ।

कुनै प्रविधिसँग सम्बन्धित भएर हासिल गरिने व्यावसायिक ज्ञानलाई प्राविधिक शिक्षा भनिन्छ । सामान्यतया शिक्षाको अर्थ ज्ञान आर्जन गर्नु वा केही सिक्नु भन्ने हो । शिक्षाले नै मानिसलाई कुनै विषयमा पारङ्गत बनाउँछ । यसकारण यन्त्र, उपकरण, मेसिन, उद्योगधन्दा, कलकारखाना लगायतका विभिन्न प्रविधिसँग सम्बन्धित ज्ञानलाई प्राविधिक शिक्षा भनिन्छ । यस्तो शिक्षा वर्तमानको आवश्यकता बनेको छ । पचास लाखको हाराहारीमा वैदेशिक रोजगारीमा संलग्न युवाहरूले पठाएको रेमिट्यान्सले अर्थतन्त्र धान्न विवश हाम्रो देशमा जीवनोपयोगी पौरखी प्राविधिक शिक्षा अपरिहार्य भइसकेको छ ।

हात्तीसारको दायित्व

माथि उल्लेख भएका कुराहरूको आपूर्ति यस कलेजले गर्न सक्नुपर्दछ । मैले राखेको शीर्षक वा कलेजले मलाई दिएको शीर्षक **'केन्द्रीय प्रविधि क्याम्पसबाट सर्वसाधारणले आश गरेका'** को आशय पूरा हुनेछ । सर्वसाधारणले हात्तीसारबाट शिक्षित वा दीक्षित भएपछिको जनशक्तिले जप्वन निर्वाह गरोस् भन्ने हो । प्राविधिक क्याम्पसमा पढ्नेहरू बेरोजगार नहोउन् भन्ने सर्वसाधारणको आशा हुन्छ । जनजीविकाको सुनिश्चितता गर्ने शिक्षा दिनु प्रविधि क्याम्पसको दायित्व हो ।

*

क्याम्पसका शिक्षक, कर्मचारी, जग्गादाता, शैक्षिक सामग्रीदाताको अद्यावधिक नामावली

नवीनकुमार श्रेष्ठ
शाखा अधिकृत

सि.नं.		त्रिभुवन विश्वविद्यालय, केन्द्रीय प्रविधि क्याम्पस धरान २०३० साल देखि हालसम्म यस क्याम्पसमा सेवा गरी विविध कारणले यस क्याम्पसको सेवाबाट अलग भएका *शिक्षक*हरूको सूची				
		नामथर	सेवा निवृत्त हुदाको पद	सेवाबाट अलग भएको मिति	सेवा शुरु गरेको मिति तथा पद	सेवाबाट अलग भएको कारण
१	डीन	स्व.परासर नारायण सुवाल				
२	सहायक डीन	प्रा.डा. सुरेशराज शर्मा				
३	क्याम्पस प्रमुख	पुरण प्रसाद श्रेष्ठ				
४	डीन	डा.अमिर बहादुर श्रेष्ठ				
५	सहायक डीन	देवभक्त शाक्य				
६	का.मु. क्या.प्रमुख	भद्रमान तुलाधर				

७	क्याम्पस प्रमुख	स्व.निर्मल श्रेष्ठ				
८	सहायक डीन (क्याम्पस प्रमुख)	जगत बहादुर के.सी.	प्राध्यापक, खाद्य प्रविधि	२०६४।१०।७	२०३०।३।७	स्वेच्छिक अवकाश
९	सहायक डीन (क्याम्पस प्रमुख)	स्व.बद्रीनाथ श्रेष्ठ	प्राध्यापक, प्राणीशास्त्र	२०६६।७।३	२०३०।०३।७ सहायक प्राध्यापक	अनिवार्य अवकाश
१०	सहायक डीन (क्याम्पस प्रमुख)	भिष्मानन्द वैद्य	प्राध्यापक, खाद्य प्रविधि	२०६९।७।३० रिकाष्टबाट		अनिवार्य अवकाश
११	सहायक डीन (क्याम्पस प्रमुख)	तिलकमान श्रेष्ठ	सहप्राध्यापक, रसायनशास्त्र			अनिवार्य अवकाश
१२	सहायक डीन (क्याम्पस प्रमुख)	जगत बहादुर के.सी.	प्राध्यापक, खाद्य प्रविधि	२०६४।१०।७	२०३०।३।७	स्वेच्छिक अवकाश
१३	सहायक डीन (क्याम्पस प्रमुख)	प्रा.डा.दिलीप सुब्बा	प्राध्यापक, खाद्य प्रविधि	२०७४।१।३१	२०३७।५।३सहा यक प्राध्यापक	अनिवार्य अवकाश
१४	सहायक डीन (क्याम्पस प्रमुख)	प्रा.डा. गङ्गाप्रसाद खरेल	प्राध्यापक, खाद्य प्रविधि	२०७८।१२।०३	२०४१।९।३ सहायक प्राध्यापक	अनिवार्य अवकाश
१५	सहायक डीन (क्याम्पस प्रमुख)	प्रा.पशुपति मिश्र	प्राध्यापक, खाद्य प्रविधि			अनिवार्य अवकाश
१६	क्याम्पस प्रमुख	प्रा.डा. धन बहादुर कार्की	प्राध्यापक, खाद्य प्रविधि	२०७६।१०।०२	२०४३।२।१ सहायक प्राध्यापक	स्वेच्छिक अवकाश
१७	क्याम्पस प्रमुख	डा.दिलकुमार लिम्बु	हाल कार्यरत			
१८		अनुपमराज तुलाधार	केमिकल इन्जिनियरिङ			

१९		जगन्नाथ श्रेष्ठ	सहप्रा., नेपाल परिचय			अनिवार्य अवकाश
२०		ललित बहादुर बस्नेत	प्राध्यापक, भौतिकशास्त्र			
२१		स्व.आनन्दप्रकाश प्रधान	सहप्रा. खाद्य प्रविधि			
२२		एन.एल. लाहिरी	प्राध्यापक, खाद्य प्रविधि			
२३						
२४		आर.के. साह	अङ्ग्रेजी			
२५		गोविन्द मान श्रेष्ठ	सहप्राध्यापक, अङ्ग्रेजी			
२६		बद्रीलक्ष्मी वैद्य	उपप्रा.,गणीत			
२७		सुमन कुमार लालदास	सहप्राध्यापक, फुड माईक्रोबायोलोजी	२०७४।९।१७	२०४०।४।१७ सहायक प्राध्यापक	अनिवार्य अवकाश
२८		तीर्थानन्द वैद्य	उपप्रा., गणीत			
२९		तोयनाथ प्रसाई	सहप्राध्यापक, भौतिकशास्त्र			अनिवार्य अवकाश
३०		नारायणप्रसाद राई	सहप्राध्यापक, रसायनशास्त्र			अनिवार्य अवकाश
३१		प्रा.डा. तेजनारायण मण्डल	प्राध्यापक, वनस्पतिशास्त्र			
३२		प्रा.डा.मदन कोइराला	प्राध्यापक,			
३३		नारायण पोखेल	उपप्रा., जुलोजी			
३४		प्रा.डा.रामकृष्ण प्रसाई	प्राध्यापक, माइक्रोबायोलोजी			
३५		सुष्मा बस्नेत	सहा. प्राध्यापक, बोट्नी			
३६		प्रा.डा.सुरेन्द्र बहादुर कट्वाल	प्राध्यापक, खाद्य प्रविधि	२०७२।१०।१६	२०४१।८।२४ सहायक प्राध्यापक	स्वेच्छिक अवकाश

३७		शुभजीत रे	उपप्रा., बायोकेमिकल इन्जिनियरिङ			
३८		डा.खेमनाथ दाहाल	प्राध्यापक, नेपाली	१२ मार्च २०१६	२०४४।८।१ सहायक प्राध्यापक	अनिवार्य अवकाश
३९		डा.भरत सुब्बा	सहप्राध्यापक, जुलोजी			
४०		लक्ष्मण शर्मा शिवाकोटी	सहप्राध्यापक, रसायनशास्त्र			अनिवार्य अवकाश
४१		प्रा.डा.केशव श्रेष्ठ	प्राध्यापक, बोटनी			
४२		डा.आशीष मुखर्जी	सहप्राध्यापक, रसायनशास्त्र			अनिवार्य अवकाश
४३		कालुराम राई(खम्बु)	प्राध्यापक, जुलोजी			
४४		प्रा.गीता भट्टराई	प्राध्यापक, खाद्य प्रविधि			अनिवार्य अवकाश
४५		डा.प्रदीप राज प्रधान	प्राध्यापक, भौतिकशास्त्र			
४६		पुष्पप्रसाद आचार्य	सहप्राध्यापक, खाद्य प्रविधि			
४७		पुष्ममान श्रेष्ठ	सह.प्रा. माइक्रोबायोलोजी			
४८		ऋषिराज गौतम	सहप्राध्यापक, खाद्य प्रविधि			अनिवार्य अवकाश
४९		लोक नाथ सुब्बा	उपप्रा., फिजिक्स			
५०		किशोर ढकाल	सहप्राध्यापक, अङ्ग्रेजी			अनिवार्य अवकाश
५१		माधव पोखैल	नेपाली			
५२		श्याम कुमार मिश्र	सहप्राध्यापक, खाद्य प्रविधि			स्वेच्छिक अवकाश

५३		निरीभा यादव	केमिष्ट्री			
५४		प्रा.डा.रामप्रसाद खतिवडा	प्राध्यापक, तथ्यांकशास्त्र			
५५		खड्गमणी भट्टराई	केमिष्ट्री			
५६		प्रा.डा.ईश्वर कोइराला	प्राध्यापक, भौतिकशास्त्र			
५७		चैतन्य शर्मा	केमिष्ट्री			
५८		दामोदर भण्डारी	सहप्राध्यापक, नेपाली			अनिवार्य अवकाश
५९		अशोक श्रेष्ठ	खाद्य प्रविधि			
६०		जयनारायण श्रेष्ठ	सहप्राध्यापक, प्राणीशास्त्र			सरुवा
६१		केशव श्रेष्ठ	बोट्नी			
६२		स्व.वासुदेव मास्के	उपप्रा., गणीत			अनिवार्य अवकाश
६३		माला राई	सहायक प्राध्यापक, जुलोजी			
६४		मीरा मास्के	सहप्रा., रसायनशास्त्र			अनिवार्य अवकाश
६५		कृष्ण बास्तोला	उपप्रा., केमिष्ट्री			
६६		मीना श्रेष्ठ	सहप्रा., वनस्पतिशास्त्र			अनिवार्य अवकाश
६७		पुलक डे	उपप्रा., खाद्य प्रविधि			
६८		सुनीला राई	सहा. प्रा., जुलोजी			
६९		पुनीत चन्द श्रीवास्तव	उपप्रा., केमिष्ट्री			
७०		निवेदीता मल्लीक	उपप्रा., खाद्यप्रविधि			
७१		सुविमल मित्र	उपप्रा., खाद्य प्रविधि			
७२		वेणु प्रसाद अधिकारी	उपप्रा., खाद्य प्रविधि			

७३		हरेन्द्र कुमार सिन्हा	उपप्रा., गणीत			स्वेच्छिक अवकाश
७४		मो.शमीम आलम	उपप्रा., भौतिकशास्त्र			स्वेच्छिक अवकाश
७५		कमल मादेन	शिक्षणसहा., वनस्पतिशास्त्र			
७६		उत्तम मान श्रेष्ठ	उप प्रशिक्षक, भौतिकशास्त्र	२०५८।४८	२०४५।११।१ उप प्रशिक्षक	लगातार अनुपस्थित। हटाईएको
७७		ज्ञानेन्द्र घिमिरे	शिक्षण सहायक, माइक्रोबायोलोजी			
७८		बाबुराम ज्ञवाली	शिक्षण सहायक, भूगर्भशास्त्र			
७९		ऋचा भट्टराई	शिक्षण सहायक, न्यूट्रिशन			
८०		राज कुमार कार्की	शिक्षण सहायक, माईक्रोबायोलोजी			
८१		रेवती रमण भट्टराई	शिक्षण सहायक, खाद्य प्रविधि			
८२		सुशील धितात	उपप्रा., खाद्य प्रविधि			स्वेच्छिक अवकाश
८३		केशव राई	शिक्षण सहायक, माइक्रोबायोलोजी			छाडीगएको
८४		किरणबाबु तिवारी	शिक्षण सहायक, माइक्रोबायोलोजी			छाडीगएको
८४		प्रमेश ढुंगाना	शिक्षण सहायक, खाद्य प्रविधि			

८६		प्रिन्स सुब्बा	शिक्षण सहायक, माईक्रोबायोलोजी			
८७		कल्याण राई	शिक्षण । सहायक, माईक्रोबायोलोजी			
८८		मन कुमार तामांग	शिक्षण सहायक, बायोकेमिष्ट्री			
८९		पूर्णिमा वैद्य	उपप्रा., वायोकेमिष्ट्री			
९०		राजेन्द्र सुवेदी	शिक्षण सहायक, माईक्रोबायोलोजी			छाडि गएको
९१		हेम चन्द्र भण्डारी	उपप्रा., वनस्पतिशास्त्र			राजीनामा
९२		गोपाल अग्रवाल	शिक्षण सहायक, खाद्य प्रविधि			छाडीगएको
९३		देव नारायण साह	शिक्षण सहायक, भौतिकशास्त्र			सरुवा
९४		होमनाथ बराल	उपप्रा., स्टाट			
९५		डा.अच्युत अधिकारी	शिक्षण सहायक, खाद्य प्रविधि			
९६		दीपेन्द्र खनाल	शिक्षण सहायक, खाद्य प्रविधि			
९७		अनुप हलवाई	शिक्षण सहायक, खाद्य प्रविधि			

त्रिभुवन विश्वविद्यालय, केन्द्रीय प्रविधि क्याम्पस धरान
२०३० साल देखि हालसम्म यस क्याम्पसमा सेवा गरी विविध कारणले यस क्याम्पसको सेवाबाट अलग भएका कर्मचारीहरूको सूची

सि. नं.	नामथर	सेवा निवृत्त हुदाको पद	सेवाबाट अलग भएको मिति	सेवा सुरु गरेको मिति तथा पद	सेवाबाट अलग भएको कारण
१	अंगुर श्रेष्ठ	सह प्रशासक			
२.	स्व.शंकर मान श्रेष्ठ	आन्तरिक लेखा परिक्षक			
३	स्व.शंकर लाल श्रेष्ठ	सहायक प्रशासक			
४	स्व.विश्वनाथ अधिकारी	सहप्रशासक		२०३० कात्तीक सुपरिन्टेन्डेन्ट	सरुवा भई पछि अवकाश भएको
५	गोविन्द मान श्रेष्ठ	सहप्रशासक	२०६८।१।१५	२०३०।११।६ सहायक प्रशासक	अनिवार्य अवकाश
६	टंक न्यौपाने	सहायक प्रशासक			
७	पारस श्रेष्ठ	सहप्रशासक			
८	ललित बहादुर शाह	लेखा नियन्त्रक	२०१३ फेब्रुअरी १५ (२०६९।११।४)	२०३५।८।८ सहायक प्रशासक (पद्म कन्या क्याम्पस) २०४२।१२।३१ देखि के प्र क्या	अनिवार्य अवकाश
९	स्व.मोहन गोविन्द श्रेष्ठ	उपप्रशासक	२०६६।१।२०	२०३०।६।२ हेड असिष्टेण्ट	अनिवार्य अवकाश
१०	स्व.विष्णु प्रसाद श्रेष्ठ	स्टोर किपर			सेवावधिमा देहावसान
११	स्व.उमा मास्के	शाखा अधिकृत	२०७७।३।५	२०३३।५।८ टाईपिष्ट ग	अनिवार्य अवकाश

१२	स्व.दिलीप श्रेष्ठ	सहायक प्रशासक । हेड असिष्टेण्ट			
१३	सुरेन्द्र कार्की	पुस्तकालय प्रमुख			
१४	शुसीला शाक्य	भण्डार अधिकृत	२०७५।५।६	२०३६।५।२५ सहायक भण्डारपाल २०५५।८।१६ के प्र क्या	अनिवार्य अवकाश
१५	ललिता राई	टाईपिष्ट			
१६	स्व खगेन्द्र खड्का	स्टोर किपर			
१७	पुष्पराज तुलाधर	सहायक भण्डारपाल			
१८	सीता शर्मा	टा कम क्लर्क			
१९	रामचन्द्र झा	ल्याव अधिकृत	२०७७।४।२६	२०४४।४।१ ल्याव असिष्टेण्ट	अनिवार्य अवकाश
२०	पहलमान श्रेष्ठ	ल्याव असिष्टेण्ट			
२१	गोपाल श्रेष्ठ	लेखा अधिकृत	२०७६।४।१०	२०३७।७।१७ टाईपिष्ट ग	स्वेच्छिक अवकाश
२२	हिरामणि बस्नेत	मूख्य कार्यालय सहायक	२०७९।८।१	२०४४।१।१ टाईपिष्ट ग	स्वेच्छिक अवकाश
२३	कृष्ण कुमार श्रेष्ठ	शाखा अधिकृत	२०७६।३।२०	२०४९।९।७ हेड असिष्टेण्ट	अनिवार्य अवकाश
२४	दुर्गा श्रेष्ठ	ल्याव असिष्टेण्ट			
२५	हरि बहादुर राई	इलेक्ट्रिसियन			

२६	मोहन दाहाल	लेखा अधिकृत	२०७४।११।७	२०४०।१।२८ लेखापाल २०६९।१२।२७ लेखा अधिकृत के प्रक्या	अनिवार्य अवकाश
२७	सरोजा श्रेष्ठ	सहायक लाइब्रेरियन			
२८	मुकुन्द राज पोखेल	सहायक लाइब्रेरियन			
२९	शुशिला श्रेष्ठ	स्टोर किपर			
३०	श्याम सुन्दर प्रधान	मेकानिक			
३१	जमुना त्रिखत्री	टा कम क्लर्क			
३२	वेखारत्न महर्जन	इलेक्ट्रिसियन			
३३	रेणुका राई	टा कम क्लर्क			
३४	लाला के.सी.	ड्रइभर			
३५	पहलमान राई	हेड चौकिदार			
३६	पासांग तामाङ				
३७	पारस तामाङ	ल्याव असिस्टेण्ट			
३८	विर्ख तामाङ	कार्यालय सहयोगी			
३९	पृथ्वी राई	ल्याव असिष्टेण्ट			
४०	देव राज सुब्बा	ल्याव असिष्टेण्ट			
४१	नर कुमार गुरुंग	ल्याव असिष्टेण्ट			

४२	रमेश न्यौपाने	ल्याव व्वाई			
४३	रघुविर कार्की	व्वाईलरम्यान			
४४	मीना श्रेष्ठ	असिष्टेण्ट			
४५	रमण लम्साल	कार्यालय सहयोगी			
४६	माला राई	टाईपिष्ट			
४७	स्व.पासांग शेर्पा	ल्याव व्वाई			
४८	खड्ग श्रेष्ठ	टाईपिष्ट			
४९	भीष्म भट्टराई	सहायक लाईब्रेरीयन			
५०	तारा श्रेष्ठ	ल्याव असिष्टेण्ट			
५१	स्व. माधव अधिकारी	कार्यालय सहयोगी			
५२	चित्ररेखा कार्की	हेड असिष्टेण्ट			
५३	राम प्रसाद.....	कार्यालय सहयोगी			
५४	कल्पना कार्की	हेड असिष्टेण्ट			
५५	सिंहमान तामांग	बुक चेकर	२०७३।११।१५	२०४१।३।५ बुकचेकर	स्वेच्छिक अवकाश
५६	स्व.लक्ष्मी प्रसाद श्रेष्ठ	ल्याव व्वाई	२०७३।९।२	२०३७।१।१९ पियन	सेवाकालमा देहावसान
५७	केदार घिमिरे	सिनियर ल्याव व्वाई	२०७४।९।१०	२०३१।९।१ पियन	अनिवार्य अवकाश

५८	कमल प्रसाद अधिकारी	सिनीयर पियन	२०७५।१।१४	२०३३।५।८ चौकिदार	अनिवार्य अवकाश
५९	रम्भा रेग्मी	सिनियर पियन	२०७७।१२।१४	२०३५।१।१८ पिया	अनिवार्य अवकाश
६०	विन्दु श्रेष्ठ	मूख्य कार्यालय सहायक	२०७७।६।२७	२०५२।५।२७ हेड असिष्टेण्ट	अनिवार्य अवकाश
६१	चेतबहादुर बुढाथोकी	मिस्त्री	२०७८।२।३१	२०४३।३।१३ मिस्त्री	अनिवार्य अवकाश
६२	ईन्द्र बहादुर मगर	सिनियर पियन	२०७९।३।८	२०३४।५।८ पियन	अनिवार्य अवकाश
६३	यज्ञप्रसाद अधिकारी	सिनियर पियन	२०७७।५।६	२०३५।७।२७ पियन	अनिवार्य अवकाश
६४	स्व.इन्द्रबहादुर गिरी	कार्यालय सहयोगी	२०७१।४।११	२०४२।२।१ पियन	अनिवार्य अवकाश
६५	बम बहादुर	पियन			
६६	सुरेश भुजेल	कार्यालय सहयोगी	२०६९।६।९	२०४३।४।१ भान्से	अनिवार्य अवकाश
६७	स्व.केशरव.आले	बगैचे			
६८	सूर्य नारायण श्रेष्ठ	चौकिदार	२०७८।९।१२	२०३३।९।१६ चौकिदार	अनिवार्य अवकाश
६९	स्व.रत्न बहादुर आले	चैकिदार			
७०	दिलबहादुर राई	चौकिदार	२०७४।१।१४	२०३३।३।१ चौकिदार	अनिवार्य अवकाश
७१	दल बहादुर आले मगर	चौकिदार	२०६७।६।४	२०३३।५।८ बगैंचे	अनिवार्य अवकाश
७२	स्व.शहरमान राई	चौकिदार			अनिवार्य अवकाश

७३	टिकाराम राई	बगैचे	२०६७।५।१५	२०४१।८।२९ स्थायी माली	अनिवार्य अवकाश
७४	कमला अधिकारी (चौलाँगाई)	सिनियर बुक चेकर	२०६९।१२।१	२०६२।१०।२ सिनियर बुकचेकर	सरुवा
७५	सृष्टी प्रियदर्शिनी	ल्याव असिष्टेण्ट	२०६८आषाढ	२०६२।१।५ ल्याव असिष्टेण्ट	राजीनामा
७६	स्व.अन्जु मरीक	कुचिकार	२०७१।८।३	२०६५।५।१ मासिक कुचिकार २०७०।५।१ करारकुचिकार	सेवावधिमा देहावसान
७७	स्व.टेक बहादुर कार्की	व्वाईलरम्यान	२०६२।१०।१		अनिवार्य अवकाश
७८	स्व. तिलक बहादुर चौहान	चौकिदार	२०६६।३।१६	२०३८।८।१२ चौकिदार	अनिवार्य अवकाश
७९	स्व.ताराचन्द मेहत्तर	कुचिकार	२०६१।४।२९	२०३९।१।१० कुचिकार	सेवावधिमा देहावसान
८०	स्व.मिसरी मल्लीक	कुचिकार	२०६०।७।९	२०४१।१२।१ कुचिकार	सेवावधिमा देहावसान
८१	स्व.रुद्रबहादुर भण्डारी	चौकिदार	२०६१।११।२८		राजीनामा
८२	सरु घले	ल्याव व्वाई			
८३	स्व.लोकबहादुर पाण्डे				
८४	टेक बहादुर कार्की	हेड असिष्टेण्ट			
८५	भीम राई	स्टोर किपर			
८६	स्व.टंक नाथ पौडेल	हेड असिष्टेण्ट			

८७	स्व.भीम बहादुर खड्का	पियन				
८८	जीवन विश्वकर्मा	ल्याब असिस्टेण्ट				
८९	सरस्वती श्रेष्ठ	टाईपिष्ट				
९०	मैया श्रेष्ठ	टाईपिष्ट				
९१	कृष्ण कुमारी तुम्बाहाम्फे	टाईपिष्ट				
९२	उत्तरा श्रेष्ठ	टाईपिष्ट				
९३	रेखा श्रेष्ठ	टाईपिष्ट				
९४	सीता श्रेष्ठ	टाईपिष्ट				
९५	सुनिता श्रेष्ठ	टाईपिष्ट				
९६	बिन्तिका प्रधानांग	टाईपिष्ट				
९७	विष्णु खड्गी	टाईपिष्ट				
९८	रोहिणी राजभण्डारी	टाईपिष्ट				
९९	स्व.पदम कट्वाल	माली				
१००	रिता वाला वजाज	लेखा अधिकृत				
१०१	राजेन्द्र बराल	लेखापाल				
१०२	पदम कुमार श्रेष्ठ	लेखा अधिकृत				

केन्द्रीय प्रविधि क्याम्पस, धरानमा हाल कार्यरत शिक्षकहरूको नामावली

क्र.सं.	पद	नाम थर	नियुक्ति मिति		स्थायी/ अस्थायी/ करार/ आंशिक	विषय	रिक्त दरबन्दी	कैफियत
			शुरुको	हालको पदको				
१.	प्राध्यापक	बसन्त कुमार राई	२०५३।३।१६ करार सहायक प्राध्यापक २०५८।४।२४ स्थायी उपप्रा.	२०७६।१।११	स्थायी	खाद्य प्रविधि	स्वीकृत दरबन्दी	
२.	सहप्राध्यापक	श्रीपति चक्रपाणी	२०४४।७।१८ करार उपप्रा.	२०६४।७।१८	भारतीय करार	भौतिकशास्त्र	स्वीकृत दरबन्दी	
३.	सहप्राध्यापक	डा. गणेश बहादुर थापा	२०५३।३।१६ करार सहायकप्राध्यापक २०५८।४।२३ स्थायी उपप्रा.	२०७०।३।२१	स्थायी	प्राणीशास्त्र	स्वीकृत दरबन्दी	हाल प्राकृतिक विज्ञान सङ्ग्रहालय काज
४.	सहप्राध्यापक	दिपक सापकोटा	२०५२।५।१५ करार सहायक प्राध्यापक २०५८।५।१ स्थायी उपप्रा.	२०७२।१२।१	स्थायी	रसायनशास्त्र	स्वीकृत दरबन्दी	

५.	सहप्राध्यापक	सुनिल कुमार भगत	२०४८८२३ सहायक प्राध्यापक करार	२०५९१४१९ करार उपप्रा. २०७५१०५१०९ सहप्राध्यापक करार	भारतीय करार	भौतिकशास्त्र	स्वीकृत दरबन्दी	
६.	सहप्राध्यापक	डा. दिल कुमार लिम्बु	२०५४१९१७ करार शिक्षण सहायक २०६०८१८ स्थायी उपप्रा.	२०७६१०३१३९	स्थायी	वनस्पतिशास्त्र	स्वीकृत दरबन्दी	
७.	सहप्राध्यापक	बबिता अधिकारी	२०६१५१३० स्थायी उपप्रा.	२०७६१०३१०४	स्थायी	खाद्य प्रविधि	स्वीकृत दरबन्दी	
८.	उपप्रा.	प्रभात कुमार श्रेष्ठ	२०५३१३१६ करार सहायकप्राध्यापक २०५८१३१३ स्थायी उपप्रा.	-----	स्थायी	अङ्ग्रेजी	स्वीकृत दरबन्दी	हाल अध्ययन विदा
९.	उपप्रा.	शिव नन्दन साह	२०६८८८१६ स्थायी उपप्रा.	२०६८८८१६	स्थायी	माईक्रोबायोलोजी	स्वीकृत दरबन्दी	
१०.	उपप्रा.	ललिता श्रेष्ठ	२०६४१४१९ करार शि.स. २०६८८१९१२५ स्थायी उपप्रा.	२०६८१९१२५	स्थायी	रसायनशास्त्र	स्वीकृत दरबन्दी	
११.	उपप्रा.	पेशल पोखरेल	२०६४१४१९ करार शिक्षण सहायक	२०७३१९१।२६	स्थायी	भौतिकशास्त्र	स्वीकृत दरबन्दी	हाल अध्ययन विदा
१२.	उपप्रा.	चन्देश्वर प्र.साह	२०६४१४१९ करार शिक्षण सहायक	२०७३१९१।२६	स्थायी	भौतिकशास्त्र	स्वीकृत दरबन्दी	हाल अमृत क्याम्पस काज

१३.	उपप्रा.	इन्दुमति पौडेल	२०६४।४।१ शिक्षण सहायक	करार	२०७३।१२।१३	स्थायी	रसायनशास्त्र	स्वीकृत दरवन्दी	हाल वीरेन्द्र बहुमुखी क्याम्पस काज
१४.	उपप्रा.	नेत्र प्रसाद सुवेदी	२०६५।१।१५ करार शिक्षण सहायक		२०७३।१२।१३	स्थायी	रसायनशास्त्र	स्वीकृत दरवन्दी	हाल अध्ययन विदा
१५.	उपप्रा.	मनोज खनाल	२०६५।१।१५ करार शिक्षण सहायक		२०७३।१२।१३	स्थायी	रसायनशास्त्र	स्वीकृत दरवन्दी	
१६.	उपप्रा.	गणेश तामांग	२०६५।१।१५ करार शिक्षण सहायक		२०७४।१।१३	स्थायी	प्राणीशास्त्र	स्वीकृत दरवन्दी	हाल अध्ययन विदा
१७.	उपप्रा.	बन्टी मास्के	२०६५।१।१५ करार शिक्षण सहायक		२०७४।१।१३	स्थायी	खाद्य प्रविधि	स्वीकृत दरवन्दी	हाल अध्ययन विदा
१८.	उपप्रा.	नविन गौतम	२०६८।७।१३ शि.स.	करार	२०७४।१।१३	स्थायी	खाद्य प्रविधि	स्वीकृत दरवन्दी	
१९.	उपप्रा.	देव राज आचार्य	२०६८।७।१३ शि.स.	करार	२०७४।१।१३	स्थायी	मिट टेक्नोलोजी	स्वीकृत दरवन्दी	हाल अध्ययन विदा
२०.	उपप्रा.	सन्जु पराजुली	२०६४।४।१ शिक्षण सहायक	करार	२०७४।३।२	स्थायी	वनस्पतिशास्त्र	स्वीकृत दरवन्दी	
२१.	उपप्रा.	सुमन राई	२०६६।१२।१६ शिक्षण सहायक	करार	२०७४।०३।०२	स्थायी	माईक्रोबायोलोजी	स्वीकृत दरवन्दी	हाल अमृत साईन्स क्याम्पस काज

२२.	उपप्रा.	हेमन्त खनाल	२०६६।१२।१६ करार शिक्षण सहायक	२०७४।०३।०२	स्थायी	माईक्रोबायोलोजी	स्वीकृत दरवन्दी	हाल अध्ययन विदा
२३.	उपप्रा.	अर्जुन घिमिरे	२०७१।१।४	२०७४।०३।२३	स्थायी	मिट टेक्नोलोजी	स्वीकृत दरवन्दी	हाल अध्ययन विदा
२४.	उपप्रा.	डम्बर बहादुर खड्का	२०७१।२।२९	२०७४।३।२३	स्थायी	डेरी टेक्नोलोजी	स्वीकृत दरवन्दी	हाल अध्ययन विदा
२५.	उपप्रा.	यादव के.सी.	२०७१।५।५	२०७४।०३।२३	स्थायी	खाद्य प्रविधि	स्वीकृत दरवन्दी	हाल अध्ययन विदा
२६.	उपप्रा.	राम सोभीत यादव	२०७४।३।२६ उपप्रा.	२०७४।३।२६	स्थायी	डेरी टेक्नोलोजी	स्वीकृत दरवन्दी	
२७.	उपप्रा.	महालक्ष्मी प्रधानांग	२०७४।३।२६ उपप्रा.	२०७४।३।२६	स्थायी	खाद्य प्रविधि	स्वीकृत दरवन्दी	
२८.	उपप्रा.	सावित्री श्रेष्ठ	२०६९।१११६ करार	२०७४।४।१५	स्थायी	वनस्पतिशास्त्र	स्वीकृत दरवन्दी	
२९.	उपप्रा.	रोमा घिमिरे	२०७१।११।१३ आंशिक २०७३।९।१करार	२०७४।५।११	स्थायी	तथ्यांकशास्त्र	स्वीकृत दरवन्दी	
३०.	उपप्रा.	बलभद्र भण्डारी	२०६६।१२।१६ करार शिक्षण सहायक	२०७४।९।३०	स्थायी	गणीत	स्वीकृत दरवन्दी	
३१.	उपप्रा.	कविन्द्र भट्टराई	२०७१।१।४करार शिक्षण सहायक	२०७८।०१।०२	स्थायी	खाद्य प्रविधि	स्वीकृत दरवन्दी	
३२.	उपप्रा.	देवेन्द्र राई	२०७२।१०।२९ आंशिक शि.स २०७५।१०।०२ करार	२०७८।०१।०२	स्थायी	रसायनशास्त्र	स्वीकृत दरवन्दी	

३३.	उपप्रा.	विजय लक्ष्मी महर्जन	उपप्रा. २०७८।०१।०२	२०७८।०१।०२	स्थायी	माइक्रोबायोलोजी	स्वीकृत दरबन्दी	हाल अमृत क्याम्पस काज
३४.	उपप्रा.	ओम प्रकाश पन्त	उपप्रा. २०७८।०१।०२	२०७८।०१।०२	स्थायी	माइक्रोबायोलोजी	स्वीकृत दरबन्दी	म.मा.आ.व.क्य.। विराटनगरवा ट काज
३५.	उपप्रा.	कामना वान्तवा	उपप्रा. २०७८।०१।०२	२०७८।०१।०२	स्थायी	माइक्रोबायोलोजी	स्वीकृत दरबन्दी	हाल अमृत क्याम्पस काज
३६.	शिक्षण सहायक	सुमन अधिकारी	२०६५।११।५ करार शिक्षण सहायक	२०६५।११।५	करार	गणित	अस्थायी स्वीकृत दरबन्दी	
३७.	शिक्षण सहायक	दिल बहादुर खिम्बु	२०६५।११।५ करार शिक्षण सहायक	२०६५।११।५	करार	रसायनशास्त्र	अस्थायी स्वीकृत दरबन्दी	
३८.	शिक्षण सहायक	पल्लवी व्यास जैसानी	२०६९।११।१६ करार शि.स.	२०६९।११।१६	करार	न्यूट्रिशन	अस्थायी स्वीकृत दरबन्दी	
३९.	शिक्षण सहायक	प्रेम सागर दाहाल	२०७१।१२७ आंशिक	२०७३।९।१	करार	भौतिकशास्त्र	स्वीकृत दरबन्दी	
४०.	शिक्षण सहायक	सुस्मिता पौडेल	२०७१।१२७ आंशिक	२०७३।९।१	करार	भौतिकशास्त्र	स्वीकृत दरबन्दी	
४१.	शिक्षण सहायक	द्रोण अधिकारी	२०७४।१०।१०	२०७५।१०।२	करार	जियोलोजी	अस्थायी स्वीकृत दरबन्दी	
४२.	शिक्षण सहायक	मनिषा के.सी.	२०७३।१०।२	२०७५।१०।२	करार	जुलोजी	अस्थायी स्वीकृत दरबन्दी	

४३.	शिक्षण सहायक	सुरज गीरी	२०७६।४।२९	२०७६।४।२९	करार	जियोलोजी	अस्थायी स्वीकृत दरबन्दी	
४४.	शिक्षण सहायक	देवेन्द्र भट्टराई	२०७७।०८।१६ करार शि.स.	२०७७।०८।१६	करार	पब्लिक हेल्थ न्यूट्रिशन	अस्थायी स्वीकृत दरबन्दी	
४५.	शिक्षण सहायक	सुमन पोखेल	२०७७।०८।१६ करार शि.स.	२०७७।०८।१६	करार	ह्युमन फिजीयोलोजी	अस्थायी स्वीकृत दरबन्दी	
४६.	शिक्षण सहायक	आशिक कुमार झा	२०७६।०८।०४ आंशिक शि.स.	२०७७।०८।१६	करार	ह्युमन न्यूट्रिशन	अस्थायी स्वीकृत दरबन्दी	
४७.	शिक्षण सहायक	विक्रम राई	२०७९।५।१		आन्तरिक करार	गणीत	अस्थायी स्वीकृत दरबन्दी	
४८.	शिक्षण सहायक	अमृत माया लावती	२०७९।५।१		आन्तरिक करार	बोटनी	अस्थायी स्वीकृत दरबन्दी	
४९.	शिक्षण सहायक	विकास सोनी	२०७९।५।१		आन्तरिक करार	कम्प्युटर एप्लिकेशन्स	अस्थायी स्वीकृत दरबन्दी	
५०.	शिक्षण सहायक	सूर्य प्रसाद रिजाल	२०७९।५।१		आन्तरिक करार	भौतिकशास्त्र	अस्थायी स्वीकृत दरबन्दी	
५१.	शिक्षण सहायक	धिरेन सुब्बा लिम्बु	२०७९।५।१		आन्तरिक करार	माईक्रो बायोलोजी	अस्थायी स्वीकृत दरबन्दी	

५२.	शिक्षण सहायक	अनिश आचार्य	२०७९।५।१			आन्तरिक करार	बायोकेमिष्ट्री	अस्थायी स्वीकृत दरबन्दी	
५३.	शिक्षण सहायक	हेम श्रेष्ठ	२०७९।५।१			आन्तरिक करार	भौतिकशास्त्र	अस्थायी स्वीकृत दरबन्दी	
५४.	शिक्षण सहायक	सागर गौतम	२०७९।५।१			आन्तरिक करार	तथ्यांकशास्त्र	अस्थायी स्वीकृत दरबन्दी	
५५.	शिक्षण सहायक	अर्जुन घिमिरे	२०७९।५।१			आन्तरिक करार	माईक्रो बायोलोजी	अस्थायी स्वीकृत दरबन्दी	
५६.	शिक्षण सहायक	कुन्जल श्रेष्ठ	२०७९।५।१			आन्तरिक करार	खाद्य प्रविधि	अस्थायी स्वीकृत दरबन्दी	
५७.	शिक्षण सहायक	सविन बहादुर खत्री	२०७९।५।१			आन्तरिक करार	खाद्य प्रविधि	अस्थायी स्वीकृत दरबन्दी	
५८.	शिक्षण सहायक	नर बहादुर तामांग	२०७९।५।१			आन्तरिक करार	गणीत	अस्थायी स्वीकृत दरबन्दी	
५९.	शिक्षण सहायक	ललित कुमार राई	२०७९।५।१			आन्तरिक करार	भूगर्भशास्त्र	अस्थायी स्वीकृत दरबन्दी	
६०.	शिक्षण सहायक	महेश कुमार साह	२०७९।५।१			आन्तरिक करार	इन्फर्मेशन्स टेक्नोलोजी	अस्थायी स्वीकृत दरबन्दी	

केन्द्रीय प्रविधि क्याम्पस, धरानमा हाल कार्यरत कर्मचारीहरूको नामावली

क्र.सं.	पद	जन्म मिति	कार्यस्थल/ प्रकृति	नाम थर	नियुक्ति मिति		स्थायी/ अस्थायी/ करार/	सम्पर्क नं.
					शुरुको	हालको पदको		
१.	आर्थिक उप नियन्त्रक	२०२२।१।२	आर्थिक प्रशासन	सुरेश सुवेदी	२०५०।०१।२ अस्थायी हेड असिष्टेण्ट २०५४।०६।१४ स्थायी	२०७७।०४।१५	स्थायी	९८४२०८१२१४
२.	शाखा अधिकृत	२०१८।८।१५	कर्मचारी प्रशासन	नविन कुमार श्रेष्ठ	२०४०।१।१४ अस्थायी हेड असिष्टेण्ट २०४०।६।१७ स्थायी	२०६५।७।११	स्थायी	९८४२०२०२४३
३.	पुस्तकालय अधिकृत	२०३०।३।१०	पुस्तकालय	ओम नाथ खतिवडा	२०६९।१२।२६ करार सहायक लाईब्रेरीयन	२०७३।०५।२९	स्थायी	९८४१०५५९५७
४.	मूख्य प्राविधिक सहायक	२०५०।१।१०	फुड ल्याव/ एम.एस्सी.म ाईक्रो ल्याव	प्रज्वल भण्डारी	२०७०।१।४ करार ल्याव असिष्टेण्ट, स्थायी २०७३।५।१२	२०७३।५।१२	स्थायी	९८४२४६१२५९
५.	मूख्य	२०५१।०६।०३	परीक्षा	साकार पोखेल	२०७२।३।३ करार	--	करार	९८४२२६०८५५

६.	मख्य कार्यालय सहायक	२०४०।४१५	सामान्य प्रशासन	महेश कोइराला	२०६५।६१३ स्थायी ल्याब व्वाय, २०७३।३१७ मुकास स्थायी	२०७३।०३।१७	स्थायी	९८४२४५२३९६
७.	मख्य कार्यालय सहायक	२०१७।६१८	पुस्तकालय शाखा	सरस्वती बस्नेत	२०५३।९।१ करार टाइपिष्ट ग २०६१।९।१५ स्थायी, मुकास स्थायी २०७४।९।२३	२०७४।०९।२३	स्थायी	९८४२२६०४६८
८.	मख्य कार्यालय सहायक	२०३५।३।२०	स्टोर	सुनिल श्रेष्ठ	२०५३।५।२६ द्वै.ज्या. २०५४।४।१ करार टाईपिष्ट ग २०६५।६।१३ स्थायी	२०७३।०४।१३	स्थायी	९८४२०२५२७३
९.	मख्य प्राविधिक सहायक	२०५२।४।१६	न्यूट्रिशन ल्याब	स्यारन भण्डारी	२०७५।१।११	--	करार	९८१४३६२१६०
१०.	मख्य प्राविधिक सहायक	२०५१।३।५	माईक्रो ल्याब	सन्तोषी घिमिरे	२०७५।१२।४	--	करार	९८०५३६६७८२

११.	कम्प्युटर अपेरटर (प्राविधिक)	२०४३।९।४	परीक्षा/ नेटवर्किंग	अजय कुरूप	२०७६।५।१२	--	करार	९८६२२८४२५४
१२.	मुख्य लेखा सहायक	२०१९।९।१०	लेखा शाखा	अनीता श्रेष्ठ	२०६४।६।१८ करार सहायक लेखापाल २०६५।१।१३ स्थायी	२०७७।०५।१३	स्थायी	९८६२१६९९७१
१३.	मुख्य लेखा सहायक	२०४४।०९।१२	लेखा शाखा	प्रवीण नारायण श्रेष्ठ	२०७७।०८।१६	२०७७।०८।१६	करार	९८२९३०३८९०
१४.	मुख्य कार्यालय सहायक (भण्डारपाल)	२०४८।१०।०६	परीक्षा शाखा	विशाल निरौला	२०७७।०८।१६	२०७७।०८।१६	स्थायी	९८०५३९०८०६
१५.	कार्यालय सहायक (अस्सिटेण्ट)	२०४१।११।१८	स्टोर शाखा	विन्दा तुम्बाहाम्के	२०७०।५।१ करार सहायक भण्डारपाल	२०७३।४।१८	स्थायी	९८४२१०८६३८
१६.	ल्याव ब्वाई	२०२४।७।३०	फिजीक्स ल्याव	मणी कुमार तामांग	२०४८।८।२२ अस्थायील्याव ब्वाई २०५४।६।१५ स्थायी	२०५४।६।१५	स्थायी	९८४२३५३९९७
१७.	ल्याव ब्वाई	२०२५।८।२८	केमिष्ट्री ल्याव	गङ्गाप्र.शिवाकोटी	२०४८।८।१९ अस्थायी ल्याव ब्वाई २०५६।७।२५ स्थायी	२०५६।७।२५	स्थायी	९८४२०६४०३२
१८.	ल्याव ब्वाई	२०१८।११।४	बाईलोजी ल्याव	कृष्ण बहादुर श्रेष्ठ	२०४८।८।२० अस्थायी ल्याव	२०५८।५।२१	स्थायी	९८४२०६३३४८

					व्वाय२०५८।५।२१ स्थायी			
१९.	ल्याव व्वाई	२०५१।६।२६	न्यूट्रिशन ल्याव	सचिन बस्नेत	२०७४।१०।२	--	करार	९८११३७२०४२
२०.	ल्याव व्वाई	२०५०।०४।२३	खाद्य प्रविधि ल्याव	सुमन पुलामी	२०७५।११।०१	२०७५।११।०१	करार	९८४२४३१४६१
२१.	ल्याव व्वाई	२०५६।११।०५	खाद्य प्रविधि ल्याव	दिक्षा राई	२०७५।११।०१	२०७५।११।०१	करार	९८४१०६२५६५
२२.	ल्याव व्वाई	२०३५।१२।५	माईक्रो ल्याव	रमेश गिरी	२०७५।११।०१	२०७५।११।०१	करार	९८४२१६५३८४
२३.	ल्याव व्वाई	२०४२।५।२७	खाद्य प्रविधि ल्याव	महेश श्रेष्ठ	२०७५।११।०१	२०७५।११।०१	करार	९८१९०८८४७७
२४.	ईलेक्ट्रीसीयन	२०२२।१।१५	बिजुली सम्बन्धी	देवेन्द्र खत्री	२०४९।१०।१ अस्थायी ईले.०५८।५।२१ स्थायी	०५८।५।२१	स्थायी	९७४२०२९६४८
२५.	ल्याव व्वाई	२०३३।१२।१८	खाद्य गुणस्तर ल्याव	सोम डंगोल	२०६१।९।१५ स्थायी ल्याव व्वाय	२०६१।९।१५	स्थायी	९८४२१६६७६९
२६.	कार्यालय सहयोगी	२०२३।२।२९	माईक्रो ल्याव	ऐन बहादुर कार्की	२०४४।१।१ अस्थायी भान्से २०४७।५।३१ स्थायी	२०४७।५।३१	स्थायी	९८४२१६६६३१
२७.	कार्यालय सहयोगी	२०२७।१०।१२	फिजीक्स ल्याव	लक्ष्मण चौधरी	२०५४।४।१ अस्थायी पियन २०५४।६।१५	२०५४।६।१५	स्थायी	९८०४०६८६३७

२८.	कार्यालय सहयोगी	२०२३।४।६	मुख्य प्रशासनिक भवन/ परीक्षा	कोष बहादुर कार्की	२०५३।९।१ अस्थायी पियन २०५ ४।६।१५ स्थायी	२०५४।६।१५	स्थायी	९८४२३५३८२६
२९.	कार्यालय सहयोगी	२०२० साल	पाईलट प्लान्ट / मिट प्लान्ट	यम्बर बहादुर कार्की	२०६४।६।१८ करार पियन २०६५।६।१२ स्थायी	२०६५।६।१२	स्थायी	९८१९०१६१८४
३०.	कार्यालय सहयोगी	२०२८।४।८	खाद्य गुणस्तर ल्याव	मीरा मग्रान्ती	२०६१।९।१५ पियन स्थायी	२०६१।९।१५	स्थायी	९८०४०१५३९४
३१.	कार्यालय सहयोगी	२०२२।१।११	मुख्य प्रशासनिक भवन	सीता खड्का	२०६४।६।१८ करार पियन २०६५।६।१२ स्थायी	२०६५।६।१२	स्थायी	९८४२२५९५९२
३२.	कार्यालय सहयोगी	२०३८।४।१५	खा प्र के विभाग	इन्द्र राई	२०६५।६।१२ पियन स्थायी	२०६५।६।१२	स्थायी	९८१९०९४७७१
३३.	कार्यालय सहयोगी (चौकिदार)	२०२०।४।२०	खानेपानी तथा प्लम्बिंग	शहरमान राई	२०४२।१२।१९ अस्थायी चौकिदार ०४७५।३१ स्थायी	०४७५।३१	स्थायी	९८६२०३८४८८
३४.	कार्यालय सहयोगी	२०२१।९।१५	सवारी चालक	किशोर कुमार राई	२०७१।१।३०	२०७३।२।१	करार	९८४२०३९५४७
३५.	कार्यालय सहयोगी	२०४४।१।७	सरसफाई / सवारी	गङ्गाराम मरीक	२०७१।८।१८	२०७६।३।१	करार	९८१२३६२८८२

			हा‘‘क्ने					
३६.	कार्यालय सहयोगी (बगैंचे)	२०१८।६।९	रुखविरुवा	सूर्य बहादुर लिËदम	२०७२।५।९	२०७६।४।१	करार	९८४९१३८८३४
३७.	कार्यालय सहयोगी	२०५२।८।१	फुड ल्याव	सुरज राई	२०७६।३।१	--	मा.ज्या.	९८०७०५६५६९
३८.	कार्यालय सहयोगी	२०७९।१।१	दर्ता चलानी तथा लोजीस्टिक सपोर्ट	एलिसा श्रेष्ठ	२०७९।१।१		सेवा करार	
३९.	कार्यालय सहयोगी		पुस्तकालय	रिता कार्की	२०७९।१।१		सेवा करार	
४०.	कार्यालय सहयोगी		जियोलोजी विभाग	मन्जु कार्की	२०७९।१।१		सेवा करार	
४१.	कार्यालय सहयोगी		न्युट्रिशन विभाग	पार्वती श्रेष्ठ	२०७९।१।१		सेवा करार	
४२.	कार्यालय सहयोगी		रसायनशास्त्र विभाग	निशन भुजेल	२०७९।१।१		सेवा करार	
४३.	कार्यालय सहयोगी		खानेपानी व्यवस्थापन	हेमन्त राई	२०७९।१।१		सेवा करार	
४४.	कार्यालय सहयोगी		बगैंचा तथा सहयोगी	मदन कार्की	२०७९।१।१		सेवा करार	
४५.	कार्यालय सहयोगी		महिला छात्रावास	रिता मरिक	२०७९।१।१		सेवा करार	

केन्द्रीय प्रविधि क्याम्पस, धरानलाई जग्गा दान गर्ने जग्गादाताहरूको नामावली

जग्गादाता तथा सहयोगी	
१	अम्विका प्रसाद श्रेष्ठ
२	पदम नर सिंह श्रेष्ठ
३	विर्ख बहादुर श्रेष्ठ

केन्द्रीय प्रविधि क्याम्पस, धरानलाई विभिन्न शैक्षिक सामाग्री प्रदान गर्ने दाताहरूको नामावली

शैक्षिक सामाग्री सहयोग दाता	
१	पूर्वाअञ्चल शिक्षा निर्देशनालय, धनकुटा
२	धरान उपमहानगरपालिका, धरान
३	बलियो नेपाल, काठमाडौं

केन्द्रीय प्रविधि क्याम्पस धरानमा फलैचा निर्माण गर्ने फलैचादाताहरूको नामावली

फलैचा दाताहरू	
१	गेविन्दमान श्रेष्ठ
२	प्रा.डा. धन बहादुर कार्की
३	डा.गणेश बहादुर थापा
४	डा.दिल कुमार लिम्वु
५	उप.प्रा. प्रभात कुमार श्रेष्ठ
६	प्रा.गीता भट्टराई
७	स्व. उमा श्रेष्ठ
८	स्व. लक्ष्मी प्रसाद श्रेष्ठ
९	श.अ.सन्तोष कोइराला
१०	श्री विजयपुर ग्रिल, धरान १४
११	श्री नर कुमार गुरुङ
१२	श्री गोपाल श्रेष्ठ

केन्द्रीय प्रविधि क्याम्पस धरानको स्वर्णमहोत्सव स्मारक (क्लक टावर) निर्माण गर्ने दाताहरूको नामावली

स्वर्ण महोत्सव स्मारक **(Clock Tower)** निर्माण दाता	
१	डा.दिल कुमार लिम्वु
२	श्री ललित जंग लिम्वु
३	श्री शान्ती लिम्वु

केन्द्रीय प्रविधि क्याम्पसका खाद्य, पोषण, विज्ञान-प्रविधिसम्बन्धी अधिगोष्ठी तथा प्रदर्शनीहरू

ओमनाथ खतिवडा

कुनै पनि विषय वा क्षेत्रको ज्ञान, सिप र प्रविधि राष्ट्रिय स्तरमा रहेका सरोकारवाला व्यक्ति तथा संस्था सञ्चालक प्रतिनिधिहरूले सभा, भेला तथा सम्मेलनको आयोजना गरी सम्बन्धित विषयमा विशेषशज्ञहरूले हासिल गरेका उपलब्धिहरूलाई सभा, भेला तथा सम्मेलनका माध्यमबाट कार्यपत्रको रूपमा प्रस्तुत भएका महत्त्वपूर्ण सूचनाहरूलाई सङ्गठित गरी दस्ताबेजका रूपमा विवरणिका (Proceedings) तयार पार्नुलाई अधिगोष्ठी भनिन्छ । त्यसै गरी सम्बन्धित क्षेत्रका प्रचलित तथा नयाँ उत्पादित वस्तु र सेवाहरूलाई सरोकारवाला समाजका माझमा प्रस्तुत गर्नु वा देखाउनुलाई प्रदर्शनी भन्ने गरिन्छ ।

यसै सन्दर्भमा नेपालको खाद्य प्रविधि, पोषण तथा विज्ञान र प्रविधिका क्षेत्रमा भएका उपलब्धिहरूलाई उजागर गरी सरोकारवाला उद्योग, प्रविधि तथा प्राविधिक उत्पादक संस्था तथा उपभोक्ताका माझमा छलफल, विचार विमर्श र उत्पादित वस्तुहरूको प्रर्दशन गरी सरोकारवाला उद्योग सङ्घ संस्था बीच सामन्जस्यको भूमिका निर्वाह गरी प्रविधि तथा जनशक्तिको उचित व्यवस्थापन गर्न केन्द्रीय प्रविधि क्याम्पसले वि.सं. २०४१ वैशाख ११ देखि १४ वा ई.सं १९८४ अप्रिल २३ देखि २६ सम्म तत्कालीन राजा श्री ५ बडामहाराजधिराज वीरेन्द्र वीरविक्रम शाहदेव सरकारको ४० औँ वर्षको जन्मोत्सवका उपलक्ष्यमा (Food industry and food technology) खाद्य उद्योग र खाद्य प्रविधि प्रथम अधिगोष्ठीको आयोजना धरान क्याम्पसको नामबाट भएको थियो । उक्त कार्यक्रमको आयोजक समिति यस प्रकार रहेको थियो :

१.	संयोजक -	श्री जगत बहादुर के.सी.
२.	सहजकर्ता - वासस्थान व्यवस्थापन	श्री बी.एन. श्रेष्ठ
३.	सहजकर्ता - सरसजाव	डा. बी.एम. तुलाधर .
४.	सहजकर्ता - खाद्यान्न व्यवस्थापन	श्री सलिल बासू
५.	सहजकर्ता- सूचना र सञ्चार	श्री जगत बहादुर के.सी.
६.	सहजकर्ता -सूचना र सञ्चार	श्री एम.पी. पोखेल
७.	सहजकर्ता - डाटा डिस्प्ले	श्री टी.एन. प्रसाईं
८.	सहजकर्ता - प्रयोगशाला प्रदर्शन	श्री टी.एम. श्रेष्ठ
९.	सहजकर्ता - रिसेप्सन	श्री जे.एन. श्रेष्ठ

१०. सहजकर्ता - रजिस्ट्रेसन	श्री.एन.पी पोखेल
११. सहजकर्ता - विद्युत् तथा खानेपानी व्यवस्थापन	श्री एन.पी.राई
१२. सहजकर्ता - मनोरञ्जन	डा. ए. मुखर्जी
१३. सहजकर्ता - फस्ट एड	श्री यस. पुरी
१४. सहजकर्ता - सरसफाइ	श्री विश्वनाथ अधिकारी

उल्लिखित नामावलीमा समाविष्ट व्यक्तित्वहरूका अतिरिक्त अन्य बीस जना सदस्यहरू पनि सहभागी हुनुहुन्थ्यो ।

कार्यक्रमको मुख्य उद्देश्य भनेको खाद्य उद्योगपति र प्राविधिकहरूलाई एक ठाउँ ल्याउने र एक अर्कामा बुझ्ने अवसर प्रदान गर्नु रहेको थियो । कार्यक्रममा एकहत्तर जना उद्योगपति तथा विशेषज्ञहरूको सहभागिता भएको थियो । विशेषज्ञहरूबाट छब्बीस कार्यपत्र प्रस्तुत भएका थिए । कार्यपत्रलाई मिलाएर सुसङ्गठित गरी विवरणिका तयार पार्दा २०६ पृष्ठ तथा विभिन्न महत्त्वपूर्ण व्यक्तित्वहरूका मन्तव्य विचारहरू तथा तस्बिरहरू समेटेर थप प्रारम्भिक ४५ पृष्ठ लामो विवरणिका तयार गएिको थियो ।

यसै गरी दोस्रो खाद्य उद्योग र खाद्य प्रविधि अधिगोष्ठी तत्कालीन राजा श्री ५ बडामाहाराजधिराज वीरेन्द्र वीरविक्रम शाहदेव सरकारको ४४ औँ वर्षको जन्मोत्सवका उपलक्ष्यमा २०४४ माघ ३ गतेदेखि ५ गतेसम्म ई.सं. १९८८ जनवरी १७ देखि १९ सम्म धरान क्याम्पस अर्थात् हालको केन्द्रीय प्रविधि क्याम्पसले आयोजना गरेको थियो । कार्यक्रमको उद्घाटन तत्कालीन माननीय शिक्षा तथा संस्कृति राज्य मन्त्री केशरबहादुर विष्टले गर्नुभएको थियो । कार्यक्रममा विभिन्न १५ वटा खाद्य उद्योगका उद्योगपतिहरूको सहभागिता भएको थियो । उक्त कार्यक्रमको समापन माननीय राष्ट्रिय पञ्चायत सदस्य कमला न्यौपानेज्यूले गर्नुभएको थियो । अधिगोष्ठीमा खाद्यप्रविधि विशेषज्ञ तथा उद्योगपतिहरूबाट जम्मा ८० जना प्रतिनिधिहरूको सहभागिता भएको थियो । अधिगोष्ठीका महत्त्वपूर्ण दश शीर्षकहरूलाई १२३ पृष्ठ लामो तथा विभिन्न महत्त्वपूर्ण व्यक्तित्वहरूका मन्तव्य विचारहरू तथा तस्बिरहरू समेटेर थप प्रारम्भिक ३० पृष्ठलगायत श्री ५ माहाराजधिराज वीरेन्द्र वीरविक्रम शाहदेव सरकारले प्रयोगशाला तथा स्टल अवलोकन तथा निरीक्षण गरिबक्सेका तस्बिरसहितको विवरणिका तयार गएिको थियो । उक्त कार्यक्रमको संयोजन श्री जगत्बहादुर के.सी.ज्यूले गर्नुभएको थियो । यस्तै गरेर तेस्रो खाद्य उद्योग र खाद्य प्रविधि अधिगोष्ठी वि.सं.२०५० असार २५ देखि २८ सम्म ई.सं. १९९३ जुलाई ११ देखि १२ सम्म केन्द्रीय प्रविधि क्याम्पस धरानले आयोजना

गरेको थियो । अधिगोष्ठी आयोजक समिति अध्यक्ष श्री बद्रीनाथ श्रेष्ठज्यूले गर्नुभएको थियो । उक्त कार्यक्रममा खाद्य उद्योगी, विशेषज्ञ तथा विशिष्ट विद्वान्हरूमध्येबाट ६९ जनाको सहभागिता भएको थियो । उक्त कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्नका लागि मुख्य आयोजक समिति तथा विभिन्न उपसमितिहरूबाट समेत सक्रियतापूर्वक सहयोग भएको थियो । आयोजक समिति निम्नअनुसार रहेको थियो :

१. श्री बद्रीनाथ श्रेष्ठ - संयोजक
२. श्री सुरेन्द्रबहादुर कटुवाल - सदस्य
३. श्री तिलकमान श्रेष्ठ - सदस्य
४. श्रीमती मीना श्रेष्ठ - सदस्य
५. श्री दामोदर थापा - सदस्य
६. श्री ऋषिराज गौतम - सदस्य
७. श्री पशुपति मिश्र - सदस्य
८. श्री बेनु अधिकारी - सदस्य

उपसमितिहरू

१. श्री सुरेन्द्रबहादुर कटुवाल - अध्यक्ष सूचना सञ्चार र यातायात व्यवस्था
२. श्री ऋषिराज गौतम - अधिगोष्ठी संयोजक
३. श्री अशोक श्रेष्ठ - मनोरञ्जन तथा खाद्य व्यवस्थापन
४. श्री दामोदर थापा - वास तथा गाँस व्यवस्थापन
५. श्री विश्वनाथ अधिकारी - खानेपानी तथा सरसफाइ
६. श्री गोविन्दमान श्रेष्ठ - विद्युत् तथा सरसफाई
७. श्री ललितबहादुर शाह - रजिस्ट्रेसन
८. श्री निरिभ यादव - फस्ट एड

कार्यक्रम भव्य र सभ्य रूपमा सम्पन्न गरी प्रस्तुत भएका महत्त्वपूर्ण कार्यपत्रहरूलाई सुसङ्गठित गर्दा १४४ पृष्ठ र कार्यक्रम उद्घाटन र समापन समारोहमा महत्त्वपूर्ण व्यक्तित्वहरूबाट आएका मौलिक विचार र भनाइलाई दश प्रारम्भिक पृष्ठमा र कार्यक्रममा लिएका महत्त्वपूर्ण तस्बिर समेत समेटेर विवरणिका पुस्तिका तयार पारिएको थियो । कार्यक्रमका मुख्य अतिथि वन तथा माटो संरक्षण राज्य मन्त्री माननीय वीरमणि ढकाल हुनुहुन्थ्यो ।

यसै गरी पाँचौँपटकको अधिगोष्ठी विश्वविद्यालय अनुदान आयोगको आर्थिक सहयोगमा केन्द्रीय प्रविधि क्याम्पसको आयोजनामा २०७१ वैशाख २९ गते प्रा.डा. धनबहादुर कार्कीको संयोजकत्वमा Joining hands for strong partnership गर्ने उद्देश्यले उद्योगपति र खाद्य विशेषज्ञहरूका सहभागितामा केन्द्रीय प्रविधि क्याम्पस धरानले Academia-Industrial dialogue-I को आयोजना गरेको थियो । कार्यक्रमको मूल उद्देश्य भनेको एक अर्कामा देखिएका समस्याहरूको पहिचान गरी समाधान गर्नु रहेको थियो । कार्यक्रममा पचासभन्दा बढी उद्योगपति तथा विशेषज्ञहरूद्वारा महत्त्वपूर्ण कार्यपत्र प्रस्तुत भएका थिए । कार्यक्रमको उद्घाटन तत्कालीन उद्योग मन्त्री माननीय कर्णबहादुर थापाले गर्नुभएको थियो ।

त्यसबाहेक वेला वेलामा अन्य सङ्घ संस्थाहरूले आयोजना गरेका खाद्य मेलामा क्याम्पसको सामान्य सहभागिता मात्र रहेको थियो । क्याम्पसले सञ्चालन गरेका थप शैक्षिक कार्यक्रमहरूको अध्ययन अनुसन्धान र प्रयोगबाट आएका नतिजाहरू सर्वव्यापी रूपमा प्रचार प्रसार हुन नसकी सम्बद्ध व्यक्ति र समुदायले यसको प्रत्यक्ष लाभ लिन नसकिरहेका अवस्थामा र क्याम्पसको परिदृश्य लक्ष्य तथा उद्देश्यअनुरूप केन्द्रीय प्रविधि क्याम्पसलाई विज्ञान तथा खाद्य प्रविधि शिक्षामा उत्कृष्ट क्याम्पसका रूपमा चिनाउनुपर्ने कुरा क्याम्पसका सम्बद्ध विद्यार्थी, शिक्षक, कर्मचारी र आम अभिभावकको समेत चाहना भएकाले र केन्द्रीय प्रविधि क्याम्पस धरान २०६८ सालदेखि त्रिभुवन विश्वविद्यालयको स्वायत्तताप्राप्त क्याम्पस भएकाले स्वायत्ततासम्बन्धी नियमबमोजिम क्याम्पसको बृहत्तर हितका लागि क्याम्पस कार्यकारी समितिको २०७६ पौष २२ गते मङ्गलवार बसेका बैठकले क्याम्पसमा भए गरेका अध्ययन अनुसन्धान प्रयोगको प्रत्यक्ष अवलोकनका लागि सम्बद्ध विद्यालयका विद्यार्थी, शिक्षक, स्थानीय सङ्घ संस्था, सरकारी सङ्घ संस्था, उद्योगपति आदिको सहभागिता हुने गरी हात्तीसार एक्स्पो नामक तीनदिने प्रदर्शन मेलाको आयोजना गर्ने निर्णय गऱ्यो । सो आयोजनामा विद्यार्थीहरूको सक्रिय सहभागिता र सहयोग, उद्यमशीलता, सृजनात्मक सोच, नेतृत्व र निर्णय क्षमता अभिवृद्धिलाई केन्द्रित गरी स्वतन्त्र विद्यार्थी युनियन र क्याम्पसको संयुक्त आयोजना हुने गरी २०७६ माघ १९, २० र २१ गते तीन दिन प्रदर्शनी मेलाको आयोजना गर्ने निर्णय गऱ्यो ।

हात्तीसार एक्स्पो - २०२० का उद्देश्यहरू

१. विज्ञान तथा खाद्य र पोषणसँग सम्बन्धित प्रविधिहरूलाई उजागर गर्ने मञ्चको रूपमाप्रबन्ध गर्नु ।

२. उद्योगहरू, स्थानीय घरेलु र सर्वसाधारणका बीच आपसी सम्बन्धको विकास गर्नु ।

३. पब्लिक हेल्थ र वातावरणीय सुरक्षाँग सम्बन्धित विभिन्न अनुसन्धानहरूको उजागर गर्नु ।
४. प्रदेश नं १ कै एकमात्र प्रथमपटक केन्द्रीय प्रविधि क्याम्पसमा सञ्चालन भइरहेको नयाँ विषय भूगर्भशास्त्रलाई उजागर गर्नु ।
५. विभिन्न उद्योग, कलेज, सरकारी तथा गैह्रसरकारी संस्थाहरूको उत्पादन र सेवाहरूलाई उजागर गर्न साझा मञ्चको रूपमा उपलब्ध गर्नु ।
६. सर्वसाधारणलाई खाना पोषण र सूक्ष्मजीवसँग सम्बन्धित कुराहरूको सचेतना जगाउनु ।
७. विगत लामो समयदेखि ओझेलमा परेको क्याम्पसको म्युजियमको स्तरोन्नति गरी प्रदेश १ कै प्रसिद्ध म्युजियमको रूपमा स्थापना गर्नु ।
८. केन्द्रीय प्रविधि क्याम्पसलाई विश्वविद्यालयका रूपमा विकास गर्न अभ्यासको सुरुवात गर्नु ।

हात्तीसार एक्स्पोका लक्ष्यित समूह

केन्द्रीय प्रविधि क्याम्पसले आयोजना गरेको एक्स्पो -२०२० का लक्ष्यित समूह

- ❖ क्याम्पसमा अध्ययनरत विद्यार्थीहरू
- ❖ विभिन्न विद्यालयका माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरू
- ❖ स्थानीय तथा प्रदेश सरकार
- ❖ उद्योगी व्यवसायी
- ❖ अविभावक तथा सरोकारवाला सम्पूर्ण

मूल आयोजक समिति गठन

हात्तीसार एक्स्पो सञ्चालन गर्नका लागि पाँचसदस्यीय मूल आयोजक समिति गठन गरियो । सो समितिको स्वरूप निम्नानुसारको रहेको थियो -

संयोजक	-	सहप्रा.डा.दिलकुमार लिम्बू (तत्कालीन सहायक क्याम्पस प्रमुख)
सदस्य	-	उपप्रा. अर्जुन घिमिरे (विद्यार्थी कल्याण प्रमुख)
सदस्य	-	सहायक लाइब्रेरियन ओमनाथ खतिवडा (पुस्तकालय प्रमुख)
सदस्य	-	सौरव सञ्जेल (स्ववियू सभापति)
सदस्य	-	अर्जुन पौडेल (विद्यार्थी प्रतिनिधि)

हात्तीसार एक्स्पो - २०२० को मूल आयोजक समितिका संयोजक सहप्रा. डा. दिलकुमार लिम्बूज्यूका अध्यक्षतामा मिति २०७६ माघ १२ गते बसेको बैठकले आर्थिक उपसमिति गठन तथा मिति २०७६ माघ १३ गते बसेको बैठकले एक्स्पो कार्यक्रम सम्पन्न गर्नका

लागि विद्यार्थीहरूको बृहत्तर सहयोग र सहभागिता हुने गरी विभिन्न उपसमितिहरू गठन गर्ने निर्णय गरियो । उक्त उपसमितिहरू यसप्रकार छन् :

आर्थिक उपसमिति

संयोजक - विद्यार्थी कल्याण प्रमुख उपप्रा. अर्जुन घिमिरे
सदस्य - स्ववियू सभापति सौरव सञ्जेल
सदस्य - आशिष प्रधान (अनेरास्ववियू)
सदस्य - रमेश चौंलागाईं (ने.वि.सङ्घ)
सदस्य - सुदर्शन गोसाईं (अखिल क्रान्तिकारी)
सदस्य - एरिक राई (समाजवादी विद्यार्थी युनियन)
सदस्य - शि. सं. कवीन्द्र भट्टराई

सचिवालय

संयोजक - ओमनाथ खतिवडा
सहसंयोजक - दीपेश कटुवाल
सदस्य - राधा पण्डित
सदस्य - अञ्जन भट्टराई
सदस्य - अञ्जना न्यौपाने
सदस्य - निश्चल काफ्ले
सदस्य - निसान लुङगेली मगर
सदस्य - मिशा शाक्य

सुरक्षा व्यवस्थापन उपसमिति

संयोजक - शि. सं. प्रेमसागर दाहाल
सहसंयोजक - विनय गुरागाईं
सदस्यहरू - रूपेश कटुवाल, सरोज पौडेल, रबु थापा, रोशन तिम्सिना, सुरोज अधिकारी, सन्दीप खत्री, अजय दाहाल, नवीन खरेल, आधार खतिवडा, सुशील सिक्देल, शशाङ्क सेढाईं, भुवन पौडेल, रीतेश खड्का, गेहेन्द्र घिमिरे ।

स्टेज तथा सरसजावट व्यवस्थापन उपसमिति

संयोजक - शि. सं. दिनेश श्रेष्ठ
सहसंयोजक - सीमा आले मगर

सदस्यहरू - कल्पना नेपाली, सुजा कार्की, निराशा खड्का, मेधावी शाक्य, प्रदीप राई, मन्दीना राई, विमल पोदार, अञ्जना जिमी, भविकला राई, सीमा पौडेल, सीमा गुरङ, मीना पराजुली, सम्झना राई, सृष्टिना गिरी, निलु के.सी., तुलसा दवाडी

अतिथि सत्कार व्यवस्थापन उपसमिति

संयोजक - शि. स. अर्जुन घिमिरे
सहसंयोजक - सुनीता कार्की
सदस्यहरू - प्रेषिका निरौला, गीता साँवा, भावना राई, प्रजिता खनाल, मोनिका श्रेष्ठ, हेमन्त भट्टराई, मनीषा निरौला, राहुल शाह, सुप्रिया प्रधान, फाल्गुना घिमिरे, रिविका बास्कोटा ।

सांस्कृतिक कार्यक्रम उपसमिति

संयोजक - उपप्रा. सञ्जू पराजुली
सहसंयोजक - राधा पण्डित
सदस्यहरू - रेशिका राई, अमित कार्की, केशरलाल चौधरी, धनराज खनाल, सिमरन चौधरी, रन्जु राई, कृजल गौतम, सम्पूर्ण राई, अनीशा श्रेष्ठ, अस्मिता कोइराला ।

पार्किङ खानेपानी तथा सरसफाइ व्यवस्थापन उपसमिति

संयोजक - शि.स. देवेन्द्र राई
सहसंयोजक - टीकाराम पहाडी
सहसंयोजक - पेशलराज कार्की
सहसंयोजक - राहुल शाह
सहसंयोजक - मनीष कोइराला
सहसंयोजक - त्रिलोचन पाण्डे
सहसंयोजक - पासाङ शेर्पा
सदस्यहरू - आरजु श्रेष्ठ, वर्षा भुजेल, साधना कार्की, विनीता तामाङ, सुनील अधिकारी, विनम कार्की, शिक्षा राई, दर्शन श्रेष्ठ, राजिव सिटौला, प्रतीक ओझा, निमिका घिमिरे, मन्दिरा देवकोटा, विशन श्रेष्ठ,

उज्वल खतिवडा, सुमन राई, रूपसना सुनुवार, अनील राई, रिकी राई, विमल भट्टराई, राजु राई, नीतेश शाह, अधीता राई, प्रेम राई, सञ्जय राई, प्रवीण खत्री, राजन राई, विनय लिम्बू, कुशल राई, विजय राई, कमलदीप लिम्बू, सूर्यहाङ लिम्बू, युवराज लिम्बू, पूजन तिम्सिना, रबिन दाहाल, राजीव गुरागाईं, अभिषेक तिवारी ।

क्याम्पस अवलोकन तथा स्टल व्यवस्थापन उपसमिति

संयोजक - शि.स. कविन्द्र भट्टराई
सहसंयोजक - गणेश थापा
सहसंयोजक - आशिक थापा
सदस्यहरू - चिरण बेलवासे, प्रमोद रोइला, अनुप पौडेल, विष्णु लिम्बू, उत्सव पोखेल, संजोग चौधरी, मनोज भट्टराई, अस्मित सुब्वा, कृष्ण निरौला, विजार्थ मानन्धर, ममता जिसी, पुरुषोत्तम राय, सन्तोष आचार्य, दीपेन्द्र पाण्डे, हरि पोखेल, अर्जुन पौडेल, किरण गड्तौला, दीप न्यौपाने, सुदीप पराजुली, भाष्कर राई, कुशल चौधरी, कृष्ण गिरी, नवराज थापा, प्रस्तुत आचार्य ।

प्रचार प्रसार व्यवस्थापन उपसमिति

संयोजक - शि. स. धिरेन सुब्वा लिम्बू
सहसंयोजक - सुविम विक्रम ढकाल
सदस्यहरू - विनोद खत्री, अनुल बास्तोला, ईश्वरदेव रिमाल, कुशल बराल, एल्जीना लावती, सूर्य मोक्तान, खुम्बु शाही, देवमान लिम्बू, लोचन राई, पूजा पोखेल, लोचन मिश्र ।

प्रतिवेदन उपसमिति

संयोजक - मनोज खनाल
सदस्य - मिलन खरेल
सदस्य - सुरज गिरी
सदस्य - कामना बान्तवा
सदस्य - ओमनाथ खतिवडा

अनुगमन तथा व्यवस्थापन उपसमिति

संयोजक - क्याम्पस प्रमुख सहप्रा.डा. दिल कुमार लिम्बू

सदस्य - स.क्याम्पस प्रमुख उपप्रा. हेमन्त खनाल
सदस्य - प्रा. श्रीमती गीता भट्टराई
सदस्य - उपप्रा. श्री प्रभातकुमार श्रेष्ठ
सदस्य - उपप्रा. श्री अर्जुन घिमिरे
सदस्य - शि.स. श्री कवीन्द्र भट्टराई
सदस्य - शा.अ.नवीन कुमार श्रेष्ठ
सदस्य - शि.स. श्री धिरेन सुब्बा लिम्बू
सदस्य - स्वयम्भू सभापति सौरव सञ्जेल

प्रर्दशन स्थल

केन्द्रीय प्रविधि क्याम्पसको खेल मैदानलाई प्रर्दशनी स्थलका रूपमा चयन गरी ५८ वटा प्रर्दशनको व्यवस्था गरिएको थियो, जसमध्ये केन्द्रीय प्रविधि क्याम्पसका विभिन्न विभागहरूका लागि बाइसवटा सो-रुम छुट्याइएको थियो । बाँकी छत्तीसवटा प्रर्दशन अन्य कलेज सङ्घ संस्था तथा व्यापारिक प्रयोजनका लागि छुट्याइएको थियो । प्रदर्शनकै लागि क्याम्पसका सबै प्रयोगशालाहरू खुल्ला गरिएका थिए ।





प्रदर्शन व्यवस्थापन तथा क्याम्पस अवलोकन

यस सन्दर्भमा गठित उपसमितिले ५८ वटा प्रदर्शन तयार गरी प्रदर्शनमा सहभागी संस्थाहरूलाई प्रदर्शन नं. उपलब्ध गराइयो साथसाथै क्याम्पस अवलोकनका लागि विभिन्न प्रयोगशाला तथा म्युजियममा प्रवेश गर्ने गाइड चिन्हहरू र बाहिरिने चिन्हहरूको प्रयोग गरिएको थियो ।

प्रदर्शन नं. १ र २ - एडेन एकेडेमी कन्सल्टेन्सी विदेश अध्ययन अवसर परामर्श
प्रदर्शन नं. ३, ४ र ५ - खाद्य प्रविधि विभाग
प्रदर्शन नं. ६, ७ र ८ - भौतिक शास्त्र विभाग
प्रदर्शन ९, १०, ११, १२, १३, १४ र १५ - सूक्ष्म जीवविज्ञान विभाग

प्रदर्शन नं. १६,१७ र १८	- भूगर्भशास्त्र विभाग
प्रदर्शन नं. १९,२० र २१	- पोषण तथा आहार विज्ञान विभाग
प्रदर्शन नं. २२ र २३	- खाद्य प्रविधि केन्द्रीय विभाग
प्रदर्शन नं. २४ र २५	- किरात राई यायोख्खा
प्रदर्शन नं. २६ र २७	- सुस्मिता नेवारी कला
प्रदर्शन नं. ३१ र ३२	- केमिकल्स तथा इक्युपमेण्ट सप्लायर्स
प्रदर्शन नं. ३३ र ३४	- धरान मल्टिपल क्याम्पस
प्रदर्शन नं. ३६	- नीलगिरी कलेज
प्रदर्शन नं. ३८	- विराट् मल्टिपल कलेज
प्रदर्शन नं. ३९	- पूर्वान्चल इन्जिनियरिङ क्याम्पस धरान
प्रदर्शन नं. ४२	- अल्फाविट्टा धरान सेन्टर
प्रदर्शन नं. ४५	- त्रिभेनी जुस
प्रदर्शन नं. ४७	- पाथिभरा केमिकल्स
प्रदर्शन नं. ४८	- हात्तीसार साहित्यिक मञ्च
प्रदर्शन नं. ४९	- लियो क्लब
प्रदर्शन नं. ५०	- रमपम
प्रदर्शन नं. ५१	- खाजा महिला छात्रबास संञ्चालक
प्रदर्शन नं. ५२	- कामधेनु
प्रदर्शन नं. ५३	- फस्ट एड
प्रदर्शन नं. ५४	- मगमग चाउचाउ
प्रदर्शन न. ५५	- धुरमुस सुन्तली फाउन्डेसन
प्रदर्शन नं. ५५।५६।५७।५८	- बल गेम जोन

अतिथि सत्कार

कार्यक्रमको उद्घाटन तथा समापनका साथसाथै राजनैतिक विशिष्ट व्यक्तिहरूको उपस्थितिलाई मध्यनजर गरेर उद्घाटन समारोहमा सुनसरी जिल्ला क्षेत्र नं. १ का सङ्घीय सभासद् माननीय जयकुमार राईको प्रमुख अतिथ्यमा औपचारिक कार्यक्रम सम्पन्न भएको थियो । एक्स्पोको औपचारिक कार्यक्रम समारोहको सभापतित्व क्याम्पस प्रमुख सहप्रा. डा. दिलकुमार लिम्बूज्यूले गर्नुभएको थियो । कार्यक्रमा प्रमुख अतिथिको मन्तव्यका क्रममा केन्द्रीय प्रविधि क्याम्पस देशको गहना भएको र देशका ७७ वटै

जिल्लाका विद्यार्थीहरूले अध्ययन गर्ने केन्द्र भएको हुँदा यस क्याम्पसलाई छुट्टै विश्वविद्यालयको रूपमा विकास गर्न आवश्यक पहलकदमी गर्ने कुरा व्यक्त गर्नुभयो । साथसाथै सबै विषयमा डिग्रीको अध्ययन तथा अध्यापन गर्नुपर्ने कुरा बताउनुभयो ।

त्यसै गरी शिक्षा, स्वास्थ्य र पूर्वाधारयुक्त सहरका रूपमा धरानलाई चिनाउनुपर्छ भन्ने विचार पनि प्रस्तुत गर्नुभएको थियो । अन्त्यमा एक्सपोमा देखाइएका नमुनाहरूले समुदायलाई सचेत गराउन ठुलो भूमिका खेल्ने कुरा पनि व्यक्त गर्नुभयो । धरान उपमहानगर पालिकाका मेयर तिलक राई, जिल्ला समन्वय समिति अध्यक्ष रमेश बस्नेत, धरान उपमहानगर पालिका उपमेयर मन्जु भण्डारी, क्याम्पस व्यवस्थापन समितिका सदस्यहरू, महेन्द्र बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख दामोदर भण्डारी, पिण्डेश्वर विद्यापीठका प्राचार्य चन्द्रमणि नेपाल, पूर्वाञ्चल इर्नजिनियरिङ क्याम्पसका क्याम्पस प्रमुख, विभिन्न विद्यालयका प्रधानाध्यापक, राजनीतिक दलका प्रतिनिधिहरू, कर्मचारी सङ्घका प्रतिनिधि, प्राध्यापक सङ्घका प्रतिनिधि, प्रगतिशील प्राध्यापक सङ्घ इकाई कमिटी केन्द्रीय प्रविधि क्याम्पसका सभापति, त्रि.वि. कर्मचारी सङ्गठन र प्रजातान्त्रिक कर्मचारी सङगठनका सभापति, प्रहरी निरीक्षक, १४ नं. वडाका वडाध्यक्ष, समाजसेवी बुद्धिजीवी लगायतको आतिथ्यमा प्रमुख अतिथि माननीय सुनसरी क्षेत्र नं. १ का सङ्घीय सभासद् जयकुमार राईले केक काटेर कार्यक्रमको उद्घाटन गर्नुभएको थियो ।

कार्यक्रममा थुप्रै अतिथि बक्ताहरूले एक्स्पो कार्यक्रम अति आवश्यक भएको एवम् यसले क्याम्पस र सरोकारवाला सम्पूर्णमा पुलको काम गर्ने कुरा बताए । त्यस्तै एक्स्पो समापन कार्यक्रममा माननीय सभामुख प्रदेश १ प्रदीप भण्डारीज्यूको प्रमुख आतिथ्यमा भएको थियो । समापन समारोहका प्रमुख अतिथिज्यूले आफू यसै क्याम्पसमा अध्ययन गरेको र क्याम्पसको प्रगति र विकासमा आपू सधैँ साथ रहेको कुरा बताउनुभयो । कार्यक्रमको उद्घाटन तथा समापन समारोहमा प्रमुख अतिथि तथा अतिथिहरूलाई मायाको चिनो प्रदान गरिएको थियो । कार्यक्रममा प्रमुख अतिथिलगायत सम्पूर्ण अतिथिहरूले अभिरुचिपूर्वक सो-रुमहरूको अवलोकन तथा निरीक्षण गर्नुभएको थियो ।

निष्कर्ष

२०७६/१०/१९, २० र २१ गते केन्द्रीय प्रविधि क्याम्पस र स्वतन्त्र विद्यार्थी युनियनको संयुक्त रूपमा आयोजित हात्तीसार एक्स्पो - २०२० कार्यक्रम भव्य रूपमा सम्पन्न भयो । कार्यक्रममा क्याम्पसका सबै विभागहरूबाट गरिएका प्रदर्शन तथा अवलोकनमा सहभागी विशिष्ट व्यक्तिहरू संङ्घीय सभासद् माननीय जयकुमार राईज्यूबाट उद्घाटन तथा माननीय १ नं प्रदेश सभामुख प्रदीपकुमार भण्डारीज्यूबाट भएको समापन र त्यस्तै गरी धरान उपमहानगरपालिकाका उपमेयर मन्जु भण्डारीलगायत अन्य प्रदेश नं. १ का सामाजिक विकास मन्त्रालयका प्रतिनिधि साथसाथै अन्य क्याम्पस तथा विद्यालयका संस्थापकज्यूहरू तथा प्राचार्यज्यूहरू, प्रधानाध्यापकज्यूहरू, राजनीतिक दलका विशिष्ट व्यक्तित्वहरू, उद्योगी, व्यापारी, विभिन्न क्याम्पस तथा विद्यालयमा अध्ययन अध्यापनरत शिक्षक तथा विद्यार्थीहरू, स्थानीय सर्वसाधारणको समेत सक्रिय र अभिरुचिपूर्वक अवलोकनमा सहभागिता देखिएको कार्यक्रममा १६६८२ जना अवलोकनकर्ताहरूको उपस्थिति रहेको थियो । व्यवस्थापनमा पनि क्याम्पसमा अध्ययन अध्यापनरत शिक्षक तथा कर्मचारीहरूले लिएको जिम्मेदारी पूर्णरूपमा निर्वाह गर्नुभएको थियो । हात्तीसार एक्स्पोको अवलोकनमा सहभागी वक्ताहरूद्वारा अभिव्यक्त विचार विद्यालयका विद्यार्थीहरूको प्रदर्शनमा देखिएको अभिरुचि र सक्रियता क्याम्पसका विभिन्न विद्यार्थीहरूद्वारा प्रदर्शित वैज्ञानिक तथा प्राविधिक सूचनाहरूले क्याम्पसले निर्धारण गरेका लक्ष्य तथा उद्देश्य प्राप्त गर्न प्रमुख भूमिका खेल्ने देखिन्छ ।

*

(पुस्तकालय अधिकृत ओमनाथ खतिवडा केन्द्रीय प्रविधि क्याम्पस धरानको पुस्तकालय शाखा प्रमुख हुनुहुन्छ)

क्याम्पसले चर्चेको जग्गा : अधिग्रहण, स्वामित्व र विस्तार

महेश कोइराला

वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धति योजनाले देशमा विभिन्न अध्ययन संस्थानहरूको स्थापना गर्ने लक्ष्य लिएको थियो । जस अन्तर्गत व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थान धरानमा स्थापना गर्ने लक्ष्य अनुरूप कार्य अगाडि बढाइयो । प्रारम्भमा जग्गा तथा भवनको अभावमा २०३० साल श्रावण १ बाट यस अध्ययन संस्थानको डीन कर्यालय र केन्द्रीय क्याम्पस धरानको जनपथ स्थित २ वटा भवन भाडामा लिएर सञ्चालन प्रारम्भ गरियो । यस अध्ययन संस्थानका प्रथम डीन स्व.प्रा.डा.परासर नारायण सुवाल र सहायक डीन प्रा.डा.सुरेशराज शर्मा हुनुहुन्थ्यो । सुवाल त्रि.वि.का प्रथम रजिष्ट्रार तथा शर्मा काठमाडौं विश्वविद्यालयका प्रथम उपकुलपति समेत हुनुहुन्छ । स्व.प्रा.डा. सुवाल रजिष्ट्रार रहेको बेला उहाँ कै नेतृत्वमा त्रि.वि. केन्द्रीय कार्यालय कीर्तिपुरको जग्गा अधिग्रहण गरी केन्द्रीय कार्यालयका लागि आवश्यक भौतिक संरचना निर्माण तथा विभिन्न क्याम्पसहरू सञ्चालनमा ल्याउन सफल हुनु भएको थियो । त्यसैगरी प्रा.डा. शर्मा त्रि.वि.सेवा छोडेर काठमाडौं विश्वविद्यालयको प्रथम उपकुलपति हुदा उहाँकै कुशल नेतृत्व तथा अब्बल व्यवस्थापनका कारण उक्त विश्वविद्यालय संसारमा गर्विलो स्थानमा रहन सफल भएको पाइन्छ ।

सर्वप्रथम २०३० सालमा डीन प्रा.डा. सुवाल काठमाडौंबाट धरान आएर आफ्नो पदीय जिम्मेवारी सम्हाल्दै व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानका लागि जग्गा अधिग्रहणको प्रक्रिया आगाडि बढाउनु भयो । प्रारम्भमा विजयपुरस्थित पिण्डेश्वर विद्यापीठको खालि जमिनमा अधिग्रहणको प्रयास गरिएको थियो । तर त्यो सम्भव नभएपछि विजयपुरकै हात्तीसारको करिब २० विगाहा (हालको जग्गा) छनौट गरी अधिग्रहण प्रक्रिया अघि बढाइयो । उक्त जग्गा अधिग्रहणमा कोशी अञ्चल अञ्चलाधीश कार्यालयको अगुवाईमा जग्गा, घर, फलफुलका बोट आदिको मुआब्जा निर्धारण गर्न समिति गठन गरी सोही समितिको सिफारिसका आधारमा मुआब्जा वितरण गरिएको थियो । जग्गा अधिग्रहणका क्रममा तत्कालीन स्थानीय वडाध्यक्ष स्व.पदम नरसिंह श्रेष्ठ, स्थानीय समाजसेवी श्री कृष्ण बहादुर श्रेष्ठ, श्री बिर्ख बहादुर श्रेष्ठ, तत्कालीन प्रशासन शाखाका कर्मचारी सह.प्रशासक श्री गोविन्दमान श्रेष्ठ तथा तत्कालीन जिल्ला पञ्चायत सुनसरीका सुब्बा श्री गुरूप्रसाद श्रेष्ठ लगायतको सक्रिय सहयोग प्राप्त भएको थियो ।

व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गत डीनको कार्यलय समेत स्थापना भई वि.सं. २०३० सालबाट प्रमाणपत्र तहका खाद्य प्रविधि तथा

प्रयोगशाला प्रविधिका २ विषयको अध्ययन अध्यापन प्रारम्भ भएकोमा २०३३ सालमा नयाँ शिक्षा पद्धतिले निर्धारण गरेको परीक्षा प्रणालीको विरोधमा विद्यार्थी आन्दोलन सुरु भएपछि त्रि.वि.ले डीन कार्यालय कीर्तिपुरमा स्थान्तरण गरी केन्द्रीय क्याम्पस हात्तीसारको नाम केन्द्रीय प्रविधि क्याम्पस, हात्तीसार धरान नामकरण गरियो तथा क्याम्पस प्रमुखको रूपमा सहायक डीन रहने व्यवस्था समेत गरियो । वि.सं. २०६९ जेष्ठ ३ मा क्याम्पस स्वायत्ततामा गएपछि भने हाल सहायक डीन पद डीन कार्यालयमा गाभेर निकाय प्रमुखको रूपमा क्याम्पस प्रमुख पद व्यवस्था गरिएको छ ।

जग्गा अधिग्रहणको प्रक्रिया अगाडि बढाउने क्रममा तत्कालीन कोशी अञ्चलका अञ्चलाधीश श्री विरेन्द्र बहादुर शाहको अध्यक्षतामा तीन सदस्य समिति गठन भएको थियो । सदस्यद्वय श्री नारायणप्रसाद पराजुली का.मु. भूमी प्रशासक सुनसरी र श्री मोहनप्रसाद पराजुली सा.नि.का. भवन विभाग मोरङ हुनुहुन्थ्यो ।

उक्त समितिले तत्कालीन व्यावहारिक विज्ञान तथा प्राविधिक अध्ययन संस्थान स्थापना गर्न जम्मा **१९ बिघा १९ कट्ठा, साढे १९ धुर** जग्गा अधिग्रहण गरेको थियो ।
व्यावहारिक विज्ञान तथा प्राविधिक अध्ययन संस्थान, स्थापनाका लागि जग्गा अधिग्रहण गर्न २०३१ फागुन ६ मा तयार पारिएको मुचुल्काको खाकाको विवरण निम्न अनुसार छ,
"जि.सुनसरी धरान नगर पञ्चायत वाड नं ११(ख) तथा ११(ग) को निम्न लिखित जग्गाहरू त्रिभुवन विश्वविद्यालयको अनुरोधमा धरानमा त्रि.वि. व्यावहारिक विज्ञान तथा प्राविधिक अध्ययन संस्थान स्थापना गर्न अधिग्रहण गर्ने गरी २०३०-११-११ मा श्री ५ को सरकारबाट निम्न विवरण अनुसारका जग्गा अधिग्रहण गर्न अधिकार प्रत्यायोपजन भएको शिक्षा मन्त्रालय (उच्च शिक्षा उपशाखा)को संकेत नं उ.शि.१।४।२५ च.नं. १२२४ मिति ०३०।११।१६ को पत्र प्राप्त हुन आएको"

तपसिल

पूर्वमा विजयपुर डाँडा पश्चिममा ध.न.पं. वडा नं १ को घना बस्ती, उत्तरमा धरान नगर पञ्चायत ११(ख) को कि.नं. ५४ र कि.नं. ८० का कित्ताहरू, दक्षिणमा धरान नगर पञ्चायत वडा नं ११ (ग) को १९,३८,३९ र ४० नं का किताहरू यति ४ किला भित्रको वाड नं ११ (ख) का कि.नं. ८१, ८२, ८३, ८४, ८५, ८६, ८७, ८८, ९८, १००, १०१, १०२, १०३, १०४, १०५, १०६, १०७, १०८, १०९, ११०, १११ तथा वडा नं ११(ग) का कि.नं. १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२, १३, १४, १५, १६, १७, १८, ४१, ४२, ४३ नं का जग्गाहरू । उक्त अधिग्रहण गर्ने जग्गा भित्र न्या.प्रा.वि. लाई दिएको २ (दुई) विगाह जग्गा पर्न गएको छ भन्ने जि.शि.का. इनरुवा मिति २०३१-८-६ को पत्र विजयपुर

हातीसारको लक्ष्मी कुमारी श्रेष्ठको जिउनीको जग्गा दान दिएको हकवाला समेतको मञ्जुरी कागजको प्रतिलिपि पत्र प्राप्त भएको भनी डीनको कार्यालय धरानको प.स.न.नं. ६-८५।२०३१।३२मिति ०३१-८-१२ को पत्र हाल प्राप्त हुन आएको ।

निर्णय

यसमा उक्त जग्गा प्राप्त गर्न प्रारम्भिक कार्वाहीका सिलसिलामा यस कार्यालयबाट जग्गा प्राप्ती ऐन ०१८ को दफा ४ (२) अनुसार १० दिने सूचना प्रकाशित गरी श्री भूमिप्रशासन कार्यालय सुनसरीको पत्रअनुसार धरान नगर पञ्चायत ११(ख) र ११(ग) का जग्गाको मोठ स्रेस्ता प्राप्त हुन आई सो जग्गाहरूको पोत ठेकिएको नदेखिनाले कोष तहसिल सुनसरीलाई सो सक्कलै मोठ पठाई उक्त कोष तहसिलबाट पोत ठेकी आएको फाँटवारी समेत प्राप्त हुन आएकोले उक्त ऐनअनुसार प्रारम्भिक कार्वाहीसम्म पूरा भएकोले उपरोक्त फाइल शिक्षा मन्त्रालय (उच्चशिक्षा उपशाखा) मिति २०३१-३-२४ का पत्रसाथ पठाई सो मन्त्रालयबाट अधिग्रहण गरिने भनेको जग्गाको राजपत्रमा २०३१ आश्विन २१ गते भाग ३ मा सूचना प्रकाशित भए तत्पश्चात कार्वाहीलाई उक्त मन्त्रालयका मिति ३०३१।६।२९(३) को पत्रसाथ राजपत्र सहितको फायल यस कार्यालयमा प्राप्त हुन आएको उक्त ऐनको दफा १० अनुसार सम्बन्धित जग्गा धनी दर्तावालाहरूका नाममा क्षतिपुर्तिको निमित्त १५ दिने सूचना २०३१-८-११ मा प्रकाशित भई सो म्यादभित्र जग्गाधनी केही व्यक्तिको क्षतिपूर्तिको निवेदन पनि आएको उक्त अधिग्रहण गरिने जग्गाको के कति दरमा खरिद बिक्रि हुने रहेछ भनी भूमी प्रशासन कार्यालय सुनसरीमा बुझ्दा सो कार्यालयबाट लिखत प्राप्त भई गएको स्रेस्ताको आधारबाट ३ सालको उतार गरी पठाएको, सो को आधार लिई विचार गर्दा राजपत्रमा प्रकाशित भएमध्ये वाड नं ११(ख) को कि.नं. ५४ र ८० वडा नं ११(ग) को १९, ३८, ३९ र ४० नं को किताको हकमा जग्गाको सिमानासम्म लेखिएकोले उक्त १९, ३८, ३९ र ४० नं र ति लाई पनि १५ दिने सूचना गरेको देखिन्छ तापनि सो जग्गा सिमानाकासम्म लेखिएको हुदा अधिग्रहण भएको किल्ला भित्र पर्न नआएकोले सो किल्लाहरू बाहेक निम्न लेखिएका कि नं को निम्न लिखित व्याक्तिहरूको जग्गा मात्र अधिग्रहण गर्न जाव सो जग्गाहरूको मुआब्जा के कति दरले दिने भन्ने सम्बन्धमा सो अधिग्रहण गरिने जग्गामा गई हेरिएमा धरान बजार क्षेत्रभित्र परे तापनि धरानको मुख्य बजार सडक लाइनको नभई धरान बजारबाट करिब १/४ माइल फरक पर्ने पहाडी क्षेत्र जरत डाडाको भिर जग्गा हुनुको साथै कुन कुन कित्ता जग्गा भिरपाखा हुन गई त्यसमा कुनै किसिमको हिउँदे र वर्षे बालीसमेत हुन नसक्ने जग्गा देखिनाले भिरपाखा र अरू समथर जग्गाको एक दर कायम गरी मुआब्जा दिन न्यायोचित नहुदा त्यस्तो भिर पाखा जग्गा बाहेक अरू जग्गा १९ विगाहा, १९ कट्ठा, साढे १९ धुरको धरान पानी ट्याङकीबाट विजयपुर दन्तकाली जाने मोटर सडक दायाँबायाँको समथर टार परेको उक्त जग्गा १९ बिगाहा, १९ कट्ठा, साढे १९ धुर को प्रति कठठा रु १०००।-(एक हजार) र अरू भिरपाखा पर्ने (ख) कि.नं. ९८, १०४, १०५, १०६,

र (ग) कि.नं. ६, ७, ४३ को जग्गा जम्मा विगाहा १-१४-१२ को हकमा प्रति कठ्ठा रु ४००।-(चारसय) का दरले मुआब्जा दिने फलफुलहरूको गाछीको हकमा सामिल रहेको २०३१।०९।०८ गतेको मुचुल्कामा उल्लेख भए अनुसारको फलफूलको गाछीको निम्न लेखिएका दरले मुआब्जा दिने, घरहरूको मुआब्जा दिने तर्फको हकमा पनि सार्वजनिक निर्माण कार्यालय (भवन विभाग) विराटनगरको च.नं. ४०३ मिति २०३१।१०।३ को मुल्याङ्कन फारममा उल्लेख भए अनुसारको ८५,७५४।३७ (पचासी हजार सातसय चौउन्न रूपया र पैसा सैतिस मात्र) क्षतिपूर्ति दिई निम्न लेखिएका कित्ताको निम्न लिखित व्यक्तिहरूको घरजग्गा अधिग्रहण गर्न यो समर्थनलाई सम्बन्धित विभागमा पठाई स्वीकृत भई आएपछि मुआब्जा वितरण गर्न फायल डीनको कार्यालय धरानमा पठाई दिने यो जग्गा प्राप्ति ऐन २०१८ को दफा १२ अनुसार निर्णय गरियो ।

अधिग्रहण गरिने जग्गा

क्र. सं.	जग्गा धनीको नाम	कि.नं.	जग्गा विगाह	मालपोत
प	श्री खड्गनारायण नेवार ध.न.प. ११(ख)	८१	०-१५-२	२०।१८
२	श्री अम्बिकाप्रसाद श्रेष्ठ ध.न.प. ११(ख)	८२	०-५-१	६।७१
३	श्री तुलसीनारायण सुन्दरमान नेवार ध.न.प.(ख)	८३	०-१४-१४	१९।६५
४	श्री अम्बिकाप्रसाद श्रेष्ठ ध.न.प. ११(ख)	८४	०-८-०	१०।७२
५	श्री अम्बिकाप्रसाद श्रेष्ठ ध.न.प. ११(ख)	८५	०-८-२	१०।८६
६	श्री अम्विकाप्रसाद श्रेष्ठ ध.न.प. ११(ख)	८७	०-११-४	१४।९४
७	श्री तुलसीनारायण सुन्दरमान नेवार ध.न.प. ११(ख)	८६	०-९-१२	१२।८०
८	श्री टेकबहादुर नेवार ध.न.प. ११(ख)	८८	०-१०-१२	१४।८
९	श्री अम्बरकुमारी रिजाल पूर्णप्र.रिजाल ध.न.प. ११(ख)	९८	०-६-१	८।०७
१०	श्री दलबहादुर नेवार ध.न.प. ११(ख)	१०१	०-९-०	१२।०४
११	श्री गोपीलाल नेवार ध.न.प. ११(ख)	१०२	०-५-१५	७६७
१२	श्री अम्बरबहादुर नेवार ध.न.प. ११(ख)	१०३	०-५-१	७६७
१३	श्री वासुदेव आचार्य ध.न.प. ११(ख)	१०४	०-७-१६	१०।६१
१४	श्री ईश्वरीप्रसाद रिजाल ध.न.प. ११(ख)	१०५	०-१-२	१।५२
१५	श्री रामविलास गोयल ध.न.प. ११(ख)	१०६	०-६-२	१२।१८
१६	श्री नारायणप्रसाद श्रेष्ठ ध.न.प. ११(ख)	१०७	०-११-१७	१५।८१

१७	श्री छविलाल शर्मा खनाल ध.न.प. ११(ख)	१०८	०-३-५	४।३५
१८	श्री कमलजंग तामाङ ध.न.प. ११(ख)	१०९	०-६-१७	९।१४
१९	श्री कृष्णबहादुर थापा विराटनगर ध.न.प. ११(ख)	१११	०-४-८	५।९२
२०	श्री डम्बरकुमारी नेवार ध.न.प. ११(ख)	११०	०-१-१४	२।६८
२१	श्री राम प्रसाद श्रेष्ठ ध.न.प. ११(ग)	१	०-१६-०	२१।३८
२२	श्री विष्णु कुमारी नेवार ध.न.प. ११(ग)	२	०-२-१५	३।६७
२३	श्री मनबहादुर सार्की ध.न.प. ११(ग)	३	०-५-८	७।३५
२४	श्री गणेशकुमारी ध.न.प. ११(ग)	४	०-५-१६	७।७४
२५	श्री सूर्यमान श्रेष्ठ धरान ५, ध.न.प. ११(ग)	५	०-१५-१६	२१।११
२६	श्री गौरीदास श्रेष्ठ ध.न.प. ११(ग)	६	०-१-१७	२।५२
२७	श्री गणेश दास श्रेष्ठ ध.न.प. ११(ग)	७	०-७-४	९।६१
२८	श्री कुसुमकुमारी श्रेष्ठ, धरान २, ध.न.प. ११ (ग)	८	०-११-७	१८।६५
२९	श्री कुसुमकुमारी श्रेष्ठ, धरान २, ध.न.प. ११ (ग)	१५	०-१८-७	१८।३५
३०	श्री गणेश कुमारी थापा ध.न.प. ११(ग)	१४	०-५-७	७।१४
३१	श्री भागवत गोविन्दश्रेष्ठ, धरान २, ध.न.प. ११(ग)	१०	०-५-१९	७।९४
३२	श्री भागवतगोविन्द श्रेष्ठ ध.न.प. ११(ग)	११	०-५-१०	७।३८
३३	श्री भागवतगोविन्द श्रेष्ठ ध.न.प. ११(ग)	१२	०-१०-१८	१४।५४
३४	श्री भागवतगोविन्द श्रेष्ठ ध.न.प. ११(ग)	१३	०-५-१२	७।४७
३५	श्री भागवतगोविन्द श्रेष्ठ ध.न.प. ११(ग)	९	०-९-१३	१२।९१
३६	श्री भागवतगोविन्द श्रेष्ठ ध.न.प. ११(ग)	१६	०-८-१४	११।६२
३७	श्री धर्मानन्द उपाध्याय सुवेदी, विराटनगर, ध.न.प. ११(ग)	१७	१-६-०	२६
३८	खोला	१८	२-२-१७	४२।८५
३९	श्री उर्मिलादेवी भट्टराई, धरान, ध.न.प. ११(ग)	४१	०-३-१४	४।९५
४०	श्री मधुसुदन उपाध्याय, ध.न.प. ११(ग)	४२	०-१५-१२	२०।८०
४१	श्र गोविन्द प्रसाद श्रेष्ठ ध.न.प. ११(ग)	४३	०-९-५	१२।३८

यसरी अधिग्रहण गरिएको जग्गाको कुल क्षेत्रफल १९ बिघा १९ कट्ठा, साढे १९ धुर रहेको देखिन्छ । यो जग्गामध्ये करिब २-०-० बिघा जग्गा एकल धारे क्षेत्रको निकास खोल्सा भएको हुनाले क्याम्पसको भौतिक पूर्वाधार निर्माणमा अनुपयुक्त रहेको छ । यस बाहेक वि.सं. २०३८ मा धरान बजार वडा नं १ बाट क्याम्पससम्म जाने पैदल मार्गका लागि धरान १ स्थित सुशिल कर्माचार्यको नाममा दर्ता रहेको जग्गामध्ये ०-१-६१/४ कठ्ठा जग्गा नियमानुसार अधिग्रहण गरी १५ फिट चौडाइको बाटो क्याम्पसको सिढीसम्म कायम गरिएको तर धरान नगरपालिकाबाट उक्त जग्गा हालसम्म क्याम्पसको नाममा नामसारी हुन नसकेको देखिन्छ ।

यसरी अधिग्रहण गरिएको जग्गामा आवश्यक भौतिक संरचनाहरू निर्माण गर्दै विभिन्न शैक्षिक कार्यक्रमहरू अगाडि बढाउने क्रममा स्थापना कालमा प्रमाणपत्र तहको खाद्य प्रविधि र प्रयोगशाला प्रविधि २ विषयको अध्ययन/अध्यापन प्रारम्भ भएकोमा हाल वि.सं. २०७९ सालमा स्वर्ण महोत्सव मनाइरहँदा यस क्याम्पसमा स्नातक तहमा वि.टेक.(खाद्य प्रविधि), पोषण तथा आहार विज्ञान, माइक्रोवायोलोजी, वोट्नी, जुलोजी, जियोलोजी, फिजिक्स, सिएसआइटी,विआइटी), स्नात्तकोतर तहमा (एम एस्सी माइक्रो बायोलोजी),एम.टेक (खाद्य प्रविधि) तथा पि.एच.डी कार्यक्रमहरू सञ्चालनमा छन् । आ.व. २०७९/०८० को संचालक समितिको नीति तथा कार्यक्रममा उल्लेख भएअनुसार विद्यार्थी भर्ना सङ्ख्या ९१३ जना रहेको छ ।

समयको विकासक्रमसँगै धरान उपमहानगरमा बढ्दो जनसङ्ख्या तथा सिमित पानीका स्रोतहरूका कारण खानेपानीको संकट चुलिदै गएको पाइन्छ । शैक्षिक वर्ष २०६७ सालबाट प्रमाणपत्र तहको आइ.एस्सी. कार्यक्रम फेजआउट भएपछि स्नातक तहका विभिन्न कार्यक्रमहरू थप हुँदै जाँदा सोही अनुसार प्रयोगात्मक कक्षाहरू सञ्चालन गर्न थप पानीको आवश्यकता बढ्दै गयो । शिक्षककर्मचारी आवसगृह तथा छात्रवासको पानीको समस्या यथावत थियो । पानीको यही समस्या निराकरणका लागि क्याम्पस प्रमुख प्रा.डा. धन बहादुर कार्कीको पहलमा मिति २०७३ श्रावण २० गतेको क्याम्पस कार्यकारी समितिको बैठकले जिल्ला सुनसरी साविक बाझगरा गा.वि.स. वडा नं ८ हालको धरान उपमहानगरपालिका ४ गैरीगाउको पंचबहादुर राईको नाममा रहेको कि.नं. ६९ अन्तर्गत बग्ने गढा खोलाको मुहान क्षेत्रको १० कठ्ठा १९ धुर जग्गा रु २५ लाखमा त्रि.वि. केन्द्रीय कार्यालयको स्वीकृति लिई खरिद गर्ने निर्णय गरियो । सो जग्गा खरिद गरी ट्याङ्की निर्माण तथा पाइप जडान गरेपछि खानेपानीको समस्या निराकरण भयो ।

सोही क्रममा उक्त खानेपानीको मुहान जोडिएको सधिंयारी जग्गा धनीले उक्त पानीमा आफ्नो पनि हक लाग्ने भनी हकदावी गरेपछि मिति २०७५ कार्तिक १३ को क्याम्पस कार्यकारी समितिको बैठकबाट कि.नं. ६४ को ३ कठ्ठा ४.५ धुर जग्गा रु. ३ लाखमा खरिद गर्ने निर्णय गरियो । हाल उक्त जग्गाबाट उत्पादन भएको पानी क्याम्पसलाई पर्याप्त भई सुख्खा मौसममा निर्यात गर्न सक्ने अवस्थामा क्याम्पस रहेको छ ।

खानेपानीको उल्लेखित जग्गाहरू खोजी गरी खरिद प्रक्रिया अगाडि बढाउने क्रममा तत्कालीन सहायक क्याम्पस प्रमुख डा.दिल कुमार लिम्बु, लेखा प्रमुख मोहन दाहाल, कर्मचारी सङ्घका सभापति टंक कार्की, प्लम्वर शहरमान राई तथा स्थानीय ललित पुलामीको महत्वपूर्ण योगदान रहेको थियो ।

यसरी स्थापना कालमा अधिग्रहण गरिएको जग्गा तथा खानेपानी सङ्कट निवारणका लागि विस्तारित जग्गासमेत गरी हाल क्याम्पसको नाममा जम्मा **२१ विघा १४ कठ्ठा** जग्गा रहेको छ ।

सन्दर्भ सामाग्री

१. क्याम्पसमा रहेका विभिन्न दस्तावेजहरू ।
२. केन्द्रीय प्रविधि क्याम्पस हात्तीसारको ऐतिहासिक पृष्ठभूमी एक सिंहावलोकन : सह.प्रशासक गोविन्दमान श्रेष्ठ (भूमिका)
३. प्रा.डा. सुरेशराज शर्मा, प्रा.जगतबहादुर के.सी., प्रा.डा.दिलिप सुब्बा, श्री.अम्विका श्रेष्ठ, श्री बिर्ख वहादुर श्रेष्ठ आदि क्याम्पस स्थापनाकालीन व्यक्तित्वहरूसँग गरिएको संवाद ।

*

(महेश कोइराला केन्द्रीय प्रविधि क्याम्पस धरानको सामान्य प्रशासन शाखा प्रमुख हुनुहुन्छ)

राजनीतिक परिवर्तन र केन्द्रीय प्रविधि क्याम्पसमा स्ववियू

सौरभ सञ्जेल
निवर्तमान स्ववियू सभापति

विद्यार्थी सङ्घ-सङ्गठनको इतिहास

नेपालमा विद्यार्थी सङ्गठनको अस्तित्वलाई हेर्दा हालका राजनीतिक दलको इतिहासभन्दा पुरानो देखिन्छ । वि.सं. १९९१ मा भारतको बनारसमा बसेर अध्ययन गर्ने विद्यार्थीहरूले खोलेको नेपाली छात्र सङ्घलाई नेपाली विद्यार्थीहरूले खोलेको पहिलो सङ्गठनको रूपमा चिनिन्छ । जहानियाँ राणा शासनका विरुद्धको आन्दोलनमा विद्यार्थी वर्गको महत्त्वपूर्ण भूमिका रहेको थियो । जनताका छोराछोरीहरूले पढे भने शिक्षित हुन्छन् र आफ्नो शासन व्यवस्था ढल्छ भन्ने मानसिकता बोकेका राणाहरूको विरुद्धमा पढेलेखेका सिमित शिक्षित युवाहरूले प्रजातन्त्रको पक्षमा आन्दोलनको अगुवाइ गरेका थिए । वि.सं. १९९७ सालमा तत्कालीन राणा शासकबाट आफूविरुद्ध लागेको अभियोगमा त्रिचन्द्र कलेजमा अध्ययनरत विद्यार्थी गङ्गालाल श्रेष्ठलाई मृत्युदण्ड दिइयो । राणा विरुद्धको आन्दोलनमा सहिद बनेका गङ्गालाल श्रेष्ठलाई नेपालको पहिलो विद्यार्थी सहिदको रूपमा लिइन्छ । राणा शासन विरुद्धको आन्दोलन चर्कदै जाँदा नेपाल भित्रैबाट विद्यार्थी वर्गले गरेको पहिलो सङ्गठित आन्दोलनको रूपमा जयन्त संस्कृत आन्दोलनलाई लिइन्छ । यो आन्दोलन २००३ सालमा तीनधारा पाठशालामा भएको थियो । परिवर्तनका पक्षमा माग राखी आन्दोलन गर्दा नेपाल संस्कृत छात्रवासबाट ४३ जना विद्यार्थीहरू निष्कासित हुनुपरेको थियो । २००७ सालको राजनीतिक परिवर्तनपछि देशमा प्रजातन्त्रको स्थापनासँगै देशभर शैक्षिक संस्थाहरू खुल्ने लहर सुरु भयो । विद्यार्थी हक र अधिकारहरू स्थापित भए ।

वि.सं. २०१७ साल पौष १ गते राजा महेन्दद्वारा राजनीतिक दलहरूमाथि प्रतिबन्ध लगाउँदै राजनीतिक अधिकार आफ्नो हातमा लिएपछि उक्त निरङ्कुश कदमको विरुद्धमा विद्यार्थीहरूले आन्दोलनमार्फत त्यसको सशक्त प्रतिवाद गरेका थिए । विद्यार्थी वर्गले स्ववियू खोल्न पाउनुपर्ने माग राखेर आन्दोलन गरे पनि त्यो विद्यार्थी हकअधिकार सँगसँगै एकदलीय व्यवस्थाको विरुद्धमा राजनीतिक दलमाथिको प्रतिबन्धका विरुद्धमा नै थियो । वि.सं २०१९ मा स्ववियू मागको आन्दोलनले गति लियो । वि.सं. २०२० वैशाख २३ मा विश्वविद्यालयमा पहिलो हड्ताल भयो । अन्ततः शासकवर्ग विद्यार्थी आन्दोलनका अगाडि झुक्न बाध्य भयो । वि.सं. २०२० भदौ २० गते स्ववियू निर्वाचन भयो । तर उक्त निर्वाचनको उद्देश्य विद्यार्थीवर्गले गैह्रराजनीतिक गतिविधि मात्र गर्न पाउने भन्ने

थियो । वि.सं. २०२० स्ववियू कार्यकारिणीको बैठक बसी २०२० चैत्र ४ मा सम्पूर्ण कलेजका प्रतिनिधिहरूको बैठक आह्वान गरी उपत्यका अन्तर कलेज सम्मेलन आयोजक समिति गठन गरियो । वि.सं. २०२१ वैशाख २५ देखि २९ गतेसम्म त्रिचन्द्र कलेजमा सम्मेलन आयोजना गरियो । उक्त सम्मेलनमा प्रहरीको व्यापक दमनका कारण सयौँको सङ्ख्यामा विद्यार्थी घाइते हुनुका साथै सयौँको सङ्ख्यामा विद्यार्थीहरू गिरफ्तार गरियो । लुकीछिपी सम्पन्न भएको सम्मेलनले राजनीतिक अधिकार सहितको स्ववियू स्थापनाको मागलगायत पाँचओटा प्रस्तावहरू परित गऱ्यो । उक्त प्रस्तावहरूलाई समेत प्रहरीले जफत गऱ्यो । वि.सं २०२१ जेष्ठ १ मा विद्यार्थीहरूले गिरफ्तार साथीहरूको रिहाइको माग गर्दै विशाल मौन जुलुस निकाले । सरकारले व्यापक दमन गऱ्यो । १५ दिनसम्म आन्दोलन चल्यो । अन्ततः विद्यार्थी आन्दोलनका अगाडि सरकार झुक्न बाध्य भयो । गिरफ्तार विद्यार्थीहरू रिहाई गरिए । उक्त आन्दोलनका कारण जेष्ठ १ गतेलाई स्ववियू दिवसका रूपमा मनाइन्छ ।

२०३६ सालको विद्यार्थी आन्दोलनको ठूलो उपलब्धिका रूपमा जनमत सङ्ग्रहलाई लिन सकिन्छ । पाकिस्तानका तत्कालीन राष्ट्रपति जुल्फिकर अली भुट्टोलाई फाँसी दिइएको खबर थाहा पाएपछि आक्रोशित विद्यार्थी स्वतःस्फूर्त सडक प्रदर्शनमा उत्रिए । त्यही आन्दोलनपछि अन्ततः राजाको निरङ्कुशता अन्त्य गरी प्रजातन्त्र प्राप्तिको आन्दोलनमा रूपान्तरण भयो । चरण चरणमा भएका आन्दोलनको परिणामस्वरूप सरकार जनमत सङ्ग्रह घोषणा गर्न बाध्य भयो । अन्तत : २०३६ जेष्ठ १० मा घोषणा भएको जनमत सङ्ग्रहको मिति २०३७ वैशाख २० मा तोकियो । निरङ्कुश शासकले आफूअनुकुल गराएको जनमत सङ्ग्रहमा सुधारिएको पञ्चायती व्यवस्थाका पक्षमा परिणाम आयो । दलमाथिको प्रतिबन्ध भने अझै फुकुवा हुन सकेन ।

निरङ्कुश पञ्चायती शासनका विरुद्धमा २०४६ फाल्गुण ७ गतेबाट चैत्र २६ गतेसम्म चलेको जनआन्दोलन बहुदलीय व्यवस्थाका लागि भएको शान्तिपूर्ण र सशक्त आन्दोलन थियो जसले नेपालमा निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य गरी संवैधानिक राजतन्त्रात्मक बहुदलीय व्यवस्थाको सुरुवात गरेको थियो । नेपाली काङ्ग्रेस र संयुक्त वाममोर्चाको अगुवाइमा भएको यस आन्दोलनको अग्र मोर्चामा विद्यार्थीवर्ग नै रहेको थियो । त्यस्तै २०६२/०६३ को १९ दिने जनआन्दोलन तथा मधेश आन्दोलन लगायतका आन्दोलनहरूमा विद्यार्थीवर्गको महत्त्वपूर्ण भूमिका रहेको पाउन सकिन्छ ।

केन्द्रीय प्रविधि क्याम्पसमा विद्यार्थी आन्दोलन

व्यवहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानका रूपमा वि.सं. २०३० साल श्रावण १ गते हालको केन्द्रीय प्रविधि क्याम्पस (तत्कालीन केन्द्रीय क्याम्पस) धरानको स्थापना भएको हो । प्रारम्भमा प्रमाणपत्र तहका खाद्य प्रविधि र प्रयोगशाला प्रविधि विषयको अध्ययन अध्यापनबाट यस शैक्षिक संस्थाको स्थापना भएको हो । यस संस्थाको स्थापना हुँदै गर्दा देशमा पञ्चायती व्यवस्था उत्कर्षमा रहेको थियो ।

वि.सं. २०२८ साल देखि २०३६ सालसम्म तत्कालीन राजनीतिक व्यवस्थाका कारणले राष्ट्रिय स्तरमा नै सङ्घ/सङ्गठन र स्वविियूलाई राज्यबाट प्रतिबन्ध लगाइएको थियो । त्यसैले विद्यार्थीवर्गमाथि पनि राजनीतिक गतिविधि गर्न बन्देज थियो । विद्यार्थीहरूद्वारा राजनीतिक सङ्घ सङ्गठन खोल्न निषेध पूर्ण निषेध थियो । राजनीतिक गतिविधि गर्ने विद्यार्थीहरूमाथि राज्य प्रशासनद्वारा कडा निगरानी गरिन्थ्यो । त्यसैले विद्यार्थीहरूद्वारा सार्वजनिक रूपमा गरिने अतिरिक्त क्रियाकलावहरू गैह्वराजनीतिक प्रकृतिका हुने गर्दथे । राजनीतिक गतिविधिहरू भूमिगत ढङ्गबाट गर्नुपर्दथ्यो । विद्यार्थीवर्गद्वारा गरिने राजनीतिक गतिविधिहरू विद्यार्थीका मुद्दामा भन्दा मूल पार्टीका गतिविधिहरूसँग बढी केन्द्रित थिए, जुन भूमिगत ढङ्गबाट नै सञ्चालित हुने गर्दथे । व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गत हालको केन्द्रीय प्रविधि क्याम्पसमा २०३३ सालमा पहिलो गैह्वराजनीतिक विद्यार्थी आन्दोलन भएको थियो । नयाँ शिक्षा पद्धतिको Comprehensive परीक्षा प्रणालीका विरोधमा विद्यार्थीको आन्दोलन सुरु भएपछि त्रि.वि.ले डीन अफिस कीर्तिपुरमा स्थानान्तरण गरी सोही स्थानबाट केन्द्रीय क्याम्पस हात्तीसारको प्रशासन सञ्चालन गर्न थालेको थियो । सोही आन्दोलनका कारण खाद्य प्रविधि तथा प्रयोगशाला प्रविधिको तेस्रो ब्याच वि.सं. २०३३/०३४ लाई वार्षिक परीक्षा प्रणालीमा परिवर्तन गरियो । वि.सं. २०३५ को विद्यार्थी आन्दोलनपश्चात् डीन कार्यालय विगठन गरी व्यवहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानलाई व्यावहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्रमा रूपान्तरण गरियो तथा केन्द्रीय क्याम्पस हात्तीसारलाई विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गत धरान क्याम्पस नामकरण गरी २०३५ सालबाट दुईबर्से प्रवीणता प्रमाणपत्र तह आई.एस्सी. कार्यक्रम तथा २०३६ सालबाट चारबर्से स्नातक बी.टेक्. (खाद्य प्रविधि) कार्यक्रम सुरु गरियो । आई.एस्सी. कार्यक्रम २०६७ सालबाट त्रि.वि.बाट फेजआउट भयो भने बी.टेक्. (खाद्य प्रविधि) हाल सम्म यस क्याम्पसको उत्कृष्ठ शैक्षिक कार्यक्रमको रूपमा सञ्चालनरत छ । वि.सं. २०३६ सालको आन्दोलनको परिणामस्वरूप देशमा जनमत सङ्ग्रहको घोषणा हुनुका

साथै देशभरका क्याम्पसहरूमा स्ववियू निर्वाचन हुन सुरु भयो । फलस्वरूप वि.सं. २०३७ सालबाट केन्द्रीय प्रविधि क्याम्पसमा पनि स्ववियू निर्वाचन हुन सुरु भयो ।

वि.सं. २०४६/०४७ सालको जनआन्दोलनमा यस क्याम्पसका विद्यार्थीहरूले प्रजातन्त्रका पक्षमा सशक्त भूमिका निर्वाह गरेका थिए । धेरैजना विद्यार्थीहरूलाई राज्य प्रशासनले निगरानीमा राख्नुका साथै धेरै विद्यार्थीहरूलाई गिरफ्तार गरेको थियो । उक्त आन्दोलनमा विद्यार्थी पक्राउ गर्न राज्य प्रशासनलाई सहयोग गरेको आरोपमा २०४७ वैशाख ९ मा विद्यार्थीहरूद्वारा तत्कालीन क्याम्पस प्रमुख प्रा.जगत बहादुर के.सी.लाई राजिनामा दिन बाध्य पारिएको थियो ।

वि.सं. २०६२/०६३ सालको १९ दिने जनआन्दोलनमा यस क्याम्पसका विद्यार्थीहरूले १९ दिनसम्म नै पठनपाठन स्थगित गरी आन्दोलनमा सहभागिता जनाएका थिए । अन्ततः उक्त आन्दोलन लोकतन्त्र हुँदै संविधान सभामार्फत आज दशमा लोकतान्त्रिक गणतन्त्र प्राप्त भएको छ । यसरी परिवर्तनका हरेक आन्दोलनहरूमा केन्द्रीय प्रविधि क्याम्पसका विद्यार्थीहरूको सहभागिता रहेको पाइन्छ ।

केन्द्रीय प्रविधि क्याम्पस, धरानको स्ववियू-शृङ्खला

२०३६/०३७ को स्ववियू

सभापति	बद्री खड्का
उपसभापति	विद्याकुमारी के.सी.
प्रथम सचिव	रकम चेम्जोङ
प्रथम उपसचिव	मुकुन्द पौड्याल
कोषाध्यक्ष	युवराज अधिकारी
साहित्य-सचिव	नारायण भट्टराई
उपसाहित्य-सचिव	भाष्कर घिमिरे
क्रीडासचिव	पारसमणि तामाङ
उपक्रीडा-सचिव	हरिकुमार राई
समाजसेवा-सचिव	सिंहबहादुर खड्का
उपसमाजसेवा-सचिव	डम्बर सुवेदी
प्रचार-सचिव	चन्द्रप्रसाद गिरी
उपप्रचार-सचिव	मीनबहादुर दाहाल

सदस्य	लेखनाथ खनाल
सदस्य	जीवन विश्वकर्मा

रिक्त पदपूर्ति गरिएका कार्यकारिणी सदस्यहरू

उपसभापति	हिमप्रसाद गौतम
प्रमुख सचिव	हरिकुमार राई
प्रचार सचिव	तुलसीप्रसाद गौतम
उपक्रीडा-सचिव	तेजमान कन्दङ्वा
उपसमाजसेवा-सचिव	कवीन्द्र प्रसाईं
सदस्य	प्रदीप भण्डारी

२०३८/०३९ को स्ववियू

सभापति	हरि तुम्बाहाम्फे
उपसभापति	बालकृष्ण माबुहाङ
सचिव	रकम चेम्जोङ
उपसचिव	कविन्द्र प्रसाईं
कोषाध्यक्ष	माया भट्टराई
सदस्य	जागिरधन गुरुङ
सदस्य	बद्री प्रसाद भट्टराई
सदस्य	विश्वराज खापुङ
सदस्य	डिल्लीराज थापा
सदस्य	एकराज निरौला
सदस्य	कृष्ण लावती

२०४०/०४१ को स्ववियू

सभापति	रकम चेम्जोङ
उपसभापति	विद्या के.सी.
सचिव	ललितबहादुर लिम्बू
उप सचिव	किरणकुमार शर्मा
कोषाध्यक्ष	बद्रीप्रसाद भट्टराई
सदस्य	खगेन्द्र श्रेष्ठ
सदस्य	उत्तम भट्टराई

सदस्य	श्रीकुमार राई
सदस्य	प्रभात राई
सदस्य	प्रेमचन्द्र भण्डारी
सदस्य	सीता श्रेष्ठ

२०४१/०४२ को स्ववियू

सभापति	चिन्तामणि उप्रेती
उपसभापति	खगेन्द्रप्रसाद अधिकारी
सचिव	खडानन्द पराजुली
उपसचिव	केशरकुमार सुब्बा
कोषाध्यक्ष	हेमन्त पराजुली
सदस्य	तारानाथ निरौला
सदस्य	रुद्रबहादुर राई
सदस्य	द्वारिका बिश्वकर्मा
सदस्य	भीष्मकुमारी चेम्जोङ
सदस्य	गणेशप्रसाद भण्डारी
सदस्य	अकबर प्रधान

०४३/०४४ को स्ववियू

सभापति	लालप्रसाद साँवा
उपसभापति	पूर्णबहादुर खड्का
सचिव	हेमन्त पराजुली
उपसचिव	भीम पौड्याल
कोषाध्यक्ष	पुण्य बस्नेत
सदस्य	नवीनचन्द्र मुसुहाङ
सदस्य	हुमाकुमारी बोखिम
सदस्य	अर्जुन राई
सदस्य	काशीनाथ लुइँटेल
सदस्य	बिनोदकुमार श्रेष्ठ
सदस्य	ज्ञानबहादुर माझी

२०४५/०४६ को स्ववियू

सभापति	पूर्णबहादुर खड्का
उपसभापति	बुद्धराज कार्की
सचिव	श्यामकुमार मिश्र
सहायक सचिव	वीरबहादुर राई
कोषाध्यक्ष	पुण्यबहादुर बस्नेत
सदस्य	कुमारी राई
सदस्य	चन्द्र राउत
सदस्य	ढकबहादुर थापा
सदस्य	टीका सुवेदी
सदस्य	तीर्थराज चौलागाईं
सदस्य	पूर्णसिं सुब्बा

२०४९/०५० को स्ववियू

सभापति	कृष्णप्रसाद राई
उपसभापति	पङ्कज दाहाल
सचिव	राजेन्द्रप्रसाद अधिकारी
सहायक सचिव	खेमराज भट्टराई
कोषाध्यक्ष	विमला सिंगु
सदस्य	विजय राई
सदस्य	पूर्णचन्द्र वस्ती
सदस्य	सुदीप श्रेष्ठ
सदस्य	राजेशकुमार चेम्जोङ
सदस्य	सरिता सुवेदी
सदस्य	डम्बरेश्वरी सुब्बा

२०५१/०५२ को स्ववियू

सभापति	दीपेन्द्र कार्की
उपसभापति	खेलप्रसाद बुढाक्षेत्री
सचिव	मानबहादुर लिम्बू
सहायक सचिव	खड्ग पौडेल

कोषाध्यक्ष	रमा सुब्बा
सदस्य	प्रदीप पाण्डे
सदस्य	केदार भण्डारी
सदस्य	विमल चित्रकार
सदस्य	यामकुमारी राई
सदस्य	सुरेश राई
सदस्य	विमल कटुवाल

२०५३/०५४ को स्वविय़ू

सभापति	विमलकुमार कट्वाल
उपसभापति	नीरुकुमार लिम्बू
सचिव	श्रीप्रसाद राई
सहायक सचिव	सोमनाथ खनाल
कोषाध्यक्ष	धनकला राई
सदस्य	यून्छोमी सुब्बा
सदस्य	अनुनय बास्तोला
सदस्य	दिवाकर दाहाल
सदस्य	भाईकुमार राई
सदस्य	राजाराम दाहाल
सदस्य	ईश्वरी भट्टराई

२०५५/०५७ को स्वविय़ू

सभापति	नारायणराज भट्टराई
उपसभापति	मनोजकुमार यादव
सचिव	योग्य खड्का
सहायक सचिव	इन्द्रमणि कोइराला
कोषाध्यक्ष	सुनिधि योन्जन
सदस्य	रोमन कार्की
सदस्य	नारायण बस्नेत
सदस्य	नवीन भण्डारी
सदस्य	सुदीप पराजुली

सदस्य	राजेन्द्र खनाल
सदस्य	प्रदीपकुमार चौधरी

२०५७/०५९ को स्ववियू

सभापति	रोमन कार्की
उपसभापति	जिग्मी पाल्जर लामा
सचिव	हरिहर गुरागाईं
सहायक सचिव	पवनकुमार कटुवाल
कोषाध्यक्ष	विमला उप्रती
सदस्य	सरल श्रेष्ठ
सदस्य	शम्भु नेपाल
सदस्य	विकाश श्रेष्ठ
सदस्य	विष्णु चापागाईं
सदस्य	सन्तोष मोते
सदस्य	विकास श्रेष्ठ

२०६०/२०६२ को स्ववियू

सभापति	प्रकाश तिमल्सिना
उपसभापति	आलोकानन्द ठाकुर
सचिव	वीरेन्द्र कुँवर
सहायक सचिव	प्रवीन सुब्बा
कोषाध्यक्ष	भक्त राई
सदस्य	भाष्करमणि अधिकारी
सदस्य	दिनेशकुमार मेहता
सदस्य	धर्मप्रसाद कुइँकेल
सदस्य	शरतकुमार सिंह
सदस्य	राजकुमार विष्ट
सदस्य	खगेन्द्र ओझा

२०६२/०६४ को स्ववियू

सभापति	देवराज आचार्य
उपसभापति	पवन झा
सचिव	श्रीजङ्ग राई

सहायक सचिव	गोविन्द सांवा
कोषाध्यक्ष	अरवीन्द पोखरेल
सदस्य	ओमप्रकाश यादव
सदस्य	विमल पुरी
सदस्य	प्रकृति योन्जन
सदस्य	विमल पोखरेल
सदस्य	नगेन्द्र राई
सदस्य	महेश राई

२०७३/०७५ को स्ववियू

अध्यक्ष	सौरभ सञ्जेल
उपाध्यक्ष	अनोज कार्की
सचिव	अविनाश पौडेल
कोषध्यक्ष	पूजा डाँगी
सहसचिव	किरण दाहाल
सदस्य	बसन्त राई
सदस्य	समिप बिम्ब
सदस्य	तारा घिमिरे
सदस्य	प्रशान्त पाठक
सदस्य	करुण श्रेष्ठ
सदस्य	विशेष विश्वकर्मा
सदस्य	वाङ्दी शेर्पा
सदस्य	प्रवेश भट्टराई
सदस्य	समिट कार्की
सदस्य	विष्णु विष्ट

२०७९ चैत्र ५ को निर्वाचनबाट निर्वाचित सदस्यहरू (समानुपातिक बाहेक)

अध्यक्ष	अभिनव गुरागाईं
सचिव	भगवान् थापा(आशिक)
कोषध्यक्ष	सीमा आले मगर
सदस्य	हुकुम भुजेल
सदस्य	वर्षा गुरुङ

सदस्य	सृजल भट्टराई
सदस्य	विप्सन मुखिया
सदस्य	उत्सव पोखरेल
सदस्य	तुजीन राई
सदस्य	सविन घिमिरे

विद्यार्थी सङ्घ सङ्गठनहरूलाई सुझाव

वि.सं. २०६८ सालपछि केन्द्रीय प्रविधि क्याम्पसलाई स्वायत्तताको नियम अन्तर्गत सञ्चालन गर्न पहल गरियो । निजीकरणको अभ्यासका रूपमा आएको स्वयत्तताको नियमलाई विद्यार्थी सङ्घ सङ्गठनहरूले सशक्त प्रतिवाद गरे । त्रि.वि.ले जबरजस्ती स्वयत्तताको नियम लागू गर्न पहल गरेपछि वि.सं. २०६९ जेठ ३ मा उक्त नियममा रहेका विभिन्न विवादास्पद धाराहरू संशोधन गरी दुईपक्षीय सम्झौताद्वारा हाल यस क्याम्पसलाई स्वायत्तताको नियम अन्तर्गत सञ्चालन गरिँदै आएको छ । विद्यार्थी सङ्घ सङ्गठनहरूद्वारा स्वायत्तताको नियमलाई सर्तसहित स्वीकार गरिएको हो । तर हाल उक्त नियममा भएको सम्झौताहरूलाई त्रि.वि.ले सर्तअनुसार पालना गरेको पाइँदैन । वि.सं. २०७५ सालपछि सम्झौताअनुसार त्रि.वि.ले दरबन्दीअनुसारको शिक्षक कर्मचारीहरूको तलबभत्ता कटौती गरेर तत्काल दरबन्दीमा कार्यरत शिक्षक कर्मचारीको तलबभत्ता मात्र पठाउन थालेको छ ।


त्यसकारण आन्तरिक स्रोतबाट नियुक्त गरिएका शिक्षक कर्मचारीको दायित्व तथा दैनिक सञ्चालन खर्च क्याम्पसको आन्तरिक स्रोतबाट नै वहन गर्नु परिरहेको देखिन्छ । २०६९ सालमा स्वायत्तताको नियम लागू गर्न पहल गर्दा विद्यार्थीहरूद्वारा जुन आशङ्का गरिएको थियो । हाल उक्त आशङ्का चरितार्थ भएको छ । अर्थात् क्याम्पसको आर्थिक दायित्वबाट त्रि.वि. टाढिएको छ । क्याम्पस सञ्चालन गर्नका लागि क्याम्पसले आफैँ आर्थिक उपार्जन गर्नुपर्ने भएको छ, जसका लागि हाल विद्यार्थी सङ्घ सङ्गठनहरूको असहमतिका बीच विभिन्न डोनेसनका शैक्षिक कार्यक्रमहरू थप गरिएका छन् । क्याम्पस स्थापना हुँदा जुन मर्म र भावनाअनुसार प्रविधि क्याम्पसका रूपमा यस क्याम्पसको परिकल्पना गरिएको थियो, त्यसको भावनाअनुसार तालमेल नुहने गरी बहुमुखी क्याम्पसको झलक दिने गरी आज विभिन्न महँगा शैक्षिक कार्यक्रमहरू थप गरिएको छ । मेचीदेखि महाकालीसम्म पहाडका कुनाकाप्चामा रहेका गरिब तथा जेहेन्दार विद्यार्थीहरूले सस्तो र सर्वसुलभ गुणस्तरीय प्राविधिक शिक्षा पाउने अधिकारमा कुठाराघात हुँदै गएको छ । आङ्गिक क्याम्पसका रूपमा सर्वसुलभ शिक्षाको दायित्ववाट क्याम्पस टाढिँदै गएको


छ । तसर्थ सर्वसाधारण, गरिब, जेहेन्दार विद्यार्थीहरूले सर्वसुलभ सस्तो गुणस्तरीय प्रविधिक शिक्षा प्राप्त गर्ने अधिकार खोसिँदै गएको अवस्थामा विद्यार्थी सङ्घ सङ्गठनहरूले सम्बन्धित निकायसमक्ष रचनात्मक खबरदारी गर्न जरुरी छ ।

*

(सौरव सञ्जेल निवर्तमान स्वविय़ू सभापति हुनुहुन्छ)


केन्द्रीय प्रविधि क्याम्पस धरानका स्थापना काल देखि हाल सम्मका पदाधिकारीहरू






















केन्द्रीय प्रविधि क्याम्पस धरानका स्थापना काल देखि हाल सम्मका पदाधिकारीहरू



प्रा.डा. दिलिप सुब्बा
क्याम्पस प्रमुख (सहायक डीन)
तत्कालीन पद/ विषय : सहप्राध्यापक,खाद्य प्रविधि
कार्यकाल : २०५९-२०६३



प्रा.डा. गंगा खरेल
क्याम्पस प्रमुख (सहायक डीन)
तत्कालीन पद/ विषय : सहप्राध्यापक,खाद्य प्रविधि
कार्यकाल : २०६३-२०६५



प्रा. पशुपति मिश्र
क्याम्पस प्रमुख (सहायक डीन)
तत्कालीन पद/ विषय : प्राध्यापक,खाद्य प्रविधि
कार्यकाल : २०६५-११-०१देखी २०६६-०५-२०
(नि. क्या. प्र) २०६६-०५-२१ देखी २०७०-०५-२२
२०७०-०५-२२ देखी २०७१-०२-२३




प्रा.डा. धनबहादुर कार्की
क्याम्पस प्रमुख
तत्कालीन पद/ विषय : प्राध्यापक,खाद्य प्रविधि
कार्यकाल : २०७१-०२-२४ देखी २०७५-०२-२४
२०७५-०२-२४ देखी २०७६-१०-०१



डा. दिलकुमार लिम्बू
क्याम्पस प्रमुख
तत्कालीन पद/ विषय : सहप्राध्यापक,वनस्पतिशास्त्र
कार्यकाल : २०७६-१०-०२ देखी २०७७-०४-२८(नि.क्या.प्र)
२०७७-०४-२९ देखी २०८१-०४-२९

केन्द्रीय प्रविधि क्याम्पस धरानमा तत्कालिन राजा विरेन्द्रको भ्रमण (वि.सं २०३६ तथा २०४५)



Nabin Prakash Jung Shah VC of TU Observing the laboratory




Chairman of Ward No 4 Dharan, Mr.Padma Narsingha Shrestha Welcoming King Birendra



King Birendra observing the laboratory of Hattisar campus



Prof. Jagat Bdr Kc Guiding k King Birendra to Industrial Exhibition Field




The then VC of TU Mahesh Prasad Upadhaya Visiting Hattisar Campus



King Birendra Visiting Pilot Plant of Hattisar Campus

तस्विर श्रोत : प्रा.जगत बहादुर के.सी.

केन्द्रीय प्रविधि क्याम्पस धरानका विभिन्न समयका ऐतिहासिक तस्विरहरू




Teacher Meeting Chaired by Dr. Prashar Narayan Suwal The Then Dean of Institute of Applied Science & Technology




Trees Plantation under the leadership of Prof. Jagat Bdr KC in campus premises



Minister Mukunda Bdr Basnet chief Guest in presence of VC of KU Prof. Suresh Raj Sharma, Prof Saraswati Prasad Rimal, Dean of science and Technology TU



Minister Mukunda Bdr Basnet chief Guest with Campus chief Jagat Bdr Kc, Vc of Ku Prof. Dr Sureshraj Sharma,Dean of Institute of science of technology Saraswati Prasad Rimal



Students of Hattisar Campus attending Final Exam of B. Tech held in 1st recognised exam centre of TU in Hattisar campus



Farwell to JOCV Volunteer Akira Semotori

तस्विर श्रोत : प्रा.जगत बहादुर के.सी.

हालको केन्द्रीय प्रविधि क्याम्पस रहेको स्थान वि.सं. २०३० साल अगाडि



तस्विर श्रोत : प्रा.जगत बहादुर के.सी.



रजत जयन्ती स्मारक



सरस्वती मन्दिर



क्याम्पस प्रवेशद्वार



हात्तीको स्तम्भ



पुरूष छात्रावास भवन



महिला छात्रावास भवन



कक्षा कोठा भवन (क)



कक्षा कोठा भवन (ख)



प्रयोगशाला भवन



वेट पाइलट प्लाण्ट



डेरी प्लाण्ट



मिट पाइलट प्लाण्ट



ड्राइ पाइलट प्लाण्ट



टेबल टेनिस कोर्ट



बास्केट बल कोर्ट



फुटबल मैदान



सङ्घीय नेपाल समृद्धिको आधार, स्तरीय शिक्षा सबैको अधिकार

नेपाल सरकार

शिक्षा मन्त्रालय

सिंहदरबार, काठमाडौं, नेपाल

प्रमाणपत्र

अध्ययन, अध्यापन र अनुसन्धानको माध्यमद्वारा गुणात्मक एवं स्तरयुक्त उच्च शिक्षाको अवसर सबै नेपालीलाई सर्व-सुलभ उपलब्ध गराउने नेपाल सरकारको नीतिलाई आत्मसात गर्दै उच्च शिक्षाको क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गरे वापत त्रिभुवन विश्वविद्यालय अन्तर्गत केन्द्रीय प्रविधि क्याम्पस, हात्तीसार, धरान, सुनसरीलाई "३८ औं राष्ट्रिय शिक्षा दिवस २०७४ तथा अन्तर्राष्ट्रिय साक्षरता दिवस" को अवसरमा उत्कृष्ट आङ्गिक महाविद्यालयको रुपमा घोषणा गरी दुई लाख पचास हजार रुपैया नगद पुरस्कार सहित यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

आङ्गिकतर्फ उत्कृष्ट महाविद्यालय घोषणा भएकोमा केन्द्रीय प्रविधि क्याम्पस, हात्तीसार, धरान, सुनसरी परिवारलाई हार्दिक बधाइ छ । मातृभूमिको हित चिताइ उच्च शिक्षाको उन्नयनमा सदैव उल्लेख्य योगदानको अपेक्षा गरिएको छ ।

२०७४ साल भाद्र २३ गते, शुक्रबार

शान्तबहादुर श्रेष्ठ
सचिव

गोपालमान श्रेष्ठ
उपप्रधानमन्त्री एवम् शिक्षामन्त्री

शेरबहादुर देउवा
प्रधानमन्त्री
(प्रमुख अतिथि)



वि.सं. २०७४ सालमा त्रि.वि.को उत्कृष्ट आङ्गिक क्याम्पसको रूपमा केन्द्रीय प्रविधि क्याम्पस पुरस्कृत हुन सफल



स्वर्ण महोत्सव २०७९ को स्मारकका रूपमा (Clock Tower) को निर्माणाधीन स्वरूप



केन्द्रीय प्रविधि क्याम्पसका पूर्व विद्यार्थी तथा नेपाल सरकारका पूर्व उप-प्रधानमन्त्री श्री अशोक राई



केन्द्रीय प्रविधि क्याम्पसका पूर्व विद्यार्थी तथा नेपाल सरकारका पूर्व उप-प्रधानमन्त्री श्री उपेन्द्र यादव

हात्तीसार एक्स्पो २०७६ का केही झलक











स्वर्ण महोत्सव स्मारिका - २०७९

संरक्षक

सहप्रा.डा.दिलकुमार लिम्बु

क्याम्पस प्रमुख

स्मारिका प्रकाशन समिति

संयोजक

उपप्रा. प्रभातकुमार श्रेष्ठ

सदस्य

सहप्र. गोविन्दमान श्रेष्ठ

उपप्रा. मनोज खनाल

पुस्तकालय अधिकृत ओमनाथ खतिवडा

श्री महेश कोइराला

सम्पादक समूह

प्रा.बसन्त कुमार राई

सहप्रा.डा.रमेश घिमिरे

सहप्रा.डा.सागरमणि सुवेदी

प्रकाशक

केन्द्रीय प्रविधि क्याम्पस,

हात्तीसार, धरान

विशेष धन्यवाद

प्रा.डा. धनबहादुर कार्की (अध्यक्ष, क्याम्पस सञ्चालक समिति)

सहप्रा. बबिता अधिकारी (सहायक क्याम्पस प्रमुख)

श्री नवीनकुमार श्रेष्ठ (शाखा अधिकृत)

कभर फोटो : राज श्रेष्ठ

कम्प्युटर टाइप :महेश कोइराला

ले आउट : एश्वर्या तामाङ

मुद्रक : अपुश्री इन्टरप्राईजेज अफसेट प्रेस धरान-८

प्रकाशन मिति : २०७९ चैत्र १५
प्रथम प्रकाशन : ५०० प्रति

सम्पादकीय

विज्ञानविषयक शैक्षिक धरोहरका रूपमा 'केन्द्रीय प्रविधि क्याम्पस' सुपरिचित र सुप्रतिष्ठित छ । यस संस्थाले स्थापनावर्ष २०३० सालदेखि स्वर्ण महोत्सव वर्ष २०७९ सम्मका अनेक आरोह-अवरोहहरूमा युगीन रूपान्तरणका साथ आफूलाई अद्यावधिक गर्दै आएको तथ्य सबैसामु छर्लङ्ग नै छ। व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानको डीन कार्यालयसहित केन्द्रीय क्याम्पसका रूपमा धरानको जनपथबाट प्रारम्भ भएका यस गर्विलो शैक्षिक संस्थाले विज्ञान अध्ययन संस्थानअन्तर्गत धरान क्याम्पस हुँदै केन्द्रीय प्रविधि क्याम्पसका रूपमा आइपुग्दा धेरै प्रकारका शैक्षिक आयामहरूलाई समेत आत्मसात् गरिसकेको छ एवम् राष्ट्रिय तथा सामाजिक विश्वास, स्नेह र आशाको केन्द्र बन्ने सौभाग्य पाएको छ ।

आज बहुआयामिक शैक्षिक संस्था बनेको छ यो क्याम्पस । यहाँ खाद्यप्रविधि, पोषण तथा आहार विज्ञान, जीवविज्ञान, भौतिक विज्ञान, बी.आईटी.,सी.एस.आईटी. लगायतका विषयहरूका स्नातक स्तरीय तथा खाद्यप्रविधि र सूक्ष्म जीवविज्ञान विषयका स्नातकोत्तर साथै खाद्यप्रविधिमा विद्यावारिधि स्तरीय दक्ष जनशक्तिका उत्पादनमा यस क्याम्पसले आफूलाई संलग्न गराएको छ । वास्तवमा यहाँका जनशक्तिले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगत्का सम्बद्ध आवश्यकताको परिपूर्ति गर्दै तत् तत् क्षेत्रमा देखाएका कौशल र लोकप्रियतालाई हेर्दा साँच्चै गौरवको अनुभूति हुन्छ ।

हो, चुनौती हुन्छन् जीवन्त संस्थामा । यहाँ पनि छन् । पछिल्ला चरणमा यस संस्थाले स्वायत्त स्वरूप पनि लिइसकेको छ । यस क्याम्पसले स्वायत्तताबाट थुप्रै अवसर र चुनौतीलाई एकैचोटि आत्मसात् गर्नुपरेको छ । यस्ता विषयमा बहस हुन्छ, हुनुपर्छ र भइरहेको पनि छ । तर हामी ढुक्क छौँ कि यस संस्थाका साथ सामाजिक स्नेह छ, विश्वविद्यालयीय दायित्व छ र राज्यप्रशासनको चासो छ । युग विज्ञान तथा प्रविधिको हो । त्यसैले यस संस्थाले सम्बद्ध विषयहरूमा योग्य, ऊर्जाशील र प्रभावकारी जनशक्ति उत्पादनको अभिभारा सशक्त रूपमा वहन गरिरहनुपर्दछ, चुनौती स्वतः तिरोहित भएर जान्छन् ।

यस गौरवमय शैक्षिक संस्थाले अर्धशताब्दीको परिपक्व उमेर पाएका अवसरमा स्वर्णमहोत्सव मनाउने र ऐतिहासिक गरिमालाई अभिलेखीकृत गर्न "स्वर्ण महोत्सव स्मारिका' को प्रकाशन गर्ने निर्णयबमोजिम यस स्मारिकाले प्रकाशित हुने मौका पाएको हो । यस 'स्वर्ण महोत्सव स्मारिका'मा बौद्धिक, प्राज्ञिक, सामाजिक तथा प्रशासनिक व्यक्तित्वहरूका लेख समाविष्ट छन् । यी लेखहरूले केन्द्रीय प्रविधि क्याम्पसको स्थापनाकालदेखि आजसम्मका इतिहासलाई आ-आफ्ना कोणबाट पर्गेलेको देखिन्छ । यस स्मारिकामा ऐतिहासिक विवरण छ, गतिविधिका

केस्राकेस्राहरू छन्, जनअपेक्षा अभिव्यक्त छ, राजकीय रुचि प्रतिबिम्बित छ, संस्थाले भोगेका सङ्घर्षका सूक्ष्म गाथा छन् एवम् भविष्यको मार्गदर्शनका रूपरेखा छन् । धन्य हुनुहुन्छ ले खप्रदाताहरू, साधुवादका पात्र हुनुहुन्छ विश्लेषकहरू साथै कृतज्ञताका सद्भाजन हुनुहुन्छ बौद्धिक प्राज्ञिक मूर्द्धन्य व्यक्तित्वहरू; यहाँहरूले यस स्मारिकालाई सघनता, उपयोगिता र महत्ता प्रदान गर्नुभएको छ ।

विचार सम्पादन हाम्रा सीमामा हुने कुरै भएन । त्यसैले लेखकका विचारहरू यथावत् छन् । भाषामा रहेका गिर्खा मेट्ने प्रयास गरिएको छ तर भाषिक त्रुटिहरूले अटेरी गरेका हुन सक्छन्, यसप्रति हामी क्षमाप्रार्थी छौँ । जे जति कमजोरी छन्, हिँड्दै जाँदा लागेको ठेस भनी पाठकहरूले सम्झिनुहुनेछ ।

सम्पादक समूह

प्रकाशकीय

व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानको रूपमा वि.सं. २०३० साल श्रावण १ गते स्थापना भएको केन्द्रीय प्रविधि क्याम्पस वि.सं. २०७९ सालमा स्थापनाको ५० औँ वर्षमा प्रवेश गरेको छ । स्थापना कालमा प्रमाण पत्र तहका खाद्यप्रविधि र प्रयोगशालाप्रविधि विषयबाट अध्यायन प्रारम्भ भएको यो शैक्षिक संस्था आज पचासौँ वर्षमा प्रवेश गरिरहँदा विज्ञान तथा प्रविधि अध्ययन संस्थानअन्तर्गत विभिन्न विषयका स्नातक, स्नातकोत्तर तथा विद्यावारिधिका गरी दर्जनभन्दा बढी शैक्षिक कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । यस अवधिमा यस शैक्षिक संस्थाले हजारौँ दक्ष जनशक्तिको उत्पादन गरी देश र समाजलाई महत्त्वपूर्ण योगदान पुऱ्याएको छ ।

स्थापनाको ५० औँ वर्षमा प्रवेश गरेको यस सुखद उपलक्ष्यमा विभिन्न कार्यक्रमहरूको आयोजना गरी स्वर्ण जयन्ती समारोह भव्यतापूर्वक सम्पन्न गर्ने क्याम्पसको लक्ष्यअनुरूपका विभिन्न कार्यहरूमध्ये स्मारिका प्रकाशन पनि एक हो । स्मारिका प्रकाशन आफैँमा एउटा चुनौतीपूर्ण कार्य हो । यसका लागि क्याम्पस स्थापनाको पृष्ठभूमि, त्यसका लागि आवश्यक जग्गा अधिग्रहण, भौतिक संरचनाको निर्माण, क्याम्पसमा सञ्चालित भएका विभिन्न शैक्षिक कार्यक्रमहरूका लागि आवश्यक भौतिक तथा मानवीय जनशक्तिको व्यवस्थापन, शैक्षिक कार्यक्रमहरूबाट उत्पादित जनशक्तिहरूको खपत तथा तिनीहरूको समाजमा भूमिका, हालका दिनसम्म क्याम्पसले प्राप्त गरेका उपलब्धि तथा क्याम्पसले भोगिरहेका चुनौतीहरू आदि क्याम्पस स्थापना हुँदादेखि हालसम्मको सुस्पष्ट इतिहास स्मारिकामा समेटिनु आवश्यक थियो । यसका लागि क्याम्पस प्रमुख डा. दिलकुमार लिम्बूले निर्वाह गरेको भूमिका स्मरणीय छ ।

क्याम्पस प्रमुख डा. दिलकुमार लिम्बू विगत तीन वर्षअगाडिबाट नै स्वर्ण महोत्सवलाई लक्ष्य गरी स्मारिका प्रकाशन गर्ने उद्देश्यले क्याम्पस स्थापना कालमा योगदान पुऱ्याउनुहुने अग्रजहरू प्रा. डा. सुरेशराज शर्मा, प्रा.डा. भद्रमान तुलाधर, प्रा. जगत बहादुर के.सी., सहप्रशासक गोविन्दमान श्रेष्ठलगायत अग्रजहरूसँग समन्वय गरी निरन्तर यस कार्यमा लागिर हनुभयो । उपप्रा. प्रभातकुमार श्रेष्ठका संयोजकत्वमा पाँचसदस्यीय स्मरिका प्रकाशन समिति निर्माण गरी उहाँले क्याम्पसको इतिहास समेटिएका लेखहरू सङ्कलन गर्न घच्घच्याइरहनुभयो । अन्ततः क्याम्पससँग प्रत्यक्ष वा परोक्ष रूपमा जोडिनुभएका उन्नाइस जना लेखकहरूबाट प्राप्त लेखहरू समेटिएर यो स्मरिका प्रकाशनमा आएको छ । यस स्मारिकामा प्रकाशित लेखहरूमा यस संस्थाका स्थापनाको उद्देश्य, स्थापनाकालीन दिनहरूमा यस संस्थाले भोगेका चुनौतीहरू, विज्ञान र प्रविधिको क्षेत्रमा यस संस्थाले पुऱ्याएको योगदान, समयको

मागअनुसार यस संस्थामा थप भएका शैक्षिक कार्यक्रमहरूको विवरण, वि.सं. २०७९ जेष्ठ ३ मा यो संस्था स्वायत्ततामा गएपछि यस संस्थाले प्राप्त गरेको प्रतिफल तथा चुनौतीहरू, आगामी दिनहरूमा यस संस्थाले चाल्नुपर्ने सुधारका उपायहरू आदि विभिन्न विषयवस्तु समेटिएका लेखहरू यस स्मारिकामा समेटिएका छन् ।

स्मारिका प्रकाशनका लागि लेख उपलब्ध गराई सहयोग गर्नुहुने सबै विद्वान् लेखकहरूप्रति धन्यवाद अर्पण गर्दछौँ । लेखकहरूद्वारा धेरै मेहनत गरी तयार पारिएका प्रस्तुत लेखहरूका विचार र प्रस्तुतिमा साधारण भाषागत सम्पादनबाहेक प्रकाशन समितिका तर्फबाट कुनै हस्तक्षेप नगरिएको व्यहोरा अनुरोध गर्दछौँ ।

स्वर्ण महोत्सव स्मारिकाका लागि शुभकामना दिनुहुने त्रिभुवन विश्वविद्यालयका उपकुलपतिज्यू, शिक्षाध्यक्षज्यू, रजिष्ट्रारज्यू, विज्ञान तथा प्रविधि अध्ययन संस्थानका डीनज्यू, धरान उपमहानगरपालिकाका मेयरज्यू लगायत आदरणीय महानुभावहरूलाई धन्यवाद ज्ञापन गर्दछौँ । यस पुनित कार्यलाई व्यवस्थित गर्न प्रत्यक्ष, अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनुहुने यस क्याम्पसका प्राध्यापक, कर्मचारी, विद्यार्थी लगायत सम्पूर्ण महानुभावहरूमा धन्यवाद टक्र् याउँदछौँ । स्मारिकामा देखिएका त्रुटिहरूलाई आगामी दिनमा सुधार गरिने प्रतिबद्धता जाहेर गर्दछौँ ।

स्मारिका प्रकाशन समिति

त्रिभुवन विश्वविद्यालय

उपकुलपतिको कार्यालय

कीर्तिपुर, काठमाडौं, नेपाल

पत्र संख्या च. नं.



शुभकामना

त्रिभुवन विश्वविद्यालय केन्द्रीय प्रविधि क्याम्पस, धरानको गौरवमय ५०औं वर्षको स्वर्ण जयन्तीको उपलक्ष्यमा क्याम्पसले **स्वर्ण जयन्ती विशेष स्मारिका** प्रकाशन गर्न लागेको जानकारी पाउँदा मलाई अत्यन्त खुशी लागेको छ ।

राष्ट्र विकासको आधारको रुपमा रहेको प्राविधिक शिक्षा क्षेत्रमा यस क्याम्पसको योगदान उच्च रहेको कुरा सर्वविदितै छ । स्वर्ण जयन्ती मनाउँदै गर्दाको यो समय भनेको हाम्रो अविष्मरणीय यात्राको संसमरण गर्ने, समिक्षा गर्ने, उपलब्धिहरुको पहिचान गर्ने तथा भावी कार्यक्रमहरुको तर्जुमा गर्दै जानु पनि हो । यसै क्रममा क्याम्पसको परिचय, ऐतिहासिक पृष्ठभूमी र विभिन्न गतिविधि समावेश गरी स्वर्ण जयन्ती विशेष स्मारिका प्रकाशन गर्नु आफैमा प्रशंसनीय कार्य हो जसको लाभ सम्बन्धित सबै पक्षले भरपूर रुपमा लिने विश्वास लिएको छु ।

अन्त्यमा, विभिन्न रचनात्मक क्रियाकलापहरुले युक्त यस प्रकाशनको सम्पादकीय टोलीलाई स्मारिकाको सफल प्रकाशनको लागि धन्यवाद तथा बधाई ज्ञापन गर्दै क्याम्पसको उत्तरोत्तर प्रगतिको लागि हार्दिक **शुभकामना** व्यक्त गर्दै स्वर्ण जयन्ती उत्सवको पूर्ण सफलताको कामना पनि गर्दछु ।

प्रा.डा. धर्मकान्त वास्कोटा
उपकुलपति

फागुन २०७९

फोन: ४३३०४३३/४३३०४३४, फ्याक्स: ९७७-१-४३३१९६४, E-mail: vcoffice@tribhuvan-university.edu.np, पोष्ट बक्स नं. ८२१२



त्रिभुवन विश्वविद्यालय

शिक्षाध्यक्षको कार्यालय

कीर्तिपुर, काठमाडौं, नेपाल

मितिः २०७९/११/१०

पत्र संख्या :

त्रिभुवन विश्वविद्यालय
शिक्षाध्यक्षको कार्यालय
कीर्तिपुर

शुभकामना

त्रिभुवन विश्वविद्यालय, केन्द्रीय प्रविधि क्याम्पस धरानले आफ्नो स्थापनाको ५० औं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा स्वर्ण जयन्ती विशेष स्मारिका प्रकाशन गर्न लागेकोमा अत्यन्तै खुसी लागेको छ ।

त्रिभुवन विश्वविद्यालय, केन्द्रीय प्रविधि क्याम्पसबाट स्वर्ण जयन्ती समारोह विभिन्न कार्यक्रम सहित मनाउनु सबैलाई खुसीको क्षण हो । स्वर्ण जयन्तीको अवसरमा स्मारिका प्रकाशनबाट उक्त क्याम्पसको स्थापनाकालदेखि हालसम्मका शैक्षिक, आर्थिक, भौतिक, व्यवस्थापकीय पक्ष लगायतका उल्लेख्य एवं स्मरणीय विषय-वस्तु समेटिन सम्भव भई एउटा अमेट्य अभिलेख तयार हुन्छ । क्याम्पसको परिचय, ऐतिहासिक पृष्ठभूमी सहित प्रकाशन गर्न लागिएको उक्त स्मारिकामा अनुसन्धानात्मक, ज्ञानवर्धक एवं जानकारीमूलक लेख रचनाको समावेशले शिक्षक, कर्मचारी, विद्यार्थी एवं अभिभावकको प्रतिभा विस्तारमा टेवा पुग्नुका साथै क्याम्पसको शैक्षिक क्रियाकलापको वातावरणमा थप सकारात्मकता आउने विश्वास लागेको छ । क्याम्पसले मनाउन लागेको स्वर्ण महोत्सवको सन्दर्भमा क्याम्पस परिवारलाई हार्दिक बधाई दिदै आगामी वर्षहरुमा क्याम्पसको थप प्रगति र उन्नतीको कामना सहित प्रकाशोन्मुख स्मारिकामा क्याम्पसका गतिविधि लगायत क्याम्पसको क्रियाकलापसँग सम्बन्धित तथ्याङ्क, लेखरचना एवं अनुसन्धान तथा जानकारीमूलक सामग्रीहरू बढीभन्दा बढी समेटिन सकून् र ती सामग्रीहरूले सम्बन्धित विषय क्षेत्रका पाठकको मन जित्न सफल भई समय सापेक्ष निरन्तरता समेत प्राप्त गरोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

प्रा.डा. शिवलाल भुसाल
शिक्षाध्यक्ष

फोन नं.: ४३३०३३६, फ्याक्स: ९७७-१-४३३१९६४, E-mail: rectoroffice@tu.edu.np, पो.ब.नं.: ८२१२

त्रिभुवन विश्वविद्यालय

रजिष्ट्रारको कार्यालय

कीर्तिपुर, काठमाडौं, नेपाल

रजिष्ट्रारको कार्यालय
त्रिभुवन विश्वविद्यालय

पत्र संख्या :

मिति : २०७९/१२/०६

शुभकामना

त्रिभुवन विश्वविद्यालय अन्तर्गत २०३० साल श्रावण १ गते व्यवहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानको रुपमा स्थापित हालको केन्द्रीय प्रविधि क्याम्पस धरानले ४९ वसन्त पूरा गरी ५० औं वर्षमा प्रवेश गरेको छ। प्रमाणपत्र तहका खाद्यप्रविधि र प्रयोगशाला प्रविधिका दुई विषयबाट अध्ययन अध्यापन सुरु भएको यस क्याम्पसले २०५७ सालदेखि खाद्यप्रविधि केन्द्रीय विभाग अन्तर्गत स्नातकोत्तर तहको शैक्षिक कार्यक्रम सञ्चालनमा ल्याएको थियो। विश्वविद्यालयको नीति अनुरूप २०६९ साल जेष्ठ ३ गते यस क्याम्पसले स्वायत्तता प्राप्त गरेको छ। हाल २१ विघा १४ कट्ठा जग्गामा फैलिएको यस क्याम्पसले स्नातक र स्नातकोत्तर तहमा खाद्यप्रविधि (वि.टेक), वि.एस्सी. वायोलोजी, फिजिकल, पोषण तथा आहार विज्ञान, जियोलोजी, वि.आई.टी., सि.एस.आई.टी. तथा स्नातकोत्तर तहमा एम.टेक. र एम.एस्सी. माइक्रोवायोलजीका शैक्षिक कार्यक्रमहरूमा अध्ययन अध्यापन भई रहेको यस क्याम्पसले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा खाद्यप्रविधि लगायतका विषयहरूमा आवश्यक जनशक्ति उत्पादनमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ। शिक्षा दिवसको अवसरमा २०७६ सालमा त्रिभुवन विश्वविद्यालयको उत्कृष्ट क्याम्पसको रूपमा पुरस्कृत र हाल QAA प्राप्तिको अन्तिम चरणमा रहेको यस क्याम्पसले आगामी दिनमा चुस्त दुरुस्त प्रशासनिक संयन्त्रको व्यवस्थापन गरी प्राज्ञिक उन्नयन गर्ने विश्वास लिएको छु।

स्थापनाको ४९ वर्ष पूरा गरी ५० वर्षमा प्रवेश गरेको शु-अवसरमा विभिन्न कार्यक्रम गरी हर्सोल्लासका साथ स्वर्ण जयन्ती समारोह मनाउने क्रममा यस क्याम्पसले क्याम्पस परिचय, ऐतिहासिक पृष्ठभूमि तथा विभिन्न गतिविधि समावेश गरी स्वर्ण जयन्ती विशेष स्मारिका प्रकाशन गर्न लागेकोमा यस स्मारिकामा समावेश भएका लेख रचनाहरू तथा विभिन्न विवरणहरू सम्बन्धित शिक्षक, कर्मचारी, विद्यार्थी, अनुसन्धानकर्ता तथा सरोकारवाला सबैको लागि बहुउपयोगी हुने र विश्वविद्यालयलाई समेत मार्गदर्शन गर्न सहयोगी हुने विश्वास लिएको छु।

.....
प्रा.डा.पेशल दाहाल
रजिष्ट्रार

फोन नं.: ४३३०४३६, ४३३०५३३, फ्याक्स: ९७७-१-४३३०३१५, पो.ब.नं.: ८२१२, E-mail: registraroffice@tribhuvan-university.edu.np

त्रिभुवन विश्वविद्यालय

विज्ञान तथा प्रविधि अध्ययन संस्थान

डीनको कार्यालय

कीर्तिपुर, काठमाडौं, नेपाल

पत्र सङ्ख्या
च.नं.

विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर २०४५

मिति २०७९।११।११

शुभकामना

प्रथमतः पूर्वी नेपालको विज्ञान तथा प्रविधिको क्षेत्रमा अध्ययन, अध्यापन, अनुसन्धानका कार्यहरू गर्दै आएको केन्द्रीय प्रविधि क्याम्पस, हात्तीसार, धरानले ५०औँ वसन्त पार गरी स्वर्ण जयन्ती मनाउन लागेको खबर सुन्न पाउँदा अत्यन्त खुसी लागेको छ । यस क्याम्पसले ५० वर्ष अगाडि खाद्यप्रविधि (Food Technology) र प्रयोगशाला प्रविधि (Lab Technology) मा प्रविणता प्रमाणपत्र तह पठनपाठनबाट शैक्षिक कार्यक्रम सुरु गरी विज्ञान तथा प्रविधिको क्षेत्रमा आफूलाई मियोको रुपमा अग्रणी भई स्थापित गरेकाले बधाई पनि दिन चाहन्छु ।

नेपालको विज्ञान तथा प्रविधिको शैक्षिक इतिहासमा गौरवपूर्ण योगदान रहेको यस क्याम्पसको परिचय, ऐतिहासिक पृष्ठभूमि तथा यसका विभिन्न गतिविधि समेटेर स्वर्ण जयन्ती स्मारिका प्रकाशनले यस क्याम्पसको प्राज्ञिक इतिहास, उपलब्धि र सेवा लगायत विभिन्न गतिविधिहरूको अभिलेखीकरणमा सहयोग पुऱ्याउने आशा राखेको छु । खाद्यप्रविधि विषय अध्यापन हुने त्रि.वि.को यस अध्ययन संस्थान अन्तर्गतको एक मात्र आङ्गिक क्याम्पसले विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गतका विविध विषयहरुको अध्यापन गराउँदै आएको छ । हाल १२ ओटा शैक्षिक कार्यक्रमहरू सञ्चालनमा रहेको र २०७६ सालमा त्रि.वि.को उत्कृष्ट क्याम्पसको रूपमा पुरस्कृत भएको यस प्राज्ञिक स्वायत्तता प्राप्त क्याम्पसको उन्नति प्रगतिमा प्रत्यक्ष तथा परोक्ष रूपमा संलग्न हुनुहुने सबैलाई धन्यवादज्ञापन गर्दछु ।

विज्ञान तथा प्रविधिको क्षेत्रमा अध्ययन तथा अनुसन्धानका क्षेत्रमा यस क्याम्पसले आगामी दिनमा पनि गहकिलो, उपयोगी र समय सान्दर्भिक कार्यहरू गर्दै जानेछ भन्ने आशा गर्दै शुभकामना व्यक्त गर्दछु ।

प्रा.डा. विनिल अर्याल
डीन

"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"

धरान उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

DHARAN SUB-METROPOLITAN CITY

OFFICE OF THE MUNICIPAL EXECUTIVE

सुनसरी, १ नं. प्रदेश, नेपाल

Sunsari, Province No. 1, Nepal

पत्र संख्या :- ..... महाशाखा / शाखा / उपशाखा

चलानी नं. :-

शुभकामना

प्राविधिक शिक्षाको माध्यमबाट जीवन र जगतलाई गुणस्तरीय र सहज बनाउने आयाममा यस केन्द्रिय प्रविधि क्याम्पस,हात्तीसारले गरेको योगदान अतुलनिय रहेको छ । अहिलेको युग सुहाउदो प्रविधी मैत्री शिक्षा पद्धतीको आवश्यकतालाई पारीपुर्ती गर्दै यस क्याम्पसले बिभिन्न आरोह - अबरोह पार गर्दै आजको दिनमा स्वर्ण महोत्सव मनाउन गइरहेको खबरले अत्यन्त खुशी भएको छु । यस अवसरमा क्याम्पसले आफ्नो विगतमा गरेको सफलता,गतिविधी तथा शैक्षिक कृयाकलापहरु समेटेर प्रकाशन गर्न लागेको स्मारिकाको सफलताको शुभकामना व्यक्त गर्दै आगामी दिनहरुमा अझ प्रगतीको मार्गमा प्रेरित रहन पनि आग्रह गर्न चाहन्छु।

.....

हर्कराज राई

नगर प्रमुख

हर्कराज राई

नगर प्रमुख

कार्यालय: ०२५-५७०६३६, ५७०८७३, ५७०४०७, प्रमुख: ५७०७०९, उप-प्रमुख: ५७५४९०, प्र.प्र.अ.: ५७०२७९, प्रशासन: ५७७९९१, आर्थिक प्रशासन: ५७१५११,
सुचना, राजस्व: ५७१५०१, भण्डार/खरिद: ५७१५०३, वारुण यन्त्र: ५७०७९९
E-mail: info@dharan.gov.np, Website: http:/www.dharan.gov.np

विषय सूची

क्र.सं.	शीर्षक	लेखक	पेज नं.
१.	व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानको सुरुवातका वर्षहरू	डा. भद्रमान तुलाधर	१-६
२.	देश विकासमा खाद्य वैज्ञानिक तथा खाद्य प्रविधिको भूमिका	प्रा.जगत बहादुर के.सी.	७-१४
३.	नेपालमा खाद्य प्रविधि शिक्षाको विकासक्रम र मेरो अनुभव	प्रा.डा.दिलीप सुब्बा	१५-२७
४.	केन्द्रीय प्रविधि क्याम्पस हात्तीसारको ऐतिहासिक पृष्ठभूमि : एक सिंहावलोकन	सहप्रशासक गोविन्दमान श्रेष्ठ (भूमिकस)	२८-३३
५.	नेपालको विज्ञान तथा प्रविधिका विकासमा केन्द्रीय प्रविधि क्याम्पसको देन	प्रा.डा.मदन कोइराला	३४-३६
६.	केन्द्रीय प्रविधि क्याम्पसको विकासक्रम, योगदान र सुझाव	डा.गङ्गाप्रसाद खरेल	३७-४२
७.	पोषण तथा आहार विज्ञान शिक्षाको क्षेत्रमा केन्द्रीय प्रविधि क्याम्पसले खेलेको भूमिका	प्रा.डा.सुरेन्द्रबहादुर कटवाल उपप्रा. डम्बरबहादुर खड्का	४३-४६
८.	केन्द्रीय प्रविधि क्याम्पस धरानमा स्वायत्तताको प्रतिफल र चुनौतीहरू	प्रा.डा. धनबहादुर कार्की सहप्रा.बबिता अधिकारी	४७-५६
९.	स्मृतिमा त्रि.वि.केन्द्रीय प्रविधि क्याम्पस	प्रा. गीता भट्टराइ	५७-७८
१०	केन्द्रीय प्रविधि क्याम्पसका लागि स्वाध्ययन प्रतिवेदन तयारी : मेरो सानो अनुभव	प्रा. बसन्तकुमार राइ	७९-९०
११.	केन्द्रीय प्रविधि क्याम्पस, धरानको भावी लक्ष्य	डा. दिलकुमार लिम्बु	९१-९४
१२.	Central Campus of Technology at the Eye of Dharane' People	Surya Prakash Pandhak	९५-९६
१३.	पर्यटकीय, धार्मिक र शैक्षिक केन्द्रका रूपमा धरान र सोको सेरोफेरोमा	सञ्जय कोइराला	९७-१०५

	केन्द्रीय प्रविधि क्याम्पस, हात्तीसार		
१४.	सूक्ष्म जीवविज्ञान विषयको सुरुवात र यसको भूमिका	उपप्रा.हेमन्त खनाल	१०६-१११
१५.	समुदायप्रति प्रविधि क्याम्पसको दायित्व	भवानी बराल	११२-११४
१६.	क्याम्पसका शिक्षक, कर्मचारी, जग्गादाता, शैक्षिक सामग्रीदाताको अद्यावधिक नामावली	नवीनकुमार श्रेष्ठ	११५-१४३
१७.	केन्द्रीय प्रविधि क्याम्पसका खाद्य, पोषण, विज्ञान-प्रविधिसम्बन्धी अधिगोष्ठी तथा प्रदर्शनीहरू	ओमनाथ खतिवडा	१४४-१५५
१८.	क्याम्पसले चर्चेको जग्गा : अधिग्रहण, स्वामित्व र विस्तार	महेश कोइराला	१५६-१६२
१९.	राजनीतिक परिवर्तन र केन्द्रीय प्रविधि क्याम्पसमा स्वविय	सौरभ सञ्जेल	१६३-१७४

व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानको सुरुवातका वर्षहरू

डा. भद्रमान तुलाधर

व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानको स्थापना

राष्ट्रिय शिक्षा नीति १९७१ बमोजिम त्रिभुवन विश्वविद्यालयले २०२९ सालमा कृषि विज्ञान अध्ययन संस्थान, वन विज्ञान अध्ययन संस्थान, इन्जिनियीरङ्ग अध्ययन संस्थान, चिकित्सा विज्ञान अध्ययन संस्थान जस्ता विभिन्न अध्ययन संस्थानहरूका साथ व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानको पनि स्थापना गऱ्यो । विज्ञान सङ्कायमा पीएच्.डी. गर्नुहुने प्रथम नेपाली एवम् त्रिभुवन विश्वविद्यालयको प्रथम रजिष्ट्रार तथा आनन्दकुटी विद्यापीठ साइन्स कलेजको २०२२ आषाढ १ गते देखिका सुरुवाती प्रिन्सिपल डा. पराशर नारायण सुवाल व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानको डीनमा नियुक्त हुनुभएको थियो । व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थान स्थापनाको कार्ययोजना बनाउनका निमित्त त्रिभुवन विश्वविद्यालयलको त्रिपुरेश्वरमा रहेको परिसरमा डा. परासर नारायण सुवालजीले एउटा कोठालाई अफिस बनाउनुभएको थियो । अहिले त्यो स्थानमा वर्ल्ड ट्रेड सेन्टर बनेको छ । उहाँले उपकुलपति सूर्यबहादुर शाक्यजीसँग अनुरोध गरी सुरेशराज शर्मालाई सहायक डीन नियुक्त गर्नुभएको रहेछ । सुरेशराज शर्माले पनि आनन्दकुटी विद्यापीठ साइन्स कलेजमा क्लास लिने गर्नुभएको थियो । उहाँहरू दुवै जना त्रिपुरेश्वरको अफिसमा बसेर व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानले स्थापना कालमा गर्नुपर्ने कामका बारेमा छलफल गर्नुहुँदो रहेछ ।

म आनन्दकुटी विद्यापीठ साइन्स कलेजबाट फर्किने वेला घर जानुअघि त्रिपुरेश्वरको अफिसमा पसेर जान थालें । म पनि छलफलमा सहभागी हुन थालें । त्यो अध्ययन संस्थान धरानमा राख्ने कुरा भयो । सुरुमा प्रवीणता प्रमाणपत्र तहको ल्याब्रोटरी टेक्नोलजी मात्र सुरु गर्ने विचार भए पनि फुड टेक्ननोलजीसहित धरानमा कार्यक्रमहरू सञ्चालन गर्ने भन्ने कुरा भयो । त्यसका पाठ्यक्रमहरूको तयारी गर्न थाल्यौं ।

धरानमा अन्तर्वार्ता

आनन्दकुटी विद्यापीठ साइन्स कलेज बन्द भएपछि म त्रिभुवन विश्वविधालयमा सर्नुपर्ने भयो । यसका लागि एउटा अन्तर्वार्ता दिनका लागि धरान आउनुस् भनेर डा. परासर नारायण सुवालले भन्नुभयो । जेठको पहिलो हप्ता व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानका लागि घर खोज्न र त्यहाँ काम गर्ने चाहना भएका

शिक्षकहरूको अन्तर्वार्ता लिन डा. परासर नारायण सुवाल र सुरेशराज शर्मा धरान जानुभयो ।

अन्तर्वार्ता दिन बसबाट एक रात जनकपुर बसेर जेठ ७ गते धरान बिहान पुगेको थिएँ । अन्तर्वार्ता हुने ठाउँ भारतीय सेनाबाट अवकाश प्राप्त नेपालीहरूको पेन्सन क्याम्पको अफिस रहेछ । अन्तर्वार्ता लिन डा. परासर नारायण सुवाल र सुरेशराज शर्मा बस्नुभएको थियो । मेरो अन्तर्वार्ता एउटा औपचारिकता मात्र थियो । गणितमा स्थानीय सीताराम मास्केले पनि अन्तर्वार्ता दिन आउनुभएको थियो । आनन्दकुटी विद्यापीठको चौथो ब्याचको र साइन्स कलेजमा रसायन विषय पढाउने अनुपमराज तुलाधर पनि अन्तर्वार्ता दिन आउनुभएको थियो । त्यसपछि फेरि डा. परासर नारायण सुवाल र सुरेशराज शर्मा बसेका ठाउँमा गएर मेरो विवाह आषाढको १० गते तय भएकाले आषाढको २० अघि धरान हाजिर हुन आउने सम्भावना नभएको जानकारी गराएँ । उहाँहरूले भन्नुभयो - "हामीहरू केही दिनमा काठमाडौं फर्केपछि केही उपाय गरौँला ।"

काठमाडौंमा फर्केको केही दिनपछि मेरा समस्याको हल गर्न डीन डा. परासर नारायण सुवालजीले मलाई सादा कागजमा २०३०-२-२९ मा निम्न व्यहोराको पत्र दिनुभयो - "तपाईंले आनन्दकुटी विद्यापीठ साइन्स कलेजका विज्ञानका सामानहरू प्याकिङ इत्यादि गरेर त्यसको फिहरिस्त समेत तयार गरी धरान लैजाने तथा हरिहर भवन स्थित शिक्षा सामाग्री उपशाखाबाट प्राप्त हुने विज्ञानका सामानहरू र ग्यास जेनेरेटरहरू समेत ल्याउने व्यवस्था गर्नुहोला । यो सब काम गर्नका लागि आजकै मितिदेखि धरान केन्द्रीय क्याम्पसमा काम सुरु नगरुन्जेललाई ज्यालादारी रूपमा काम गर्न सूचित गर्दछु । साथै तपाईंलाई सामानहरू ल्याउनका लागि आवश्यक मद्दत प्रयोग गर्नुहोला ।" त्यसको पाँच दिनपछि २०३० आषाढ १ मा पहिला जस्तै सादा कागजमा यस्तो व्यहोरा भएको पत्र दिनुभयो - "तपाईंले २०३० साल आषाढ ७ गतेदेखि यस अध्ययन संस्थानको त्रिपुरेश्वर कार्यालयमा हाजिर भई यस कार्यालयमा परेका विद्यार्थीहरूको आवेदन पत्र हेरी तिनीहरूको ३ घण्टाको अङ्ग्रेजी, नेपाली, गणित र रुचिबारेको प्रवेश परीक्षा आषाढ १८ गतेका दिन गरी आषाढ १९ गते परीक्षाफल प्रकाशित गरी यथाशीघ्र केन्द्रीय शिक्षण संस्थामा हाजिर हुन आउनुहोला ।" व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानको सबभन्दा पहिलो प्रवेश परीक्षा आषाढ १८ गते थापाथली क्याम्पसमा सञ्चालन भएको थियो । सोको नतिजा आषाढ १९ गते दिउँसो प्रकाशित गरेको थिएँ । आषाढ २० र २१ दुई दिन आनन्दकुटी साइन्स कलेज बन्द गरी त्रि.वि.ले त्यसको सम्पत्ति राष्ट्रियकरण गरेकोमध्ये धरानमा काम लाग्ने उपकरणहरू,

त्रिपुरेश्वर अफिसको सोफा सेट आदि एउटा ट्रकमा लोड गरेर धरानमा लैजान फिजिक्समा छनोट भएका शिक्षक ललित बस्नेतका जिम्मामा पठाउने व्यवस्था गरेँ । त्यसताका गाडी जनकपुर हुँदै भारतको बाटो भएर जोगबनीबाट बिराटनगर हुँदै धरान पुग्नुपर्ने हुन्थ्यो । आषाढ २२ गते हुने प्रवेश परीक्षाका लागि उपस्थित हुने काज मिलायौँ ।

विवाहका बीचमा शैक्षिक काम

व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानले मलाई २०३० आषाढ ७ गतेदेखि काम गर्न अस्थायी नियुक्ति गरेको भए पनि म जेष्ठ २९ गतेदेखि आनन्दकुटी विद्यापीठ साइन्स कलेजका सामानहरूको फेहरिस्त तयार गर्ने तथा हरिहर भवनस्थित शिक्षा सामग्री उपशाखाबाट प्राप्त हुने विज्ञानका सामानहरू र ग्यास जेनेरेटर धरान लैजाने व्यवस्था गर्नमा लागिसकेको थिएँ । विवाहका कारण २०३० आषाढ ७ गतेदेखि नै त्रिपुरेश्वर अफिसमा हाजिर भएर काठमाडौंको प्रवेश परीक्षा सञ्चालन गर्ने काज मिलाएर बसेको थिएँ । त्यसका लागि चाहिने प्रश्नपत्र र कापी तयार पार्‍यौँ । प्रवेश परीक्षा थापाथली स्थित त्रि.वि. टेक्निकल क्याम्पसमा आषाढ १८ गते बिहान सञ्चालन भएको थियो । प्रवेश परीक्षाको बिहान म एक छिन पुगेर परीक्षा सुरु भएपछि अध्ययन संस्थानका उपप्रशासक केशवप्रसाद पराजुलीलाई 'परीक्षा सकिएपछि कापी लिएर जानुहोला, अङ्ग्रेजी र नेपालीका कापी जाँचेर मेरा घरमा १८ गते साँझ नै कापी लिएर आउनुस्' भनेर केशवजीका जिम्मा लगाएर घर फर्कें । केशवजीले अङ्ग्रेजीमा मास्टर्स गर्नुभएको रहेछ । व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानको सबभन्दा पहिलो प्रवेश परीक्षा र अध्ययन गर्न धरानमा जानुपर्ने भएकाले धेरै परीक्षार्थीहरू थिएनन् । आषाढ १८ गते नयाँ दुलही विमला माइती गएपछि कापीहरू जाँचेर प्रवेश परीक्षाको नतिजाको आषाढ १९ गते दिउँसो सूचना तयार गरेर त्रिपुरेश्वर अफिसमा पुऱ्याइदिएँ । सूचनाको एक प्रति धरान लिएर जान मैले पनि राखेँ ।

धरान जाने तयारी

आषाढ १६ र १७ गते दुई दिन आनन्दकुटी विद्यापीठमा धरानमा लिएर जाने उपकरण र अन्य सामानहरू मिलाउन गएँ । एउटा ट्रक रिजर्भ गरेर आषाढ १९ गते बिहानै आनन्दकुटी विद्यापीठमा त्रि.वि.ले राष्ट्रियकरण गरेको सम्पत्तिमध्ये धरानमा काम लाग्ने उपकरणहरू मिलाएर राखी सामानहरू लोड गरेर त्रिपुरेश्वर अफिसमा भएको सोफा सेट र हरिहर भवनस्थित शिक्षा सामग्री उपशाखाबाट ल्याएका विज्ञानका सामानहरू तथा दुई सेट ग्यास जेनेरेटरहरू र अन्य केही सामान सँगै मेरा घरबाट तयार

गरेर ल्याइराखेको हाम्रो बिछ्यौनाको एक गुन्टा पनि ट्रकमा लोड गरेर धरानमा लैजान फिजिक्समा छनोट भएका ललित बस्नेतज्यूलाई धरान रवाना गरेँ ।

त्यसताका गाडी जनकपुर हुँदै भारतको बाटो भएर जोगवनीबाट विराटनगर हुँदै धरान पुग्नुपर्थ्यो । आषाढ २२ गते हुने प्रवेश परीक्षाका लागि उपस्थित हुन हामी धरान जान तयार भयौँ । २०३० साल आषाढ २० गते बिहे गरेको दश दिन पछि विमला र म धरान जान एउटा सुटकेसमा केही लुगाफाटा मात्र लिएर शाही नेपाल वायुसेवा निगमको हवाइजहाजबाट दिउँसोको उडानमा विराटनगर प्रस्थान गर्‍यौँ । तीन हप्ताअघि हामीहरू सबैको अन्तर्वार्ता सकिएपछि डा. परासर नारायण सुवाल र सुरेशराज शर्मा सरहरूले जनपथमा दाजुभाइ यज्ञप्रसाद र गजेन्द्रप्रसाद आचार्यहरूको घर भाडामा लिनुभएको रहेछ । डा. परासर नारायण सुवालजी यज्ञप्रसादको घरमा माथिल्लो तलामा बस्नुभएको थियो । सुरेशराज शर्माजी त्यहीँ अलि उत्तरमा एउटा घर भाडामा लिएर सपरिवार श्रीमती उर्मिला र तीन छोरीहरू कोपिला, ऋजा, कञ्चनसहित बस्नुभएको रहेछ । नयाँ दुलही विमला र म त्यहाँ चिया खाने बेलामा पुगेका रहेछौँ । डीनको अफिस कोठामा डा. परासर नारायण सुवाल, सुरेशराज शर्मा र दुई तीन जना चिया खाएर बस्नुभएको थियो । हामीलाई देखेपछि त्यहाँको माहोल रमाइलो भयो । मैले काठमाडौंको प्रवेश परीक्षा र सोको नतिजाबारे जानकारी गराएँ । भोलि आषाढ २२ गते हुने प्रवेश परीक्षाका लागि चाहिने प्रश्नपत्र लिथो मेसिन चलाउन नसकेकाले तयार गर्न के गर्ने होला भनेर अलमल भएको बखत मेरा उपस्थितिले उहाँहरूलाई हाइसन्चो महसुस भयो ।

डा. परासर नारायण सुवालजीले 'भद्रमानजीले आनन्दकुटी विद्यापीठ साइन्स कलेजमा यस्तो मेसिन चलाउने र चाहिने मर्मत गरेको देखेको छु, उहाँले गरिहाल्नुहुन्छ अब' भनेर मलाई जिम्मा लगाउनुभयो । लिथो मेसिन खोलेर मर्मत गर्दा गर्दै अँध्यारो हुन थाल्यो । बिजुली बत्ती रहेनछ । मैनबत्ती बालेर मेसिन ठिक गरेर प्रश्नपत्र छाप्न थालेँ । सुरेशराज सरले 'तपाईंहरूको सामान आइपुगेको छैन, त्यसकारण बेलुका हामीकहाँ नै खाना खान आउनुहोस्' भन्नुभयो । सुरेशराज सरकहाँ गएर खाना खायौँ । सुत्नलाई उहाँहरूसँग एउटा तन्ना मागेर त्यो रात अफिसको सोफामा बितायौँ । यसरी सुरु भयो हाम्रो विवाहित जीवनी र बाह्र वर्षको धरान बसाइ । व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानको प्रवीणता प्रमाणपत्र तहको ल्याब्रोटरी टेक्नोलजी र फुड टेक्ननोलजीको लागि धरानको पहिलो प्रवेश परीक्षा २०३० साल आषाढ २२ गते बिहान सम्पन्न भयो ।

हाम्रो अफिस समय अलि भिन्न खालको थियो । बिहान सात बजेदेखि एघार बजेसम्म र दिउँसो एक बजेदेखि पाँच बजेसम्मलाई अफिस समय निर्धारण गरिएको थियो । बीचको समय खानाको लागि थियो । अध्ययन संस्थानले छाताचोकका नजिकमा मुख्य सडकको अलि भित्र लक्ष्मी सडकमा भोला श्रेष्ठका बुबा धनबहादुर श्रेष्ठको बन्दै गरेको घर र झुमा धिमालको दुईतले घर भाडामा लिएको थियो । यी दुई दायाँबायाँका घरहरूभित्र दक्षिणतर्फ ठुलो चौर थियो । धर्मवीर मामाका सहयोगमा यज्ञप्रसादको घरका चौरमा एउटा टहरा एवम् त्यसमा राख्न टेबल र बेन्चहरू तथा एउटा ब्ल्याक बोर्ड राखेर कक्षा कोठा तयार गरेँ । घरभित्रको ठूलो कोठामा केही टेबल राखेँ र आनन्दकुटी विद्यापीठ साइन्स कलेजबाट ल्याएका उपकरणहरू मिलाएर प्रयोगशाला तयार पारेँ । पढाइ सेमेस्टर प्रणालीअनुसार सञ्चालन गर्नुपर्ने थियो । हामी दुई जना अनुपमराज र ममात्र सेमेस्टर प्रणालीमा अध्ययन गरेका थियौँ । सोहीअनुसार प्रथम सेमेस्टरको क्लास रुटिन पनि बन्यो । रुटिनमा सैद्धान्तिक र प्राक्टिकल साथै ट्यूटोरियल कक्षाहरूको पनि व्यवस्था थियो ।

यसरी पहिलोपटक नेपालमा व्यावहारिक विज्ञान तथा प्रविधि अध्यापनको सुरुवात भएको थियो । सुरुका दिनहरूमा कक्षा लिने सरहरूमा केमेष्ट्रीमा - पुरनप्रसाद श्रेष्ठ, जगतबहादुर केसी., अनुपमराज तुलाधर र सुरेशराज शर्मा, फिजिक्समा - ललितबहादुर बस्नेत, वायोलोजीमा - बद्रीनाथ श्रेष्ठ; अङ्ग्रेजीमा - गोविन्दमान श्रेष्ठ, नेपालीमा - खेम कोइराला बन्धु, नेपाल परिचयमा - जगन्नाथ श्रेष्ठ हुनुहुन्थ्यो भने गणितमा म आफैँ थिएँ । केही समयपछि अङ्ग्रेजीमा राजकिशोर सहाय र नेपालीमा माधवप्रसाद पोखरेल आउनुभयो । सुरुका केही समयसम्म विद्यार्थीहरूले मलाई विदेशीको रूपमा लिएका थिए । म जहिले पनि टाईकोट लगाएर अफिस जाने र विद्यार्थीहरूका बीच अङ्ग्रेजी मात्र बोल्ने गर्थेँ । फेरि रुसमा छ वर्ष बसेर फर्केकाले अझ पनि रातोपिरो नै थिएँ ।

डा. परासर नारायण सुवाल पछि नियुक्त भएका दोस्रो डीन डा. अमिरबहादुर श्रेष्ठ धरानमा बसेर काम नगर्ने भएपछि २०३४ सालमा व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानको डीन कार्यालयको काम काठमाडौंबाटै सञ्चालन गर्नुको साथै अध्ययन संस्थानका महत्त्वपूर्ण खण्डहरू अनुसन्धान तथा उपकरण, सज्जाकरण र अभिलेखीकरणको काम त्यहींबाट नै गर्ने भन्दै "व्यावहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्र (RECAST)" खडा गरेर धरान हात्तीसार क्याम्पसलाई शिक्षण क्याम्पसमा सिमित गरे । व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानको स्थापना कालमा तय गरेका चारवटा कार्यक्रमहरू Teaching(शिक्षण), Research(अनुसन्धान),

Instrumentation (उपकरण सज्जाकरण) र Documentation (अभिलेखिकरण) मध्ये पछिल्ला दुई कार्यक्रमहरू ओझेलमा परेका छन् ।

हाल आएर विज्ञान सङ्काय 'विज्ञान तथा प्रविधि अध्ययन संस्थान' भयो र धरान हात्तीसार क्याम्पस 'केन्द्रीय प्रविधि क्याम्पस' भएको छ ।

*

(प्रा.डा. भद्रमान तुलाधर व्यावहारिक विज्ञान तथा प्रविधि संस्थान अन्तर्गत केन्द्रीय क्याम्पसका संस्थापक शिक्षक तथा पूर्व का.मु. क्याम्पस प्रमुख हुनुहुन्छ । उहाँ काठमाडौं विश्वविद्यालयको संस्थापक सदस्य एवम् गणित विषयको प्रोफेसर हुनुहुन्छ । उहाँ सोभियत सङ्घबाट गणित विषयमा मास्टर्स एवम् पीएच्.डी उपाधि प्राप्त गर्ने पहिलो नेपाली हुनुहुन्छ)

देश विकासमा खाद्य वैज्ञानिक तथा खाद्य प्रविधिको भूमिका

प्रा.जगत बहादुर के.सी.

प्रत्येक प्राणीलाई बाँच्नका निम्ति आ-आफ्नै प्रकारको आहार/खानाको आवश्यकता पर्दछ । ती प्राणीहरू प्रायशः प्राकृतिक खानेकुरा कुनै पूर्व तयारी बिना वा भनौं काँचै जस्ताको तस्तै खाने गर्दछन् । बाख्रा, खरायो, हरिण, गाई, भैंसी आदि जनावरले घाँस, अन्न खान्छन् । मांसाहारी बाघ, चितुवाले जीवित जनावर, चराचुरुङ्गी खान्छन् । माछाले झार, लेउ र माछै पनि खान्छन्; बिना पूर्व तयारी जस्ताको तस्तै ।

मानिस जनावरमध्येको विकसित प्राणी भएकाले दिमागको विकास सँगसँगै खानेकुराको पनि डुली हिँड्ने ढुङ्गे युगका अवस्थामा काँचै खाना खाने प्रवृत्तिबाट परिष्कृत, खाना पकाएर खाने र विविध परिकार खाने हुँदाहुँदै औद्योगिक उत्पादनद्वारा विविध परिकारका तुरुन्त खान सक्ने/खान हुने Ready to Eat Industrial Food Products मा आइपुगेको छ । अझै कुनै दिन भविष्यमा ठूलो खानाको आकारबाट ससाना ट्याबलेट गोजीमा बोकी महिनौं त्यही खाएर बाँच्न सक्ने प्रविधिको विकासतिर लागिरहेको देख्दा अचम्म मान्नुपर्ने छैन होला ।

नेपाल एक कृषिप्रधान देश हो । आजसम्म पनि देशको ६६ प्रतिशत जनसङ्ख्या कृषिमा आधारित छ, जसले ७६ प्रतिशत मात्र अन्न उत्पादन गर्दछ । ७२.८५ महिला परम्परागत कृषि आर्जनमा लागेका छन् भनिन्छ ।

नेपालमा Sub Tropical Climate भएको र हिमाल, पहाड, तराई भू-बनावट रहेकोले हावापानीको उपादेयताअनुसार सबै प्रकारका अन्न, फलफूल, सागसब्जी र जडीबुटी नेपालमा पाइन्छ ।

- हिमालको आफ्नो विशेषता छ । यहाँ बहुमूलय जनावरहरू हिमचितुवा, हिमभालु, कस्तूरी, मुजुर, कालिज र मृगका साथै चरिचरनका कारण चौरीगाई, भेडाच्याङ्ग्रा, बाख्रापालन हुन्छ र दुर्लभ्य बहुमूल्य जडीबुटीहरू यार्सागुम्बा, जटामसी, पाँचऔंले इत्यादि पाइन्छन् ।
- पहाडी क्षेत्रमा विविध फलफूलहरू, काफल, ऐंसेलु, ओखर, नास्पाति, सुन्तला, अङ्गुर, कागती, बिमिरो, निबुवा, केरा, चरीअमिलो, मेल, चुथ्रो, भुईंकटहर, रुखकटहर, आरुबखडा, अलैंची आदि फलफूलहरू प्राप्त हुन्छन् । हालसाल विदेशमा पाइने एभोकाडो, ड्रागन फ्रुट आदिको खेती हुन सुरु भएको छ । रूद्राक्ष,

भद्राक्ष जस्ता बहुमूल्य वस्तुको पनि खेती लगाउन थालिएको छ । अनाजमा मकै, कोदो, धान, जौ, गहुँ, जुनेलो, भटमास, तोरी, उखु पनि पहाडमा पाइन्छ ।

- तराईलाई अन्नको भण्डार मानिन्छ । धान, मकै, गहुँ मुख्यबालीका साथै आँप, केरा, भुईंकटहर, उखु पनि मुख्य बालीकै रूपमा प्रशस्त लगाइँदै आएको छ । अलैंची, चिया, कफीको खेती पनि पहाड मधेशमा प्रशस्तै खेती हुन थालेको छ र औधोगीकरणबाट नेपालीको आयस्रोत बढाउन मद्दत पुऱ्याइको छ । दुःख लाग्ने कुरा के छ भने नेपाली चिया भारतद्वारा आफ्नो ट्रेडमार्कमा बेचिने गरिन्छ ।

नेपालको १८ देखि २१ प्रतिशत मात्र जमिन कृषियोग्य ठानिन्छ । तर झण्डै ८० प्रतिशत जनसङ्ख्या गाउँमा रहेको छ, जसको मूल आयस्रोत एवम् जीविका कृषिमा आधारित छ । कृषिभित्र खेतीपाती र जन्तुजनावर पनि समेटिन्छन् । वर्तमान अवस्थामा कृषिमा नयाँ युवाहरूको चाख घटेको र विदेश जाने क्रम बढेकाले जग्गा जमिन बाँझै रहने गरेको दुःखद अवस्थामा अनाज, फलफूल, तरकारी उब्जाउन छाडेकाले परनिर्भरता बढ्दै गई भारतबाट आयात गर्नुपर्ने बाध्यता बढेको छ । मैले माथि खाद्य वैज्ञानिक र खाद्य प्रविधिको आवश्यकता किन भन्ने विषयमा स्पष्ट पार्न हाम्रा जमिनले दिन सक्ने कृषिजन्य कच्चा पदार्थ उत्पादनको पृष्ठभूमि तयार गरेको हुँ । बाह्रै महिना कुनै न कुनै यति धेरै प्रकारका फलफूल, सागसब्जी, अनाजहरू हुने देशका लागि ती कृषिजन्य कच्चा पदार्थहरूलाई मूल्य जोड औद्योगिक खाद्य वस्तुहरू (Value added industrial Food Products) उत्पादन गर्न प्राविधिक जनशक्ति त पक्कै चाहिने नै भयो । त्यसैले देशमा खाद्य प्राविधिक र खाद्य प्रविधिको महत्त्व र आवश्यकता छ भन्ने पुष्टि गर्न अरू धेरै व्याख्या गरिरहनुपर्दैन ।

नेपालमा खाद्य उद्योगको सुरुको अवस्था

सर्वप्रथम हाम्रो मुलुकमा मौलिक प्रविधि ढिकी, जाँतो-घट्ट, तेल पेल्ने कोल, उखु पेल्ने कोलबाट खाद्य प्रशोधन (Food Processing) को सुरुवात भएको देखिन्छ । कुनै वैज्ञानिक आधारको सट्टा अनुभवबाट उपर्युक्त प्रकारका Traditional Technology अपनाइएको देखिन्छ ।

आधुनिक उद्योगको सुरुवात काठमाडौंमा कृष्ण पाउरोटीको वि.सं. १९१६ (सन् १९६०) सालमा र वि.सं. २०२० (सन् १९६४) मा नेबिको बिस्कुट उद्योगको स्थापनाबाट भएको देखिन्छ । वर्तमान अवस्थामा आइपुग्दा हजारौँ सानाठुला पाउरोटी उद्योगहरू, थुप्रै बिस्कुट उद्योग, चाउचाउ, चक्लेट, फलफूलको जुस, बियर, वाइन, मिनरल वाटर, कोकाकोला, पेप्सिकोला, दुग्धजन्य उद्योगहरू, मासु प्रशोधन उद्योगहरू ठाउँठाउँमा

प्रशस्तै खुलेका छन । हाल आएर सिमेन्ट उद्योगहरूको स्थापनाबाट आत्मनिर्भर भए तापनि नेपालमा उद्योगहरू भनेका खाद्य उद्योगहरू मात्रै भन्दा हुने अवस्था थियो र छ । कृषिजन्य उद्योगहरूमा ४०% भन्दा बढी कच्चा पदार्थ खेर जान्छ भनिन्छ जसको रक्षा गर्नु जरुरी छ । कृषिजन्य कच्चा पदार्थ र ती कच्चा पदार्थलाई औद्योगिक उत्पादन गर्ने भनेको खाद्य उद्योगहरू नै हुन् भने ती उद्योगहरूको निम्ति चाहिने प्राविधिक जनशक्ति भनेकै खाद्य तथा दुग्ध प्राविधिकहरू हुन् ।

जब खाद्य उद्योगहरूको कुरा आउँछ त्यसका निम्ति खाद्य प्राविधिज्ञको आवश्यकता पर्दछ । त्यसैले खाद्य प्रविधिको अध्यापन कार्य नेपालमै पहिलो र एकमात्र केन्द्रीय प्रविधि क्याम्पस धरानमा वि.सं.२०३६ सालदेखि B.Tech. Food Technology / M.Tech. Food Technology को (वि.सं. २०५८ साल म क्याम्पस प्रमुख रहेकै वेलादेखि) थालनी भयो । सुरुका दिनमा कठिनाइ भए पनि आज देशभर खाद्य प्रविधि शिक्षा दिने कलेजहरू उल्लेख्य रूपमा सञ्चालनमा आएका छन् । त्यसैले नेपाललाई औद्योगिकीकरणतर्फ उन्मुख गर्ने र आकर्षण गर्ने काममा खाद्य प्राविधिकहरूको अहम् भूमिका रहेको छ भन्न हिचकिचाउनुपर्ने अवस्था छैन ।

स्वच्छ खाना स्वस्थ रहना
what you eat is your health
your food is your life
Quality of food decides your quality of life

उपरोक्त भनाइहरूबाट खाद्य प्रविधि र खाद्य प्राविधिज्ञको महत्त्व बुझ्न सकिन्छ । स्वस्थ खाना के हो, कसरी बन्छ स्वस्थ खाना, के के हुन् पौष्टिक खाना इत्यादि विषयमा जानकारी राख्ने खाद्य वैज्ञानिक तथा खाद्य प्राविधिकको महत्त्व संसारभरि नै छ भने नेपालमात्र अछुतो रहन सक्तैन ।

हरेक राष्ट्रको भौगोलिक अवस्था, प्राकृतिक बनावट र वातावरण अन्य राष्ट्रसँगको भौगोलिक सामीप्य, उब्जा, व्यापार निकासीको अवस्था आदिले आआफ्नो महत्त्व दर्साएको हुन्छ र व्यावहारिक रूपमा त्यसले देशको आर्थिक उन्नति एवम् जीवन पद्धतिमा ठूलो भूमिका खेल्ने गर्दछ । अरबियन राष्ट्रहरू पेट्रोलियम पदार्थको बाहुल्यबाट उत्पन्न धन आर्जनबाट दुबई जस्ता मरुभूमिमा विशिष्ट सुविधा सम्पन्न सहर बनाई संसारका धनाढ्यहरूसँग पैसा असुल्ने सुखद सहर बनाउन सफल भएका छन् ।

अर्कातिर हामी छौँ प्राकृतिक भू-बनावट हिमाल, पहाड र तराईको सुन्दरतालाई संसारका धनीमानीहरूलाई बस्ने, खाने र डुल्ने सुविधाको जोहो गरी पर्यटन प्रवर्धन गर्न नसक्दा त्यसको सही उपयोग गर्न सकिरहेका छैनौँ । कृषि उत्पादन बढाउन कृषिलाई

आधुनिक कृषि पेशाका रूपमा बदल्न नसक्दा हाम्रा युवाहरू विदेशमा पलायन हुन बाध्य छन् । कृषि प्रधान देशलाई औद्योगिक जनशक्ति उत्पादन गर्ने परिप्रेक्ष्यमा खाद्य प्रविधि शिक्षा वि.सं. २०३० देखि प्रमाणपत्र तहको दुईबर्से कोर्ष धरानमा सञ्चालन छ वर्षसम्म रह्यो । वि.सं. २०३६ सालमा B.Sc. Food Technology तीनबर्से कोर्स सुरु गरियो । पछि Food Engineering Part थप्नु पर्ने महसुस गरी Four years B.Tech. Food Technology को पढाइ हालसम्म सुचारु रूपबाट सञ्चालनमा आएको छ । हालसम्म त्रिभुवन विश्वविद्यालयको केन्द्रीय प्रविधि क्याम्पस सहित त्रि.वि. बाट सम्बन्धन प्राप्त दशवटा र पूर्वाञ्चल विश्वविद्यालयअन्तर्गत एकमात्र CAFODAT College मा B.Tech. Food Technology को अध्यापन कार्य सञ्चालित छ । वार्षिक B.Tech. Graduates झन्डै ३०० जना उत्पादन भइरहेका छन् । M.Tech. Food Technology भने धरान केन्द्रीय प्रविधि क्याम्पसमा वि.सं. २०५८ सालदेखि सञ्चालित छ । हाल केन्द्रीय प्रविधि क्याम्पस धरानमा M.Tech. Food Technology मा २९ जनाको सिट कायम गरिएको छ भने त्यस क्याम्पस अध्ययन गरेका विद्यार्थीहरूले हालसम्म विद्यावारिधि गर्नेहरूको सङ्ख्या झन्डै दश जना पुगेको छ ।

पीएच्.डी. प्रविधि क्याम्पस धरानलाई Food Tech. Education का निम्ति Mother Institute को रूपमा र नेपाल सरकार खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागलाई Father Institute का रूपमा हेर्ने गरिन्छ ।

देश सेवामा खाद्य प्रविधि र दुग्ध प्रविधिको विकास सम्बन्धी उद्योगहरूमा र सरकारको नीतिमा भर पर्ने हुन्छ । कृषकहरूलाई आधुनिक कृषि प्रविधिको ज्ञान र सिपको विकासका निम्ति सरकारले योजना बनाउनु जरुरी छ ।

वि.सं. २०१८ सालमा कृषि तथा वन मन्त्रालय अन्तर्गत खाद्य विभागका रूपमा स्थापित यो संस्था सदैव कृषि मन्त्रालयमा कृषि विशेषज्ञहरूका डोमिनेसनमा विविध समयमा संरचनामा हेरफेर हुँदै हाल आएर सङ्घीय संरचनाको रूपमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय अर्न्तगत एउटा विभागका रूपमा रहेको छ ।

यो विभाग जति क्रियाशील रहन्छ, खाद्य प्रविधि र प्राविधिज्ञको आवश्यकता, उपदेयता र सक्रियता त्यति नै बढ्ने हुन्छ । कृषिप्रधान देशलाई औद्योगिकीकरण गरी देशको अर्थतन्त्र मजबुत बनाउन खाद्य प्राविधिज्ञको अहम् भूमिका रहेको छ । संसारका मानिसले रुचाउने गुणस्तरयुक्त, स्वच्छ, स्वादिष्ट, पोषणयुक्त खाद्य वस्तु उत्पादन गर्ने उद्योगहरू स्थापना र विकासका साथै हाम्रा नेपाली जाति, जतजातिहरूले खाने गरेको Traditional Foods (जाँड, रक्सी, छाङ, तितौरा, मस्यौरा, गुन्द्रुक, सिन्की किनेमा ड्राइ

Foods, भक्का, सुकुटी, विविध प्रकारका धुले अचार, गलुवा अचार, फापर, कोदो, गहुँ, जौको सातु, रोटी, चिउरा, मिठाईहरू, पुष्टकारी, गुँदपाक, तिलको लड्डु, दुग्धबाट बनेका परिकारहरू, कुराउनी, खीर, ढकने इत्यादि) लाई औद्योगिक वस्तुका रूपमा साथै नेपाली स्वादका रूपमा गुणस्तरयुक्त उत्पादन, प्रशोधन गरी बजारीकरण गर्ने काम खाद्य प्रविधिज्ञको हो । अब त्यसतर्फ उन्मुख हुन जरुरी छ । अहिलेसम्म यो काम हुन सकेको छैन ।

हाल नेपालमा भएका खाद्य उद्योगहरू विशिष्ट विशेषज्ञता हासिल गरेका खाद्य प्रविधिज्ञहरूबाट सञ्चालित छन् । यसमा हामीले गर्व गर्नै पर्ने हुन्छ, जुन प्रथमतः केन्द्रीय प्रविधि क्याम्पसबाट उत्पादित जनशक्तिबाट सुरु गरिएको थियो ।हाल नेपाल सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत रहेको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको मुख्य कार्यालय बबरमहलमा रहेको छ । यसका छ शाखाहरू मात्र मोरङको विराटनगरमा, धनुषाको जनकपुरमा, मकवानपुरको हेटौँडामा, भैरहवाको रूपन्देहीमा, नेपालगञ्जको बाँकेमा र कैलालीको धनगढीमा रहेका छन् । यसका शाखा छ वटा मात्र भए पनि खाद्य आयात, निर्यात, गुण प्रमाणीकरण जाच्ने प्राविधिज्ञ सीमाक्षेत्रमा बाह्र ठाउँमा रहेका छन् । त्यसरी नै डिभिजन कार्यालयहरू चौबीसवटा रहेका छन् ।

उपर्युक्त कार्यालयहरूको दरबन्दीअनुसार प्रथम श्रेणीदेखि प्राविधिक सहायकसम्म खाद्य प्राविधिज्ञहरूले देश सेवामा सहयोग पुऱ्याइरहेका छन् । जम्मा तीन जना खाद्य प्रविधिज्ञहरू नेपाल सरकारको सचिवको पदसम्म पुगी देश सेवामा संलग्न रहेको उदाहरण देख्न सकिन्छ ।

खाद्य स्वच्छतादेखि लिएर गुणस्तरयुक्त प्रशोधन, गुणस्तर मापन तथा नियमन प्याकेजिङ, ट्रान्सपोर्टेसनदेखि लिएर राष्ट्रिय अर्न्तराष्ट्रिय गुणस्तर मापन, खाद्य व्यापार प्रवर्धनमा विश्व व्यापार सङ्गठन (World Trade Organization) पशु तथा बोटविरुवाजन्य स्वच्छता सम्बन्धी (Sanitary and Phytosanitary) सम्झौताअनुसार व्यापार सहजीकरणमा समेत खाद्य प्रविधिज्ञको अहम् भूमिका रहेको छ ।

आजको संसार प्रविधिको विकाससँगै साँगुरिएको भान हुन्छ । कुनै पनि देशमा उत्पादित वा प्रशोधित खाद्य वस्तुको व्यापार कुनै पनि देशमा हुन सक्दछ । मानिसहरूको खाने बानी (Food Habit) र खाने स्वाद (Food Taste) फरकफरक हुन थालेको छ वा भनूँ, अर्न्तराष्ट्रियकरण भएको छ । साधारण मकै भटमास वा चिउरा, चाम्रे भात, दही चिउरा आदि खाजा खाने नेपालीहरूमा पाउरोटी, बिस्कुट, चाउचाउ, पिज्जा, मोमो आदि सजिलो गरी खाने बानी परिसकेको छ । तसर्थः अर्न्तराष्ट्रिय परिप्रेक्ष्यलाई नपछ्याई नहुने

अवस्था आएको छ । त्यसका निम्ति Codex Alimentations Commission, World Organization for Animal Health, International Plant Protection Convention आदि संस्थाहरूले बनाएको मापदण्डलाई गाइड लाइनको रूपमा पछ्याउनुपर्ने हुँदा त्यो सम्बन्धी ज्ञान भएका दक्ष प्राविधिकको रूपमा पनि खाद्य प्रविधिज्ञहरूले काम गर्नुपर्ने हुन्छ ।

खाद्य स्वच्छताको अभ्यासका निम्ति असल कृषि अभ्यास (Good Agriculture Practices) अर्को खाद्य प्राविधिकका निम्ति ठूलो जिम्मेवारी हुन आउँछ । खाद्य उत्पादन प्रशोधन, खाद्य गुणस्तर नियमन, पोषणयुक्त खाद्य प्रयोगका साथै उपभोक्तालाई सजग बनाउने जिम्मेवारी पनि खाद्य प्राविधिकको हुन आउँछ । त्यसैले Food is Quality of Life भनिएको हो । मानिसको स्वास्थ्य गुणस्तरयुक्त खाद्य पदार्थमा आधारित हुन्छ ।

नेपालजस्तो कृषिप्रधान देश र सुहाउँदो हावापानीलाई मध्यनजर गरी हरेक गाउँको माटोको परीक्षण गरी कृषकहरूलाई त्यो सुहाउँदो खेती गर्न लगाई सहुलियत दिने व्यवस्था गर्नु (जस्तै अदुवा, बेसार, लसुन, प्याज, आँप, जुनार, सुन्तला, भुईंकटहर, स्कुस, फर्सी, काँका) **'आफ्नो गाउँ आफैँ बनाऊँ'** भन्ने नारालाई साकार पार्न गाउँमै सम्पूर्ण किसानलाई सहभागी गराई सहकारीका माध्यमबाट गाउँमै तत्तत् खाद्य वस्तुका हुन सक्ने परिकारहरू खाद्य प्राविधिकको सहयोग लिई औद्योगिकीकरण गर्न सके कृषकहरूको जीवनस्तर उकास्न सजिलो हुने थियो होला । तर देश बनाउँछु भन्ने नेताहरूको यतातर्फ ध्यान खोइ ? यसै सोचको अभावमा हाम्रा युवाहरू विदेशतर्फ पलायन भइरहेका छन् । राजनीति गर्ने नेताहरू र उनीहरूका कार्यकर्ताहरू मात्र देशमा रहने हुँदा उत्पादनमूलक कार्यहरू गर्ने मानिसहरूको अभाव आजभोलि खट्किरहेको छ ।

हाम्रो देशमा उत्पादन गरेका खाद्य वैज्ञानिकहरूले अर्न्तराष्ट्रिय क्षेत्रमा समेत ठूलो योगदान पुऱ्याएका छन् । यो हाम्रा लागि गर्व गर्ने विषय बनेको छ । यसको उदाहरणका निम्ति हिकमतबहादुर थापालाई लिन सकिन्छ । उनी एन.आर.एन. को कोषाध्यक्ष मात्र भएनन् । नेपाली भाषा, साहित्यको प्रचारप्रसार (अर्न्तराष्ट्रियकरण) का साथै आफ्नो गाउँ, ठाउँको उन्नतिका निम्ति थुप्रै सामाजिक काम पनि गरिरहेका छन् । अष्ट्रेलियाका मानबहादुर के.सी., प्रा.डा. अशोक श्रेष्ठ, क्यानडाका चिन्तामणि उप्रेती, डा. मेघराज भण्डारी, नारायण घिमिरे तथा अन्य थुप्रै खाद्य वैज्ञानिकहरूले त्यस क्षेत्रमा नेपाली हुनुको नाम चम्काएका छन् । यो पनि हाम्रा लागि गौरवको विषय हुन जान्छ । त्यसरी नै नेपालमा रहेका धेरै कलेजहरूमा प्राध्यापक, सहप्राध्यापक, उपप्रा. भई नयाँ विद्यार्थी उत्पादन गर्नमा पनि खाद्य विशेषज्ञहरूको अहम् भूमिका रहेको छ । राजनीतिमा लागेका

भू.पू. मन्त्री रकम चेमजोङ, परराष्ट्रविद् अरूण सुवेदी र अन्य थुप्रै व्यक्तिहरूले पनि आआफ्ना क्षेत्रमा देशसेवा गरेका उदाहरणहरू अरू थुप्रै भेटिन्छन् । संसारका नेपालजस्तै ससाना देशहरू सिङ्गापुर, इजरायल, नर्थ कोरिया, साउथ कोरिया आदिले आधुनिक प्रविधिको विकासबाट त्यस देशका जनताको जीवनस्तर उकास्ने काममा ठूलो फड्को मारेका छन् । इजरायलले त मरुभूमिलाई हरियालीमा बदलेको छ । दृढ इच्छाशक्ति भएका देशभक्त जानकार नेताहरूको सफल नेतृत्वको, मेहनत र दूरदृष्टिको परिणाम मान्न सकिन्छ यसलाई ।

नेपालमा औद्योगिक विकासको सुरुवात सन् १९३६ मा औद्योगिक विकास परिषद् स्थापना भएपश्चात् सुरु भएको देखिन्छ । सन् १९९२ मा सरकारले उदारीकरणको नीति लागू गर्ने परिप्रेक्ष्यमा निजीकरणका नाममा कौडीका भरमा बिक्री गरेर भरखरै स्थापना भएर सञ्चालनमा आएका उद्योगहरू बन्दजस्तै हुन पुगे भने माओवादीद्वारा सञ्चालित दशबर्से जनयुद्ध, हडताल, नाकाबन्दीका कारण भए गरेका उद्योगहरू पनि धराशायी हुन पुगे, जसका कारण भएका खाद्य उद्योगहरू फस्टाउन सकेनन् भने नयाँ उद्योगहरू खोल्ने कुरा त झन् टाडै रह्यो । यद्यपि यस्तो कष्टकर अवस्थामा पनि खाद्य प्राविधिकहरूद्वारा दिइने सेवा कायम नै रहेको देखिन्छ ।

अबका खाद्य वैज्ञानिकहरूले नेपालका Traditional Foods को अनुसन्धान गरी औद्योगिकीकरणतर्फ ध्यान दिई गुणस्तरयुक्त उत्पादन गरी बजारीकरणतर्फ उन्मुख हुन जरुरी छ । नेपालमा Tourism Industry को विकाससँगै नेपाली परिकारका खाद्यवस्तुहरू खपत हुने ठूलो बजार बन्न सक्तछ । यस परिप्रेक्ष्यमा नेकपाकी नेत्री सांसद् उषाकिरण राईले (कुनै समयकी पीएच्.डी. प्रविधि क्याम्पसकै विद्यार्थी) केही समयअघि दिएको नेपाली रक्सी उत्पादनलाई दुरुत्साहित गर्नुको बदला Trade Mark को रूपमा औद्योगिकीकरण गर्नु उचित हुन्छ भन्ने सल्लाहलाई कदर गरिनुपर्दछ ।

सुरुका दिनहरूमा मेरै अध्यक्षतामा राष्ट्रिय खाद्य उद्योग तथा खाद्य प्रविधि (National Seminar on Food Industry and Food Technology) को सेमिनार तथा औद्योगिक प्रदर्शनको आयोजना गरी खाद्य प्रविधि शिक्षाको प्रचारप्रसार तथा विकासका साथै उत्पादित जनशक्तिलाई उद्योगहरूमा खपत हुने वातावरण बनाइएको र उक्त औद्योगिक मेलामा तत्कालीन राजा वीरेन्द्रको भ्रमणबाट प्रचारित हुँदा उत्पादित जनशक्ति खपत हुनमा ठूलो मद्दत पुगेको अनुभव रहेको छ ।

उक्त सेमिनारका प्रस्तावबाट खाद्य प्राविधिज्ञहरूको सङ्गठनका माध्यमबाट विषयगत अनुसन्धान र सङ्गठित विकासको आशा गरी खाद्य वैज्ञानिक तथ प्राविधिक

सङ्घ (Nepal Food Scientist & Technologist Association ; NEFOSTA) को सर्वप्रथम मेरै अध्यक्षतामा गठन गरियो र क्षेत्रीय कमिटी समेतको विकास गरी NEFOSTA Journal हालसम्म प्रकाशित हुँदै आएको छ । उचित वातावरणको अभावले त्यस संस्थाद्वारा हुनुपर्ने जति कन्ट्रिब्युसन हुन सकेको देखिँदैन ।

खाद्य तथा दुग्ध प्रविधिज्ञहरूले समयानुकुल देश विकासतर्फ ध्यान दिई आफ्नो महत्त्व, आफ्नो ज्ञान र क्षमताबाट आफैँ प्रदर्शित गर्नु उचित हुने सल्लाह दिन सकिन्छ । अर्को कुरा हरेक ठूलाठूला नगरपालिका र प्रत्येक जिल्ला जिल्लामा खाद्य प्रयोशालाको स्थापना हुन जरुरी छ ।

खाद्य प्राविधिज्ञले आफ्नो ज्ञान र सिपको सदुपयोग व्यावहारिक रूपमा आफैँ संलग्न भई स-साना Specialized Food Industries खोल्नु आवश्यक छ । विविध जडीबुटीहरूको प्रयोग गरी Medicinal Foods उत्पादन गर्ने कार्यतर्फ पनि ध्यान दिनु उचित हुनेछ ।

*

(प्रा.जगत बहादुर के.सी. केन्द्रीय प्रविधि क्याम्पसका संस्थापक शिक्षक, पूर्व सहायक डीन तथा पूर्वाञ्चल विश्वविद्यालयका पूर्व उपकुलपति समेत हुनुहुन्छ)

नेपालमा खाद्य प्रविधि शिक्षाको विकासक्रम र मेरो अनुभव

- प्रा.डा.दिलीप सुब्बा

भूमिका

केन्द्रीय प्रविधि क्याम्पसले स्थापनाको पचासौं वर्षमा प्रवेश गरेको अवसरमा स्मारिका प्रकाशन गर्न लागेको समाचार सुनेर खुसी लाग्यो । म यसका लागि क्याम्पस व्यवस्थापनको सराहना गर्न चाहन्छु । स्मारिकाको लागि क्याम्पस प्रमुख डा. दिल कुमार लिम्बुले मलाई नेपालमा भएको खाद्य प्रविधि शैक्षिक कार्यक्रमको विकासक्रम बारे लेख उपलब्ध गरिदिन अनुरोध गर्नु भयो ।

विकासक्रम तथा संस्थागत दृष्टिकोणबाट नेपालमा खाद्य प्रविधि शिक्षाको प्रमुख थलो धरानस्थित केन्द्रीय प्रविधि क्याम्पस हो । केन्द्रीय प्रविधि क्याम्पसको खाद्य प्रविधि शैक्षिक कार्यक्रमसित मेरो धेरै लामो समयको र बहुआयामिक सम्बन्ध रहेको छ । मेरो केन्द्रीय प्रविधि क्याम्पससित २०३० सालदेखि २०७४ सालसम्म विद्यार्थी, शिक्षक, कोर्स निर्माता, शैक्षिक प्रशासक इत्यादि नाता रहेको थियो । अतः मैले केन्द्रीय प्रविधि क्याम्पसलाई केन्द्रमा राखेर आफ्ना अनुभव, स्मरण र विचारलाई जोड्दै खाद्य प्रविधि शिक्षाको विकासक्रम बारे एउटा लेख तयार पार्ने सोच बनाएँ ।

खाद्य प्रविधि शिक्षाको परिचय र महत्व

खाद्य प्रविधि महत्वपूर्ण विधा भएकोले सर्वप्रथम यस बारे केही कुरा बुझ्न उपयोगी हुन्छ । खाद्य प्रविधि विज्ञान र इञ्जिनियरिङ्गमा आधारित खाद्यवस्तुको संरक्षण, प्रशोधन, प्याकेजिंग, भण्डारण र वितरण गर्ने कार्यसँग सम्बन्धित विधा हो । खाद्यवस्तुहरूको भौतिक, रासायनिक, जैविक र इञ्जिनियरिङ्ग गुणहरूको अध्ययन गरी खाद्यवस्तुलाई नाश गर्ने जैविक र अजैविक तत्व, कारण र प्रक्रियाहरूको पहिचान गरी त्यसलाई नाश र नोक्शानी हुनबाट बचाउने र प्रशोधन विधिद्वारा उपयोगी खाद्यको रूपमा परिणत गर्ने ज्ञान र सिप खाद्य प्रविधि शिक्षाबाट प्राप्त हुन्छ ।

सबै खाद्यवस्तु नाशवान भएको, यसमा पाइने पौष्टिक तत्वहरू क्रमिक ढंगले नष्ट हुँदै जाने र यसको प्राकृतिक स्वरूप, रङ्ग, स्वाद विनाश हुँदै जाने हुँदा खाद्यवस्तुलाई यस्तो नाश हुने प्रक्रियाबाट संरक्षित गर्न आवश्यक हुन्छ । प्राकृतिक प्रकोप र मानव सिर्जित सङ्कटको समयमा संरक्षित खाद्यवस्तुले भोक र कुपोषणबाट मानव जातिको रक्षा गर्दछ । अर्थात् यसले खाद्य सुरक्षालाई सुनिश्चित गर्दछ । खाद्य प्रविधि शिक्षाले दिने सबैभन्दा महत्वपूर्ण शिक्षा खाद्यवस्तुलाई विभिन्न नाशकारी प्रक्रियाबाट

सुरक्षित राख्नु हो । खाद्य प्रविधि शिक्षाले खाद्यवस्तुको संरक्षण गर्ने विभिन्न विधिका सिद्धान्त र प्रयोगहरूको बारेमा ज्ञान प्रदान गर्दछ । औद्योगिक स्तरमा कच्चा पदार्थलाई विभिन्न तयारी खाद्यवस्तु र उप-उत्पादनहरूमा तयार गर्ने प्रशोधन विधि र मसीन बारे ज्ञान र सिप प्रदान गर्नु खाद्य प्रविधि शिक्षाको दोस्रो महत्वपूर्ण उद्देश्य हो । खाद्य संरक्षण, व्यवसाय सञ्चालन र आधुनिक जीवनलाई सहज बनाउनु खाद्य प्रशोधनका फायदाहरू हुन् । यस्तो प्रशोधित संरक्षित खाद्यवस्तु असामान्य भौगोलिक तथा वातावरणीय अवस्थामा पनि उपयोगी हुन्छ ।

आज सकेसम्म प्राकृतिक रूप र गुण कायम रहेको खाद्यवस्तु, प्रशोधित खाद्यवस्तु भए स्वास्थ्यलाई हानी गर्ने रासायनिक तत्वहरू नभएको तर पौष्टिक तत्व अधिकतम मात्रामा कायम रहेको, शुद्ध र स्वस्थकर तथा खाद्य स्वच्छता पूर्णरूपले सुनिचित भएका खाद्यवस्तुको उपभोक्ताबाट माग भएको तथा यसका लागि कडा कानुनी व्यवस्था भएको कारणले खाद्य प्रविधिमाथि जिम्मेवारी बढ्न गएको छ र यसै अनुरूप खाद्य प्रविधि शिक्षालाई ढालिएको छ । अन्य उद्देश्य अनुसार पनि खाद्य संरक्षण र प्रशोधनका विधिमा विभिन्न विकास भएका छन् । आधुनिक खाद्य प्रविधि शिक्षाको विशेषता र महत्व पनि यही नै हो ।

नेपालमा खाद्य प्रविधि शिक्षाको विकासक्रम

हाम्रो देशको सन्दर्भमा नेपाल कृषि प्रधान मुलुक भएको, कृषि उपजको बाली उप्रान्त हानी-नोक्शानी उच्च रहेको, कुपोषणको ठुलो समस्या रहेको, अर्थतन्त्र मजबुत नभएको, प्राकृतिक आपत्-विपत् भोगिरहनुपर्ने अवस्था भएको, बेलाबखत राजनीतिक कारणले खाद्यसंकट हुने देश भएकोले खाद्य प्रविधिको शिक्षा हाम्रा देशका लागि आवश्यक र महत्वपूर्ण छ । यस शीर्षक अन्तर्गत मैले नेपालमा खाद्य प्रविधि शिक्षाको सुरुवात र क्रमिक विकास बारे वर्णन गरेको छु । कतिपय तथ्य लेख्न छुटेका होलान् जुन यस स्मारिकाका अन्य लेखमा समेटिएका हुन सक्छन् ।

प्रमाणपत्र तह खाद्य प्रविधि कार्यक्रम र आफ्नो विद्यार्थी जीवनको सम्झना

नेपालमा खाद्य प्रविधि शिक्षाको सुरुवात २०३० सालमामा भएको हो । नेपालमा नयाँ शिक्षा योजना भर्खर सुरु भएको थियो र प्राविधिक शिक्षालाई बढावा दिने नीति अनुरूप धरानको जनपथ टोलमा व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानको स्थापना भई प्रमाणपत्र तह खाद्य प्रविधि कार्यक्रमको सुरुवात भयो । प्रमाणपत्र तह खाद्य प्रविधि सेमेस्टर प्रणालीमा आधारित दुई बर्से कोर्स थियो । यसमा विज्ञान, गणित, खाद्य विज्ञान तथा खाद्य संरक्षण र प्रशोधनका सिद्धान्त र प्रयोगका आधारभूत ज्ञान दिइन्थ्यो ।

Cereal technology, fruit and vegetable technology, dairy technology का विषयहरूको पनि पढाइ भयो । हाम्रा शिक्षकहरू हुनुहुन्थ्यो पुरनप्रसाद श्रेष्ठ ,जगत्बहादुर के सी , भद्रमान तुलाधर, बद्रीनाथ श्रेष्ठ, रामकृष्ण प्रसाई, ललितबहादुर बस्नेत, दा देवभक्त शाक्य , दिलिप कुलकर्णी र किथ मिचेल । उहाँहरू नै खाद्य प्रविधिका प्रथम शिक्षक हुनुहुन्छ ।

म पहिलो ब्याचको छात्र थिएँ । हामी २० जना विद्यार्थी थियौँ । घर धरान भएको र धरानमा अध्ययन संस्थानको स्थापना भएको हुँदा मलाई त्यहाँ खाद्य प्रविधिको पढाई हुँदैछ भन्ने खबर पाउन सजिलो भयो । भर्ना त भएँ तर यसमा के पढाई हुन्छ , यो पढेपछि कुन पेशा व्यवसाय गर्ने हो क्यै थाहा थिएन । मैले के मात्र सोचेँ भने हाम्रो देश कृषिप्रधान भएकोले कृषि उद्यमसँग सम्बन्धित कुनै काम, जागिर निश्चय नै पाइएला । यो विषय पढ्नुको अर्को आकर्षण थियो, हामी विद्यार्थीले पाउने मासिक २०० रुपियाँ निर्वाह खर्च । मैले मिहिनेत गरेर पढेँ । कुनै समय खेर फालिनँ । म त्यस ब्याचको प्रथम विद्यार्थी भएँ र विशिष्ट श्रेणीमा त्यो कोर्स उत्तीर्ण गरेँ । सोचे अनुरूप हामीजस्ता यो कोर्स पढेकाहरूको खाद्य उद्योग र खाद्य प्रयोगशालाहरूलाई खाँचो थियो । हामीले नेपाल सरकारका खाद्य प्रयोगशालामा प्रयोगशाला सहायक, खाद्य जाँचकी तथा खाद्य उद्योगहरूमा उत्पादन र गुणस्तर नियन्त्रणका काम पायौँ । त्यसबेला नेपाल सरकार, कृषि मन्त्रालयमा सुब्बा तहको पद पाइन्थ्यो । यो प्रमाणपत्र तह खाद्य प्रविधि २०३५ सालमा बन्द भयो ।

बी. टेक्. (फुड) कार्यक्रम र आफ्नो अध्यापन जीवनको यात्रा

बी. टेक्. (फुड) कार्यक्रम २०३६ सालमा शुरु भएको हो । विज्ञान अध्ययन संस्थानको एउटा विज्ञान क्याम्पसको रूपमा स्थापित धरान हात्तीसारको आफ्नै जग्गामा यसको सुरुवात भयो । यो चार वर्षे कोर्स थियो । यसमा खाद्य विज्ञान र इञ्जिनियरिङ्गका विषयहरूको साथै खाद्य संरक्षण, प्रशोधन, प्याकेजिङ र भण्डारण तथा खाद्य गुणस्तर र पोषण विषयहरूमा विस्तृत रूपमा अध्यापन गराइन्छ । खाद्य प्रविधि शिक्षाको इतिहासमा यो अर्को कोशे ढुंगा थियो । खाद्य प्रविधिको उच्च अध्ययन यसरी सुरु भयो । बी. टेक्. (फुड) सुरु भएकोले प्रमाणपत्र तह खाद्य प्रविधि पढेका विद्यार्थीहरूले खाद्य प्रविधिमा स्नातक तहको शिक्षा लिन सक्ने भए भने आइ एस्सी पढेका विद्यार्थीहरूलाई समेत स्नातक तहको खाद्य प्रविधि पढ्ने अवसर प्राप्त भयो । भौगोलिक दृष्टिकोणबाट विशेष गरी पूर्वी नेपालका विद्यार्थीहरूका लागि यो धेरै फाइदाजनक साबित भयो । आधारभूत रूपमा बी. टेक्. (फुड) कोर्सको ढाँचा भारतको मैसुरस्थित भारत सरकारको केन्द्रीय खाद्य प्रौद्योगिक

अनुसन्धान संस्थान (के. खा. प्रौ. अ. स.) को एम एस्सी (खाद्य प्रविधि) सँग मिल्दोजुल्दो छ । यहाँको बी. टेक्. (फुड) कोर्सको निर्माण पनि के. खा. प्रौ. अ. स. मा अध्ययन गरी फर्केका केन्द्रीय खाद्य अनुसन्धानशाला (हालको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग) मा काम गरिरहनु भएका खाद्य प्राविधिज्ञहरूको सहयोगबाट भएको हो ।

बी. टेक्. (फुड) सुरु गर्दा क्याम्पससित खाद्य प्रविधिका मूल विषयहरू पढाउने शिक्षकहरूको अभाव थियो । विज्ञान र गणितका विषयहरू ललितबहादुर बस्नेत, तोयानाथ प्रसाई, प्रदिप प्रधान, भद्रमान तुलाधर, तीर्थानन्द वैद्य, नारायण राई, तिलकमान श्रेष्ठले पढाई राख्नु भएको थियो । खाद्य प्रविधिका मूल विषयहरू पढाउने शिक्षकहरू जगतबहादुर के सी, आनन्द प्रकाश सिंह प्रधान, डा. देवभक्त शाक्य र भिष्मानन्द वैद्य हुनुहुन्थ्यो । कार्यक्रमलाई सबल बनाउन र शिक्षकको अभाव भएको कारणले क्याम्पसले कोलकाता निबासी भारतीय प्राध्यापक डा. एन. एल. लाहिरीलाई करारमा नियुक्ति गरेको थियो ।

शिक्षकको दिगो व्यवस्थाको योजना मुताबिक विज्ञान अध्ययन संस्थानले मलाई सन् १९७६ मा भारतमा पढ्न पठाएको थियो । मैले भारत महाराष्ट्र राज्यको मराठवडा कृषि विद्यापीठमा बी. टेक्. फुड पढेँ । विज्ञान अध्ययन संस्थानले मासिक ४०० भा. रु. निर्वाह खर्च पठाउँथ्यो । त्यस विश्वविद्यालयबाट अध्ययन सकेर मैले २०३७ साल भदौमा क्याम्पसमा सहायक प्राध्यापकको पदबाट आफ्नो अध्यापन सेवा सुरु गरेँ । लगभग तेही समयमा Microbiology का शिक्षक सुमनकुमार लाल दास पनि शिक्षणमा आबद्ध हुनु भयो । त्यसै गरि IIT खडगपुर् पढेका कोलकाता कै निबासी सुविमल मित्रा पनि करारमा नियुक्त हुनु भएको थियो । सुरुका वर्षहरूमा मैले food chemistry, food processing / dairy technology बिषयहरू पढाएँ । निर्मलप्रसाद श्रेष्ठ र बद्रीनाथ श्रेष्ठ क्याम्पस प्रमुख हुँदा म अतिरिक्त क्रियाकलाप समितिको प्रमुख थिएँ ।

समयक्रममा उप-प्राध्यापक हुँदा Quality Control Instruction Committee को अध्यक्ष र अलिक समयपछि Food Technology Instruction Committee को अध्यक्षको जिम्मेवारी बहन गरेँ । पछिल्लो समयमा मैले विशेष गरी Meat technology बिषयको अध्यापन गरेँ ।

बी. टेक्. (फुड) उत्तीर्ण स्नातकहरूले देशमा आवश्यक जनशक्तिको मागलाई पूरा गर्न थाल्यो । यसअघि सरकारी र अर्ध सरकारी संस्थान सेवाका लागि विदेशबाट पढेर आउनु पर्थ्यो तथा खाद्य उद्योगहरूमा अधिकांश भारतबाट झिकाइएका प्राविधिकले काम गर्थे । बी. टेक्. (फुड) शैक्षिक कार्यक्रमले यसमा ठुलो योगदान गर्‍यो । बी. टेक्. (

फुड) उपाधिले सरकारी सेवामा राज पत्राङ्कित तेस्रो श्रेणीको मान्यता पायो । बी. टेक्. (फुड) उत्तीर्ण स्नातकले बी. टेक्. (फुड) का बिद्यार्थीलाई पढाउन मान्यता दिइएकाले धेरै बी. टेक्. (फुड) स्नातकहरू त्रि. वि. मा शिक्षक नियुक्त भए । बी. टेक्. (फुड) मा वार्षिक २० जना विद्यार्थी भर्ना हुन्थे । माग हेरी जनशक्ति उत्पादन थोरै थियो भने यो कार्यक्रम लोकप्रिय हुँदै गएकोले निजी क्षेत्रबाट यो कार्यक्रम सञ्चालनको लागि माग पनि भैरहेको थियो ।

अन्ततः २०६३ सालबाट त्रि. वि. बाट सम्बन्धन लिएर निजी कलेजहरूले बी. टेक्. (फुड) सञ्चालन गर्न थाले । यस क्रममा त्रि. वि. को सम्बन्धनमा २०६३ साल देखि Lalitpur Valley College (ललितपुर), २०६४ मा National College of Food Science and Technology (काठमाडौँ) र Padmashree International College (काठमाडौँ), २०६५ मा Golden Gate International College (काठमाडौँ), २०६७ मा Sunsari Technical College (धरान), २०७० मा Dharan Multiple College (धरान) र Pokhara Bigyan Tatha Prabidhi Campus (पोखरा) तथा २०७१ मा ल्र्षनिष्चष ऋर्याभिनभ (इटहरी), Birat Multiple College (बिराटनगर) र Nagarik College (गैँडाकोट) मा बी. टेक्. (फुड) कार्यक्रम सुरु भयो । यसरी देशका विभिन्न स्थानहरूमा कलेज खुल्नाले खाद्य प्रविधि शैक्षिक कार्यक्रमको प्रचार-प्रसारमा सहयोग पुग्यो भने धेरै विद्यार्थीहरूले यो विषय पढ्ने अवसर पाए । अहिले १० वटा निजी कलेजहरूमा यसको पढाई हुन्छ । अझै यसको माग बढिरहेको छ ।

त्रि. वि. बाहेक पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गतको College of Applied Food and Dairy Technology (CAFODAT), काठमाडौँमा B.Tech Food Dairy Technology कार्यक्रम २०६३ सालदेखि सञ्चालनमा रहेको छ, जुन कोर्स त्रि, वि. को भन्दा केही भिन्न छ ।

बी. टेक. (फुड) सञ्चालनको शिक्षण प्रणाली, पाठ्यक्रम, अध्यापन गरिने विषय र सिलेबस, शिक्षण विधि, परीक्षा प्रणाली सबै सुरुदेखि आज पर्यन्त उही छ । ४१ वर्षसम्म कुनै परिवर्तन नहुनु राम्रो सङ्केत होइन । यसलाई समय सापेक्ष हुने गरी परिवर्तन गर्नु जरुरी छ । यसबारे जिम्मेवार निकायले अविलम्ब काम गर्नु जरुरी भैसकेको छ । त्रि. वि. अन्तर्गत खाद्य प्रविधि शैक्षिक कार्यक्रमको यो ढंगले विकास हुँदै गर्दा सिप विकासमूलक व्यावसायिक-प्राविधिक शिक्षाको पनि विकास हुँदै थियो । यस उद्देश्यले विभिन्न मितिहरूमा कलेजहरू स्थापना भए र व्यावसायिक तालिम तथा प्राविधिक शिक्षा परिषद्का कार्यक्रमहरू सञ्चालन भए । त्यसमा धरानमा २०५५ मा स्थापित Bharabi

Polytechnique Institute को एक बर्षे Food Technical Assistant (TSLC) कोर्स तथा धरानमा २०५७ मा स्थापित National Academy of Applied Science and Technology (NAAST) र काठमाडौँ मा २०६२ मा स्थापित College of Applied Food and Dairy Technology (CAFODAT) को खाद्य प्रविधिमा तीन बर्षे डिप्लोमा पर्दछन् । Bharabi Polytechnique Institute को Food Technical Assistant कार्यक्रम बाहेक का डिप्लोमा कार्यक्रम अझै सञ्चालनमा रहेका छन् ।

खाद्य प्रविधि केन्द्रीय विभागको स्थापना र एम्. टेक्. (फुड) कार्यक्रम सञ्चालनको अनुभव

एम्. टेक्. (फुड) कार्यक्रम हामी खाद्य प्रविधिका शिक्षकहरूको आन्दोलनको प्रतिफल हो । २०३० सालमा धरानमा व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानको स्थापना भै खाद्य प्रविधिको पढाई हुँदा त्यसको गुरुयोजना र परिकल्पना अनुसार यो संस्था विभिन्न व्यावहारिक विज्ञान र प्रविधिका विषयहरूको उच्च अध्ययन र अनुसन्धानको केन्द्र बन्नु पर्ने थियो । दुर्भाग्यवस २०३५ सालमा यो अध्ययन संस्थान काठमाडौँ सरेर गयो र रिकाष्ट (Research Centre for Applied Science and Technology) मा परिणत भयो । त्यसैले हामीले धेरै अगाडिदेखि नै अध्ययन संस्थानको माग त्रि. वि. समक्ष राखेका थियौं । बी. टेक. सुरु भएको पनि २१ वर्ष पुगेको थियो ।

२०५७ सालमा हामीले आन्दोलन गर्ने निश्चय गर्यौं र मेरो नेतृत्वमा हामी खाद्य प्रविधिका शिक्षकहरू काठमाडौं गयौं र डिन कार्यालयमा धर्ना दियौं । पुषको जाडोमा कति दिन हो बिर्सें तर निकै दिन धर्ना बस्ने र माग राख्ने, डिनसँग संवाद गर्ने क्रम चलिरह्यो । अन्तमा डिन प्रा. डा. कृष्ण मानन्धरको सुझाबमा उपकुलपति प्रा. डा. कमलकृष्ण जोशीले हामीलाई आफ्नो अफिस बोलाउनु भयो र हाम्रो कुरा सुन्नु भयो । उहाँले अध्ययन संस्थान स्थापना गर्न धेरै पूर्वाधार तयार गर्नु पर्ने हुँदा तत्काल सम्भव नदेखिएको बरु तत्काल खाद्य प्रविधिमा स्नातकोत्तर कार्यक्रम सुरु गर्नुहोस् भनेर सल्लाह दिनु भयो, सम्झाउनु भयो । जितिहाल्ने स्थिति नदेखेपछि हामीले पनि आन्दोलन जारी राख्न उचित ठानेनौं र एम. टेक. कार्यक्रम सुरु गर्नमा चित्त बुझायौं ।

फलस्वरूप २०५८ सालमा खाद्य प्रविधि केन्द्रिय विभागको स्थापना भै एम. टेक. (खाद्य प्रविधि) को पठन-पाठन सुरु भयो । केन्द्रीय विभाग त्रि. वि. शैक्षिक संरचनाको महत्वपूर्ण अङ्ग हो । यसबाट स्नातकोत्तर र विद्यावारिधि कार्यक्रमको सञ्चालन हुनेबाहेक यो विषय समितिको सचिवालय पनि हो । विषय समितिको प्रमुख काम कर्तव्य

हो, नयाँ पाठ्यक्रमको निर्माण गर्नु , पाठ्यक्रम तथा कोर्सको पुनर्मार्जन गर्नु , शैक्षिक कार्यक्रमको सुधारका लागि विश्वविद्यालयलाई सल्लाह दिनु र विदेशी विश्वविद्यालयबाट प्राप्त शैक्षिक उपाधिको समकक्षताको लागि राय दिनु । यो उपलब्धि खाद्य प्रविधि शिक्षाको इतिहासमा अर्को कोशे ढुङ्गा थियो । यी सबै उपलब्धिको श्रेय त्यस बेला क्याम्पसमा कार्यरत खाद्य प्रविधिका हामी वरिस्ठ शिक्षकहरूलाई जान्छ भने हामीहरूले यस उपलब्धिको निमित्त तत्कालीन डिन स्व. प्रा. डा. कृष्ण मानन्धर एवं उपकुलपतिहरू प्रा. डा. कमलकृष्ण जोशी र नवीन प्रकाश जंग शाह लाई धन्यबाद दिनु पर्ने हुन्छ ।

त्रि. वि.बाट स्वीकृति पाएपछि हामीले M Tech in Food Technology कोर्स एवं शैक्षिक उपाधिको पाठ्यक्रम तयार गर्यौं र विषयहरूको चयन गर्यौं साथै कोर्सहरू लेखी तयार पार्यौं । यस कोर्सको प्रमुख उद्देश्य विभिन्न महत्त्वपूर्ण खाद्यवस्तुको प्रविधिको गहिरो र विस्तृत ज्ञान दिनु, आधुनिक मसिनहरूको सञ्चालन बारे ज्ञान दिनु, खाद्य उद्योग व्यवस्थापन बारे विस्तृत ज्ञान दिनु, नेपाली मौलिक र परम्परागत खाद्यवस्तुहरूको अध्ययन गर्नु तथा खाद्य प्रविधि सम्बन्धि अनुसन्धान गर्नु रहेको थियो । म खाद्य प्रविधि केन्द्रीय विभागको प्रमुखमा नियुक्त भएको थिएँ । मेरा सामु धेरै चुनौतीहरू थिए । आफ्नो अफिस थिएन, कर्मचारी थिएनन्, पढाउने शिक्षक थिएनन्, कक्षा कोठा र प्रयोगशाला थिएन । सबैभन्दा महत्वपूर्ण कुरा त विभाग चलाउने खर्च थिएन । केन्द्रीय विभाग र म मात्र थिएँ । यस अवस्थालाई बिस्तारै मिलाउदै लगैं ।

अफिसका लागि क्याम्पसको प्रयोगशाला भवनको पूर्व-दक्षिण कुनामा स्टोर रुमको रूपमा प्रयोग भएको दुई साना कोठालाई खाली गराएर त्यहीँ अफिस बनाएँ । अझसम्म पनि खाद्य प्रविधि केन्द्रीय विभागको कार्यालय कक्ष त्यहीं छ । यो देख्दा दःुख लाग्छ । सहायक डिन तथा क्याम्पस प्रमुख जगतबहादुर केसीज्युले एक जना सहायक प्रशासक पदको कर्मचारी दिनु भयो । क्याम्पसबाट मिलाएको प्रयोगशालालाई कक्षाकोठाको रूपमा समेत प्रयोग गरियो । क्याम्पसका शिक्षकहरूलाई अतिरिक्त पारिश्रमिक दिने गरी कोर्स र कक्षा लिने व्यवस्था मिलाएँ । म स्वयम् Meat technology, Nepalese indigenous meat, fish products/packaging technology विषयहरू पढाउथे ।

विषय शिक्षक नभएका विषयहरू पढाउने शिक्षक खोज्न कोलकाता गएँ र त्यहाँबाट जाधवपुर विश्वविद्यालयका प्राध्यापकहरूलाई करारमा धरान बोलाएँ । पहिलो दुई ब्याच विद्यार्थीहरूलाई त केही विषय पढ्नका लागि कोलकाता जाधवपुर विश्वविद्यालय पठाउने व्यवस्था केन्द्रीय विभागले गऱ्यो । त्यस्तै व्यवस्था काठमाडौं पठाउन पनि भयो । एक जना शिक्षक जाधवपुर विश्वविद्यालय पढेका प्रशान्त

विश्वासलाई कोलकत्ताबाट ल्याएर केही वर्ष धरानमा नै राख्ने र अध्यापनमा संलग्न गराउने प्रबन्ध मिलाइयो ।

कोर्स चयन गर्ने क्रममा भएको एउटा चाखलाग्दो तर महत्वपूर्ण प्रसङ्गबारे लेख्न चाहन्छु । हाम्रो विषय समितिले एम. टेक. मा एउटा विषयको रूपमा Nepalese indigenous food लाई राख्ने निर्णय गऱ्यो । यसले हाम्रो अर्थात् नेपालमा पढाई हुने स्नातकोत्तर खाद्य प्रविधिको मौलिकता दर्साउँथ्यो र यस विषयलाई महत्व दिनु पर्छ भन्नेमा हाम्रो जोड थियो । म विभागीय प्रमुख भएकोले प्रश्नपत्र तयारीको जिम्मेवारी थियो । डिन कार्यालय परीक्षा शाखामा प्रश्नपत्र टाईप गराउने क्रममा सो विषयका प्रश्नपत्रमा नेपाली खाद्यवस्तु र परिकारका नामहरू पढेर टाईपिङ्का महिला कर्मचारी जोडले हाँसेकी थिइन् । मलाई उनलाई विषयवस्तु बारे बुझाउन निकै समय लागेको थियो । मेरो भनाइको अर्थ यो हो कि उनीजस्तै तेतीबेला कति मानिसहरू सायद शैक्षिक क्षेत्रका मानिसहरू पनि यो विषयलाई उटपटांग र असुहाउँदिलो सोच्थे होलान् । आजका दिनमा यो विषयको विकासमा खाद्य प्रविधिका शोधार्थी विद्यार्थीदेखि अनुसन्धानकर्ता, राजनीतिकर्मी र स्थानीय निकायहरूले गहिरो चासो देखाएका छन् ।

त्रि. वि. ले बजेट दिएको थिएन । विद्यार्थीबाट शुल्क उठाएर कार्यक्रम चलाउनु पर्ने अवस्था थियो । विद्यार्थीबाट न्यून शुल्क लिएर कार्यक्रम चलाई राख्नु पर्यो तेही शुल्क रकमबाट थोर-थोरै तलब दिएर एक जना अफिस कर्मचारी र एक जना ल्याब कर्मचारी नियुक्त गरेको थिएँ । पछि त्रि. वि. ले केही दिग्दर्शनशाला (pilot plant) हरूको निर्माणको लागि भनेर रकम उपलब्ध गरिदिएको थियो । त्यो पैसाले मैले Meat pilot plant, dairy pilot plant / food engineering pilot plant को निर्माण गराएँ । मैले यी Pilot plant हरूको डिजाइन गरेको थिएँ ।

धेरै दुःखका साथ एम. टेक. सुरु गरिएको थियो तर एम. टेक. को सुरुवात सँगै खाद्य प्रविधि शिक्षाले ठुलो फड्को मारेको थियो । अब खाद्य प्रविधिमा स्नातकोत्तर र विद्यावारिधिको अध्ययन गर्न विदेश जानु पर्ने बाध्यता हट्यो । सबैलाई चाहेर पनि विदेश गएर पढ्ने मौका नहुन पनि सक्थ्यो । यसको सर्वप्रथम फाइदा क्याम्पसका शिक्षक-शिक्षिकाहरूलाई भयो । अहिले क्याम्पस र केन्द्रीय विभागमा कार्यरत सबै शिक्षकशिक्षिकाले (प्रा. पशुपति मिश्रबाहेक) यहीँ खाद्य प्रविधि केन्द्रीय विभागमा एम. टेक. पढ्नु भएको हो । यसै गरी दुई जना शिक्षक (हाल सेवा निवृत्त) हरूले केन्द्रीय विभागबाट Ph. D गर्नु भएको र हाल दुई जना शिक्षकहरू विभाग अन्तर्गत नै Ph. D अध्ययनरत हुनुहुन्छ । यसरी क्याम्पसमा शिक्षक बन्न तथा प्राज्ञिक उन्नयनका निम्ति एम. टेक. (फुड) ले महत्वपूर्ण

भूमिका खेलेको छ । एम. टेक. गर्नाले शिक्षक हुने योग्यता पुग्दछ भने Ph.D. वृत्ति विकास(बढुवा) को लागि सहयोगी हुने हुन्छ ।

आज यो लेख तयार गरिरहँदा म खाद्य प्रविधि केन्द्रीय विभागको स्थापना, एम. टेक. को पाठ्यक्रम निर्माण, कोर्स लेखनका साथै न्यून पारिश्रमिकमा कक्षा लिई दिनुहुने खाद्य प्रविधि शिक्षाको विकासमा कटिबद्ध केन्द्रीय प्रविधि क्याम्पसका मेरा पुराना शिक्षक मित्रहरू विशेष गरी प्रा. डा. सुरेन्द्र बहादुर कटवाल, प्रा. डा. गङ्गा खरेल, प्रा. डा. धन बहादुर कार्की प्रा. पशुपति मिश्रलाई सप्रेम सम्झन चाहन्छु तथा उहाँहरूलाई हृदयबाट नै धन्यवाद दिन चाहन्छु ।

मैले २०६३ सालसम्म खाद्य प्रविधि केन्द्रीय विभागको प्रमुख भएर काम गरेँ । २०५८ सालमा सुरु भएको एम. टेक. कार्यक्रमले आज २० वर्षमा प्रवेश गरेको भए पनि केन्द्रीय विभागका लागि भौतिक सुविधा (ल्याब, उपकरण) को सन्तोषजनक व्यवस्था हुन नसकिरहेको देखेर दुःख लाग्छ । पर्याप्त शैक्षिक सामग्री तथा आधुनिक, विशिष्टीकृत प्रशोधन एवं विश्लेषणका उपकरणको सुविधा हुन सकेमा एम. टेक. तह सुहाउदो विशिष्ट ज्ञान र उच्च गुणस्तरको अनुसन्धान सम्भव हुन्छ । यो सुविधा विद्यावारिधिको अनुसन्धान गर्ने विद्यार्थीहरूले पनि उपयोग गर्न पाउँछन् ।

२०७२ सालदेखि एम. टेक. सेमेस्टर प्रणालीबाट सञ्चालनमा आएको छ, जुन स्वागतयोग्य छ । म यसको पाठ्यक्रम निर्माण र कोर्स लेखनको कार्यमा सहभागी भएको छु । मैले Meat Technology को सिलेबस तयार पारेको हुँ । सेमेष्टर प्रणालीको पाठ्यक्रम निर्माणमा तदारुकता देखाउनु हुने तत्कालीन विभागीय प्रमुख गीता भट्टराईप्रति म साधुवाद प्रकट गर्दछु ।

मलाई एम. टेक. को माया लाग्छ । त्यो आफ्नो सन्तानजस्तो लाग्छ । त्यसैले हालका केन्द्रीय विभाग प्रमुख प्रा. वसन्तकुमार राईले अनुरोध गर्दा सम्भव भएसम्म म धरान गएर एम. टेक.का विद्यार्थीहरूलाई Meat technology को कोर्स पढाउँछु । जानेका दुई - चार कुरा सिकाउँन पाउँदा खुसी लाग्छ । विद्यार्थीहरू र केन्द्रीय विभागका शिक्षकशिक्षिहरूसित प्रयोगात्मक कोर्समा आधारित भ्रमणमा जाँदा रमाइलो लाग्छ ।

क्याम्पस र केन्द्रीय विभागबाहिर रहँदाका समयका एम. टेक. सित सम्बन्धित एक-दुईटा प्रसङ्ग लेख्न चाहन्छु । म २०६३ सालमा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) को सचिव पदमा नियुक्त भएँ । यो अचानक भएको घटना थियो । एक दिन अचानक त्यस प्रतिष्ठानका नव नियुक्त उपकुलपति प्रा. डा. होमनाथ भट्टराईबाट मलाई प्रतिष्ठानको सचिवमा प्रधानमन्त्री तथा कुलपति (स्व गिरिजाप्रसाद कोइराला) बाट नियुक्ति भएको खबर

आयो । नियुक्ति अस्विकार गर्नु उचित लागेन र २०६३ देखि २०६७ सम्म म त्यस प्रतिष्ठानको सचिव पदमा रहेर काम गरेँ । त्यहाँ मलाई थाहा भयो कि प्रतिष्ठानले त्रि. वि. का विज्ञान तथा प्रविधि विषयका हरेक केन्द्रीय विभागमा अध्ययन गर्ने दुई उत्तम विद्यार्थीलाई थेसिस कार्य गर्न नगद अनुदान दिने गरेको रहेछ । म कहाँ जब फाइल आयो मैले सम्बन्धित कर्मचारीलाई अबदेखि धरान खाद्य प्रविधि केन्द्रीय विभागमा पनि अनुदान पठाउन भनेँ । त्यस वर्षदेखि एम. टेक. (फुड) का विद्यार्थीहरूले पनि नास्टबाट अनुसन्धान अनुदान पाउँन थाले ।

अर्को प्रसङ्ग म चीन जाँदाको हो । म सन् २००८ मा Belt and Road University Alliance for Food Science and Education को सम्मेलनमा सहभागी हुन चीनको उसासि (Wuxi) गएको थिएँ । JIangnan University ले यसको आयोजना गरेको थियो र म उसैको निमन्त्रणामा गएको थिएँ । यो अहिले खाद्य प्रविधिको विश्व कै उत्कृष्ट विश्वविद्यालय भएको छ । यस विश्वविद्यालयमा धेरै नेपाली विद्यार्थीले पढेका छन् । त्यहाँ मेरो भेट Queensland University, अस्ट्रेलियाका प्राध्यापक डा. भेष भण्डारीसित भयो । हामी असल मित्र पनि हौँ । हामीबिच JIangnan University सित नेपालको खाद्य प्रविधि शिक्षालाई कसरी जोड्न सकिन्छ भन्ने बारे कुराकानी भयो र हाम्रो सल्लाह बमोजिम भेष सरले त्यहाँको प्रोफेसरसित एम. टेक. का एक जना उत्तम विद्यार्थीलाई त्यस वि. वि. मा अनुसन्धान कार्य (dissertation) गर्ने अवसर र सुविधा मिलाई दिने बारे कुरा गर्नु भयो । त्यसैअनुसार एक जना विद्यार्थीले अवसर पाई सक्नु भएको छ । मलाई आशा छ JIangnan University ले यो अवसर भविष्यमा पनि उपलब्ध गराउने छ ।

सहायक डीन तथा क्याम्पस प्रमुख हुँदाको अनुभव

म २०५९ सालमा केन्द्रीय प्रविधि क्याम्पसको सहायक डिन तथा क्याम्पस प्रमुख भए । यथार्थमा मैले केन्द्रीय प्रविधि क्याम्पसको सहायक डिन तथा क्याम्पस प्रमुखका साथसाथै खाद्य प्रविधि केन्द्रिय विभाग प्रमुख भएर काम गरेँ ।

विज्ञान अध्ययन संस्थान अन्तर्गतको एउटा विज्ञान क्याम्पसको हैसियत भएको यो क्याम्पस २०४५ सालमा केन्द्रीय प्रविधि क्याम्पसमा रूपान्तरण भएको हो । केन्द्रीय प्रविधि क्याम्पस भएपछि यसको प्रमुखको रूपमा सहायक डिन रहने व्यवस्था भयो । स्मरण रहोस्, खाद्य प्रविधि नै त्रिभुवन विश्वविद्यालयको एक मात्र प्रविधि कार्यक्रम हो र यही खाद्य प्रविधि कार्यक्रमको कारण यस क्याम्पसको नाम केन्द्रीय प्रविधि क्याम्पस रहेको हो ।

२०५५ सालमा क्याम्पसले विकेन्द्रीकरण प्रणाली अपनाएको थियो । विकेन्द्रीकरणमा जानु सँगै क्याम्पसको आर्थिक कठिनाई सुरु भएको थियो । त्रि. वि. ले न्यून बजेट रकम दिन थाल्यो । मलाई क्याम्पस चलाउन समस्या भयो । म सहायक डिन हुँदा बी. टेक. (फुड), आइ. एस्सी. र बी. एस्सी. (Microbiology) कार्यक्रमहरू सञ्चालनमा थिए । मैले पदबाट राजिनामा दिएको थिएँ तर उपकुलपति प्रा. डा. गोविन्द शर्माले स्वीकृत गर्नु भएन । पछि थोरै राहत रकम पठाई दिनु भयो । त्यही बेला हो खर्च धान्न बी. टेक. को भर्ना कोटामा फेर-बदल गरिएको । यसअनुसार पहिलाको २० नियमित सिटमा फेर-बदल गरी १६ जना नियमित तर्फ, ४ जना रु १ लाखमा दरले डोनेसन र ४ जना रु ३ लाखका दरले सार्क कोटा निर्धारण गरी लागु गरियो । क्याम्पस त्यस्तो असहज आर्थिक स्थितिबाट गुज्रन परे पनि शिक्षक, कर्मचारी, विद्यार्थी सबैको सहयोगको कारण पढाई राम्रोसँग भयो, एकदिन पनि हड्ताल भएन र परीक्षाको रिसल्टहरू पनि राम्रो आयो । यसका लागि म सबैलाई धन्यवाद दिन चाहन्छु ।

क्याम्पस व्यवस्थापन समिति अध्यक्षको अनुभव र क्याम्पसको भावी मार्गचित्र बारे केही विचार

२०६९ सालमा क्याम्पसलाई स्वायत्तता प्रदान गरियो । विश्वविद्यालयले उपलब्ध गर्ने सामान्य, नियमित बजेट रकमबाट विश्वविद्यालय तहको प्राविधिक शिक्षा स्तरीय हुन नसक्ने, क्याम्पसको शैक्षिक कार्यक्रमहरूको स्तरोन्नति हुनु पर्छ भन्ने मान्यता र भावनाको साथ मैले क्याम्पस प्रशासनको स्वायत्ततामा जाने प्रस्तावलाई पूर्ण समर्थन गरेँ । आशा गरेअनुरूप क्याम्पसले धेरै भौतिक विकासका काम गरेको छ साथै शिक्षाको गुणस्तर वृद्धि गर्ने तर्फ पहल कदमी गरिरहेको छ ।

केन्द्रीय प्रविधि क्याम्पस स्वायत्त क्याम्पस भएकोले यसको सञ्चालन क्याम्पस व्यवस्थापन समितिबाट हुन्छ । म २०७३ सालमा केही महिना त्यस समितिको अध्यक्ष थिएँ र केही बैठकहरूको अध्यक्षता गर्ने मौका पाएको थिएँ । त्यसताका मैले दातृ संस्थाबाट प्राप्त हुने गरेको सहयोग रकमबाट आधुनिक, विशिष्टीकृत विश्लेषण-उपकरणहरूको खरिद गर्न क्याम्पस प्रमुख लगायत कार्य समितिलाई आग्रह गरेको थिएँ । त्यसो भएमा क्याम्पसको पठन-पाठनको स्तर वृद्धि हुने, गुणस्तरीय अनुसन्धान कार्य गर्न सकिने, यसले गर्दा क्याम्पसको नाम र ख्याती विश्वमा स्थापित हुन सक्ने भन्ने मेरो मान्यता र आशा थियो । मलाई थाहा छैन क्याम्पसले यस बारे कति मनन गर्‍यो वा गरेन ।

सेवा निवृत्त भएको कारणले मैले क्याम्पसलाई धेरै नेतृत्व दिन सकिन यद्यपि पुनः नियुक्तिको लागि नियमको बाधा थिएन । अध्यक्षमा मेरो निरन्तरता भएको भए

खाद्य विज्ञान तथा प्रविधिसित समीप केहि व्यावहारिक बिज्ञान (applied science) र प्रविधिका विषय जस्तै Sugar technology, dairy technology, brewery technology का डिग्री प्रोग्रामहरू सञ्चालन गर्दै निकट भविष्यमा नै यसलाई व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थान बनाउने गरी क्याम्पसको मार्गचित्र तयार गर्ने इच्छा थियो । फलस्वरूप २०३० सालमा व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थान स्थापना हुँदाको योजना र परिकल्पना पूरा हुने थियो र यसले देशमा विशिष्ट प्राज्ञिक स्थान र पहिचान हासिल गर्न सक्ने थियो । यो विचार मैले विगतमा पनि वरिष्ठ शिक्षक मित्रहरूसित सेयर गरेको थिएँ । क्याम्पस व्यवस्थापनलाई अझै पनि यसतर्फ सोच्न मेरो सल्लाह छ । वास्तवमा बी. एस्सी. Nutrition and Dietetics कार्यक्रमले यही योजनालाई सबलीकृत गरेको हो । २०६१ सालमा त्रि. वि. ले सोध्दा मैले म यो कार्यक्रम चलाउँन इच्छुक छु , तयार छु भनें । सहायक डिन र खाद्य प्रविधि विषय समिति अध्यक्षसमेत भएको हुँदा मलाई पाठ्यक्रम तयार गर्न र प्रशासनिक काम गर्न सजिलो थियो । कोर्स लेख्ने काम भई रहेको बेला म चार वर्षका लागि नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको सचिव भएर जानु पर्यो । मपछि यसको जिम्मेवारी डा. गङ्गा खरेलले लिनु भयो । समय लागे पनि २०६७ सालमा बी. एस्सी. Nutrition and Dietetics कार्यक्रम सुरु भयो । मलाई क्याम्पसको यो उपलब्धिमा खुसी लागेको छ ।

अन्त्यमा

अहिले एउटा अङ्गिक क्याम्पस र दशवटा सम्बन्धन प्राप्त गरी जम्मा एघारवटा खाद्य प्रविधिको क्याम्पस छन् । यी सबै क्याम्पसमा हुने खाद्य प्रविधिको शैक्षिक कार्यक्रमलाई हेर्ने गरी खाद्य प्रविधि विषयका एक जना वरिष्ठ तहको पदाधिकारी जस्तै :- पहिलाको जस्तो सहायक डिन र कार्यालयको व्यवस्था हुन आवश्यक छ । यसो भएमा खाद्य प्रविधिको शैक्षिक कार्यक्रमलाई सुगठित र बढी प्रभावकारी ढङ्गले सञ्चालन गरेर लान सकिन्छ । केन्द्रीय प्रविधि क्याम्पसका प्रमुखलाई क्याम्पसकै शैक्षिक कार्यक्रमहरूको भार ठुलो छ । अझ सारा खाद्य प्रविधिको भारी उनीमाथि लाद्न उचित हुन्न । यो विषयमा त्रि. वि. ले कदम चाल्न ढिलो भैसकेको छ ।

म त्रि. वि. बाट सेवा निवृत्त भए पनि र केन्द्रीय प्रविधि क्याम्पसको सेवामा नरहे पनि खाद्य प्रविधि शिक्षासित मेरो सम्बन्ध टुटेको छैन । म अझै पनि काठमाडौँमा खाद्य प्रविधिको अध्यापन, अनुसन्धान तथा परीक्षाका काममा संलग्न छु । विद्यार्थीहरूलाई

पढाउन, अनुसन्धानमा मार्ग निर्देश गर्न मलाई मन पर्छ । मेरो जीवनकाल यसै क्षेत्रमा व्यतित भैरहेको छ ।

*

(प्रा.डा. दिलिप सुब्बा केन्द्रीय प्रविधि क्याम्पस धरानका पूर्व सहायक डीन तथा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानका पूर्व सदस्य सचिव हुनुहुन्छ)

केन्द्रीय प्रविधि क्याम्पस हात्तीसारको ऐतिहासिक पृष्ठभूमि : एक सिंहावलोकन

सहप्रशासक गोविन्दमान श्रेष्ठ (भूमिकस)

नेपाल अधिराज्यमा वि.सं. २०३० सालमा नयाँ शिक्षा योजना पद्धति लागू भएपश्चात् त्रिभुवन विश्वविद्यालयअन्तर्गत सबै निजी र सामुदायिक कलेजहरूलाई एकै छतामुनि ल्याई दशवटा अध्ययन संस्थानअन्तर्गत विभाजन गरियो । यसरी स्थापित दश अध्ययन संस्थानमध्ये एक थियो व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थान । यसको डीन कार्यालय र केन्द्रीय क्याम्पस धरानको जनपथस्थित श्री गजेन्द्रप्रसाद आचार्य र श्री यज्ञप्रसाद आचार्यका दुईवटा भवनमा वि.सं. २०३० साल श्रावण १ गतेदेखि सञ्चालन सुरु भयो । Institute of Applied Science and Technology का प्रथम डीन प्रा.डा. परासरनारायण सुवाल हुनुहुन्थ्यो र सहायक डीनमा प्रा.डा. सुरेशराज शर्मा हुनुहन्थ्यो । डीन प्रा.डा. परासरनारायण सुवाल त्रिभुवन विश्वविद्यालयको प्रथम रजिष्ट्रार पनि हुनुहुन्थ्यो, जसको नेतृत्वमा कीर्तिपुरको जग्गा छनौट गरी त्रिभुवन विश्वविद्यालयको केन्द्रीय कार्यालय र विभिन्न क्याम्पस सञ्चालन गर्न अधिग्रहण गरी त्रि.वि. अन्तर्गत ल्याउने काममा सफलता मिलेको थियो । डा. सुवालले औद्योगिक रसायनशास्त्र (Industrial chemistry) मा भारतबाट विद्यावारिधि उपाधि लिनुभएको थियो ।

यसै गरी सहायक डीन प्रा.डा. सुरेशराज शर्मा Orgaic Chemistry मा स्नातकोत्तर गरी वेलायतबाट सोही विषयमा विद्यावारिधिको उपाधि लिनुभएको हो । उहाँले व्यावाहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थान त्रि.वि.को व्यवाहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्र Research Centre for Applied Science and Technology (RICAT) मा रूपान्तरण भएपछि त्रि.वि. सेवा छाडेर काठमाण्डौं विश्वविद्यालय धुलिखेलको स्थापना गरी त्यसको संस्थापक उपकुलपति भई धेरै वर्षसम्म सञ्चालन गर्नुभयो । उहाँकै भगीरथ प्रयासस्वरूप काठमाण्डौं विश्वविद्यालय संसारमा नेपालको गर्बिलो स्थान राख्न सफल भयो । के.यु.को व्यवस्थापन सङ्काय तथा प्राविधिक सङ्कायहरूमा दीक्षित विद्यार्थीहरूको युरोप, अमेरिका, अष्ट्रेलिया जस्तो विकसित मुलुकमा पनि माग भइरहेको छ ।

व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानको मूल उद्देश्य देशमा रहेका चिया कारखाना, अन्य पेय पदार्थका उद्योगहरू तथा अल्कोहल र वियर उद्योगहरू जस्ता विभिन्न खाद्य उद्योगहरूका लागि मध्यम स्तरको प्राविधिक जनशक्ति उत्पादन गर्नु थियो । यस लक्ष्यको प्राप्तिका लागि प्रमाणपत्र तहको खाद्य प्रविधि पाठ्यक्रम सञ्चालन २०३०

भाद्रदेखि सुरु भयो । यसको पाठ्यक्रम सेमेष्टरमा आधारित चार सेमेष्टरको थियो । प्रत्येक सेमेष्टर छ महिनाको राखिएकोमा परीक्षामा आन्तरिक मूल्याङ्कन प्रणाली र हरेक सेमेष्टर परीक्षाको अन्तिम Comprehensive परीक्षाको व्यवस्था थियो ।

खाद्य प्रविधिको पाठ्यक्रम जस्ता व्यावहारिक विज्ञान तथा प्राविधिक अध्ययन संस्थानअन्तर्गत प्रयोगशाला प्रविधि Laboratory Technology को चार सेमेष्टरको पाठ्यक्रमसँगै सञ्चालनमा ल्याइएको प्रयोगशाला प्रविधि अध्यापनको मुख्य लक्ष्य विभिन्न उद्योग स्थापनामा गरिने प्रयोगशालामा विश्लेषणको काम गर्ने, अस्पतालमा रगत विश्लेषण गर्ने र फोटोग्राफीका स्टुडियोमा फोटो डेभलप गर्ने मध्यमस्तरीय प्राविधिक जनशक्तिको उत्पादन गर्नु थियो ।

उक्त अध्ययन संस्थानको विस्तार कार्यक्रमअन्तर्गत जुट टेक्नोलोजी, सिमेन्ट टेक्नोलोजी, टर्पेन्टाइन इन्डस्ट्री, फाउन्ड्री आदि प्राविधिक विषयमा पनि मध्यमस्तरीय जनशक्ति उत्पादन गर्न बृहत् कार्यक्रमको रूपरेखा तयार गरिएको थियो ।

खाद्य प्रविधि तथा प्रयोगशाला प्रविधिको प्रवीणता प्रमाणपत्र तहको अध्यापनबाहेक यस अध्ययन संस्थानका अन्य उद्देश्य थिए -

1. Instrumentation
2. Documentation
3. Training tyf
4. Research and Development

सर्वप्रथम काठमाण्डौबाट ०३० अषाढमा धरान आएका डीन प्रा.डा. सुवालले पिण्डेश्वर विद्यापीठको खाली जमिनमा उक्त संस्था खोल्ने प्रयास गर्नुभएको थियो तर त्यो सम्भव नभएपछि वि.सं. २०३२ सालमा विजयपुर हात्तीसारको करिव बीस बिगाह जग्गा छनौट गरी अधिग्रहणको प्रक्रिया अघि बढाइएको थियो । उक्त जग्गा अधिग्रहणमा कोशी अञ्चलाधीशको कार्यालयको अगुवाइमा जग्गा, घर, फलफुलको बोट आदिको मुहाबजा निर्धारण गर्न स्थानीय वडा नं. १४ का तत्कालीन वडाध्यक्ष स्व. पदमनरसिहं श्रेष्ठ, स्थानीय समाजसेवी श्री कृष्णबहादुर श्रेष्ठ, तत्कालीन जिल्ला पञ्चायत सुनसरीका सुब्बा श्री गुरूप्रसाद श्रेष्ठको सक्रिय सहयोग प्राप्त भएको थियो ।

वि.सं. २०३० अषाढ ७ मा सर्वप्रथम विभिन्न विषयका सहायक तथा उपप्रा. नियुक्त गरी ०३० श्रावणदेखि भर्ना पक्रिया सुरु गर्ने गरी कार्य थालनी गरियो ।

स्थापनाकालमा नियुक्त भएका शिक्षक, कर्मचारीहरूको सूची तथा डीन कार्यालय र केन्द्रीय क्याम्पसको फ्याकल्टी सदस्यहरू निम्नलिखित रहेका थिए ।

१. प्रा.डा. परासरनारायण सुवाल - डीन
२. प्रा.डा. सुरेशराज शर्मा - सहायक डीन
३. प्रा.डा. पुरणप्रसाद श्रेष्ठ - रसायन शास्त्र-उपप्रा. तथा क्याम्पस प्रमुख
४. प्रा.डा. भद्रमान तुलाधर - गणित
५. सहप्रा. अनुपमराज तुलाधर - केमिकल टेक्नोलोजी
६. प्रा. बद्रीमान श्रेष्ठ - प्राणीशास्त्र
७. प्रा.डा. जगतबहादुर के.सी. - रसायनशास्त्र
८. प्रा.डा. ललितबहादुर बस्नेत - भौतिकशास्त्र
९. सहप्रा. जगन्नाथ श्रेष्ठ - नेपाल परिचय
१०. प्रा.डा. खेम कोइराला बन्धु - नेपाली
११. सहप्रा. गोविन्दमान श्रेष्ठ - अङ्ग्रेजी

प्रशासन, लेखा तथा पुस्तकालयतर्फ

१. स्व. शङ्करलाल श्रेष्ठ - सहायक प्रशासक
२. श्री शङ्करमान श्रेष्ठ - आन्तरिक लेखापरीक्षक
३. श्री बालकृष्ण कार्की - पुस्तकालय प्रमुख
४. श्री खगेन्द्र खड्का - स्टोरकिप्पर
५. श्री पुष्पराज शाक्य - सहायक स्टोरकिप्पर
६. श्री पासाङ्ग तामाङ्ग - ल्याव व्याई
७. सुश्री सीता शर्मा - टा. कम क्लर्क
८. सुश्री जमुना त्रिखत्री - टा. कम क्लर्क
९. सुश्री रेनुका राई - टा. कम क्लर्क
१०. श्री पहलमान राई - हेड चौकीदार
११. श्री रुद्रबहादुर भण्डारी (क्षेत्री) - चौकीदार

खाद्य प्रविधि तथा प्रयोगशाला प्रविधिमा अध्ययन गर्ने विद्यार्थीका लागि प्रतिमहिना रु. १०० छात्रवृत्ति प्रदान गरिएकाले उक्त विषय अध्ययन गर्न झापा, इलाम, ताप्लेजुङ, पाँचथर, तेह्रथुम, सङ्खुवासभा, उदयपुर, भोजपुर, खोटाङ्ग आदि पूर्वाञ्चल जिल्लाबाट गरिब तर प्रतिभाशाली विद्यार्थीहरू ओइरिए र प्रवेश परीक्षा उत्तीर्ण गरी अध्ययनमा सामेल भए । तर यो कार्यक्रम नीतिगत रूपमै Self Termination भएको हुनाले तहगत परीक्षा उत्तीर्ण भएपछि आफ्नो आफ्नो सम्बन्धित उद्योग, कलकारखाना तथा अनुसन्धान केन्द्रमा जानै पर्ने बाध्यता थियो । यसपछि वि.सं. २०३३ मा नयाँ शिक्षा

पद्धतिको Comprehensive परीक्षाको विरोधमा विद्यार्थी आन्दोलन सुरु भएपछि त्रि.वि.ले डीन कार्यालय कीर्तिपुरमा स्थानान्तरण गऱ्यो र त्यहींबाट केन्द्रीय क्याम्पस हात्तीसारमा काठका टहराहरू दश थान निर्माण गरी क्याम्पस तथा कार्यालय सञ्चालनमा आउन थाल्यो ।

२०३४ मा क्याम्पस परिसरमा अरनिको निर्माण सेवाबाट रु. ३६,००,०००।- को लागतमा निर्माण भएको ल्यावोरोटोरी भवन १, गेष्ट हाउस भवन १ र ६ वटा बी टाइप क्वाटर र १२ वटा सी टाइप क्वाटर प्रयोगमा आएपछि प्रयोगात्मक कक्षा र विभिन्न ल्याब सोही भवनमा सञ्चालन भयो तथा गेष्ट हाउस भवन कार्यालय प्रयोजनमा उपयोग भयो । उक्त भवनहरूको निर्माणमा प्रा.डा. भद्रमान तुलाधरले निरन्तर अनुगमन तथा मार्गदर्शन गरी छोटो समयमै निर्माण कार्य सम्पन्न गराउन सफल हुनु भयो ।

आन्दोलनका कारण खाद्य प्रविधि तथा प्रयोगशाला प्रविधिको तेस्रो ब्याच वि.सं. २०३३/०३४ लाई वार्षिक परीक्षामा परिवर्तन गरियो । यसरी २०३५ को विद्यार्थी आन्दोलनपश्चात् डीन कार्यालय विघटन गरी व्यवहारिक विज्ञान तथा प्राविधिक अनुसन्धान केन्द्रमा परिणत गरियो तथा केन्द्रीय क्याम्पस हात्तीसारलाई विज्ञान अध्ययन संस्थानअन्तर्गत धरान क्याम्पस नामकरण गरी प्रवीणता प्रमाणपत्र तह विज्ञान Profieciency Certificate Level दुईबर्से कार्यक्रम २०३६ सालदेखि सुरु गरियो । खाद्य प्रविधि तर्फ २०३७ देखि ४ वर्षीय स्नातक बी.टेक. खाद्य प्रविधिको पाठ्यक्रम प्रा.डा. भूपेन्द्रलाल लाहिडी, प्रा.डा. देवभक्त शाक्य, सहप्रा. आनन्दप्रकाश प्रधान, उपप्रा. भीष्मनन्द वैद्य तथा विद्या परिषद्का अन्य विज्ञ सदस्यहरूले CFTRI Mysore को मोडलमा तयार गरी खाद्य प्रविधि प्रमाणपत्र तह उत्तीर्ण गरेकाले अध्ययन गर्न पाउने गरी अध्यापन सुरु गरियो तर प्रयोगशाला प्रविधिको भर्ना स्नातक तह अध्ययन गर्ने व्यवस्था नगरिएकोले त्रि.वि.ले खाद्य तथा प्रयोगशाला प्रविधिमा प्रमाणपत्र तह उत्तीर्ण गरेकालाई व्यवस्थापन तथा मानविकी सङ्कायमा उच्च अध्ययन गर्न स्वीकृति दियो ।

वि.सं. २०३६ को जनमत सङ्ग्रहपछि नयाँ शिक्षा पद्धतिका प्रायजसो व्यवस्थाहरू परिमार्जित हुँदै वार्षिक परीक्षाका प्रणालीमा प्राविधिक विषयहरू सञ्चालन हुन थाले । वि.सं. २०३९ मा विज्ञान अध्ययन संस्थानलाई विज्ञान तथा प्रविधि अध्ययन संस्थानमा रूपान्तरित गरियो र धरान क्याम्पसबाट केन्द्रीय प्रविधि क्याम्पस नामकरण गरी डीन कार्यालयअन्तर्गत तीनवटा सहायक डीनको व्यवस्था गरी सहायक डीनबाट क्याम्पस प्रशासन व्यवस्था गरियो ।

यस क्याम्पसले दुईपटक तत्कालीन राजा वीरेन्द्रको सवारी चलाउने अवसर प्राप्त गरेको थियो । पहिलोपटक २०३६ सालमा क्याम्पस प्रमुख श्री पुरणप्रसाद श्रेष्ठका आतिथ्यमा र अर्कोपटक २०४२ सालमा सहायक डीन श्री जगत्बहादुर के.सी.का आतिथ्यमा दुबैपटक राजा वीरेन्द्रबाट क्याम्पसका विभिन्न प्रयोगशालाहरू अभिरुचिपूर्वक निरीक्षण गर्दै प्राविधिक शिक्षाको स्तरोन्नतिका लागि सहयोग गर्ने वचन दिइएको थियो ।

यस क्याम्पसमा खाद्य प्रविधिको पाठ्यक्रमलाई सो सँग सम्बन्धित उद्योगहरू र संस्थानहरूलाई लाभदायक हुने गरी परिमार्जन गर्न विभिन्न खाद्य उद्योग, डिस्टिलरी आदिका उद्योग प्रतिनिधि र खाद्य प्रविधिका शिक्षक, विद्यार्थीका बीच अन्तर्सम्बन्ध कायम गर्न तीनपटकसम्म खाद्य प्रविधिका राष्ट्रिय सेमिनारको आयोजना गरियो । प्रथमपटक २०४२ सालमा राजाको सवारी अगाडि, दोस्रोपटक २०४५ सालमा र तेस्रोपटक २०५० सालमा सहायक डीन प्रा. बद्रीनाथ श्रेष्ठका नेतृत्वमा क्याम्पसको एसेम्ब्ली हलमा दुई दिनसम्म सञ्चालन गरिएको थियो । उक्त सेमिनारहरूको Proceedings बाट त्यसका उपलब्धिहरूको जानकारी गर्न सकिन्छ ।

२०४६/२०४७ को परिवर्तनपछि क्याम्पसमा नेतृत्व परिवर्तन भयो तथा शिक्षण तथा प्रशासनमा खुकुलोपन आयो । क्याम्पसको शैक्षिक कार्यक्रम बी.एस्सी. माइक्रोवायोलोजीको माग हुन थालेपछि खाद्य प्रविधिका शिक्षक तथा विद्यार्थीहरूबाट विरोधका स्वरहरू आउन थाले । खाद्य प्रविधि जस्तै बी.एस्सी. माइक्रोवायोलोजी पूर्वाञ्चलमै नभएकाले तथा यो विषय रोजगारमूलक भएको हुँदा ल्याउन उपयुक्त हुने अन्य शिक्षक र कर्मचारीबाट समर्थन प्राप्त भयो । यसको विरोध गर्दै खाद्य प्रविधिका विद्यार्थीहरूबाट २०५२ मा सहायक डीन, सहायक क्याम्पस प्रमुख तथा कार्यालयका कर्मचारीहरूलाई तीन दिन तालाबन्दी गरियो । पछि इलाका प्रशासनका समन्वयमा तालाबन्दी खुला गरियो । यसअघि २०३५ सालमा विद्यार्थीको सुविधा बढाउने र शैक्षिक भ्रमण भत्ता बढाउने माग गरी क्याम्पस प्रमुख पुरनप्रसाद श्रेष्ठ तथा शिक्षकहरू र कार्यालयका कर्मचारीहरू समेतलाई पाँच दिनसम्म तालाबन्दी भएको थियो ।

वि.सं. २०५२ मा सहायक डीन सहप्राध्यापक तिलकमान श्रेष्ठका कार्यकालमा बी.एस्सी. माइक्रोवायोलोजी स्वीकृत भई पठन पाठन सुरु भयो । उक्त बी.एस्सी. माइक्रोवायोलोजीको ल्याबहरू स्थापना गर्न तथा कार्यक्रम सञ्चालन गर्न प्राध्यापक पुष्पमान श्रेष्ठको सराहनीय योगदान रह्यो । यसै गरी २०५६ सालमा सहायक डीन जगत्बहादुर के.सी.को कार्यकालमा एम.टेक. खाद्य प्रविधि (दुईबर्से) कार्यक्रम सञ्चालन गर्न सहायक डीन प्रा. जगत बहादुर के.सी.का विशेष प्रयासमा २०५७ देखि सञ्चालनमा

आयो । उक्त कार्यक्रमका प्रथम विभागीय प्रमुख प्रा.डा. दिलीप सुब्बा हुनुहुन्थ्यो । पछि त्रि.वि.बाट खाद्य प्रविधि केन्द्रीय विभाग गठन भएपश्चात् सोको प्रमुख पनि प्रा.डा. दिलीप सुब्बा हुनुभयो ।

नेपाल सरकारको राष्ट्रिय योजना आयोगबाट बी.एस्सी. न्युट्रिशन सञ्चालन गर्न बजेट स्वीकृत भएपछि सो कार्यक्रम केन्द्रीय प्रविधि क्याम्पसमा ल्याउन तथा बी.एस्सी. न्युट्रिशन चारबर्से पाठ्यक्रम निर्माण गर्न तत्कालीन सहायक क्याम्पस प्रमुख सहप्रा. ऋषिराज गौतमले विशेष भूमिका खेली अन्ततः पाठ्यक्रम स्वीकृत भएपश्चात् २०७० सालदेखि सञ्चालन भयो । यसै गरी २०७० सालदेखि एम.एस्सी. माइक्रोबायोलोजी दुईबर्से पाठ्यक्रम पनि सुरु भएको छ । यसै गरी बी.एस्सी. भौतिकशास्त्र (भूगर्भ विज्ञान) को कार्यक्रम मिति २०७० मा स्वीकृत भई सञ्चालनमा आएको छ ।

यस प्रकार २०३० सालमा स्थापना भएको यो केन्द्रीय क्याम्पस सुरुमा धरान क्याम्पस हुँदै विभिन्न आरोहअवरोह पार गर्दै नेपालको प्रविधितर्फको मिनी विश्वविद्यालय बन्न सफल भएको छ । साथै प्रदेश नं. १ को प्रविधितर्फको उच्च शिक्षाको केन्द्र धरानलाई बनाउने धरानवासीको सदिच्छालाई यस क्याम्पसले निरन्तर प्रगति र उन्नति गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछौं ।

*

(गोविन्दमान श्रेष्ठ केन्द्रीय प्रविधि क्याम्पसका सेवा निवृत्त सहप्रशासक हुनुहुन्छ)

नेपालको विज्ञान तथा प्रविधिका विकासमा केन्द्रीय प्रविधि क्याम्पसको देन

प्रा.डा.मदन कोइराला

संस्थागत साइनाको निकटताको अनुपम उदाहरणस्वरूप २००५ को अक्टोबरमा अफ्रिकी राष्ट्र सेनेगलको राजधानी डकारमा विश्वव्यापी विकास सञ्जालको अन्तर्राष्ट्रिय गोष्ठीमा सहभागी हुने मौका पाएको थिएँ । संसारभरका ७५ देशका प्रतिनिधिको सहभागितामा संयुक्त राष्ट्र सङ्घीय नियोगलगायत विकास साझेदारहरूसँगको त्यस भेलामा सेनेगललगायत जम्मा पाँच जना राष्ट्रका प्रमुखहरूको सहभागिता रहेको थियो । राष्ट्रप्रमुखहरूले पाउने आकर्षणको केन्द्र त छँदै थियो, उल्लेखनीय भनेको पाँच जनामध्ये तीन जना संयुक्त राज्य अमेरिकास्थित सम्मानित हार्वर्ड विश्वविद्यालयका पूर्व विद्यार्थी थिए । तीनैजना राष्ट्र प्रमुखले आफुहरू राष्ट्रपति हुनुभन्दा गर्व हार्वर्ड जस्तो सम्मानित विश्वविद्यालयको पूर्व विद्यार्थी हुनुमा गरेकाले आफू प्रशिक्षित शिक्षण संस्थाप्रतिको अपनत्व सिक्ने मौका पाएको थिएँ ।

आफ्नो जन्मथलोमा स्थापित र सञ्चालित त्रिभुवन विश्वविद्यालय अन्तर्गतको केन्द्रीय प्रविधि क्याम्पसमा वि.सं. २०४० देखि २०५० सम्म करिब एक दशकका अवधिमा कार्यरत रहँदाको मेरो अनुभव पनि जन्मथलोमा अवस्थित संस्था र त्यहाँ काम गर्दाखेरिको अनुभव सोहीअनुसार गर्व गर्न लायक रह्यो ।

नेपालको औद्योगिकीकरणमा अहम् स्थान राख्ने पूर्वाञ्चललाई केन्द्र मानेर विज्ञान तथा प्रविधि क्षेत्रका सक्षम जनशक्ति उत्पादनमार्फत देश विकासमा योगदान पुऱ्याउने २०३० कै दशकको यस प्रयत्नलाई कोशेढुङ्गा नै मान्न सकिन्छ । व्यवहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थान नामाकरण गरी त्रिभुवन विश्वविद्यालयको संरचनाभित्र छुट्टै अध्ययन संस्थान गठन हुनु नेपालको विज्ञान तथा प्रविधि विकासमा एउटा उल्लेखनीय अध्याय हो । स्थापना कालदेखि पूर्ण स्वचालित सञ्चालनसम्म खट्नुहुने व्यक्तित्वहरू नेपालको विज्ञान तथा प्रविधि क्षेत्रका अग्रणी पुस्ताहरू हुनुहुन्छ, जसमध्ये स्व.परासरनारायण सुवाल, डा. सुरेशराज शर्मा, डा. भद्रमान तुलाधर, तिलकमान श्रेष्ठ, स्व. आनन्दप्रकाश सिंह प्रधान, डा. देवभक्त शाक्य, तोयनाथ प्रसाईं, राजकिशोर सहाय, डा. माधवप्रसाद पोखरेल, कृष्णप्रसाद न्यौपाने, रामकृष्ण प्रसाईं, पुरणप्रसाद श्रेष्ठ, जगतबहादुर के.सी. आदि छुटाउनै नहुने व्यक्तित्वहरू हुनुहुन्छ । त्यसका अलावा अन्य कतिपय प्राध्यापक, कर्मचारी एवम् विद्यार्थीहरूका पसिनाले यस क्याम्पसको जग

सिँचिएको छ । कतिपय कर्मचारी मित्रहरू त स्थापना कालमा प्रवेश गरेर यहीँबाट सेवानिवृत्त हुनुभएको छ ।

सुरुवाती वर्षहरूमा अमेरिकी, बेलायती तथा जापानी विशेषज्ञहरूको स्वयंसेवक सेवा पनि यस क्याम्पसले प्राप्त गरेको थियो । मित्रराष्ट्र भारतका विषयविज्ञका रूपमा स्थापना कालदेखि हालसम्म खाद्यप्रविधि, जीवविज्ञान, भौतिकशास्त्र, रसायनशास्त्र जस्ता विषयहरूमा सेवा दिइरहनुभएको छ । डा. आशिष मुखर्जी जस्ता सम्मानित र त्यागी सन्त मनीषीको सेवा यस क्याम्पसले दशकौँदेखि प्राप्त गरिरहेको छ ।

२०४० को दशकसम्म विज्ञान तथा प्रविधि क्षेत्रका प्रतिस्पर्धी विद्यार्थीहरूको छनोट यही क्याम्पस रहेको कुरा वर्तमान वा हालका दिनमा मुलुकभित्र र बाहिर प्राविधिक, प्रशासनिक तथा राजनैतिक नेतृत्वमा केन्द्रीय प्रविधि क्याम्पसमा अध्ययन गरेका विद्यार्थीको उल्लेखनीय सङ्ख्या रहनुले प्रमाणित गर्दछ ।

खास गरी खाद्यप्रविधि एवम् गुणस्तरमा नेपालभित्रका क्षेत्रलगायत विज्ञान प्रविधिका कतिपय विशिष्टीकृत क्षेत्रको नेतृत्व यही क्याम्पसले लिइआएको छ । नेपाल सरकारको सचिव, त्रिभुवन विश्वविद्यालयअन्तर्गत अध्ययन संस्थानको डीनमा यहीँकै विद्यार्थी पुग्न सक्नु क्याम्पसका लागि गर्वको कुरा हुन आउँछ । खास गरी खाद्यप्रविधिको पेशागत संस्थाका नेतृत्वमा यहीँको उपजको नेतृत्वमा करिब करिब दशकदेखि निरन्तरता कायम छ । त्रि.वि. भित्रका ६२ आङ्गिक क्याम्पसमध्ये प्राज्ञिक विशिष्टताका आधारमा लगातार दुई वर्ष सर्वोत्कृष्ट भई राष्ट्रप्रमुखबाट पुरस्कृत हुन पाउनुमा यहाँका विद्यार्थी, कर्मचारी, शिक्षक, प्राध्यापकलगायत सम्पूर्ण परिवारको साझा प्रयत्न सराहनीय छ ।

स्थापना कालदेखिका शिक्षक प्राध्यापकहरूको मेहनत, विद्यार्थीहरूको पठनपाठनप्रतिको लगाव, कक्षा कोठाका अलावा प्रयोगशाला, शैक्षिक भ्रमण अवलोकन, इन्प्लान्ट ट्रेनिङको बनिबनाउ संरचनाले एक प्रकारको खँदिलो जग बस्न गएकाले कार्यक्षेत्रमा यहाँका उपजको व्यवस्थापकीय नेतृत्व सबल देखिएको छ ।

केन्द्रीय प्रविधि क्याम्पसका उपज जनशक्तिले अमेरिकी विश्वविद्यालयहरूमा भौतिक शास्त्र, रसायन शास्त्र, खाद्यप्रविधि जस्ता विषयहरूमा आफ्नै पहिचान बनाउन सफल भएका छन् । दक्षिण कोरिया, क्यानाडा र अष्ट्रेलियाका विश्वविद्यालयहरूमा त्यो पहिचानवाला जनशक्ति देखिने रूपमा छन् । पछिल्लो समयमा बेलायत, स्वीटजरल्याण्ड तथा संयुक्त राष्ट्र सङ्घीय नियोगहरूमा आफ्नो प्रवेश र पहुँच बढाउँदै गरेको देखिन थालेको छ ।

भौगोलिक बनोट, प्राकृतिक सुन्दरतामा तुलनात्मक लाभ बोकेको धराननगरी पर्यटन, स्वच्छता, खेलकुद, धार्मिक सहिष्णुता, आपसी सद्भाव लगायतका विषयमा छुट्टै विशिष्टता बोकेको एवम् शिक्षित जनशक्ति, पूर्वीय दर्शन, संस्कृत, विज्ञान तथा प्रविधि, इन्जिनियरिङ, चिकित्सा विज्ञान विषयक उच्च शिक्षाका केन्द्रहरू भएको आफैँमा एउटा ज्ञानपुञ्ज शहर हो ।

नेपालको सन्दर्भमा प्रविधि केन्द्रित पहिलो उच्च शिक्षा केन्द्रमा हाल खाद्यप्रविधिमा स्नातक, स्नातकोत्तर हुँदै विद्यावारिधिसम्मको अध्ययन अनुसन्धानको अवसर लगायत विज्ञान तथा प्रविधिका विषयहरू भैतिकशास्त्र, रसायन शास्त्र, जीव विज्ञान, सूक्ष्म जीव विज्ञान, भूगर्भ शास्त्र, पोषण विज्ञान हुँदै समयको मागमुताबिकका सूचना प्रविधि पनि एउटै केन्द्र त्यो पनि आवासीय परिवेशमा पढ्न पाउनु भनेको त धरानवासीका लागि गर्वको कुरो हो नै, समाज, संस्कृतिनिर्माणका आधारभूत जगनिर्माण गर्ने यस प्रकारको जीवन्त र व्यवहारिक शिक्षा प्रदान गर्ने संस्थाले मुलुकको दिगोपना र अग्रगमनका लागि सकारात्मक र उल्लेखनीय योगदान दिन्छ ।

पारिस्थितिकीय प्रणालीको छुट्टै विशेषता बोकेको प्रदेश १, २ का लेखांकन रामसारमा सूचीकृत कोशी टप्पु राष्ट्रिय निकुञ्ज हुँदै चुरे, भावर, तराई मधेशका विशेषता,गुराँसको तीनजुरे मिल्के वन, जलजलेको घाँसे मैदान तथा चरीचरण क्षेत्र, चिया, अलैँची खेतीलगायत पर्वताराहोणसँग सम्बन्धित विषयहरू, पग्लिँदा हिमनदी र जलवायु परिवर्तनका असर, कोशी जलाधार, जलकपुर र सोँसलगायतका जलचर, जान्न बाँकी रहेका भूगर्भका विषय छन् । तीलगायत गुन्द्रुक, सिन्की, सिप्लीकान, किनिमा, कोदोको छयाङ, तीनपाने, ऐँसेलु, चुत्रो, काफलबाट बनाएको हिँवाको वाइन छन् । उपलव्ध घाँस, दाउराका प्रकार लागायत ज्ञानका खुल्न बाँकी रहेका आयामहरू छन्, तीलगायत उघार्न बाँकी ज्ञानका थप खजानाहरू छन्, केन्द्रीय प्रविधि क्याम्पसले आफ्नो दक्षता, क्षमता उचित ढङ्गले प्रयोग गर्नेछ, हार्दिक शुभकामना !

*

(**नोटः** वि.सं २०४० देखि २०४९ सम्म केन्द्रीय प्रविधि क्याम्पसमा कार्यरत प्रा. कोइराला विज्ञान तथा प्रविधि अध्यान संस्थानका पूर्व सहायक डीन हुनुहुन्छ)

केन्द्रीय प्रविधि क्याम्पसको विकासक्रम, योगदान र सुझाव

डा.गङ्गाप्रसाद खरेल
प्राध्यापक (खाद्य प्रविधि)

विषय प्रवेश

नेपालमा औपचारिक उच्चशिक्षाको सुरुआत त्रिचन्द्र कलेजबाट सन् १९१८ देखि भए तापनि व्यवस्थित रूपमा उच्चशिक्षाको प्रारम्भ सन् १९५९ मा त्रिभुवन विश्वविद्यालय (त्रि.वि.) स्थापना भएपछि भएको थियो । तत्पश्चात् साठीको दशकमा विभिन्न मानविकी र विज्ञान विषयमा स्नातक र स्नातकोत्तर विषयको अध्ययन अध्यापन सुरु भयो । यसै अवधिमा कीर्तिपुरमा रसायन, भौतिक, प्राणी र वनस्पतिशास्त्र विषयमा स्नातकोत्तरसम्मको पढाइ थालियो । देशमा प्राविधिक शिक्षाविना देश विकास गर्न सम्भव हुँदैन भन्ने यथार्थलाई हृदयङ्गम गरी सत्तरीको दशकदेखि चिकित्सा, इन्जिनियरिङ्ग, कृषि तथा वन विषयको अध्ययन संस्थानको स्थापना भयो । देशका अन्य स्थानमा पनि स्नातक र स्नातकोत्तरसम्मको अध्यापन हुन थाल्यो । सन् १९७१ मा जीवनपयोगी व्यावहारिक शिक्षालाई जोड दिने अभिप्रायले नेपालमा प्राथमिकदेखि उच्चशिक्षासम्म नयाँ शिक्षा योजना लागू भयो । ढिलै भए पनि शिक्षामा यसरी एकपछि अर्का आयामहरू थपिँदै गए ।

धरान क्याम्पसको स्थापना र विकासको पहिलो चरण

विज्ञान तथा प्रविधि विषयको उच्चशिक्षामा अध्ययन, अध्यापन, अनुसन्धान र तालिम गराएर मध्यम र उच्चस्तरको जनशक्ति तयार पार्दै लैजाने हेतुले सन् १९७२ सालमा धरानमा व्यावहारिक विज्ञान तथा प्रविधि संस्थानको स्थापना भयो । यस संस्थानको प्रमुखका रूपमा प्रा.डा.परासर नारायण सुवाललाई डीनमा नियुक्ति गरियो । अर्को वर्षदेखि धरान बजारमा निजी घर भाडामा लिएर खाद्य र प्रयोगशाला प्रविधिमा प्रमाण पत्र (प्रमाणपत्र तह) तहका आइ.टेक.फूड र आइ.टेक.ल्याब कार्यक्रम थालनी भयो । जनशक्ति, प्रयोगशाला, उपकरण, रसायन, पाठ्यक्रम, पाठ्यपुस्तक केही पनि नभएको शून्य अवस्थाबाट न्यूनतम आवश्यकता पूरा गरेर कार्यक्रम सञ्चालन गर्नु निकै चुनौतीपूर्ण थियो । तर सबैको इच्छाशक्तिले त्यो सम्भव भयो ।

त्यस कार्यमा प्रा.डा.सुरेशराज शर्मा, डा.देवभक्त शाक्य, प्रा.डा.भद्रमान तुलाधर, प्रा.जगत्बहादुर केसी र प्रा.डा.पुरनप्रसाद श्रेष्ठको अथकनीय प्रयास थियो । शैक्षिक कार्यक्रम प्रारम्भ र सुचारु गर्ने कार्यमा श्री आनन्दप्रकाश प्रधान, श्री जगन्नाथ श्रेष्ठ, श्री तिलकमान श्रेष्ठ, श्री भीष्मानन्द वैद्य, स्व.श्री बद्रीनाथ श्रेष्ठ, डा.रामकृष्ण प्रसाई, श्री

ललितबहादुर बस्नेत, श्रीमती मीरा मास्के, श्री वासुदेव मास्के, श्री सीपी शर्मा, प्रा.डा.प्रदीपराज प्रधान, स्व.श्री आर.के.शाह, श्री तोयानाथ प्रसाईं, स्व.श्री तीर्थानन्द वैद्य, श्रीमती बद्रीलक्ष्मी वैद्य आदि सर/म्याडमहरूको लगाव, कला र मेहनत सराहनीय थियो । यति सम्म कि पुस्तकको अभाव भएका विषयमा लिथो गरेर नोट बाँड्नुहुन्थ्यो । त्यति वेला नै प्रमाणपत्र तहका प्रयोगात्मक कक्षामा फ्लेम फोटोमिटर, टिएलसी, जीएलसी जस्ता आधुनिक उपकरण प्रयोग गर्नेदेखि एस्प्रिन बनाउने, जडीबुटीबाट औषधि निकालेर शुद्ध पार्ने जस्ता अभ्यास गरिन्थ्यो । यो कुरा आज विश्वास नलाग्न सक्छ परन्तु यो लेखक स्वयम् र उस वेलाका सर/म्याडमहरू साक्षी प्रमाणका रूपमा हुनुहुन्छ ।

सन् १९७३ मा धरानको वार्ड नं १४ हात्तीसारमा करीब २० बिगाहा जग्गा अधिकरण गरेर रेखाङ्कन गरियो र अर्को वर्षदेखि भौतिक संरचना निर्माण गर्न थालियो । स्थायी संरचना बनाउन समय लाग्ने भएकाले हात्तीसारको आफ्नै जग्गामा काठका टहराहरू बनाएर कार्यालय, कक्षा कोठा, प्रयोगशाला स्थापना गरियो । सन् १९७७ सम्ममा आफ्नै पक्की संरचनामा बनेपछि ती सबै काम नयाँ भवनबाट गर्न थालियो । त्यससँगै शिक्षक आवास पनि बनेको हुनाले बाहिरबाट आएका प्राध्यापकलाई धरानको बसाइ सहज भयो । त्यसताका क्याम्पसमा सञ्चालित खाद्य र प्रयोगशाला प्रविधिको प्रवीणता प्रमाणपत्र तहको शैक्षिक कार्यक्रममा विद्यार्थीको निकै आकर्षण थियो ।

सन् १९७७ को अन्त्यतिर भर्खरै अङ्कुरण हुन थालेको त्यस संस्थाले एउटा बज्रपात सहनुपऱ्यो । त्रि.वि. ले त्यसलाई फुटाएर अनुसन्धानलाई चाहिँ हालको व्यावहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्र (रिकाष्ट) कीर्तिपुरमा लग्यो । अब बाँकी प्रवीणता प्रमाणपत्र तहका दुईवटा कार्यक्रम धरान क्याम्पसका नाममा विज्ञान तथा प्रविधि सङ्कायअन्तर्गत रहे । तत्पश्चात् ती दुई कार्यक्रमलाई पनि खारिज गरेर त्यसको सट्टा साधारण विज्ञानतर्फ प्रमाणपत्र तह (आई एस्सी) सुरु गरियो । यसरी स्थापना हुँदाको उद्देश्य भताभुङ्ग भयो ।

क्याम्पस विकासको दोस्रो चरण

प्राध्यापक, कर्मचारी, स्थानीय अग्रज समाजसेवी समेतको सक्रियतामा प्रमाणपत्र तहतहको आई.टेक. फूडलाई स्तरोन्नति गरेर पुनः सञ्चालन गर्ने अथक प्रयासस्वरूप सन् १९७९ देखि खाद्य प्रविधिमा स्नातक (बी.टेक.फूड टेक्नोलोजी) को पढाइ सुरु भयो । खाद्य प्रविधि स्नातक तह मजबुत बनाउन क्याम्पस प्रमुखहरू प्रा.डा. पुरन श्रेष्ठ, श्री निर्मल प्रधान र प्रा.जगत्बहादुर केसीले निकै ठूलो योगदान गर्नु भएको थियो ।

सन् १९८७ मा तत्कालीन राजा वीरेन्द्रको पूर्वाञ्चल भ्रमणका अवसरमा धरान क्याम्पसको अवलोकन भ्रमणको गराउन विचार गरी सोहीअनुसार तारतम्य मिलाइयो । तात्कालीन शक्तिशाली राजाको भ्रमण एउटा साधारण क्याम्पसमा गराउनु चानचुने कुरा थिएन । त्यसका लागि क्याम्पस प्रमुख प्रा.जगत्बहादुर केसीको अगुवाइ र क्याम्पस परिवारको दह्रो साथले अन्ततः त्यो भ्रमण सफल भयो । राजा वीरेन्द्र यो अवलोकन भ्रमणबाट निकै प्रभावित हुनुभएको कुरा पछि अस्थायी भ्रमणमुकाम धनकुटाबाट राजधानी फर्केपछि क्याम्पसको प्रशासनिक स्तरोन्नति हुने व्यवस्था गरेबाट प्रष्ट हुन्छ । त्यसपछि क्याम्पस प्रमुखका रूपमा सहायक डीन रहने गरी क्याम्पसको नाम केन्द्रीय प्रविधि क्याम्पस (के.प्र.क्या.) रहन गयो । यद्यपि देशमा भइरहेको राजनैतिक अस्थिरताले यो स्तरोन्नतिले पनि क्याम्पसको शैक्षिक विकासमा ठोस योगदान दिन सकेन । आई.एस्सी. र बी.टेक खाद्य प्रविधिको अध्यापनमै सीमित रहेर क्याम्पसले दशकभन्दा बढी समय गुजार्नुपऱ्यो । सन् २००१ मा आएर के.प्र.क्या.मा खाद्य प्रविधि केन्द्रीय विभागको स्थापना भयो । यस व्यवस्थाले नेपालमा पनि खाद्य प्रविधि विषयको स्नातकोत्तर र विद्यावारिधिसम्मको उपाधि पाउन विदेश गइरहनु नपर्ने भयो ।

क्याम्पस विकासको तेस्रो चरण

देशको केन्द्रीकृत शासकीय स्वरूप परिवर्तनसँगै त्रि.वि.ले उच्चशिक्षामा विकेन्द्रीकरण गर्दै लैजाने नीति अवलम्बन गऱ्यो । यसले गर्दा थप विश्वविद्यालय खोल्न बाटो खुल्यो । क्याम्पस र विश्वविद्यालयलाई सबल, सक्षम, प्रतिस्पर्धी र स्तरीय बनाउँदै लैजाने हेतुले सन् १९९४ मा बेग्लै विश्वविद्यालय अनुदान आयोग गठन भयो । के.प्र.क्या. पनि त्यो व्यवस्थाबाट फाइदा लिन तत्पर भयो । यसै अन्तर्गत सन् १९९९ मा क्याम्पस विकेन्द्रीकरणमा गयो । यसले क्याम्पसलाई चाहेका विषयमा शैक्षिक कार्यक्रम थप्न सजिलो भयो । त्यसै अन्तर्गत सन् २०१२ सम्ममा साधारण विज्ञान विषयमा स्नातक र स्नातकोत्तर तहको पढाइ सुरु भयो । त्यस अवधिमा न्युट्रिशन एण्ड डाइटेटिक्स्, माइक्रोबायोलोजी, भौतिक, वनस्पति, प्राणीशास्त्र विषयमा अध्यापन सुरु भयो ।

सन् २०१२ मा के.प्र.क्या.ले त्रि.वि.बाट स्वायत्त (अटोनोमी) क्याम्पसको हैसियत प्राप्त गरेपछि विश्वविद्यालय अनुदान आयोगको सर्त पूरा गर्दै क्याम्पसले भौतिक संरचना र शैक्षिक कार्यक्रमहरू विस्तार गऱ्यो । स्नातक तहमा बीआइटी, बी.एस्सी. सीएसआईटी, भूगर्भशास्त्र, रसायनशास्त्रमा त्रि.वि.ले आंशिक आर्थिक भार बेहोर्ने सर्तमा सुरु गरिए । यी सबै कार्यक्रमले क्याम्पसको शैक्षिक धरातल फराकिलो भयो ।

देश विकासमा क्याम्पसको योगदान

क्याम्पस स्थापना भएको सुरुवातका करिब पाँच वर्षका अवधिमा आई.टेक.(फूड) र आइ.टेक.(ल्याब) गरी जम्मा १६६ जना मध्यमस्तरका जनशक्ति उत्पादन भएका थिए । तिनीहरूको सरकारी, अर्धसरकारी र गैरसरकारी निकायमा अत्यन्तै सन्तोषजनक कार्य सम्पादन हुँदाहुँदै त्यस दुःखले आर्जेको कार्यक्रम अचानक अन्त्य भयो । देशमा तिनीहरूको खाद्य, औषधि, खनिज र कृषि उपज प्रशोधन वा प्रयोगशालाहरूमा अझै आवश्यकता थियो । तत्पश्चात् थालिएको साधारण विज्ञानमा प्रमाणपत्र तह तहको कार्यक्रमपछि त्रि.वि.बाट विस्थापित नहुँदासम्म करीब २५ वर्ष चल्यो । यस अवधिमा करीब तीन हजार विद्यार्थीले आईएस्सी उत्तीर्ण गरे । त्यहाँको आईएस्सी कार्यक्रय निकै अब्बल थियो । त्यसैले उनीहरू धेरैले इन्जिनियरिङ, चिकित्साशास्त्र एवम् अन्य प्राविधिक विषयमा उच्च अध्ययन गर्ने अवसर पाउन सफल भए । आज तिनै व्यक्तिहरू देशका विभिन्न निकायका उच्च ओहोदामा पुग्न सफल भएका छन् ।

त्यसै गरी खाद्य प्रविधि स्नातक (बी.टेक. फूड) तहका जनशक्तिले देश विदेशमा पुऱ्याएको योगदानलाई सराहनीय मान्न सकिन्छ । के.प्र.क्या. बाट मात्र उत्पादित छ सयभन्दा बढ्ता जनशक्तिले आज देशको आवश्यकता मात्र हैन, विश्व बजारमा समेत रोजगार पाउन सफल भएका छन् । केही विद्यार्थीहरू क्यानाडा, अमेरिका, अफ्रिका, अष्ट्रेलिया आदि देश/महादेशका उद्योग, सरकारी निकाय र विश्वविद्यालयमा कार्यरत छन् । सन् २०६२ बाट उत्पादित एम.टेक. खाद्य प्रविधि उत्तीर्ण विद्यार्थी खास गरी शिक्षण र अनुसन्धानमा सेवारत छन् । यिनै जनशक्तिले त्रि.वि. र पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धनप्राप्त निजी स्तरमा सञ्चालित कलेजहरूको जनशक्तिको माग धानेको छ । खाद्य प्रविधिका स्नातक र स्नातकोत्तर जनशक्तिले देशको खाद्यवस्तु गुणस्तर नियन्त्रणमा प्रमुख भूमिका खेलेको छ । सन् २०१० देखि उत्पादन सुरु भएको न्युट्रिशन् एण्ड डाइटेटिक्स्का स्नातक जनशक्तिले देशको पोषण क्षेत्रमा जनशक्तिको अभाव पूरा गर्दै आएका छन् । तिनीहरू हाल देशका अस्पताल, खाद्य र पोषण चेतनासँग सम्बन्धित संस्थाहरूमा कार्यरत छन् । विदेशका प्रतिष्ठित शैक्षिक संस्थाबाट विद्यावारिधि गर्ने विद्यार्थीको सङ्ख्या बढ्दो क्रममा रहेको छ । यो पक्कै पनि खुशीको खबर हो ।

क्याम्पसको भावी यात्राका लागि सुझाव

केन्द्रीय प्रविधि क्याम्पसको भावी विकासका लागि निम्नलिखित (व्यक्तिगत) सुझावहरू राख्न चाहन्छु :

(१) कुनै पनि शैक्षिक कार्यक्रमको मेरुदण्ड भनेको दक्ष जनशक्ति नै हो । हाल सञ्चालित सबै कार्यक्रमहरूमा दक्ष जनशक्तिको अभाव देखिन्छ । जनशक्ति क्रमशः

पूरा गर्दै लैजाने योजनाको पनि खाँचो छ । त्यसैले क्याम्पसले भएका प्राध्यापकलाई आर्थिक स्रोतको व्यवस्था गरेर देश वा विदेशमा उच्च अध्ययन वा तालिमका लागि सहज मौका जुटाउनुपर्ने देखिन्छ । अर्कोतिर मौजुदा प्राध्यापकको सङ्ख्या वृद्धि गरेर हालको सङ्ख्या करिब डब्बल बनाउन आवश्यक छ ।

(२) विश्वविद्यालय अनुदान आयोगले जति धेरै नयाँ कार्यक्रम खोल्यो, उति नै धेरै बजेट दिने सामान्य नीति अघि सारेको छ । त्यसैबाट लालयित भएर के.प्र. क्या.ले पनि तगातार नयाँ कार्यक्रमहरू प्रारम्भ गरेको देखिन्छ । यसरी दीर्घकालीन योजना र तयारी बिना अन्धाधुन्ध धेरै अमिल्दा प्रकृतिका कार्यक्रमहरू सुरु गर्दा तत्काल फाइदा त होला किन्तु तिनीहरूको दिगो विकास गर्न मुस्किल हुन्छ । भावी शैक्षिक कार्यक्रमहरू थप्दा आफ्ना उद्देश्यसँग मेल खाने र कार्यक्रमबीच पारस्परिक सहयोग हुने खालमा कार्यक्रम थप्नु उत्तम हुन्छ । त्यसमा देशको सर्वोपरि आवश्यकतालाई समेत ध्यानमा राख्नुपर्छ । केवल तत्कालीन लाभलाई विचार गरेर कार्यक्रम थप्नाले एकातिर त्यो नै पछि बोझ बन्न सक्छ भने अर्कातिर त्यसले कालान्तरमा शैक्षिक बेरोजगारी सृजना गर्छ । तसर्थ देशमा अन्यन्त्र नभएका तर खाद्य प्रविधिसँग तादात्म्य राख्ने शैक्षिक कार्यक्रम जस्तै एम.एस्सी. न्युट्रिशन, न्युट्रिशनल प्लानिङ, फूड साइन्स् वा क्वालिटी कन्ट्रोललाई भावी प्राथमिकतामा राख्नु उचित देखिन्छ ।

(३) खाद्य प्रविधि केन्द्रीय विभागलाई मजबुद बनाउँदै लैजानु पर्छ । हाल त्यहाँ अत्यन्तै न्यून अवस्थामा रहेको जनशक्तिलाई वृद्धि गर्नु पर्छ । मौजुदा प्रयोगशाला र उपकरण थप्नुका साथै सञ्चालन खर्चमा यथेष्ट बजेटको व्यवस्थागर्नु पर्छ । अनुसन्धान तथा विद्यावारिधिगर्ने विद्यार्थी वा प्राध्यापकको सङ्ख्या बढाउनु पर्छ । हालका लागि छिमेकी देशबाट सेवा निवृत्त दक्ष जनशक्ति करारमा लिएर, स्वयम् सेवक प्राध्यपक वा पाहुना प्राध्यापकको व्यवस्था गरेर अल्पकालीन जनशक्ति अभाव हल गर्न सकिन्छ । पछि बिस्तारै आफ्नै जनशक्तिले विस्थापित गर्दै लैजान सकिन्छ । जबसम्म पोष्ट-ग्राजुएट कार्यक्रमहरू सबल हुँदैनन्, तबसम्म त्यहाँको सम्बन्धित स्नातक कार्यक्रमको गुणस्तर बढाउन सकिन्न ।

(४) अनुसन्धान कार्यलाई विशेष जोड दिनुपर्छ । यसका लागि फ्याकल्टी रिसर्च र पोष्ट-डक्टरल कार्यक्रम सुरु गर्नुपर्छ । सबै प्राध्यापकलाई अनुसन्धानमा आबद्ध गर्ने नीति अवलम्बन गर्नुपर्छ ।

(५) आफ्नो क्याम्पस आफैँ बनाउँछौं भन्ने आँट र अठोटका साथ अघि बढ्न क्याम्पस व्यवस्थापन समिति गठन गरेर अघि बढेको वर्तमान परिस्थितिमा भावी आयव्यय र दिगो विकासलाई समेत ध्यानमा राखेर आर्थिक रूपमा सबल हुने किसिमका योजना अघि सार्नुपर्ने देखिन्छ । विकेन्द्रीकरणको उद्देश्य नै परनिर्भरताबाट स्वनिर्भरतातर्फ लैजानु हो, क्याम्पसले पनि त्यही कबोल गरेको छ । तसर्थ आर्थिक रूपमा स्वनिर्भर हुने किसिमका क्रियाकलाप गर्न अत्यावश्यक छ ।

निष्कर्ष

आरोह-अवरोह पार गर्दै अघि बढेको के.प्र.क्या. आज देशको खाद्य प्रविधि र पोषण विज्ञानमा अग्रणी संस्थाका रूपमा स्थापित भएको छ । देशको अन्य शैक्षिक संस्थासँग तुलना गर्दा बेहत्तर होला, अपितु विश्व परिवेशमा गर्व गर्न लायक संस्था चाहिँ हुन सकेको छैन । तथापि यसै क्याम्पसबाट उत्पादित जनशक्तिले खाद्य प्रविधि क्षेत्रमा देश विदेशमा समेत सफलताका साथ कार्य सम्पादन गर्नु खुसी एवम् गर्वको कुरा हो । यस क्याम्पसबाट उत्तीर्ण जनशक्तिका बलमा करिब दर्जनभन्दा बढी सम्बन्धन प्राप्त कलेज सञ्चालित छन् । गत दशकयता क्याम्पसले अन्य विधामा पनि जनशक्ति उत्पादन गर्ने काम प्रारम्भ गर्दै आएको छ । तथापि यसभन्दा उत्तम आफ्नो उद्देश्यबाट विचलित नहुने गरी समान प्रकृतिका कार्यक्रमलाई प्राथमिता दिएर अघि बढ्नु राम्रो हुन्छ । तसर्थ भावी शैक्षिक कार्यक्रम थप्दा एकअर्का बीच सहयोग हुने प्रकृतिका हुनुपर्छ ता कि भविष्यमा एउटा बेग्लै संस्थानका रूपमा विकास गर्न र मान्यता पाउने सजिलो होस् । क्याम्पसले विकेन्द्रीकरणको नीति अवलम्बन गरेर अघि बढेको हुनाले आर्थिक स्वनिर्भर हुने सोचका साथ अघि बढ्नुपर्ने देखिन्छ । त्यसका लागि भावी योजना र कार्यदिशा स्पष्ट हुन जरुरी छ । शैक्षिक कुशलता र आर्थिक स्वनिर्भरता नै क्याम्पसको गुणस्तर मापक हो भन्ने कुरा कदापि बिर्सनुहुँदैन ।

सन्दर्भ सामग्री

१. https://cctdharan.edu.np, २. https://www.ugcnepal.edu.np/

*

(प्रा.डा. गङ्गाप्रसाद खरेल केन्द्रीय प्रविधि क्याम्पसका पूर्व सहायक डीन हुनुहुन्छ)

पोषण तथा आहार विज्ञान शिक्षाको क्षेत्रमा केन्द्रीय प्रविधि क्याम्पसले खेलेको भूमिका

प्रा.डा.सुरेन्द्रबहादुर कटवाल
उपप्रा. डम्बरबहादुर खड्का

हालको केन्द्रीय प्रविधि क्याम्पस नेपालमा नयाँ शिक्षा प्रणालीको सुरुवातसँगै वि.सं. २०३० सालमा व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानको रूपमा धरानमा स्थापना भई सञ्चालनमा आएको थियो । सुरुमा खाद्य प्रविधि र प्रयोगशाला प्रविधिमा प्रमाणपत्र तहको अध्ययन अध्यापनको सुरु भएको थियो जुन शैक्षिक कार्यक्रम वि.सं. २०३५ सालसम्म सञ्चालन भई बन्द भयो र विज्ञानमा प्रमाण पत्र तह सुरु भयो । वि.सं. २०३६ सालदेखि खाद्य प्रविधिमा स्नातक तह (B.Tech, Food) को शैक्षिक कार्यक्रम सुरु भई निरन्तर चलिरहेको छ । विभिन्न समयमा नाम परिवर्तन हुँदै वि.सं. २०४६ सालबाट यस क्याम्पसको नाम केन्द्रीय प्रविधि क्याम्पस रहन गएको हो ।

केन्द्रीय प्रविधि क्याम्पसले उत्पादन गरेका खाद्य प्राविधिज्ञहरू देशका विभिन्न खाद्य उद्योगहरू, उद्योगसँग सम्बन्धित विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूमा प्रभावकारी भूमिका खेलेका छन् भने उल्लेख्य रूपमा विदेशमा पनि अध्ययन तथा कार्यरत छन् ।

जनताको स्वास्थ्यस्थिति पोषण तथा आहारको अवस्थाले निर्धारण गर्दछ । विभिन्न अध्ययनहरूले देखाएअनुसार हाल हाम्रो देश नेपालमा जनताको पोषण अवस्थाको साथै सन्तुलित भोजन तथा असल खानपानको अवस्था निकै नाजुक रहेको स्थिति छ । हालै प्रकाशित नेपाल डेमोग्राफिक हेल्थ सर्वेको तथ्याङ्कअनुरूप नेपालको पोषण अवस्थामा केही सुधार भए पनि, अझै पनि पाँच वर्षमुनिका बालबालिकामध्ये २५ प्रतिशतमा दीर्घ कुपोषण (उमेरअनुसारको उचाईमा कमी) भएको, ८ प्रतिशतमा दीर्घ कुपोषण (उचाईअनुसारको तौलमा कमी) र १९ प्रतिशतमा कम तौल (उमेरअनुसारको तौलमा कमी) रहेको उल्लेख गरिएको छ । त्यस्तै ४३ प्रतिशत पाँच वर्षमुनिका बालबालिका, ३३ प्रतिशत महिला र ३१ प्रतिशत गर्भवती महिला आइरनको कमीले हुने रक्तअल्पताबाट ग्रसित छन् ।

जनताको शिक्षा, स्वास्थ्य पोषण र आहारको समुचित व्यवस्थामा ध्यान दिनु सरकारको प्रमुख दायित्व हो । त्यसैले उक्त कार्यका लागि प्रत्यक्ष वा अप्रत्यक्ष सम्बन्धित विभिन्न सङ्घसंस्था तथा निकायहरू, जस्तै - अस्पताल, शैक्षिक संस्था, खाद्य प्रविधि तथा

गुण नियन्त्रणको पोषण, शाखा पोषण र आहारको क्षेत्रमा कार्यरत सम्बन्धित सरकारी तथा गैर सरकारी सङ्घसंस्थाहरू, नगरपालिका, सामुदायिक जनस्वास्थ्य आदिमा पोषण र आहारसम्बन्धी उच्च स्तरका जनशक्तिको आवश्यकता पर्ने, सोका लागि विदेशबाट केही जनशक्ति तालिम र अध्ययनका साथ आएका तर नेपालमा उक्त जनशक्ति उत्पादन नभइरहेको र उत्पादन गर्ने शैक्षिक संस्था नै नभएकाले देशलाई आवश्यक पर्ने पोषण तथा आहारको ज्ञान र स्किल भएका उच्च स्तरका जनशक्ति देशमै उत्पादन गर्नु आवश्यक भएको महसुस गरी राष्ट्रिय योजना आयोगले उक्त विषयलाई प्राथमिकतामा राखी केन्द्रीय प्रविधि क्याम्पस धरान उपयुक्त शैक्षिक संस्था हुन्छ भन्ने ठानेर निर्देश गरेअनुसार तत्कालीन खाद्य प्रविधि विषय समितिको पहलमा B.Sc. Nutrition and Dietetics (स्नातक तहको पोषण तथा आहार विज्ञान) को Syllabus/Curriculum तयार गरी त्रि.वि.बाट स्वीकृत गराई केन्द्रीय प्रविधि क्याम्पस धरानमा पोषण र आहार विषयमा स्नातक तहको अध्ययन अध्यापन कार्य वि.सं. २०६७ सालदेखि सुरु गरियो ।

केन्द्रीय प्रविधि क्याम्पस धरानले उक्त चारवर्षे स्नातक कार्यक्रम सुरुवातमा वार्षिक प्रणालीअनुसार चौबीस जनाको कोटा प्रारम्भ गरेकामा २०७३ सालदेखि कोटा वृद्धि गरी तीस जना पुऱ्याएको र उक्त शैक्षिक कार्यक्रमलाई २०७५ सालदेखि भने सेमेष्टर प्रणालीअन्तर्गत (८ सेमेष्टर) बनाएको देखिन्छ ।

पोषण तथा आहार विज्ञान कार्यक्रम स्थापना गर्नुको उद्देश्यमा "पोषण तथा आहारका क्षेत्रमा विशिष्ट ज्ञानको प्रयोगद्वारा जनस्वास्थ्यको रक्षा गर्ने मूल उद्देश्य रहेको थियो । उक्त विषयमा जनताको स्वास्थ्य पोषण र आहार व्यवस्थापनको स्किल प्राप्त ग्र्याजुएट जनशक्ति उत्पादन गर्ने थियो जुन स्किल प्राप्त ग्र्याजुएटले सामुदायिक जनस्वास्थ्यका क्षेत्रमा र अन्य खाद्य तथा पोषणसम्बन्धी विभिन्न सङ्घ संस्था एवम् उद्योगहरूमा काम गर्न सक्नेछन्" भन्ने रहेका थिए ।

पोषण तथा आहार स्नातक तहको अध्ययन गर्दा विज्ञान प्रवीणता प्रमाण पत्र (I.Sc.) , +2 विज्ञान, खाद्य प्रविधि र प्रयोगशाला प्रविधि प्रमाण पत्र तह, खाद्य प्रविधिमा डिप्लोमा वा समकक्षता विषयमा कम्तीमा दोस्रो श्रेणीमा उत्तीर्ण विद्यार्थीहरू अध्ययन गर्न योग्य हुनेछन् र प्रवेश परीक्षा उत्तीर्ण गर्नेमध्ये मेरिट लिस्टमा पर्नेले तोकिएको कोटामा भर्ना हुन पाउँछन् । पोषण तथा आहार स्नातक तह पूरा गर्न चार वर्ष तथा आठ सेमेस्टर लाग्दछ, जसमा १२७ क्रेडिट आवर (सैद्धान्तिक र प्रयोगात्मक) बराबरका विविध विषयहरूको अध्ययन गराइन्छ । उक्त विषयको पाठ्यक्रममा अध्ययन गराइने विषयहरूलाई ३ श्रेणीमा राखिएका छन् ।

1. Basic Courses :
   General Chemistry, Instrumental Techniques of Analysis (ITA), Biophysics, Math, Basic & Food Microbiology, Medical Microbiology, Basic Computer Applications.

2. Allied Courses :
   Principle of Food Science & Processing, Food Chemistry, Human Physiology, Hygiene & Sanitation, Nutritional Biochemistry, Pharmacology, Food Toxicology, Catering & Food Service Management, Quality Control & Management, Applied Statistics in Health & Nutrition's, Research Methodology.
3. Core Courses:
   Health & Nutrition Aspects of Food, Human Nutrition, Clinical Nutrition, Dietetics, Food & Nutrition Security , Public Health Nutrition, Basic & Nutritional Epidemiology, Nutritional Education and Behavior Change Communication, Nutrition for Athlete & Sport Person, Community Based Posting (2 months), Hospital Based posting (3 months), and Dissertation (6 months)

उपर्युक्त पाठ्यक्रम पूरा गरेपछि विद्यार्थीहरू पोषण र आहारविद्का रूपमा विभिन्न सम्बन्धित क्षेत्रमा कार्य गर्न सक्षम हुनेछन् । केन्द्रीय प्रविधि क्याम्पस धरानले वि.सं. २०६७ सालदेखि हालसम्म पोषण र आहार स्नातक तहमा ३१८ जना विद्यार्थीहरूले भर्ना लिएकामा १६४ जना विद्यार्थीहरूले ग्र्याजुएट गरिसकेका छन् भने अरू अध्ययनरत छन् । केन्द्रीय प्रविधि क्याम्पस धरानमा पोषण र आहार कार्यक्रम अध्ययन गरी स्नातक तह पूरा गरेका ग्र्याजुएटहरू विभिन्न क्षेत्रमा कार्यरत छन् :

(क) अस्पताल (सरकारी तथा निजी)
(ख) खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
(ग) सामुदायिक जनस्वास्थ्य सेवा
(घ) नगरपालिकाहरू
(ङ) पोषण आहारसँग सम्बन्धित उद्योगहरू र सरकारी गैर सरकारी संस्थाहरू

पोषण तथा आहार विज्ञानमा स्नातक गरेका ग्र्याजुएटहरूमध्ये कतिपयले सम्बन्धित विषयमा स्नातकोत्तर गरिसकेका छन् भने कतिपय चाहिँ अस्ट्रेलिया, अमेरिका तथा युरोपियन मुलुकहरूलगायत विभिन्न विदेशी भूमिका शैक्षिक केन्द्रहरूमा स्नातकोत्तर वा विद्यावारिधि तहमा अध्ययनरत तथा कार्यरत छन् ।

मानिसहरूको पोषण र आहारसम्बन्धी चेतनाको अभिवृद्धि हुँदै गएको र स्वास्थ्यसँग बढी संवेदनशील भएकाले मुलुकलाई सम्बन्धित निकायहरूमा उक्त ग्र्याजुएटहरूको बढी आवश्यकता पर्दछ । साथै देशको पोषण अवस्थालाई अझ सुदृढ गरी देशलाई समृद्धिका बाटातिर लाग्नलाई पनि दक्ष पोषणविद् तथा आहारविद्को ठूलो भूमिका रहन्छ । देशलाई आवश्यक पर्ने त्यस्ता दक्ष पोषणविद् तथा आहारविद् उत्पादन गरी देशको पोषण क्षेत्रको उन्नति र समृद्धिमा केन्द्रीय प्रविधि क्याम्पस धरानले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ र उक्त कार्यलाई भविष्यमा पनि निरन्तरता प्रदान गरिरहने नै छ ।

*

(प्रा.डा. सुरेन्द्र बहादुर कटवाल केन्द्रीय प्रविधि क्याम्पस धरानका पूर्व सहायक क्याम्पस प्रमुख तथा पूर्व सञ्चालक समितिका अध्यक्ष हुनुहुन्छ एवम् उपप्रा. डम्बर बहादुर खड्का केन्द्रीय प्रविधि क्याम्पस धरानको खाद्य प्रविधि विषयका सेवारत उपप्रध्यापक हुनुहुन्छ)

केन्द्रीय प्रविधि क्याम्पस धरानमा स्वायत्तताको प्रतिफल र चुनौतीहरू

प्रा.डा. धनबहादुर कार्की
सहप्रा.बबिता अधिकारी

त्रि.वि.मा स्वायत्तता : सङ्क्षिप्त परिचय

त्रिभुवन विश्वविद्यालय ऐन २०४९ को दफा ५ (ज), दफा १० (च) दफा ३०(३) र दफा ३४ ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्वविद्यालय सभाले २०६२ सालमा स्वायत्ततासम्बन्धी नियम बनाएको हो । स्वायत्ततासम्बन्धी नियम २०६२ को प्रस्तावनामा भनिएको छ - "विश्वविद्यालयका आङ्गिक एवम् सम्बन्धनप्राप्त क्याम्पसहरूलाई स्वायत्त बनाई गुणस्तरीय एवम् अनुसन्धानमुखी शिक्षा प्रदान गराउने कार्यलाई प्रभावकारी बनाउन, उच्च शिक्षाका कार्यक्रमहरूमा प्रवेश पाउन शैक्षिक रूपले सक्षम विद्यार्थीहरूका लागि अधिकतम भर्नाको अवसर प्रदान गर्न नयाँ नयाँ प्रविधिहरूको विकास र प्रयोगबाट अध्ययन संस्थान एवम् सङ्कायअन्तर्गतका क्याम्पसहरूमा प्रदान गरिने ज्ञान र विज्ञानका क्षेत्रलाई अझ बढी व्यापक र व्यवहारिक बनाउन जीवनपर्यन्त शिक्षा (Life Long Education) को मूलभूत उद्देश्यका परिधिभित्र रही जीवन उपयोगी विषयहरूमा तालिम, पुनर्ताजगी कार्यक्रम आदि सञ्चालन गर्न गराउन सहभागितामूलक तथा लागत र प्रतिफलको सिद्धान्त व्यवहारमा लागू गरी आर्थिक रूपमा दिगो बनाउन तथा एकमुष्ट अनुदान (Block Grant) प्रदान गर्ने हालको प्रणालीलाई अझ बढी सुदृढ बनाउन र क्याम्पस व्यवस्थापनसम्बन्धी निर्णय प्रक्रियामा सरोकारवालाहरूको अत्यधिक प्रतिनिधित्व गराई क्याम्पसलाई आर्थिक, शैक्षिक र प्रशासनिक कार्यमा स्वावलम्बी बनाउन वाञ्छनीय भएकाले स्वायत्ततासम्बन्धी नियम बनाइएको छ ।"

स्वायत्ततासम्बन्धी नियम २०६२ (संशोधन सहित)मा उल्लेखित मूलभूत विषयलाई सङ्क्षेपमा यहाँ चर्चा गरिएको छ ।

(क) सञ्चालक समितिको गठन

स्वायत्ततासम्बन्धी नियम २०६२ (संशोधन सहित)को परिच्छेद २, नियम ३ र ४ मा सञ्चालक समितिको गठन तथा काम, कर्तव्य र अधिकारका बारेमा उल्लेख गरिएको छ । त्यहाँ उल्लेख भएअनुसार स्वायत्तता प्राप्त गर्ने क्याम्पसमा कम्तीमा २१ देखि ३५ सदस्यीय सञ्चालक समिति गठन हुनेछ । उक्त समितिको बैठकले सिफारिस गरेको सेवारत वा सेवानिवृत्त प्राध्यापक वा सहप्राध्यापकलाई त्रि.वि. कार्यकारी परिषद्ले अध्यक्षमा नियुक्त गर्नेछ । बाँकी सदस्यहरूमा विभागीय प्रमुखमध्येबाट ३, सञ्चालक समितिबाट नियुक्त शिक्षाप्रेमी/बुद्धिजीवीबाट २, समाजसेवी/चन्दादातामध्येबाट २,

अभिभावकबाट २, सेवारत शिक्षकमध्येबाट २, सम्बन्धित वडाध्यक्ष १, उपकुलपतिबाट मनोनीत शिक्षक १, जिल्ला शिक्षा अधिकारी १, विश्वविद्यालयको प्रतिनिधि १, प्राध्यापक सङ्घ एकाई सभापति १, कर्मचारी सङ्घ एकाई सभापति १, स्वविय़ू सभापति १, लेखा प्रमुख १, प्रशासन प्रमुख १ र क्याम्पस प्रमुख सदस्य सचिव १ गरी कम्तीमा २१ सदस्यीय समिति रहनेछ ।

(ख) कार्यकारी समिति

स्वायत्तता सम्बन्धी नियम २०६२ (संशोधन सहित)को परिच्छेद ३, नियम ५ मा कार्यकारी समितिको गठन तथा काम, कर्तव्य र अधिकारका बारेमा उल्लेख गरिएको छ । त्यसमा अङ्कित प्रावधानअनुसार क्याम्पसको दैनिक कार्य सञ्चालन गर्न कार्यकारी निकायको रूपमा काम गर्न क्याम्पस प्रमुखको अध्यक्षतामा कार्यकारी समिति रहने गर्दछ, जसमा सञ्चालक समितिबाट मनोनीत विभागीय प्रमुखमध्येबाट १, शिक्षकमध्येबाट १, उपकुलपतिबाट मनोनीत शिक्षक १, लेखा वा प्रशासन प्रमुख कर्मचारीबाट १, क्याम्पस प्रमुखबाट मनोनीत सहायक क्याम्पस प्रमुखमध्येबाट १ र सदस्य सचिव १ गरी जम्मा ६ सदस्यीय कार्यकारी समिति रहने गर्दछ । कार्यकारी समिति सञ्चालक समितिप्रति उत्तरदायी रहने गर्दछ । कार्यकारी समितिले गरेको हरेक निर्णय त्यसपछि बस्ने सञ्चालक समितिको बैठकबाट अनुमोदन गराउनुपर्दछ । उक्त निर्णय सञ्चालक समितिले अनुमोदन नगरेमा बदर हुनेछ । यसरी कार्यकारी समितिका हरेक निर्णयलाई सञ्चालक समितिको पूर्ण बैठकबाट अनुमोदन गराउने प्रावधानले सञ्चालक समितिलाई जिम्मेवार र अधिकार सम्पन्न बनाएको छ ।

(ग) प्राज्ञिक समिति

स्वायत्तता सम्बन्धी नियम २०६२ (संशोधन सहितको) परिच्छेद ६, नियम १० मा प्राज्ञिक समितिको गठन तथा काम, कर्तव्य र अधिकारको बारेमा उल्लेख गरिएको छ । क्याम्पसमा सञ्चालन हुने विषयहरूको शिक्षण, प्रशिक्षण, अनुसन्धान, पाठ्यक्रम निर्माण, परीक्षा सञ्चालन तथा प्राज्ञिक स्वायत्तता अर्न्तगत क्याम्पस आफैले सञ्चालन गरेका कार्यक्रमहरूको नतिजा प्रकाशन आदि कार्यमा प्राज्ञिक नीति निर्माण तथा परामर्श प्रदान गर्न एक प्राज्ञिक समिति रहनेछ ।

(घ) एकमुष्ट अनुदानको व्यवस्था

स्वायत्तता सम्बन्धी नियम २०६२ (संशोधन सहितको) परिच्छेद १०, नियम २२ मा एकमुष्ठ अनुदान, बजेट र बजेट रकमान्तर सम्बन्धी व्यवस्थाको बारेमा उल्लेख गरिएको छ । नियमअनुसार विश्वविद्यालयले स्वायत्तता प्राप्त क्याम्पसलाई एकमुष्ठ

अनुदान दिनेछ । त्यस्तो अनुदानमा विश्वविद्यालयको स्वीकृत दरबन्दीमा कार्यरत शिक्षक कर्मचारी तथा सेवा निवृत भएपनि दरबन्दी अनुसार एकमुष्ठ रकम उपलब्ध गराउने छ । क्याम्पसले आन्तरिक रूपमा सिर्जना गरेका दरबन्दीको भने रकम उपलब्ध गराउने छैन ।

(ङ) स्वायत्तता प्रदान गर्न सकिने व्यवस्था

स्वायत्ततासम्बन्धी नियम २०६२ (संशोधन सहित)को परिच्छेद २०, नियम ५५ मा स्वायत्तता प्रदान गर्न सकिने व्यवस्थाका बारेमा उल्लेख गरिएको छ, जसअनुसार त्रि.वि. का आङ्गिक क्याम्पसहरू वा विशिष्ट कार्यक्रमहरू सञ्चालन गर्न छुट्टै गठन भएको स्कूल र संस्थाहरूमध्ये कसैले यस नियमअनुसार सञ्चालन गर्न चाहेमा क्याम्पसलाई अग्रगामी दिशातर्फ अग्रसर बनाउन आवश्यक देखिएका सबै कुराहरू सहितको कम्तीमा ५ वर्षको योजना तयार गरी शिक्षक कर्मचारी र विद्यार्थीहरूसँग छलफल गरी त्रि.वि. कार्यकारी परिषद्मा पेस गर्नेछ र कार्यकारी परिषद्ले उक्त क्याम्पसलाई यस नियमअन्तर्गत सञ्चालन गर्न स्वीकृति दिन सक्नेछ ।

(च) स्वायत्तता खारेज गर्न सकिने व्यवस्था

नियमको परिच्छेद २० नियम ५७ मा स्वायत्तता सफल हुन नसकेमा गरिने कारबाही वा खारेजीका बारेमा यसरी उल्लेख गरिएको छ - "लगातार तीन वर्षसम्म क्याम्पस घाटामा गएमा, तीन वर्षसम्म लेखा परीक्षण नगराएमा, शैक्षिक गुणस्तर कायम गर्न नसकेमा, व्यवस्थापनमा धाँधली, घोटाला भएको प्रमाणित भएमा र त्यस्तो धोटाला रोक्न सञ्चालक समिति असमर्थ भएमा, परीक्षा नियमित र मर्यादित ढङ्गले सञ्चालन गर्न नसकेमा, लामो समयसम्म क्याम्पस बन्द भएको भन्ने अनुगमन प्रतिवेदन देखिएमा सोको जाँचबुझ गर्न कार्यकारी परिषद्ले एक टोली क्याम्पसमा स्थलगत अध्ययनका लागि पठाउनेछ । सो टोलीको प्रतिवेदनका आधारमा स्वायत्तताप्राप्त क्याम्पसलाई सचेत गराउने, निश्चित अवधि दिई कमीकमजोरी हटाउन मौका दिने, सञ्चालन गर्न अधिकार दिइएका कार्यक्रम वा परीक्षा सञ्चालनमा रोक लगाउने, सञ्चालक समिति भङ्ग गर्ने वा प्रदान गरिएको स्वायत्तता फिर्ता लिई सामान्य क्याम्पससरह सञ्चालन गर्ने ।"

केन्द्रीय प्रविधि क्याम्पसको सङ्क्षिप्त परिचय

व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानका रूपमा वि.सं. २०३० साल श्रावण १ गते हालको केन्द्रीय प्रविधि क्याम्पसको स्थापना भएको हो । जम्मा २१ बिघा १४ कठ्ठा जग्गामा यो संरचित छ । स्थापना कालमा व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानका रूपमा यस क्याम्पसमा प्रमाणपत्र तहका खाद्य प्रविधि र प्रयोगशाला प्रविधि विषयको अध्ययन अध्यापनबाट यस क्याम्पसको स्थापना भएको हो । हाल

स्नातक र स्नातकोत्तर तह गरी जम्मा बाह्रओटा शैक्षिक कार्यक्रमहरू यहाँ सञ्चालित छन् । यस शैक्षिक संस्थामा उनन्चास जना कर्मचारी तथा छयहत्तर जना प्राध्यापकहरूको स्थायी दरबन्दी रहेको छ । स्थापना कालदेखि हालसम्म यस क्याम्पसमा अध्ययन अध्यापन भएका विभिन्न शैक्षिक कार्यक्रमहरूलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

क्र.सं.	सञ्चालन मिति	शैक्षिक कार्यक्रम	तह
१	२०३०	खाद्य प्रविधि(आइ.टेक)	प्रमाणपत्र तह
२	२०३०	प्रयोगशाला प्रविधि	प्रमाणपत्र तह
३	२०३५	आई.एस्सी फिजिकल/बायोलोजी	प्रमाणपत्र तह
४	२०३६	खाद्य प्रविधि (बी.टेक्.)	स्नातक तह
५	२०५२	बी.एस्सी बायोलोजी	स्नातक तह
६	२०५७	एम.टेक्. (खाद्य प्रविधि, खाद्य प्रविधि केन्द्रीय विभाग मातहत)	स्नातकोत्तर तह
७	२०६७	बी.एस्सी पोषण तथा आहार विज्ञान	स्नातक तह
८	२०७०	एम्.एस्सी माइक्रोबायोलोजी	स्नातकोत्तर तह
९	२०७०	बी.एस्सी फिजिकल	स्नातक तह
१०	२०७१	बी.एस्सी जियोलोजी	स्नातक तह
११	२०७७	बी.आई.टी	स्नातक तह
१२	२०७८	सी.एस्.आई.टी.	स्नातक तह

केन्द्रीय प्रविधि क्याम्पसमा स्वयत्तताको प्रतिफल

त्रि.वि. स्वायत्तातासम्बन्धी नियमको परिच्छेद २० नियम ५५ बमोजिम केन्द्रीय प्रविधि क्याम्पसले वि.सं. २०६९ जेष्ठ ३ गते स्वायत्तताप्राप्त गरेको हो ।

केन्द्रीय प्रविधि क्याम्पसले स्वयत्तता प्राप्त गर्दै गर्दा यस क्याम्पसको आर्थिक अवस्था एकदमै नाजुक रहेको थियो । केन्द्रीय कार्यालयबाट कार्यरत शिक्षक कर्मचारीको टाउको गनेर नियमित तलब र छिटफुट अतिरिक्त रकमबाहेक अन्य आर्थिक दायित्व वहन गरेको अवस्था थिएन । क्याम्पसका कतिपय भवनहरू अत्यन्त जीर्ण भई पानी चुहिने अवस्थामा थिए । उक्त भवनहरू मर्मत गर्न वा भत्काएर नयाँ भवन बनाउन क्याम्पससँग पर्याप्त बजेट नहुँदा जोखिमपूर्ण अवस्थामा विद्यार्थीहरू पठनपाठन गर्न बाध्य

थिए । प्रयोगात्मक कक्षा सञ्चालन गर्न इक्युपमेन्ट, केमिकल्स, ग्लासवेयर्सहरू पर्याप्त नहुँदा विद्यार्थीहरूलाई स्तरीय शिक्षा प्रदान गर्न कठिनाइ थियो । पुस्तकालयमा पर्याप्त पुस्तकको अभाव थियो । बदलिँदो समयसापेक्ष कम्प्युटर र इन्टरनेट आदिको क्याम्पसले व्यवस्था गर्न सकेको थिएन । क्याम्पसको मुख्य प्रशासनिक भवन तथा छात्रवास र आवासगृहहरूलाई घेराबारा गरी सुरक्षित गर्न सकिएको थिएन । क्याम्पसको मुख्य प्रवेशद्वारमा व्यवस्थित गेटसम्म पनि क्याम्पसले निर्माण गर्न सकेको थिएन । क्याम्पसको खेलकुद मैदान व्यवस्थित गर्न सकिएको थिएन । सुख्खा सिजनमा क्याम्पसले चरम खानेपानीको सङ्कट भोगिरहेको थियो । शिक्षक कर्मचारीहरूका लागि तालिम, अतिरिक्त सुविधा तथा वृत्तिविकासका कार्यक्रमहरू सञ्चालन गर्न कठिनाइ थियो ।

वि.सं. २०६९ जेष्ठ ३ गते स्वायत्तताप्राप्त गरेसँगसँगै क्याम्पसले शैक्षिक, भौतिक तथा प्रशासनिक विकासमा चौतर्फी विकासको गति लिएको पाइन्छ । स्वयत्तताको प्रावधानअनुसार क्याम्पसले एकमुष्ट अनुदानका अतिरिक्त पटक पटक गरेर विभिन्न शीर्षकहरूमा अनुमानित १५ करोड रूपैयाँ त्रि.वि. उच्च शिक्षा सुधार परियोजनामार्फत् प्राप्त गरेको देखिन्छ । त्यसै गरी स्वयत्तताको नियमअनुसार नै वि.सं. २०७३ सालसम्म विश्वविद्यालय अनुदान आयोगमार्फत् सिधै तथा २०७५ सालसम्म त्रि.वि. केन्द्रीय कार्यालयमार्फत् क्याम्पसमा कायम रहेको दरबन्दीअनुसार एकमुष्ट रूपमा तलबभत्ता प्राप्त भएको पाइन्छ ।

स्वायत्ताताप्राप्त भएसँगै क्याम्पसको भौतिक, शैक्षिक तथा प्रशासनिक क्षेत्रमा भएका विकासहरूलाई क्रमै सँग निम्नअनुसार चर्चा गर्न सकिन्छ :

(क) तीनतले पोषण तथा आहार विज्ञान भवनको निर्माण

यसमा प्रयोगशाला तथा कक्षाकोठाहरू गरेर सानाठुला गरी जम्मा बत्तीसओटा कोठाहरू रहेका छन् । यस भवनमा स्नातक पोषण तथा आहार विज्ञानका अलाबा एम्.टेक्. फुड टेक्नोलोजी तथा एम्.एस्सी. माइक्रोबायोलोजीका सैद्धान्तिक तथा प्रयोगात्मक कक्षाहरू सञ्चालन हुँदै आएका छन् ।

(ख) तीनतले प्रयोगशालीय तथा शैक्षिक भवनको निर्माण

यसमा प्रयोगशाला तथा कक्षाकोठाहरू गरेर सानाठुला गरी जम्मा अठारओटा कोठाहरू रहेका छन् । यस भवनमा बी.टेक्. तथा बी.एस्सीका कक्षाहरू सञ्चालन हुँदै आएका छन् ।

(ग) दुईतले चमेनागृहको निर्माण

(घ) चार परिवार क्षमताको कर्मचारी आवासगृहको निर्माण

(ङ) त्रिचालीस जना विद्यार्थी क्षमताको महिला छात्रवासको निर्माण
(च) पैँसट्ठी जना विद्यार्थी क्षमताको पुरुष छात्रवासको निर्माण
(छ) क्याम्पसको गेट निर्माण तथा क्याम्पसको जग्गा घेराबारा
(ज) एलिफेन्ट पार्कको निर्माण
(झ) बास्केटबल कोर्ट तथा टेबल टेनिस कोर्टको निर्माण
(ञ) फुटबल मैदानको स्तरोन्नति तथा स्टेज निर्माण
(ट) क्याम्पसको आन्तरिक सडक निर्माण
(ठ) खानेपानीको व्यवस्थापन

खानेपानीको व्यवस्थापनका लागि १४ कठ्ठा ३ धुर जग्गासहित आफ्नै निजी खानेपानीको मुहान खरिद गरी उक्त जग्गाको घेराबारा र वृक्षारोपण समेत गरिएको छ ।

यसै गरी शैक्षिक तथा अन्य अतिरिक्त विकासअन्तर्गत पुस्तकालयको स्तरोन्नति गरिएको छ । पुस्तकालयमा ई-लाइब्रेरीको व्यवस्था गरिएको छ । मोल्युकुलर प्रयोगशालाको स्थापना गरिएको छ । आइसक्रिम प्लान्ट, एचपीएलसी तथा पिसिआर मसिन जस्ता इक्युपमेन्टसहरूको व्यवस्था गरिएको छ । शैक्षिक कार्यक्रमहरू थप भएसँगै विभिन्न प्रयोगशालाहरूको स्तरोन्नति तथा नयाँ प्रयोगशालाहरू थप भएका छन् । प्राज्ञिक स्वायत्तताअन्तर्गत क्याम्पसमा पोषण तथा आहार विज्ञान कार्यक्रमअन्तर्गत स्नातक तह सञ्चालित छ ।

वि.सं. २०७६ सालमा त्रि.वि.कै उत्कृष्ट क्याम्पसका रूपमा क्याम्पस पुरस्कृत हुन सफल भयो । हाल क्याम्पस **QAA** प्राप्तिका अन्तिम चरणमा रहेको छ । क्याम्पसका यी सबै उपलब्धिहरू प्रत्यक्षपरोक्ष रूपमा स्वायत्ततासँग देनका रूपमा रहेका छन् । समग्रमा हेर्दा स्वायत्ताताको प्राप्तिपश्चात् क्याम्पसको भौतिक, शैक्षिक तथा प्रशासनिक विकासमा कायापलट नै भएको देख्न सकिन्छ । यी सबै उपलब्धिलाई स्वयत्ततासँग प्रतिफलका रूपमा लिन सकिन्छ ।

केन्द्रीय प्रविधि क्याम्पसमा स्वायत्ततासँग चुनौती

स्वायत्ताता आफैँमा पूर्णता होइन, यो त एउटा प्रयोग मात्र हो । त्रि.वि.को केन्द्रीकृत संरचनालाई चुस्त दुरुस्त बनाउँदै एवम् मातहतका निकायहरूलाई आर्थिक, प्राज्ञिक, प्रशासनिक रूपमा अधिकारसम्पन्न बनाउँदै तोकिएको शैक्षिक उद्देश्य हासिल गर्नका लागि निर्माण गरिएको एउटा अवधारणा वा अभ्यास मात्र हो । जुनसुकै अवधारणा सफल हुनका लागि कार्यन्वयन पक्ष सबैभन्दा प्रभावकारी हुन जरुरी हुन्छ । जब

कार्यन्वयन पक्ष सापेक्ष वा कुनै एक पक्षको अनुकूलताअनुसार अभ्यास गरिन्छ, स्वभाविक रूपमा त्यसको लक्ष्यित उद्देश्यमाथि प्रश्न चिन्ह खडा हुन पुग्दछ ।

जुन लक्ष्य र उद्देश्यका साथ त्रि.वि.मा स्वायत्तताको अवधारणा अगाडि बढाइयो, प्रारम्भिक चरणमा त्यसको कार्यन्वयनमा त्रि.वि. केन्द्रीय कार्यालयबाट पूर्ण तदारुकता देखाइयो । स्वायत्तातासम्बन्धी नियमावलीलाई अक्षरशः पालना गरियो । स्वायत्तताप्राप्त क्याम्पसका लागि अनुदान आयोगबाट विनियोजित बजेटलाई विना रोकटोक सम्बन्धित क्याम्पसमा आउन दिइयो । फलस्वरूप स्वायत्तताप्राप्त क्याम्पसहरूले विकासको जग बसाउन सके । यसैबीच अनुदान आयोगबाट स्वायत्तता प्राप्त क्याम्पसका लागि छुट्याइएको बजेट सिधै सम्बन्धित क्याम्पसमा विनियोजन गरिँदा केन्द्रीय कार्यालय सँगको उक्त क्याम्पसहरूको सम्बन्ध कमजोर भएको भन्ने बहानामा वि.सं. २०७३ सालबाट त्रि.वि. केन्द्रीय कार्यालयबाट स्वयत्तताप्राप्त क्याम्पसका लागि विनियोजन गरिएको बजेट सिधै नपठाएर केन्द्रीय कार्यालयमार्फत् पठाउनुपर्ने अडान राखिएपछि स्वायत्तताप्राप्त क्याम्पसका चुनौतीका दिनहरू प्रारम्भ भएको देख्न सकिन्छ । विश्वविद्यालय अनुदान आयोगबाट वि.सं. २०७३ सालबाट स्वायत्तताप्राप्त क्याम्पसको लागि विनियोजित बजेट केन्द्रीय कार्यालयमार्फत् पठाउन थालिएपछि वि.सं. २०७३ र २०७४ सालसम्म केन्द्रीय कार्यालयले सम्पूर्ण बजेट केन्द्रीय प्रविधि क्याम्पसका लागि पठाइएको तथा वि.सं. २०७५ सालबाट भने नियमावलीमा उल्लेख गरिएको दरबन्दीअनुसारको एकमुष्ट बजेट नपठाएर तत्काल कार्यरत शिक्षक कर्मचारीको सङ्ख्याअनुसार टाउको गनेर रकम पठाउन थालियो । यसरी दरबन्दीअनुसारको रकम नपठाएर कार्यरत शिक्षक कर्मचारीहरूको तलब मात्र केन्द्रीय कार्यालयबाट पठाइँदा ठुलो सङ्ख्यामा रिक्त रहेको शिक्षक कर्मचारीको तलबभत्ताको व्यवस्था क्याम्पस आफैँले गर्नुपर्ने अवस्था सिर्जना भयो । त्यसबाहेक केमिकल्स, इक्युपमेन्टस्, ग्लासवेयर्स तथा दैनिक सञ्चालन खर्च क्याम्पसले आन्तरिक स्रोतबाट नै बेहोर्नुपर्ने भयो ।

हाल केन्द्रीय प्रविधि क्याम्पसमा सेवानिवृत्त हुने शिक्षक कर्मचारीहरूको सङ्ख्या बढिरहेको छ । हरेक साल चारपाँच जना शिक्षक कर्मचारीहरू क्याम्पसबाट सेवानिवृत्त हुने गरेको पाइन्छ । यसरी सेवानिवृत्त हुने शिक्षक कर्मचारीहरूको सङ्ख्या बढिरहँदा आन्तरिक स्रोतबाट सेवासुविधा उपलब्ध गराउने शिक्षक कर्मचारीका भरमा मात्र क्याम्पसको शैक्षिक तथा प्रशासनिक कार्यहरू सञ्चालन गर्न समस्या भएर क्याम्पसको आर्थिक अवस्था विकराल हुँदै गएको छ । त्रि.वि. केन्द्रीय कार्यालयबाट दरबन्दीअनुसार शिक्षक कर्मचारीहरू आपूर्ति नहुने तथा आन्तरिक स्रोतबाट नै उक्त स्थानहरूको कार्य

सम्पादन गरिरहनुपरेका खण्डमा आर्थिक समस्याको कारणले नै क्याम्पसको अवस्था धराशायी हुने सहज अनुमान गर्न सकिन्छ। हाल वि.सं. २०७९ मा यस क्याम्पसको स्वर्ण महोत्सव मनाइरहँदा क्याम्पसमा रहेको शिक्षक कर्मचारीहरूको दरबन्दी तथा कार्यरत रहेका शिक्षक कर्मचारीहरूको विवरण तलको तालिकाअनुसार हेर्न सकिन्छ :

केन्द्रीय प्रविधि क्याम्पसका शिक्षकहरुको र्तमान अबस्था:

क्र. सं	विषयहरु	दरबन्दी	बार्यरतशिक्षकहरु बिदा					जम्मा कार्यरत शिक्षक	साप्ताहिक कक्षाभार	आवश्यक शिक्षक
			स्थायी	करार	आंशिक	काज	Ph.D. बिदा			
१.	Food	34	10	0	2	1+1+1	2	5+0+2	260	11
२.	B. Sc .in N/D	11	0	4	1			1+4+1	171	7
३.	CSIT	0	0	0	1			0+0+1	111C	8
४.	BIT	0	0	0	1			0+0+1	105C	7
५.	Botany	3	3+1	0	1	1	1	2+0+1	138	6
६.	Zoology	4	2	1	1	1	1	0+1+1	138	6
६.	Microbiology	3	4	0	3	1	2	1+0+3	168+48C	7+4
७.	Geology	0	0	2	1			0+2+1	132	6
८.	Chemistry	8	6	1	0	1	1	4+1+0	178 + 4C	7
९.	Physics	5	2	3+2	2		1	1+{(3)+2}+2	195 P+ 7 C	8
१०.	Math	2	1	1	2			1+1+2	103 P + 32 C	4+2
११.	Statistics	1	1	0	1			1+0+1	127 + 38C	5+3
१२.	English	3	1	0	0			1		
१३.	Nepali	2						0		
	Total	76	31	14	17	7	8	47		91

केन्द्रीय प्रविधि क्याम्पसको कर्मचारीको वर्तमान अवस्था

क्र. सं	पद	दरबन्दी	कार्यरतकर्मचारीहरु					जम्मा कार्यरत कर्मचारी	निम्नतमआवश्यक कर्मचारी
			स्थायी	करार	ज्यालादारी	काज	बिदा		
१	आर्थिकलेखानियन्त्रक	-	१					१	१
२	शाखाअधिकृत	२	२			१		१	५

३	पुस्तकालयअधिकृत	१	१					१	१
४	मुख्यकार्यालयसहायक	५	४	१				५	७
	मुख्यलेखासहायक	१	१	१				२	२
५	मुख्यकार्यालयसहायक (स्टोर)			१				१	१
६	मुख्यप्राविधिकसहायक		१	३				४	५
७	कम्प्युटरअपरेटर		१	१				२	२
८	कार्यालयसहायक	५	१			१		०	७
९	ल्याबब्वाई	८	४	५				९	१२
१०	ईलेक्ट्रीसियन	१	१					१	१
११	सिनियरपियन (प्लम्बर)		१					१	१
१२	कार्यालयसहयोगी	२६	१०	२	१३	१		१८	३०
	जम्मा	४९	२८	१३		२		४५	७५

क्याम्पस सञ्चालनका लागि भौतिक संरचना निर्माण हुनु, शैक्षिक कार्यक्रमहरू थप गरिनु, प्रयोगशाला तथा पुस्तकालयको स्तरोन्नति गरिनु मात्र ठुलो कुरा होइन । विद्यार्थीहरूलाई समयसापेक्ष स्तरीय शिक्षा प्रदान गर्दै कुनै प्रकारको आर्थिक तथा प्रशासनिक झन्झट विना नै नियमित रूपमा संस्था सञ्चालन गरिनु ठुलो कुरा हो । आज यस क्याम्पसमा आङ्गिक क्याम्पसका रूपमा ३० औ, ४० औ वर्ष अगाडिबाट प्रारम्भ गरिएका खाद्य प्रविधि (बी.टेक्.) तथा साधारण विज्ञान (बी.एस्सी) जस्ता शैक्षिक कार्यक्रमहरूमा क्याम्पसले चाहेर पनि निजी शैक्षिक संस्थाजस्तो शुल्क वृद्धि गर्न सक्दैन । तर उक्त कार्यक्रमहरू सञ्चालनका लागि आवश्यक शिक्षक, कर्मचारी, इक्युपमेन्टस्, केमिकल्स, ग्लासवेयर्स जस्ता नियमित वस्तुको व्यवस्था गर्न अत्यन्तै कठिन अवस्था देखिएको छ ।

उपसंहार

वि.सं. २०६२ सालमा स्वायत्ततासम्बन्धी नियम निर्माणपछि केही क्याम्पसहरूमा यो लागू गर्न प्रयास गरिँदा क्याम्पसको भविष्यमाथि आशङ्का गर्दै विरोधका स्वरहरू उठेका थिए । आशङ्काको स्वर थियो - "यो त्रि.वि.को निजीकरणको अभ्यास हो कुनै दिन स्वायत्तताप्राप्त क्याम्पसहरू टाट पल्टिएर पूर्ववत् आङ्गिक क्याम्पसका रूपमा फिर्ता

हुनेछन् या सम्पूर्ण डोनेसन कार्यक्रमहरू मात्र सञ्चालन गरेर आत्मनिर्भर बनेर उक्त क्याम्पसको केन्द्रीय कार्यालयसँगको सम्बन्ध समाप्तप्रायः हुनेछ ।" यो आशङ्का हाल केन्द्रीय प्रविधि क्याम्पसको वर्तमान आर्थिक अवस्थाले पुष्ट्याइँ गर्दै गएको देख्न सकिन्छ ।

हाल केन्द्रीय प्रविधि क्याम्पसले भोगिरहेका सम्मस्याको तत्काल निराकरण खोज्ने हो भने स्वायत्तता प्रदान गरिँदाको त्रि.वि. केन्द्रीय कार्यालय र केन्द्रीय प्रविधि क्याम्पसका बीचको सम्झौतालाई वि.सं. २०७५ सालभन्दा अगाडि झैं अक्षरशः पालना गरिनुपर्दछ, अन्यथा प्रदेश नं १ को विज्ञान र प्रविधिका ज्ञानको केन्द्रका रूपमा इतिहास बोकेको यो क्याम्पस आर्थिक सङ्कटका कारणले नै धराशायी बन्ने निश्चतप्रायः छ । सम्बन्धित निकायहरूको वेलैमा ध्यान पुगोस् ।

*

(प्रा.डा. धन बहादुर कार्की केन्द्रीय प्रविधि क्याम्पस धरानका पूर्व क्याम्पस प्रमुख तथा वर्तमान सञ्चालक समितिका अध्यक्ष हुनुहुन्छ एवम् सहप्रा.बबिता अधिकारी केन्द्रीय प्रविधि क्याम्पस धरानका वर्तमान सहायक क्याम्पस प्रमुख हुनुहुन्छ)

स्मृतिमा त्रि.वि.केन्द्रीय प्रविधि क्याम्पस

प्रा. गीता भट्टराई

उच्च शिक्षाको खोजीमा सहरतिर

मेरो जन्म वि.सं. २०१५ साल पौष महिनामा नेपालको शुदूर पूर्व तेह्रथुम जिल्लाको खेलपुर भन्ने गाउँमा भएको हो । मेरो बुबा गिरीराज गौतम र आमा दयादेवी गौतम हुनुहुन्छ । मेरो पढाईको सुरुवात गाउकै एक प्राथमिक विद्यालयबाट भयो । पाँच कक्षा सम्मको अध्ययन त्यहा पुरा गरेपछी गाउँको स्कुलमा त्यसभन्दा अगाडि पढ्ने सुविधा नभएकोले बुबाआमाले हामी चार जना छोराछोरीलाई पाँचथर जिल्लाको सदरमुकाम फिदिममा राखेर हाइस्कूल सम्म पढाउनु भयो । मैले २०३१ सालमा फिदिमको श्री फिदिम व्यवसायिक माध्यमिक विद्यालयबाट SLC परीक्षा दिएँ ।

२०३२ साल जेठ वा असारमा मेरो एस एल सी को रिजल्ट प्रकाशित भएको रेडियोबाट थाहा भयो । सञ्चार र यातायातको असुविद्याले गर्दा त्यसको तीनचार दिनपछि हामी बसेको पाँचथर जिल्लाको फिदिम बजारमा गोरखापत्र आयो । दोस्रो श्रेणीमा पास भएको कुरा पत्ता लाग्यो । त्यही साँझ बुबाले अब तँ धरान जानुपर्दछ, कलेज पढ्न भनेर भन्नुभयो । कुन कलेज, के विषय पढ्ने केही थाहा थिएन । फिदिमबाट हिँडेको तीन दिनपछि धरान आइपुगियो । प्रवेश परीक्षा पास गरी २०३२ साल भाद्र ४ गते देखि कक्षा सुरु भयो र मैले व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थान अर्न्तगत खाद्य प्रविधि विषयमा प्रमाणपत्र तहमा अध्ययन गर्न सुरु गरेँ । तर त्यति वेला मलाई के थाहा कि यो संस्थामा मेरो जीवनको अधिकांश हिस्सा बित्नेछ भनेर ।

पाँचदशक अघिको केन्द्रीय प्रविधि क्याम्पस

केही विषयको पढाइ त्यस वेला हात्तीसारको डाँडामा हुन्थ्यो भने केही विषयको तल जनपथको भाडाका घरमा हुन्थ्यो । हात्तीसारमा काठबाट बनेका र टिनको छाना लगाएका टहरामा पढाइ हुन्थ्यो । अफिस, लाइब्रेरी र स्टोर पनि त्यस्तै टहरामा थिए । हावा नचलेका वेला त ठीकै थियो, तर हावापानी आउँदा टिन बजेर पढाएको केही नबुझिने हुनाले कक्षा स्थगित गर्नुपर्थ्यो । त्यो कोर्स दुईबर्से थियो र त्यसमा जम्मा चार सेमेस्टर थिए । त्यस समयमा हामी विद्यार्थी थोरै थियौँ । हामीलाई पढाउने सरहरूको कमी थिएन । हरेक विद्यार्थी र सरहरूका बीचमा राम्रो परिचय र चिनजान थियो ।त्यस समयमा कलेजमा विद्यार्थीहरूको सङ्गठन खोल्न पाइँदैनथ्यो । क्याम्पसमा राजनीतिको गन्ध पनि थिएन । क्याम्पसमा अतिरिक्त क्रियाकलापहरू भइरहन्थे । म अरू त होइन, साहित्यगोष्ठी, वादविवाद र हाजिरीजवाफजस्ता कार्यक्रममा भाग लिन्थेँ र विजयी पनि

बन्थें । मेरा लागि अतिरिक्त क्रियाकलापका ती कार्यक्रमहरू अति नै लाभदायक भए र जनसमूहमा गएर बोल्न तथा आफ्ना तर्कहरूराख्न आत्मबल प्राप्त गरँे । ती क्रियाकलापले मलाई पछि गएर मेरो प्राध्यापन पेशामा पनि सहायता गऱ्यो ।

त्यस समयमा हामीलाई प्राध्यापन गर्ने सरहरूमा जगत्बहादुर के.सी, देवभक्त शाक्य, भद्रमान तुलाधर, तिलकमान श्रेष्ठ, कृष्णकुमार न्यौपाने, भिष्मानन्द वैद्य, आनन्दमानसिंह प्रधान, मिरा मास्के, चैतन्य शर्मा, ललितबहादुर बस्नेत, प्रदीपराज राजभण्डारी, तीर्थानन्दवैद्य, बद्रीलक्ष्मीवैद्य, मोहम्मद समसुल हक, रामकृष्ण प्रसाई, केशव भट्टराई, जगन्नाथ श्रेष्ठ, पुरण श्रेष्ठ इत्यादि हुनुहुन्थ्यो । अहिले यीमध्ये कतिपय सरहरूले परमपद प्राप्त गरिसक्नुभयो । उहाँहरूलाई श्रद्धासुमन र वैकुण्ठवास प्राप्त होओस् भनी कामना गर्दछु ।

त्यस समयमा अहिलेको जस्तो शिक्षक र विद्यार्थीहरू राजनीतिक कित्तामा बाँडिएका थिएनन् । सरहरू दशबजे क्याम्पस आइपुग्नुहुन्थ्यो । पूरा समय क्याम्पसमा नै बिताउनु हुन्थ्यो । अहिलेको जस्तो हेल्मेट शिक्षक कोही पनि हुँदैनथ्यो । जुनसुकै पनि सरहरू विद्यार्थीले खोजेका समयमा सजिलै उपलब्ध हुन सक्नुहुन्थ्यो ।

हामीले अध्ययन गर्दा दुईजना विदेशी शिक्षकहरू हुनुहुन्थ्यो । ती दुईजनामा एक जनाको नाम किथ र अर्को जनाको डेभिड थियो । उहाँहरूको पूरा नाम अहिले मलाई याद भएन । ती दुई जनामा किथ सरका विभिन्न किसिमका रमाइला किस्साहरू हामी विद्यार्थीबीच भैरहन्थे । उहाँ सामान बोक्ने ढाकरलाई छाँटकाँट गरेर बेल्टहरू राखेर हामीले बोक्ने खकने ब्यागजस्तो बनाई आफ्ना सरसामानहरू बोक्नुहुन्थ्यो । उहाँले एउटा बिरालो पाल्नुभएको थियोर कहिलेकाँही त्यो ढाकरमा बिरालो राखेर बजारतिर हिँड्नुहुन्थ्यो । सरको पढाउने कला असाध्यै राम्रो थियो । उहाँले बोल्ने गरेको इङ्ग्लिस हामी सबै नबुझ्ने भएको हुँदा हामीलाई पढाउने कुरा अङ्ग्रेजीमा ब्ल्याक बोर्डमा लेखिदिनु हुन्थ्यो । त्यस समयमा हामी विद्यार्थी र शिक्षकका बीचमा अभिभावक र छोराछोरीको जस्तो सम्बन्ध हुन्थ्यो । सरहरू र विद्यार्थी भएर हामी वनभोज जान्थ्यौं । भाँडा, कराही, थाल इत्यादि सबै आँफैं खोजेर लान्थ्यौंर वनभोजमा खानेकुराहरू आँफैं पकाउँथ्यौं, आँफै भाँडा सफा गर्थ्यौं । क्याम्पसले विद्यार्थीलाई शैक्षिक भ्रमणमा लाने गर्थ्यो । हामीलाई प्रा.डा. माधव पोखरेल र तिलकमान श्रेष्ठ सरले नेपालको भैरहवा, बुटबल र पाल्पालगायतका विभिन्न ठाउँमा लानुभएको थियो । मैले यी ठाउँलगायत काठमाडौं, वीरगञ्ज, जनकपुर, हेटौंडा, नारायणगढ जीवनमा नै पहिलो चोटि देखेँ ।

आई टेक् पढदा ताकाका ती दिनहरू असाध्यै रमाइला थिए । केटाकेटी अवस्थाका ती दिनहरूमा ठूलो उत्तरदायित्व केही थिएन । साथीहरू मिलेर सिनेमा हेर्न जान्थ्यौं र धेरै दिनसम्म त्यै सिनेमाकै बारेमा चर्चा परिचर्चा गर्थ्यौं । सिनेमा हेर्न जाँदा हलमा कुनै सरलाई देख्यौं भने हामी सबैको सातो जान्थ्यो । सिनेमा सधैं हेर्न पाइँदैनथ्यो । कन्सेसनमा महिनामा एकचोटि, त्यो पनि शनिवारमात्र हेर्न पाइन्थ्यो ।

०३२ देखि ०३४ सालको त्यस समयमा सबै सर र विद्यार्थीहरू हिँडेर नै क्याम्पस आउनेजाने चलन थियो । हात्तीसारबाट धरानको पुरानो बजार झर्ने छोटो बाटाबाट हामी क्याम्पस आउनेजाने गर्थ्यौं । त्यास समयमा त्यस्तो एकान्त ठाउँ भएपनि कुनै किसिमको अप्रिय घटना भने घटेन । हामीसँग त्यस समयमा अध्ययन गर्ने मित्रहरूमा प्रदीप भण्डारी, अशोक राई, केशव भट्टराई, उत्तम भट्टराई, गेहनाथ गौतम, रमेश भट्टराई, केदार पौड्याल, गणेश दवाडी, जीवनप्रभा निरौला इत्यादि थिए । उनीहरू समाजका विभिन्न क्षेत्रमा सक्षम भए निस्किए । ०३२ देखि ०३५ मा मेरो आई टेक्को अध्ययन पूरा भयो ।

उच्च शिक्षाको भोक र स्नातक तह अध्ययन

वि.सं. २०३९ साल चैत्रमा बी टेक् (खाद्य प्रविधि) अध्ययनका लागि क्याम्पस भर्ना भएँ । अब पहिलाको जस्तो काठका टहरा नभएर विशाल भवनमा हाम्रो पढाइ सुरु भयो । खाद्य प्रविधि स्नातक तह खोल्न र ती विशाल भवनहरू, शिक्षक आवासगृह, छात्रावास इत्यादि निर्माण गर्न परासर, नारायण सुवाल, भद्रमान तुलाधर, जगत्बहादुर के.सी., देवभक्त शाक्य आदि तत्कालीन सरहरूले महत्त्वपूर्ण भूमिका खेल्नुभएको थियो । त्यसै समयमा हाम्रा दिवङ्गत राजा वीरेन्द्र सरकारको पनि क्याम्पसमा सवारी भएको थियो । सरकारले खाद्य प्रविधिका बारेमा ठूलो चासो राखिबक्सनुका साथै यस कलेजलाई केन्द्रीय प्रविधि क्याम्पस बनाउन निर्देशन दिइबक्सेको थियो । बी टेक् अध्ययन गर्दा हाम्रा ब्याजमा छात्रा म एकजना मात्र थिएँ । त्यसैले सुरुमा अलिक असहज हुने हो कि जस्तो लाग्दथ्यो । तर पछि त सबै साथीहरू साह्रै मिलनसार र सहयोगी पाएँ । त्यति वेलाका मसँग साह्रै मिल्ने र मलाई सहयोग गर्ने साथीमा आर.सी. लिम्बू, तारा निरौला, टङ्कमणि काफ्ले, सी.एम. उप्रेती, पुष्प आचार्य आदि हुनुहुन्थ्यो ।

२०४० साल माघमा मेरो विवाह भयो । बी टेक् प्रथम वर्षमा अध्ययन गर्दै थिएँ । म र मेरो श्रीमान्को सुरुको परिचय आर.सी.जीले गराउनुभएको थियो । पछि हाम्रो विवाहमा मेरा माथि नाम उल्लेख भएका साथीहरूले ठूलो सहयोग गर्नुभयो ।

विवाहपछि मेरो दायित्व बढेर गयो । घर किसान परिवारको थियो,त्यो पनि झापाको गौरादहमा । खेतीपानी नै घरको व्यवसाय भएकाले घरमा गाईभैंसी, बाखापाठा, गोरु इत्यादि थिए । समय समयमा घर जानुपर्दथ्यो । अब मेरा पढाइमा केही बाधा आउन थाल्यो । तर मेरा साथीहरूले थ्योरी कक्षामा पढाइ भएको कुरा सबै बुझाइदिन्थे । एक दिन म प्राक्टिकल कक्षामा आधा घण्टा ढिलो पुगेँछु । त्यो विषय एउटी भारतीय महिलाले पढाउनु हुन्थ्यो । उहाँले मलाई 'तँ अब वुमन (आइमाई) भइसकिस् र तँ अब कलेजको रुटिनमा चल्न सक्दिनस्, तैँले अब पढ्नुपर्दैन' भनेर अङ्ग्रेजीमा गाली गर्नुभयो । उहाँको गाली जेनतेन उहाँकै अगाडि बसेर सुनेँ । तर मेरो गला अवरुद्ध भयो । आँखा आँसुले डब्डबाए । म त्यहाँ बसिरहन सकिनँ । कुँदेर ट्वाइलेटमा गएँ र भक्कानिदै रोएँ । किन मलाई त्यो मेडमले एउटी महिला भएर पनि त्यसो भन्नुभयो जस्तो लाग्यो । एउटी महिलाले मलाई प्रोत्साहन दिनुको सट्टा किन दुरुत्साहन गर्नुभयो ? यी सारा कुरा मैले साथीहरूलाई भनेँ । मेरा साथीहरूले मलाई सम्झाउनुभयो र मेडमसँग कुरा पनि मेरो अनुपस्थितिमा गर्नुभएछ । त्यो म्याडमप्रति मेरो जुन श्रद्धा थियो, त्यो घटेर गयो ।

आई टेक्का तुलनामा बी टेक्को कोर्स धेरै स्तरीय थियो । खाद्य प्रविधिका धेरै विषयवस्तु पढ्नुपर्दथ्यो । कतिपय विषयमा सरहरूको कमी थियो । फुड टेक्नोलोजीका शिक्षकहरू भारतको मैसुर, कलकत्ता, दिल्ली जस्ता ठाउँबाट ल्याउनुपर्दथ्यो । जेनतेन गर्दै पढाइलाई अघि बढाउँदै लगेँ । बी टेक् तेस्रो वर्षमा पढ्दै गर्दा छोरी जन्मिइन् । पढाइमा झन् व्यवधान आउन लाग्यो । तर पढाइलाई निरन्तरता दिएँ । अब म छोरीलाई दुध खुवाउनका लागि दिनमा तीनपटकसम्म कोठा र क्याम्पसमा ओहोरदोहोर गर्न लागेँ । म बी टेक् अध्ययन गर्दा क्याम्पस चिफ प्राध्यापक जगत्बहादुर के.सी. हुनुहुन्थ्यो । सर धेरै नै सहयोगी र सक्रिय हुनुहुन्थ्यो । उहाँका कुराहरू मोटिभेसनल टाइपका हुन्थे । सरले मेहनतपूर्वक वेट पाइलट प्लान्ट, ड्राई पाइलट प्लान्ट, बोइलर हाउसका लागि रकम जुटाउनु भयो र निर्माण गर्नुभयो । राम्रो र व्यवस्थित छात्रावास बनाउन नसकेपनि छात्रहरूका लागि साधारण छात्रवास बनाउनु भयो जसमा आजपर्यन्त विद्यार्थीहरू बसिरहनु भएको छ । खुशीको कुरा हाल क्याम्पसमा छात्रहरूका लागि ४३ जना र छात्रहरूका लागि ६५ जना विद्यार्थी क्षमताका २ ओटा नयाँ व्यवस्थित छात्रावास निर्माण भइसकेका छन् ।

मैले २०४० देखि २०४४ सम्म बी. टेक्. अध्ययन गरेँ । यो अवधिमा क्याम्पसमा राजनीति घुसिसकेको थियो । विद्यार्थीहरू ने.वि. सङ्घ र अनेरास्वविय्मा बाँडिएका थिए । स्वविय्को चुनावमा विद्यार्थीहरू आफ्नो सङ्गठनलाई जिताउन धेरै मेहनत गर्थे ।

त्यतिखेर देशमा पञ्चायती व्यवस्था थियो र पञ्चायती व्यवस्थालाई समर्थन गर्ने विद्यार्थीहरूलाई मण्डले भनिन्थ्यो । पञ्चायत समर्थन गर्ने विद्यार्थी सङ्गठनलाई राष्ट्रवादी स्वतन्त्र विद्यार्थी मण्डल भनिन्थ्यो । शिक्षकहरू पनि प्रगतिशिल प्राध्यापक सङ्गठन र प्रजातन्त्रवादी प्राध्यापक सङ्घमा बाँडिएका थिए । राजनैतिक आस्थाको आधारमा शिक्षक र विद्यार्थी विभाजि हुनुपर्ने अवस्था थियो । कुन सङ्गठनमा धेरै सदस्य जम्मा गर्न सकिन्छ भनेर होडबाजी नै चल्थ्यो । हात्तीसार क्याम्पसमा भने प्रायः अखिलको नै जित हुन्थ्यो । प्रगतिशील र प्रजातन्त्रवादी मध्ये जुन विचारवाला व्यक्ति क्याम्पस नेतृत्वमा हुन्थ्यो, विद्यार्थीहरू पनि त्यही विचारधाराका होउन् भन्ने आशा राख्दथे ।

हामीलाई बी टेक्मा पढाउनुहुने सरहरूमा जगत्बहादुर के.सी, तिलकमान श्रेष्ठ, ललितबहादुर बस्नेत, मीरा मास्के, नारायण राई, तोयानाथ प्रसाई, टी.एन. मण्डल, सुमन कुमार लालदास, पुनितचन्द्र श्रीवास्तव, कृष्णकुमार न्यौपाने, केशव नेपाली, डा. आशिष मुखर्जी, देवाशिषवसु हुनुहन्थ्यो । फिजिक्स र खाद्य प्रविधिका शिक्षकहरू नेपालमा नपाइएर भारतबाट पनि ल्याइन्थ्यो । उतावाट ल्याइएकामा डा. आशिष मुखर्जी, सलिल वसु, पुलक डे, हरेन्द्र सिन्हा, निवेदिता मल्लिक आदि (कतिपयको नाम अहिले मैले भुलें) हुनुहुन्थ्यो । हामीले वार्षिक प्रणालीअनुसार पढेपनि हरेक वर्षमा एसिस्मेन्ट परीक्षा हुन्थ्यो र एसिस्मेन्ट पास गरेपछि मात्र फाइनल परीक्षा दिन पाइन्थ्यो । यसरी नै मैले बी टेक्को पढाइ पूरा गरें । बी टेक्को कोर्समा दशदिने औधोगिक भ्रमणको कुरा उल्लेख छ । हामीलाई औधोगिक भ्रमणमा लग्ने सरहरूमा प्रा.डा. सुरेन्द्रबहादुर कटवाल र प्रा.डा. गङ्गा खरेल हुनुहुन्थ्यो । औधोगिक भ्रमणमा जाँदा सबै साथीहरू होटलको दुईवटा कोठामा कोचाकोच गरेर बस्नु भएछ र मलाई एउटा सिङ्गल कोठा दिनुभएको कुरा कहिल्यै बिर्सन्न ।

कामको खोजीमा भौतारिँदा

२०४६/२०४७ सालतिरको कुरा हो । मैले बी टेक् पूरा गरिसकेकी थिएँ । अब के काम गरौं भनेर सोच्दै थिएँ । हात्तीसार क्याम्पसमा फुड टेक्नोलोजीका केही विषय पढाउने शिक्षकहरू चाहिएको छ भन्ने कुरा थाहा पाएँ । डराउँदै डराउँदै क्याम्पस गएँ । त्यो समयको सहायक डीन प्रा. जगतबहादुर के.सी. हुनुहुन्थ्यो । जगत सरसँग त्यहाँ पढाउने इच्छा राखें । जगत् सरले मेरो प्रस्ताव स्वीकार गर्नुभयो र २०४७ साल वैशाख २ गतेदेखि आंशिक शिक्षकका रूपमा नियुक्ति दिनुभयो । मलाई असाध्यै खुसी लाग्यो । न त मेरो केही सोर्सफोर्स थियो, न मेरो कुनै राजनैतिक कित्ता नै थियो । थिए त मलाई जगत सरको अगाडि उभिएर जागिर माग्ने आँट, बी.टेक्. उतीर्ण गरेर बी टेक्लाई नै

पढाउन सक्छु भन्ने हिम्मत अनि मेरो आर्थिक आवश्यकताहरू । यिनै कुरा बलवान् भए होलान् । अनि हुनसक्छ, जगतबहादुर सरका मनमा पलाएको एउटी नारीले शिक्षण पेसा प्रति रुचि गर्दा अवसर दिऊँ, एउटी चेलीले आफ्नो क्षमता देखाउन पाओस् साथै गरेर खाओस् भन्ने भावना । नियुक्ति पत्र बोकेर घर फिर्दा फेरि चुनौतीहरू सामु आए कि अब मेरो पाँच महिनाको छोरा र असी वर्ष लाग्नुभएकी सासू आमालाई कसरी सम्हालुँला ?

२०४७ साल बैशाख २ गतेदेखि प्राध्यापन गर्ने गरी नियुक्ति पाएर क्लास लिन सुरु गरेँ । शिक्षण पेसा प्रारम्भ गरेको हप्ता दिन बित्दै गर्दा २०४७ साल बैशाख ९ गते क्याम्पसमा एउटा अप्रिय घटना भयो । क्याम्पस गएर थ्योरी कक्षा लिएर प्राक्टिकल कक्षाको तयारी गर्न भनेर ल्याबमा गएँ । ल्याब ब्वाइ लक्ष्मी भाइले भन्नुभयो, "क्लास हुँदैन होला, म्याडम ! सबै जना क्याम्पसको गेटमा जम्मा भएका छन् । कालो मोसो इत्यादि के के भन्दैछन् ।" म के हुन आँटेछ भनेर हतारहतार क्याम्पसका गेटमा गएँ । जगत सरलाई एक हुल विद्यार्थीहरूले कालोमोसो दलेर र जुत्ताको माला लगाएर एसेम्ली हलमा लगिरहेका रहेछन् । फेरि एक छिनपछि सुनियो कि जगत् सरलाई क्याम्पस प्रमुखबाट राजिनामा दिन लगाइयो । कतिपय विद्यार्थीहरूमा आक्रोश देखिन्थ्यो, कतिपयमा कौतूहल अनि कतिपयमा निरीहता । म आफुलाई किङ्कर्तव्यविमूढको अवस्थामा रहेको सम्झन्छु । अहिले म आफूलाई त्यो क्षण सम्झँदा पश्चात्ताप लाग्छ म किन त्यस्ती भएँ ? यस्तो कार्य पक्कै राम्रो थिएन । मैले किन त्यसको प्रतिरोध गर्न सकिनँ ? विद्यार्थी आखिर विद्यार्थी हुन् हाम्रा छोराछोरी जस्ता । उनीहरूमा परिपक्वता भइसकेको हुँदैन । व्यवहारिक कुशलतामा पनि उनीहरू कमजोर हुन सक्दछन । मैले उनीहरूले मानुन् वा नमानुन्, एकपटक त उनीहरूलाई यस्तो कार्य नगर्न दबाब दिनुपर्थ्यो । म एउटी शिक्षित र जिम्मेवार महिला हुँ भने मैले गलतलाई गलत र ठीकलाई ठीक भन्न सक्नुपर्थ्यो । तबमात्र मेरो जिम्मेवारी काम लागेको ठहर्थ्यो । पुस्तकका अक्षर पढेर त्यसैमा मैले आफ्नो विद्वता देखेँ भने त्यस्तो विद्वत्ताको के अर्थ रहन्थ्यो र ? मैलै उक्त घटनामा दुर्व्यवहारको सामना गरिरहनुभएका मेरा आदरणीय सरलाई बचाउन प्रतिरोधमा उत्रन सकिनँ । मलाई अहिलेसम्म त्यो कुरा खट्किरहन्छ ।

यस्तै वातावरणमा आफ्नो शिक्षण पेसालाई अघि बढाउँदै लगेँ । नयाँ सहायक डीनमा बद्रीनाथ श्रेष्ठ आउनुभयो । उहाँको पहिचान प्रजातन्त्रवादी प्राध्यापकमा थियो । उहाँ पनि एउटा कुशल प्रशासक, विद्यार्थी र साथीभाइ मैत्री हुनुहुन्थ्यो । जुनसुकै काम गर्दा पारदर्शी भएर सबैको कुरा सुन्ने र सबैलाई सहायता गर्ने स्वभावको हुनुहुन्थ्यो ।

जब बी टेक्को एक वर्षको मलाई सुम्पिएको क्लास पढाएर सकियो,तब क्लास नभएपछि पैसा पनि आउन छोड्यो । मैले फेरि बद्री सरलाई करकर गर्न लागेँ । सरले माथिबाट स्वीकृति नलिई हुँदैन भन्नु भयो र त्रि.वि केन्द्रबाट स्वीकृति लिएर मलाई एकवर्से करारको नियुक्ति दिनुभयो । अब मन केही ढुक्क भयो । मेरो कमजोर राजनीतिक पृष्ठभूमि र सोर्सफोर्स विनाको अवस्थाका बाबजुद पनि मेरो क्षमताको कदर गर्दै मलाई करार नियुक्ति दिलाउन सरले जुन पहल गर्नुभयो त्यसमा म मेरो भाग्यभन्दा पनि बद्री सरले गर्नुभएको सहायतालाई ठूलो मान्दछु । उहाँले मप्रति लगाउनु भएको गुन म जीवनपर्यन्त बिर्सन सक्दिन । बद्रीनाथ श्रेष्ठ सर अब हामीमाझ रहनु भएन । उहाँप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु ।

त्यस समयमा अर्थात् २०४७/०४८ सालमा हरेक ठाउँमा राजनीति घुस्न सुरु भइसकेको थियो । हरेक शिक्षकले आफ्नो राजनीतिक झुकाव देखाउनु पर्दथ्यो । त्यस समयमा प्रगतिशील र प्रजातन्त्रवादी गरेर दुई प्रकारका प्राध्यापक सङ्गठन थिए । ती दुईमध्ये कुनै एकमा आफ्नो झुकाव नदेखाए त्यो व्यक्ति घरको न घाटको हुन्थ्यो । मैले आफ्नो समर्थन र झुकाव प्रजातन्त्रवादी प्राध्यापक सङ्घलाई दिएकी थिएँ । तर म प्रजातन्त्रवादी भए पनि मैले खरो रूपमा राजनीतिलाई कहिल्यै लिन सकिनँ । वास्तवमा भन्ने हो भने मलाई युनिभर्सिटीमा यतिविधि राजनीतिक स्वतन्त्रता नभए हुने भन्ने अहिलेसम्म पनि लाग्दछ । त्यस समयमा सहायक डीनले एकदुई महिनाको फरकमा शिक्षक मिटिङ राख्नुहुन्थ्यो । प्रायःजसो मिटिङमा प्रगतिशील र प्रजातन्त्रवादी प्राध्यापकका बीच वादविवाद र चर्काचर्की नै पर्दथ्यो । कुरा कुनै ठूलो हुँदैनथ्यो र मलाई चाँहि जसले बोलेपनि कुरा ठीकै जस्तो लाग्दथ्यो । मेरो आफ्नो विचार केही राख्दिनथेँ । त्यसकारण मलाई साथीभाइले खासै महत्त्व दिँदैनथे । तर तोयनाथ प्रसाईं सर भने मलाई सान्त्वना र ढाडस दिनुहुन्थ्यो । उहाँ प्रजातन्त्रवादी नै हुनुहुन्थ्यो ।

फरक नेतृत्व फरक तरिका

केन्द्रीय प्रविधि क्याम्पसको नेतृत्व फरक फरक विद्वान् गुरुहरूले गर्नुभयो । व्यक्ति अनुसार उहाँहरूको तरिका पनि फरक फरक रह्यो । बद्रीनाथ सरले सहायक डीनको अवधि पुरा नगरी एक वर्ष समयावधि बाँकी हुँदै छोड्नुभयो र राष्ट्रिय खेलकुद परिषद्मा सदस्य सचिवको काम सम्हाल्न काठमाडौं बस्न थाल्नुभयो । २०४९/५० को समयमा बद्री सर गएपछि भीष्मानन्द वैद्य सर सहायक डीन भएर आउनुभयो । उहाँ दुई वर्षजति सहायक डीन भएर बस्नुभयो । त्यही समयमा त्रि.वि. सेवा आयोगबाट उपप्रा.को लागि विज्ञापन खुलेको थियो । त्यसमा न्यूनतम योग्यता खाद्य प्रविधिमा स्नातकोत्तर हुनुपर्ने

थियो । हामी चार पाँच जनाले आवेदन फर्म भर्‍यौं र एउटा हामी बीचकै मित्रलाई हामी चार जनाले मिलेर प्लेन टिकट काटेर त्रि.वि. सेवा आयोग, कीर्तिपुर काठमाडौंमा फर्म दर्ताका लागि पठायौं । तर ती मित्रले म मात्र खाद्य प्रविधिमा स्नातकोत्तर हुँ, यी अरू चाहिँ स्नातक मात्रै हुन् भनेर आफ्नो मात्र फारम दर्ता गराई हाम्रा फारामचाहिँ फिर्ता लिएर आए । त्यो साथीले गरेको त्यो हर्कत के थियो बेइमान वा इमान ? तर पछि उनको फारम पनि कसैले रद्ध गरिदिएछ । उनकै योग्यता चाहिँ विवादास्पद रहेछ ।

भीष्मानन्द वैद्य सरकै पालामा बी टेक् तेस्रो वर्षका विद्यार्थीले एउटा विषयको प्रश्न कोर्सभन्दा बाहिरबाट आयो भनेर परीक्षा नै दिएनन् र पुनः परीक्षा गराउनु परेको थियो । त्यस्तो गतिविधि तीन चार सालसम्म कुनै कुनै विषयमा हुने गर्दथ्यो । एकपटक चाहिँ विद्यार्थीले नै त्यस्तै बखेडा झिकेर परीक्षा दिएनन् तर परीक्षा नियन्त्रण कार्यालयले विज्ञहरूका सल्लाहमा पुनःपरीक्षा नलिने निश्चय गर्‍यो । त्यसपछि विद्यार्थीहरूले फेरि यस्तो गतिविधि गरेनन् । वैद्य सर एक प्राज्ञिक व्यक्ति हुनुहुन्छ । उहाँ यस्ता राजनीतिका तिगडमसँग परिचित हुनुहुन्नथ्यो । काम गराइ बहुतै सरल थियो । उहाँ पनि डेढ वर्ष जति सहायक डीनका रूपमा काम गरेरफेरि काठमाडौं नै फिर्ता जानुभयो ।

अब तिलकमान श्रेष्ठ सहायक डीनको लागि नियुक्ति हुनुभयो । तिलकमान सर अति सरल मानिस हुनुहुन्थ्यो । शिक्षक विद्यार्थी सबैसँग राम्रो थियो । उहाँकै पालामा त्रि.वि. सेवा आयोगले पाँचजना उपप्रा.का लागि विज्ञापन प्रकाशित गर्‍यो । तीनचार महिनापछाडि परीक्षा लियो । परीक्षा दिने म, पशुपति मिश्र, पुष्प आचार्य, अशोक श्रेष्ठ, श्याम मिश्र आदि हामी पाँच-छ जना थियौं । सबैजना पास भयौं । त्रि.वि. सेवा आयोग पास भएपछि धेरै ठूलो राहत महसुस भयो ।

क्याम्पसमा प्राध्यापक सङ्घको चुनाव हुन्थ्यो । आफ्नो आफ्नो सङ्गठनलाई जिताउन ठूलो रस्साकस्सी हुन्थ्यो । कसका सदस्य धेरै छन्, बहुत महत्त्वपूर्ण हुन्थ्यो । प्राध्यापक सङ्घको मिटिङमा वादविवाद निकै चर्कन्थ्यो तर परिणाम चाहिँ केही हुँदैनथ्यो ।

समय व्यतीत हुँदै जाँदा निजी कलेज र स्कुलहरू खुल्ने क्रम बढ्यो । अनि कलेजमा पनि हेल्मेट शिक्षकहरूको सङ्ख्या बढ्दै गयो । सरहरू बाहिरतिर व्यस्त हुन थाल्नुभयो । यसले गर्दा सरकारी कलेजको गुणस्तर केही खस्केको जस्तो हुन थाल्यो । यसमा शिक्षकहरूको भनाइ के हुन्थ्यो भने आफ्नो र परिवारको खर्च टार्न सक्ने तलब भयो भने यो हेल्मेट टिचर भएर काम गर्ने कसैको रहर हुँदैन । हेल्मेट टिचर हुनु कुनै पनि शिक्षकको रहर नभएर बाध्यता भएको छ ।

तिलकमान सर एक इमानदार व्यक्ति हुनुहुन्थ्यो । राजनीतिक दृष्टिकोणले उहाँ प्रगतिशील प्राध्यापक सङ्गठनतिर आबद्ध भए पनि कलेजमा उहाँ निष्पक्ष व्यवहार गर्नुहुन्थ्यो । तिलक सरले पनि सहायक डीनको चारवर्षे पदावधि पूरा गर्नुभएन । त्यस्तै एक डेढ वर्ष बाँकी रहँदै त्रि.वि., रसायन शास्त्र,केन्द्रीय विभाग काठमाडौं सर्नुभयो । पुनः जगत्बहादुर के.सी. सहायक डीन भएर आउनुभयो । यो कुरा हो २०५५/५६ सालतिरको । जगत् सर सहायक डीन भएपछि एउटा मिटिङमा क्याम्पसलाई व्यवस्थापन समिति अर्न्तगत सञ्चालन गर्दा कसो होला भनेर कुरा राख्नुभयो र हामी सबै शिक्षकले यसको विरोध गर्‍यौं । प्राइभेटाइजेसनको प्रक्रियाको थालनीको सङ्केत जस्तो लाग्यो । जगत् सरकै पालामा उहाँले डेनिडा फेलोसिप अर्न्तगत हामी चार जना साथीहरू - म, बसन्त राई, श्यामकुमार मिश्र र पुष्प आचार्य डेरी टेक्नोलोजीमा चारमहिने तालिमका लागि डेनमार्क जाने अवसर जुराउनु भएको थियो ।

जगत के.सी. सर कलेजमा गोष्ठी र सेमिनारको आयोजना गर्नुहुन्थ्यो । जगत् सरले पनि सहायक डीनको चारवर्षे अवधि पूरा नगरी करिब एक वर्ष अवधि बाँकी रहँदै सहायक डीन पद छोड्नुभयो ।

खाद्य प्रविधिमा स्नातकोत्तर अध्ययन सुरु

अब त्यसपछि प्राध्यापक डाक्टर दिलीप सुब्बा सर सहायक डीनको पदमा पदस्थापन हुनुभयो । दिलीप सर पनि प्राज्ञिक र सरल व्यवहारको हुनुहुन्छ । उहाँ शिक्षण र अनुसन्धानमा धेरै सिद्धहस्त हुनुहुन्छ । दिलीप सरका पालामा एउटा बहुतै महत्त्वपूर्ण काम भयो । यो कुरा २०५८ सालतिरको हो । त्यस समयसम्म नेपालमा खाद्य प्रविधि स्नातकोत्तर तहको पढाइ नै हुँदैनथ्यो । एम् टेक्- फुड खोल्ने कुरा भइरहन्थ्यो तर सञ्चालन भएको थिएन । खाद्य प्रविधिमा स्नातकोत्तर सञ्चालन हुनु अति नै आवश्यक भएको थियो । तर एम् टेक् सञ्चालन गर्ने खर्च त्रि.वि. बाट प्राप्त नहुने भएकाले विद्यार्थी शुल्कबाट सबै चलाउनुपर्ने भयो । दिलीप सरले यो कुरा हामी सबै शिक्षकका बैठकमा राख्नुभयो । एम् टेक् सञ्चालनाार्थ कति शुल्क लिने भन्ने छलफल हुँदा प्रतिविद्यार्थी रु. एक लाखसम्म लिने कुरा भयो । अझै पनि त्यस पैसाले नपुग्ने देखिएकाले एम् टेक् अध्ययन गर्न चाहनेमध्ये पुष्पप्रसाद आचार्य सर र मैले सल्लाह गरेर दुईजनाले नै थप चालीस चालीस हजार दिने कुरा भयो । एम् टेक्को कक्षा सञ्चालन भयो । एम् टेक्मा प्राध्यापन गर्ने सरहरूमा प्रा.डा. दिलीप सुब्बा, प्रा.डा. सुरेन्द्र कटवाल, प्रा.डा. गङ्गा खरेल, प्रा.डा. धनबहादुर कार्की हुनुहुन्थ्यो । फुड इन्जिनियरिङको लागि जादवपुर विश्वविद्यालय, कलकत्ताबाट प्रसान्त विश्वास, काठमाडौं निष्ट कलेजबाट प्रा.डा. माधव

बराल, पूर्वाञ्चल इन्जिनियरिङ क्याम्पसबाट गोविन्द न्यौपाने, विराटनगर डिग्री कलेजबाट माधव कोइराला, इत्यादि हुनुहुन्थ्यो । दिलीप सरले ठूलो मेहनत गरेर एम् टेक् सञ्चालन गर्नुभयो । इन्डियाको कर्नालबाट डेरी टेक्नोलोजी पढाउने शिक्षक ल्याइयो ।सुरुका वर्षहरूमा सरहरूले बहुतै कम पारिश्रमिक लिएर पढाउनुभयो । यो एक किसिमकोसेवा नै थियो । त्यति वेलाका सरहरूका त्यागले गर्दा नै खाद्य प्रविधि स्नातककोत्तर तह अहिलेसम्म चलिरहेको छ । त्रिभुवन विश्वविद्यालय अर्न्तगतको खाद्य प्रविधि केन्द्रीयविभाग पनि धरानमा नै रह्यो । खाद्य प्रविधि केन्द्रीय विभागको पहिलो विभागीय प्रमुख पनि प्रा. डा. दिलीप सर रहनुभयो । त्यसबाहेक दिलीप सरले बी.एस्सी. न्यूट्रिसन एण्ड डाइटेटिक्सको कोर्सलाई सब्जेक्ट कमिटीको पूर्ण बैठकबाट पारित गराउनुभयो । दिलीप सर करिब तीन वर्षजति त्यहाँ पदासीन हुनुभयो । त्यसपछि उहाँ Nepal Academy of Science & Technology (NAST) मा सदस्य सचिवका रूपमा जानुभयो । यसरी पन्ध्र वर्षका अवधिमा पाँच जना सरहरू सहायक डीनका रूपमा नियुक्त हुनुभयो । मोफसलमा रहेको र केन्द्रदेखि ओझेलमा परेको यो संस्था केन्द्रीय प्रविधि क्याम्पस नेपाल जस्तो कृषिमा आधारित देशका लागि अपरिहार्य हो । यस संस्थाले धरान बजारको गरिमामात्र बढाएको छैन, धेरै परिवारको गुजारा चलाएको छ । धेरै शिक्षकहरूको व्यक्तित्व विकास गर्ने अवसर दिएको छ । टाढा टाढा गाउँ गाउँ र दूरदराजबाट आएका विद्यार्थीहरू यहाँबाट दीक्षित भई नेपाल र नेपालबाहिर रहेर आ-आफ्नो करियर बनाएका छन् । प्रा. डा. दिलीप सुब्बा सर NAST मा सरेपछि प्रा.डा. गङ्गा खरेल सर खाद्य प्रविधि केन्द्रीय विभागको विभागीय प्रमुखमा आउनुभयो । गङ्गा सर अत्यन्त मेहनती प्राज्ञिक व्यक्ति हुनुहुन्थ्यो । प्रा.डा. दिलीप सुब्बा सर सहायक डीनबाट गएपछि सहायक क्याम्पस चिफ ऋषिराज गौतम सरले तत्कालको सहायक डीन भएर क्याम्पसका शैक्षिक र प्रशासनिक काम गर्नुभयो । दिलीप सुब्बा सर NAST गएपछि प्रा.डा गङ्गा खरेल सर सहायक डीन हुनुभयो र पशुपति मिश्र सहायक क्याम्पस प्रमुख हुनुभयो ।

प्राध्यापकमाथि दुर्व्यवहारको दुखद क्षण

गङ्गा सर सहायक डीन हुदाँ एउटा अप्रिय घटना भयो । तत्कालीन वाई.सी.एल र अखिल क्रान्तिकारीका विद्यार्थीहरू मिलेर गङ्गा सरमाथि अनावश्यक बखेडा झिकेर साङ्घातिक हमला गरे । उनीहरू माथि जनयुद्धकालीन धङ्धडी र शान्ति प्रकियामा आउँदै गरेको माओवादी पार्टीको आँट भरोसा हुँदो हो । गङ्गा सरमाथि हातपात गर्दै अनावश्यक लाञ्छना लगाइयो र तुरुन्त राजीनामा गर्न बाध्य पारियो । यसका विरुद्धमा हामी सबै विभागका विभागीय प्रमुखले आ-आफ्ना पदबाट राजीनामा दियौं र दोषीमाथि

कार्बाही नहुन्जेल हामीले आफ्नो राजीनामा फिर्ता नगर्ने अठोट गर्‍यौं । कक्षा नलिने भएर बस्यौं । क्याम्पसका सबै शैक्षिक कार्यक्रम बन्द भए । गङ्गा सर एउटा प्राज्ञिक र शिष्ट व्यक्ति हुनुहुन्थ्यो । विनाकारण उहाँमाथिको हमला हामीलाई सहय भएन । त्यस समयमा हामी प्राय जसो शिक्षकहरू गङ्गा सरमाथि भएको अन्यायका विरुद्धमा थियौं । केही सरहरू चाहिँ बाहिर बाहिर मात्र सरको पक्ष लिए जस्तो गर्ने तर भित्र भित्र चाहिँ गङ्गा खरेल सरको खोइरो खन्ने रहेछन् । यस अवस्थामा म आफूलाई पनि दोष दिन्छु । आफ्नो एक होनहार विद्वान् साथीमा त्यस्तो अन्याय हुँदा दोषीलाई दण्डसजायँ नहुन्जेल उहाँलाई भएको हमलाको छानबिन नहुन्जेल कलेज सञ्चालन नभए के हुन्थ्यो र? विश्वविद्यालय जस्तो गरिमामय स्थानमा एउटा विद्वान् मित्रमाथि विनाकारण त्यत्रो हमला हुँदा म मूकदर्शक बनेर बसेँ र म नियमित रूपमा कक्षा लिन लागें । तत्कालीन सहायक क्याम्पस प्रमुख पशुपति मिश्रले नागरिक समाजको बैठक राखी क्याम्पस खुलाउने हुनुभयो । कक्षाहरू पनि नियमित रूपमा सञ्चालन हुन लागे । एउटा प्राज्ञमाथि भएको दुर्व्यवहार राजनीतिक आड र साथीभाइको असहयोगका कारण त्यत्तिकै सेलाएर गयो । अरू साथीले जे गरे पनि मैले अडान लिनुपर्थ्यो । त्यो कार्य सरासर गलत थियो, निन्दनीय थियो । दोषीमाथि केही न केही कार्बाही गराएर मात्र आफ्नो अडान छोड्नुपर्थ्यो । यो कुरा मलाई खड्किरहन्छ ।

गङ्गा सर सुरक्षाका कारण धरान बस्न मान्नु भएन । Biotechnology Central Department मा सरुवा मिलाएर काठमाडौं जानुभयो । क्याम्पसले एउटा प्राज्ञिक र नैतिकवान् मित्रलाई अन्यत्र बिदा दिनुपर्‍यो । उहाँमा भएको अथाह ज्ञानलाई हामीले प्रयोग गर्न सकेनौं । लामो समय प्राध्यापन सेवामा रही खारिएका एक विद्वान् मित्रलाई किन त्यस्तो गरियो ?त्यसपछि पशुपति मिश्र सर सहायक डीन बन्नु भयो ।

केन्द्रीय प्रविधि क्याम्पसमा स्वायत्तता

पशुपति सर सहायक डीन भएपछि क्याम्पसलाई स्वायत्ततामा लाने भन्ने कुराको चर्चा सुरु भयो । कलेज स्वायत्त हुनु भनेको कलेजले आफैँ कमाउने र कलेज सञ्चालन खर्च पनि स्वयम्ले बेहोर्ने भन्ने हो । यो एक प्रकारको निजीकरण जस्तै हो । त्यस वेला यो खाद्य प्रविधिको एक मात्र कलेज थियो । खाद्य प्रविधि कार्यक्रम केही खर्चिलो पनि हो । सरकारले नै यसलाई सञ्चालन गर्नुपर्छ भन्ने मलगायत धेरै शिक्षकहरूको धारणा थियो । दूरदराजका र विपन्न वर्गकाले पनि यहाँ साधारण खर्चमा पढ्न पाउनुपर्छ भन्ने हाम्रो धारणा थियो तर केही साथीहरूको विचार चाहिँ कलेजलाई स्वायत्ततामा लानुपर्छ, पैसा थुप्रै आउँछ र यसले क्याम्पसको विकास गर्न सकिन्छ भन्ने थियो ।

केन्द्रीय प्रविधि क्याम्पसलाई धेरै विरोधका बाबजुद पनि स्वयत्ततामा लगियो । सम्भवतः विरोधको सामना गर्नुपर्छ भनेर हुन सक्छ या फरक विचार राख्नेलाई निषेध गर्नुपर्छ भनेर हो पशुपति सरले स्वयत्ततामा क्याम्पससलाई लाने या नलाने भन्ने बहसमा म लगायत फरक विचार राख्नेहरूलाई सहभागी गराउनु भएन । विद्यार्थी, कर्मचारी, प्राध्यापकहरूको विरोधका बाबजुद पन्ध्रबीस जनाको समूह स्वयत्तता सम्बन्धी अन्तिम सम्झौता गर्न विश्वविद्यालयकै खर्चमा काठमाडौं गयो । व्यक्तिगत रूपमा भन्नु पर्दा म भन्दा धेरै कनिष्ठ शिक्षक साथीहरूलाई विभिन्न नाममा सहभागी गराइयो तर मेरो नाम कहीँ कतै आएन । आफूले वर्षौं काम गरेको संस्थामा त्यसरी विभेदमा पर्दा चाहिँ दुःख लाग्ने नै रहेछ ।

त्रिभुवन विश्वविद्यालय र विश्वविद्यालय अनुदान आयोगसँग क्याम्पसको के के सम्झौता भएको थियो, त्यो त थाहा भएन । केही करोड रकम पनि प्राप्त भयो होला किनकि यसले विभिन्न भवनहरू बनेको देखियो । निर्माण, खरिद र मर्मतका केही कामहरू देखिए । अहिले त्यो पैसा सायद् खर्च भइसकेको होला । सुनिन्छ, क्याम्पसको आर्थिक अवस्था नाजुक हुँदै गएको छ । हाल त्रि.वि.ले कलेज सञ्चालनार्थ सम्झौता अनुसारको बजेट पठाउँदैन । क्याम्पसका शिक्षक र कर्मचारीहरूलाई दिइने तलब भत्ता पनि टाउको गनेर दिने गर्दछ । यहाँ कार्यरत शिक्षक र कर्मचारीहरू अवकाश हुँदै जादा उहाँहरूले पाउने तलब भत्ता पनि त्रि.वि.ले कटाउँदै लगेको छ । अब कलेजले कर्मचारी र शिक्षकको तलब भत्ता बापत पाउने रकम पनि पाउन छोड्यो, कलेज सञ्चालन गर्ने अरू खर्चको त आशा नै नगरौं । स्थापना हुँदा यस क्याम्पसलाई केन्द्रीय प्रविधि कलेजका रूपमा विस्तार गर्दै लाने जुन योजना थियो, त्यसमा तुषारापात भएको छ । खाद्य प्रविधिको विकासलाई प्राथमिकतामा राखेर नै यस क्याम्पसमा सहायक डीन पदको व्यवस्था गरिएको थियो, हाल स्वायत्ततापछि त्यो समेत खोसिएको छ । पैसा कमाउनकै लागि खाद्य प्रविधिसँग असम्बन्धित अरू विषयहरू थपिँदै गएको देखिन्छ । प्रयोगशाला, कक्षाकोठा, शिक्षक इत्यादिको व्यवस्था नगरीकन खाद्य प्रविधितर्फ चौबीस जना विद्यार्थी कोटा भएकोमा अब बढाएर ४८ जना बनाइएको छ । जुन उद्देश्य अनुरूप यो क्याम्पस स्थापना गरियो, त्यस मर्मलाई बुझेर सञ्चालन गरिएको छैन । यो खाद्य प्रविधि क्षेत्रकै लागि दुःखको विषय हो । यस क्याम्पसको उद्देश्यका मर्मलाई बुझेर यहाँको सञ्चालक समिति, शिक्षक, कर्मचारीहरू, विद्यार्थी भाइ बहिनीहरू र स्थानीय नेतृत्वको यसतर्फ ध्यान जाओस् ।

स्वायत्ततामा गइसकेपछि क्याम्पसमा पढाउने शिक्षक, त्रि.वि. प्रतिनिधि, शिक्षा मन्त्रालयका प्रतिनिधि, धरान नगरपालिका, स्व.वि.यु र प्राध्यापक सङ्घका प्रतिनिधि, कर्मचारी सङ्घका प्रतिनिधि, चन्दादाता र अभिभावक रहेको सञ्चालक समिति बन्यो । सञ्चालक समितिको पहिलो अध्यक्षमा प्रा.डा. सुरेन्द्र बहादुर कटवाल हुनुहुथ्यो । त्यसै सञ्चालक समितिबाट पाँचदेखि सात जनासम्मको कार्यकारी समिति बन्यो र कार्यकारी समितिले दैनन्दिनका कार्यक्रमहरू सम्हाल्न थाल्यो ।

पैसा आयो नयाँ घर बने, पुराना घरलाई पुनःनिर्माण गरियो । अर्थात् धेरै कुराहरू बने, जुन पैसाविना बन्दैनथे तर प्राज्ञिक गतिविधिको स्तर बढ्न सकेको देखिएन । न त शिक्षकको पढाउने तरिकामा परिवर्तन भयो, न त विद्यार्थीहरूको पढ्ने तरिका नै । एउटा राम्रो कुरा के भयो भने कलेजबाट जर्नल प्रकाशित हुन लाग्यो । हामीले बी. टेक्. एम्.टेक्.मा गराएका थेसिसहरू प्रकाशित गर्न पाएपछि त्यसले प्राज्ञिक उन्नयनमा धेरै सघाउ पुऱ्याउने भयो र पुऱ्याएकै छ । अर्को काम हरेक हप्तामा विज्ञहरूबाट विभिन्न विधामा सेमिनार प्रस्तुत गर्न लागियो तर यो पनि कोरोना महामारीका कारण २०७६ सालदेखि बन्द भयो । यो सेमिनार सञ्चालनको जिम्मा मैले लिएकी थिएँ ।

बी.टेक्. खाद्य प्रविधिको प्रवेश परीक्षा देशैभरिका विद्यार्थीहरूका लागि केन्द्रीय प्रविधि क्याम्पस, धरानले नै लिने गर्थ्यो । त्यसबाट कलेजलाई केही आम्दानी पनि हुन्थ्यो तर स्वायत्ततामा गइसकेपछि प्रवेश परीक्षा डीन अफिसले नै सञ्चालन गर्न थालेको देखिन्छ ।

साठीको दशकमा खाद्य प्रविधिका स्नातक तहका कलेजहरू अरू पनि थुप्रै खोलिए । अब खाद्य प्रविधि कलेजको सङ्ख्या एघार पुग्यो तर यी कलेजहरूको पूर्वाधार कस्तो थियो भन्ने कुरा कत्तिको अनुगमन गरेर सम्बन्धन दिइयो, थाहा भएन । कतिपयको पूर्वाधार राम्रो थियो भने कतिपयको साह्रै कमजोर थियो ।

२०७१ साल असारतिरको कुरा हो, पशुपति मिश्र सरको सहायक डीनको अवधि पूरा भयो । प्रा. डा. धनबहादुर कार्की सर क्याम्पस प्रमुख हुनुभयो । क्याम्पस प्रमुख भएपछि केन्द्रीय विभागको विभागीय प्रमुखबाट धनबहादुर सरले राजिनामा दिनुभयो ।

केन्द्रीय प्रविधि क्याम्पसमा विषयअनुसारका विभाग र विभागीय प्रमुखहरूको व्यवस्था गरिएको छ । खाद्य प्रविधितिर चाहिँ खाद्य प्रविधि विभाग र खाद्य गुणस्तर विभाग राखिएको छ । प्रा.डा. दिलीप सुब्बा सरले मलाई खाद्य प्रविधि विभागको विभागीय प्रमुखको जिम्मेवारी दिनुभएको थियो । मैले दुई कार्यकाल विभागीय प्रमुखको काम गरेँ । त्यस समयका सहायक डीन प्रा.डा. दिलीप सुब्बा सर र प्रा.डा. गङ्गा खरेल

सर हुनुहुन्थ्यो । यी दुई जना सरहरूसँग काम गर्न धेरै सहज भयो । दुवै जना सरहरू अत्यन्तै सकरात्मक सोच भएका हुनुहुन्थ्यो । उहाँहरूको शिष्टता र शानलीतालाई म सधैँ सम्मान गर्छु ।

केन्द्रीय प्रविधि क्याम्यसमा काम गर्दाका केही घटना मेरा लागि बहुतै पीडादायक छन् । दिलीप सरले NAST मा नियुक्ति पाएपछि क्याम्पस छोडेर काठमाडौं जानुभयो । अब क्याम्पसका लागि सहायक डीन, खाद्य प्रविधि केन्द्रीय विभागको विभागीय प्रमुख दुवैको पद खाली भयो । केन्द्रीय प्रविधि क्याम्पसतिर त सहायक क्याम्पस चिफले व्यवस्थापन मिलाउनुभयो तर खाद्य प्रविधि केन्द्रीय विभागमा चाहिँ हेर्ने कोही भएन । त्यहाँका तत्कालीन सहायक क्याम्पस प्रमुखले नै केन्द्रीय विभागलाई आफ्नो अन्डरमा राखेर सञ्चालन गर्ने जमर्को गर्नुभयो । उहाँको कामगराइ चित्त बुझेन । खाद्य प्रविधिका प्राध्यापकहरू सबै मिलेर डीन अफिसमा लिखित रूपमा तुरुन्त अर्को क्वालिफाइड टिचरलाई खाद्य प्रविधि केन्द्रीय विभागको विभागीय प्रमुख नियुक्ति गर्न निवेदन हाल्यौँ । खाद्य प्रविधि केन्द्रीय विभाग स्वायत्त र प्राज्ञिक संस्था हो । त्यति वेलाका सहायक क्याम्पस प्रमुखसँग मेरो अति नै राम्रो सम्बन्ध थियो तर यस्तो घटनाले उहाँ मदेखि बहुतै रुष्ट हुनुभयो । तर मैले उहाँ सहायक क्याम्पस प्रमुख सरलाई कुनै व्यक्तिगत कारणले विरोध गरेको होइन । एउटा प्राज्ञिक संस्थाको गरिमालाई कायम राख्न खोजेकी हुँ । आज पनि मैले उहाँको कार्यलाई समर्थन नगरेकामा दुःख लागेको छैन तर पनि मेरो सहोदर दाजु जस्तो मित्रलाई समर्थन गर्न नसकेकामा दुःख लागेको छ । म जे गर्छु, प्रष्ट रूपमा गर्छु । मुखमा एउटा कुरा र मनमा अर्को कुरा राख्न असमर्थ छु । यो प्राज्ञिक संस्था सदियौँसम्म रहने छ । हामीले यसको संरक्षण गर्यौँ भने हाम्रा भावी सन्तानले यसै गर्नेछन् । मैले जहिले पनि विधि र नीतिलाई आत्मसात् गरेँ । आफ्नो स्वार्थका लागि विधि विधानको उल्लङ्घन गरिनँ । आफूलाई जति नै फाइदा हुने भए पनि म नीतिविरुद्ध जान सकिनँ र जान सक्दिनँ पनि ।

विभागीय प्रमुखको जिम्मेवारी

२०७१ सालतिरको कुरा हो, पशुपति सरको सहायक डीनको पदावधि सकियो र अब त्यस ठाउँमा प्रा.डा. धनब. कार्की सरले क्याम्पस प्रमुखको जिम्मेवारी सम्हाल्नुभयो । खाद्य प्रविधि केन्द्रीय विभागको विभागीय प्रमुखको स्थान खाली भयो । एकदिन क्याम्पस प्रमुख धनबहादुर सरले मलाई त्रि.वि. केन्द्रीय कार्यालयबाट खाद्य प्रविधि केन्द्रीय विभागको विभागीय प्रमुखका लागि तपाईंलाई फोन आउँछ होला, अब तपाईंले केन्द्रीय विभागको प्रमुख हुनुपर्नेछ भन्नुभयो । त्यस्तै कुरा डा. गणेश थापा सरले पनि भन्नुभयो ।

नभन्दै तत्कालीन डीन म्याडम चिरिकशोभा ताम्रकारले पनि फोन गरेर तपाईं खाद्य प्रविधि केन्द्रीय विभागको विभागीय प्रमुखमा बस्नुपर्छ भन्नुभयो । मलाई अचम्म लाग्यो, त्यति वेलासम्म मैले विश्वविद्यालयको कुनै पनि पद पाउँला भन्ने सोचेकी थिइनँ । न त मैले यो पोष्ट मलाई दिलाइपाऊँ भनेर मागेकी नै थिएँ । कुनै राजनीतिक पृष्ठभूमि नभए पनि साथै आफ्ना पछाडि कुनै ताकत र बल नभए पनि मलाई त्यो पद प्राप्त भयो ।

केन्द्रीय विभागको विभागीय प्रमुखको काम धेरै प्राज्ञिक र महत्त्वपूर्ण छ भन्ने मलाई राम्रो थाहा थिएन तर यो त महत्त्वपूर्ण पद रहेछ । चिरिकशोभा म्याडमको कुरालाई मैले हुन्छ भने तर मनमा कता कता डर पनि लाग्यो । यति कुरा भएको एक महिनापछि विभागमा मेरो नियुक्ति पत्र आएछ । क्याम्पस प्रमुख धनबहादुर सरले मेरो पत्र आएको जानकारी दिनुभयो र म २०७१ साल भाद्र ५ गतेदेखि खाद्य प्रविधि केन्द्रीय विभागको विभागीय प्रमुखमा नियुक्त भएर काम गर्न थालेँ ।

प्रा.डा. दिलीप सर, प्रा.डा. सुरेन्द्रबहादुर कटवाल सर, प्रा.डा. धनबहादुर कार्की सर मेरा अग्रज हुनुहुन्थ्यो । धनबहादुर कार्की सरले मलाई धेरै कुरामा सहयोग गर्नुभएको छ । म उहाँको विद्यार्थी हुने र उहाँसगै क्याम्पस पढाउने अवसर पाएँ । यसभन्दा ठूलो सौभाग्य मेरा लागि के हुन सक्छ र ? उहाँको ज्ञान यति थियो कि उहाँको कक्षा लिएपछि कुनै पुस्तक पढ्नुपर्ने नै हुँदैनथ्यो । जे काम गर्दा पनि म सरहरूको सल्लाहबाट गर्थें । पहिला भएको विषय समितिलाई भङ्ग गरिएको थियो । सरहरूकै सल्लाहमा नयाँ खाद्य प्रविधि विषय समितिको निर्माण गर्‍यौं । अध्यक्ष लगायत पाँच जनाको विषय स्थायी समिति बनाइयो । विषय स्थायी समितिमा मेरो नाम किन राखिनस् भनेर एक जना सरले मलाई धेरै गाली गर्नुभयो । उहाँले घरमा समेत फोन गरेर मलाई धम्की दिनुभयो र तर्साउनुभयो । उक्त समितिमा राखिएका सदस्यहरू उहाँभन्दा सिनियरहरू नै हुनुहुन्थ्यो । आज पनि त्यो क्षण सम्झँदा दुख लाग्छ । खाद्य प्रविधि केन्द्रीय विभागको अध्यक्ष भएपछि मेरो पहिलो काम एम्.टेक्.को वार्षिक प्रणाली अनुसार चलेको कोर्सलाई सेमेस्टर प्रणालीमा चलाउन नयाँ पाठ्यक्रम बनाउनुपर्ने थियो । धेरै मेहनत गरेर सेमेष्टर प्रणालीको पाठ्यक्रम निर्माण गरी सञ्चालनमा ल्याइयो । यस काममा विभाग आबद्ध सबै सहकर्मीहरूले मलाई सहयोग गर्नुभयो । विशेष गरी कवीन्द्र भट्टराई सरले अहोरात्र खटेर गर्नुभएको सहायोगका लागि कृतज्ञ छु ।

खाद्य प्रविधि केन्द्रीय विभागको जिम्मेवारी सम्हाल्दाका तितामिठा धेरै अनुभवहरू स्मरणीय छन् । आन्तरिक स्रोतबाट सञ्चालित विभागको आफ्नै भौतिक संरचनाहरू तथा एउटा पनि शिक्षक कर्मचारीको दरबन्दी थिएन । सबै आन्तरिक स्रोतबाट

व्यवस्थापन गर्नुपरेको थियो । त्यसका लागि केन्द्रीय कार्यालय समक्ष दरबन्दीका लागि पहल गरियो । उपप्रा.को तीनवटा रिक्त दरबन्दी स्वीकृत भएर आए र दरबन्दी अनुसारका शिक्षकहरू नियुक्त गरियो । कक्षाकोठा तथा प्रयोगशालाहरू पनि केन्द्रीय प्रविधि क्याम्पसद्वारा उपलब्ध गराइएका कोठाहरूमा सञ्चालित छन् । एकपटक एम्.टेक्का लागि प्रयोग भइराखेका प्रयोगात्मक कक्षाहरू जबरजस्ती खाली गराएर अरू नै विषयका कक्षाहरू चलाउँदा विभागको आफ्नै भौतिक स्रोत साधन नहुनुको पीडा र साथीहरूबाट खेप्नुपरेको दुःखको त्यो क्षण पीडादायी लाग्छ ।

प्राध्यापक बन्दाको त्यो क्षण

यही समयमा त्रि.वि. सेवा आयोगबाट प्रोफेसरको रिक्त दरबन्दीमा विज्ञापन भएको थियो र मैले पनि आवेदन दिएकी थिएँ तर अर्न्तवार्तामा मेरो नाम निस्केन । आफ्नो उमेर घर्कन आँटेको थियो । त्यस दिन म सुरेन्द्र बहादुर कटवाल सँग फोनमा कुरा गर्दै खुब रोएको अहिले जस्तै लाग्छ । सुरेन्द्र सरले मलाई धेरै सम्झाउनु भएको थियो । अब अर्को पटक तपाईंको हुन्छ भनेर ढाडस दिनुभएको थियो उहाँले । तर त्रि.वि. सेवा आयोगले तीनचार वर्षका अन्तरालमा मात्र विज्ञापन खोल्थ्यो । त्यस अवधिमा मेरो अवकाश भइसक्ने अवस्था थियो । मेरा प्रायःजसो साथीहरू प्रोफेसर भइसकेका थिए । म चाहिँ त्यति पनि गर्न सकिनँ भन्ने पिर लाग्थ्यो । कृषक परिवारको पृष्ठभूमिबाट आएकी म एक महिला थिएँ । मेरो पारिवारिक जिम्मेवारी ठुलो थियो । छोराछोरी सानै थिए । वृद्ध उमेरकी सासूआमा हुनुहुन्थ्यो । घरमा पाहुनापासा भइरहन्थे । घरको चुलोचौको, सरसफाइ इत्यादि सबै एउटी महिलाका जिम्मेवारीमा थियो । चाडबाड, तिथिश्राद्ध, पूजाआजा र समाजका अरू परम्परा मनाउनु पर्ने जिम्मेवारी पनि महिलाकै हुने चलनले हुन सक्छ, मैले पुस्तकहरू, अनुसन्धानात्मक कृतिहरू, लेखहरू, आफूले गराएका थेसिसहरू पनि थोरैमात्र प्रकाशित गरेकी थिएँ । जति गर्न पर्थ्यो त्यो हुन सकेन । मैले बी.टेक्.मा सयभन्दा बढ्ता र एम्. टेक्.मा र आठ दशवटा थेसिस गराएकी भए पनि सबैलाई जर्नलमा प्रकाशित गरेकी थिइनँ । ती सबै कुरामा मेरो नै कमजोरी थियो होला । यी सब कारणहरू मेरा प्राज्ञिक उन्नयनमा तगारो हुन सक्छन् । यी सबैलाई मैले स्वीकार्नुपर्छ । एउटी बुहारी भएर नब्बे वर्षकी सासूआमालाई सेवा गर्दा उहाँका आँखामा देखिएको म प्रतिको भरोसा मेरा निम्ति जीवनको सबभन्दा ठुलो मूल्याङ्कन थियो । मेरा छोराछोरीले मसँग जुनसुकै समस्याको हल छ भन्ने देख्दछन् र मेरो काख खोज्दै आउँछन् भने यो नै मेरा लागि सबैभन्दा ठूलो क्षमता हो ।

तर सौभाग्यवश मैले अवकाश पाउन डेढ वर्षजति बाँकी थियो होला । त्रि.वि. सेवा आयोगले प्रोफेसरका लागि विज्ञापन गऱ्यो, आवेदन दिएँ र अर्न्तवार्ता पनि दिएँ । त्यही दिन साँझ सात बजे नतिजा आयो । म सफल भएँ, सारा धर्ती हाँसेझैँ लाग्यो । मैले माया मारिसकेको प्रोफेसर पदमा मेरो पदोन्नति भयो । मेरा साथीभाइ आफन्त सबैको मप्रतिको आशीर्वादलाई सहर्ष नमन गर्दै । मेरा स्वर्गवासी पिताजी र चौरासी वर्षकी आमाले हिँडने वेलामा दिएको आशीर्वाद खेर गएन ।

डीन अफिसको त्यो पत्र

खाद्य प्रविधि केन्द्रीय विभागको विभागीय प्रमुख हुँदाकै कुरा हो, केन्द्रीय प्रविधि क्याम्पसमा डीन अफिसबाट पत्र आएछ । पत्रमा नेपालमा भएका खाद्य प्रविधि कलेजमा विद्यार्थी भर्नाका लागि निर्धारण गरिएको चौबीस जनाको कोटा भएकोमा अब तीस जना लिन सक्ने पत्र बनाइदिनका लागि लेखिएको रहेछ । क्याम्पसको कार्यकारी समितिले पनि विद्यार्थी सङ्ख्या बढाउन मिल्ने भनी राय पठाएछ । वास्तवमा त्यो काम खाद्य प्रविधि केन्द्रीय विभाग अन्तर्गतको विषय समितिको थियो । एक मिनेटको दूरीमा रहेको केन्द्रीय विभाग र विषय समितिको अध्यक्षलाई यसबारे केही खबर नै नगरी एउटा त्रि.वि.बाट सम्बन्धन प्राप्त र स्वायत्ततामा गइसकेको कलेजले स्वीकृत दिन मिल्दैन थियो । विधानमा कहीं पनि यो कुरा उल्लेख छैन तर क्याम्पसको कार्यकारिणी समितिले यो काम गरेको भन्ने कताकता गाइँगुइँ मैले सुनेँ । मैले डीन अफिसमा फोन गरेँ, कुरा हो रहेछ । त्रि.वि. फ्याकल्टी बोर्डको मिटिङबाट पास पनि भइसकेछ । यो काम किन गलत तरिकाले गरियो ? यसबारे मैले त्रि.वि.का भी.सी., रेक्टर र रजिस्ट्रारज्यूहरूलाई सोधेँ । उहाँहरूले यो सरासर गलत हो भन्नुभयो । एउटा निवेदनमा सबै कुराहरू खुलाएर लेखि पठाउनुहोस् भन्नुभयो । मैले पनि सबै कुराहरू खुलाएर लेखी पठाएँ । मेरो पत्रका आधारमा फ्याकल्टी बोर्डले पारित गरिसकेको निर्णय भए पनि त्यो कुरालाई अगाडि बढ्नबाट रोक लगाएछ । सम्भवतः विद्यार्थीको कोटा बढाउँदा हुने आर्थिक लाभसँग प्रत्यक्ष अप्रत्यक्ष रूपमा जोडिएका व्यक्तिहरू नै उक्त कार्यका योजनाकार थिए र उक्त गलत कार्य रोक्न सफल हुँदा मलाई खुसी लाग्यो ।

नाम्जे टुर

स्नातकोत्तर तहमा परम्परागत खाद्य प्रविधिको स्थलगत अध्ययनका लागि नाम्जे भन्ने पर्यटकीय स्थानमा सालिन्दा गइन्थ्यो । एम्.टेक्. दोस्रो वर्षका विद्यार्थी लगायत खाद्य प्रविधितर्फका अरू सरहरू र क्याम्पस प्रमुख सबै मिलेर उक्त प्रयोगात्मक कक्षा

सञ्चालनार्थ हरेक साल गएको रमाइलो पनि बिर्सन सकिँदैन । यस कार्यक्रमले विषयगत ज्ञानका अलाबा शिक्षक र विद्यार्थीका बीचको सम्बन्ध अझ प्रगाढ हुन्छ ।

सरस्वती पूजा

क्याम्पसमा सरस्वती मन्दिर बनाइएको थियो र तत्कालीन क्याम्पस प्रमुख जगत बहादुर के. सी. सर, तोयानाथ प्रसाईं, श्रीपति चक्रपाणिका सक्रियतामा त्यस मन्दिरमा सरस्वती पूजाका दिन हामी भव्य रूपमा पूजा गर्थ्यौं । राती विद्यार्थी भाइबहिनीसँग मिलेर भजनकीर्तन गर्थ्यौं । सरस्वती सेलाउने भनेर कहिले सप्तकोशी त कहिले त्यहींको एकलधारे जान्थ्यौं । सम्पूर्ण भाइबहिनीहरू बडो अनुशासित भएर पूजाका सम्पूर्ण कार्य गर्नुभएको र पूजाको लागि चक्रपाणि सर, सञ्जू मेम खटेको कुरा कहिल्यै बिर्सन सकिँदैन सायद् ।

कोरोना महामारीले निम्त्याएको प्रविधिमैत्री पठनपाठन

२०७६ मा सुरु भएको कोरोना महामारीका कारण सम्पूर्ण कलेज स्कुल बन्द भए । तीन महिनापछि क्याम्पस खुल्यो । त्रि.वि.बाट अब अनलाइन प्रविधिबाट पढाउनु पर्छ भन्ने निर्देशन आयो । आफूलाई यस प्रविधिबारे ज्ञान थिएन, अब कसरी गर्ने होला भन्ने समस्या आयो । केन्द्रीय विभागमा कार्यरत सर बन्टी मास्के हुनुहुन्थ्यो । उहाँलाई फोन गरेर समस्या बताएपछि उहाँले बडो धैर्यका साथ म सहायता गर्छु भन्नुभयो । त्यसपछि बन्टी सरले विभागको अनलाइन कक्षा सञ्चालनका लागि यति सहयोग गर्नु भयो कि म उहाँप्रति सदैव कृतज्ञ छु । त्रि.वि. को हरेक दिन जस्तो अनलाइन मिटिङ हुन्थ्यो र धेरै कुराहरू हामीलाई निर्देशन हुन्थे । ती कुराहरू सबै बन्टी सरलाई बताउँथें । पछिपछि त अनलाइन मिटिङमा बन्टी सर पनि बस्न थाल्नुभयो । अहोरात्र खटेर अनलाइन कक्षा निर्माण गर्नुभयो । एम्.टेक्. कक्षाहरू अनलाइन प्रविधिबाट चलाउन थाल्यौं । मिटिङ सञ्चालन, थेसिसको शीर्षक छान्ने र थेसिसको सुपरभाइजर छान्ने काम अनलाइनबाट नै गर्‍यौं । कक्षा परीक्षा र प्रिबोर्ड परीक्षा पनि गर्‍यौं । कति काममा त काठमाडौं भएका केन्द्रीय विभागभन्दा अगाडि पनि गर्‍यौं । शिक्षकहरूलाई अनलाइन शिक्षण कसरी गर्ने भन्ने ट्रेनिङ दियौं । यी सम्पूर्ण कार्यकममा बन्टी मास्के सरले सहायता नगरेको भए मेरो कार्यसम्पादन कमजोर हुने थियो । यति धेरै सहयोगी भावना भएको साथी पाउनु मेरा लागि भाग्य नै हो । बन्टी सरप्रति म धेरै धेरै आभार व्यक्त गर्दछु ।

खाद्य प्रविधि केन्द्रीय विभागमा विद्यावारिधि

खाद्य प्रविधि केन्द्रीय विभागमा स्नातकोत्तर (एम.टेक्.)को पढाइ मात्र नभएर यहाँ विद्यावारिधि समेत हुने गरेको छ । प्रा.डा. सुरेन्द्रबहादुर कटवाल र प्रा.डा. धनबहादुर

कार्की सरहरूले यही विभागको प्रयोगशालामा काम गरेर म विभागीय प्रमुख हुनुभन्दा अगाडि नै विभागबाट विद्यावारिधि पूरा गरिसक्नु भएको थियो । २०७५ सालमा त्रि.वि. विज्ञान तथा प्रविधि अध्ययन संस्थानको डीन अफिसबाट खाद्य प्रविधि केन्द्रीय विभाग अन्तर्गत विद्यावारिधिका लागि विद्यार्थी छनौट गर्ने सूचना आयो । मैले खाद्य प्रविधिमा पढाउने सरहरूलाई सूचित गरेँ । तीन जना सरले विद्यावारिधिमा रजिस्ट्रेसन गर्नुभयो । उहाँहरू बन्टी मास्के, डम्बरबहादुर खड्का र देवराज आचार्य हुनुहुन्थ्यो । विद्यावारिधि गर्ने सरहरूका लागि छुट्टै प्रयोगशाला बनायौँ । हाल उपप्रा. बन्टी मास्के र उपप्रा. डम्बर बहादुर खड्का विभागकै प्रयोगशालमा विद्यावारिधिको काम गर्दै हुनुहुन्छ भने उपप्रा.देवराज आचार्य चाइनामा विद्यावारिधि अध्ययनरत हुनुहुन्छ । उहाँहरूको मेहनेत देखेर लाग्छ, सुविधासम्पन्न ठाउँले मात्र केही गर्दैन मेहनत चाहिँ ठुलो हो । उहाँहरूले विद्यावारिधि छिटै प्राप्त गरेको हेर्न मन छ ।

विद्या परिषद्का बैठकमा सहभागी हुँदाको क्षण

खाद्य प्रविधि विषय समितिको अध्यक्षमा नियुक्ति भएको केही दिनमा नै विद्या परिषद्को पूर्ण बैठकमा उपस्थित हुन विषय समितिको अध्यक्षका हैसियतले म जानुपर्ने भयो । कीर्तिपुरको त्रि.वि. परिसरमा रहेको स्मृति भवनका सभा कक्षमा बैठक बस्यो । बैठकमा त्रि.वि. का भी.सी, रेक्टर, रजिस्ट्रार, डीनलगायत विज्ञान तथा प्रविधि संस्थान अर्न्तगतका विद्वान्हरू सबै हुनुहुन्थ्यो । सबैको परिचय भयो । विद्या परिषद्ले वर्षभरि गरेका कार्यक्रमहरूको प्रतिवेदन सभाबाट छलफल र अनुमोदन गर्नुपर्ने रहेछ । कार्यक्रम सम्पन्न भयो । त्रि.वि. का उच्चपदस्थ महानुभावहरूसँगका सङ्गतिले मलाई हौसला मिल्यो । यसरी उच्च पदस्थहरूसँग म पनि बस्न सक्ने भएँछु, मेरो पनि केही महत्त्व रहेछ भन्ने लाग्यो । म नेपालको दुर्गम क्षेत्रमा जन्मिएकी महिला थिएँ । कतिपय मेरा साथीहरूले म यस स्थानसम्म पुग्न नै सक्दिन भन्ने दृष्टिकोणले हेर्नुहुन्थ्यो र व्यवहार पनि त्यस्तै गर्नुहुन्थ्यो । त्यो कुरा मेरो मनमा खड्किरहन्थ्यो । तर बैठकमा सहभागी भएपछि म पनि यो स्थानमा पुग्ने रहेँछु भन्ने एक किसिमको खुसी र सन्तुष्टि पनि लाग्यो ।

केन्द्रीय प्रविधि क्याम्पसलाई मेरो सुझाव

केन्द्रीय प्रविधि क्याम्पस खाद्य प्रविधि विषयको पठनपाठन र अनुसन्धानका लागि बनाइएकामा हाल आएर यसले दिशा परिवर्तन गर्न लागेको देख्दा दुःख लाग्छ । यहाँ फिजिक्स, केमेस्ट्री ,माइक्रोबायोलोजी, जियोलोजी र न्युट्रिसन जस्ता विषयहरूको स्नातक तहको प्रोग्राम त चलेकै थिए तर अब कम्प्युटर विज्ञानसँग सम्बन्धित BIT, B.Sc CSIT जस्ता विषयहरू थपेर यो प्रविधि क्याम्पसलाई बहुमुखी क्याम्पस बनाइएको छ ।

खाद्य प्रविधि विषयलाई केन्द्रित गरेर कार्यक्रमहरू थप गर्नुपर्नेमा खाद्य प्रविधि विषयलाई ओझेलमा पार्दै लगिए जस्तो लाग्छ । यस क्याम्पसका परिसरमा नै छ खाद्य प्रविधि केन्द्रीय विभाग र त्यसअर्न्तगत खाद्य प्रविधि विषयकै स्नातकोत्तर र विद्यावारिधि तहसम्मको अध्ययन हुन्छ । यो नेपालमा त्रि.वि. बाट सञ्चालित एकमात्र कलेज हो । तर यी कार्यक्रमहरू सञ्चालन गर्न बहुतै आर्थिक कठिनाइ भोग्नुपरेको छ । क्याम्पसको नेतृत्व र सञ्चालक समितिले यस तर्फ चासो दिन जरुरी छ । कृषिसँग सम्बन्धित यस विषयमा विकास र अनुसन्धानका असङ्ख्य सम्भाव्यताहरू छन् । यसतर्फ क्याम्पस नेतृत्वको चासो जाओस् जस्तो लाग्छ ।

क्याम्पस प्रमुख बन्ने मेरो चाहनामा तुषारापात

केन्द्रीय प्रविधि एउटा स्वायत्ततामा गएको कलेज भएकाले क्याम्पस प्रमुख बनाउँदा सञ्चालक समितिले अनुमोदन गरेका व्यक्तिहरूमध्येबाट एक जनालाई कार्यकारी परिषद्ले नियुक्ति गर्छ । वरीयताका क्रममा आफूलाई पनि क्याम्पस प्रमुखको पदमा रहेर काम गर्न सक्छु भन्ने आत्मविश्वासका साथ मैले पनि इच्छा राखेँ तर मेरा साथीहरूले बीचमा बार ठड्याइदिए र म त्यो पदमा पुग्न सकिनँ । त्यसको राजनैतिक, लैङ्गिक वा वैचारिक के कारण थियो, त्यो अझै थाहा छैन ।

केन्द्रीय प्रविधि क्याम्पसमा बिर्सन नसकिने व्यक्तित्वहरू

क्याम्पसका सम्बन्धमा स्मरण गर्दा डा. आशिष मुखर्जी सरलाई बिर्सन सकिँदैन । उहाँ कलकत्ता घर भई क्यानडाबाट रसायन शास्त्रमा विद्यावारिधि गरेका व्यक्ति भएर पनि अनुशासन र समयको पाबन्दीलाई आदर गर्ने व्यक्ति हुनुहुन्छ । उहाँको जीवनशैली एउटा सन्तको जस्तै छ । कलेज व्यवस्थापनले उहाँलाई स्थायी वासको व्यवस्था मिलाइदिएर सराहनीय काम गरेको छ ।

केन्द्रीय प्रविधि क्याम्पसका मैले भुल्न नहुने मान्यवर व्यक्तित्वहरूमा प्रा. जगत्बहादुर के.सी., प्रा. तिलकमान श्रेष्ठ, प्रा. बद्रीनाथ श्रेष्ठ, प्रा. भीष्मानन्द वैद्य, प्रा.डा. दिलीप सुब्बा, प्रा.डा. गङ्गा खरेल, प्रा.डा. धन ब. कार्की, प्रा.डा. सुरेन्द्र कटवाल, प्रा.पशुपति मिश्र, प्रा. ऋषिराज गौतम हुनुहुन्छ । उहाँहरूकै मार्ग निर्देशनमा काम गर्दै म यहाँसम्म आइपुगेँ । वहाहरू प्रति म सदैव अनुगृहीत छु । त्यस्तै ववीता अधिकारी, बन्टी मास्के, देवराज आचार्य, डम्बर बहादुर खड्का, अर्जुन घिमिरे, नविन गौतम, सोभित यादव, महालक्ष्मी प्रधानाङ्ग, लगायत सम्पूर्ण सर मेडमहरू जसले मलाई पलपलमा सहयोग गर्नु भयो वहाहरू प्रति म धेरै धेरै कृतज्ञ छु । म वहाँहरूको सार्थक जीवनको कामना गर्दछु ।

केन्द्रीय प्रविधि क्याम्पसका बारेमा संस्मरण लेख्दा प्रा. वसन्तकुमार राई सरलाई छुटाएँ भने मेरो यो स्मरण अधुरै रहनेछ । वसन्त सरको शिर त जत्रो हुनुपर्थ्यो, त्यत्रै नै छ, तर शिरभित्र खाद्य प्रविधिको ब्रम्हाण्ड अटाएको छ । यति धेरै अध्ययन गर्ने र खाद्य प्रविधिको जुनसुकै क्षेत्रको ज्ञान सञ्चित गर्ने उहाँको अध्ययनशीलतालाई मैले स्यालुट गर्नै पर्छ । म यस कुरामा धेरै खुसी छु कि मैले उहाँजस्तो व्यक्तित्वलाई खाद्य प्रविधि केन्द्रीय विभागको जिम्मा लगाएर अवकाश लिन पाएँ ।

डा. दिलकुमार लिम्बू हाल यस क्याम्पसको क्याम्पस प्रमुख हुनुहुन्छ । दिल सर र म एकागाउँले पनि हौं । पहाडको त्यो दुर्गम स्थानमा एक जनजाति परिवारमा जन्म लिनुभएका उहाँ ठूलो मेहनत र प्रयासका साथ यहाँ आइपुग्नुभएको छ । उहाँको यस क्याम्पसमा क्याम्पस प्रमुखको कार्यकाल सफल हुन सकोस्, मेरो शुभकामना !

यस क्याम्पसमा भएका मेरा साथीहरूमा इन्दुमती पौड्याल, ललिता श्रेष्ठ, सञ्जु पराजुली, बबिता अधिकारी र लाइब्रेरीमा बस्ने मेरी भान्जी सरस्वती बस्नेतहरूले मेरो क्याम्पसको लामो कार्यकालमा मिठास र सुगन्ध भरिदिनुभएको छ ,जो मेरो जीवनपर्यन्त अविस्मरणीय रहने छ ।

केन्द्रीय प्रविधि क्याम्पसको अर्को विशेषता भनेको यहाँका शिक्षक र कर्मचारीहरूको दयालु मन र सहयोगी हातहरू हुन् । कोही विरामी वा आकस्मिक समस्यामा परेमा सबै साथीहरू मिलेर सहयोग गर्नुहुन्छ ।

त्यस्तै हात्तीसार कलेजको अर्को विशेषता यहाँ अध्ययन गरेका शिक्षक र विद्यार्थीहरूको आत्मीयता हो । जतिसुकै पुरानो होस्, संसारको जुनसुकै ठाउँमा होस्, यस्तो आत्मीयता कहीँ पनि देख्न पाइँदैन ।

हात्तीसार क्याम्पस विद्यार्थीहरूका रुमानी घटनाका लागि पनि उर्वरस्थान मान्दा अत्युक्ति नहोला । यहाँ प्रस्फुटित भएका प्रेमकथाहरू फलेर र फुलेर सुन्दर बगैंचा निर्माण गरेका छन्, जीवन सफल बनाएका छन् । उनीहरूलाई सहर्ष आशीर्वाद छ ।

खाद्य प्रविधि केन्द्रीय विभागका विभागीय प्रमुख हुँदा मलाई विभागको प्रशासन शाखामा सहयोग गर्ने शाखा अधिकृत कृष्णकुमार श्रेष्ठलाई म आफ्नै दाजुसरहको मान्यता दिन्छु । विभागीय प्रमुखको जिम्मेवारी लिएर म त्यहाँ गएपछि उहाँले मलाई ठुलो सहयोग गर्नुभयो । उहाँको अनिवार्य अवकाश पछि महेश कोइराला भाइले मलाई भ्याई नभ्याई जसरी पनि विभागको प्रशासनिक काममा सहयोग गर्नुभयो, त्यो सहयोग म कहिल्यै बिर्सन सक्दिनँ । अनि जति गाली गरे पनि हाँसिरहने कहिल्यै नरिसाउने मेरो कान्छो भाइजत्तिकै मलाई माया र हेरचाह गर्ने इन्द्रबहादुर राईलाई म कसरी बिर्सन सक्थें

र ? कुबेर वस्तीले मलाई आमासरहको मान्यता दिए ।उनलाई त झन् कसरी माया मार्न सक्छु ?

अन्त्यमा

मानव जीवन यसो हेर्दा जन्मदेखि मृत्युसम्मको यात्रा रहेछ । यस यात्राको लामो हिस्सा मैले यही केन्द्रीय प्रविधि क्याम्पस र खाद्य प्रविधि केन्द्रीय विभागका आँगनमा बिताएँ । मेरा जीवनमा कति उकाली ओराली आए होलान्, आँसु र हाँसोको यससङ्गममा त्यहाँका कति मित्रहरूले मेरो आँसु पुछ्दिए,कतिले मेरो हाँसोमा साथ दिए । म सत्र वर्षदेखि चौसट्ठी वर्षसम्म यिनै घर, बिल्डिङ, चौतारा, चौर, जङ्गलका समीपमा रहें । यिनीहरू साक्षी छन् मेरा हरेक क्रियाकलापका । यहाँका सम्पूर्ण साथीहरूका दयालु मनहरूले मलाई सुम्सुमाइरहे यस अवधिमा । मेरो हेरचाह गरिरहे । मैले यस स्मृति लेखनमा समेट्न छुटाएका कैयौँ नामहरू हुन सक्छन् । यसमा नाम उल्लेख भएका र नभएका सबैप्रति मेरो कोटी कोटी नमन छ । यो केन्द्रीय प्रविधि कलेज मेरा लागि कर्म दिने माइतीघर भएको छ । यहाँको माटो मलाई भगवान्को चरणधूलि झैँ प्यारो लाग्छ ।

*

(प्रा.गीता भट्टराई खाद्य प्रविधि केन्द्रीय विभागका पूर्व विभागीय प्रमुख हुनुहुन्छ)

केन्द्रीय प्रविधि क्याम्पसका लागि स्वाध्ययन प्रतिवेदन तयारी : मेरो सानो अनुभव

प्रा. बसन्तकुमार राई

१. भूमिका

गुणस्तर सुनिश्चितताता तथा प्रमाणीकरण प्रणाली (Quality Assurance and Accreditation System, QAAS) आजका दिनमा उच्च शिक्षण संस्था (Higher Education Institutions, HEIs) हरूलाई शैक्षिक प्रगति र प्राज्ञिक उन्नयनका लागि अपरिहार्य रहेका सन्दर्भमा विश्वविद्यालय अनुदान आयोग (University Grants Commission, UGC) ले सन् २००७ देखि नेपालका सबै उच्च शिक्षण संस्थाहरूमा गुणस्तर सुनिश्चितता तथा प्रमाणीकरण (Quality Assurance and Accreditation, QAA) क्रमशः लागू गर्दै जाने योजना बनाएको सर्वविदितै छ । यसको जिकिर यो दर्पणको अन्य लेखहरूमा पनि राम्रोसित गरिएको छ ।

गुणस्तर सुनिश्चितता तथा प्रमाणीकरण प्रणालीका बारेमा र यस प्रणालीमा समाहित हुन चाहने उच्च शिक्षण संस्थाहरूले केही न्यूनतम आधार र प्रक्रियाहरू पुरा गर्नु पर्दछ, जसको विस्तृत विवरण विश्वविद्यालय अनुदान आयोग, गुणस्तर सुनिश्चितता तथा प्रमाणीकरण विभाग (QAA Division, QAAD) को आधिकारिक दस्ताबेज (https://ugcnepal.edu.np/ugc_header_images/QAA_Guidelines.pdf) मा उपलब्ध छ ।

कुनै पनि उच्च शिक्षण संस्थाहरूले गुणस्तर सुनिश्चितता तथा प्रमाणीकरणमा भाग लिनका लागि निम्न चारवटा चरणहरू पार गर्नुपर्दछ :

(क) गुणस्तर सुनिश्चितता तथा प्रमाणीकरण विभागलाई मनसाय पत्र (Letter of Intent, LoI) बुझाउने ।

योग्य ठहरिएका उच्च शिक्षण संस्थाहरूलाई गुणस्तर सुनिश्चितता तथा प्रमाणीकरण विभागले स्वाध्ययन प्रस्ताव (Self–Study Report, SSR) तयारीको लागि पत्राचार ।

(ख) स्वाध्ययन प्रस्ताव(SSR) तयार गरी QAAD लाई बुझाउने ।

(ग) गुणस्तर सुनिश्चितता तथा प्रमाणीकरण समिति (QAAC) बाट गठित समकक्ष-समीक्षा टोली (Peer–Review Team, PRT) ले भनिएको क्याम्पसमा स्थलगत समीक्षा प्रतिवेदन तयार गरी छलफलको लागि QAAC मा बुझाउने ।

(घ) समीक्षा प्रतिवेदन सदर भए QAAC ले गुणस्तर सुनिश्चितता तथा प्रमाणीकरणको लागि UGC लाई निर्णयार्थ सिफारिस गर्ने ।

यस लेखमा SSR तयारी गर्दाको मेरो अनुभवलाई राख्न खोजेको छु । यो लेख लेख्दाको बखतसम्म समकक्ष-समीक्षा (Peer Review) भइनसकेकोले SSR सदर भए-नभएको भन्दा पनि समीक्षापूर्व जे जसरी लेखियो त्यसको वृतान्त हो यो लेख ।

२. सुरुवात

सन् २०१७ तिर गुणस्तर सुनिश्चितता तथा प्रमाणीकरण विभागबाट स्वाध्ययन प्रस्ताव (Self–Study Report, SSR) तयार गर्न योग्य भएको पत्र प्राप्त गरेपछि केन्द्रीय प्रविधि क्याम्पसले सर्वप्रथम तात्कालिक क्याम्पस प्रमुख प्रा. डा. धनबहादुर कार्कीका संयोजकत्वमा स्वाध्ययन टोली (Self–Assessment Team, SAT) गठन गऱ्यो । तत्पश्चात् स्वाध्ययन टोलीले प्राध्यापन, शैक्षिक प्रशासन र अनुसन्धानलाई अझ गुणस्तरीय बनाउन र अल्पकालीन तथा दीर्घकालीन रणनीतिहरू तयार पार्न अन्तर-विश्लेषण (Gap Analysis) का कामहरू सुरु गऱ्यो । अन्तर-विश्लेषणका लागि घनीभूत अन्तर-विभागीय बैठक र छलफलहरू चलाइयो ।

त्रि.वि. ऐन र नियमावली, त्रि.वि. स्वायत्ततानियम र गुणस्तर सुनिश्चितता तथा प्रमाणीकरण प्रणालीका आधारभूत आवश्यकताहरूलाई समन्वय गरी विभिन्न समिति र उपसमितिहरूको गठनका लागि क्याम्पस कार्यकारी समितिलाई सिफारिस गऱ्यो । यसै बीच सन् २०२० मा केन्द्रीय प्रविधि क्याम्पसका क्याम्पस प्रमुखमा डा. दिलकुमार लिम्बू नियुक्त हुनुभएकाले स्वाध्ययन टोलीको पुनर्गठन भयो । यसै बीच मलाई स्वाध्ययन टोलीको सदस्यका नाताले स्वाध्ययन कार्यलाई द्रुत गति दिनका लागि सह-संयोजन गर्ने अभिभारा दिइयो । सोहीअनुसार केही समिति र टोलीहरूको पुनर्गठन समेत गरी स्वाध्ययन प्रतिवेदनको कार्यलाई अघि बढाइयो ।

३. अन्तर-विश्लेषण (Gap Analysis)

गुणस्तर सुनिश्चितता तथा प्रमाणीकरण विभागले तोकेको आधिकारिक ढाँचाअनुसार स्वाध्ययन प्रतिवेदन तयारी गर्दा मूलतः निम्न दुई शीर्षकहरू अन्तर्गत तथ्याङ्कहरू आवश्यक पर्ने रहेछ :

(क) संस्थागत विवरण (Institutional Profile)

यसमा उनन्तीस प्रश्नहरूको उत्तर दिनुपर्ने हुन्छ ।

(ख) मानक अनुसारकोइनपुट (Benchmark–wise Input)

यसमा सात मापदण्डहरू अन्तर्गत रही एक सय बीस प्रश्नहरूको उत्तर दिनुपर्ने हुन्छ ।

यो अन्तर-विश्लेषणका क्रममा हाम्रो परम्परागत शिक्षण प्रणालीमा रहेका अनेकौँ कमजोरीहरूलाई केलाउने मौका मिल्यो र सोहीअनुसारको सुधारका प्रस्तावहरू क्याम्पस कार्यकारी समितिमा लगियो । मैले देखेका सबैभन्दा प्रमुख समस्याहरू (जसलाई अहिले सुधार गरिएको छ) निम्नानुसार थिए :

(क) दस्ताबेजीकरण (Documentation) र अभिलेखीकरण (Archiving), जुन नभए हाम्रो प्रतिवेदन नै तयार हुन सक्दैन थियो ।

(ख) पञ्चवर्षीय रणनीति (5–Year Strategic Plan) नबनाइएको ।

(ग) क्याम्पसको गुरु योजना (Master Plan) भूकम्प या अन्य कारणले नष्ट भएको/फेला नपरेको ।

(घ) शिक्षा व्यवस्थापन सूचना प्रणाली (Education Management Information System, EMIS) व्यवस्थित नभएको ।

(ङ) सङ्काय सदस्य मूल्याङ्कन (Faculty Appraisal) नीति र कार्यविधि नभएको ।

(च) सङ्काय सदस्यहरूको वृत्तिविकास (Professional Development) का लागि ठोस नीतिको अभाव ।

(छ) सङ्काय सदस्य र विद्यार्थीहरूले गर्दै आएका अनुसन्धानहरूको दस्ताबेजीकरण र अनुसन्धान अनुदान (Research Grants) सम्बन्धी कार्यविधिकोको कमी ।

(ज) क्याम्पसको आन्तरिक प्रयोजनका लागि नीति, कार्यक्रम र कार्यविधि (Campus Policies, Procedures and Guidelines) दस्ताबेजीकरण नभएको ।

(झ) क्याम्पसको आन्तरिक गुणस्तर सुनिश्चितता समिति (Internal Quality Assurance Committee, IQAC), शिक्षा व्यवस्थापन सूचना प्रणाली समिति (EMIS Committee), आन्तरिक प्राज्ञिक/शैक्षिक लेखापरीक्षण टोली (Internal Academic Audit Team, IAAT) लगायतका विभिन्न समिति र टोलीहरूको गठन भइनसकेको ।

माथि उल्लेखित बुँदाहरूको हल नभएसम्म स्वाध्ययन प्रतिवेदन अगाडि बढ्नै नसक्ने महसुस भएकाले सर्वप्रथम यिनै बुँदाहरूलाई प्राथमिकता दिई कामको बाँड-फाँड गरी समानान्तर रूपमा काम अगाडि बढाइयो । अगाडि बढ्ने क्रममा स्वाध्ययन टोलीले अनुभव गरेको कार्यको जटिलता र समय-सीमाको चापका केही उदाहरणहरू निम्न अनुच्छेदमा दिइएका छन् :

(क) पञ्चवर्षीय रणनीति (5–Year Strategic Plan) बनाउँदा क्याम्पस कार्यकारी समिति र सरोकारवालाहरूको बैठक कम्तीमा छ पटक बस्यो । रणनीति तयार

गरी क्याम्पस कार्यकारी समितिबाट अनुमोदन हुँदै क्याम्पस सञ्चालक समितिबाट पारित हुन लगभग सात महिना लाग्यो ।

(ख) क्याम्पसको नयाँ गुरुयोजना बनेर क्याम्पस सञ्चालक समितिबाट पारित हुन करिब दुई वर्ष लाग्यो ।

(ग) शिक्षा व्यवस्थापन सूचना प्रणालीलाई प्रभावकारी बनाउन, अद्यावधिक गर्न र दस्ताबेजीकरण गरी पारित गर्न करिब डेढ वर्ष लाग्यो । यस प्रणालीअन्तर्गत विद्यार्थी/शिक्षकहरूको हाजिरी, शिक्षण रेकर्ड (Teaching Log Record) र छात्र गुणस्तर वृत (Student Quality Circle, SQC) को पृष्ठपोषण (Feedback) सङ्कलन गर्न CCT Teacher भन्ने मोबाइल/कम्प्युटर अनुप्रयोगको विकास गर्न करिब आठ महिना लाग्यो ।

(घ) सङ्काय सदस्य मूल्याङ्कन (Faculty Appraisal) कार्यविधि तयार गरी क्याम्पस कार्यकारी समितिबाट पारित गर्न एक महिना लाग्यो ।

(ङ) अनुसन्धान अनुदान (Research Grants) सम्बन्धी कार्यविधि तयार गरी पारित गर्न एक महिना लाग्यो ।

(च) क्याम्पसको नीति, कार्यक्रम र कार्यविधि तयार गरी पारित गर्न छ महिना लाग्यो ।

मेरो यो सानो अनुभवमा स्वाध्ययन प्रतिवेदन तयार गर्नभन्दा पनि प्रतिवेदनले खोजेका जम्मा १२० (+ २९) प्रश्नहरूको उत्तरहरूको पूर्वाधार तयार गर्न धेरै समय लाग्ने रहेछ । पूर्वाधार नभएका या पूर्वाधार सृजना गर्नुपर्ने उच्च शिक्षण संस्थाहरूमा त कम से कम दुईतीन वर्ष नै लाग्ने रहेछ । स्वाध्ययन प्रतिवेदनको अन्तिम खेस्रा तयारी हुँदासम्म क्याम्पसका सबै सरोकारवाला (समिति/टोली, विभाग/शाखा, विद्यार्थी सङ्ग-सङ्गठन, शिक्षक, नगरपालिका,) हरूसित अनवरत छलफल जारी राखियो । कामको प्रकृति र दायराका हिसाबले क्याम्पसका सबै समिति, विभाग र टोलीहरू परस्पर सम्बन्धित भएको हुनाले सबैको सल्लाह र सुझावहरूलाई खेस्रा प्रतिवेदनमा समावेश गरियो ।

यति लेखिरहँदा क्याम्पसमा भएका समिति, विभाग/शाखा र टोलीहरूको सूची राख्नु मैले सान्दर्भिक ठानेको छु, जो यस प्रकार छ :

(क) क्याम्पस सञ्चालक समिति (Campus Management Committee, CMC)

(ख) क्याम्पस कार्यकारी समिति (Campus Executive Committee, CEC)

(ग) आन्तरिक गुणस्तर सुनिश्चितता समिति (Internal Quality Assurance Committee, IQAC)

(घ) स्वाध्ययन टोली (Self–assessment Team, SAT)

(ङ) प्राज्ञिक समिति (Academic Committee, AC)
(च) अनुसन्धान समिति (Research Committee, RC)
(छ) अनुसन्धान व्यवस्थापन इकाइ (Research Management Cell, RMC)
(ज) विद्यार्थी कल्याण तथा अतिरिक्त क्रियाकलाप समिति (Student Welfare and Extracurricular Activity Committee, SWEAC)
(झ) विद्यार्थी परामर्श तथा रोजगार समिति (Student Counseling and Job Placement Committee, SCJPC)
(ञ) सार्वजनिक तथा शिक्षा व्यवस्थापन सूचना प्रणाली समिति (Public Information and Education Management Information System Committee, EMISC)
(ट) पुस्तकालय व्यवस्थापन समिति (Library Management Committee, LiMC)
(ठ) प्रयोगशाला व्यवस्थापन समिति (Laboratory Management Committee, LaMC)
(ड) भौतिक निर्माण, मर्मत तथा खरिद समिति (Physical Construction, Repair and Purchase Committee, PCRPC)
(ढ) परीक्षा तथा आन्तरिक मूल्याङ्कन समिति (Examination and Internal Evaluation Committee, EIEC)

४. स्वाध्ययन प्रतिवेदन लेखनका चुनौतीहरू

माथि उल्लिखित समिति/टोलीहरूभन्दा बाहेक क्याम्पसमा विद्यमान बाह्रवटा शैक्षिक विभागहरू र आवश्यकताअनुसार क्याम्पस कार्यकारी समितिद्वारा गठन गरिएका विभिन्न उपसमितिहरूलाई पनि समावेश गरी स्वाध्ययन प्रतिवेदन तयार गरियो । क्याम्पसको शैक्षिक र भौतिक विकास निरन्तर चलिरहने प्रक्रिया भएकाले EMIS प्रतिवेदन र स्वाध्ययन प्रतिवेदन अद्यावधिक गर्न जहिले पनि हम्मे हम्मे पऱ्यो । विद्यार्थीहरूले भर्ना हुने, छाड्ने र पढाइ सक्ने एवम् शिक्षक र कर्मचारीहरू नियुक्त हुने, सरुवा हुने, बढुवा हुने र अवकाश पाउने साथै तालिम र उच्च अध्ययन (विद्यावारिधि) गर्न जाने-आउने जस्ता क्रियाकलापको क्रम निरन्तर चलिरहने भएकाले तथ्याङ्क चलायमान हुने रहेछ ।

प्रतिवेदनका लागि चाहिने अधिकांश अभिलेख (Records and Archives) हरू परम्परागत प्रणालीबाट राखिएको हुनाले सूचनाको पहुँच (Information Access)

चाहेजस्तो गरी छिटो र प्रभावकारी नहुने रहेछ । यो अन्तर-विश्लेषणले हामीलाई अबदेखि यथासम्भव डिजिटल प्रविधिको प्रयोग गर्नुपर्ने पाठ पनि सिकायो । तोकिएको ढाँचाअनुसार भाँती पुऱ्याएर स्वाध्ययन प्रतिवेदन लेख्नु सजिलो भने पक्कै नहुने रहेनछ । यो कुनै प्राज्ञिक शोधप्रबन्ध (Thesis/Dissertation) लेखनभन्दा कम नहुने रहेछ । बरु प्राज्ञिक शोधप्रबन्धमा सन्दर्भ सामाग्रीको स्रोत खुलाए पुग्छ, स्वाध्ययन प्रतिवेदनमा खोजिएका सबै १२० (+२९) प्रश्नका उत्तरहरूको प्रमाणीकरण (Verification–Validation) का लागि सहायक दस्ताबेज वा प्रमाण पनि संलग्न गर्नुपर्ने रहेछ । सङ्कलित तथ्याङ्कहरूको विश्लेषण पनि त्रिकोणात्मक विश्लेषण (Triangulation) हुनुपर्ने भएकाले डिजिटल प्रविधिको प्रयोगबिना दिइएको समय-सीमामा काम सम्पन्न गर्न लगभग असम्भव नै देखियो । परम्परागत शैलीमा दस्ताबेजहरूको छाया-प्रति (Photocopy) सङ्कलन गरेर मात्र नपुग्ने रहेछ र ठेलीका ठेली पाना पल्टाएर सम्भव नहुने रहेछ भन्ने अर्को पाठ पनि सिकियो ।

५.स्वाध्ययन प्रतिवेदन लेखन

५.१ प्रारम्भिक चरण

प्रारम्भिक चरणमा केही महिना परम्परागत शैलीमा लेख्ने प्रयास भयो तर मेलो पटक्कै र सरेन । सहायक कागजातहरू (Supporting Documents) को चाङ देखेर विरक्तै भइयो । कताबाट सुरु गरेर कता बिट मार्ने थाहा पत्तै लागेन । एउटा पाना कारणवश यताउति भयो कि खोज्दै दिन जान्थ्यो । अब कसरी अगाडि बढ्ने, टोलीलाई सास्ती पऱ्यो । उता थप सहायक दस्ताबेज जोरजाम गर्ने, आवश्यक कार्यदल/ समिति/ उपसमितिहरू बनाउने, आन्तरिक निर्देशिका/कार्यविधिहरू बनाउने जस्ता कामहरू समानान्तर रूपमा चलिरहेकै थिए ।

५.२ नयाँ योजना

यसै बीच वि. सं. २०७७ साल वैशाख १४ गतेदेखि २०७८ साल असोज महिनासम्म गरी लगभग १७ महिना कोरोना महामारीका कारणले देशव्यापी रूपमा लक-डाउन र निषेधाज्ञाहरू भए, जसका कारण काम अगाडि बढाउन धेरै कठिनाइहरूको सामना गर्नु पऱ्यो । स्वाध्ययन प्रतिवेदनको खेस्रा तयार भए तापनि गुणस्तर सुनिश्चितता तथा प्रमाणीकरण विभाग (काठमाडौं) मा भौतिक रूपमा उपस्थित भई पुऱ्याउने स्थिति थिएन । लक-डाउन कहिले खुल्ने त्यो पनि निश्चित थिएन । यो अन्यौल र अनिश्चितताका अन्तरालले हामीलाई अर्को जुक्ति लगाउने अवसर पनि दियो । हामीले हामीसित भएका सहायक दस्ताबेजहरू सबै स्क्यानिङ्ग (Scanning) गरेर डिजिटाइज

(Digitize) गर्ने सोच बनायौँ । यसो गर्दा काम दोहोरिने र समय धेरै लाग्ने भए तापनि, लक-डाउनका बावजुद स्वाध्ययन प्रतिवेदनलाई कम से कम इ-मेल (Email) मार्फत समयमै सम्बन्धित विभागमा पठाउन त सकिन्छ भनेर हामी सबै दङ्ग पर्‍यौँ । योजना राम्रो थियो तर यसलाई साकार पार्न भने सजिलो देखिएन । कम्प्युटर र सफ्टवेयर (Software) को राम्रो ज्ञान हुन नितान्त जरुरी थियो ।

५.३ सहायक सामग्रीहरूको सङ्कलन


स्वाध्ययन प्रतिवेदनका लागि सङ्कलित सहायक दस्ताबेजहरूलाई विद्युतीय संस्करण (Electronic Version) का लागि स्क्यानिङको (Scanning) कार्य सुरु भयो र साथै यसलाई कसरी अभिलेखीकरण (Archiving) गर्दा सजिलो हुन्छ भन्नेबारे मन्थन पनि निरन्तर चलिरह्यो । बिजुलीको भर नभएको हुनाले कार्यालयमा भएका स्क्यानर यन्त्रका साथसाथै मोबाइलको स्क्यानर (Clear Scanner/Cam Scanner) अनुप्रयोगलाई भरपुर प्रयोग गरियो । सबै दस्ताबेजहरूलाई सान्दर्भिक नाम दिएर परिशिष्ट प्रयोजनका लागि पोर्टेबल कागजात फाइल (Portable Document File, PDF) का रूपमा राखियो । कागजातहरूलाई डिजिटाइज गरेर राख्दा यसबाट हुने कैयौँ फाइदाहरूका बारेमा थाहा पाइयो । उदाहरणका लागि लालपुर्जा, गुरुयोजना र हस्तलिखित बैठकका माइन्युटजस्ता महत्त्वपूर्ण कागजातहरू सुरक्षित राख्न सकिने रहेछ । यसो गर्दा किरा र धमिरा लाग्ने सम्भावना पनि हुँदैन ।

स्वाध्ययन प्रतिवेदनको ढाँचाबमोजिम दश खण्ड (Volume) का लागि कम्प्युटरमा दश फोल्डरहरू बनाइयो, जसभित्र सान्दर्भिक परिशिष्ट दस्ताबेजहरू (Files) राखियो (चित्र सं. १) । यी सबै फोल्डरहरूलाई फेरि परिशिष्ट (ANNEX) नामक फोल्डर भित्र राखियो । कागजात/दस्ताबेजहरू सबै PDF भएकाले यसलाई सम्पादन गर्न (पानाहरू थप्न/झिक्न/घुमाउन/सिधा पार्न इत्यादि) एडोबिएक्रोबैट (Adobe AcrobatDC) नामक कम्प्युटर सफ्टवेयरको प्रयोग गरियो ।

५.४ प्रतिवेदन लेखन र हाइपरलिङ्क राख्ने कार्य


क्याम्पसको विवरण सम्बन्धी उनन्तीस र आठवटा मापदण्डअनुसारको १२० प्रश्नहरूको एक-एक गरी उत्तर/प्रतिक्रिया तयार गर्न थालियो । उत्तरलाई पुष्टि गर्ने फोल्डरभित्र राखिएका सहायक कागजात/प्रमाण/अभिलेख/दस्ताबेजका परिशिष्टरहरूलाई बियाँलो गरी हाइपरलिङ्क (Hyperlink) गरियो । यसो गर्दा आफूलगायत समीक्षकहरूलाई पनि प्रतिवेदन समीक्षा गर्न या जाँच्न धेरै सजिलो हुने देखियो । कागजातको जतिसुकै ठूलो गुन्टो भए पनि विद्युतीय संस्करण भएकाले भारी

बोक्नुनपर्ने र भण्डारण गरिएको गुगल ड्राइभ (Google Drive) या वान ड्राइभ (One Drive) मार्फत सजिलै पठाउन वा डाउनलोड गर्न मिल्ने भयो । कम्प्युटर माउसको केही क्लिकमै सन्दर्भ र सहायक सामाग्रीहरू पुगे नपुगेको थाहा पाउन सकिने भयो । म यसलाई लकडाउनले परोक्ष रूपमा प्रदान गरेको एउटा उपलब्धि नै मान्दछु ।




चित्र नं. १ विद्युतीय संस्करणमा फोल्डर र फाइलहरूको व्यवस्थापन

हाइपरलिङ्क बनाउन भने सजिलो पक्कै थिएन । यसका लागि सबैभन्दा पछिल्लो संस्करणको मिइक्रोसफ्ट अफिस Office 365 को प्रयोग गरियो । काम छरितोसँग गर्न अठार इन्च या त्यसभन्दा माथिको कम्प्युटर मनिटर लिई दुईखण्डे स्क्रिन (Double Split Screen) बनाई प्रयोग गरियो (चित्र नं० २) । प्रतिवेदनका अन्त्यमा हाइपरलिङ्क गरिएका परिशिष्टहरूको सूची पनि राखियो (चित्र नं० ३) ।



चित्र नं. २ दुईखण्डे स्क्रिनको प्रयोग



चित्र नं. ३ हाइपरलिङ्क गरिएका परिशिष्टहरूको सूची

५.५ तथ्याङ्क विश्लेषण र सारांश

सङ्कलन गरिएका अभिलेख/कागजातहरूबाट तथ्याङ्क/विवरण निकालेर सोधिएका प्रत्येक प्रश्नको उत्तर सहायक कागजातहरूसँग हाइपरलिङ्क राख्दै लेख्नु आफैंमा झन्झटिलो प्रक्रिया भए तापनि धेरै किसिमका कागजातहरूलाई व्यवस्थापन गर्नुपर्दा यो सबैभन्दा प्रभावकारी तरिका हो भन्नुमा अतिशयोक्ति नहोला । स्वाध्ययन प्रतिवेदन

लेखनको सबैभन्दा पेचिलो अंश रहृयो तथ्याङ्क विश्लेषण । यो एउटा तटस्थ भएर यसअघि हल गरिएका मापदण्डअनुसारको १२० (+२९) प्रश्नहरूको मातहत रही गरिने त्रिकोणात्मक विश्लेषण भएकाले धेरै सतर्कता अपनाउनुपर्ने रहेछ । प्रत्येक मापदण्ड र प्रश्नको परस्पर नाता र सन्दर्भ केलाउनु पर्नेरहेछ । यथाशक्य एउटै उत्तरका लागि विभिन्न खण्ड (Volume) हरूबाट एकभन्दा बढी सान्दर्भिक सहायक कागजात देखाउनुपर्ने रहेछ । अन्त्यमा लेखिने सारांश पनि कम पेचिलो हुँदो रहेनछ । सम्पूर्ण प्रतिवेदनको दर्पण भएकाले पनि सारांश लेख्नु त स्वाभाविक रूपमा सजिलो हुँदैन ।

५.६ स्वाध्ययन प्रतिवेदन र सहायक सामाग्रीहरूको अकार-प्रकार

विद्युतीय संस्करण (Electronic Version) को स्वाध्ययन प्रतिवेदन जम्मा ९७ पाना र सहायक कागजात ५,१८० पाना गरी जसमा ५,२२७ पानाको बन्यो । दश खण्ड रहेको सहायक सामाग्रीमा जम्मा १९० परिशिष्टहरू राखिए । समग्र प्रतिवेदन (सहायक सामाग्री लगायत) १.८८ जी. बी. (1.88 GB) आकारको भयो । यति धेरै डिजिटल आकारको सामाग्री इ-मेलबाट पठाउन नसकिने भएकाले यसलाई भण्डारण गर्ने तीन उपायहरू अपनाइए - (१) गुगल ड्राइभ या वान ड्राइभमा राख्ने, (२) पेन ड्राइभ (Pen Drive) मा राख्ने, र (३) सी डी./डी. भी. डी. (CD/DVD) मा राख्ने ।

५.७ प्रारम्भिक समीक्षा

यसरी तयार पारिएको स्वाध्ययन प्रतिवेदनको पहिलो खेस्रा (विद्युतीय संस्करण) २०७७ को असार महिनातिर गुणस्तर सुनिश्चितता तथा प्रमाणीकरण विभाग (QAAD) मा पठाइयो । विभागका नवीना चौंलागाईंज्यूबाट समीक्षा भएर आएको प्रतिक्रिया र पृष्ठपोषणअनुसार फेरि दोस्रो खेस्रा (विद्युतीय संस्करण) संशोधन गरी २०७७ साल पौष १६ गते पुनः समीक्षाको लागि QAAD पठाइयो । श्री गोपाल आचार्यज्यूबाट दोस्रो पटक समीक्षा भई आएको खेस्रा प्रतिवेदन उपरको प्रतिक्रिया र पृष्ठोपोषणअनुसार फेरि तेस्रो संशोधित खेस्रा (विद्युतीय संस्करण) QAAD पठाइयो । यसरी स्वाध्ययन प्रतिवेदन तीनपटकसम्म संशोधन गरेपछि मात्र स्थलगत समकक्ष-समीक्षा (Peer Review) को लागि पारित भयो । कोरोना महामारीको कारण समकक्ष-समीक्षा टोली (Peer Review Team, PRT) स्थलगत निरीक्षणको लागि आउने कार्यक्रम अनिश्चित जस्तो देखिए तापनि अन्ततो गत्वा समकक्ष-समीक्षापूर्व हुनुपर्ने तयारी-भ्रमण २०७८ को फागुन १० मा जुऱ्यो । भ्रमण टोलीलाई हाम्रो आफ्नो तयारीबारे प्रस्तुतीकरण दिनुका साथै स्थलगत भ्रमण पनि गराउनुपर्ने रहेछ, सो पूर्ण तयारीका साथ गऱ्यौं । हाम्रो प्रगति र मेहनतबाट निरीक्षण टोली निकै प्रभावित भएकोमा हामी पनि दङ्गै पऱ्यौं । निरीक्षण टोलीले

सरोकारवाला (शिक्षक, कर्मचारी, क्याम्पस सञ्चालक समितिका सदस्य र विद्यार्थीका अभिभावक)हरूसित पनि छुट्टा-छुट्टै अन्तरक्रिया गऱ्यो । यसरी दुई दिनको दौडधुपपछि निरीक्षण टोलीले आफ्नो अध्ययन प्रतिवेदन तयारी गऱ्यो । अब क्याम्पसले थप के के सुधारहरू गर्नुपर्ने हो, त्यसबारे स्वाध्ययन टोलीसित अन्तिम छलफल गरी प्रतिवेदनमा हस्ताक्षर भयो । परिमार्जनसहितको स्वाध्ययन प्रतिवेदन चाँडै बुझाई सम्भवतः 'अन्तिम समकक्ष-समीक्षा' टोली भ्रमणका लागि तयारी रहने वाचाका साथ पूर्व निरीक्षण टोलीसित बिदा भयौं । काम सजिलो रहेनछ तर आशा गरौं, यो अन्तिम समकक्ष-समीक्षाका लागि स्थलगत निरीक्षण कार्यक्रम चाँडै टुङ्गो लाग्नेछ र केन्द्रीय प्रविधि क्याम्पसलाई एच्त ले गुणस्तर सुनिश्चितताको लागि QAAD मा सिफारिस गर्नेछ ।

६. भावी चुनौतीहरू

विश्व विद्यालय अनुदान आयोगले सन् २००७ देखि नेपालका सबै उच्च शिक्षण संस्थाहरूमा गुणस्तर सुनिश्चितता तथा प्रमाणीकरण क्रमशः लागू गर्दै जाने योजना बनाएको चर्चा यो लेखको सुरुमै गरिएको छ । हामी सबैलाई थाहा छ, गुणस्तरको लागत पनि हुन्छ र यो सित्तैंमा प्राप्त गर्न सकिँदैन । उच्च शिक्षामा गुणस्तर सुनिश्चित गर्न या कायम गर्नका लागि भौतिक पूर्वाधार र मानव संसाधनमा लगानी आवश्यक पर्दछ । सञ्चालन खर्चको व्यवस्था हुनु पर्दछ । सङ्काय सदस्य र कर्मचारीहरूको उन्नयन र वृत्तिविकासका लागि अवसरहरू उपलब्ध हुनुपर्दछ । तोकिएको दरबन्दी सङ्ख्याअनुसार शिक्षकहरूको व्यवस्था हुनुपर्दछ । यदि नीति निर्माण तहमा रहेका निकायहरूबाट यस्ता न्यूनतम आवश्यकताहरूलाई समेत नजरन्दाज गरी हलो अड्काएर गोरु चुट्ने काममात्र भइरह्यो भने भोलिका दिनमा नेपालको उच्च शिक्षाको गुणस्तर कहाँ पुग्ने हो, घाम जत्तिकै छर्लङ्ग छ । त्यसैले भोलिका चुनौतीहरूलाई सामना गर्न हामी सबैले आजै देखि जुट्नु जरुरी छ ।

७. उपसंहार

कुनै पनि शिक्षण संस्थाको प्रगतिको आधार भनेको शिक्षण पद्धति र शैक्षिक गतिविधिहरूको गुणस्तर नै हो । यस प्रगतिलाई दिगो रूपमा सुनिश्चितत गर्न एकल प्रयासले मात्र सम्भव छैन, यसका लागि सम्पूर्ण सरोकारवालाहरूले एकता र सद्भावका साथ निरन्तर लागिरहनुपर्दछ । अर्को अर्थमा भन्ने हो भने शिक्षण संस्थाले यस्तो किसिमको अचुक प्रणाली अवलम्बन गर्नु पऱ्यो, जसले शैक्षिक गुणस्तर दिगो रूपमा सुनिश्चित गर्न सकोस् । विश्वभर मान्यताप्राप्त र आधिकारिक यस्तै प्रणालीको नाम हो गुणस्तर सुनिश्चितता प्रणाली (Quality Assurance System) । कुनै पनि शिक्षण

संस्था यो प्रणाली अन्तर्गत रहेको आधिकारिक दस्ताबेज भनेको प्रमाणीकरण (Accreditation) हो । तसर्थ यस प्रणालीलाई गुणस्तर सुनिश्चितता तथा प्रमाणीकरण (Quality Assurance and Accreditation, QAA) भन्ने गर्दछौं । माथि उल्लेख गरिएअनुसार यो प्रमाणीकरणका लागि स्वाध्ययन प्रस्ताव तयार गरी QAAD को सिफारिसमा QAAC ले सदर गरी विश्वविद्यालय अनुदान आयोगले पारित गर्नुपर्दछ । यो स्वाध्ययन प्रस्ताव तयार पार्नको लागि मलाई स्वाध्ययन टोलीको सह-संयोजकको भूमिका निर्वाह गर्ने जिम्मेवारी दिनुहुने के. प्र. क्याम्पसका क्याम्पस प्रमुख तथा क्याम्पस कार्यकारी समितिका अध्यक्ष डा. दिलकुमार हाङ्स्रोङ लिम्बूज्यूलाई यो लेखमार्फत हार्दिक धन्यवाद टक्याउन चाहन्छु । यस कामले मलाई क्याम्पसको हरेक गतिविधिलाई नियाल्ने र विश्लेषण गर्नसक्ने क्षमताको विकास गरायो, काम सिकायो । केन्द्रीय प्रविधि क्याम्पस मेरो हरेक वृत्तिविकास र प्राज्ञिक उन्नयनको थलो हो । यसैले मलाई बढाएको हो, हुर्काएको हो । म यस क्याम्पसप्रति सदैव आभारी रहने छु । यो स्वाध्ययन प्रतिवेदन तयार गर्ने अवसरलाई मेरो प्यारो क्याम्पसप्रति कृतज्ञता जाहेर गर्ने राम्रो अवसरका रूपमा मैले लिएको कुरा यस लेखमार्फत यहाँहरूसमक्ष राख्न चाहन्छु ।

*

(प्रा. बसन्त कुमार राई खाद्य प्रविधि केन्द्रीय विभागका विभागीय प्रमुख हुनुहुन्छ)

केन्द्रीय प्रविधि क्याम्पस, धरानको भावी लक्ष्य

डा. दिलकुमार लिम्बु

परिचय

आजको युग विज्ञान र प्रविधिको युग हो । अहिलेको भौतिक उपलब्धि र विकास विज्ञान तथा प्रविधिको अन्वेषणबाट सम्भव भएको हो । त्यसकारण विज्ञान तथा प्रविधि शिक्षा देश विकासका लागि अत्यन्त आवश्यक शिक्षा हो । विज्ञान र प्रविधि शिक्षामा ज्ञान र सिपको सम्मिश्रण हुन्छ । विश्वका विकासोन्मुख देशहरूले विज्ञान तथा प्रविधि शिक्षामा ठूलो लगानी गरी रहेका छन् । देश विकासका लागि दक्ष जनशक्तिको खाँचो पर्दछ । यो जनशक्तिको मागलाई विज्ञान तथा प्रविधि शिक्षाले मात्र पूरा गर्न सक्दछ । विश्वका केही देशहरूले विकास बजेटको तपसिल बमोजिमको बजेट विनियोजन गरेका छ ।

त्यसकारण देश विकासमा विज्ञान तथा प्रविधि विश्वविद्यालयको ठूलो हात छ । त्यस्तो विश्वविद्यालय हाम्रा देशका लागि अत्याावश्यक छ । साइन्स एण्ड टेक्नोलोजी विश्वविद्यालय अरू देशमा स्थापना भएका केही उदाहरणहरू यहाँ प्रस्तुत गरिएको छ ।

University of Science and Technology Meghalaya India,
Norwegian University of Science and Technology,
Joardan university of Science and Technology,
Hong Kong university of Science and Technology

विश्वका केही मुख्य Science and Technology university हरू हुन् । जुनसुकै विश्व विद्यालयको आफ्नै Mision, Vision, Goal / Objectives हुन्छन् । यस केन्द्रीय प्रविधि क्याम्पसलाई डिम विश्वविद्यालयमा परिणत गर्न एउटा mission, vision, goal र Objectives सहित अगाडि बढाईरहेका छौं । केन्द्रीय प्रविधि क्याम्पस स्थापना कालमा जुन mission, vision / goal भएता पनि आजको समय र परिस्थिति अनुसार हामीले तय गरेको mission, vision, goal / Objectives अलि फरक छ । किन कि स्थापनकालबाट अहिलेसम्म आइपुग्दा धेरै आरोह अवरोह र परिवर्तनहरू देश र क्याम्पसले झेली सकेको छ । देश र समाजमा अलि फरक किसिमको जनशक्तिको खाँचो टडकारो देखिएको छ । त्यो जनशक्तिलाई पूरा गर्न पनि Science and Technology University को आवश्यकता देखिएको छ । अहिलेसम्म विश्वविद्यालय अनुदान आयोगले निर्धारण गरेको विश्वविद्यालय र डिम विश्वविद्यालयको मापदण्ड तपसिल बमोजिम नै होला तर विश्वविद्यालय अनुदान आयोगको तथ्याङ्क अनुसार जे जति अहिलेसम्म नेपालमा डिम विश्वविद्यालयहरू स्थापना भएका छन् ती सबै स्वास्थ्य क्षेत्रमा

शैक्षिक उपाधिका लागि मात्र स्थापना भएका छन । हाम्रो क्याम्पस केन्द्रीय प्रविधि क्याम्पस धरानको लक्ष्य स्वायत्तता प्राप्त पछि गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (QAA) प्राप्त गरी डिम विश्वविद्यालयमा जानु हो । अहिले केन्द्रीय प्रविधि क्याम्पस त्रिभुवन विश्वविद्यालय अन्तर्गत स्वायत्तता प्राप्त क्याम्पसको रूपमा परिचित छ । अब हाम्रो क्याम्पसको लक्ष्य भनेको स्वास्थ्य क्षेत्र बिनाको विज्ञान तथा प्रविधिको डिम विश्वविद्यालय बनाउनु हो ।

नेपालमा विश्वविद्यालयको सुरूआत भारतको पटना विश्वविद्यालयबाट भएको थियो । इ. सं. १९१८ मा त्रिचन्द्र कलेजको स्थापना भएको थियो । त्यस समयमा पटना विश्वविद्यालयको पाठ्यक्रम, परीक्षा प्रणाली र शिक्षक व्यवस्थापन गर्दथ्यो (भट्टराई, २०१४)। त्रिचन्द्र कलेजको स्थापना भएको झण्डै ४० बर्षपछि नेपालमा त्रिभुवन विश्वविद्यालयको स्थापना भएको थियो । त्रिभुवन विश्वविद्यालयको स्थापना भएको २७ वर्षपछि संस्कृत विश्वविद्यालयको स्थापना भएको थियो र त्यसको ५ वर्षपछि काठमाडौँ विश्वविद्यालयको स्थापना भएको थियो । इ. सं. १९८३ तिर नेपालमा बहु विश्वविद्यालयको अवधारणा विकास भएको थियो । त्यसपश्चात नेपालमा विभिन्न उद्देश्यले विभिन्न विश्वविद्यालयहरू स्थापना भएका छन ।

नेपालमा वर्तमान अवस्था (बी. स. २०७९) सम्ममा तपसिलका १४ विश्वविद्यालयहरू स्थापना भएका छन् ।

१. त्रिभुवन विश्वविद्यालयबाट (TU), कीर्तिपुर, काठमाडौं
२. नेपाल संस्कृत विश्वविद्यालय बेलझुण्डी, दाङ
३. पुर्वाञ्चल विश्वविद्यालय (PU), बिराटनगर, मोरङ
४. पश्चिमाञ्चल विश्वविद्यालय, घोराही, दाङ
५. मध्य पश्चिमाञ्चल विश्वविद्यालय, वीरेन्द्रनगर, सुर्खेत
५. सुदुर पश्चिम विश्वविद्यालय, महेन्द्रनगर सुर्खेत
६. काठमाडौं विश्वविद्यालय (KU) धुलिखेल, काभ्रेपलाञ्चोक
७. पोखरा विश्वविद्यालय, पोखरा, कास्की
८. लुम्बिनी बौद्ध विश्वविद्यालय, कपिलवस्तु, लुम्बिनी
९. गण्डकी विश्वविद्यालय, पोखरा, कास्की
१०. कृषि तथा बन विज्ञान विश्वविद्यालय, रामपुर, चितवन
११. मनमोहन टेक्निकल विश्वविद्यालय, बुढिगङ्गा, मोरङ
१२. नेपाल खुला विश्वविद्यालय, काठमाडौं

१३. जनक महर्षि विश्वविद्यालय, जनकपुर, धनुषा
१४. मधेश कृषि विश्वविद्यालय, राजविराज, सप्तरी
(Source : UGC, Nepal)

केन्द्रीय प्रविधि क्याम्पसका भावी उदेश्यहरू -

१) विद्यार्थीहरूको सङ्ख्या बढाउने,
२) डिम विश्वविद्यालय बनाउने,
३) अझ गुणस्तर शिक्षा दिने,
४) प्राविधिक शिक्षामा जोड दिने,
५) क्याम्पसको बाँझो जग्गा र स्थानको अधिकतम प्रयोग गर्ने,

नेपालमा विद्यार्थी सङ्ख्या दिनानुदिन बढ्दै जानु, विभिन्न विषयको माग हुनुको कारण विश्वविद्यालय अनुदान आयोग अनुसार नेपालमा विश्वविद्यालय र डिम विश्वविद्यालय थपिँदै गइरहेको छ ।

हाम्रो देशमा आवश्यक जनशक्ति उत्पादन र आपूर्ति पूरा गर्नलाई डिम विश्वविद्यालयहरूको अवधारणा विकास भयो, सोही बमोजिम तपसिलका डिम विश्वविद्यालयहरू स्थापना भएका छन् ।

१. वि. पि. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान (BPKIHS) धरान, सुनसरी
२. राष्ट्रिय स्वास्थ्य विज्ञान प्रतिष्ठान (NAMS) वीर अस्पताल, काठमाडौं
३. पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान (PAHS) पाटन, ललितपुर
४. कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान (KAHS), जुम्ला, कर्णाली
५. पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान (PokAHS) पोखरा, कास्की
६. राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान (RAHS), घोराही, दांङ
(Source: UGC, Nepal)

अहिलेको परिदृश्य हेर्दा जति पनि डिम विश्वविद्यालय स्थापना भएका छन् सबै स्वास्थ्य शिक्षासँग मात्र सम्बन्धित उच्च शैक्षिक निकायहरू छन् । हाम्रो उद्देश्य विज्ञान तथा प्रविधि संस्थाबाट हाम्रो क्याम्पसलाई पहिलो डिम विश्वविद्यालय बनाउनु हो ।


डिम विश्वविद्यालय भनेको के हो ?

डिम विश्वविद्यालय भनेको विश्वविद्यालय उन्मुख उच्च शैक्षिक संस्था हो। डिम विश्वविद्यालय आर्थिक, प्रशासनिक र शैक्षिक रूपमा पुर्ण स्वायत्तता प्राप्त विश्वविद्यालय हो। यस मा शैक्षिक कार्यक्रम (अफिलियशन) दिने अधिकार हुन्न। तर स्वायत्त उच्च शैक्षिक संस्था हो। यस को सञ्चालन को लागि विश्वविद्यालय अनुदान आयोग ले मात्र

संञ्चालन अनुमति दिन सक्छ। नेपाल मा स्वास्थ्य क्षेत्र बाहेक अरू क्षेत्रमा डिम विश्वविद्यालय संञ्चालन मा आएको छैन।

विज्ञान तथा प्रविधिमा बजेट विनियोजन

नेपाल सरकारबाट हरेक वर्ष बजेट विनियोजन हुने गरेको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको नाममा एकमुष्ट बजेट विनियोजन भए पनि त्यस मन्त्रालयले विज्ञान तथा प्रविधिलाई बजेट विनियोजन गर्दछ । नेपाल सरकारले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई टोटल बजेटको मुस्किलले १० - ११% सम्म छुट्टयाइएको छ ।



अरू देशहरूको तुलनामा यो थोरै बजेट हो । देश विकासमा विज्ञान तथा प्रविधिको अहम् भूमिका हुन्छ । विज्ञान तथा प्रविधि शिक्षा देश विकासको मेरुदण्ड नै हो । त्यसकारण पनि विज्ञान तथा प्रविधिको अनुसन्धान र विकासमा ठुलो धनराशि खर्च गर्नु पर्दछ । नेपाल सरकारले २००९ सम्म कूल बजेटको नगन्य मात्रा ०.०१% मात्र अनुसन्धान र विकास (R & D) मा खर्च गर्दथ्यो । अहिले कूल बजेटको ०.४५% अनुसन्धान र विकासमा छुट्टयाइएको छ । (Adhikari, 2020)

सन्दर्भ सामग्रीहरू

– UGC Nepal httpsM/www.ugcnepal.edu.np
– Adhikari (2020). Science And Technology Not A Priority In Nepal Ús Budget.
– Giri (2020). Necessity of New Universities in Nepal in the 2020.

*

(डा.दिलकुमार लिम्बु केन्द्रीय प्रविधि क्याम्पसका क्याम्पस प्रमुख हुनुहुन्छ)

Central Campus of Technology at the Eye of Dharane' People

Surya Prakash Pandhak

Central Campus of Technology(CCT) was established in 1972(AD) in Dharan.It was established by the name of Institute of Applied Science and Technolgy(IAS Tech) as a constituent campus of Tribhuvan University, Kirtipur, Kathmandu.It was Promoted with the status of Central Campus of Technology in 1987 (AD). Commonly people use to name it 'Hatisar Campus .' The Words Hatisar Campus hang in every man's tongue.It is situated in Dharan Sub-Metropolitan City Ward No. 14 Hatisar.Hatisar has historical value that it was used for husbandry for elephants of the kingdom.So it is popular by the name of Hatisar Campus in this province.It has planted different vegetations ,fruits,coffee ,lemon,orange etc as well as different herbs in its own land extending 19 bighas and 10 kathas.It is located in the lap of Bijayapur hill with great infrastructures .Bijayapur is a famous historical religious , as well as cultural place .It was the capital city of different dynasties for a long span of time.

It became autonomous Campus with autonomy status in 2012 (AD). It has been running several graduate and post graduate programmes in several subjects.In post graduate level there are two subjects: M.Sc. Microbiology and M.Tech (Food),as well as PHD programme (food Technology) Btech(Food), B.Sc.. Physics ,B.Sc. Nutrition and Dietetics , B.Sc. (Computer Science & Information Technology),B.Sc. Zoology , B.Sc. Botany , B.Sc. Geology , B.Sc. Chemistry and BIT are being held in this Campus.It is sound with highly qualified teaching staff and well infrastructures. Around 1000 students are studying in this campus."Central Campus of Technology will strive to transition … Deemed University of Food Science and Technology making it one of the finest research station for post harvest Technology of the SAARC Region."

It stands as the distinguished educational institution , that provides high quality education which helps students learn their full potentials , so that they are able to design a successful academic carrier.There is magnetic attraction of students at this Campus, for there are many valuable subjects registered Food Technology and Nutrition and Dietetics are not available elsewhere as TU constituent academic programmes .They are very important subjects which educate people about food , nutrition and health.If people are conscious about food and nutrition ,fifty percent of health problems can be prevented .Not only students come from different geographical variations such as hills ,Terai ,valley and

Himalaya region but also from different communities namely Kshetri,Brahmin,Limbu,Rai,Gurung,Tamang,

Chaudhari,Rajbansi,Dhimal,Tharu,etc.The students from different ethnicity study together being the members of the same family at Central Campus of Technology , Hatisar .It prompts the notion of social harmony of the nation.

CCT stands for multiple possibilities for the development of Dharan. It opens the job opportunity for different food industries in Dharan and Nation . It provides highly skilled manpower as well as the experts of the relative field to open new industries for example–a kind of beer made of millet, 'Tinpaneraksi' a kind of wine made of millet, Sukuti' a kind of dry meat etc. These products can be exported to European countries where they have great demand .Several new food of local materials can be produced, by CCT provides/produces skilled manpower and expert of it.

Dharan Sub-Metropolitan Municipality can encourage Dharane's people , institutions, companies and so on to establish different food industries coordinating with Central Campus of Technology ,Hattisar, Dharan. It can set up different food quality control units and run different programmes about it, so that Dharane's people will get fresh and quality assurance food in the market. Similarly different advice units about nutrition and food can be set up so that people will be conscious about food and nutrition.

CCT has a vital role for the development of Dharan. Dharane's people view it as one of the greatest properties of Dharan on the one hand and on the other hand it is an ornament and dignity of Dharan. Along with academic activities, commercial activities, tourism as well as health activities are promoted which support to the development of Dharan City. Central Campus of Technology, Hattisar , Dharan ,is a multidimensional big academic institute at the eye of Dharane's people. It has been taken as an eyeball, that is loved very much by the Dharane's people.

Surya Prakash Pandhak
Member
Campus Managing Committee
Central Campus of Technology
Hattisar,Dharan-14,Sunsari,Province No . 1

पर्यटकीय, धार्मिक र शैक्षिक केन्द्रका रूपमा धरान र सोको सेरोफेरोमा केन्द्रीय प्रविधि क्याम्पस, हात्तीसार

सञ्जय कोइराला

आरम्भ

पूर्वी नेपालको प्रदेश १ अन्तर्गत पर्ने 'धरान', नेपालकै सुन्दर र अग्रणी नगरमध्येमा गनिन्छ । शिक्षा, स्वास्थ्य सेवा, खेलकुद, पर्यटन, यातायात, फेसन आदि विविध क्षेत्रमा धरान नेपालका धेरै नगरहरूभन्दा धेरै अगाडि रहेको छ । यसका साथै ऐतिहासिक, पुरातात्त्विक र धार्मिक दृष्टिकोणले पनि धरान देशकै एक महत्त्वपूर्ण केन्द्रका रूपमा परिचित छ । प्रस्तुत लेखमा धरानका तिनै केही विशेषताहरू जसले धरानलाई देशकै महत्त्वपूर्ण धार्मिक, पर्यटकीय र शैक्षिक केन्द्रका रूपमा परिचित गराएका छन् - तिनको सङ्क्षिप्त चर्चा गरिएको छ ।

धरानको ऐतिहासिकता

प्रामाणिक रूपमा धरान क्षेत्रको इतिहास मध्यकालसम्म जोडिएको देखिए पनि यस क्षेत्रमा प्राप्त प्राग्-ऐतिहासिक कालदेखिका सामग्री, पौराणिक ग्रन्थहरूमा गरिएको उल्लेख आदिलाई आधारमान्दा धरान क्षेत्रमा मानव विचरण वा बसोबास हजारौं वर्ष अगाडिदेखि नै हुँदै आएको सङ्केत पाइन्छ । धरानको विजयपुर क्षेत्रमा बारी खन्ने क्रममा ५००० वर्षसम्म पुराना हुन सक्ने नवपाषाणकालीन प्रस्तर हतियार (हाते बञ्चरो) फेला परेको थियो (प्राप्तकर्ता स्वयम्प्रकाश शर्मा) । विजयपुर क्षेत्रमा नै अन्वेषणका क्रममा पुरातत्वविद् जनकलाल शर्माले उत्तर-गुप्तकालीन (८-११औं शताब्दी) माटाका सामग्री फेला पारेको उल्लेख माधवप्रसाद पोखरेल (२०६०) ले गरेका छन् ।

धरान क्षेत्रको सर्वप्राचीन बस्ती विजयपुर मध्यकालमा लामो समयसम्म एउटा स्वतन्त्र राज्यको राजधानी सहरको रूपमा रहेको थियो । १५औं शताब्दीको आरम्भदेखि १८औं शताब्दीको उत्तरार्धसम्म सुरुमा मोरङ र पछि विजयपुर नामको स्वतन्त्र राज्यको रूपमा अस्तित्वमा रहेको यस राज्यमा पहिला कोचवंशी र पछि सेनवंशीहरूले शासन चलाएका थिए । यी कोचवंशीलाई केही विद्वान्ले कामरूप क्षेत्रबाट आएका किराती मानेका छन् (Chemjong, 1967, p. 88) । वि.सं. १६६६ मा कोच वंशका सातौं पुस्ताका राजा विजयनारायणलाई मकवानपुरका सेनवंशी राजा मुकुन्द सेनका कान्छा

छोरा लोहाङ सेनले पराजित गरेपछि विजयपुरमा सेन वंशको शासन आरम्भ भएको थियो । राजा सेन वंशी र देवान स्थानीय किराती हुने समझदारी अनुसार वि.सं. १६६६ मा आरम्भ भएको विजयपुरको सेन शासनकाल वि.सं. १८३१ मा गोर्खाली सेनाले अधिनस्थ नगरुञ्जेलसम्म कायम रह्यो । आरम्भमा कोच वंशी र पछिल्लो समयमा सेन वंशी शासकले दरबार क्षेत्रको रूपमा विस्तार गरेको विजयपुर सहर हाल धरान उपमहानगरपालिकाको १४ नं. वडाको रूपमा रहेको छ र यहाँ हालसम्म पनि तत्कालमा निर्माण गरिएका मठ-मन्दिर, दरबार, किल्ला, पोखरी आदिका भग्नावशेष देख्न सकिन्छ ।

धार्मिक केन्द्रका रूपमा धरान

पूर्वी नेपालको सुनसरी जिल्ला सम्भवतः काठमाडौं उपत्यकापछि सबैभन्दा धेरै धार्मिक सम्पदा रहेको जिल्ला हो र यसमा पनि धरान क्षेत्रमा सर्वाधिक सङ्ख्यामा विभिन्न धर्म सम्प्रदाय (हिन्दू, बौद्ध, जैन, इस्लाम, इसाई, किरात)सँग सम्बन्धित मठ-मन्दिर र धार्मिक केन्द्रहरू रहेका छन् । धरानको विजयपुरमा मात्र ५० भन्दा बढी सङ्ख्यामा सेनकालदेखिका मठ-मन्दिर, मूर्ति आदि रहेका छन् । ती मध्ये पौराणिक ग्रन्थहरूमा समेत उल्लेख गरिएका दन्तकाली (कालीका), पिण्डेश्वर, विष्णुपादुका आदिको ख्याती देश-विदेशमा समेत फैलिएको छ भने सेनकालमा नै स्थापना भएका मानिने गादी गणेश, साक्षी विनायक, बालम्बा (पार्वती), भीमसेन आदि पनि रहेका छन् (आचार्य, २०३०) ।

सेनकालमा नै स्थापना भइसकेको मानिने दन्तकाली (कालीका), पिण्डेश्वर, साक्षी विनायक, भीमसेन, अष्टभूजा लगायतका मन्दिरहरूमा हालसम्म पनि सग्लो रूपमा रहेका अभिलेख, गजुरलेख, घण्टलेख, ताम्रपत्र आदिले पनि ती मठ-मन्दिर सयौं वर्ष अगाडिदेखि नै अस्तित्वमा रहेको सङ्केत गर्दछन् । जस्तो, दन्तकाली मन्दिरको उत्तरपट्टीको भित्तामा रहेको वि.सं. १८३६ को रणबहादुर शाहको पालाको.अभिलेखमा स्थानीय व्यापारीहरूको सहयोगमा सुब्बा योगनारायण र सुब्बा मान सिंहको नेतृत्वमा कालीकाको देवल पुनः निर्माण गरिएको उल्लेख पाइन्छ । दन्तकाली वा कालीकासँग सम्बन्धित लिखतहरू (पुजारी नियुक्ति वा थमौती गरिदिएको, गुठी राखिदिएको सम्बन्धी) वि.सं. १८३१ देखिका पाइएका छन् । वि.सं १९०४ सम्मका यस्ता लिखतहरूमा दन्तकालीलाई कालीका नै भनिएको छ (बराल, २०६३, पृ. ५०-५६) । यद्यपि इतिहासकार इमानसिंह चेम्जोङ (२०३१, पृ. १०१) का विचारमा विजयपुरका अन्तिम सेन वंशी राजा कामदत्त सेनले कालीका मन्दिरको जिर्णोद्धार गरी गुठी थमौती तथा थप गरिदिएपछि यसलाई दन्तकाली

भन्न थालिएको हो । विजयपुरमा नै रहेका पिण्डेश्वर, साक्षी विनायक, अष्टभूजा, भीमसेन लगायतका मन्दिरका गजुरमा कुँदिएका अभिलेखले पनि यी मन्दिरहरू आरम्भिक शाहकाल वा त्यसभन्दा अगाडि नै स्थापना भइसकेको सङ्केत गर्दछन् । जस्तो, मध्य विजयपुरमा रहेको भीमसेन मन्दिरमा वि.सं. १८८० मिति अङ्कित घण्ट र वि.सं. १८८४ मिति अङ्कित गजुर लेख (राजेन्द्रविक्रम शाहका पालाको) रहेको छ । पिण्डेश्वर मन्दिरको गजुरमा वि.सं. १८७९ (राजेन्द्रविक्रम शाहको पालाको) को अभिलेख रहेको छ भने मन्दिर परिसरमा रहेका पित्तलका प्राचीन घण्टहरूमध्ये एकमा वि.सं. १८८५ (राजेन्द्रविक्रम शाह र भीमसेन थापाको नाम अङ्कित) छ भने अर्कोमा वि.सं १९०९ (जङगबहादुरको नाम अङ्कित) को अभिलेख रहेको छ । मन्दिर परिसरमा नै रहेको अष्टभूजा देवीको गजुरमा वि.सं. १८४९ माघ सूदी १५ रोज १ (रणबहादुर शाहको समय) को अभिलेख रहेको छ (कोइराला, २०७३, पृ. १०१-१०५) । सेनकालमा नै स्थापना भएको मानिने साक्षी विनायक मन्दिरको गजुरमा शाके सम्वत् १७०७ (वि.सं. १८४२) अङ्कित अभिलेख रहेको छ (राजवंशी, २०२०, पृ. १२-२३) ।

धरानको वडा नं. १४ विजयपुरमा मात्रै माथि उल्लिखितसँगै अन्य लगभग ५० मन्दिर-मूति रहेका छन् । यीसँगै धरानका अन्य वडा र वरपरका क्षेत्रमा पनि पौराणिक कालदेखिको इतिहास भएका र विभिन्न धर्म-सम्प्रदायसँग सम्बन्धित अरू पनि अनेकौं धार्मिक केन्द्रहरू रहेका छन् । यिनको ख्याति छिमेकी देश भारतमा समेत फैलिएको छ । त्यससँगै प्रचलित कुनै पनि देव-देवीको स्वरूप वा नाम नभएको तर यस क्षेत्रकै लोकप्रिय बुढासुब्बा मन्दिर (धरान १४), कृष्ण प्रणामी मन्दिर (धरान १३),सिहंदेवी मन्दिर (धरान२), हनुमान मन्दिर (धरान २), सत्यसाई मन्दिर (धरान १), ब्रह्मकुमारी राजयोग सेवा केन्द्र (धरान १), इस्कोन मन्दिर (धरान १६), बौद्ध धर्मसँग सम्बन्धित धरान ८, १२, १३, र १४ मा रहेका बिहार, गुम्बा तथा चैत्यहरू, किरात धर्मसँग सम्बन्धित किरात यूमा माङहिम (धरान १८), इस्लाम धर्मसँग सम्बन्धित जामे मस्जिद (धरान ३) लगभग सबै वडामा रहेका इसाई प्रार्थना गृह (चर्च) हरू आदि पनि धरानमा रहेका अन्य केही प्रसिद्ध धार्मिक केन्द्रहरू हुन् ।

यसरी यति सानो क्षेत्रफलभित्र यति धेरै सङ्ख्यामा र यति धेरै धर्म र सम्प्रदायसँग सम्बन्धित धार्मिक केन्द्रहरू रहेका र तिनको दर्शन, पूजाआजा वा अवलोकनका निम्ति वर्षेनी देश र विदेशबाट समेत लाखौं भक्तजनहरू आउने हुँदा धरानलाई मुलुककै एक प्रमुख धार्मिक केन्द्रका रूपमा लिन सकिन्छ ।

पर्यटकीय केन्द्रका रूपमा धरान

पर्यटकीय हिसाबले पनि धरान यस क्षेत्रकै प्रमुख केन्द्र बन्न सक्छ । धरान आफैंमा र धरानलाई प्रस्थानबिन्दु बनाएर अनेकौं किसिमका पर्यटन विकासको सम्भावना यहाँ रहेको छ । पौराणिक ग्रन्थहरूमा समेत उल्लिखित दन्तकाली, पिण्डेश्वर, विष्णुपादुका, बराहक्षेत्र, रामधुनीजस्ता अनेकौं धार्मिक केन्द्र धरान र वरपर रहेका छन् । ती केन्द्रहरूको दर्शन, पूजापाठका निम्ति सयौं वर्ष अगाडिदेखि नै टाढा-टाढादेखिका भक्तजनहरू आउने-जाने गरेको सङ्केत ती केन्द्रहरूमा विभिन्न क्षेत्रबाट आएका भक्तजनले सयौं वर्ष अगाडिदेखि स्थापना गरेका मठ-मन्दिर, अभिलेख, भौतिक संरचना आदिले गरेका छन् । जस्तै, ईश्वीको पाँचौं शताब्दीका बंगालका शासक बुधगुप्तको समयको भारत दामोदरपुरमा प्राप्त अभिलेखमा पूर्णियाका राजकर्मचारी ऋभूपालले बराहक्षेत्रका श्वेतबराह र कोकामूख स्वामीलाई जग्गा गुठी राखिदिएको उल्लेख छ भने ईश्वीको छैठौं शताब्दीको अर्को अभिलेखमा भारत अयोध्याका तीर्थयात्री अमृतदेवले आफ्नी आमाको पूण्यको कामना गर्दै श्वेतबराहको नित्यपूजा, होम र मन्दिर मर्मत सम्भारको निम्ति जग्गा गुठी राखिदिएको प्रसङ्ग उल्लेख छ । (Sircar, 1975, pp. 336-339) .

बराहक्षेत्रजस्तै तीर्थयात्रा पर्यटनका निम्ति प्राचीनकालदेखि नै प्रसिद्ध रहेका अन्य धार्मिक केन्द्रहरूमा विष्णुपादुका, औलिया मठ (चतरा), रामधुनी, दन्तकाली, पिण्डेश्वर आदिलाई लिन सकिन्छ । ती केन्द्रहरूमा तत्कालीन राजा, महाराजा तथा टाढाटाढाबाट आएका अन्य भक्तजन आदिले दर्शन, पूजा-पाठ गरेको, गजुर, घण्ट, अभिलेख, मन्दिर, मूर्ती, धर्मशाला आदि भौतिक संरचना स्थापना गराएका अनेक प्रमाण पाइएबाट यसको पुष्टि हुन्छ । प्राचीनकालदेखिका यी धार्मिक केन्द्रहरूको प्रशिध्दि हालसम्म पनि उत्तिकै रूपमा कायम रहेको छ र आज पनि नियमित रूपमा वार्षिक हजारौंको सङ्ख्यामा देशी-विदेशी तीर्थयात्रीहरू यी केन्द्रको भ्रमणका निम्ति आउने गर्छन् । धार्मिक वा तीर्थयात्रा पर्यटन (Religious or Pilgrimage Tourism) जस्तै धरान सांस्कृतिक पर्यटन (Cultural Tourism), स्वास्थ्योपचार पर्यटन (Medical Treatment Tourism), शैक्षिक पर्यटन (Educational Tourism) आदिका निम्ति पनि परिचित क्षेत्र हो । भौगोलिक रूपमा पहाड र तराईको संगमस्थलको रूपमा रहेको र कुल १९२.६१ वर्गकिलोमिटर क्षेत्रफल ओगटेको धरानमा नेपालका लगभग सबै भूगोलमा रहने ६४ भन्दा बढी जातजातिको बसोबास रहेको छ । आ-आफ्नै मौलिक परम्परा, धर्म, संस्कृति

(भाषा, भेषभूषा), चाडपर्व रहेका ती जातजातिहरू र तिनीहरूका धार्मिक/ सांस्कृतिक गतिविधिको अध्ययन-अवलोकनका निम्ति अर्थात् सांस्कृतिक वा जनजातीय (Cultural and Ethnological) पर्यटनका निम्ति पनि धरान उपयुक्त केन्द्रका रूपमा रहेको छ ।

धरानमा रहेको वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान एशियाको एक प्रतिष्ठित र नेपालकै सबैभन्दा ठूलो र सुविधायुक्त उपचार केन्द्रका रूपमा प्रसिद्ध छ । यस केन्द्रमा उपचारका निम्ति दैनिक सयौँको सङ्ख्यामा नेपालका विभिन्न स्थान तथा छिमेकी मुलुक भारतका विभिन्न क्षेत्रहरूबाट समेत मानिसहरू आउने गर्दछन् । यो र योसँगै निजीस्तरमा खोलिएका अन्य सुविधा सम्पन्न उपचार केन्द्रहरूको कारण पनि धरान स्वास्थ्योपचार पर्यटन (Medical Treatment Tourism) का निमित्त प्रसिद्ध बन्दै गइरहेको छ ।

गल्फ, क्रिकेट, फुटबल जस्ता खेलका निम्ति आवश्यक पूर्वाधार प्रशस्त रहेको धरानमा ती संग संबन्धित खेलकुद प्रतियोगिताको आयोजना पनि नियमित रूपमा हुने गरेको छ । यसरी आयोजना गरिने खेलकुदमा भाग लिन राष्ट्रिय/अन्तराष्ट्रिय स्तरका सङ्घ/संस्थाका पदाधिकारी तथा खेलाडीसमेत आउने हुनाले खेलकुद पर्यटनको सम्भावना पनि धरानमा रहेको छ ।

यससँगै नेपालकै एक प्रमुख पर्यटकीय स्थल भेडेटारको प्रस्थान बिन्दुका रूपमा पनि धरान रहेको छ । धरानलाई आधार बनाएर अर्थात् धरानबाटै आउन-जान सकिने स्थानमा रहेका पर्यावरणीय र प्राकृतिक पर्यटन -Environmental or Nature Tourism का निम्ति प्रसिद्ध कोसी टप्पु वन्यजन्तु आरक्ष, बर्जु, रासताल, तालतलैया, वेतना जस्ता प्रसिद्ध ताल, नमस्ते, शीवजट्टा आदि झरना र सीमसार क्षेत्र, वनभोज तथा मनोरञ्जन स्थल र सूक्ष्म चिडिया घर (Mini Zoo) का रूपमा विकसित गरिएका अनेक सामुदायिक वनक्षेत्रहरू, साहसिक पर्यटन (Adventure Tourism) का निम्ति सप्तकोसी, अरूण, तमोर आदि नदीमा गरिने जलयात्रा (Rafting, Boating), भेडेटार तथा चिन्डेडाँडाबाट धरानसम्म गरिने Paragliding, धरानबाट भेडेटार, नाम्जे, राजारानी, मुढे, तीनजुरे, मिल्के, जलजले, गुफापोखरी, बसन्तपुर, मकालु आधार शिविर आदि गन्तव्यसम्म गरिने साइकल यात्रा र पदयात्रा (Trekking), भेडेटारको Zipline आदिले पनि धरानलाई यस क्षेत्रको प्रमुख पर्यटकीय केन्द्रका रूपमा स्थापित गरेको छ ।

शैक्षिक केन्द्रका रूपमा धरान

विविध विषयमा K.G. देखि P.G. सम्म (शिशु कक्षादेखि स्नातकोत्तर तहसम्म) नै अध्ययन-अध्यापन गराइने साधारण तथा प्राविधिक शिक्षा प्रदान गर्ने अनेकौँ विद्यालय-महाविद्यालयहरू रहेकाले धरानलाई देशकै एक प्रमुख शैक्षिक केन्द्रको मान्यता प्राप्त छ । देश अन्धकार युगमा नै रहेको समय अर्थात् राणा कालमा नै धरानमा पब्लिक हाइस्कुल (स्था. २००३ साल) र शारदा बालिका विद्यालय (स्था. २००५ साल) स्थापना भइसकेका थिए । त्यसपछिका वर्षहरूमा पनि क्रमशः भगवती मिडिल स्कुल (स्था. २००८), पब्लिक मिडिल स्कुल (स्था. २००९ साल), शिक्षा निकेतन माध्यमिक विद्यालय (स्था. २०१३ साल), शिक्षा सदन माध्यमिक विद्यालय (स्था. २०१२ साल) गर्दै अनेकौँ शैक्षिक केन्द्रहरू खुलेका थिए ।

विद्यालय तहका यी अनेकौँ शैक्षिक केन्द्रहरूले धरानलाई यस क्षेत्रकै प्रमुख शैक्षिक केन्द्रका रूपमा स्थापित गरेपछि विविध विषयसँग सम्बन्धित महाविद्यालयहरू पनि धरानमा स्थापित हुन थाले । यसै क्रममा वि.सं. २००८ मंसिर २७ मा संस्कृत विषयको पिण्डेश्वर विद्यापीठ (संस्कृत महाविद्यालय), धरान १४, वि.सं. २०१२ माघ ४ गते महेन्द्र कलेज, धरान १०, वि.सं. २०३० मा व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानको केन्द्रीय क्याम्पस, धरान १४, वि.सं २०३४ मा इन्जिनियरिङ विषय अध्यापन गराउने गरी पूर्वाञ्चल क्याम्पस, धरान ८ र वि.सं. २०५० सालमा चिकित्सा विज्ञानसँग सम्बन्धित अधिकांश विधाको अध्ययन तथा अनुसन्धान केन्द्रका रूपमा देशकै ठूलो शैक्षिक संस्था वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान १८ को स्थापना हुँदै गए ।

यी सँगै धरानमा नै निजी वा सामुदायिक तहबाट सञ्चालित तल्लोदेखि माथिल्लो तहसम्म विविध विषय (मानविकी तथा सामाजिक शास्त्र, व्यवस्थापन, कानुन, शिक्षा, विज्ञान तथा प्रविधि) अध्यापन गराइने अन्य कतिपय शैक्षिक केन्द्र र प्राविधिक शिक्षालयहरू पनि रहेका छन् । ती केन्द्रहरूमा स्थानीयका साथै वरपरका क्षेत्रबाट समेत सयौँको सङ्ख्यामा विद्यार्थीहरू अध्ययनका निम्ति आउने गर्दछन् । विशेष गरी देशकै प्रमुख र गुणस्तरीय शैक्षिक प्रतिष्ठानका रूपमा परिचित वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा अध्ययनका लागि देशैभरिबाट मात्र नभई सार्क मुलुकबाट समेत विद्यार्थी आउने गर्दछन् । धरानमा नै रहेको कृषि इन्जिनियरिङ ९ब्चनय(भ्लनष्लभभचष्लन० लगायतका इन्जिनियरिङ विषयमा स्नातकोत्तर तहसम्म पढाई हुने पूर्वाञ्चल इन्जिनियरिङ क्याम्पस, खाद्य प्रविधि तथा पोषण विज्ञान जस्ता नौला विषय अध्यापन गराइने केन्द्रीय प्रविधि

क्याम्पस, देशकै पुरानो मध्येको नेपाल संस्कृत विश्वविद्यालयको प्रसिद्ध आंगिक क्याम्पस पिण्डेश्वर विद्यापीठ र पूर्वी नेपालमा उच्च शिक्षाको विकासमा सर्वाधिक योगदान पुऱ्याएको र मानविकी, व्यवस्थापन, कानुन र शिक्षा संकायका अनेक विषयमा उच्च तहसम्म नै अध्यापन गराइने त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पस महेन्द्र बहुमुखी क्याम्पस आदिमा पनि देशका विभिन्न भू-भागबाट वर्षेनी सयौँको सङ्ख्यामा अध्ययनका निम्ति विद्यार्थीहरू आउने गर्दछन् । यसले देशकै प्रमुख शैक्षिक केन्द्रका रूपमा पनि धरान रहेको प्रमाणित गर्दछ ।

केन्द्रीय प्रविधि क्याम्पस, हात्तीसार र धरान

मुलुककै प्रमुख शैक्षिक केन्द्रका रूपमा स्थापित हुन सफल धरानलाई यस अवस्थमा ल्याइपुऱ्याउन केन्द्रीय प्रविधि क्याम्पस, हात्तीसार (स्थापनकालीन नाम व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थान) को पनि ठूलो योगदान रहेको छ । वि.सं. २०२८ मा देशमा नयाँ शिक्षा योजना लागु गरिएपछि देशका सबै विकास क्षेत्रमा प्राविधिक विषयमा उच्च तहसम्मको शिक्षा दिने सरकारी योजना अनुरूप पूर्वाञ्चल क्षेत्रको प्रमुख शैक्षिक केन्द्र धरानमा व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थान स्थापना गरिएको थियो । तत्कालमा उच्च तहसम्मको शिक्षा प्रदान गर्ने गरी स्थापना गरिएका अन्य अध्ययन संस्थानहरूमा चिकित्साशास्त्र अध्ययन संस्थान, महाराजगञ्ज (काठमाडौं), इन्जिनियरिङ अध्ययन संस्थान, पुल्चोक (ललितपुर), कृषि विज्ञान अध्ययन संस्थान, रामपुर (चितवन) र वनविज्ञान अध्ययन संस्थान, हेटौंडा (मकवानपुर) आदि थिए ।

पहाड र तराईको सङ्गमस्थल, पठनपाठनका निम्ति अनुकूल वातावरण, शैक्षिक केन्द्रका रूपमा समेत स्थापित भइसकेको र दक्षिणतर्फ प्रशस्त मात्रामा उद्योगहरू खुल्दै गरेका अनि उत्तरतर्फका पहाडी भूभागमा प्रशस्त मात्रामा तरकारी, फलफूल उत्पादन हुने भएकाले तीसँग सम्बन्धित अध्ययन, अनुसन्धान र परीक्षणका निम्ति योग्य जनशक्ति उत्पादन गर्न उपयुक्त स्थान धरान नै देखिएकाले सम्भवतः धरानमा यो अध्ययन संस्थान खोलिएको थियो । स्थापनाकालको केही समयसम्म धरान (हालको वडा नं. १६) मा रहेको यो अध्ययन संस्थान वि.सं. २०३१ मा वडा नं. १४, विजयपुरको ऐतिहासिक महत्त्वको हात्तीसार क्षेत्रमा आफ्नै जग्गा र भवनमा स्थानान्तरित भयो । त्यसपछि भने यो क्याम्पस 'केन्द्रीय प्रविधि क्याम्पस, हात्तीसार' वा 'हात्तीसार क्याम्पस' को रूपमा चिनिन थाल्यो । Lab Technology / Food Technology गरी दुई विषयबाट पढाई आरम्भ गरेको कलेजमा पहिलो सत्रमा दुई विषयमा ५०/५० सिट सङ्ख्या तोकिएको थियो ।

धरान (विजयपुर) मा विज्ञान तथा प्रविधि विषयसँग सम्बन्धित केन्द्रीय क्याम्पस खुलेपछि पूर्वाञ्चलको शैक्षिक विकासले अझै गति लियो । विज्ञान र प्रविधि विषयको आधुनिक उपकरण सहितको प्रयोगशाला, विषयविज्ञ (दक्ष) स्वदेशी तथा विदेशी शिक्षक, पठनपाठनका निम्ति अत्यन्त शान्त अनि उपयुक्त वातावरण, टाढाटाढाबाट आउने शिक्षक तथा विद्यार्थीलाई क्यान्टिन अनि क्वाटर र छात्रावासको सुविधा आदि कारणले गर्दा चाँडै नै यो लोकप्रिय शैक्षिक गन्तव्य स्थलका रूपमा प्रसिद्ध भयो । देशका कुनाकाप्चादेखिका उत्कृष्ट अनि जेहेन्दार विद्यार्थीहरू अध्ययनका निम्ति धरान आउन थाले । खाद्य प्रविधि (Food Technology), पोषण विज्ञान (Nutrition Science), सूक्ष्म जीव विज्ञान (Micro-Biology) जस्ता नेपालमै नौला र महत्त्वूर्ण अनि बिकाउ विषय भएकाले यी विषयमा अध्ययन गर्ने हात्तीसार क्याम्पसका विद्यार्थीको एक किसिमको Job Guaranty नै थियो । त्यसमाथि सुनसरी र मोरङ नेपालकै सर्वाधिक उद्योग भएको क्षेत्र भएकाले पनि यहाँका गुणस्तरीय उत्पादन (विद्यार्थी) पढाई पूरा गरी नसक्दै कुनै न कुनै उद्योगमा खपत भइहाल्थे । यो अवस्था हालसम्म पनि लगभग कायमै छ । यसले पनि प्रत्यक्षमा हात्तीसार क्याम्पसको र परोक्षमा समग्र धरानकै प्रसिद्धि र महत्त्व निरन्तर बढ्दै गयो ।

यससँगै हात्तीसार क्याम्पसले समयसमयमा शैक्षिक अनि विज्ञान प्रदर्शनी गर्ने, इच्छुक विद्यालय र विद्यार्थीलाई जीव विज्ञान सङ्ग्राहलयको रूपमा रहेको आफ्नो प्रयोगशाला भवनमा व्याख्यान सहित अध्ययन/अवलोकनको व्यवस्था मिलाइदिने जस्ता परोपकारी कार्य पनि गर्दै आइरहेको छ । देशका विभिन्न भागबाट शैक्षिक भ्रमणमा आउने सयौँ विद्यार्थीहरूलाई हात्तीसार क्याम्पसले यो सुविधा अहिले पनि प्रदान गर्दै आइरहेको छ ।

मध्यकालीन सेन राज्य विजयपुरको राजधानी क्षेत्रभित्र (तत्कालीन दरबारको पश्चिमी खण्ड) पर्ने हाल क्याम्पस रहेको यसै क्षेत्रमा प्राकृतिक रूप्से पोखरी रहेको थियो र पोखरीसँगै दरबारका हात्ती बाँध्ने हात्तीसार रहेको हुनाले तत्कालदेखि नै यो क्षेत्रलाई 'हात्तीसार' भनिन्थ्यो । लगभग ओझेलमा परिसकेको यो क्षेत्र र यसको नामलाई पुनर्जीवित र प्रसारित गर्नमा पनि यो क्याम्पसले सहयोग पुऱ्याएको छ ।

सन्दर्भसामग्री

Chemjong, I. S. (1967). *History and Culture of Kirat People* (Part-II, 3rd ed.). Kathmandu: Puspa Ratna Sagar.

Sircar, D. C. (1975). *Select Inscriptions Bearing on Indian History and Civilization*, (Vol-1, 2nd ed.). Calcutta: University of Calcutta.

आचार्य, लक्ष्मी (२०३०), *देशको माटो - देशको ढुङ्गा* (भाग २), धरानः धरान नगरपालिका ।

कोइराला, सञ्जय (२०७३), विजयपुरका इतिहास संवद्ध लिखत, *दृष्टिकोण अंक*- ६,महेन्द्र बहुमुखी क्याम्पस ।

चेम्जोङ, इमानसिंह (२०३१), *किरातकालीन विजयपुरको संक्षिप्त इतिहास*, दार्जिलिङः नेपाल साहित्य परिषद् ।

पोखरेल, माधवप्रसाद (२०६०, असोज २१), धरान : गुप्त सम्राटदेखि मेडिकल कलेजसम्म, *कान्तिपुर राष्ट्रिय दैनिक*, पृ. ३ ।

राजवंशी, शंकरमान (सं.) (२०२०), *पुरातत्त्वपत्र सङ्ग्रह* (तेस्रो भाग), काठमाडौंः पुरातत्त्व विभाग ।

बराल, सनतकुमार (२०६३), *धरानस्थित दन्तकालीको सांस्कृतिक अध्ययन* (अप्रकाशित लघुअनुसन्धान प्रतिवेदन), भक्तपुरः विश्वविद्यालय अनुदान आयोग ।

*

(उपप्रा.सञ्जय कोइराला महेन्द्र बहुमुखी क्याम्पस धरानमा संस्कृति विषय प्रध्यापनरत हुनुहुन्छ)

सूक्ष्म जीवविज्ञान विषयको सुरुवात र यसको भूमिका

उपप्रा.हेमन्त खनाल

विषय प्रवेश

सूक्ष्म जीव विज्ञान (माइक्रोबायोलोजी) भाइरस, व्याक्टेरिया, ढुसी तथा अन्य आँखाले देख्न नसकिने जीवहरूको अध्ययन गर्ने विज्ञान हो भने माइक्रो बायोलोजिष्टहरूले विभिन्न सूक्ष्म जीवहरूको अध्ययन गर्नुका साथै तिनीहरूको वातावरण तथा जीवहरूको अन्तर्क्रियाको अध्ययन गर्दछन् । माइक्रोबायोलोजी विषयको काम र प्रयोगको दायरा ठुलो छ, जसअन्तर्गत शिक्षण, अनुसन्धान तथा स्वास्थ्यका प्रयोगशालाहरू पर्दछन् ।

नेपालमा सूक्ष्म जीव विज्ञानको अध्यापन वि.सं. २०३६ मा त्रिचन्द्र क्याम्पसमा स्नातक तहबाट सुरु गरिएको हो र त्यसको एघार वर्षपछि वि.सं. २०४७ साल कार्तिक २८ गतेबाट त्रिभुवन विश्वविद्यालय अन्तर्गत माइक्रोबायोलोजी केन्द्रीय विभागको स्थापना गरी स्नातकोत्तर (MSc Microbiology) कार्यक्रम शुभारम्भ भएको हो । स्नातकोत्तर कार्यक्रमको प्रथम विभागीय प्रमुखका रूपमा प्रा.डा. शित्तलराज बस्न्यातलाई नियुक्त गरिएको थियो । स्नातकोत्तर कार्यक्रमको अध्यापन सूक्ष्म जीव विज्ञान विषयको विकासमा कोसेढुङ्गा साबित भएको थियो । स्थापनाका समयमा वार्षिक प्रणाली अध्यापन सुरु गरियो र उक्त समयका पाठ्यक्रममा समावेश भएका विषयहरू जेनेरल, क्लिनिकल, फर्मास्युटिकल, फुड, एग्रिकल्चर, वातावरणीय माइक्रोबायोलोजीका साथै माइक्रोवियल बायोकेमेस्ट्री बायो स्टाटिक्स विषयहरू थिए । स्नातकोत्तर कार्यक्रम सुरु भएको नौ वर्षपछि २०५६/०५७ सालमा त्रि.वि.ले दुईबर्से बी.एस्सीलाई तीनबर्से कार्यक्रममा परिवर्तन गरेपछि विद्यार्थीहरूको आग्रह तथा अन्तर्राष्ट्रिय विश्वविद्यालयहरूको परिवर्तित पाठ्यक्रम अनुसरण गर्दै पाठ्यक्रम परिमार्जन गरियो ।

केन्द्रीय प्रविधि क्याम्पसमा सूक्ष्मजीव विज्ञान

सूक्ष्म जीवविज्ञानको अध्ययन अध्यापन काठमाडौं उपत्यकामा मात्र रहेको अवस्थामा यस विषयको आवश्यकता महसुस गरी वि.सं. २०५३ सालमा केन्द्रीय कार्यलयबाट स्वीकृति लिई तत्कालीन क्याम्पस प्रमुख सह.प्रा.तिलकमान श्रेष्ठले केन्द्रीय प्रविधि क्याम्पसमा यस विषयको अध्यापन सुरु गराउनुभएको हो । त्यस समयमा यस क्याम्पसमा बी.टेक (खाद्य प्रविधि) र विज्ञानको प्रवीणता प्रमाणपत्र तहको मात्र अध्ययन अध्यापन हुने गर्दथ्यो । स्नातक तहमा यस कार्यक्रमको सुरुवात गर्दा क्याम्पसमा रहेका शिक्षक, कर्मचारी, विद्यार्थीहरू दुई भागमा विभाजित भई आन्दोलनमा होमिएका थिए । सूक्ष्म जीवविज्ञान कार्यक्रम सुरु गर्नुहुँदैन भन्नेहरूमा धेरैजसो खाद्य प्रविधि विषयका

विद्यार्थीहरू थिए र उनीहरूको माग भनेको पहिलेदेखि नै सञ्चालनमा रहेको खाद्य प्रविधि विषयलाई पुस्तकालय, प्रयोगशाला र अनुभवी प्राध्यापकहरूले सुसज्जित गरेर मात्र माइक्रोबायोलोजी कार्यक्रम आरम्भ गर्नुपर्छ भन्ने थियो । उनीहरूको आन्दोलनको स्वरूप बदलिँदै गएर क्याम्पस प्रमुखको पुत्ला दहन गर्ने, कार्यकक्षमा थुन्ने लगायतका थिए । अर्कातर्फ उक्त कार्यक्रम सुरुवात हुनुपर्छ भन्ने शिक्षक कर्मचारीको समूहतर्फ भने शिक्षकहरूको प्राज्ञिक उन्नयन हुने फुड माइक्रोबायोलोजी विषयमा अनुसन्धानको दायरा बढाउन सकिने, शिक्षक कर्मचारीको आम्दानीको स्रोत थप हुने जस्ता विषयहरू थिए । पछि धरान नगरपालिकाका तत्कालीन मेयर श्री मनोजकुमार मेन्याङ्वोको समन्वय र पहलमा वार्ता गरी नगरपालिकाले समेत आर्थिक सहयोग दिने र दुई जना शिक्षकको तलब भुक्तानी नगरपालिकाले गर्ने भन्ने सहमति भएपछि सम्पूर्ण आन्दोलनका कार्यक्रमहरू स्थगित भएका थिए र बी.एस्सी माइक्रोबायोलोजीको अध्ययन अध्यापन सहज तरिकाले सुरु भएको थियो ।

शिक्षकहरूको योगदान

वि.सं. २०५३ सालमा स्नातक सूक्ष्म जीवविज्ञान कार्यक्रम सुरु भएपछि शिक्षकहरूको व्यवस्थापन गर्ने विषय ठुलो चुनौती थियो । B.Tech (Food) मा प्राध्यापनरत सहप्रा. श्री सुमनकुमार लाल दास (हाल अवकाशप्राप्त) ले सुरुवाती चरणमा अध्यापन गराउनुभयो । माइक्रोबायोलोजीको पठनपाठन तथा प्रयोगशाला व्यवस्थापन गर्ने कार्यमा उहाँले दिएको योगदानको हालसम्म पनि चर्चा हुने गरेको छ । वि.सं. २०५४ सालमा माइक्रोबायोलोजी केन्द्रीय विभागबाट स्नातकोत्तर पूरा गरेका श्री ज्ञानेन्द्र घिमिरेज्यूको नियुक्तिपश्चात् अध्यापन कार्यमा धेरै सहयोग पुगेको थियो । छ वर्षको अध्यापनपछि घिमिरेको वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा नियुक्ति भई २०५९ सालमा केन्द्रीय प्रविधि क्याम्पसको सेवाबाट राजिनामा दिनुभयो । यस समयको बीचमा श्री पुष्पमान प्रधान (हाल आयुर्वेद क्याम्पस कीर्तिपुर) ले समेत छोटो समय अध्यापन गर्नुभयो भने श्री किरणबाबु तिवारी (हाल अमेरिका)ले वि.सं. २०५९ पौष १ गतेदेखि आंशिक प्राध्यापक तथा २०६१ जेष्ठ १६ देखि करार सेवामा नियुक्ति भई कार्य गर्नुभयो र वि.सं. २०६२ सालमा राजिनामा दिनुभयो । त्रि.वि.ले दुई जना प्राध्यापकको दरबन्दी २०५७ सालबाट उपलब्ध गराएकाले शिक्षक व्यवस्थापनमा धेरै सहज भयो तथा प्रा.पशुपति मिश्र क्याम्पस चिफ रहेका वेलामा थप तीन जना शिक्षकको दरबन्दी थप भएपछि पठनपाठन धेरै सहज हुन गयो । वि.सं. २०६१ फाल्गुण २३ देखि श्री राजेन्द्र सुवेदी (हाल अमेरिका) र श्री केशव राई (हाल BPKIHS) कोर्स करारमा नियुक्त भई

२०६४ श्रावण १ बाट त्रि.वि.को शिक्षण सहायक (करार) नियुक्त हुनुभयो । श्री केशव राईले २०६५ मंसिर ८ मा र श्री राजेन्द्र सुवेदीले २०६७ आषाढमा राजिनामा दिनुभयो । त्यस समयमा शिक्षकको व्यवस्थापन गर्न क्याम्पस प्रशासनलाई सकस परिरहेको अवस्थामा श्री सुमन राई (हाल उपप्रा. अमृत साइन्स क्याम्पस) र श्री हेमन्त खनाल (हाल उपप्रा.के.प्र.क्या, धरान) को २०६४ चैत्र १६ मा करार नियुक्ति गराएपश्चात् पठनपाठन सहज भयो यद्यपि साप्ताहिक १०२ पिरियड दुई जनाले मात्र अध्यापन गराउनुपर्ने भएकोले कार्यभार अधिक नै थियो । शैक्षिक सत्र २०६८/०६९ देखि सम्पूर्ण स्नातक तहका कार्यक्रमहरूलाई त्रि.वि.ले चारबर्से कोर्समा नयाँ कार्यक्रममार्फत् सञ्चालन गर्ने निर्णय गरेको हुँदा शिक्षकको अपुग अवस्थालाई मध्यनजर गर्दै थप आंशिक शिक्षकहरू क्रमशः गणेश खड्का, प्रिन्स सुब्बा, कल्याण राई, प्रणिता श्रेष्ठ, आश्मा चक्रवर्ती नियुक्ति गरियो तर उल्लेखित शिक्षकहरूले केही समय अध्यापनपश्चात् राजिनामा गरे । त्यसपछि नियुक्त हुने शिक्षण सहायक कामना बान्तावा (हाल उपप्रा.म.मो.आ.व.क्या.विराटनगर), धिरेन लिम्बू र अर्जुन घिमिरे २०७५ माघ २० मा नियुक्त भई हालसम्म सेवामा छन् । विगतदेखि अहिलेसम्म केन्द्रीय प्रविधि क्याम्पसमा सबै शिक्षकहरूको अध्यापन र अनुसन्धानको योगदान विशेष महत्त्वको छ र हालसम्म केन्द्रीय प्रविधि क्याम्पसमा माइक्रोबायोलोजी विभागका शिक्षक तथा विद्यार्थीहरूले स्वदेश तथा विदेशबाट प्रकाशित जर्नलहरूमा सयौँ उत्कृष्ट लेखहरू प्रकाशन गरेका छन् ।

क्याम्पसको माइक्रोबायोलोजी प्रयोगशालाको विकास

वि.सं. २०५३ सालमा स्थापनाको समयमा यस विभागअन्तर्गत सामान्य माइक्रोबायोलोजीका मात्र कक्षाहरू सञ्चालन गर्न सकिने अवस्था थियो, जसमा ब्याक्टोरिया, ढुसीहरूको मात्र पहिचान गर्न सकिन्थ्यो किनकि प्रयोगशालामा सामान्य प्रकारका माइक्रोस्कोपहरू, एकवटा इन्क्युवेटर, अटोक्लेभ, हट एयस ओभन तथा अत्यावश्यक साधारण ग्लासवेयर्सहरू मात्र थिए । वि.सं. २०५६ सालमा विकेन्द्रीकरणको मुद्दाले गर्दा प्रयोगशालाको विकास भनेर प्रा. जगत्बहादुर के.सी. का क्याम्पस प्रमुख कालमा लगभग एक करोड रुपियाँबराबरका प्रयोगशाला उपकरणहरू प्रदान गर्ने भनेर दिएका सामानहरू माइक्रोबायोलोजी विभागसम्म आउन सकेनन् । विभिन्न शैक्षिक सत्रहरूमा केही सामानहरू थप गरेर पुग अपुग प्रयोगात्मक कक्षाहरू सामान्य तरिकाले सफलतापूर्वक सम्पन्न गरियो । वि.सं. २०६५ सालमा पच्चीसओटा कोटाबाट पचासओटा कोटामा विद्यार्थी भर्ना गर्ने निर्णय भएपश्चात् स्नातकोत्तर कार्यक्रम सञ्चालन गर्न सकिने गरी विद्यार्थीको चाप देखिएको हुँदा तत्कालीन क्याम्पस प्रमुख प्रा. पशुपति

मिश्रद्वारा तीसओटा कोटामा भर्ना लिने गरी २०६८ सालदेखि एम.एस्सी. माइक्रोबायोलोजी कार्यक्रम सुरुवात गर्ने निर्णय भयो । सुरुवाती चरणको एम.एस्सी. माइक्रोबायोलोजी कार्यक्रम वार्षिक प्रणालीमा सञ्चालन भएको र उक्त कार्यक्रममा विद्यार्थीहरूले मेडिकल र इन्भारोमेन्टल माइक्रोबायोलोजी विषयमा विशेषज्ञता हासिल गर्ने गरी सन्चालान गर्न थालियो । एम.एस्सी कार्यक्रम सुरुवात भएपश्चात् सोका लागि थप प्रयोगशाला स्थापना गर्न आवश्यक भएको हुँदा केही प्रयोगशाला थप गरियो तथा आधुनिक माइक्रोबायोलोजी ल्याब बनाउन कन्भेन्सनल पिसिआर मसिन, इलाइजा रिडर र वासर कुलिङ सेन्ट्रिफ्युज, स्पेक्टो फोटोमिटर, जेल इलेक्ट्रोफोरेसिस तथा जेल डकुमेन्टेसन आदि उपकरणहरू प्रयोगशालामा थप गरियो । वि.सं. २०६९ जेष्ठ ३ गते केन्द्रीय प्रविधि क्याम्पसले त्रि.वि.बाट स्वायत्तता प्रप्त गरेपश्चात् माइक्रोबायोलोजी कार्यक्रम सञ्चालनमा थप सहजता भयो । अन्य कार्यक्रमहरूमा जस्तै माइक्रोबायोलोजी कार्यक्रमका लागि पनि आवश्यक धेरै केमिकल्स, इक्युपमेन्टसहरू थप गरियो । वि.सं २०७६ सालमा विश्वविद्यालय आनुदान आयोगबाट देशै भरका विज्ञान विषय अध्यापन गरिने क्याम्पसहरूलाई प्रयोगशाला सुधार कार्यक्रमअन्तर्गत अनुदान दिने क्रममा केन्दीय प्रविधि क्याम्पसलाई पनि रु १ करोड ५६ लाख प्राप्त भएकोमा सोही बजेटमार्फत खर्च गरी रियल टाइम पिसिआर र अत्याधुनिक माइक्रोस्कोप खरिद गरियो । हाल केन्द्रीय प्रविधि क्याम्पसमा अध्ययन गर्ने माइक्रोबायोलोजी विषयका विद्यार्थीहरूलाई मोल्युकुलर प्रकृतिका अनुसन्धानहरू गराउन सकिन्छ । साथै विद्यावारिधि गर्ने विद्यार्थीहरूका लागि समेत सहज भएको छ ।

माइक्रोबायोलोजी विषय अध्यापनको योगदान

माइक्रोबायोलोजी विषय अध्ययन, अध्यापन र अनुसन्धानको दायरा अत्यन्त बृहत् छ । केन्द्रीय प्रविधि क्याम्पसले यस विषयमा अध्यापन सुरु गरेको २६ वर्ष पार गरिसकेको छ । यस शैक्षिक कार्यक्रमअन्तर्गत सुरुवाती समयमा दक्ष तथा अनुभवी प्रध्यापकहरूको कमी, आधुनिक प्रयोगशालाको अभावका बाबजुद पनि देश विदेशलाई आवश्यक पर्ने जनशक्ति उत्पादन गरी शीर्ष पदहरूमा दक्षता प्रदर्शन गर्न योग्य विद्यार्थीहरू उत्पादन गरिरहेको छ । सुरुका आठ वर्षसम्म एक शैक्षिक वर्षमा जम्मा पच्चीस जना विद्यार्थी भर्ना लिँदा एक्काइस जना निःशुल्क र बाँकी चार जना डोनेसन स्वरूप रु ३५,०००/- (हाल रु ६०,०००)मा भर्ना लिइन्थ्यो । हाल केन्द्रीय प्रविधि क्याम्पसद्वारा उत्पादित माइक्रोबायोलोजीका जनशक्तिहरू देश विदेशमा प्रतिष्ठित पदहरूमा कार्यरत छन् । प्रथम ब्याचमा भर्ना भएका विद्यार्थीहरू मध्ये एडिसनल प्रोफेसर डा.नारायणराज भट्टराई हाल

वी.पी.कोइराला इन्स्टिच्युट अफ हेल्थ साइन्स, धरानमा माइक्रोबायोलोजी विभागको विभागीय प्रमुख हुनुहुन्छ । साथै उक्त ब्याचका डा.दर्शन सापकोटा वाशिङ्टन युनिर्भसिटी अमेरिकाका पोष्ट डक्टरन फेलोका विशिष्ट अनुसन्धानकर्ताका रूपमा कार्यरत हुनहुन्छ । त्यस्तै डा. भूपालप्रसाद भेटवाल अमेरिकाको मेरियन विश्वविद्यालयको उपप्रा.का रूपमा कार्यरत रही पोष्ट डक्टरल फेलोका रूपमा अनुसन्धान गरिरहनुभएको छ । त्यसपछिका अन्य ब्याचका विद्यार्थीहरू पनि वातावरण, खाद्य, विज्ञान प्रविधि तथा सरकारी, गैर सरकारी तथा विदेशी परियोजनाहरूमा सफलतापूर्वक आफ्नो कार्य सम्पादन गरिरहनुभएको छ । त्रिभुवन विश्वविद्यालयको स्थायी प्राध्यापन सेवामा भने उपप्रा.सुमन राई, उपप्रा.हेमन्त खनाल, र उपप्रा. कामना बान्तावा स्थायी नियुक्ति लिई प्राध्यापनरत हुनुहुन्छ । हालसम्म यस क्याम्पसबाट स्नातक र स्तातकोत्तर तहबाट ७५० जति जनशक्ति उत्पादन भएकामा प्रायः सबै जनशक्ति विभिन्न रोजगारमा रही योगदान गरिरहनुभएको पाइन्छ ।

माइक्रोबायोलोजी विषयको भूमिका

सूक्ष्म जीवबिज्ञानका विज्ञ जनशक्तिहरूले खाद्य उद्योगमा चीज, अचार, अल्कोहल, रोटी र अन्य खाद्य उत्पादन गर्न सूक्ष्मजीवहरू प्रयोग गर्छन् । रोग निम्त्याउने सूक्ष्मजीवहरू, खाद्य वस्तुहरूको प्याकेजिङ, खाद्य विषाक्तता (Toxins), खाद्य सम्बन्धी कानून र नियमहरू आदि बारे विस्तृत अध्ययन गरेर गुणस्तर सुधार गर्ने काम गर्छन् साथै फूड बायोटेक्नोलोजी वा सम्बन्धित क्षेत्रमा रोजगारी लिएर पनि आफ्नो दक्षता प्रदर्शन गर्न सक्छन् । बियर तथा पेय पदार्थका उत्पादन उद्योगमा सूक्ष्मजीवविज्ञानीहरू उच्च श्रेणीका जनशक्ति हुन्, जसले प्राविधिक र प्रबन्धकीय सिपहरूका साथ उपकरण र सञ्चालन, निरीक्षण, नियन्त्रण र व्यवस्थापन गर्छन् । यी विशेषज्ञहरू माइक्रोबायोलोजी, बायोकेमिस्ट्री र यस्तै अन्य विषयहरूमा निपुण हुनुपर्छ । त्यसको उदाहरण स्वरूप केन्द्रीय प्रविधि क्याम्पस धरानका २०५६ ब्याचका विद्यार्थी श्री नरायण बस्नेत हाल गोर्खा ब्रुवरी प्रा.लि. मा उच्च पदमा रही काम गरिरहनुभएको छ । वातावरणीय सूक्ष्मजीवहरूलाई बायोरेमेडिएशनमा प्रयोग गर्न, सूक्ष्मजीवविज्ञानीहरू सक्षम छन् । माइक्रोबायोलोजिस्ट र बायोटेक्नोलोजिस्टहरूले सूक्ष्मजीवहरूको रासायनिक, भौतिक, फार्मास्यूटिक्स, कृषि र आनुवंशिक गुणहरूको विस्तृत अध्ययन गर्छन् र मनुष्यको फाइदाको लागि भविष्यमा उपयोगी उत्पादनहरू सिर्जना गर्छन् ।

मेडिकल केमिस्ट्रका रूपमा माइक्रोबायोलोजीको क्षेत्र औषधिको लागि नयाँ ढाँचाहरूको विकासमा मात्र सीमित हुँदैन र नयाँ विधिहरूको सिर्जना पनि समावेश

गर्दछ, जसद्वारा औषधिहरू बनाइन्छ । नयाँ औषधिहरू सिर्जना गर्न जीवित र निर्जीव पदार्थहरू बीचको सम्बन्ध खोज्नु र अध्ययन गर्नु यी विशेषज्ञहरूको प्रमुख कार्य हो । ब्याक्टेरिया र अन्य सूक्ष्म जीवहरू विभिन्न एन्टिबायोटिकहरू उत्पादन गर्न र भिटामिन, हर्मोन, इन्जाइमहरू साथै अन्य लाभदायक र मूल्यवान् पदार्थहरू बनाउन माइक्रोबायोलोजिस्टहरूले सूक्ष्मजीवहरूका जीनहरूलाई परिवर्तन गर्ने काम गर्छन् । यस क्याम्पसका २०५९ ब्याचका विद्यार्थी श्री शम्भु नेपाल हाल Sanofi Aventis भन्ने विश्व-विख्यात कम्पनीको नेपाल मेनेजरका रूपमा कार्यारत हुनुहुन्छ । शिक्षक, विद्यार्थी तथा कर्मचारीहरूले हालसम्म प्रदान गरेको योगदान, लगनशीलता तथा उत्साहलाई अवलोकन गर्दा भविष्यमा अझ धेरै प्रगति गर्ने सम्भावना महसुस गर्न सकिन्छ ।

*

(उपप्रा.हेमन्त खनाल केन्द्रीय प्रविधि क्याम्पस धरानका पूर्व सहायक क्याम्पस प्रमुख हुनुहुन्छ)

समुदायप्रति प्रविधि क्याम्पसको दायित्व

भवानी बराल

क्याम्पस प्रमुख डा. दिलकुमार लिम्बूले मलाई दिएको विषय **'केन्द्रीय प्रविधि क्याम्पसबाट सर्वसाधारणले आश गरेका'** भन्ने थियो । यो वाक्य आफैँमा अमूर्त र अप्ठ्यारो त छँदै थियो । यस्तो शीर्षकमा मैले के लेखुँला भन्ने पनि थियो । यस्तो विषय आएपछि लामो समयसम्म मैले मौनतापूर्वक टार्दै आएको थिएँ । तर लगातार र तारान्तार खबर आएपछि केही न केही त लेख्नै पर्ने भयो । पत्रकारिताका भाकामा यो शीर्षकको कुनै शैली, भावभङ्गिमा मिलेको छैन । पत्रकारितामा शीर्षक र आमुखको ठूलो महत्त्व हुन्छ । फिचर (रूपक) लेखनमा होस् वा समाचार लेखनमा होस्, त्यहाँ शीर्षक र आमुखले सिङ्गो लेख र समाचारलाई बोकेको हुन्छ । अर्थात् यी दुई चिजहरू नै विषयका धमनी हुन । खैर, यी विषयहरू थाँती राख्दै केन्द्रीय प्रविधि क्याम्पसको समुदायप्रतिको दायित्व विषयमा लेख्नुपर्ने भन्ने लागेको छ । हुनत यस्ता विषय क्याम्पस आफैँले कार्यक्रमिक योजनासहित ल्याउनुपर्ने हो । जनसमुदायप्रति उत्तरदायित्वहीन शिक्षा पद्धति नै हुन्न । यसरी क्याम्पसले समुदायले यो गर्दिए हुन्थ्यो, ऊ गर्दिए हुन्थ्यो भन्नु आफैँमा बिडम्बनापूर्ण हरफ हुन जान्छ ।

शिक्षाको विभाजन

शिक्षाको मोटो विभाजन विशेष र साधारण शिक्षाबाट जानिन्छ । विज्ञान र प्रविधि अध्ययन अध्यापन हुने विशेष शिक्षा हो । साधारण शिक्षा भनेको मानविकी तथा सामाजिकी, वाणिज्य, शिक्षाशास्त्र सङ्कायअन्तर्गत राजनैतिक, आर्थिक, सामाजिक, भूगोल, इतिहास, भाषा, उद्योग, वाणिज्य, कानून, संस्कृतिलगायतका विषयहरू पर्छन् । विशेष शिक्षा प्रयोगशालामा प्रमाणित गरेर सार्वजनिक गरिन्छ । साधारण शिक्षाको परीक्षण कतिपय सन्दर्भमा सिधै समुदायमा गरिन्छ । तर दुवै शिक्षाको उत्तिकै महत्त्वपूर्ण हुन्छ । त्रिभुवन विश्वविद्यालयको आङ्गिक क्याम्पसहरूमा विज्ञान सङ्कायतर्फ चिकित्साशास्त्र, इन्जिनियरिङ, विज्ञान तथा प्रविधि, कृषि तथा पशु र वन विज्ञान अध्ययन अध्यापन कार्यक्रम छन् । यहाँ विज्ञान सङ्कायअन्तर्गतको त्रिभुवन विश्वविद्यालयको आङ्गिक कलेज धरान क्याम्पस हात्तीसारको विषयमा लेख्न बसिएको हो, जहाँ विज्ञान प्रविधिको अध्ययन अनुसन्धान हुन्छ ।

गैरसरोकारको विषय

म चल्तीका भाकामा विज्ञान सङ्कायअन्तर्गतका विषयको विद्यार्थी होइन । मानविकी सङ्काय न्तर्गतको विद्यार्थीलाई विज्ञान सङ्कायअन्तर्गतका विषयमा लेख्न लगाउनु वा लेख्न बस्नु आफैँमा अनौठो हुन्छ । तर पत्रकारिताको विद्यार्थी भएकाले पनि यो सङ्कायको अध्ययनका विषयलाई रिपोर्टमा राख्नुपर्छ नै । यति नै कारणले मात्र सम्भवतः यो आलेख तयार हुन्छ । अन्यथा यो मेरो लेखनका लागि गैरसरोकारको विषय हो ।

नयाँ शिक्षा र प्रविधि कलेज

मेरो सम्झना भएअनुसार नयाँ शिक्षा लागू भएपछि (वि.सं. २०२८ पछि) नेपालको शैक्षिक प्रणालीमा फेरबदल आयो । पुरानो शिक्षाअन्तर्गत पनि केही यस्ता व्यवस्थाहरू थिए तर अपुग थियो । बहूद्देश्यीय स्कूलका नाममा यस्ता अनेकन विषयहरूमा प्राथमिक पढाइ हुने गर्दथ्यो । तर विशिष्ट र छुट्टै ढङ्गले पढाउने सम्भवतः व्यवस्था थिएन । त्यसैअनुरूप विज्ञान सङ्कायअन्तर्गत चिकित्सा, इन्जिनियरिङ, वन तथा कृषि र विज्ञान तथा प्रविधि त्रि.वि.का छुट्टै आङ्गिक क्याम्पसका रूपमा पठनपाठन सुरु गरियो । यसै सिलसिलामा सम्भवतः मलाई थाहा भएसम्म धरानमा व्यवहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थान स्थापना भयो, जसलाई आजको हात्तीसार क्याम्पसको नामले चिनिन्छ । सुरुवाती समयमा खाद्य प्रविधि पढाइ हुने यस कलेजमा पोषण विज्ञानसम्मको अध्ययन अध्यापन हुने यो एकमात्र त्रि.वि.को अङ्गिक कलेज हो ।

प्राविधिक शिक्षाको अन्तर्य

प्राविधिक शिक्षा भनेको मानव जीवनलाई आवश्यक पर्ने भौतिक सुविधाहरू परिपूर्ति गर्ने विज्ञानका साथै प्रविधिबाट उत्पादन र उत्पादकत्व वृद्धि गरेर भौतिक सुविधा तथा सामाजिक आवश्यकताहरू परिपूर्ति गर्ने शिक्षा हो ।

प्राविधिक शिक्षा पढ्नका लागि नभई सिक्न र जीवन पढ्नका लागि पढिने शिक्षा हो । यो प्रयोगात्मक शिक्षा हो, जुन आफ्नै हातले केही गर्नुपर्छ । प्राविधिक शिक्षा पढेर होइन, सिकेर पढनु पर्ने हुन्छ । यो तालिम होइन, जो देशका लागि प्राविधिक स्रोत र साधनहरूको अधिकतम उपयोग गर्दै आधारभूत तथा दक्ष जनशक्ति उत्पादन गर्नु यसको मुख्य उद्देश्य हो ।

प्राविधिक शिक्षा पढ्न जान्नेभन्दा आफ्नै हातले काम गरेर सिक्ने शिक्षा भएकाले यसप्रति बुझाइमा स्पष्टता ल्याउन जरुरी छ ।

कुनै प्रविधिसँग सम्बन्धित भएर हासिल गरिने व्यावसायिक ज्ञानलाई प्राविधिक शिक्षा भनिन्छ । सामान्यतया शिक्षाको अर्थ ज्ञान आर्जन गर्नु वा केही सिक्नु भन्ने हो । शिक्षाले नै मानिसलाई कुनै विषयमा पारङ्गत बनाउँछ । यसकारण यन्त्र, उपकरण, मेसिन, उद्योगधन्दा, कलकारखाना लगायतका विभिन्न प्रविधिसँग सम्बन्धित ज्ञानलाई प्राविधिक शिक्षा भनिन्छ । यस्तो शिक्षा वर्तमानको आवश्यकता बनेको छ । पचास लाखको हाराहारीमा वैदेशिक रोजगारीमा संलग्न युवाहरूले पठाएको रेमिट्यान्सले अर्थतन्त्र धान्न विवश हाम्रो देशमा जीवनोपयोगी पौरखी प्राविधिक शिक्षा अपरिहार्य भइसकेको छ ।

हात्तीसारको दायित्व

माथि उल्लेख भएका कुराहरूको आपूर्ति यस कलेजले गर्न सक्नुपर्दछ । मैले राखेको शीर्षक वा कलेजले मलाई दिएको शीर्षक **'केन्द्रीय प्रविधि क्याम्पसबाट सर्वसाधारणले आश गरेका'** को आशय पूरा हुनेछ । सर्वसाधारणले हात्तीसारबाट शिक्षित वा दीक्षित भएपछिको जनशक्तिले जप्वन निर्वाह गरोस् भन्ने हो । प्राविधिक क्याम्पसमा पढ्नेहरू बेरोजगार नहोउन् भन्ने सर्वसाधारणको आशा हुन्छ । जनजीविकाको सुनिश्चितता गर्ने शिक्षा दिनु प्रविधि क्याम्पसको दायित्व हो ।

*

क्याम्पसका शिक्षक, कर्मचारी, जग्गादाता, शैक्षिक सामग्रीदाताको अद्यावधिक नामावली

नवीनकुमार श्रेष्ठ
शाखा अधिकृत

सि.नं.		त्रिभुवन विश्वविद्यालय, केन्द्रीय प्रविधि क्याम्पस धरान २०३० साल देखि हालसम्म यस क्याम्पसमा सेवा गरी विविध कारणले यस क्याम्पसको सेवाबाट अलग भएका *शिक्षक*हरूको सूची				
		नामथर	सेवा निवृत्त हुदाको पद	सेवाबाट अलग भएको मिति	सेवा शुरु गरेको मिति तथा पद	सेवाबाट अलग भएको कारण
१	डीन	स्व.परासर नारायण सुवाल				
२	सहायक डीन	प्रा.डा. सुरेशराज शर्मा				
३	क्याम्पस प्रमुख	पुरण प्रसाद श्रेष्ठ				
४	डीन	डा.अमिर बहादुर श्रेष्ठ				
५	सहायक डीन	देवभक्त शाक्य				
६	का.मु. क्या.प्रमुख	भद्रमान तुलाधर				

७	क्याम्पस प्रमुख	स्व.निर्मल श्रेष्ठ				
८	सहायक डीन (क्याम्पस प्रमुख)	जगत बहादुर के.सी.	प्राध्यापक, खाद्य प्रविधि	२०६४।१०।७	२०३०।३।७	स्वेच्छिक अवकाश
९	सहायक डीन (क्याम्पस प्रमुख)	स्व.बद्रीनाथ श्रेष्ठ	प्राध्यापक, प्राणीशास्त्र	२०६६।७।३	२०३०।०३।७ सहायक प्राध्यापक	अनिवार्य अवकाश
१०	सहायक डीन (क्याम्पस प्रमुख)	भिष्मानन्द बैद्य	प्राध्यापक, खाद्य प्रविधि	२०६९।७।३० रिकाष्टबाट		अनिवार्य अवकाश
११	सहायक डीन (क्याम्पस प्रमुख)	तिलकमान श्रेष्ठ	सहप्राध्यापक, रसायनशास्त्र			अनिवार्य अवकाश
१२	सहायक डीन (क्याम्पस प्रमुख)	जगत बहादुर के.सी.	प्राध्यापक, खाद्य प्रविधि	२०६४।१०।७	२०३०।३।७	स्वेच्छिक अवकाश
१३	सहायक डीन (क्याम्पस प्रमुख)	प्रा.डा.दिलीप सुव्वा	प्राध्यापक, खाद्य प्रविधि	२०७४।१।३१	२०३७।५।३सहायक प्राध्यापक	अनिवार्य अवकाश
१४	सहायक डीन (क्याम्पस प्रमुख)	प्रा.डा. गङ्गाप्रसाद खरेल	प्राध्यापक, खाद्य प्रविधि	२०७८।१२।०३	२०४१।९।३ सहायक प्राध्यापक	अनिवार्य अवकाश
१५	सहायक डीन (क्याम्पस प्रमुख)	प्रा.पशुपति मिश्र	प्राध्यापक, खाद्य प्रविधि			अनिवार्य अवकाश
१६	क्याम्पस प्रमुख	प्रा.डा. धन बहादुर कार्की	प्राध्यापक, खाद्य प्रविधि	२०७६।१०।०२	२०४३।२।१ सहायक प्राध्यापक	स्वेच्छिक अवकाश
१७	क्याम्पस प्रमुख	डा.दिलकुमार लिम्बु	हाल कार्यरत			
१८		अनुपमराज तुलाधार	केमिकल इन्जिनियरिङ			

१९		जगन्नाथ श्रेष्ठ	सहप्रा., नेपाल परिचय			अनिवार्य अवकाश
२०		ललित बहादुर बस्नेत	प्राध्यापक, भौतिकशास्त्र			
२१		स्व.आनन्दप्रकाश प्रधान	सहप्रा. खाद्य प्रविधि			
२२		एन.एल. लाहिरी	प्राध्यापक, खाद्य प्रविधि			
२३						
२४		आर.के. साह	अङ्ग्रेजी			
२५		गोविन्द मान श्रेष्ठ	सहप्राध्यापक, अङ्ग्रेजी			
२६		बद्रीलक्ष्मी वैद्य	उपप्रा.,गणीत			
२७		सुमन कुमार लालदास	सहप्राध्यापक, फुड माईक्रोबायोलोजी	२०७४।९।१७	२०४०।४।१७ सहायक प्राध्यापक	अनिवार्य अवकाश
२८		तीर्थानन्द वैद्य	उपप्रा., गणीत			
२९		तोयनाथ प्रसाई	सहप्राध्यापक, भौतिकशास्त्र			अनिवार्य अवकाश
३०		नारायणप्रसाद राई	सहप्राध्यापक, रसायनशास्त्र			अनिवार्य अवकाश
३१		प्रा.डा. तेजनारायण मण्डल	प्राध्यापक, वनस्पतिशास्त्र			
३२		प्रा.डा.मदन कोइराला	प्राध्यापक,			
३३		नारायण पोखेल	उपप्रा., जुलोजी			
३४		प्रा.डा.रामकृष्ण प्रसाई	प्राध्यापक, माइक्रोबायोलोजी			
३५		सुष्मा बस्नेत	सहा. प्राध्यापक, बोट्नी			
३६		प्रा.डा.सुरेन्द्र बहादुर कट्वाल	प्राध्यापक, खाद्य प्रविधि	२०७२।१०।१६	२०४१।८।२४ सहायक प्राध्यापक	स्वेच्छिक अवकाश

३७		शुभजीत रे	उपप्रा., बायोकेमिकल इन्जिनियरिङ			
३८		डा.खेमनाथ दाहाल	प्राध्यापक, नेपाली	१२ मार्च २०१६	२०४४।८।१ सहायक प्राध्यापक	अनिवार्य अवकाश
३९		डा.भरत सुब्बा	सहप्राध्यापक, जुलोजी			
४०		लक्ष्मण शर्मा शिवाकोटी	सहप्राध्यापक, रसायनशास्त्र			अनिवार्य अवकाश
४१		प्रा.डा.केशव श्रेष्ठ	प्राध्यापक, बोटनी			
४२		डा.आशीष मुखर्जी	सहप्राध्यापक, रसायनशास्त्र			अनिवार्य अवकाश
४३		कालुराम राई(खम्बु)	प्राध्यापक, जुलोजी			
४४		प्रा.गीता भट्टराई	प्राध्यापक, खाद्य प्रविधि			अनिवार्य अवकाश
४५		डा.प्रदीप राज प्रधान	प्राध्यापक, भौतिकशास्त्र			
४६		पुष्पप्रसाद आचार्य	सहप्राध्यापक, खाद्य प्रविधि			
४७		पुष्ममान श्रेष्ठ	सह.प्रा. माइक्रोबायोलोजी			
४८		ऋषिराज गौतम	सहप्राध्यापक, खाद्य प्रविधि			अनिवार्य अवकाश
४९		लोक नाथ सुब्बा	उपप्रा., फिजिक्स			
५०		किशोर ढकाल	सहप्राध्यापक, अङ्ग्रेजी			अनिवार्य अवकाश
५१		माधव पोखैल	नेपाली			
५२		श्याम कुमार मिश्र	सहप्राध्यापक, खाद्य प्रविधि			स्वेच्छिक अवकाश

५३		निरीभा यादव	केमिष्ट्री			
५४		प्रा.डा.रामप्रसाद खतिवडा	प्राध्यापक, तथ्यांकशास्त्र			
५५		खड्गमणी भट्टराई	केमिष्ट्री			
५६		प्रा.डा.ईश्वर कोइराला	प्राध्यापक, भौतिकशास्त्र			
५७		चैतन्य शर्मा	केमिष्ट्री			
५८		दामोदर भण्डारी	सहप्राध्यापक, नेपाली			अनिवार्य अवकाश
५९		अशोक श्रेष्ठ	खाद्य प्रविधि			
६०		जयनारायण श्रेष्ठ	सहप्राध्यापक, प्राणीशास्त्र			सरुवा
६१		केशव श्रेष्ठ	बोट्नी			
६२		स्व.वासुदेव मास्के	उपप्रा., गणीत			अनिवार्य अवकाश
६३		माला राई	सहायक प्राध्यापक, जुलोजी			
६४		मीरा मास्के	सहप्रा., रसायनशास्त्र			अनिवार्य अवकाश
६५		कृष्ण बास्तोला	उपप्रा., केमिष्ट्री			
६६		मीना श्रेष्ठ	सहप्रा., वनस्पतिशास्त्र			अनिवार्य अवकाश
६७		पुलक डे	उपप्रा., खाद्य प्रविधि			
६८		सुनीला राई	सहा. प्रा., जुलोजी			
६९		पुनीत चन्द श्रीवास्तव	उपप्रा., केमिष्ट्री			
७०		निवेदीता मल्लीक	उपप्रा., खाद्यप्रविधि			
७१		सुविमल मित्र	उपप्रा., खाद्य प्रविधि			
७२		वेणु प्रसाद अधिकारी	उपप्रा., खाद्य प्रविधि			

७३		हरेन्द्र कुमार सिन्हा	उपप्रा., गणीत			स्वेच्छिक अवकाश
७४		मो.शमीम आलम	उपप्रा., भौतिकशास्त्र			स्वेच्छिक अवकाश
७५		कमल मादेन	शिक्षणसहा., वनस्पतिशास्त्र			
७६		उत्तम मान श्रेष्ठ	उप प्रशिक्षक, भौतिकशास्त्र	२०५८।४।८	२०४५।११।१ उप प्रशिक्षक	लगातार अनुपस्थित। हटाईएको
७७		ज्ञानेन्द्र घिमिरे	शिक्षण सहायक, माइक्रोबायोलोजी			
७८		बाबुराम ज्ञवाली	शिक्षण सहायक, भूगर्भशास्त्र			
७९		ऋचा भट्टराई	शिक्षण सहायक, न्यूट्रिशन			
८०		राज कुमार कार्की	शिक्षण सहायक, माईक्रोबायोलोजी			
८१		रेवती रमण भट्टराई	शिक्षण सहायक, खाद्य प्रविधि			
८२		सुशील धिताल	उपप्रा., खाद्य प्रविधि			स्वेच्छिक अवकाश
८३		केशव राई	शिक्षण सहायक, माइक्रोबायोलोजी			छाडीगएको
८४		किरणबाबु तिवारी	शिक्षण सहायक, माइक्रोबायोलोजी			छाडीगएको
८४		प्रमेश ढुंगाना	शिक्षण सहायक, खाद्य प्रविधि			

८६		प्रिन्स सुब्बा	शिक्षण सहायक, माईक्रोबायोलोजी			
८७		कल्याण राई	शिक्षण । सहायक, माईक्रोबायोलोजी			
८८		मन कुमार तामांग	शिक्षण सहायक, बायोकेमिष्ट्री			
८९		पूर्णिमा वैद्य	उपप्रा., वायोकेमिष्ट्री			
९०		राजेन्द्र सुवेदी	शिक्षण सहायक, माईक्रोबायोलोजी			छाडि गएको
९१		हेम चन्द्र भण्डारी	उपप्रा., वनस्पतिशास्त्र			राजीनामा
९२		गोपाल अग्रवाल	शिक्षण सहायक, खाद्य प्रविधि			छाडीगएको
९३		देव नारायण साह	शिक्षण सहायक, भौतिकशास्त्र			सरुवा
९४		होमनाथ बराल	उपप्रा., स्टाट			
९५		डा.अच्युत अधिकारी	शिक्षण सहायक, खाद्य प्रविधि			
९६		दीपेन्द्र खनाल	शिक्षण सहायक, खाद्य प्रविधि			
९७		अनुप हलवाई	शिक्षण सहायक, खाद्य प्रविधि			

त्रिभुवन विश्वविद्यालय, केन्द्रीय प्रविधि क्याम्पस धरान
२०३० साल देखि हालसम्म यस क्याम्पसमा सेवा गरी विविध कारणले यस क्याम्पसको सेवाबाट अलग भएका कर्मचारीहरूको सूची

सि. नं.	नामथर	सेवा निवृत्त हुदाको पद	सेवाबाट अलग भएको मिति	सेवा सुरु गरेको मिति तथा पद	सेवाबाट अलग भएको कारण
१	अंगुर श्रेष्ठ	सह प्रशासक			
२.	स्व.शंकर मान श्रेष्ठ	आन्तरिक लेखा परिक्षक			
३	स्व.शंकर लाल श्रेष्ठ	सहायक प्रशासक			
४	स्व.विश्वनाथ अधिकारी	सहप्रशासक		२०३० कात्तीक सुपरिन्टेन्डेन्ट	सरुवा भई पछि अवकाश भएको
५	गोविन्द मान श्रेष्ठ	सहप्रशासक	२०६८।१।१५	२०३०।११।६ सहायक प्रशासक	अनिवार्य अवकाश
६	टंक न्यौपाने	सहायक प्रशासक			
७	पारस श्रेष्ठ	सहप्रशासक			
८	ललित बहादुर शाह	लेखा नियन्त्रक	२०१३ फेब्रुअरी १५ (२०६९।११।४)	२०३५।८।८ सहायक प्रशासक (पद्म कन्या क्याम्पस) २०४२।१२।३१ देखि के प्र क्या	अनिवार्य अवकाश
९	स्व.मोहन गोविन्द श्रेष्ठ	उपप्रशासक	२०६६।१।२०	२०३०।६।२ हेड असिष्टेण्ट	अनिवार्य अवकाश
१०	स्व.विष्णु प्रसाद श्रेष्ठ	स्टोर किपर			सेवावधिमा देहावसान
११	स्व.उमा मास्के	शाखा अधिकृत	२०७७।३।५	२०३३।५।८ टाईपिष्ट ग	अनिवार्य अवकाश

१२	स्व.दिलीप श्रेष्ठ	सहायक प्रशासक । हेड असिष्टेण्ट			
१३	सुरेन्द्र कार्की	पुस्तकालय प्रमुख			
१४	शुसीला शाक्य	भण्डार अधिकृत	२०७५।५।६	२०३६।५।२५ सहायक भण्डारपाल २०५५।८।१६ के प्र क्या	अनिवार्य अवकाश
१५	ललिता राई	टाईपिष्ट			
१६	स्व खगेन्द्र खड्का	स्टोर किपर			
१७	पुष्पराज तुलाधर	सहायक भण्डारपाल			
१८	सीता शर्मा	टा कम क्लर्क			
१९	रामचन्द्र झा	ल्याव अधिकृत	२०७७।४।२६	२०४४।४।१ ल्याव असिष्टेण्ट	अनिवार्य अवकाश
२०	पहलमान श्रेष्ठ	ल्याव असिष्टेण्ट			
२१	गोपाल श्रेष्ठ	लेखा अधिकृत	२०७६।४।१०	२०३७।७।१७ टाईपिष्ट ग	स्वेच्छिक अवकाश
२२	हिरामणि बस्नेत	मूख्य कार्यालय सहायक	२०७९।८।१	२०४४।१।१ टाईपिष्ट ग	स्वेच्छिक अवकाश
२३	कृष्ण कुमार श्रेष्ठ	शाखा अधिकृत	२०७६।३।२०	२०४९।९।७ हेड असिष्टेण्ट	अनिवार्य अवकाश
२४	दुर्गा श्रेष्ठ	ल्याव असिष्टेण्ट			
२५	हरि बहादुर राई	इलेक्ट्रिसियन			

२६	मोहन दाहाल	लेखा अधिकृत	२०७४।११।७	२०४०।१।२८ लेखापाल २०६९।१२।२७ लेखा अधिकृत के प्रक्या	अनिवार्य अवकाश
२७	सरोजा श्रेष्ठ	सहायक लाइब्रेरियन			
२८	मुकुन्द राज पोखेल	सहायक लाइब्रेरियन			
२९	शुशिला श्रेष्ठ	स्टोर किपर			
३०	श्याम सुन्दर प्रधान	मेकानिक			
३१	जमुना त्रिखत्री	टा कम क्लर्क			
३२	वेखारत्न महर्जन	इलेक्ट्रिसियन			
३३	रेणुका राई	टा कम क्लर्क			
३४	लाला के.सी.	ड्रइभर			
३५	पहलमान राई	हेड चौकिदार			
३६	पासांग तामाङ				
३७	पारस तामाङ	ल्याव असिस्टेण्ट			
३८	विर्ख तामाङ	कार्यालय सहयोगी			
३९	पृथ्वी राई	ल्याव असिष्टेण्ट			
४०	देव राज सुब्बा	ल्याव असिष्टेण्ट			
४१	नर कुमार गुरुंग	ल्याव असिष्टेण्ट			

४२	रमेश न्यौपाने	ल्याव व्वाई			
४३	रघुविर कार्की	व्वाईलरम्यान			
४४	मीना श्रेष्ठ	असिष्टेण्ट			
४५	रमण लम्साल	कार्यालय सहयोगी			
४६	माला राई	टाईपिष्ट			
४७	स्व.पासांग शेर्पा	ल्याव व्वाई			
४८	खड्ग श्रेष्ठ	टाईपिष्ट			
४९	भीष्म भट्टराई	सहायक लाईब्रेरीयन			
५०	तारा श्रेष्ठ	ल्याव असिष्टेण्ट			
५१	स्व. माधव अधिकारी	कार्यालय सहयोगी			
५२	चित्ररेखा कार्की	हेड असिष्टेण्ट			
५३	राम प्रसाद.....	कार्यालय सहयोगी			
५४	कल्पना कार्की	हेड असिष्टेण्ट			
५५	सिंहमान तामांग	बुक चेकर	२०७३।११।१५	२०४१।३।५ बुकचेकर	स्वेच्छिक अवकाश
५६	स्व.लक्ष्मी प्रसाद श्रेष्ठ	ल्याव व्वाई	२०७३।९।२	२०३७।१।१९ पियन	सेवाकालमा देहावसान
५७	केदार घिमिरे	सिनियर ल्याव व्वाई	२०७४।९।१०	२०३१।९।१ पियन	अनिवार्य अवकाश

५८	कमल प्रसाद अधिकारी	सिनीयर पियन	२०७५।१।१४	२०३३।५।८ चौकिदार	अनिवार्य अवकाश
५९	रम्भा रेग्मी	सिनियर पियन	२०७७।१२।१४	२०३५।१।१८ पिया	अनिवार्य अवकाश
६०	विन्दु श्रेष्ठ	मूख्य कार्यालय सहायक	२०७७।६।२७	२०५२।५।२७ हेड असिष्टेण्ट	अनिवार्य अवकाश
६१	चेतबहादुर बुढाथोकी	मिस्त्री	२०७८।२।३१	२०४३।३।१३ मिस्त्री	अनिवार्य अवकाश
६२	ईन्द्र बहादुर मगर	सिनियर पियन	२०७९।३।८	२०३४।५।८ पियन	अनिवार्य अवकाश
६३	यज्ञप्रसाद अधिकारी	सिनियर पियन	२०७७।५।६	२०३५।७।२७ पियन	अनिवार्य अवकाश
६४	स्व.इन्द्रबहादुर गिरी	कार्यालय सहयोगी	२०७१।४।११	२०४२।२।१ पियन	अनिवार्य अवकाश
६५	बम बहादुर	पियन			
६६	सुरेश भुजेल	कार्यालय सहयोगी	२०६९।६।९	२०४३।४।१ भान्से	अनिवार्य अवकाश
६७	स्व.केशरब.आले	बगैचे			
६८	सूर्य नारायण श्रेष्ठ	चौकिदार	२०७८।९।१२	२०३३।९।१६ चौकिदार	अनिवार्य अवकाश
६९	स्व.रत्न बहादुर आले	चैकिदार			
७०	दिलबहादुर राई	चौकिदार	२०७४।१।१४	२०३३।३।१ चौकिदार	अनिवार्य अवकाश
७१	दल बहादुर आले मगर	चौकिदार	२०६७।६।४	२०३३।५।८ बगैंचे	अनिवार्य अवकाश
७२	स्व.शहरमान राई	चौकिदार			अनिवार्य अवकाश

७३	टिकाराम राई	बगैचे	२०६७।५।१५	२०४१।८।२९ स्थायी माली	अनिवार्य अवकाश
७४	कमला अधिकारी (चौलाँगाई)	सिनियर बुक चेकर	२०६९।१२।१	२०६२।१०।२ सिनियर बुकचेकर	सरुवा
७५	सृष्टी प्रियदर्शिनी	ल्याव असिष्टेण्ट	२०६८आषाढ	२०६२।१।५ ल्याव असिष्टेण्ट	राजीनामा
७६	स्व.अन्जु मरीक	कुचिकार	२०७१।८।३	२०६५।५।१ मासिक कुचिकार २०७०।५।१ करारकुचिकार	सेवावधिमा देहावसान
७७	स्व.टेक बहादुर कार्की	व्वाईलरम्यान	२०६२।१०।१		अनिवार्य अवकाश
७८	स्व. तिलक बहादुर चौहान	चौकिदार	२०६६।३।१६	२०३८।८।१२ चौकिदार	अनिवार्य अवकाश
७९	स्व.ताराचन्द मेहत्तर	कुचिकार	२०६१।४।२९	२०३९।१।१० कुचिकार	सेवावधिमा देहावसान
८०	स्व.मिसरी मल्लीक	कुचिकार	२०६०।७।९	२०४१।१२।१ कुचिकार	सेवावधिमा देहावसान
८१	स्व.रुद्रबहादुर भण्डारी	चौकिदार	२०६१।११।२८		राजीनामा
८२	सरु घले	ल्याव व्वाई			
८३	स्व.लोकबहादुर पाण्डे				
८४	टेक बहादुर कार्की	हेड असिष्टेण्ट			
८५	भीम राई	स्टोर किपर			
८६	स्व.टंक नाथ पौडेल	हेड असिष्टेण्ट			

८७	स्व.भीम बहादुर खड्का	पियन				
८८	जीवन विश्वकर्मा	ल्याब असिस्टेण्ट				
८९	सरस्वती श्रेष्ठ	टाईपिष्ट				
९०	मैया श्रेष्ठ	टाईपिष्ट				
९१	कृष्ण कुमारी तुम्बाहाम्फे	टाईपिष्ट				
९२	उत्तरा श्रेष्ठ	टाईपिष्ट				
९३	रेखा श्रेष्ठ	टाईपिष्ट				
९४	सीता श्रेष्ठ	टाईपिष्ट				
९५	सुनिता श्रेष्ठ	टाईपिष्ट				
९६	बिन्तिका प्रधानांग	टाईपिष्ट				
९७	विष्णु खड्गी	टाईपिष्ट				
९८	रोहिणी राजभण्डारी	टाईपिष्ट				
९९	स्व.पदम कट्वाल	माली				
१००	रिता वाला वजाज	लेखा अधिकृत				
१०१	राजेन्द्र बराल	लेखापाल				
१०२	पदम कुमार श्रेष्ठ	लेखा अधिकृत				

केन्द्रीय प्रविधि क्याम्पस, धरानमा हाल कार्यरत शिक्षकहरूको नामावली

क्र.सं.	पद	नाम थर	नियुक्ति मिति		स्थायी/ अस्थायी/ करार/ आंशिक	विषय	रिक्त दरबन्दी	कैफियत
			शुरुको	हालको पदको				
१.	प्राध्यापक	बसन्त कुमार राई	२०५३।३।१६ करार सहायक प्राध्यापक २०५८।४।२४ स्थायी उपप्रा.	२०७६।१।११	स्थायी	खाद्य प्रविधि	स्वीकृत दरबन्दी	
२.	सहप्राध्यापक	श्रीपति चक्रपाणी	२०४४।७।१८ करार उपप्रा.	२०६४।७।१८	भारतीय करार	भौतिकशास्त्र	स्वीकृत दरबन्दी	
३.	सहप्राध्यापक	डा. गणेश बहादुर थापा	२०५३।३।१६ करार सहायकप्राध्यापक २०५८।४।२३ स्थायी उपप्रा.	२०७०।३।२१	स्थायी	प्राणीशास्त्र	स्वीकृत दरबन्दी	हाल प्राकृतिक विज्ञान सङ्ग्रहालय काज
४.	सहप्राध्यापक	दिपक सापकोटा	२०५२।५।१५ करार सहायक प्राध्यापक २०५८।५।१ स्थायी उपप्रा.	२०७२।१२।१	स्थायी	रसायनशास्त्र	स्वीकृत दरबन्दी	

५.	सहप्राध्यापक	सुनिल कुमार भगत	२०४८।८।२३ करार सहायक प्राध्यापक	२०५९।४।१ करार उपप्रा. २०७५।०५।०९ सहप्राध्यापक करार	भारतीय करार	भौतिकशास्त्र	स्वीकृत दरबन्दी	
६.	सहप्राध्यापक	डा.दिल कुमार लिम्बु	२०५४।९।१ करार शिक्षण सहायक २०६०।८।१८ स्थायी उपप्रा.	२०७६।०३।३१	स्थायी	वनस्पतिशास्त्र	स्वीकृत दरबन्दी	
७.	सहप्राध्यापक	बबिता अधिकारी	२०६१।५।३० स्थायी उपप्रा.	२०७६।०३।०४	स्थायी	खाद्य प्रविधि	स्वीकृत दरबन्दी	
८.	उपप्रा.	प्रभात कुमार श्रेष्ठ	२०५३।३।१६ करार सहायकप्राध्यापक २०५८।३।३ स्थायी उपप्रा.	-----	स्थायी	अङ्ग्रेजी	स्वीकृत दरबन्दी	हाल अध्ययन विदा
९.	उपप्रा.	शिव नन्दन साह	२०६८।८।६ स्थायी उपप्रा.	२०६८।८।६	स्थायी	माईक्रोबायोलोजी	स्वीकृत दरबन्दी	
१०.	उपप्रा.	ललिता श्रेष्ठ	२०६४।४।१ करार शि.स. २०६८।९।२५ स्थायी उपप्रा.	२०६८।९।२५	स्थायी	रसायनशास्त्र	स्वीकृत दरबन्दी	
११.	उपप्रा.	पेशल पोखरेल	२०६४।४।१ करार शिक्षण सहायक	२०७३।११।२६	स्थायी	भौतिकशास्त्र	स्वीकृत दरबन्दी	हाल अध्ययन विदा
१२.	उपप्रा.	चन्देश्वर प्र.साह	२०६४।४।१ करार शिक्षण सहायक	२०७३।११।२६	स्थायी	भौतिकशास्त्र	स्वीकृत दरबन्दी	हाल अमृत क्याम्पस काज

१३.	उपप्रा.	इन्द्रमति पौडेल	२०६४।४।१ शिक्षण सहायक	करार	२०७३।१२।१३	स्थायी	रसायनशास्त्र	स्वीकृत दरबन्दी	हाल वीरेन्द्र बहुमुखी क्याम्पस काज
१४.	उपप्रा.	नेत्र प्रसाद सुवेदी	२०६५।१।१५ करार शिक्षण सहायक		२०७३।१२।१३	स्थायी	रसायनशास्त्र	स्वीकृत दरबन्दी	हाल अध्ययन विदा
१५.	उपप्रा.	मनोज खनाल	२०६५।१।१५ करार शिक्षण सहायक		२०७३।१२।१३	स्थायी	रसायनशास्त्र	स्वीकृत दरबन्दी	
१६.	उपप्रा.	गणेश तामांग	२०६५।१।१५ करार शिक्षण सहायक		२०७४।१।१३	स्थायी	प्राणीशास्त्र	स्वीकृत दरबन्दी	हाल अध्ययन विदा
१७.	उपप्रा.	बन्टी मास्के	२०६५।१।१५ करार शिक्षण सहायक		२०७४।१।१३	स्थायी	खाद्य प्रविधि	स्वीकृत दरबन्दी	हाल अध्ययन विदा
१८.	उपप्रा.	नविन गौतम	२०६८।७।१३ करार शि.स.		२०७४।१।१३	स्थायी	खाद्य प्रविधि	स्वीकृत दरबन्दी	
१९.	उपप्रा.	देव राज आचार्य	२०६८।७।१३ करार शि.स.		२०७४।१।१३	स्थायी	मिट टेक्नोलोजी	स्वीकृत दरबन्दी	हाल अध्ययन विदा
२०.	उपप्रा.	सन्जु पराजुली	२०६४।४।१ करार शिक्षण सहायक		२०७४।३।२	स्थायी	वनस्पतिशास्त्र	स्वीकृत दरबन्दी	
२१.	उपप्रा.	सुमन राई	२०६६।१२।१६ करार शिक्षण सहायक		२०७४।०३।०२	स्थायी	माईक्रोवायोलोजी	स्वीकृत दरबन्दी	हाल अमृत साईन्स क्याम्पस काज

२२.	उपप्रा.	हेमन्त खनाल	२०६६।१२।१६ करार शिक्षण सहायक	२०७४।०३।०२	स्थायी	माईक्रोबायोलोजी	स्वीकृत दरबन्दी	हाल अध्ययन विदा
२३.	उपप्रा.	अर्जुन घिमिरे	२०७१।१।४	२०७४।०३।२३	स्थायी	मिट टेक्नोलोजी	स्वीकृत दरबन्दी	हाल अध्ययन विदा
२४.	उपप्रा.	डम्बर बहादुर खड्का	२०७१।२।२९	२०७४।३।२३	स्थायी	डेरी टेक्नोलोजी	स्वीकृत दरबन्दी	हाल अध्ययन विदा
२५.	उपप्रा.	यादव के.सी.	२०७१।५।५	२०७४।०३।२३	स्थायी	खाद्य प्रविधि	स्वीकृत दरबन्दी	हाल अध्ययन विदा
२६.	उपप्रा.	राम सोभीत यादव	२०७४।३।२६ उपप्रा.	२०७४।३।२६	स्थायी	डेरी टेक्नोलोजी	स्वीकृत दरबन्दी	
२७.	उपप्रा.	महालक्ष्मी प्रधानांग	२०७४।३।२६ उपप्रा.	२०७४।३।२६	स्थायी	खाद्य प्रविधि	स्वीकृत दरबन्दी	
२८.	उपप्रा.	सावित्री श्रेष्ठ	२०६९।१।१६ करार	२०७४।४।१५	स्थायी	वनस्पतिशास्त्र	स्वीकृत दरबन्दी	
२९.	उपप्रा.	रोमा घिमिरे	२०७१।१।१३ आंशिक २०७३।९।१करार	२०७४।५।११	स्थायी	तथ्यांकशास्त्र	स्वीकृत दरबन्दी	
३०.	उपप्रा.	बलभद्र भण्डारी	२०६६।१२।१६ करार शिक्षण सहायक	२०७४।९।३०	स्थायी	गणीत	स्वीकृत दरबन्दी	
३१.	उपप्रा.	कविन्द्र भट्टराई	२०७१।१।४करार शिक्षण सहायक	२०७८।०१।०२	स्थायी	खाद्य प्रविधि	स्वीकृत दरबन्दी	
३२.	उपप्रा.	देवेन्द्र राई	२०७२।१०।२९ आंशिक शि.स २०७५।१०।०२ करार	२०७८।०१।०२	स्थायी	रसायनशास्त्र	स्वीकृत दरबन्दी	

३३.	उपप्रा.	विजय लक्ष्मी महर्जन	उपप्रा. २०७८।०१।०२	२०७८।०१।०२	स्थायी	माइक्रोबायोलोजी	स्वीकृत दरबन्दी	हाल अमृत क्याम्पस काज
३४.	उपप्रा.	ओम प्रकाश पन्त	उपप्रा. २०७८।०१।०२	२०७८।०१।०२	स्थायी	माइक्रोबायोलोजी	स्वीकृत दरबन्दी	म.मा.आ.ब.क्य ा.बिराटनगरबा ट काज
३५.	उपप्रा.	कामना बान्तवा	उपप्रा. २०७८।०१।०२	२०७८।०१।०२	स्थायी	माइक्रोबायोलोजी	स्वीकृत दरबन्दी	हाल अमृत क्याम्पस काज
३६.	शिक्षण सहायक	सुमन अधिकारी	२०६५।१।१५ करार शिक्षण सहायक	२०६५।१।१५	करार	गणित	अस्थायी स्वीकृत दरबन्दी	
३७.	शिक्षण सहायक	दिल बहादुर लिम्बु	२०६५।१।१५ करार शिक्षण सहायक	२०६५।१।१५	करार	रसायनशास्त्र	अस्थायी स्वीकृत दरबन्दी	
३८.	शिक्षण सहायक	पल्लवी व्यास जैसानी	२०६९।११।१६ करार शि.स.	२०६९।११।१६	करार	न्यूट्रिशन	अस्थायी स्वीकृत दरबन्दी	
३९.	शिक्षण सहायक	प्रेम सागर दाहाल	२०७१।१२७ आंशिक	२०७३।९।१	करार	भौतिकशास्त्र	स्वीकृत दरबन्दी	
४०.	शिक्षण सहायक	सुस्मिता पौडेल	२०७१।१२७ आंशिक	२०७३।९।१	करार	भौतिकशास्त्र	स्वीकृत दरबन्दी	
४१.	शिक्षण सहायक	द्रोण अधिकारी	२०७४।१०।१०	२०७५।१०।२	करार	जियोलोजी	अस्थायी स्वीकृत दरबन्दी	
४२.	शिक्षण सहायक	मनिषा के.सी.	२०७३।१०।२	२०७५।१०।२	करार	जुलोजी	अस्थायी स्वीकृत दरबन्दी	

४३.	शिक्षण सहायक	सुरज गीरी	२०७६।४।२९	करार	जियोलोजी	अस्थायी स्वीकृत दरबन्दी		
४४.	शिक्षण सहायक	देवेन्द्र भट्टराई	२०७७।०८।१६ करार शि.स.	करार	पब्लिक हेल्थ न्यूट्रिशन	अस्थायी स्वीकृत दरबन्दी		
४५.	शिक्षण सहायक	सुमन पोखेल	२०७७।०८।१६ करार शि.स.	करार	ह्युमन फिजीयोलोजी	अस्थायी स्वीकृत दरबन्दी		
४६.	शिक्षण सहायक	आशिक कुमार झा	२०७६।०८।०४ आंशिक शि.स.	करार	ह्युमन न्युट्रिशन	अस्थायी स्वीकृत दरबन्दी		
४७.	शिक्षण सहायक	विक्रम राई	२०७९।५।१	आन्तरिक करार	गणीत	अस्थायी स्वीकृत दरबन्दी		
४८.	शिक्षण सहायक	अमृत माया लावती	२०७९।५।१	आन्तरिक करार	बोटनी	अस्थायी स्वीकृत दरबन्दी		
४९.	शिक्षण सहायक	विकास सोनी	२०७९।५।१	आन्तरिक करार	कम्प्युटर एप्लिकेशन्स	अस्थायी स्वीकृत दरबन्दी		
५०.	शिक्षण सहायक	सूर्य प्रसाद रिजाल	२०७९।५।१	आन्तरिक करार	भौतिकशास्त्र	अस्थायी स्वीकृत दरबन्दी		
५१.	शिक्षण सहायक	धिरेन सुब्बा लिम्बु	२०७९।५।१	आन्तरिक करार	माईक्रो बायोलोजी	अस्थायी स्वीकृत दरबन्दी		

५२.	शिक्षण सहायक	अनिश आचार्य	२०७९।५।१		आन्तरिक करार	बायोकेमिस्ट्री	अस्थायी स्वीकृत दरबन्दी	
५३.	शिक्षण सहायक	हेम श्रेष्ठ	२०७९।५।१		आन्तरिक करार	भौतिकशास्त्र	अस्थायी स्वीकृत दरबन्दी	
५४.	शिक्षण सहायक	सागर गौतम	२०७९।५।१		आन्तरिक करार	तथ्यांकशास्त्र	अस्थायी स्वीकृत दरबन्दी	
५५.	शिक्षण सहायक	अर्जुन घिमिरे	२०७९।५।१		आन्तरिक करार	माईक्रो बायोलोजी	अस्थायी स्वीकृत दरबन्दी	
५६.	शिक्षण सहायक	कुन्जल श्रेष्ठ	२०७९।५।१		आन्तरिक करार	खाद्य प्रविधि	अस्थायी स्वीकृत दरबन्दी	
५७.	शिक्षण सहायक	सबिन बहादुर खत्री	२०७९।५।१		आन्तरिक करार	खाद्य प्रविधि	अस्थायी स्वीकृत दरबन्दी	
५८.	शिक्षण सहायक	नर बहादुर तामांग	२०७९।५।१		आन्तरिक करार	गणीत	अस्थायी स्वीकृत दरबन्दी	
५९.	शिक्षण सहायक	ललित कुमार राई	२०७९।५।१		आन्तरिक करार	भूगर्भशास्त्र	अस्थायी स्वीकृत दरबन्दी	
६०.	शिक्षण सहायक	महेश कुमार साह	२०७९।५।१		आन्तरिक करार	इन्फर्मेशन्स टेक्नोलोजी	अस्थायी स्वीकृत दरबन्दी	

केन्द्रीय प्रविधि क्याम्पस, धरानमा हाल कार्यरत कर्मचारीहरूको नामावली

क्र.सं.	पद	जन्म मिति	कार्यस्थल/ प्रकृति	नाम थर	नियुक्ति मिति		स्थायी/ अस्थायी/ करार/	सम्पर्क नं.
					शुरुको	हालको पदको		
१.	आर्थिक उप नियन्त्रक	२०२२।१।२	आर्थिक प्रशासन	सुरेश सुवेदी	२०५०।०१।२ अस्थायी हेड असिष्टेण्ट २०५४।०६।१४ स्थायी	२०७७।०४।१५	स्थायी	९८४२०८१२१४
२.	शाखा अधिकृत	२०१८।८।१५	कर्मचारी प्रशासन	नविन कुमार श्रेष्ठ	२०४०।१।१४ अस्थायी हेड असिष्टेण्ट २०४०।६।१७ स्थायी	२०६५।७।११	स्थायी	९८४२०२०२४३
३.	पुस्तकालय अधिकृत	२०३०।३।१०	पुस्तकालय	ओम नाथ खतिवडा	२०६९।१२।२६ करार सहायक लाईब्रेरीयन	२०७३।०५।२९	स्थायी	९८४१०५५९५७
४.	मूख्य प्राविधिक सहायक	२०५०।१।१०	फुड ल्याव/ एम.एस्सी.म ाईक्रो ल्याव	प्रज्वल भण्डारी	२०७०।१।४ करार ल्याव असिष्टेण्ट, स्थायी २०७३।५।१२	२०७३।५।१२	स्थायी	९८४२४६१२५९
५.	मूख्य	२०५१।०६।०३	परीक्षा	साकार पोखेल	२०७२।३।३ करार	--	करार	९८४२२६०८५५

	कार्यालय सहायक		शाखा					
६.	मुख्य कार्यालय सहायक	२०४०।४।१५	सामान्य प्रशासन	महेश कोईराला	२०६५।६।१३ स्थायी ल्याब ज्वाय, २०७३।३।१७ मुकास स्थायी	२०७३।०३।१७	स्थायी	९८४२४५२३९६
७.	मुख्य कार्यालय सहायक	२०१७।६।१८	पुस्तकालय शाखा	सरस्वती बस्नेत	२०५३।९।१ करार टाइपिष्ट ग २०६१।९।१५ स्थायी, मुकास स्थायी २०७४।९।२३	२०७४।०९।२३	स्थायी	९८४२२६०४६८
८.	मुख्य कार्यालय सहायक	२०३५।३।२०	स्टोर	सुनिल श्रेष्ठ	२०५३।५।२६ द्वै.ज्या. २०५४।४।१ करार टाईपिष्ट ग २०६५।६।१३ स्थायी	२०७३।०४।१३	स्थायी	९८४२०२५२७३
९.	मुख्य प्राविधिक सहायक	२०५२।४।१६	न्यूट्रिशन ल्याब	स्यारन भण्डारी	२०७५।१।११	--	करार	९८१४३६२१६०
१०.	मुख्य प्राविधिक सहायक	२०५१।३।५	माईक्रो ल्याब	सन्तोषी घिमिरे	२०७५।१२।४	--	करार	९८०५३६६७८२

११.	कम्प्युटर अप्रेटर (प्राविधिक)	२०४३।१।४	परीक्षा/ नेटवर्किंग	अजय कुरूप	२०७६।५।१२	--	करार	९८६२२८४२५४
१२.	मूख्य लेखा सहायक	२०१९।९।१०	लेखा शाखा	अनीता श्रेष्ठ	२०६४।६।१८ करार सहायक लेखापाल २०६५।१।३ स्थायी	२०७७।०५।२३	स्थायी	९८६२१६१९७१
१३.	मूख्य लेखा सहायक	२०४४।०९।१२	लेखा शाखा	प्रवीण नारायण श्रेष्ठ	२०७७।०८।१६	२०७७।०८।१६	करार	९८२९३०३८९०
१४.	मूख्य कार्यालय सहायक (भण्डारपाल)	२०४८।१०।०६	परीक्षा शाखा	विशाल निरौला	२०७७।०८।१६	२०७७।०८।१६	स्थायी	९८०५३९०८०६
१५.	कार्यालय सहायक (असिष्टेण्ट)	२०४१।११।१८	स्टोर शाखा	विन्दा तुम्बाहाम्फे	२०७०।५।१ करार सहायक भण्डारपाल	२०७३।४।१८	स्थायी	९८४२१०८६३८
१६.	ल्याव व्वाई	२०२४।७।३०	फिजीक्स ल्याव	मणी कुमार तामांग	२०४८।८।२२ अस्थायील्याव व्वाई २०५४।६।१५ स्थायी	२०५४।६।१५	स्थायी	९८४२३५३१९७
१७.	ल्याव व्वाई	२०२५।८।२८	केमिष्ट्री ल्याव	गङ्गाप्र.शिवाकोटी	२०४८।८।१९ अस्थायी ल्याव व्वाई २०५६।७।२५ स्थायी	२०५६।७।२५	स्थायी	९८४२०६४०३२
१८.	ल्याव व्वाई	२०१८।११।४	बाईलोजी ल्याव	कृष्ण बहादुर श्रेष्ठ	२०४८।८।२० अस्थायी ल्याव	२०५८।५।२१	स्थायी	९८४२०६३३४८

					व्याय२०५८।५।२१ स्थायी			
१९.	ल्याव व्वाई	२०५२।१६।२६	न्यूट्रिशन ल्याव	सचिन बस्नेत	२०७४।१०।२	--	करार	९८११३७२०४२
२०.	ल्याव व्वाई	२०५८।०४।२३	खाद्य प्रविधि ल्याव	सुमन पुलामी	२०७५।११।०१	२०७५।११।०१	करार	९८४२४३१४६१
२१.	ल्याव व्वाई	२०५६।११।०५	खाद्य प्रविधि ल्याव	दिक्षा राई	२०७५।११।०१	२०७५।११।०१	करार	९८४१०६२५६५
२२.	ल्याव व्वाई	२०३५।१२।५	माईक्रो ल्याव	रमेश गिरी	२०७५।११।०१	२०७५।११।०१	करार	९८४२१६५३८४
२३.	ल्याव व्वाई	२०४२।५।२७	खाद्य प्रविधि ल्याव	महेश श्रेष्ठ	२०७५।११।०१	२०७५।११।०१	करार	९८१९०८८४७ ७
२४.	ईलेक्ट्रीसीयन	२०२२।११।५	बिजुली सम्बन्धी	देवेन्द्र खत्री	२०४९।१०।१ अस्थायी ईले.०५८।५।२१ स्थायी	०५८।५।२१	स्थायी	९७४२०२९६४८
२५.	ल्याव व्वाई	२०३३।१२।१८	खाद्य गुणस्तर ल्याव	सोम डंगोल	२०६१।९।१५ स्थायी ल्याव व्वाय	२०६१।९।१५	स्थायी	९८४२१६६७६९
२६.	कार्यालय सहयोगी	२०२३।२।२९	माईक्रो ल्याव	ऐन बहादुर कार्की	२०४४।१।१ अस्थायी भान्से २०४७५।३१ स्थायी	२०४७५।३१	स्थायी	९८४२१६६६३१
२७.	कार्यालय सहयोगी	२०२७।१०।१२	फिजीक्स ल्याव	लक्ष्मण चौधरी	२०५४।४।१९ अस्थायी पियन २०५४।६।१५	२०५४।६।१५	स्थायी	९८०४०६८६३७

२८.	कार्यालय सहयोगी	२०२३।४।६	मुख्य प्रशासनिक भवन/ परीक्षा	कोष बहादुर कार्की	२०५३।९।१ अस्थायी पियन २०५ ४।६।१५ स्थायी	२०५४।६।१५	स्थायी	९८४२३५३८२६
२९.	कार्यालय सहयोगी	२०२० साल	पाईलट प्लान्ट / मिट प्लान्ट	यम्बर बहादुर कार्की	२०६४।६।१८ करार पियन २०६५।६।१२ स्थायी	२०६५।६।१२	स्थायी	९८१९०१६१८४
३०.	कार्यालय सहयोगी	२०२८।४।८	खाद्य गुणस्तर ल्याब	मीरा मग्रान्ती	२०६१।९।१५ पियन स्थायी	२०६१।९।१५	स्थायी	९८०४०१५३९४
३१.	कार्यालय सहयोगी	२०२२।१।११	मुख्य प्रशासनिक भवन	सीता खड्का	२०६४।६।१८ करार पियन २०६५।६।१२ स्थायी	२०६५।६।१२	स्थायी	९८४२२५९५९२
३२.	कार्यालय सहयोगी	२०३८।४।१५	खा प्र के विभाग	इन्द्र राई	२०६५।६।१२ पियन स्थायी	२०६५।६।१२	स्थायी	९८१९०९४७७१
३३.	कार्यालय सहयोगी (चौकिदार)	२०२०।४।२०	खानेपानी तथा प्लम्बीग	शहरमान राई	२०४२।१२।१९ अस्थायी चौकिदार ०४७५।३१ स्थायी	०४७५।३१	स्थायी	९८६२०३८४८८
३४.	कार्यालय सहयोगी	२०२१।९।१५	सवारी चालक	किशोर कुमार राई	२०७१।१।३०	२०७३।२।१	करार	९८४२०३९५४७
३५.	कार्यालय सहयोगी	२०४४।१।७	सरसफाई / सवारी	गङ्गाराम मरीक	२०७१।८।१८	२०७६।३।१	करार	९८१२३६२८८२

			हा“ेने					
३६.	कार्यालय सहयोगी (बगैंचे)	२०१८।६।९	रुखविरुवा	सूर्य बहादुर लिÉदम	२०७२।५।९	२०७६।४।१	करार	९८४९१३८८३४
३७.	कार्यालय सहयोगी	२०५२।८।१	फुड ल्याब	सुरज राई	२०७६।३।१	--	मा.ज्या.	९८०७०५२५६९
३८.	कार्यालय सहयोगी	२०७९।१।१	दर्ता चलानी तथा लोजीस्टिक सपोर्ट	एलिसा श्रेष्ठ	२०७९।१।१		सेवा करार	
३९.	कार्यालय सहयोगी		पुस्तकालय	रिता कार्की	२०७९।१।१		सेवा करार	
४०.	कार्यालय सहयोगी		जियोलोजी विभाग	मन्जु कार्की	२०७९।१।१		सेवा करार	
४१.	कार्यालय सहयोगी		न्युट्रिशन विभाग	पार्वती श्रेष्ठ	२०७९।१।१		सेवा करार	
४२.	कार्यालय सहयोगी		रसायनशास्त्र विभाग	निशान भुजेल	२०७९।१।१		सेवा करार	
४३.	कार्यालय सहयोगी		खानेपानी व्यवस्थापन	हेमन्त राई	२०७९।१।१		सेवा करार	
४४.	कार्यालय सहयोगी		बगैचा तथा सहयोगी	मदन कार्की	२०७९।१।१		सेवा करार	
४५.	कार्यालय सहयोगी		महिला छात्रावास	रिता मरिक	२०७९।१।१		सेवा करार	

केन्द्रीय प्रविधि क्याम्पस, धरानलाई जग्गा दान गर्ने जग्गादाताहरूको नामावली

जग्गादाता तथा सहयोगी	
१	अम्विका प्रसाद श्रेष्ठ
२	पदम नर सिंह श्रेष्ठ
३	विर्ख बहादुर श्रेष्ठ

केन्द्रीय प्रविधि क्याम्पस, धरानलाई विभिन्न शैक्षिक सामाग्री प्रदान गर्ने दाताहरूको नामावली

शैक्षिक सामाग्री सहयोग दाता	
१	पूर्वाअञ्चल शिक्षा निर्देशनालय, धनकुटा
२	धरान उपमहानगरपालिका, धरान
३	बलियो नेपाल, काठमाडौं

केन्द्रीय प्रविधि क्याम्पस धरानमा फलैचा निर्माण गर्ने फलैचादाताहरूको नामावली

फलैचा दाताहरू	
१	गेविन्दमान श्रेष्ठ
२	प्रा.डा. धन बहादुर कार्की
३	डा.गणेश बहादुर थापा
४	डा.दिल कुमार लिम्वु
५	उप.प्रा. प्रभात कुमार श्रेष्ठ
६	प्रा.गीता भट्टराई
७	स्व. उमा श्रेष्ठ
८	स्व. लक्ष्मी प्रसाद श्रेष्ठ
९	श.अ.सन्तोष कोइराला
१०	श्री विजयपुर ग्रिल, धरान १४
११	श्री नर कुमार गुरुङ
१२	श्री गोपाल श्रेष्ठ

केन्द्रीय प्रविधि क्याम्पस धरानको स्वर्णमहोत्सव स्मारक (क्लक टावर) निर्माण गर्ने दाताहरूको नामावली

स्वर्ण महोत्सव स्मारक **(Clock Tower)** निर्माण दाता	
१	डा.दिल कुमार लिम्बु
२	श्री ललित जंग लिम्बु
३	श्री शान्ती लिम्बु

केन्द्रीय प्रविधि क्याम्पसका खाद्य, पोषण, विज्ञान-प्रविधिसम्बन्धी अधिगोष्ठी तथा प्रदर्शनीहरू

ओमनाथ खतिवडा

कुनै पनि विषय वा क्षेत्रको ज्ञान, सिप र प्रविधि राष्ट्रिय स्तरमा रहेका सरोकारवाला व्यक्ति तथा संस्था सञ्चालक प्रतिनिधिहरूले सभा, भेला तथा सम्मेलनको आयोजना गरी सम्बन्धित विषयमा विशेषशज्ञहरूले हासिल गरेका उपलब्धिहरूलाई सभा, भेला तथा सम्मेलनका माध्यमबाट कार्यपत्रको रूपमा प्रस्तुत भएका महत्त्वपूर्ण सूचनाहरूलाई सङ्गठित गरी दस्ताबेजका रूपमा विवरणिका (Proceedings) तयार पार्नुलाई अधिगोष्ठी भनिन्छ । त्यसै गरी सम्बन्धित क्षेत्रका प्रचलित तथा नयाँ उत्पादित वस्तु र सेवाहरूलाई सरोकारवाला समाजका माझमा प्रस्तुत गर्नु वा देखाउनुलाई प्रदर्शनी भन्ने गरिन्छ ।

यसै सन्दर्भमा नेपालको खाद्य प्रविधि, पोषण तथा विज्ञान र प्रविधिका क्षेत्रमा भएका उपलब्धिहरूलाई उजागर गरी सरोकारवाला उद्योग, प्रविधि तथा प्राविधिक उत्पादक संस्था तथा उपभोक्ताका माझमा छलफल, विचार विमर्श र उत्पादित वस्तुहरूको प्रर्दशन गरी सरोकारवाला उद्योग सङ्घ संस्था बीच सामन्जस्यको भूमिका निर्वाह गरी प्रविधि तथा जनशक्तिको उचित व्यवस्थापन गर्न केन्द्रीय प्रविधि क्याम्पसले वि.सं. २०४१ वैशाख ११ देखि १४ वा ई.सं १९८४ अप्रिल २३ देखि २६ सम्म तत्कालीन राजा श्री ५ बडामहाराजधिराज वीरेन्द्र वीरविक्रम शाहदेव सरकारको ४० औँ वर्षको जन्मोत्सवका उपलक्ष्यमा (Food industry and food technology) खाद्य उद्योग र खाद्य प्रविधि प्रथम अधिगोष्ठीको आयोजना धरान क्याम्पसको नामबाट भएको थियो । उक्त कार्यक्रमको आयोजक समिति यस प्रकार रहेको थियो :

१.	संयोजक -	श्री जगत बहादुर के.सी.
२.	सहजकर्ता - वासस्थान व्यवस्थापन	श्री बी.एन. श्रेष्ठ
३.	सहजकर्ता - सरसजाव	डा. बी.एम. तुलाधर .
४.	सहजकर्ता - खाद्यान्न व्यवस्थापन	श्री सलिल बासू
५.	सहजकर्ता- सूचना र सञ्चार	श्री जगत बहादुर के.सी.
६.	सहजकर्ता -सूचना र सञ्चार	श्री एम.पी. पोखेल
७.	सहजकर्ता - डाटा डिस्प्ले	श्री टी.एन. प्रसाईं
८.	सहजकर्ता - प्रयोगशाला प्रदर्शन	श्री टी.एम. श्रेष्ठ
९.	सहजकर्ता - रिसेप्सन	श्री जे.एन. श्रेष्ठ

१०.	सहजकर्ता - रजिस्ट्रेसन	श्री.एन.पी पोखेल
११.	सहजकर्ता - विद्युत् तथा खानेपानी व्यवस्थापन	श्री एन.पी.राई
१२.	सहजकर्ता - मनोरञ्जन	डा. ए. मुखर्जी
१३.	सहजकर्ता - फस्ट एड	श्री यस. पुरी
१४.	सहजकर्ता - सरसफाइ	श्री विश्वनाथ अधिकारी

उल्लिखित नामावलीमा समाविष्ट व्यक्तित्वहरूका अतिरिक्त अन्य बीस जना सदस्यहरू पनि सहभागी हुनुहुन्थ्यो ।

कार्यक्रमको मुख्य उद्देश्य भनेको खाद्य उद्योगपति र प्राविधिकहरूलाई एक ठाउँ ल्याउने र एक अर्कामा बुझ्ने अवसर प्रदान गर्नु रहेको थियो । कार्यक्रममा एकहत्तर जना उद्योगपति तथा विशेषज्ञहरूको सहभागिता भएको थियो । विशेषज्ञहरूबाट छब्बीस कार्यपत्र प्रस्तुत भएका थिए । कार्यपत्रलाई मिलाएर सुसङ्गठित गरी विवरणिका तयार पार्दा २०६ पृष्ठ तथा विभिन्न महत्त्वपूर्ण व्यक्तित्वहरूका मन्तव्य विचारहरू तथा तस्बिरहरू समेटेर थप प्रारम्भिक ४५ पृष्ठ लामो विवरणिका तयार गएिको थियो ।

यसै गरी दोस्रो खाद्य उद्योग र खाद्य प्रविधि अधिगोष्ठी तत्कालीन राजा श्री ५ बडामाहाराजधिराज वीरेन्द्र वीरविक्रम शाहदेव सरकारको ४४ औँ वर्षको जन्मोत्सवका उपलक्ष्यमा २०४४ माघ ३ गतेदेखि ५ गतेसम्म ई.सं. १९८८ जनवरी १७ देखि १९ सम्म धरान क्याम्पस अर्थात् हालको केन्द्रीय प्रविधि क्याम्पसले आयोजना गरेको थियो । कार्यक्रमको उद्घाटन तत्कालीन माननीय शिक्षा तथा संस्कृति राज्य मन्त्री केशरबहादुर विष्टले गर्नुभएको थियो । कार्यक्रममा विभिन्न १५ वटा खाद्य उद्योगका उद्योगपतिहरूको सहभागिता भएको थियो । उक्त कार्यक्रमको समापन माननीय राष्ट्रिय पञ्चायत सदस्य कमला न्यौपानेज्यूले गर्नुभएको थियो । अधिगोष्ठीमा खाद्यप्रविधि विशेषज्ञ तथा उद्योगपतिहरूबाट जम्मा ८० जना प्रतिनिधिहरूको सहभागिता भएको थियो । अधिगोष्ठीका महत्त्वपूर्ण दश शीर्षकहरूलाई १२३ पृष्ठ लामो तथा विभिन्न महत्त्वपूर्ण व्यक्तित्वहरूका मन्तव्य विचारहरू तथा तस्बिरहरू समेटेर थप प्रारम्भिक ३० पृष्ठलगायत श्री ५ माहाराजधिराज वीरेन्द्र वीरविक्रम शाहदेव सरकारले प्रयोगशाला तथा स्टल अवलोकन तथा निरीक्षण गरिबक्सेका तस्बिरसहितको विवरणिका तयार गएिको थियो । उक्त कार्यक्रमको संयोजन श्री जगत्बहादुर के.सी.ज्यूले गर्नुभएको थियो । यस्तै गरेर तेस्रो खाद्य उद्योग र खाद्य प्रविधि अधिगोष्ठी वि.सं.२०५० असार २५ देखि २८ सम्म ई.सं. १९९३ जुलाई ११ देखि १२ सम्म केन्द्रीय प्रविधि क्याम्पस धरानले आयोजना

गरेको थियो । अधिगोष्ठी आयोजक समिति अध्यक्ष श्री बद्रीनाथ श्रेष्ठज्यूले गर्नुभएको थियो । उक्त कार्यक्रममा खाद्य उद्योगी, विशेषज्ञ तथा विशिष्ट विद्वान्हरूमध्येबाट ६९ जनाको सहभागिता भएको थियो । उक्त कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्नका लागि मुख्य आयोजक समिति तथा विभिन्न उपसमितिहरूबाट समेत सक्रियतापूर्वक सहयोग भएको थियो । आयोजक समिति निम्नअनुसार रहेको थियो :

१. श्री बद्रीनाथ श्रेष्ठ - संयोजक
२. श्री सुरेन्द्रबहादुर कटुवाल - सदस्य
३. श्री तिलकमान श्रेष्ठ - सदस्य
४. श्रीमती मीना श्रेष्ठ - सदस्य
५. श्री दामोदर थापा - सदस्य
६. श्री ऋषिराज गौतम - सदस्य
७. श्री पशुपति मिश्र - सदस्य
८. श्री बेनु अधिकारी - सदस्य

उपसमितिहरू

१. श्री सुरेन्द्रबहादुर कटुवाल - अध्यक्ष सूचना सञ्चार र यातायात व्यवस्था
२. श्री ऋषिराज गौतम - अधिगोष्ठी संयोजक
३. श्री अशोक श्रेष्ठ - मनोरञ्जन तथा खाद्य व्यवस्थापन
४. श्री दामोदर थापा - वास तथा गाँस व्यवस्थापन
५. श्री विश्वनाथ अधिकारी - खानेपानी तथा सरसफाइ
६. श्री गोविन्दमान श्रेष्ठ - विद्युत् तथा सरसफाई
७. श्री ललितबहादुर शाह - रजिस्ट्रेसन
८. श्री निरिभ यादव - फस्ट एड

कार्यक्रम भव्य र सभ्य रूपमा सम्पन्न गरी प्रस्तुत भएका महत्त्वपूर्ण कार्यपत्रहरूलाई सुसङ्गठित गर्दा १४४ पृष्ठ र कार्यक्रम उद्घाटन र समापन समारोहमा महत्त्वपूर्ण व्यक्तित्वहरूबाट आएका मौलिक विचार र भनाइलाई दश प्रारम्भिक पृष्ठमा र कार्यक्रममा लिएका महत्त्वपूर्ण तस्बिर समेत समेटेर विवरणिका पुस्तिका तयार पारिएको थियो । कार्यक्रमका मुख्य अतिथि वन तथा माटो संरक्षण राज्य मन्त्री माननीय वीरमणि ढकाल हुनुहुन्थ्यो ।

यसै गरी पाँचौँपटकको अधिगोष्ठी विश्वविद्यालय अनुदान आयोगको आर्थिक सहयोगमा केन्द्रीय प्रविधि क्याम्पसको आयोजनामा २०७१ वैशाख २९ गते प्रा.डा. धनबहादुर कार्कीको संयोजकत्वमा Joining hands for strong partnership गर्ने उद्देश्यले उद्योगपति र खाद्य विशेषज्ञहरूका सहभागितामा केन्द्रीय प्रविधि क्याम्पस धरानले Academia-Industrial dialogue-I को आयोजना गरेको थियो । कार्यक्रमको मूल उद्देश्य भनेको एक अर्कामा देखिएका समस्याहरूको पहिचान गरी समाधान गर्नु रहेको थियो । कार्यक्रममा पचासभन्दा बढी उद्योगपति तथा विशेषज्ञहरूद्वारा महत्त्वपूर्ण कार्यपत्र प्रस्तुत भएका थिए । कार्यक्रमको उद्घाटन तत्कालीन उद्योग मन्त्री माननीय कर्णबहादुर थापाले गर्नुभएको थियो ।

त्यसबाहेक वेला वेलामा अन्य सङ्घ संस्थाहरूले आयोजना गरेका खाद्य मेलामा क्याम्पसको सामान्य सहभागिता मात्र रहेको थियो । क्याम्पसले सञ्चालन गरेका थप शैक्षिक कार्यक्रमहरूको अध्ययन अनुसन्धान र प्रयोगबाट आएका नतिजाहरू सर्वव्यापी रूपमा प्रचार प्रसार हुन नसकी सम्बद्ध व्यक्ति र समुदायले यसको प्रत्यक्ष लाभ लिन नसकिरहेका अवस्थामा र क्याम्पसको परिदृश्य लक्ष्य तथा उद्देश्यअनुरूप केन्द्रीय प्रविधि क्याम्पसलाई विज्ञान तथा खाद्य प्रविधि शिक्षामा उत्कृष्ट क्याम्पसका रूपमा चिनाउनुपर्ने कुरा क्याम्पसका सम्बद्ध विद्यार्थी, शिक्षक, कर्मचारी र आम अभिभावकको समेत चाहना भएकाले र केन्द्रीय प्रविधि क्याम्पस धरान २०६८ सालदेखि त्रिभुवन विश्वविद्यालयको स्वायत्तताप्राप्त क्याम्पस भएकाले स्वायत्ततासम्बन्धी नियमबमोजिम क्याम्पसको बृहत्तर हितका लागि क्याम्पस कार्यकारी समितिको २०७६ पौष २२ गते मङ्गलवार बसेका बैठकले क्याम्पसमा भए गरेका अध्ययन अनुसन्धान प्रयोगको प्रत्यक्ष अवलोकनका लागि सम्बद्ध विद्यालयका विद्यार्थी, शिक्षक, स्थानीय सङ्घ संस्था, सरकारी सङ्घ संस्था, उद्योगपति आदिको सहभागिता हुने गरी हात्तीसार एक्स्पो नामक तीनदिने प्रर्दशन मेलाको आयोजना गर्ने निर्णय गऱ्यो । सो आयोजनामा विद्यार्थीहरूको सक्रिय सहभागिता र सहयोग, उद्यमशीलता, सृजनात्मक सोच, नेतृत्व र निर्णय क्षमता अभिवृद्धिलाई केन्द्रित गरी स्वतन्त्र विद्यार्थी युनियन र क्याम्पसको संयुक्त आयोजना हुने गरी २०७६ माघ १९, २० र २१ गते तीन दिन प्रर्दशनी मेलाको आयोजना गर्ने निर्णय गऱ्यो ।

हात्तीसार एक्स्पो - २०२० का उद्देश्यहरू

१. विज्ञान तथा खाद्य र पोषणसँग सम्बन्धित प्रविधिहरूलाई उजागर गर्ने मञ्चको रूपमाप्रबन्ध गर्नु ।

२. उद्योगहरू, स्थानीय घरेलु र सर्वसाधारणका बीच आपसी सम्बन्धको विकास गर्नु ।

३. पब्लिक हेल्थ र वातावरणीय सुरक्षाँग सम्बन्धित विभिन्न अनुसन्धानहरूको उजागर गर्नु ।
४. प्रदेश नं १ कै एकमात्र प्रथमपटक केन्द्रीय प्रविधि क्याम्पसमा सञ्चालन भइरहेको नयाँ विषय भूगर्भशास्त्रलाई उजागर गर्नु ।
५. विभिन्न उद्योग, कलेज, सरकारी तथा गैह्रसरकारी संस्थाहरूको उत्पादन र सेवाहरूलाई उजागर गर्न साझा मञ्चको रूपमा उपलब्ध गर्नु ।
६. सर्वसाधारणलाई खाना पोषण र सूक्ष्मजीवसँग सम्बन्धित कुराहरूको सचेतना जगाउनु ।
७. विगत लामो समयदेखि ओझेलमा परेको क्याम्पसको म्युजियमको स्तरोन्नति गरी प्रदेश १ कै प्रसिद्ध म्युजियमको रूपमा स्थापना गर्नु ।
८. केन्द्रीय प्रविधि क्याम्पसलाई विश्वविद्यालयका रूपमा विकास गर्न अभ्यासको सुरुवात गर्नु ।

हात्तीसार एक्स्पोका लक्ष्यित समूह

केन्द्रीय प्रविधि क्याम्पसले आयोजना गरेको एक्स्पो -२०२० का लक्ष्यित समूह

- ❖ क्याम्पसमा अध्ययनरत विद्यार्थीहरू
- ❖ विभिन्न विद्यालयका माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरू
- ❖ स्थानीय तथा प्रदेश सरकार
- ❖ उद्योगी व्यवसायी
- ❖ अविभावक तथा सरोकारवाला सम्पूर्ण

मूल आयोजक समिति गठन

हात्तीसार एक्स्पो सञ्चालन गर्नका लागि पाँचसदस्यीय मूल आयोजक समिति गठन गरियो । सो समितिको स्वरूप निम्नानुसारको रहेको थियो -

संयोजक	-	सहप्रा.डा.दिलकुमार लिम्बू (तत्कालीन सहायक क्याम्पस प्रमुख)
सदस्य	-	उपप्रा. अर्जुन घिमिरे (विद्यार्थी कल्याण प्रमुख)
सदस्य	-	सहायक लाइब्रेरियन ओमनाथ खतिवडा (पुस्तकालय प्रमुख)
सदस्य	-	सौरव सञ्जेल (स्वविय़ू सभापति)
सदस्य	-	अर्जुन पौडेल (विद्यार्थी प्रतिनिधि)

हात्तीसार एक्स्पो - २०२० को मूल आयोजक समितिका संयोजक सहप्रा. डा. दिलकुमार लिम्बूज्यूका अध्यक्षतामा मिति २०७६ माघ १२ गते बसेको बैठकले आर्थिक उपसमिति गठन तथा मिति २०७६ माघ १३ गते बसेको बैठकले एक्स्पो कार्यक्रम सम्पन्न गर्नका

लागि विद्यार्थीहरूको बृहत्तर सहयोग र सहभागिता हुने गरी विभिन्न उपसमितिहरू गठन गर्ने निर्णय गरियो । उक्त उपसमितिहरू यसप्रकार छन् :

आर्थिक उपसमिति

संयोजक - विद्यार्थी कल्याण प्रमुख उपप्रा. अर्जुन घिमिरे
सदस्य - स्ववियू सभापति सौरव सञ्जेल
सदस्य - आशिष प्रधान (अनेरास्ववियू)
सदस्य - रमेश चौंलागाईं (ने.वि.सङ्घ)
सदस्य - सुदर्शन गोसाईं (अखिल क्रान्तिकारी)
सदस्य - एरिक राई (समाजवादी विद्यार्थी युनियन)
सदस्य - शि. सं. कवीन्द्र भट्टराई

सचिवालय

संयोजक - ओमनाथ खतिवडा
सहसंयोजक - दीपेश कटुवाल
सदस्य - राधा पण्डित
सदस्य - अञ्जन भट्टराई
सदस्य - अञ्जना न्यौपाने
सदस्य - निश्चल काफ्ले
सदस्य - निसान लुङगेली मगर
सदस्य - मिशा शाक्य

सुरक्षा व्यवस्थापन उपसमिति

संयोजक - शि. सं. प्रेमसागर दाहाल
सहसंयोजक - विनय गुरागाईं
सदस्यहरू - रूपेश कटुवाल, सरोज पौडेल, रबु थापा, रोशन तिम्सिना, सुरोज अधिकारी, सन्दीप खत्री, अजय दाहाल, नवीन खरेल, आधार खतिवडा, सुशील सिक्देल, शशाङ्क सेढाईं, भुवन पौडेल, रीतेश खड्का, गेहेन्द्र घिमिरे ।

स्टेज तथा सरसजावट व्यवस्थापन उपसमिति

संयोजक - शि. सं. दिनेश श्रेष्ठ
सहसंयोजक - सीमा आले मगर

सदस्यहरू - कल्पना नेपाली, सुजा कार्की, निराशा खड्का, मेधावी शाक्य, प्रदीप राई, मन्दीना राई, विमल पोदार, अञ्जना जिमी, भविकला राई, सीमा पौडेल, सीमा गुरङ, मीना पराजुली, सम्झना राई, सृष्टिना गिरी, निलु के.सी., तुलसा दवाडी

अतिथि सत्कार व्यवस्थापन उपसमिति

संयोजक - शि. स. अर्जुन घिमिरे
सहसंयोजक - सुनीता कार्की
सदस्यहरू - प्रेषिका निरौला, गीता साँवा, भावना राई, प्रजिता खनाल, मोनिका श्रेष्ठ, हेमन्त भट्टराई, मनीषा निरौला, राहुल शाह, सुप्रिया प्रधान, फाल्गुना घिमिरे, रिविका बास्कोटा ।

सांस्कृतिक कार्यक्रम उपसमिति

संयोजक - उपप्रा. सञ्जू पराजुली
सहसंयोजक - राधा पण्डित
सदस्यहरू - रेशिका राई, अमित कार्की, केशरलाल चौधरी, धनराज खनाल, सिमरन चौधरी, रन्जु राई, कृजल गौतम, सम्पूर्ण राई, अनीशा श्रेष्ठ, अस्मिता कोइराला ।

पार्किङ खानेपानी तथा सरसफाइ व्यवस्थापन उपसमिति

संयोजक - शि.स. देवेन्द्र राई
सहसंयोजक - टीकाराम पहाडी
सहसंयोजक - पेशलराज कार्की
सहसंयोजक - राहुल शाह
सहसंयोजक - मनीष कोइराला
सहसंयोजक - त्रिलोचन पाण्डे
सहसंयोजक - पासाङ शेर्पा
सदस्यहरू - आरजु श्रेष्ठ, वर्षा भुजेल, साधना कार्की, विनीता तामाङ, सुनील अधिकारी, विनम कार्की, शिक्षा राई, दर्शन श्रेष्ठ, राजिव सिटौला, प्रतीक ओझा, निमिका घिमिरे, मन्दिरा देवकोटा, विशन श्रेष्ठ,

उज्वल खतिवडा, सुमन राई, रूपसना सुनुवार, अनील राई, रिकी राई, विमल भट्टराई, राजु राई, नीतेश शाह, अधीता राई, प्रेम राई, सञ्जय राई, प्रवीण खत्री, राजन राई, विनय लिम्बू, कुशल राई, विजय राई, कमलदीप लिम्बू, सूर्यहाङ लिम्बू, युवराज लिम्बू, पूजन तिम्सिना, रबिन दाहाल, राजीव गुरागाईं, अभिषेक तिवारी ।

क्याम्पस अवलोकन तथा स्टल व्यवस्थापन उपसमिति

संयोजक - शि.स. कविन्द्र भट्टराई
सहसंयोजक - गणेश थापा
सहसंयोजक - आशिक थापा
सदस्यहरू - चिरण बेलवासे, प्रमोद रोइला, अनुप पौडेल, विष्णु लिम्बू, उत्सव पोखेल, संजोग चौधरी, मनोज भट्टराई, अस्मित सुब्वा, कृष्ण निरौला, विजार्थ मानन्धर, ममता जिसी, पुरुषोत्तम राय, सन्तोष आचार्य, दीपेन्द्र पाण्डे, हरि पोखेल, अर्जुन पौडेल, किरण गड्तौला, दीप न्यौपाने, सुदीप पराजुली, भाष्कर राई, कुशल चौधरी, कृष्ण गिरी, नवराज थापा, प्रस्तुत आचार्य ।

प्रचार प्रसार व्यवस्थापन उपसमिति

संयोजक - शि. स. धिरेन सुब्वा लिम्बू
सहसंयोजक - सुविम विक्रम ढकाल
सदस्यहरू - विनोद खत्री, अनुल बास्तोला, ईश्वरदेव रिमाल, कुशल बराल, एल्जीना लावती, सूर्य मोक्तान, खुम्बु शाही, देवमान लिम्बू, लोचन राई, पूजा पोखेल, लोचन मिश्र ।

प्रतिवेदन उपसमिति

संयोजक - मनोज खनाल
सदस्य - मिलन खरेल
सदस्य - सुरज गिरी
सदस्य - कामना बान्तवा
सदस्य - ओमनाथ खतिवडा

अनुगमन तथा व्यवस्थापन उपसमिति

संयोजक - क्याम्पस प्रमुख सहप्रा.डा. दिल कुमार लिम्बू

सदस्य - स.क्याम्पस प्रमुख उपप्रा. हेमन्त खनाल
सदस्य - प्रा. श्रीमती गीता भट्टराई
सदस्य - उपप्रा. श्री प्रभातकुमार श्रेष्ठ
सदस्य - उपप्रा. श्री अर्जुन घिमिरे
सदस्य - शि.स. श्री कवीन्द्र भट्टराई
सदस्य - शा.अ.नवीन कुमार श्रेष्ठ
सदस्य - शि.स. श्री धिरेन सुब्वा लिम्बू
सदस्य - स्ववियू सभापति सौरब सञ्जेल

प्रर्दशन स्थल

केन्द्रीय प्रविधि क्याम्पसको खेल मैदानलाई प्रर्दशनी स्थलका रूपमा चयन गरी ५८ वटा प्रर्दशनको व्यवस्था गरिएको थियो, जसमध्ये केन्द्रीय प्रविधि क्याम्पसका विभिन्न विभागहरूका लागि बाइसवटा सो-रुम छुट्याइएको थियो । बाँकी छत्तीसवटा प्रर्दशन अन्य कलेज सङ्घ संस्था तथा व्यापारिक प्रयोजनका लागि छुट्याइएको थियो । प्रदर्शनकै लागि क्याम्पसका सबै प्रयोगशालाहरू खुल्ला गरिएका थिए ।





प्रदर्शन व्यवस्थापन तथा क्याम्पस अवलोकन

यस सन्दर्भमा गठित उपसमितिले ५८ वटा प्रदर्शन तयार गरी प्रदर्शनमा सहभागी संस्थाहरूलाई प्रदर्शन नं. उपलब्ध गराइयो साथसाथै क्याम्पस अवलोकनका लागि विभिन्न प्रयोगशाला तथा म्युजियममा प्रवेश गर्ने गाइड चिन्हहरू र बाहिरिने चिन्हहरूको प्रयोग गरिएको थियो ।

प्रदर्शन नं. १ र २ - एडेन एकेडेमी कन्सल्टेन्सी विदेश अध्ययन अवसर परामर्श
प्रदर्शन नं. ३, ४ र ५ - खाद्य प्रविधि विभाग
प्रदर्शन नं. ६, ७ र ८ - भौतिक शास्त्र विभाग
प्रदर्शन ९, १०, ११, १२, १३, १४ र १५ - सूक्ष्म जीवविज्ञान विभाग

प्रदर्शन नं. १६,१७ र १८	- भूगर्भशास्त्र विभाग
प्रदर्शन नं. १९,२० र २१	- पोषण तथा आहार विज्ञान विभाग
प्रदर्शन नं. २२ र २३	- खाद्य प्रविधि केन्द्रीय विभाग
प्रदर्शन नं. २४ र २५	- किरात राई यायोख्खा
प्रदर्शन नं. २६ र २७	- सुस्मिता नेवारी कला
प्रदर्शन नं. ३१ र ३२	- केमिकल्स तथा इक्युपमेण्ट सप्लायर्स
प्रदर्शन नं. ३३ र ३४	- धरान मल्टिपल क्याम्पस
प्रदर्शन नं. ३६	- नीलगिरी कलेज
प्रदर्शन नं. ३८	- विराट् मल्टिपल कलेज
प्रदर्शन नं. ३९	- पूर्वान्चल इन्जिनियरिङ क्याम्पस धरान
प्रदर्शन नं. ४२	- अल्फाविट्टा धरान सेन्टर
प्रदर्शन नं. ४५	- त्रिभेनी जुस
प्रदर्शन नं. ४७	- पाथिभरा केमिकल्स
प्रदर्शन नं. ४८	- हात्तीसार साहित्यिक मञ्च
प्रदर्शन नं. ४९	- लियो क्लब
प्रदर्शन नं. ५०	- रमपम
प्रदर्शन नं. ५१	- खाजा महिला छात्रबास संञ्चालक
प्रदर्शन नं. ५२	- कामधेनु
प्रदर्शन नं. ५३	- फस्ट एड
प्रदर्शन नं. ५४	- मगमग चाउचाउ
प्रदर्शन न. ५५	- धुरमुस सुन्तली फाउन्डेसन
प्रदर्शन नं. ५५।५६।५७।५८	- बल गेम जोन

अतिथि सत्कार

कार्यक्रमको उद्घाटन तथा समापनका साथसाथै राजनैतिक विशिष्ट व्यक्तिहरूको उपस्थितिलाई मध्यनजर गरेर उद्घाटन समारोहमा सुनसरी जिल्ला क्षेत्र नं. १ का सङ्घीय सभासद् माननीय जयकुमार राईको प्रमुख अतिथ्यमा औपचारिक कार्यक्रम सम्पन्न भएको थियो । एक्स्पोको औपचारिक कार्यक्रम समारोहको सभापतित्व क्याम्पस प्रमुख सहप्रा. डा. दिलकुमार लिम्बूज्यूले गर्नुभएको थियो । कार्यक्रमा प्रमुख अतिथिको मन्तव्यका क्रममा केन्द्रीय प्रविधि क्याम्पस देशको गहना भएको र देशका ७७ वटै

जिल्लाका विद्यार्थीहरूले अध्ययन गर्ने केन्द्र भएको हुँदा यस क्याम्पसलाई छुट्टै विश्वविद्यालयको रूपमा विकास गर्न आवश्यक पहलकदमी गर्ने कुरा व्यक्त गर्नुभयो । साथसाथै सबै विषयमा डिग्रीको अध्ययन तथा अध्यापन गर्नुपर्ने कुरा बताउनुभयो ।

त्यसै गरी शिक्षा, स्वास्थ्य र पूर्वाधारयुक्त सहरका रूपमा धरानलाई चिनाउनुपर्छ भन्ने विचार पनि प्रस्तुत गर्नुभएको थियो । अन्त्यमा एक्सपोमा देखाइएका नमुनाहरूले समुदायलाई सचेत गराउन ठुलो भूमिका खेल्ने कुरा पनि व्यक्त गर्नुभयो । धरान उपमहानगर पालिकाका मेयर तिलक राई, जिल्ला समन्वय समिति अध्यक्ष रमेश बस्नेत, धरान उपमहानगर पालिका उपमेयर मन्जु भण्डारी, क्याम्पस व्यवस्थापन समितिका सदस्यहरू, महेन्द्र बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख दामोदर भण्डारी, पिण्डेश्वर विद्यापीठका प्राचार्य चन्द्रमणि नेपाल, पूर्वाञ्चल इर्नजनियरिङ क्याम्पसका क्याम्पस प्रमुख, विभिन्न विद्यालयका प्रधानाध्यापक, राजनीतिक दलका प्रतिनिधिहरू, कर्मचारी सङ्घका प्रतिनिधि, प्राध्यापक सङ्घका प्रतिनिधि, प्रगतिशील प्राध्यापक सङ्घ इकाई कमिटी केन्द्रीय प्रविधि क्याम्पसका सभापति, त्रि.वि. कर्मचारी सङ्गठन र प्रजातान्त्रिक कर्मचारी सङगठनका सभापति, प्रहरी निरीक्षक, १४ नं. वडाका वडाध्यक्ष, समाजसेवी बुद्धिजीवी लगायतको आतिथ्यमा प्रमुख अतिथि माननीय सुनसरी क्षेत्र नं. १ का सङ्घीय सभासद् जयकुमार राईले केक काटेर कार्यक्रमको उद्घाटन गर्नुभएको थियो ।

कार्यक्रममा थुप्रै अतिथि बक्ताहरूले एक्स्पो कार्यक्रम अति आवश्यक भएको एवम् यसले क्याम्पस र सरोकारवाला सम्पूर्णमा पुलको काम गर्ने कुरा बताए । त्यस्तै एक्स्पो समापन कार्यक्रममा माननीय सभामुख प्रदेश १ प्रदीप भण्डारीज्यूको प्रमुख आतिथ्यमा भएको थियो । समापन समारोहका प्रमुख अतिथिज्यूले आफू यसै क्याम्पसमा अध्ययन गरेको र क्याम्पसको प्रगति र विकासमा आपू सधैँ साथ रहेको कुरा बताउनुभयो । कार्यक्रमको उद्घाटन तथा समापन समारोहमा प्रमुख अतिथि तथा अतिथिहरूलाई मायाको चिनो प्रदान गरिएको थियो । कार्यक्रममा प्रमुख अतिथिलगायत सम्पूर्ण अतिथिहरूले अभिरुचिपूर्वक सो-रुमहरूको अवलोकन तथा निरीक्षण गर्नुभएको थियो ।

निष्कर्ष

२०७६/१०/१९, २० र २१ गते केन्द्रीय प्रविधि क्याम्पस र स्वतन्त्र विद्यार्थी युनियनको संयुक्त रूपमा आयोजित हात्तीसार एक्स्पो - २०२० कार्यक्रम भव्य रूपमा सम्पन्न भयो । कार्यक्रममा क्याम्पसका सबै विभागहरूबाट गरिएका प्रदर्शन तथा अवलोकनमा सहभागी विशिष्ट व्यक्तिहरू संङ्घीय सभासद् माननीय जयकुमार राईज्यूबाट उद्घाटन तथा माननीय १ नं प्रदेश सभामुख प्रदीपकुमार भण्डारीज्यूबाट भएको समापन र त्यस्तै गरी धरान उपमहानगरपालिकाका उपमेयर मन्जु भण्डारीलगायत अन्य प्रदेश नं. १ का सामाजिक विकास मन्त्रालयका प्रतिनिधि साथसाथै अन्य क्याम्पस तथा विद्यालयका संस्थापकज्यूहरू तथा प्राचार्यज्यूहरू, प्रधानाध्यापकज्यूहरू, राजनीतिक दलका विशिष्ट व्यक्तित्वहरू, उद्योगी, व्यापारी, विभिन्न क्याम्पस तथा विद्यालयमा अध्ययन अध्यापनरत शिक्षक तथा विद्यार्थीहरू, स्थानीय सर्वसाधारणको समेत सक्रिय र अभिरुचिपूर्वक अवलोकनमा सहभागिता देखिएको कार्यक्रममा १६६८२ जना अवलोकनकर्ताहरूको उपस्थिति रहेको थियो । व्यवस्थापनमा पनि क्याम्पसमा अध्ययन अध्यापनरत शिक्षक तथा कर्मचारीहरूले लिएको जिम्मेदारी पूर्णरूपमा निर्वाह गर्नुभएको थियो । हात्तीसार एक्स्पोको अवलोकनमा सहभागी वक्ताहरूद्वारा अभिव्यक्त विचार विद्यालयका विद्यार्थीहरूको प्रदर्शनमा देखिएको अभिरुचि र सक्रियता क्याम्पसका विभिन्न विद्यार्थीहरूद्वारा प्रदर्शित वैज्ञानिक तथा प्राविधिक सूचनाहरूले क्याम्पसले निर्धारण गरेका लक्ष्य तथा उद्देश्य प्राप्त गर्न प्रमुख भूमिका खेल्ने देखिन्छ ।

*

(पुस्तकालय अधिकृत ओमनाथ खतिवडा केन्द्रीय प्रविधि क्याम्पस धरानको पुस्तकालय शाखा प्रमुख हुनुहुन्छ)

क्याम्पसले चर्चेको जग्गा : अधिग्रहण, स्वामित्व र विस्तार

महेश कोइराला

वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धति योजनाले देशमा विभिन्न अध्ययन संस्थानहरूको स्थापना गर्ने लक्ष्य लिएको थियो । जस अन्तर्गत व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थान धरानमा स्थापना गर्ने लक्ष्य अनुरूप कार्य अगाडि बढाइयो । प्रारम्भमा जग्गा तथा भवनको अभावमा २०३० साल श्रावण १ बाट यस अध्ययन संस्थानको डीन कर्यालय र केन्द्रीय क्याम्पस धरानको जनपथ स्थित २ वटा भवन भाडामा लिएर सञ्चालन प्रारम्भ गरियो । यस अध्ययन संस्थानका प्रथम डीन स्व.प्रा.डा.परासर नारायण सुवाल र सहायक डीन प्रा.डा.सुरेशराज शर्मा हुनुहुन्थ्यो । सुवाल त्रि.वि.का प्रथम रजिष्ट्रार तथा शर्मा काठमाडौं विश्वविद्यालयका प्रथम उपकुलपति समेत हुनुहुन्छ । स्व.प्रा.डा. सुवाल रजिष्ट्रार रहेको बेला उहाँ कै नेतृत्वमा त्रि.वि. केन्द्रीय कार्यालय कीर्तिपुरको जग्गा अधिग्रहण गरी केन्द्रीय कार्यालयका लागि आवश्यक भौतिक संरचना निर्माण तथा विभिन्न क्याम्पसहरू सञ्चालनमा ल्याउन सफल हुनु भएको थियो । त्यसैगरी प्रा.डा. शर्मा त्रि.वि.सेवा छोडेर काठमाडौं विश्वविद्यालयको प्रथम उपकुलपति हुदा उहाँकै कुशल नेतृत्व तथा अब्बल व्यवस्थापनका कारण उक्त विश्वविद्यालय संसारमा गर्विलो स्थानमा रहन सफल भएको पाइन्छ ।

सर्वप्रथम २०३० सालमा डीन प्रा.डा. सुवाल काठमाडौंबाट धरान आएर आफ्नो पदीय जिम्मेवारी सम्हाल्दै व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानका लागि जग्गा अधिग्रहणको प्रक्रिया आगाडि बढाउनु भयो । प्रारम्भमा विजयपुरस्थित पिण्डेश्वर विद्यापीठको खालि जमिनमा अधिग्रहणको प्रयास गरिएको थियो । तर त्यो सम्भव नभएपछि विजयपुरकै हात्तीसारको करिब २० विगाहा (हालको जग्गा) छनौट गरी अधिग्रहण प्रक्रिया अघि बढाइयो । उक्त जग्गा अधिग्रहणमा कोशी अञ्चल अञ्चलाधीश कार्यालयको अगुवाईमा जग्गा, घर, फलफुलका बोट आदिको मुआब्जा निर्धारण गर्न समिति गठन गरी सोही समितिको सिफारिसका आधारमा मुआब्जा वितरण गरिएको थियो । जग्गा अधिग्रहणका क्रममा तत्कालीन स्थानीय वडाध्यक्ष स्व.पदम नरसिंह श्रेष्ठ, स्थानीय समाजसेवी श्री कृष्ण बहादुर श्रेष्ठ, श्री बिर्ख बहादुर श्रेष्ठ, तत्कालीन प्रशासन शाखाका कर्मचारी सह.प्रशासक श्री गोविन्दमान श्रेष्ठ तथा तत्कालीन जिल्ला पञ्चायत सुनसरीका सुब्बा श्री गुरूप्रसाद श्रेष्ठ लगायतको सक्रिय सहयोग प्राप्त भएको थियो ।

व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गत डीनको कार्यलय समेत स्थापना भई वि.सं. २०३० सालबाट प्रमाणपत्र तहका खाद्य प्रविधि तथा

प्रयोगशाला प्रविधिका २ विषयको अध्ययन अध्यापन प्रारम्भ भएकोमा २०३३ सालमा नयाँ शिक्षा पद्धतिले निर्धारण गरेको परीक्षा प्रणालीको विरोधमा विद्यार्थी आन्दोलन सुरु भएपछि त्रि.वि.ले डीन कार्यालय कीर्तिपुरमा स्थान्तरण गरी केन्द्रीय क्याम्पस हात्तीसारको नाम केन्द्रीय प्रविधि क्याम्पस, हात्तीसार धरान नामकरण गरियो तथा क्याम्पस प्रमुखको रूपमा सहायक डीन रहने व्यवस्था समेत गरियो । वि.सं. २०६९ जेष्ठ ३ मा क्याम्पस स्वायत्ततामा गएपछि भने हाल सहायक डीन पद डीन कार्यालयमा गाभेर निकाय प्रमुखको रूपमा क्याम्पस प्रमुख पद व्यवस्था गरिएको छ ।

जग्गा अधिग्रहणको प्रक्रिया अगाडि बढाउने क्रममा तत्कालीन कोशी अञ्चलका अञ्चलाधीश श्री विरेन्द्र बहादुर शाहको अध्यक्षतामा तीन सदस्य समिति गठन भएको थियो । सदस्यद्वय श्री नारायणप्रसाद पराजुली का.मु. भूमी प्रशासक सुनसरी र श्री मोहनप्रसाद पराजुली सा.नि.का. भवन विभाग मोरङ हुनुहुन्थ्यो ।

उक्त समितिले तत्कालीन व्यावहारिक विज्ञान तथा प्राविधिक अध्ययन संस्थान स्थापना गर्न जम्मा **१९ बिघा १९ कट्ठा, साढे १९ धुर** जग्गा अधिग्रहण गरेको थियो । व्यावहारिक विज्ञान तथा प्राविधिक अध्ययन संस्थान, स्थापनाका लागि जग्गा अधिग्रहण गर्न २०३१ फागुन ६ मा तयार पारिएको मुचुल्काको खाकाको विवरण निम्न अनुसार छ,

"जि.सुनसरी धरान नगर पञ्चायत वाड नं ११(ख) तथा ११(ग) को निम्न लिखित जग्गाहरू त्रिभुवन विश्वविद्यालयको अनुरोधमा धरानमा त्रि.वि. व्यावहारिक विज्ञान तथा प्राविधिक अध्ययन संस्थान स्थापना गर्न अधिग्रहण गर्ने गरी २०३०-११-११ मा श्री ५ को सरकारबाट निम्न विवरण अनुसारका जग्गा अधिग्रहण गर्न अधिकार प्रत्यायोपजन भएको शिक्षा मन्त्रालय (उच्च शिक्षा उपशाखा)को संकेत नं उ.शि.१।४।२५ च.नं. १२२४ मिति ०३०।११।१६ को पत्र प्राप्त हुन आएको"

तपसिल

पूर्वमा विजयपुर डाँडा पश्चिममा ध.न.पं. वडा नं १ को घना बस्ती, उत्तरमा धरान नगर पञ्चायत ११(ख) को कि.नं. ५४ र कि.नं. ८० का कित्ताहरू, दक्षिणमा धरान नगर पञ्चायत वडा नं ११ (ग) को १९,३८,३९ र ४० नं का किताहरू यति ४ किला भित्रको वाड नं ११ (ख) का कि.नं. ८१, ८२, ८३, ८४, ८५, ८६, ८७, ८८, ९८, १००, १०१, १०२, १०३, १०४, १०५, १०६, १०७, १०८, १०९, ११०, १११ तथा वडा नं ११(ग) का कि.नं. १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२, १३, १४, १५, १६, १७, १८, ४१, ४२, ४३ नं का जग्गाहरू । उक्त अधिग्रहण गर्ने जग्गा भित्र न्या.प्रा.वि. लाई दिएको २ (दुई) विगाह जग्गा पर्न गएको छ भन्ने जि.शि.का. इनरुवा मिति २०३१-८-६ को पत्र विजयपुर

हातीसारको लक्ष्मी कुमारी श्रेष्ठको जिउनीको जग्गा दान दिएको हकवाला समेतको मञ्जुरी कागजको प्रतिलिपि पत्र प्राप्त भएको भनी डीनको कार्यालय धरानको प.स.न.नं. ६-८५।२०३१।३२मिति ०३१-८-१२ को पत्र हाल प्राप्त हुन आएको ।

निर्णय

यसमा उक्त जग्गा प्राप्त गर्न प्रारम्भिक कार्वाहीका सिलसिलामा यस कार्यालयबाट जग्गा प्राप्ती ऐन ०१८ को दफा ४ (२) अनुसार १० दिने सूचना प्रकाशित गरी श्री भूमिप्रशासन कार्यालय सुनसरीको पत्रअनुसार धरान नगर पञ्चायत ११(ख) र ११(ग) का जग्गाको मोठ स्रेस्ता प्राप्त हुन आई सो जग्गाहरूको पोत ठेकिएको नदेखिनाले कोष तहसिल सुनसरीलाई सो सक्कलै मोठ पठाई उक्त कोष तहसिलबाट पोत ठेकी आएको फाँटवारी समेत प्राप्त हुन आएकोले उक्त ऐनअनुसार प्रारम्भिक कार्वाहीसम्म पूरा भएकोले उपरोक्त फाइल शिक्षा मन्त्रालय (उच्चशिक्षा उपशाखा) मिति २०३१-३-२४ का पत्रसाथ पठाई सो मन्त्रालयबाट अधिग्रहण गरिने भनेको जग्गाको राजपत्रमा २०३१ आश्विन २१ गते भाग ३ मा सूचना प्रकाशित भए तत्पश्चात कार्वाहीलाई उक्त मन्त्रालयका मिति ३०३१।६।२९(३) को पत्रसाथ राजपत्र सहितको फायल यस कार्यालयमा प्राप्त हुन आएको उक्त ऐनको दफा १० अनुसार सम्बन्धित जग्गा धनी दर्तावालाहरूका नाममा क्षतिपुर्तिको निमित्त १५ दिने सूचना २०३१-८-११ मा प्रकाशित भई सो म्यादभित्र जग्गाधनी केही व्यक्तिको क्षतिपूर्तिको निवेदन पनि आएको उक्त अधिग्रहण गरिने जग्गाको के कति दरमा खरिद बिक्रि हुने रहेछ भनी भूमी प्रशासन कार्यालय सुनसरीमा बुझ्दा सो कार्यालयबाट लिखत प्राप्त भई गएको स्रेस्ताको आधारबाट ३ सालको उतार गरी पठाएको, सो को आधार लिई विचार गर्दा राजपत्रमा प्रकाशित भएमध्ये वाड नं ११(ख) को कि.नं. ५४ र ८० वडा नं ११(ग) को १९, ३८, ३९ र ४० नं को किताको हकमा जग्गाको सिमानासम्म लेखिएकोले उक्त १९, ३८, ३९ र ४० नं र ति लाई पनि १५ दिने सूचना गरेको देखिन्छ तापनि सो जग्गा सिमानाकासम्म लेखिएको हुदा अधिग्रहण भएको किल्ला भित्र पर्न नआएकोले सो किल्लाहरू बाहेक निम्न लेखिएका कि नं को निम्न लिखित व्याक्तिहरूको जग्गा मात्र अधिग्रहण गर्न जाव सो जग्गाहरूको मुआब्जा के कति दरले दिने भन्ने सम्बन्धमा सो अधिग्रहण गरिने जग्गामा गई हेरिएमा धरान बजार क्षेत्रभित्र परे तापनि धरानको मुख्य बजार सडक लाइनको नभई धरान बजारबाट करिब १/४ माइल फरक पर्ने पहाडी क्षेत्र जरत डाडाको भिर जग्गा हुनुको साथै कुन कुन कित्ता जग्गा भिरपाखा हुन गई त्यसमा कुनै किसिमको हिउँदे र वर्षे बालीसमेत हुन नसक्ने जग्गा देखिनाले भिरपाखा र अरू समथर जग्गाको एक दर कायम गरी मुआब्जा दिन न्यायोचित नहुदा त्यस्तो भिर पाखा जग्गा बाहेक अरू जग्गा १९ विगाहा, १९ कट्ठा, साढे १९ धुरको धरान पानी ट्याङकीबाट विजयपुर दन्तकाली जाने मोटर सडक दायाँबायाँको समथर टार परेको उक्त जग्गा १९ बिगाहा, १९ कट्ठा, साढे १९ धुर को प्रति कठठा रु १०००।-(एक हजार) र अरू भिरपाखा पर्ने (ख) कि.नं. ९८, १०४, १०५, १०६,

र (ग) कि.नं. ६, ७, ४३ को जग्गा जम्मा विगाहा १-१४-१२ को हकमा प्रति कठ्ठा रु ४००।-(चारसय) का दरले मुआब्जा दिने फलफुलहरूको गाछीको हकमा सामिल रहेको २०३१।०९।०८ गतेको मुचुल्कामा उल्लेख भए अनुसारको फलफूलको गाछीको निम्न लेखिएका दरले मुआब्जा दिने, घरहरूको मुआब्जा दिने तर्फको हकमा पनि सार्वजनिक निर्माण कार्यालय (भवन विभाग) विराटनगरको च.नं. ४०३ मिति २०३१।१०।३ को मुल्याङ्कन फारममा उल्लेख भए अनुसारको ८५,७५४।३७ (पचासी हजार सातसय चौउन्न रूपया र पैसा सैतिस मात्र) क्षतिपूर्ति दिई निम्न लेखिएका कित्ताको निम्न लिखित व्यक्तिहरूको घरजग्गा अधिग्रहण गर्न यो समर्थनलाई सम्बन्धित विभागमा पठाई स्वीकृत भई आएपछि मुआब्जा वितरण गर्न फायल डीनको कार्यालय धरानमा पठाई दिने यो जग्गा प्राप्ति ऐन २०१८ को दफा १२ अनुसार निर्णय गरियो ।

अधिग्रहण गरिने जग्गा

क्र. सं.	जग्गा धनीको नाम	कि.नं.	जग्गा विगाह	मालपोत
प	श्री खड्गनारायण नेवार ध.न.प. ११(ख)	८१	०-१५-२	२०।१८
२	श्री अम्बिकाप्रसाद श्रेष्ठ ध.न.प. ११(ख)	८२	०-५-१	६।७१
३	श्री तुलसीनारायण सुन्दरमान नेवार ध.न.प.(ख)	८३	०-१४-१४	१९।६५
४	श्री अम्बिकाप्रसाद श्रेष्ठ ध.न.प. ११(ख)	८४	०-८-०	१०।७२
५	श्री अम्बिकाप्रसाद श्रेष्ठ ध.न.प. ११(ख)	८५	०-८-२	१०।८६
६	श्री अम्बिकाप्रसाद श्रेष्ठ ध.न.प. ११(ख)	८७	०-११-४	१४।९४
७	श्री तुलसीनारायण सुन्दरमान नेवार ध.न.प. ११(ख)	८६	०-९-१२	१२।८०
८	श्री टेकबहादुर नेवार ध.न.प. ११(ख)	८८	०-१०-१२	१४।८
९	श्री अम्बरकुमारी रिजाल पूर्णप्र.रिजाल ध.न.प. ११(ख)	९८	०-६-१	८।०७
१०	श्री दलबहादुर नेवार ध.न.प. ११(ख)	१०१	०-९-०	१२।०४
११	श्री गोपीलाल नेवार ध.न.प. ११(ख)	१०२	०-५-१५	७।६७
१२	श्री अम्बरबहादुर नेवार ध.न.प. ११(ख)	१०३	०-५-१	७।६७
१३	श्री वासुदेव आचार्य ध.न.प. ११(ख)	१०४	०-७-१६	१०।६१
१४	श्री ईश्वरीप्रसाद रिजाल ध.न.प. ११(ख)	१०५	०-१-२	१।५२
१५	श्री रामविलास गोयल ध.न.प. ११(ख)	१०६	०-६-२	१२।१८
१६	श्री नारायणप्रसाद श्रेष्ठ ध.न.प. ११(ख)	१०७	०-११-१७	१५।८१

१७	श्री छविलाल शर्मा खनाल ध.न.प. ११(ख)	१०८	०-३-५	४।३५
१८	श्री कमलजंग तामाङ ध.न.प. ११(ख)	१०९	०-६-१७	९।१४
१९	श्री कृष्णबहादुर थापा विराटनगर ध.न.प. ११(ख)	१११	०-४-८	५।९२
२०	श्री डम्बरकुमारी नेवार ध.न.प. ११(ख)	११०	०-१-१४	२।६८
२१	श्री राम प्रसाद श्रेष्ठ ध.न.प. ११(ग)	१	०-१६-०	२१।३८
२२	श्री विष्णु कुमारी नेवार ध.न.प. ११(ग)	२	०-२-१५	३।६७
२३	श्री मनबहादुर सार्की ध.न.प. ११(ग)	३	०-५-८	७।३५
२४	श्री गणेशकुमारी ध.न.प. ११(ग)	४	०-५-१६	७।७४
२५	श्री सूर्यमान श्रेष्ठ धरान ५, ध.न.प. ११(ग)	५	०-१५-१६	२१।११
२६	श्री गौरीदास श्रेष्ठ ध.न.प. ११(ग)	६	०-१-१७	२।५२
२७	श्री गणेश दास श्रेष्ठ ध.न.प. ११(ग)	७	०-७-४	९।६१
२८	श्री कुसुमकुमारी श्रेष्ठ, धरान २, ध.न.प. ११ (ग)	८	०-११-७	१८।६५
२९	श्री कुसुमकुमारी श्रेष्ठ, धरान २, ध.न.प. ११ (ग)	१५	०-१८-७	१८।३५
३०	श्री गणेश कुमारी थापा ध.न.प. ११(ग)	१४	०-५-७	७।१४
३१	श्री भागवत गोविन्दश्रेष्ठ, धरान २, ध.न.प. ११(ग)	१०	०-५-१९	७।९४
३२	श्री भागवतगोविन्द श्रेष्ठ ध.न.प. ११(ग)	११	०-५-१०	७।३८
३३	श्री भागवतगोविन्द श्रेष्ठ ध.न.प. ११(ग)	१२	०-१०-१८	१४।५४
३४	श्री भागवतगोविन्द श्रेष्ठ ध.न.प. ११(ग)	१३	०-५-१२	७।४७
३५	श्री भागवतगोविन्द श्रेष्ठ ध.न.प. ११(ग)	९	०-९-१३	१२।९१
३६	श्री भागवतगोविन्द श्रेष्ठ ध.न.प. ११(ग)	१६	०-८-१४	११।६२
३७	श्री धर्मानन्द उपाध्याय सुवेदी, विराटनगर, ध.न.प. ११(ग)	१७	१-६-०	२६
३८	खोला	१८	२-२-१७	४२।८५
३९	श्री उर्मिलादेवी भट्टराई, धरान, ध.न.प. ११(ग)	४१	०-३-१४	४।९५
४०	श्री मधुसुदन उपाध्याय, ध.न.प. ११(ग)	४२	०-१५-१२	२०।८०
४१	श्र गोविन्द प्रसाद श्रेष्ठ ध.न.प. ११(ग)	४३	०-९-५	१२।३८

यसरी अधिग्रहण गरिएको जग्गाको कुल क्षेत्रफल १९ बिघा १९ कट्ठा, साढे १९ धुर रहेको देखिन्छ । यो जग्गामध्ये करिब २-०-० बिघा जग्गा एकल धारे क्षेत्रको निकास खोल्सा भएको हुनाले क्याम्पसको भौतिक पूर्वाधार निर्माणमा अनुपयुक्त रहेको छ । यस बाहेक वि.सं. २०३८ मा धरान बजार वडा नं १ बाट क्याम्पससम्म जाने पैदल मार्गका लागि धरान १ स्थित सुशिल कर्माचार्यको नाममा दर्ता रहेको जग्गामध्ये ०-१-६१/४ कठ्ठा जग्गा नियमानुसार अधिग्रहण गरी १५ फिट चौडाइको बाटो क्याम्पसको सिढीसम्म कायम गरिएको तर धरान नगरपालिकाबाट उक्त जग्गा हालसम्म क्याम्पसको नाममा नामसारी हुन नसकेको देखिन्छ ।

यसरी अधिग्रहण गरिएको जग्गामा आवश्यक भौतिक संरचनाहरू निर्माण गर्दै विभिन्न शैक्षिक कार्यक्रमहरू अगाडि बढाउने क्रममा स्थापना कालमा प्रमाणपत्र तहको खाद्य प्रविधि र प्रयोगशाला प्रविधि २ विषयको अध्ययन/अध्यापन प्रारम्भ भएकोमा हाल वि.सं. २०७९ सालमा स्वर्ण महोत्सव मनाइरहँदा यस क्याम्पसमा स्नातक तहमा वि.टेक.(खाद्य प्रविधि), पोषण तथा आहार विज्ञान, माइक्रोवायोलोजी, वोट्नी, जुलोजी, जियोलोजी, फिजिक्स, सिएसआइटी,विआइटी), स्नात्तकोतर तहमा (एम एस्सी माइक्रो बायोलोजी),एम.टेक (खाद्य प्रविधि) तथा पि.एच.डी कार्यक्रमहरू सञ्चालनमा छन् । आ.व. २०७९/०८० को संचालक समितिको नीति तथा कार्यक्रममा उल्लेख भएअनुसार विद्यार्थी भर्ना सङ्ख्या ९१३ जना रहेको छ ।

समयको विकासक्रमसँगै धरान उपमहानगरमा बढ्दो जनसङ्ख्या तथा सिमित पानीका स्रोतहरूका कारण खानेपानीको संकट चुलिदै गएको पाइन्छ । शैक्षिक वर्ष २०६७ सालबाट प्रमाणपत्र तहको आइ.एस्सी. कार्यक्रम फेजआउट भएपछि स्नातक तहका विभिन्न कार्यक्रमहरू थप हुँदै जाँदा सोही अनुसार प्रयोगात्मक कक्षाहरू सञ्चालन गर्न थप पानीको आवश्यकता बढ्दै गयो । शिक्षककर्मचारी आवसगृह तथा छात्रवासको पानीको समस्या यथावत थियो । पानीको यही समस्या निराकरणका लागि क्याम्पस प्रमुख प्रा.डा. धन बहादुर कार्कीको पहलमा मिति २०७३ श्रावण २० गतेको क्याम्पस कार्यकारी समितिको बैठकले जिल्ला सुनसरी साविक बाझगरा गा.वि.स. वडा नं ८ हालको धरान उपमहानगरपालिका ४ गैरीगाउको पंचबहादुर राईको नाममा रहेको कि.नं. ६९ अन्तर्गत बग्ने गढा खोलाको मुहान क्षेत्रको १० कठ्ठा १९ धुर जग्गा रु २५ लाखमा त्रि.वि. केन्द्रीय कार्यालयको स्वीकृति लिई खरिद गर्ने निर्णय गरियो । सो जग्गा खरिद गरी ट्याङ्की निर्माण तथा पाइप जडान गरेपछि खानेपानीको समस्या निराकरण भयो ।

सोही क्रममा उक्त खानेपानीको मुहान जोडिएको सधिंयारी जग्गा धनीले उक्त पानीमा आफ्नो पनि हक लाग्ने भनी हकदावी गरेपछि मिति २०७५ कार्तिक १३ को क्याम्पस कार्यकारी समितिको बैठकबाट कि.नं. ६४ को ३ कठ्ठा ४.५ धुर जग्गा रु. ३ लाखमा खरिद गर्ने निर्णय गरियो । हाल उक्त जग्गाबाट उत्पादन भएको पानी क्याम्पसलाई पर्याप्त भई सुख्खा मौसममा निर्यात गर्न सक्ने अवस्थामा क्याम्पस रहेको छ ।

खानेपानीको उल्लेखित जग्गाहरू खोजी गरी खरिद प्रक्रिया अगाडि बढाउने क्रममा तत्कालीन सहायक क्याम्पस प्रमुख डा.दिल कुमार लिम्बु, लेखा प्रमुख मोहन दाहाल, कर्मचारी सङ्घका सभापति टंक कार्की, प्लम्बर शहरमान राई तथा स्थानीय ललित पुलामीको महत्वपूर्ण योगदान रहेको थियो ।

यसरी स्थापना कालमा अधिग्रहण गरिएको जग्गा तथा खानेपानी सङ्कट निवारणका लागि विस्तारित जग्गासमेत गरी हाल क्याम्पसको नाममा जम्मा **२१ विघा १४ कठ्ठा** जग्गा रहेको छ ।

सन्दर्भ सामाग्री

१. क्याम्पसमा रहेका विभिन्न दस्तावेजहरू ।
२. केन्द्रीय प्रविधि क्याम्पस हात्तीसारको ऐतिहासिक पृष्ठभूमी एक सिंहावलोकन : सह.प्रशासक गोविन्दमान श्रेष्ठ (भूमिका)
३. प्रा.डा. सुरेशराज शर्मा, प्रा.जगतबहादुर के.सी., प्रा.डा.दिलिप सुब्बा, श्री.अम्विका श्रेष्ठ, श्री बिर्ख वहादुर श्रेष्ठ आदि क्याम्पस स्थापनाकालीन व्यक्तित्वहरूसँग गरिएको संवाद ।

*

(महेश कोइराला केन्द्रीय प्रविधि क्याम्पस धरानको सामान्य प्रशासन शाखा प्रमुख हुनुहुन्छ)

राजनीतिक परिवर्तन र केन्द्रीय प्रविधि क्याम्पसमा स्ववियू

सौरभ सञ्जेल
निवर्तमान स्ववियू सभापति

विद्यार्थी सङ्घ-सङ्गठनको इतिहास

नेपालमा विद्यार्थी सङ्गठनको अस्तित्वलाई हेर्दा हालका राजनीतिक दलको इतिहासभन्दा पुरानो देखिन्छ । वि.सं. १९९१ मा भारतको बनारसमा बसेर अध्ययन गर्ने विद्यार्थीहरूले खोलेको नेपाली छात्र सङ्घलाई नेपाली विद्यार्थीहरूले खोलेको पहिलो सङ्गठनको रूपमा चिनिन्छ । जहानियाँ राणा शासनका विरुद्धको आन्दोलनमा विद्यार्थी वर्गको महत्त्वपूर्ण भूमिका रहेको थियो । जनताका छोराछोरीहरूले पढे भने शिक्षित हुन्छन् र आफ्नो शासन व्यवस्था ढल्छ भन्ने मानसिकता बोकेका राणाहरूको विरुद्धमा पढेलेखेका सिमित शिक्षित युवाहरूले प्रजातन्त्रको पक्षमा आन्दोलनको अगुवाइ गरेका थिए । वि.सं. १९९७ सालमा तत्कालीन राणा शासकबाट आफूविरुद्ध लागेको अभियोगमा त्रिचन्द्र कलेजमा अध्ययनरत विद्यार्थी गङ्गालाल श्रेष्ठलाई मृत्युदण्ड दिइयो । राणा विरुद्धको आन्दोलनमा सहिद बनेका गङ्गालाल श्रेष्ठलाई नेपालको पहिलो विद्यार्थी सहिदको रूपमा लिइन्छ । राणा शासन विरुद्धको आन्दोलन चर्कदै जाँदा नेपाल भित्रैबाट विद्यार्थी वर्गले गरेको पहिलो सङ्गठित आन्दोलनको रूपमा जयन्त संस्कृत आन्दोलनलाई लिइन्छ । यो आन्दोलन २००३ सालमा तीनधारा पाठशालामा भएको थियो । परिवर्तनका पक्षमा माग राखी आन्दोलन गर्दा नेपाल संस्कृत छात्रवासबाट ४३ जना विद्यार्थीहरू निष्कासित हुनुपरेको थियो । २००७ सालको राजनीतिक परिवर्तनपछि देशमा प्रजातन्त्रको स्थापनासँगै देशभर शैक्षिक संस्थाहरू खुल्ने लहर सुरु भयो । विद्यार्थी हक र अधिकारहरू स्थापित भए ।

वि.सं. २०१७ साल पौष १ गते राजा महेन्द्रद्वारा राजनीतिक दलहरूमाथि प्रतिबन्ध लगाउँदै राजनीतिक अधिकार आफ्नो हातमा लिएपछि उक्त निरङ्कुश कदमको विरुद्धमा विद्यार्थीहरूले आन्दोलनमार्फत त्यसको सशक्त प्रतिवाद गरेका थिए । विद्यार्थी वर्गले स्ववियू खोल्न पाउनुपर्ने माग राखेर आन्दोलन गरे पनि त्यो विद्यार्थी हकअधिकार सँगसँगै एकदलीय व्यवस्थाको विरुद्धमा राजनीतिक दलमाथिको प्रतिबन्धका विरुद्धमा नै थियो । वि.सं २०१९ मा स्ववियू मागको आन्दोलनले गति लियो । वि.सं. २०२० वैशाख २३ मा विश्वविद्यालयमा पहिलो हड्ताल भयो । अन्ततः शासकवर्ग विद्यार्थी आन्दोलनका अगाडि झुक्न बाध्य भयो । वि.सं. २०२० भदौ २० गते स्ववियू निर्वाचन भयो । तर उक्त निर्वाचनको उद्देश्य विद्यार्थीवर्गले गैह्रराजनीतिक गतिविधि मात्र गर्न पाउने भन्ने

थियो । वि.सं. २०२० स्ववियू कार्यकारिणीको बैठक बसी २०२० चैत्र ४ मा सम्पूर्ण कलेजका प्रतिनिधिहरूको बैठक आह्वान गरी उपत्यका अन्तर कलेज सम्मेलन आयोजक समिति गठन गरियो । वि.सं. २०२१ वैशाख २५ देखि २९ गतेसम्म त्रिचन्द्र कलेजमा सम्मेलन आयोजना गरियो । उक्त सम्मेलनमा प्रहरीको व्यापक दमनका कारण सयौँको सङ्ख्यामा विद्यार्थी घाइते हुनुका साथै सयौँको सङ्ख्यामा विद्यार्थीहरू गिरफ्तार गरियो । लुकीछिपी सम्पन्न भएको सम्मेलनले राजनीतिक अधिकार सहितको स्ववियू स्थापनाको मागलगायत पाँचओटा प्रस्तावहरू परित गऱ्यो । उक्त प्रस्तावहरूलाई समेत प्रहरीले जफत गऱ्यो । वि.सं २०२१ जेष्ठ १ मा विद्यार्थीहरूले गिरफ्तार साथीहरूको रिहाइको माग गर्दै विशाल मौन जुलुस निकाले । सरकारले व्यापक दमन गऱ्यो । १५ दिनसम्म आन्दोलन चल्यो । अन्ततः विद्यार्थी आन्दोलनका अगाडि सरकार झुक्न बाध्य भयो । गिरफ्तार विद्यार्थीहरू रिहाई गरिए । उक्त आन्दोलनका कारण जेष्ठ १ गतेलाई स्ववियू दिवसका रूपमा मनाइन्छ ।

२०३६ सालको विद्यार्थी आन्दोलनको ठूलो उपलब्धिका रूपमा जनमत सङ्ग्रहलाई लिन सकिन्छ । पाकिस्तानका तत्कालीन राष्ट्रपति जुल्फिकर अली भुट्टोलाई फाँसी दिइएको खबर थाहा पाएपछि आक्रोशित विद्यार्थी स्वतःस्फूर्त सडक प्रदर्शनमा उत्रिए । त्यही आन्दोलनपछि अन्ततः राजाको निरङ्कुशता अन्त्य गरी प्रजातन्त्र प्राप्तिको आन्दोलनमा रूपान्तरण भयो । चरण चरणमा भएका आन्दोलनको परिणामस्वरूप सरकार जनमत सङ्ग्रह घोषणा गर्न बाध्य भयो । अन्तत : २०३६ जेष्ठ १० मा घोषणा भएको जनमत सङ्ग्रहको मिति २०३७ वैशाख २० मा तोकियो । निरङ्कुश शासकले आफूअनुकुल गराएको जनमत सङ्ग्रहमा सुधारिएको पञ्चायती व्यवस्थाका पक्षमा परिणाम आयो । दलमाथिको प्रतिबन्ध भने अझै फुकुवा हुन सकेन ।

निरङ्कुश पञ्चायती शासनका विरुद्धमा २०४६ फाल्गुण ७ गतेबाट चैत्र २६ गतेसम्म चलेको जनआन्दोलन बहुदलीय व्यवस्थाका लागि भएको शान्तिपूर्ण र सशक्त आन्दोलन थियो जसले नेपालमा निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य गरी संवैधानिक राजतन्त्रात्मक बहुदलीय व्यवस्थाको सुरुवात गरेको थियो । नेपाली काङ्ग्रेस र संयुक्त वाममोर्चाको अगुवाइमा भएको यस आन्दोलनको अग्र मोर्चामा विद्यार्थीवर्ग नै रहेको थियो । त्यस्तै २०६२/०६३ को १९ दिने जनआन्दोलन तथा मधेश आन्दोलन लगायतका आन्दोलनहरूमा विद्यार्थीवर्गको महत्त्वपूर्ण भूमिका रहेको पाउन सकिन्छ ।

केन्द्रीय प्रविधि क्याम्पसमा विद्यार्थी आन्दोलन

व्यवहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानका रूपमा वि.सं. २०३० साल श्रावण १ गते हालको केन्द्रीय प्रविधि क्याम्पस (तत्कालीन केन्द्रीय क्याम्पस) धरानको स्थापना भएको हो । प्रारम्भमा प्रमाणपत्र तहका खाद्य प्रविधि र प्रयोगशाला प्रविधि विषयको अध्ययन अध्यापनबाट यस शैक्षिक संस्थाको स्थापना भएको हो । यस संस्थाको स्थापना हुँदै गर्दा देशमा पञ्चायती व्यवस्था उत्कर्षमा रहेको थियो ।

वि.सं. २०२८ साल देखि २०३६ सालसम्म तत्कालीन राजनीतिक व्यवस्थाका कारणले राष्ट्रिय स्तरमा नै सङ्घ/सङ्गठन र स्वविियूलाई राज्यबाट प्रतिबन्ध लगाइएको थियो । त्यसैले विद्यार्थीवर्गमाथि पनि राजनीतिक गतिविधि गर्न बन्देज थियो । विद्यार्थीहरूद्वारा राजनीतिक सङ्घ सङ्गठन खोल्न निषेध पूर्ण निषेध थियो । राजनीतिक गतिविधि गर्ने विद्यार्थीहरूमाथि राज्य प्रशासनद्वारा कडा निगरानी गरिन्थ्यो । त्यसैले विद्यार्थीहरूद्वारा सार्वजनिक रूपमा गरिने अतिरिक्त क्रियाकलापहरू गैह्वराजनीतिक प्रकृतिका हुने गर्दथे । राजनीतिक गतिविधिहरू भूमिगत ढङ्गबाट गर्नुपर्दथ्यो । विद्यार्थीवर्गद्वारा गरिने राजनीतिक गतिविधिहरू विद्यार्थीका मुद्दामा भन्दा मूल पार्टीका गतिविधिहरूसँग बढी केन्द्रित थिए, जुन भूमिगत ढङ्गबाट नै सञ्चालित हुने गर्दथे । व्यावहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गत हालको केन्द्रीय प्रविधि क्याम्पसमा २०३३ सालमा पहिलो गैह्वराजनीतिक विद्यार्थी आन्दोलन भएको थियो । नयाँ शिक्षा पद्धतिको Comprehensive परीक्षा प्रणालीका विरोधमा विद्यार्थीको आन्दोलन सुरु भएपछि त्रि.वि.ले डीन अफिस कीर्तिपुरमा स्थानान्तरण गरी सोही स्थानबाट केन्द्रीय क्याम्पस हात्तीसारको प्रशासन सञ्चालन गर्न थालेको थियो । सोही आन्दोलनका कारण खाद्य प्रविधि तथा प्रयोगशाला प्रविधिको तेस्रो ब्याच वि.सं. २०३३/०३४ लाई वार्षिक परीक्षा प्रणालीमा परिवर्तन गरियो । वि.सं. २०३५ को विद्यार्थी आन्दोलनपश्चात् डीन कार्यालय विगठन गरी व्यवहारिक विज्ञान तथा प्रविधि अध्ययन संस्थानलाई व्यावहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्रमा रूपान्तरण गरियो तथा केन्द्रीय क्याम्पस हात्तीसारलाई विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गत धरान क्याम्पस नामकरण गरी २०३५ सालबाट दुईबर्से प्रवीणता प्रमाणपत्र तह आई.एस्सी. कार्यक्रम तथा २०३६ सालबाट चारबर्से स्नातक बी.टेक्. (खाद्य प्रविधि) कार्यक्रम सुरु गरियो । आई.एस्सी. कार्यक्रम २०६७ सालबाट त्रि.वि.बाट फेजआउट भयो भने बी.टेक्. (खाद्य प्रविधि) हाल सम्म यस क्याम्पसको उत्कृष्ठ शैक्षिक कार्यक्रमको रूपमा सञ्चालनरत छ । वि.सं. २०३६ सालको आन्दोलनको परिणामस्वरूप देशमा जनमत सङ्ग्रहको घोषणा हुनुका

साथै देशभरका क्याम्पसहरूमा स्ववियू निर्वाचन हुन सुरु भयो । फलस्वरूप वि.सं. २०३७ सालबाट केन्द्रीय प्रविधि क्याम्पसमा पनि स्ववियू निर्वाचन हुन सुरु भयो ।

वि.सं. २०४६/०४७ सालको जनआन्दोलनमा यस क्याम्पसका विद्यार्थीहरूले प्रजातन्त्रका पक्षमा सशक्त भूमिका निर्वाह गरेका थिए । धेरैजना विद्यार्थीहरूलाई राज्य प्रशासनले निगरानीमा राख्नुका साथै धेरै विद्यार्थीहरूलाई गिरफ्तार गरेको थियो । उक्त आन्दोलनमा विद्यार्थी पक्राउ गर्न राज्य प्रशासनलाई सहयोग गरेको आरोपमा २०४७ वैशाख ९ मा विद्यार्थीहरूद्वारा तत्कालीन क्याम्पस प्रमुख प्रा.जगत बहादुर के.सी.लाई राजिनामा दिन बाध्य पारिएको थियो ।

वि.सं. २०६२/०६३ सालको १९ दिने जनआन्दोलनमा यस क्याम्पसका विद्यार्थीहरूले १९ दिनसम्म नै पठनपाठन स्थगित गरी आन्दोलनमा सहभागिता जनाएका थिए । अन्ततः उक्त आन्दोलन लोकतन्त्र हुँदै संविधान सभामार्फत आज दशमा लोकतान्त्रिक गणतन्त्र प्राप्त भएको छ । यसरी परिवर्तनका हरेक आन्दोलनहरूमा केन्द्रीय प्रविधि क्याम्पसका विद्यार्थीहरूको सहभागिता रहेको पाइन्छ ।

केन्द्रीय प्रविधि क्याम्पस, धरानको स्ववियू-शृङ्खला

२०३६/०३७ को स्ववियू

सभापति	बद्री खड्का
उपसभापति	विद्याकुमारी के.सी.
प्रथम सचिव	रकम चेम्जोङ
प्रथम उपसचिव	मुकुन्द पौड्याल
कोषाध्यक्ष	युवराज अधिकारी
साहित्य-सचिव	नारायण भट्टराई
उपसाहित्य-सचिव	भाष्कर घिमिरे
क्रीडासचिव	पारसमणि तामाङ
उपक्रीडा-सचिव	हरिकुमार राई
समाजसेवा-सचिव	सिंहबहादुर खड्का
उपसमाजसेवा-सचिव	डम्बर सुवेदी
प्रचार-सचिव	चन्द्रप्रसाद गिरी
उपप्रचार-सचिव	मीनबहादुर दाहाल

सदस्य	लेखनाथ खनाल
सदस्य	जीवन विश्वकर्मा

रिक्त पदपूर्ति गरिएका कार्यकारिणी सदस्यहरू

उपसभापति	हिमप्रसाद गौतम
प्रमुख सचिव	हरिकुमार राई
प्रचार सचिव	तुलसीप्रसाद गौतम
उपक्रीडा-सचिव	तेजमान कन्दङ्वा
उपसमाजसेवा-सचिव	कवीन्द्र प्रसाईं
सदस्य	प्रदीप भण्डारी

२०३८/०३९ को स्ववियू

सभापति	हरि तुम्बाहाम्फे
उपसभापति	बालकृष्ण माबुहाङ
सचिव	रकम चेम्जोङ
उपसचिव	कविन्द्र प्रसाईं
कोषाध्यक्ष	माया भट्टराई
सदस्य	जागिरधन गुरुङ
सदस्य	बद्री प्रसाद भट्टराई
सदस्य	विश्वराज खापुङ
सदस्य	डिल्लीराज थापा
सदस्य	एकराज निरौला
सदस्य	कृष्ण लावती

२०४०/०४१ को स्ववियू

सभापति	रकम चेम्जोङ
उपसभापति	विद्या के.सी.
सचिव	ललितबहादुर लिम्बू
उप सचिव	किरणकुमार शर्मा
कोषाध्यक्ष	बद्रीप्रसाद भट्टराई
सदस्य	खगेन्द्र श्रेष्ठ
सदस्य	उत्तम भट्टराई

सदस्य	श्रीकुमार राई
सदस्य	प्रभात राई
सदस्य	प्रेमचन्द्र भण्डारी
सदस्य	सीता श्रेष्ठ

२०४१/०४२ को स्ववियू

सभापति	चिन्तामणि उप्रेती
उपसभापति	खगेन्द्रप्रसाद अधिकारी
सचिव	खडानन्द पराजुली
उपसचिव	केशरकुमार सुब्बा
कोषाध्यक्ष	हेमन्त पराजुली
सदस्य	तारानाथ निरौला
सदस्य	रुद्रबहादुर राई
सदस्य	द्वारिका बिश्वकर्मा
सदस्य	भीष्मकुमारी चेम्जोङ
सदस्य	गणेशप्रसाद भण्डारी
सदस्य	अकबर प्रधान

०४३/०४४ को स्ववियू

सभापति	लालप्रसाद साँवा
उपसभापति	पूर्णबहादुर खड्का
सचिव	हेमन्त पराजुली
उपसचिव	भीम पौड्याल
कोषाध्यक्ष	पुण्य बस्नेत
सदस्य	नवीनचन्द्र मुसुहाङ
सदस्य	हुमाकुमारी बोखिम
सदस्य	अर्जुन राई
सदस्य	काशीनाथ लुइँटेल
सदस्य	बिनोदकुमार श्रेष्ठ
सदस्य	ज्ञानबहादुर माझी

२०४५/०४६ को स्ववियू

सभापति	पूर्णबहादुर खड्का
उपसभापति	बुद्धराज कार्की
सचिव	श्यामकुमार मिश्र
सहायक सचिव	वीरबहादुर राई
कोषाध्यक्ष	पुण्यबहादुर बस्नेत
सदस्य	कुमारी राई
सदस्य	चन्द्र राउत
सदस्य	ढकबहादुर थापा
सदस्य	टीका सुवेदी
सदस्य	तीर्थराज चौलागाईं
सदस्य	पूर्णसिं सुब्बा

२०४९/०५० को स्ववियू

सभापति	कृष्णप्रसाद राई
उपसभापति	पङ्कज दाहाल
सचिव	राजेन्द्रप्रसाद अधिकारी
सहायक सचिव	खेमराज भट्टराई
कोषाध्यक्ष	विमला सिंगु
सदस्य	विजय राई
सदस्य	पूर्णचन्द्र वस्ती
सदस्य	सुदीप श्रेष्ठ
सदस्य	राजेशकुमार चेम्जोङ
सदस्य	सरिता सुवेदी
सदस्य	डम्बरेश्वरी सुब्बा

२०५१/०५२ को स्ववियू

सभापति	दीपेन्द्र कार्की
उपसभापति	खेलप्रसाद बुढाक्षेत्री
सचिव	मानबहादुर लिम्बू
सहायक सचिव	खड्ग पौडेल

कोषाध्यक्ष	रमा सुब्बा
सदस्य	प्रदीप पाण्डे
सदस्य	केदार भण्डारी
सदस्य	विमल चित्रकार
सदस्य	यामकुमारी राई
सदस्य	सुरेश राई
सदस्य	विमल कटुवाल

२०५३/०५४ को स्ववियू

सभापति	विमलकुमार कट्वाल
उपसभापति	नीरुकुमार लिम्बू
सचिव	श्रीप्रसाद राई
सहायक सचिव	सोमनाथ खनाल
कोषाध्यक्ष	धनकला राई
सदस्य	यून्छोमी सुब्बा
सदस्य	अनुनय बास्तोला
सदस्य	दिवाकर दाहाल
सदस्य	भाईकुमार राई
सदस्य	राजाराम दाहाल
सदस्य	ईश्वरी भट्टराई

२०५५/०५७ को स्ववियू

सभापति	नारायणराज भट्टराई
उपसभापति	मनोजकुमार यादव
सचिव	योग्य खड्का
सहायक सचिव	इन्द्रमणि कोइराला
कोषाध्यक्ष	सुनिधि योन्जन
सदस्य	रोमन कार्की
सदस्य	नारायण बस्नेत
सदस्य	नवीन भण्डारी
सदस्य	सुदीप पराजुली

सदस्य	राजेन्द्र खनाल
सदस्य	प्रदीपकुमार चौधरी

२०५७/०५९ को स्ववियू

सभापति	रोमन कार्की
उपसभापति	जिग्मी पाल्जर लामा
सचिव	हरिहर गुरागाईं
सहायक सचिव	पवनकुमार कटुवाल
कोषाध्यक्ष	विमला उप्रती
सदस्य	सरल श्रेष्ठ
सदस्य	शम्भु नेपाल
सदस्य	विकाश श्रेष्ठ
सदस्य	विष्णु चापागाईं
सदस्य	सन्तोष मोते
सदस्य	विकास श्रेष्ठ

२०६०/२०६२ को स्ववियू

सभापति	प्रकाश तिमल्सिना
उपसभापति	आलोकानन्द ठाकुर
सचिव	वीरेन्द्र कुँवर
सहायक सचिव	प्रवीन सुब्बा
कोषाध्यक्ष	भक्त राई
सदस्य	भाष्करमणि अधिकारी
सदस्य	दिनेशकुमार मेहता
सदस्य	धर्मप्रसाद कुइँकेल
सदस्य	शरतकुमार सिंह
सदस्य	राजकुमार विष्ट
सदस्य	खगेन्द्र ओझा

२०६२/०६४ को स्ववियू

सभापति	देवराज आचार्य
उपसभापति	पवन झा
सचिव	श्रीजङ्ग राई

सहायक सचिव	गोविन्द सांवा
कोषाध्यक्ष	अरवीन्द पोखरेल
सदस्य	ओमप्रकाश यादव
सदस्य	विमल पुरी
सदस्य	प्रकृति योन्जन
सदस्य	विमल पोखरेल
सदस्य	नगेन्द्र राई
सदस्य	महेश राई

२०७३/०७५ को स्वविधू

अध्यक्ष	सौरभ सञ्जेल
उपाध्यक्ष	अनोज कार्की
सचिव	अविनाश पौडेल
कोषध्यक्ष	पूजा डाँगी
सहसचिव	किरण दाहाल
सदस्य	बसन्त राई
सदस्य	समिप बिम्ब
सदस्य	तारा घिमिरे
सदस्य	प्रशान्त पाठक
सदस्य	करुण श्रेष्ठ
सदस्य	विशेष विश्वकर्मा
सदस्य	वाङ्दी शेर्पा
सदस्य	प्रवेश भट्टराई
सदस्य	समिट कार्की
सदस्य	विष्णु विष्ट

२०७९ चैत्र ५ को निर्वाचनबाट निर्वाचित सदस्यहरू (समानुपातिक बाहेक)

अध्यक्ष	अभिनव गुरागाईं
सचिव	भगवान् थापा(आशिक)
कोषध्यक्ष	सीमा आले मगर
सदस्य	हुकुम भुजेल
सदस्य	वर्षा गुरुङ

सदस्य	सृजल भट्टराई
सदस्य	विप्सन मुखिया
सदस्य	उत्सव पोखरेल
सदस्य	तुजीन राई
सदस्य	सविन घिमिरे

विद्यार्थी सङ्घ सङ्गठनहरूलाई सुझाव

वि.सं. २०६८ सालपछि केन्द्रीय प्रविधि क्याम्पसलाई स्वायत्तताको नियम अन्तर्गत सञ्चालन गर्न पहल गरियो । निजीकरणको अभ्यासका रूपमा आएको स्वयत्तताको नियमलाई विद्यार्थी सङ्घ सङ्गठनहरूले सशक्त प्रतिवाद गरे । त्रि.वि.ले जबरजस्ती स्वयत्तताको नियम लागू गर्न पहल गरेपछि वि.सं. २०६९ जेठ ३ मा उक्त नियममा रहेका विभिन्न विवादास्पद धाराहरू संशोधन गरी दुईपक्षीय सम्झौताद्वारा हाल यस क्याम्पसलाई स्वायत्तताको नियम अन्तर्गत सञ्चालन गरिँदै आएको छ । विद्यार्थी सङ्घ सङ्गठनहरूद्वारा स्वायत्तताको नियमलाई सर्तसहित स्वीकार गरिएको हो । तर हाल उक्त नियममा भएको सम्झौताहरूलाई त्रि.वि.ले सर्तअनुसार पालना गरेको पाइँदैन । वि.सं. २०७५ सालपछि सम्झौताअनुसार त्रि.वि.ले दरबन्दीअनुसारको शिक्षक कर्मचारीहरूको तलबभत्ता कटौती गरेर तत्काल दरबन्दीमा कार्यरत शिक्षक कर्मचारीको तलबभत्ता मात्र पठाउन थालेको छ ।


त्यसकारण आन्तरिक स्रोतबाट नियुक्त गरिएका शिक्षक कर्मचारीको दायित्व तथा दैनिक सञ्चालन खर्च क्याम्पसको आन्तरिक स्रोतबाट नै वहन गर्नु परिरहेको देखिन्छ । २०६९ सालमा स्वायत्तताको नियम लागू गर्न पहल गर्दा विद्यार्थीहरूद्वारा जुन आशङ्का गरिएको थियो । हाल उक्त आशङ्का चरितार्थ भएको छ । अर्थात् क्याम्पसको आर्थिक दायित्वबाट त्रि.वि. टाढिएको छ । क्याम्पस सञ्चालन गर्नका लागि क्याम्पसले आफैँ आर्थिक उपार्जन गर्नुपर्ने भएको छ, जसका लागि हाल विद्यार्थी सङ्घ सङ्गठनहरूको असहमतिका बीच विभिन्न डोनेसनका शैक्षिक कार्यक्रमहरू थप गरिएका छन् । क्याम्पस स्थापना हुँदा जुन मर्म र भावनाअनुसार प्रविधि क्याम्पसका रूपमा यस क्याम्पसको परिकल्पना गरिएको थियो, त्यसको भावनाअनुसार तालमेल नुहने गरी बहुमुखी क्याम्पसको झलक दिने गरी आज विभिन्न महँगा शैक्षिक कार्यक्रमहरू थप गरिएको छ । मेचीदेखि महाकालीसम्म पहाडका कुनाकाप्चामा रहेका गरिब तथा जेहेन्दार विद्यार्थीहरूले सस्तो र सर्वसुलभ गुणस्तरीय प्राविधिक शिक्षा पाउने अधिकारमा कुठाराघात हुँदै गएको छ । आङ्गिक क्याम्पसका रूपमा सर्वसुलभ शिक्षाको दायित्ववाट क्याम्पस टाढिँदै गएको


छ । तसर्थ सर्वसाधारण, गरिब, जेहेन्दार विद्यार्थीहरूले सर्वसुलभ सस्तो गुणस्तरीय प्रविधिक शिक्षा प्राप्त गर्ने अधिकार खोसिँदै गएको अवस्थामा विद्यार्थी सङ्घ सङ्गठनहरूले सम्बन्धित निकायसमक्ष रचनात्मक खबरदारी गर्न जरुरी छ ।

*

(सौरव सञ्जेल निवर्तमान स्वविय़ू सभापति हुनुहुन्छ)


केन्द्रीय प्रविधि क्याम्पस धरानका स्थापना काल देखि हाल सम्मका पदाधिकारीहरू






















केन्द्रीय प्रविधि क्याम्पस धरानका स्थापना काल देखि हाल सम्मका पदाधिकारीहरू



प्रा.डा. दिलिप सुब्बा
क्याम्पस प्रमुख (सहायक डीन)
तत्कालीन पद/ विषय : सहप्राध्यापक,खाद्य प्रविधि
कार्यकाल : २०५९-२०६३



प्रा.डा. गंगा खरेल
क्याम्पस प्रमुख (सहायक डीन)
तत्कालीन पद/ विषय : सहप्राध्यापक,खाद्य प्रविधि
कार्यकाल : २०६३-२०६५



प्रा. पशुपति मिश्र
क्याम्पस प्रमुख (सहायक डीन)
तत्कालीन पद/ विषय : प्राध्यापक,खाद्य प्रविधि
कार्यकाल : २०६५-११-०१देखी २०६६-०५-२०
(नि. क्या. प्र) २०६६-०५-२१ देखी २०७०-०५-२२
२०७०-०५-२२ देखी २०७१-०२-२३



प्रा.डा. धनबहादुर कार्की
क्याम्पस प्रमुख
तत्कालीन पद/ विषय : प्राध्यापक,खाद्य प्रविधि
कार्यकाल : २०७१-०२-२४ देखी २०७५-०२-२४
२०७५-०२-२४ देखी २०७६-१०-०१



डा. दिलकुमार लिम्बू
क्याम्पस प्रमुख
तत्कालीन पद/ विषय : सहप्राध्यापक,वनस्पतिशास्त्र
कार्यकाल : २०७६-१०-०२ देखी २०७७-०४-२८(नि.क्या.प्र)
२०७७-०४-२९ देखी २०८१-०४-२९

केन्द्रीय प्रविधि क्याम्पस धरानमा तत्कालिन राजा विरेन्द्रको भ्रमण (वि.सं २०३६ तथा २०४५)



Nabin Prakash Jung Shah VC of TU Observing the laboratory




Chairman of Ward No 4 Dharan, Mr.Padma Narsingha Shrestha Welcoming King Birendra



King Birendra observing the laboratory of Hattisar campus



Prof. Jagat Bdr Kc Guiding k King Birendra to Industrial Exhibition Field




The then VC of TU Mahesh Prasad Upadhaya Visiting Hattisar Campus



King Birendra Visiting Pilot Plant of Hattisar Campus

तस्विर श्रोत : प्रा.जगत बहादुर के.सी.

केन्द्रीय प्रविधि क्याम्पस धरानका विभिन्न समयका ऐतिहासिक तस्विरहरू




Teacher Meeting Chaired by Dr. Prashar Narayan Suwal The Then Dean of Institute of Applied Science & Technology




Trees Plantation under the leadership of Prof. Jagat Bdr KC in campus premises



Minister Mukunda Bdr Basnet chief Guest in presence of VC of KU Prof. Suresh Raj Sharma, Prof Saraswati Prasad Rimal, Dean of science and Technology TU



Minister Mukunda Bdr Basnet chief Guest with Campus chief Jagat Bdr Kc, Vc of Ku Prof. Dr Sureshraj Sharma,Dean of Institute of science of technology Saraswati Prasad Rimal



Students of Hattisar Campus attending Final Exam of B. Tech held in 1st recognised exam centre of TU in Hattisar campus



Farwell to JOCV Volunteer Akira Semotori

तस्विर श्रोत : प्रा.जगत बहादुर के.सी.

हालको केन्द्रीय प्रविधि क्याम्पस रहेको स्थान
वि.सं. २०३० साल अगाडि



तस्विर श्रोत : प्रा.जगत बहादुर के.सी.



रजत जयन्ती स्मारक



सरस्वती मन्दिर



क्याम्पस प्रवेशद्वार



हात्तीको स्तम्भ



पुरूष छात्रावास भवन



महिला छात्रावास भवन



कक्षा कोठा भवन (क)



कक्षा कोठा भवन (ख)



प्रयोगशाला भवन



वेट पाइलट प्लाण्ट



डेरी प्लाण्ट



मिट पाइलट प्लाण्ट



ड्राइ पाइलट प्लाण्ट



टेबल टेनिस कोर्ट



बास्केट बल कोर्ट



फुटबल मैदान



सङ्घीय नेपाल समृद्धिको आधार, स्तरीय शिक्षा सबैको अधिकार

नेपाल सरकार

शिक्षा मन्त्रालय

सिंहदरबार, काठमाडौं, नेपाल

प्रमाणपत्र

अध्ययन, अध्यापन र अनुसन्धानको माध्यमद्वारा गुणात्मक एवं स्तरयुक्त उच्च शिक्षाको अवसर सबै नेपालीलाई सर्व-सुलभ उपलब्ध गराउने नेपाल सरकारको नीतिलाई आत्मसात गर्दै उच्च शिक्षाको क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गरे वापत त्रिभुवन विश्वविद्यालय अन्तर्गत केन्द्रीय प्रविधि क्याम्पस, हात्तीसार, धरान, सुनसरीलाई "३८ औं राष्ट्रिय शिक्षा दिवस २०७४ तथा अन्तर्राष्ट्रिय साक्षरता दिवस" को अवसरमा उत्कृष्ट आङ्गिक महाविद्यालयको रुपमा घोषणा गरी दुई लाख पचास हजार रुपैया नगद पुरस्कार सहित यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

आङ्गिकतर्फ उत्कृष्ट महाविद्यालय घोषणा भएकोमा केन्द्रीय प्रविधि क्याम्पस, हात्तीसार, धरान, सुनसरी परिवारलाई हार्दिक बधाइ छ । मातृभूमिको हित चिताइ उच्च शिक्षाको उन्नयनमा सदैव उल्लेख्य योगदानको अपेक्षा गरिएको छ ।

२०७४ साल भाद्र २३ गते, शुक्रबार

शान्तबहादुर श्रेष्ठ
सचिव

गोपालमान श्रेष्ठ
उपप्रधानमन्त्री एवम् शिक्षामन्त्री

शेरबहादुर देउवा
प्रधानमन्त्री
(प्रमुख अतिथि)



वि.सं. २०७४ सालमा त्रि.वि.को उत्कृष्ट आङ्गिक क्याम्पसको रूपमा केन्द्रीय प्रविधि क्याम्पस पुरस्कृत हुन सफल



स्वर्ण महोत्सव २०७९ को स्मारकका रूपमा (Clock Tower) को निर्माणाधीन स्वरूप



केन्द्रीय प्रविधि क्याम्पसका पूर्व विद्यार्थी तथा नेपाल सरकारका पूर्व उप-प्रधानमन्त्री श्री अशोक राई



केन्द्रीय प्रविधि क्याम्पसका पूर्व विद्यार्थी तथा नेपाल सरकारका पूर्व उप-प्रधानमन्त्री श्री उपेन्द्र यादव

हात्तीसार एक्स्पो २०७६ का केही झलक









